पहिलो अध्याय

# शोध परिचय

## १.१. विषय परिचय

जुनसुकै देशको साहित्यिक विकासमा पत्रपत्रिकाले महफ्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली साहित्यको उत्थान र विकासमा पनि पत्रपत्रिकाको महफ्वपूर्ण योगदान रहेको पाइन्छ । नेपाली भाषामा विशुद्ध रूपले साहित्यिक पत्रिकाको पहिलो पत्रिका **सुधासागर** (१९५५) हो । यस पछि वि.सं. १९५८ साल बाट **गोरखापत्रको** सुरूवात भयो । यो पत्रिका साहित्यिक नभए पनि समाचारमुलक थियो । त्यसपछि वि.सं. १९९१ सालमा मात्र ऋद्धि बहादुर मल्लको सम्पादनमा **शारदा** पत्रिकाको आरम्भ भएपछि नेपाली पत्रिका प्रकाशनमा नयाँ लहर देखा परेको पाइन्छ ।

यसै क्रममा दोलखाकै भूमिबाट वि.सं. २०२६ सालमा प्रकाशित **आँखा** नै दोलखाको साहित्यिक पत्रकारिताको विधिवत सुरूवात गर्ने पत्रिका बन्न पुगेको देखिन्छ (**पोखरेल,** २०६०:१२६) यस पत्रिका प्रकाशनको प्रेरणाले जिल्लाबाट प्रसस्त बुलेटिन, हवाई पत्रिका, भित्ते पत्रिका जस्ता पत्रपत्रिकाहरू प्रकाशित हुँदै आइरहेको देखिन्छ ।

वि.सं. २०२६ सालको बडा दसैंको अवसर पारेर भीमपब्लिक हाइस्कुलको प्रकाशन र सोही स्कूलका प्र.अ. मेघराज कोइरालाको प्रधान सम्पादकत्व तथा सम्पादकद्वय श्यामकुमार श्रेष्ठ र अमर कुमार प्रधानको सम्पादकत्वमा ४२ पृष्ठमा संरचित भएर विशुद्ध साहित्यिक पत्रिका **आँखा** प्रथम अङ्क प्रकाशित भएको पाइन्छ । यस पत्रिकाको दोस्रो देखि चौथो अङ्क सम्म कालिञ्चोक युवा क्लवको सम्पादन र व्यवस्थापनमा सोही स्कुलमा प्रकाशन गरेको देखिन्छ भने अरू पाँचौ अङ्कदेखि सत्रौं अङ्कसम्मको सम्पादनका साथै प्रकाशनको जिम्मेवारी समेत कालिञ्चोक युवा क्लवले लिएको देखिन्छ ।

यस पत्रिका भित्र विशेष गरी कविता, कथा, निबन्ध, एकाङ्की, भेटवार्ता, हास्यव्याङ्ग्य र समालोचनाका साथै विविध सम-सामयिक रोचक सामग्रीहरू समावेश गरी प्रकाशित भएको पाइन्छ । यस पत्रिकाको माध्यमबाट दोलखा जिल्लाको ऐतिहासिक, धार्मिक, सामाजिक, आर्थिक र साँस्कृतिक विषयवस्तुहरूको पहिचान गर्नुको साथै साहित्यिक स्रष्टाहरूका लागि उर्वरता प्रदान गर्ने भएको हुँदा **आँखा** पत्रिकाको महफ्व पुष्टि गर्नुको साथै कथा विधामा **आँखा** पत्रिकाको विशेष योगदान अपेक्षित ठहर्दछ ।

## १.२. समस्याकथन

प्रस्तुत शोधकार्य निम्न लिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

क. संरचनाको आधारमा **आँखा** पत्रिकामा प्रकाशित कथाहरू के कस्ता छन् ?

ख. वर्गीकरणका आधारमा **आँखा** पत्रिकामा सङ्कलित कथाहरू के कस्ता रहेका छन् ?

ग. प्रवृत्तिका आधारमा **आँखा** पत्रिकामा सङ्कलित कथाहरू के कस्ता रहेका छन् ?

घ. नेपाली कथा विधामा **आँखा** पत्रिकाको योगदान के रहेको छ ?

## १.३. शोधको उद्देश्य

प्रस्तुत शोधका निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

क. **आँखा** पत्रिकामा सङ्कलित कथाहरूको परिचय दिने ।

ख. वर्गीकरणका आधारमा **आँखा** पत्रिकामा सङ्कलित कथाहरूको विश्लेषण गर्ने ।

ग. प्रवृत्तिका आधारमा **आँखा** पत्रिकामा सङ्कलित कथाहरूको विश्लेषण गर्ने ।

घ. **आँखा** पत्रिकाको कथा साहित्यमा योगदानको औचित्य पुष्टि गर्ने ।

## १.४. पूर्वकार्यको समीक्षा

दोलखा जिल्लाबाट **आँखा** पत्रिकाको प्रकाशन कालिञ्चोक युवा क्लवद्वारा २०२६ सालमा सुरू भए तापनि हालसम्म यसका बारेमा साहित्यिक अनुसन्धान गर्ने कार्य हुन सकेको छैन । तापनि **आँखा**

पत्रिकामा छापिएका विभिन्न साहित्यिक विधाहरूले दोलखाको साहित्यिक पत्रकारिताको विधिवत् श्री गणेश गर्ने पहिलो पत्रिका **आँखा** रहेको देखिन्छ । **आँखा** पत्रिकाको बारेमा विभिन्न साहित्यिक विद्वान्हरूले साहित्यिक पत्रपत्रिकाहरूमा जे जति समीक्षा, समालोचना र टिप्पणीहरू गरेका छन् जसलाई यहाँ पूर्वकार्यको समीक्षाको कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

उपांशुले **सामाग्री छनौटको दृष्टान्त** (२०४२) शीर्षकको समीक्षामा २०२६ सालमा सुरू भई २०२९ सालमा प्रकाशन **बन्द** भएको **आँखा** प्रकाशन भएकोमा कालिञ्चोक युवा क्लव दोलखाका पदाधिकारीहरूको सक्रियता देखिएको बोध हुन्छ । आँखालाई समीक्ष्य दृष्टिले अन्य पत्रिकाहरूका दाँजोमा स्तरीय पत्रिका मान्नुपर्ने र आगामी दिनका अङ्कहरूमा सकुन्जेल यस भन्दा बढी नै नत्रभने यत्तिकै स्तर धान्न सकियो भने पनि साहित्यिक योगदान र ज्ञान वृद्धिको सफल प्रकाशन मानिने छ भनी समीक्षा गरेको पाइन्छ ।

कृष्ण गौतमले **नूतन प्रकाशन** (२०४२) शीर्षकमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद र जिल्ला कार्यालय दोलखाबाट औपचारिक दर्ता प्राप्त गरेको सामुदायिक सेवाका लागि समर्पित कालिञ्चोक युवा क्लव  दोलखाले एक जुग पछि **आँखा** उघारेको देख्न पाउँदा खुसी व्यक्त गरेका छन् । यसका साथै पत्रिकाको ओइरो लागेको युगमा प्रत्येकलाई आँखाले भेट्टाउन गाह्रो पर्ने तर **आँखा** पत्रिकाको नामै सुन्दा यसलाई स्वागत गर्ने कारण मितेरी साइनो रहेको भनी **आँखा** पत्रिकाको ७ औं अङ्कको विवेचना गरेका छन् ।

चोक बहादुर दाहालले **दोलखा जिल्लामा पत्रपत्रिकाको विकासक्रम** (२०५१) शीर्षकमा २०२६ सालको बडादसैंको पुनित उपलक्ष्यमा **आँखा** पत्रिकाको प्रथम पकाशन नै दोलखा जिल्लाको पत्रिका प्रकाशनको मङ्गलाचरण थियो भनी मूल्याङ्कन गरेका छन् । टीकाराम पोखरेलले **दोलखाका साहित्यिक रूपरेखा** (२०६०) शीर्षकमा दोलखामा साहित्यिक पत्रकारिताको पहिलो विशुद्ध पत्रिका **आँखा** हो र यो पत्रिका श्री भीमपब्लिक हाई स्कुलको प्रकाशन र सोही स्कुलका प्रधानाध्यापक मेघराज कोइरालाको प्रधान सम्पादकत्वमा वि.सं. २०२६ सालको बडा दसैंको अवसरमा यो पत्रिकाको पहिलो अङ्क प्रकाशन भएको विवरण प्रस्तुत गरेका छन् ।

टीकाराम पोखरेलले **दोलखाको साहित्यिमा आँखापत्रिकाको योगदान** (२०६१) शीर्षक लेखमा दोलखा जिल्लाको पहिलो साहित्यिक पत्रिका **आँखा** २०२६ भएको उल्लेख गरेका छन् । पोखरेलले उक्त लेखमा साहित्यिक पत्रकारिताको पृष्ठभूमि बताउँदै **आँखा** पत्रिका मार्फत साहित्यिक पत्रकारिता फाँटको प्रतिनिधित्व गरेको र थुप्रै दोलखाली साहित्यकारहरू लाई जन्माउने, हुर्काउने र बढाउने काम गरेको जानकारी गराएका छन् ।
चन्द्रबहादुर खड्काले **नेपाली साहित्यमा दोलखा जिल्लाको योगदान** (२०६२) शीर्षकको शोधग्रन्थमा दोलखा जिल्लाबाट प्रकाशित पत्रपत्रिकाको स्थितिमा **आँखा** २०२६ नै दोलखाको भूमिबाट साहित्यिक पत्रकारिता सुरू गर्ने पहिलो पत्रिका बन्न पुगेको (पोखरेल २०६०:१२६) देखिन्छ । यस पत्रिकाको प्रकाशनको प्रेरणाले जिल्ला भित्र र जिल्ला बाहिर बसेर पनि जिल्लालाई चिनाउने कार्यमा महफ्वपूर्ण योगदान दिन सकिने भाव व्यक्त गर्दै विशुद्ध साहित्यिक पत्रिका **आँखाको** ४२ पृष्ठमा सङ्रचित प्रथम अङ्क प्रकाशित भएको विषयलाई उल्लेख गरेका छन् ।
हरि खनालले **परिकल्पनामा दोलखाको साहित्यिक यात्रा अतीतदेखि वर्तमानसम्म** (२०६४) शीर्षकको आलेखमा २०४० पुर्वको दोलखाली साहित्य र संस्कृतिको विकासमा महफ्वपूर्ण योगदान पुऱ्याएको ऐतिहासिक साहित्यिक कृति **आँखा** हो भनी पुष्टि गरेका छन् ।

श्याम कुमार श्रेष्ठले **दोलखामा विभिन्न समयमा प्रकाशित साहित्यिक पत्रिकाहरूको विवरण** ( २०६४) शीर्षकको लेखमा **आँखा** पत्रिका पहिलो भएको र यसको प्रकाशन वर्ष २०२६ रहेको र सम्पादकमा मेघराज कोइराला रहनु भएको जानकारी दिँदै यो पत्रिकाले दोलखाली साहित्यिक इतिहासमा विशेष भूमिका निर्वाह गरेको विषयमा टिप्पणी गरेका छन् । यसरी माथि उल्लेखित **आँखा** पत्रिकाको विषयमा दोलखा जिल्लाका साहित्यकार एवम् अन्य बौद्धिक व्यक्तित्वहरू बाट केही न केही मात्रामा खोज, समालोचना, समीक्षा तथा टिकाटिप्पणी गरेको देखिन्छ तापनि त्यति मात्रामा पर्याप्तता छैन । जति कार्यहरू सम्पन्न भएका छन् ती सबै छरपष्ट रूपमा रहेको देखिन्छ। समग्र रूपमा दोलखा जिल्लाका कथा र कथाकारहरू समेटिएका लेखहरू केही मात्रामा प्रकाशित हुँदै आइरहेको अवस्थामा **आँखा** पत्रिकाको माध्यमवाट नेपाली साहित्यमा महफ्वपूर्ण योगदान गरेको समयमा **आँखा** पत्रिकामा कथाविधाको योगदानलाई यस शोधपत्रले महफ्वपूर्ण योगदान पुऱ्याएको छ ।

## १.५. शोधको औचित्य

**आँखा** नेपाली साहित्यिक पत्रपत्रिकाको इतिहासमा दोलखा जिल्लाको जेठो पत्रिकाको रूपमा रहको छ । यसमा प्रकाशित रचनाहरू नेपाली साहित्य र समाजका निम्ति अमूल्य निधि बनेका छन् । यस पत्रिकाका सम्बन्धमा आजसम्म कुनै पनि औपचारिक शोध र अनुसन्धान कार्य भएको देखिदैन। यसमा प्रकाशित रचनाहरू के कस्तो विधाहरूमा वर्गीकरण गरिएका छन् । सिङ्गो नेपाली साहित्यिक इतिहासमा तिनको के कस्तो योगदान रहेको छ भन्ने कुरामा पछिका अनुसन्धाताहरूलाई मार्ग निर्देशन गर्न सक्ने भएकाले यो शोधकार्यको औचित्य प्रस्टिन्छ ।

## १.६. शोधको सीमाङ्कन

नेपाली साहित्यिक पत्रिकाको प्रकाशनका क्रममा **आँखा** पत्रिकाको प्रकाशन र यसको १७ औं अङ्कसम्मको साहित्यिक योगदानलाई दृष्टिगत गर्दै नेपाली कथा साहित्यमा **आँखा** पत्रिकाको योगदान शीर्षकमा केन्द्रित रहेर यस शोधपत्रको सीमा र क्षेत्र निर्धारण गरिएको छ । यसको साथै **आँखा** पत्रिकामा प्रकाशित कथाहरूको वर्गीकरण गरी अध्ययन गरिएको छ ।

## १.७. शोध विधि

यस शोधपत्रमा निम्न अनुसारको शोध विधि अपनाइएको छ ।

### १.७.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य गर्दा मूलतः पुस्तकालयीय पद्धतिबाट र आवश्यकता अनुसार अर्न्तवार्ताका माध्यमबाट सामाग्री सङ्कलन गरिएको छ ।

### १.७.२. सामग्री विश्लेषण विधि

यस शोधकार्यमा सङ्कलित सामग्रीहरूलाई विश्लेषण गर्दा व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्न अनुसार रहेको छ ।

अध्यायः– १. शोध परिचय
अध्यायः– २. नेपाली साहित्यिक पत्रिकामा **आँखा** पत्रिकाको प्रकाशन परम्परा र प्रकाशित कथाहरू
अध्यायः– ३. **आँखा** पत्रिकामा प्रकाशित कथाहरूको विश्लेषण
अध्यायः– ४. प्रवृत्तिका आधारमा **आँखा** पत्रिकामा सङ्कलित कथाहरूको विश्लेषण
अध्यायः– ५. नेपाली कथा विधामा **आँखा** पत्रिकाको योगदान
अध्यायः– ६. उपसंहार

यी माथिका अध्यायहरूमा आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकहरू राखिएका छन् ।

# दोस्रो अध्याय

## नेपाली साहित्यिक पत्रिकामा आँखापत्रिकाको प्रकाशन परम्परा र प्रकाशित कथाहरू

### २.१ दोलखा जिल्लाको अवस्थिति




### २.१.१ भौगोलिक अवस्था

एसिया महादेशको एउटा भूपरिवेष्ठित मुलुक नेपाल भौगोलिक संरचनाका दृष्टिले विविधता युक्त रहेको छ। विश्वमान चित्रमा नेपालको भौगोलिक अवस्थिति हेर्दा ८०°४ पर्वीदेखि ८८°१२ पूर्वी देशान्तरसम्म र २६°२२ उत्तरदेखि ३०°२७ उत्तरी अक्षांशसम्म फैएर रहेको देखिन्छ । यसै अर्न्तगत नेपालको मध्यमाञ्चल विकाशक्षेत्र अन्तर्गतको जनकपुर अञ्चलको उत्तरतर्फ पर्ने हिमाली जिल्ला दोलखाको भौगोलिक अवस्थिति २७°२८ देखि २८° उत्तर अक्षांश र ८५°५ देखि ८६°३२ पूर्वी देशान्तरसम्म फैलिएको छ । यो जिल्ला समुन्द्री सतहबाट ७६२ मी. देखि ७१४८ मिटर सम्मको उचाइमा रहेको देखिन्छ (सुवेदी २०६२:२२) । यो जिल्ला नेपालको राजधानी काठमाडौँबाट १३३ कि.मी. पूर्वमा यस जिल्लाको सदरमुकाम चरिकोटमा पर्दछ । यो जिल्लाको सबैभन्दा होचो ठाउँ सित्तली हो भने सबै भन्दा अग्लो भाग मेलुङसे हिमाल हो। भोगोलिक बनावटको आधारमा दोलखा जिल्लालाई तीन भागमा विभाजन गरिएको पाइन्छ ।

### २.१.२ सिमाना

नेपालको एकीकरण हुनुपूर्व दोलखा राज्यको सीमाना पूर्वमा दुधकोसीसम्म पश्चिममा भोटेकोसी र सुनकोसीसम्म उत्तरमा तिब्बत भोटसम्म दक्षिणमा सिन्धुलीसम्म रहेको थियो भने नेपाल एकीकरण पछि दोलखा र रामेछापलाई एउटै प्रशासनिक क्षेत्रमा गाभेर पूर्व २ नम्बर रामेछापबाट यहाँको प्रशासन सञ्चालित हुँदै आएको पाइन्छ (**प्रधान, २०६१:१**) ।

वि.स. २०१९ सालमा तत्कालीन नेपाल  अधिराज्यलाई प्रशासनिक दृष्टिले १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि दोलखा जिल्लाको सीमाना पूर्वमा सोलुखुम्बु र रामेछाप पश्चिममा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक उत्तरमा चीन र दक्षिणमा रामेछाप जिल्लाले घेरिएको छ ।

### २.१.३ क्षेत्रफल

नेपालले विश्वको ०.०३ प्रतिशत र एसियाको ०.३ प्रतिशत भूभाग ओगटेको छ भने दोलखा जिल्लाले गणतन्त्र नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्गमिटर मध्ये २१९१ वर्गमिटर क्षेत्रफल ओगटेको पाइन्छ (**के.त.वि. २०६१**)।

## २.२ साहित्यिक पृष्ठभूमि

नेपाल अधिराज्यका सु-प्रसिद्ध जिल्लाहरूमध्ये दोलखा जिल्लाको आफ्नै विशेषता र मान्यता रहीआएको छ। विगत समयमा एक स्वतन्त्र र छुट्टै राज्यको रूपमा आफ्नो अस्तित्वको विविध रूपलाई जोगाउँदै आएको दोलखाको महफ्व वर्तमान मूल्यका दृष्टिले पनि कम देखिन्न । यस जिल्लाको ऐतिहासिक, राजनैतिक, पौराणिक, भौगोलिक, प्राकृतिक, धार्मिक तथा कलात्मक मूल्य र मान्यताका आधारमा यस जिल्लाको वृहत्तर स्वरूप ठम्याउन सकिन्छ । प्रसिद्ध भीमेश्वरको लागि दोलखा नेपालको राष्ट्रिय समय निर्धारित हिमाल गौरीशंकरको लागि दोलखा नेपालमा सर्वप्रथम चाँदीको टक चलाउने प्रथाको सुरूवात गर्ने राज्यको लागि दोलखा नेपाली वाङ्मयमा प्रमाणिक रूपमा सर्वप्रथम प्रकाशित पुस्तक प्राप्तिका लागि दोलखा विशेषगरी अविस्मरणीय छ । प्राकृतिक संरचनाको लागि मानविय श्रम र सीपको त्यति आवश्यकता नपरे पनि त्यसको पहिचान र उपयोगका लागि मान्छेको शक्ति तथा सामर्थ्यको नितान्त आवश्यकता पर्दछ । यस दृष्टिबाट हेर्दा विगत दोलखाको जागरण, सक्रियता, बौद्धिकता, गतिशीलता, गौरव र सम्पन्नतामा शंकागर्ने ठाउँ देखिन्न् । यति भएर पनि विज्ञान र प्रविधिले सम्पन्न एक्काइसौं शताब्दीको सुरूदेखि भने अतीतको गरिमाबाट बौद्धिकताको पलायन भएको महसुस हुन्छ । बौद्धिकताको उदबोधनका लागि भावनाको प्रकटीकरणको लागि विचार सञ्चयका लागि लेखन प्रकाशन अनिवार्य नै हुन्छ । लेखन प्रकाशनका दृष्टिले दोलखा धेरै लामो समय सम्म मौन रहेको देखिन्छ । २००७ सालको प्रजातन्त्र प्राप्ति पछि पनि युवाहरूको मनस्थिति नसल्बलाए सम्म लेखन प्रकाशनको क्रम बन्दैन रहेछ । यसै पृष्ठभूमिमा दोलखा जिल्लाको साहित्यिक लेख प्रकाशनको सन्दर्भलाई पृष्ठभूमिको क्रमलाई नियाल्नु सान्दर्भिक देखिन्छ (**दाहाल, २०५१:१६५-१६६**) ।

### २.२.१ दोलखा जिल्लामा साहित्यिक पत्रकारिता

दोलखा जिल्लामा साहित्यिक पत्रकारिताको सुरूवात धेरै पछि मात्र भएको देखिन्छ । दोलखाका साहित्यकारहरूले नेपाल भन्दा बाहिर रहेर पनि विभिन्न पत्रपत्रिकामा आफ्ना साहित्यिक रचना छपाउने काम गरे तापनि दोलखाकै भूमिबाट साहित्यि पत्रिका प्रकाशन गर्न भने धेरै समय कुर्नु पऱ्यो । वि.स. २०२६ सालमा प्रकाशित **आँखा** नै दोलखाको साहित्यिक पत्रकारिताको विधिवत् श्री गणेश गर्ने पत्रिका बन्न पुग्यो। यस विषयमा दोलखा जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकाहरूको विवरण दिने क्रममा **आँखा** पत्रिका पहिलो भएको र प्रकाशन वर्ष वि.स. २०२६  रहेको र पहिलो संस्थापक मेघराज कोइराला रहेको विषयमा उल्लेख गरिएको पाइन्छ (**श्रेष्ठ, श्यामकुमार, २०६४:३५**) ।

यस पछि धेरै लामो समयसम्म यही पत्रिकाले दोलखाको साहित्यिक पत्रकारिताको नेतृफ्व गर्दै अगाडि बढ्यो। वि.स. २०३० को दशकबाट भने अन्य केही साहित्यिक पत्रिकाहरू पनि देखा परे ४० को दशकमा दोलखा साहित्यिक पत्रकारिताको नेतृत्व गर्दै अगाडि बढ्यो । पहिलो चरणका ती पत्रिकाहरू प्रायः केही अङ्क निस्केर बन्द भए र केही मात्र पत्रिका निरन्तर रूपमा निस्किरहेका छन् ।

दोलखामा साहित्यिक दृष्टिकोणबाट हेर्दा दुई प्रकारका पत्रिका देखिन्छन् । पहिलो पङ्तिमा जो विशुद्ध साहित्यिक अवधारणा लिएर अगाडि बढेको देखिन्छ भने दोस्रो खाले पत्रिका जसको प्रकाशनको प्रमुख

उद्देश्य साहित्यिक सेवा नभएर आफ्ना स्तम्भहरूलाई प्राथमिकता दिइरहेका छन् । ती पत्रिकाहरूले पनि दोलखाको साहित्यलाई सहयोग पुऱ्याइरहेका छन् । यसको साथै समय समयमा निस्कने स्मारिकाहरूमा प्रकाशित साहित्यिक रचनाहरूले पनि दोलखाको साहित्यिक गतिविधिलाई अगाडि बढाइरहेका छन् । दोलखाका केही साहित्यिक पत्रिकाहरूमध्ये **आँखा** पत्रिकाको भूमिका महफ्वपूर्ण रहेको छ । यस विषयमा सम्पादकीयमा लेखिएका मनोरम कथा कम मर्मस्पर्शी छैनन्, कसैलाई चिन्न र चिनाउन हेराउने आँखा र हेरिदिने आँखा दुवै चाहिने रहेछ (**गौतम कृष्ण, २०४२:७०-७३**) । जुन **आँखा** पत्रिकाको चर्चा निम्न अनुसार गर्न सकिन्छ ।

### २.२.२ आँखापत्रिकाको पहिलो प्रकाशन

**आँखा** दोलखा जिल्लाबाट प्रकाशित पहिलो विशुद्ध साहित्यिक पत्रिका हो । श्री भीम पब्लिक हाइस्कुल को प्रकाशन र सोही स्कुलका प्र.अ. मेघराज कोइरालाको प्रधान सम्पादकत्वमा वि.स.२०२६ सालको बडा दसैंको अवसर पारेर यो पत्रिकाको पहिलो अङ्क प्रकाशन भएको देखिन्छ । दोलखाको भूमिबाट साहित्यिक पत्रकारिताको सुरूवात गर्ने पहिलो पत्रिका **आँखा** बन्न पुगेको छ (**खड्का २०६०:१११-१२१**) । यो पत्रिकाले दोलखामा ऐतिहासिक महफ्वका दृष्टिले पनि विशेष महफ्व राख्दछ । यसै पत्रिकाको प्रकाशन सँगै दोलखाको साहित्यिक गतिविधिमा विशेष रौनक आएको देखिन्छ । यही पत्रिकाले सम्म पनि दोलखाको साहित्यिक पत्रकारिता फाँटको प्रतिनिधिफ्व गरिरहेको छ भने यस पत्रिकाले दोलखाका थुप्रै साहित्यकारहरूलाई जन्माउने, हुर्काउने र बढाउने काम समेत गरेको छ ( **पोखरेल, २०५७:१२६-१२७**) ।

### २.२.३ कालिञ्चोक युवा क्लवको आँखापत्रिका प्रकाशनमा भूमिका

वि.स. २०२७ सालको बडादसैमा **आँखाको** दोस्रो अङ्क देखि कालिञ्चोक युवा क्लवले यसको व्यावस्थापन गऱ्यो तर प्रकाशकमा भीमपब्लिक हाइस्कुल नै रह्यो । **आँखाको** चौथो अङ्क वि.स. २०२८ सालको बडादसैंको अङ्कको रूपमा प्रकाशित छ । यस अङ्क देखि यसको सम्पूर्ण प्रकाशन र व्यवस्थापनको अभिभारा कालिञ्चोक युवा क्लवले लिएको छ भने भीमपब्लिक हाइस्कुल को संलग्नता यस पछि टुटेको देखिन्छ । यसै गरी **आँखा** पत्रिकाको छैठौं अङ्क वि.स. २०२९ मा प्रकाशन भई पुनः वि.स. २०४१ सालमा सातौं अङ्क प्रकाशन गर्ने क्रममा एक जुग पछि फेरि आँखा उघारेकोमा खुसी व्यक्त गर्दै कालिञ्चोक युवाक्लव दोलखा प्रति खुसी व्यक्त गरेको पाइन्छ ( **कृष्ण गौतम, २०४२:७१**)।

### २.२.४ दोलखा जिल्लामा पत्रपत्रिकाको स्थिति

#### २.२.४.१ नेपाली साहित्यक पत्रपत्रिकाको परम्परा

नेपाली साहित्यको उत्थान विकासमा पत्रपत्रिकाको महफ्वपूर्ण योगदान रहेको पाइन्छ । नेपालबाट नेपाली भाषामा विशुद्ध रूपले साहित्यिक पत्रिकाको रूपमा प्रकाशित पहिलो पत्रिका **सुधा सागर** ( **१९५५**) हो। नेपाली भाषा साहित्यको उत्थान गर्ने उद्देश्यले प्रकाशन आरम्भ गरेको यस पत्रिकाले लामो समय सम्म आर्थिक कारणले निरन्तरता दिन नसकेको बुझिन्छ । नेपाल भित्र **सुधा सागर** ( **१९५५**) पछि दोस्रो पत्रिकाका रूपमा वि.स.१९५८ जेष्ठ ३ (बैशाख २४ गते) सोमबारको दिन देखि समाचारमूलक पत्रिका **गोर्खापत्र**को जन्म भयो (**ऋद्धि बहादुर देवकोटा, २०२३:३०**) ।
यसपछि नेपाल बाहिरबाट उल्लेख्य रूपमा साहित्यिक पत्रपत्रिका प्रकाशित भएको देखिएतापनि नेपाली भूमिबाट भने १९५८ सालको गोर्खापत्र पछि एकैचोटि वि.स. १९९१ सालमा मात्र ऋद्धिबहादुर मल्लको सम्पादनमा **शारदा** पत्रिकाको प्रकाशन आरम्भ भएको पाइन्छ । यस पत्रिकाले छोटो समयमै उल्लेख्य साहित्यकारहरूलाई जन्माउनुका साथै नेपाली साहित्यका विभिन्न विधामा विभिन्न मोडहरू ल्याइदिएको देखिन्छ । यस पत्रिकाको प्रकाशन पछि विस्तारै पत्रिका प्रकाशनको लहर आएको पाइन्छ। यसका साथसाथै मोफसलबाट पत्रपत्रिका प्रकाशन हुने क्रममा दोलखा जिल्लाबाट पनि प्रकाशन

सुरूभएको र हाल पनि निरन्तर रूपमा प्रकाशित भइरहेका पत्रपत्रिकाको सामान्य चर्चा यहाँ प्रस्तुत गरिएको छ ।

### २.२.५ दोलखा जिल्लाबाट प्रकाशित पत्र पत्रिकाको स्थिति

पत्रपत्रिकाले साहित्यको विकासमा महफ्वपूर्ण भूमिका खेलेको हुन्छ । पत्रिकाको माध्यमबाट साहित्यिक विविध कविता कथा लेख नियम नाटक तथा समालोचनाहरू एकै पटक दिन सकिन्छ । यसै क्रममा दोलखाबाट प्रकाशित हुने हरेक पत्रिकाले विविध विधामा योगदान दिएको पाइन्छ । दोलखाकै भूमिबाट वि.स. २०२६ सालमा प्रकाशित **आँखा** नै दोलखाको साहित्यिक पत्रकारिताको विधिवत सुरूवात गर्ने पत्रिका बन्न पुगेको देखिन्छ (**पोखरेल, २०६०:१२६**) । यस पत्रिकाको प्रकाशनको प्रेरणाले जिल्लाबाट प्रशस्त बुलेटिन, हवाई पत्रिका, स्मारिका, भित्तेपत्रिकाहरू प्रकाशित हुँदै आएको देखिन्छ। यसका साथै जिल्ला बाहिर बसेर पनि राष्ट्रिय स्तरका पत्रपत्रिकामा सङ्लग्न रही जिल्लालाई चिनाउने कार्यमा महफ्वपूर्ण योगदान गर्नेहरू पनि पाइन्छन् । यसरी जिल्लाबाट प्रकाशित पत्रपत्रिकाको प्रकाशनकाल, सम्पादक र प्रकाशित सामग्रीको सामान्य चर्चा प्रकाशित कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

**क) आँखा**(२०२६)

वि.स. २०२६ सालको बडादसैंको अवसर पारेर भीमपब्लिक हाइस्कुलको प्रकाशन र सोही स्कुलका प्र.अ. मेघराज कोइरालाको प्रधान सम्पादकत्व तथा सम्पादकद्वय श्यामकुमार श्रेष्ठ र अमर कुमार प्रधानको सम्पादकत्वमा ४२ पृष्ठमा संरचित भएर विशुद्ध साहित्यिक पत्रिका **आँखाको** प्रथम अङ्क प्रकाशित भएको पाइन्छ। यस पत्रिकाको दोस्रो देखि चौंथो अङ्क सम्म कालिञ्चोक युवा क्लवको सम्पादन र व्यावस्थापनमा सोही स्कुलले प्रकाशन गरेको देखिन्छ भने पाँचौं देखि सत्रौं अङ्क सम्मको सम्पादनका साथै प्रकाशनको जिम्मेवारी उक्त क्लवले नै लिएको देखिन्छ।

यस पत्रिकाको प्रकाशनकाल क्रमश निम्न अनुसार रहेको छ।

| क्र.स. | मिति | प्रकाशन समय |
|---|---|---|
| १. | २०२६ साल | बडादसैं पर्व |
| २. | २०२७ साल | बडादसैं पर्व |
| ३. | २०२७ साल | फाल्गुन ७ प्रजातन्त्र दिवस |
| ४. | २०२८ साल | बडादसैं |
| ५. | २०२८ साल | फाल्गुन ७ प्रजातन्त्र दिवस |
| ६. | २०२९ साल | फाल्गुन ७ प्रजातन्त्र दिवस |
| ७. | २०४१ साल | पौष महिना |
| ८. | २०४२ साल | पौष महिना |
| ९. | २०४४ साल | असार महिना |
| १०. | २०४७ साल | बैशाख महिना |
| ११. | २०५० साल | बैशाख महिना |
| १२. | २०५५ साल | बडादसैं पर्व |
| १३. | २०५७ साल | बडादसैं पर्व |
| १४. | २०६० साल | बडादसैं पर्व |
| १५. | २०६२ साल | बैशाख महिना |
| १६. | २०६४ साल | बडादसैं पर्व |
| १७. | २०६५ साल | बडादसैं पर्व |

यसरी **आँखाको** अङ्क एक देखि सत्रौं पूर्णाङ्क भित्र जम्मा १६३ कविता, ९५ कथा/लघुकथा १५२ लेख/निबन्ध, ८ एकाङ्की, १० वटा भेटवार्ता, ९ वटा हास्यव्यङ्ग्य, ४ वटा समालोचनाका साथै विविध समसामयिक रोचक सामाग्रीहरू समावेश गरी प्रकाशित भएको पाइन्छ (**खड्का, २०६२:१११-११३**) ।

**ख**) **च्योदोङ** (२०३०)

वि.स. २०३० सालमा इन्द्रबहादुर खड्काको सम्पादनमा च्योदोङ परिवारले मुखपत्रको रूपमा च्योदोङ पत्रिकाको प्रकाशन आरम्भ भएको देखिन्छ । ३६ पृष्ठमा प्रकाशित पहिलो अङ्कमा कविता ३, कथा ३ र लेख समिटिएको र दोस्रो अङ्क २०३८ सालमा ६ वटा निबन्धात्मक लेख र ३ वटा कविता समेटिएको पाइन्छ । यो पत्रिका वैचारिकरू पमा देखिएकोले तत्कालीन प्रशासनले प्रतिबन्ध लागेर बन्द हुन पुगेको बुझिन्छ (**खड्का, २०६२:१११-११३**) ।

**ग**) **विद्यार्थी जागरण** (२०३८)

वि.स. २०३८ सालमा विद्यार्थी जागरण नामक पत्रिका दुईवटा बुलेटिनका रूपमा अनेरास्ववियु जिल्ला कमिटी दोलखा पूर्णरूपले साहित्यिक नभई वैचारिक पत्रिका भए पनि साहित्यलाई उल्लेख्य स्थान दिएको पाइन्छ ।

**घ**) **दोलखा सन्देश** (**२०३९**)वि.स. २०३९ सालको बडादसैंको अवसर पारेर दोलखा सन्देश नामक पत्रिका प्रकाशित भएको पाइन्छ। उक्त पत्रिका जुनकिरी परिवार द्वारा प्रकाशित तथा विनित वेदनाद्वारा सम्पादित भएको पाइन्छ । यो पत्रिकामा ८ कविता ४ कथा र २ लेख समावेश छन् ( **दहाल, २०४१:१६९**) ।

**ङ**) **चिमाल** (२०३९)

चिमाल २०३९ सालमा दोलखाबाट प्रकाशित साहित्य प्रधान पत्रिका हो। यो पत्रिकाको हालसम्म ११ अङ्क प्रकाशित भैसकेको छ । यो पत्रिका दोलखाबाट प्रकाशित **आखाँ** पछिको दोस्रो पत्रिकाको रूपमा देखिन्छ । यस पत्रिकाको दसौं अङ्क २०५५ सालमा कविता विशेषाङ्कको रूपमा र ११ औं अङ्क २०६२ सालको बडादसैंमा प्रकाशन भएको देखिन्छ (**पोखरेल, २०५७: १३१-१३३**) ।

**ञ**) **आँकुरा** (२०४८)

वि.स. २०४७ भाद्र २१ गते दोलखा साहित्यिक समाजको विधिवत दर्ता भएपछि २०४८ सालदेखि **आँकुरा** प्रकाशनमा आएको थियो । चोकबहादुर दाहाल, धुवकुमार घिमिरे तथा अमृत बहादुर क्षेत्रीको सम्पादक मण्डल भएको **आँकुरा** को प्रथम अङ्क ३६ पृष्ठमा ९ कविता, ३ कथा, ५ लेख, २ गजल, १ पत्रसन्देश पाइन्छ भने **आँकुरा को** दोस्रो अङ्क २०४९ सालमा प्रकाशनको अवसर पायो । यो अङ्कमा २१ रचनाहरू समावेश भएका थिए भने तेस्रो अङ्क २०५० को बडादसैंमा प्रकाशित भएको थियो (**दाहाल, २०५१:१६९-१७०**) ।

**च**) **अरूणिमा** (२०४९)

वि.स.२०४९ सालमा शम्भु गौतमको प्रकाशन र देवदास श्रेष्ठको प्रधान सम्पादनमा **अरूणिमा** नामक पत्रिका प्रकाशित भएको देखिन्छ । यो पत्रिका दोलखाबाट जि.प्र.का मा दर्ता भएर प्रकाशित पहिलो पत्रिका वि.स. २०४९ सालमा प्रथम र २०५० मा दोस्रो अङ्क प्रकाशित भएको पाइन्छ। यस पत्रिकामा कविता, गीत, कथा, र समसामयिक लेखहरू समावेश भएका छन् (**दाहाल, २०५१:१७०**) ।

**छ) कोसेली** (२०५०)

वि.स.२०५० सालमा चिरञ्जीवी मास्के र राजेन्द्र मानन्धरको सम्पादन अरूणिमा परिवार दोलखाको प्रकाशनमा **कोसेली** हवाइ पत्रिका प्रकाशन आरम्भ भएको देखिन्छ। पाँच अङ्कसम्म निरन्तर प्रकाशन भएर हाल बन्दको अवस्थामा रहेको यस पत्रिकाले स्थानीय प्रतिभालाई उत्साह थपेको पाइन्छ ।

**ज) दोलखा स्मारिका** (२०५३)

वि.स. २०५३ सालमा **दोलखा स्मारिका** नामक पत्रिका कर्मचारी मिलन केन्द्र दोलखाद्वारा प्रकाशित भएको बुझिन्छ । वि.स. २०५३ मा पहिलो २०५८ मा दोस्रो र २०६१ सालमा तेस्रो गरी ३ वटा स्मारिका प्रकाशित भएको पाइन्छ। यस पत्रिकामा समेत कविता, कथा, व्यङ्ग्य आदि लेखहरू समेटिएको पाइन्छ (**खड्का, २०६२:१११-११३**) ।

**झ) दोलखा ज्योति** (२०५३)

वि.स. २०५३ सालमा दोलखा समाजको स्थापना भएपछि सोही समाजको सम्पादन र प्रकाशनमा **दोलखा ज्योति** नामक पीत्रिका निरन्तर  रूपमा २०५३ सालमा पहिलो २०५४ सालमा दोस्रो २०५५ सालमा तेस्रो अङ्क गरी तीनवटा अङ्क प्रकाशित गरेको पाइन्छ ।

**ट) कुल्सीपत्ती** (२०५३)

वि.स.२०५३ सालदेखि निरन्तर रूपमा ३८ अङ्कसम्म प्रवीण प्रधान तिर्थनारायण जोसी र भरत श्रेष्ठको सम्पादनमा प्रकाशित भएको पाइन्छ । यो पत्रिका दोलखे नेवारी भाषामा प्रकाशित यो पत्रिका मूलतः कला, संस्कृति सम्बन्धी समाचार प्रधान पत्रिका देखिन्छ ।

**ठ) गौरीशङ्कर टाइम** (२०५४)

वि.स. २०५४ साल कार्तिक ३० मंसिर १२ को प्रथम अङ्क प्रकाशित भएपछि कार्तिक १-३० २०५६ मा अठारौं अङ्कसम्म प्रकाशित भएको देखिन्छ । यस पत्रिकाको प्रधान सम्पादक, प्रकाशक सूर्य खड्काको साथै शैलुङ प्रतिष्ठान नेपाल प्रकाशक विशेष रहेका छन .। यो पत्रिका विचार प्रधान पाक्षिक पत्रिका भए पनि साहित्यका विविध विधालाई उचित स्थान दिएको पाइन्छ (**खड्का, २०६२:११६**)।

**ड) दोलखा टुडे** (२०५५)

वि.स. २०५५ सालको भाद्र महिना देखि बालकृष्ण बस्नेतको सम्पादन तथा प्रकाशनमा मासिक रूपमा

**दोलखा टुडे** पत्रिका प्रकाशन आरम्भ भई निरन्तर दुई वर्षसम्म प्रकाशित भएर रोकिएको यो पत्रिका हो ता-

पनि यो पत्रिकाले साहितियिक रचनालाई उचित स्थान दिइएको पाइन्छ ।

**ढ) प्रदेय** (२०५६)

वि.स. २०५६ साल फाल्गुन देखि डा. गोपालकृष्ण श्रेष्ठ, देवदास श्रेष्ठ, चिरञ्जीवी मास्के, विष्णु सुवेदी र राजेन्द्र मानन्धर मिलेर **प्रदेय** मासिक पत्रिकाको आरम्भ गरेको बुझिन्छ । यस पत्रिकाको सम्पादक एवम् प्रकाशक चिरञ्जीवी मास्के र विष्णु सुवेदी राजनीति विशेष राजेन्द्र मानन्धर रहेको बुझिन्छ । यो अङ्क दोस्रो अङ्कबाट केही समय विश्राम लिएपनि पुनः २०६७ पौष महिनामा तेस्रो अङ्क प्रकाशित भएको छ ।

**ण) जिरीदीप** (२०५७)
वि.स. २०५७ साल भाद्र महिना देखि हवाइ पत्रिकाको रूपमा जिरी प्राविधिक शिक्षालयमा अध्ययनरत प्रशिक्षार्थीहरूले प्रकाशन आरम्भ गरी मासिक रूपमा निरन्तर प्रकाशन गरेको बुझिन्छ । दोलखामा यही पत्रिकाको माध्यमबाट साहित्यिक गतिविधिलाई अगाडि बढाएको पाइन्छ । २०५८ सालमा **जिरीदीप सेरोफेरो** नामक पत्रिका प्रकाशित गराएको देखिन्छ । यो पत्रिकालाई निरन्तरता दिनसके जिरीदीपको भविष्य उज्वल देखिन्छ (**पोखरेल, २०५७: १३६-१३७**) ।

**त) गौरीशंकर पुञ्ज** (२०५८)
वि.स. २०५८ साल माघमा पाठयक्रममा आधारित १८ वटा लेख रचनाहरूको सङ्गालोको रूपमा नेपाल प्राध्यापक संघ गौरीशंकर क्याम्पस इकाइले +२, प्रविणता र स्नातक तहको पाठ्यपुस्तकको विविध विषयका लेखहरूसमावेश गरी प्रकाशित भएको पाइन्छ। यो पत्रिकमा सिर्जनात्मक लेखहरू नभई समालोचनात्मक लेखहरू समावेश गरिएको पाइन्छ (**खड्का, २०६२:११८**) ।

**थ) कालिञ्चोक स्मारिका** (२०६०)
वि.स. २०६० सालको विजयादशमीको अवसर पारेर कालिञ्चोक मा.वि. तथा कालिञ्चोक विद्यार्थी समाज चरिकोटको प्रकाशनमा राजन श्रेष्ठ, सुनिल थापा, गुणराज सुवेदी, ध्रुव बस्नेत र कृष्णप्रसाद चौलागाइको सम्पादन रहेको बुझिन्छ। यस स्मारिकामा समसामयिक विषयका साथै साहित्यका विषयहरूलाई समेत स्थान दिइएको पाइन्छ । यसमा स्थानिय प्रतिभाका रचनाका साथै स्थापित नेपाली साहित्यका स्रष्ठाहरूका स्तरिय रचनाहरू समावेश गरेको देखिन्छ (**खड्का, २०६२:११९**) ।

**द) जागृति** (२०६१)
वि.स. २०६१ सालको नववर्षको अवसर पारेर जागरण साहित्यिक समूहले जागृती नामक साहित्यिक मासिक पत्रिकाको प्रकाशन आरम्भ गरेको बुझिन्छ । पाँचौं अङ्क सम्म मुकुन्द सिवाकोटी, बद्री दाहाल र विश्वास भण्डारीको सम्पादन मण्डल रहेको छ । वि.स. २०६४ सालमा नयाँवर्ष विशेषाङ्क पत्रिका समेत प्रकाशन भएको छ (**खड्का, २०६२:१२०**) ।

**ध) परिकल्पना** (२०६४)
वि.स. २०६४ सालमा दोलखा साहित्य सङ्गठनद्वारा विजयादसमीको अवसर पारेर **परिकल्पना** नामको साहित्यिक पत्रिका प्रकाशनको आरम्भ गरेको छ । यस पत्रिकाको संयोजक शंकरलाल श्रेष्ठ हुनुहुन्छ । यो पत्रिकाले हालसम्म चारवटा अङ्क प्रकाशित गरिसकेको छ । यो पत्रिकामा धरै जसो कविता सङ्कलित भएका छन् भने अन्य कथा, नियात्रा, व्यङ्ग्य, गीत, आलेख जस्ता समसामयिक रचनाहरू प्रकाशित भएका छन् (**२०६४-०६७ - अङ्क, १,२,३,४**) ।

**न) कालापानी स्वर्ण स्मारिका** (२०६६)
वि.स. २०६६ सालमा ५० वर्ष पुगेको अवसरमा कालापानी मा.वि. जफेले ९५ पृष्ठको कालापानी स्वर्ण स्मारिका प्रकाशन गरेको छ । उक्त स्मारिकाको प्रकाशनमा विद्यालयका सहायक प्र.अ. झलनाथ कोइरालाले महफ्वपूर्ण भूमिका खेलेका थिए । यस स्मारिकामा विद्यालयका समसामयिक गतिविधिका साथै शिक्षक, पूर्व विद्यार्थीहरू, विद्यालयका सस्थापक सदस्यहरूका विद्यालय प्रतिको संस्मरण लेख तथा कथा, कविता शैक्षिक अनुभूतिहरू समेटिएका थिए ।

## २.२.६ आँखापत्रिकाको प्रकाशन परम्परा प्रकाशित अङ्क (१-१७)

### २.२.६.१. पहिलो अङ्क

**आँखा** दोलखा जिल्लाबाट प्रकाशित पहिलो विशुद्ध साहित्यिक पत्रिका हो यो पत्रिका श्री भीमपब्लिक हाइस्कुलको प्रकाशन र सोही स्कुलका प्र.अ. मेघराज कोइरालाको प्रधान सम्पादकत्वमा वि.स.२०२६

सालको बडादसैंको अवसरमा यो पत्रिका प्रकाशन भएको देखिन्छ । **आँखाको** प्रथम प्रकाशन नै दोलखा जिल्लामा पत्रिका प्रकाशनको मङ्गलाचरण थियो (**दहाल, २०५१:१६६**) ।
**आँखाको** पहिलो अङ्कमा १६ वटा कविता २ वटा कथाका साथै समसामयिक टिप्पणी र ज्ञानवर्धक विषयहरू संकलित भएका देखिन्छन् । यो पत्रिकाको प्रकाशनसँगै दोलखामा औपचारिक साहित्यको विकासक्रम थालनी भएको देखिन्छ । यसको साथै अतीतदेखि वर्तमान सम्म दोलखाली साहित्य र संस्कृतिको विकासमा महफ्वपूर्ण ऐतिहासिक साहित्यिक कृति **आँखा** हो (**खनाल, २०६४**) ।

### २.२.६.२. दोस्रो अङ्क
वि.स. २०२७ सालको बडादसैंको उपलक्ष्यमा प्रकाशित भएको थियो । यो अङ्क १५२ पेजमा १८ कविता, ११ लेख, ७ वटा कथा र एउटा एकाङ्की प्रकाशित भएको थियो। यो अङ्कमा कथा तर्फ कलम चलाउने श्याम जोसी, राम थापा, राम के.सी. रोशन प्रधान र हेम पौडेल देखिन्छन् । यो पत्रिकाको सम्पादक माधवमणि राजभण्डारी र व्यावस्थापक श्री कालिञ्चोक युवाक्लव दोलखा रहेको थियो ।

### २.२.६.३. तेस्रो अङ्क
**आँखाको** तेस्रो अङ्क वि.स. २०२७ साल फाल्गुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा प्रकाशित भएको थियो। यो पत्रिकामा पनि १५२ पृष्ठ रहेको छन् । यस अङ्कमा ११ कविता, १ गीत, १ नाटक, ६ कथा, ७ लेख र १ अर्न्तवार्ता रहेको छ । यस अङ्कका प्रधान सम्पादक माधवमणि राजभण्डारी र सम्पादक मदनदास श्रेष्ठ रहनु भएको छ । व्यावस्थापकिय जिम्मेवारी कालिञ्चोक युवाक्लवले गरेको देखिन्छ । यस अङ्कमा कथा लेखनकार्य विश्व बल्लव, इन्द्रराज भण्डारी, भीमवर सिंह थापा, विश्वभर प्याकुरेल, राम के.सी. र जितेन्द्र महत अभिलासी छन् ।

### २.२.६.४. चौथौ अङ्क
**आँखाको** चौथो अङ्क वि.स. २०२८ सालको बडादसैंको अङ्कको रूपमा प्रकाशित भएको थियो । यस अङ्कका प्रधान सम्पादक माधवमणि राजभण्डारी र सम्पादकमा मदनदास श्रेष्ठ रहेका छन् । यस अङ्कमा १२ कविता, ५ वटा लेख, ६ वटा कथा, ४ वटा समसामयिक सन्दर्भ रहेका छन् । यस अङ्को कथा विधामा कलम चलाउने भीमवर सिंह थापा, तुलसी न्यौपाने गुएनकोगहोभान, अनु अमृतरत्न, विश्व वल्लभ, जितेन्द्र महत हेन्स क्रिश्चियन एण्डसन रहेका छन् ।

### २.२.६.५. पाँचौं अङ्क
**आँखाको** पाँचौं अङ्क वि.स. २०२८ साल फाल्गुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा प्रकाशित भएको थियो। यो अङ्कदेखि यसको सम्पूर्ण प्रकाशन र व्यावस्थापनको जिम्मेवारी कालिञ्चोक युवा क्लवले लिएको थियो । यसको सम्पादकमा माधवमणि राजभण्डारी र सह-सम्पादकमा मदनदास श्रेष्ठ र द्वारिकामान सिंह रहेका छन्। यो अङ्क १५० पेजमा संरचित रहेको र ११ बटा कविता, ११ वटा नाटक, २ वटा हाँस्यव्यङ्ग्य, ६ वटा कथाहरूर २ वटा अचम्मका कुरा संकलित छन् ।

### २.२.६.६. छैठौं अङ्क
वि.स. २०२९ सालमा २३ औं प्रजातन्त्र दिवसको उपलक्ष्यमा प्रकाशित भएको **आँखाको** छैठौं अङ्क १०० पृष्ठमा संरचित थियो। यस अङ्कमा ९ वटा कविता, एकाङ्की १, लेख ३, कथा ५ वटाका साथमा क्लवका गतिविधिहरू समेत प्रकाशित गरिएको थियो । त्यसपछि झन्डै १२ वर्षसम्म **आँखा** पत्रिकाको प्रकाशन कालिञ्चोक युवा क्लवले गर्न नसकी **आँखा** चिम्लियो (**पोखरेल, २०५७:१२९**) ।

### २.२.६.७. सातौं अङ्क

**आँखाको** सातौं अङ्क वि.स. २०४१ साल पुषमा अमरकुमार प्रधानको सम्पादन र कालिञ्चोक युवा क्लवको लागि श्याम जोशीको प्रकाशनमा **आँखा** ७ अङ्क देखापऱ्यो । ८४ पृष्ठको यो अङ्कमा विशेष लेख २, कविता ८, कथा ४, इतिहास २, व्यङ्ग्य २, विज्ञान स्वास्थ्य २, खेलकुद १ र अन्य सामाग्री ६ वटा लेखहरू प्रकाशित भएका थिए ।

### २.२.६.८. आठौं अङ्क

**आँखाको** आठौं अङ्क वि.स. २०४२ सालमा अमरकुमार प्रधानको सम्पादनमा १०१ पृष्ठमा छापिएको छ। यस अङ्कमा कविता ८, कथा ५, एकाङ्की १, लेख निबन्ध ३, इतिहास ३, विज्ञान स्वास्थ्य २, खेलकुद १, परिचर्चा २ र अन्य समसामयिक विषयहरू ९ वटा समावेश गरिएका छन् । यो अङ्कमा ज्ञान विज्ञानका विविध विषयहरूमा जानकारी दिने प्रयत्न गरिएको छ। यस अङ्कमा **आँखा**७ को पाठक प्रतिक्रिया समेत समावेश गरिएको पाइन्छ ।

### २.२.६.९. नवौ अङ्क

**आँखाको** पूर्णाङ्क नौ वि.स. २०४४ सालमा अमरकुमार प्रधानको सम्पादनमा प्रकाशित भएको थियो । यो अङ्कमा १६४ पृष्ठमा १ दर्जन कविता, ७ कथा, ११ लेख र अन्य समालोचना खोज अनुसन्धान तथा चर्चा परिचर्चा आदि लेखहरूसमावेश गरिएका छन् । यो अङ्कमा स्थानिय रचनाकारका साथै स्थापित साहित्यकारहरू बालकृष्ण सम, कृष्णप्रसाद पराजुली जस्ता लेखकहरूका लेखहरू समावेश गरिएका छन् ।

### २.२.६.१०. दसौं अङ्क

**आँखा** पत्रिकाको दसौ अङ्कको प्रकाशन आज सम्मको इतिहासमा सबै भन्दा ठूलो कलेवरमा २६८ पृष्ठको रहेका छ। यस अङ्कलाई साहित्य संस्कृति र समाजसेवाको अङ्कको रूपमा लिइएको छ । यसका सम्पादक महेश कुमार श्रेष्ठ र प्रकाशन कालिञ्चोक युवा क्लवका तत्कालीन अध्यक्ष अमरकुमार प्रधानबाट भएको पाइन्छ । यस अङ्कमा ७ वटा कविता, ८ वटा कथा, एउटा एकाङ्की, १७ वटा लेख रचना तथा निबन्धहरू हास्य चर्चा नवीन जानकारी पाठक प्रतिक्रिया आदि सामाग्रीले यो अङ्क सु-सज्जित देखिन्छ ।

### २.२.६.११. एघारौं अङ्क

**आँखाको** ११ औं अङ्क उज्वल प्रधानको सम्पादकफ्वमा पुरूषार्थ श्रेष्ठको प्रकाशनमा वि.स. २०५० सालमा १२२ पृष्ठमा देखा परेको थियो । यस अङ्क भित्र १० कविता एवम् मुक्तक, १० लधुकथा, ५ लेख निबन्ध, १० भेटवार्ता र ५ अन्य सामाग्रीहरू रहेका छन् । यसमा पनि वरिष्ठ कथा एवम् कविहरूले आफ्नो लेखहरू छपाएका छन् ।

### २.२.६.१२. बाह्रौं अङ्क

उज्वल प्रधानकै सम्पादनमा **आँखाको** १२ औं अङ्क वि.स. २०५५ सालमा ९८ पृष्ठमा प्रकाशित भएको थियो। यस अङ्कमा ३ कविता, ५ कथा, ५ लेख र अन्य ६ वटा समसामयिक विषयका लेखरचनाहरू समावेश गरिएका छन् ।

### २.२.६.१३. तेह्रौं अङ्क

वि.स. २०५७ साल आश्विनमा **आँखाको** १३ औं अङ्क जम्मा १४३ पृष्ठको रहेको पाइन्छ। यो अङ्क पनि उज्ज्वल प्रधानको सम्पादनमा नै प्रकाशित भएको थियो । यो अङ्कमा पनि ४ वटा कविता, ६ वटा कथा, ५ वटा लेख तथा निबन्ध अन्य १६ वटा धर्म, विज्ञान, इतिहास, यात्रा संस्मरण जस्ता लेखहरू समावेश गरिएको पाइन्छ ।

### २.२.६.१४. चौधौं अङ्क

**आँखाको** १४ औं अङ्क वि.स. २०६० सालको आश्विन महिनामा प्रकाशित भएको **आँखाको** चौधौं अङ्क जम्मा १२२ पेजमा संरचित थियो । भरत नारायण प्रधानको सम्पादनमा प्रकाशित यस अङ्कमा ४ कविता, १ कथा, व्यङ्ग्य २, समालोचना १, साहित्यिक चर्चा १ र अन्य स्थलगत रिर्पोट, विश्लेषण, अन्तरङ्ग कुराकानी, प्रश्नोत्तर आदि २ वटा लेखहरू संकलित छन् ।

### २.२.६.१५. पन्ध्रौं अङ्क

वि.स. २०६२ आश्विनमा प्रकाशित **आँखाको** १५ औं अङ्कमा जम्मा १२४ पृष्ठमा संरचित छ। अमरकुमार प्रधानको प्रधान सम्पादनमा प्रकाशित यस अङ्कमा ९ वटा कविता, ७ वटा कथा/लघुकथा, ४ वटा नियात्रा, ३ वटा संस्मरण, ३ वटा लेख र अन्य अर्न्तवार्ता परिचर्चा गतिविधि रमाइलो कुरामा कुरा जस्ता ११ वटा विषयहरू संकलित गरिएको पाइन्छ ।

### २.२.६.१६. सोह्रौं अङ्क

**आँखाको** १६ औं अङ्क वि.स. २०६४ सालको बडादसैंको अवसरमा प्रकाशित पत्रिकामा जम्मा ९८ पेजको रहेको छ। अमरकुमार प्रधानको प्रमुख सम्पादकत्वमा प्रकाशित यस अङ्कमा ७ वटा कविता, ४ वटा लघुकथा, अन्य नियात्रा खोज नीति आलेख समिक्षा सूचना प्रविधि एवम् कुरामा कुरा जस्ता २० वटा समसामयिक लेखहरू संकलित रहेका छन् ।

### २.२.६.१७. सत्रौं अङ्क

**आँखाको** १७ औं अङ्क वि.स. २०६५ सालको बडादसैंको अवसरमा प्रकाशित भएको छ । यस पत्रिकाको प्रधान सम्पादनमा प्रवीण प्रधान रहनु भएको छ । यो अङ्कमा १६७ पेजको रहेको छ । यस अङ्कमा पनि ११ वटा कविता, ९ वटा कथा, २ वटा यात्रा संस्मरण, ७ वटा गजल, ३ लघुकथा, १ सत्यकथा र व्यङ्ग्य लेखहरू ९ वटा चिन्तन ज्ञानविज्ञान र स्थलगत रिर्पोट आदि लेखहरू संकलित छन् ।

### २.२.७ आँखापत्रिकामा प्रकाशित कथाहरू

| **क्र.स.** | **पत्रिकाको नाम** | **कथा शिर्षकहरू** | **प्रकाशक** | **लेखकको नाम** | **पृष्ठ** |
|---|---|---|---|---|---|
| १ | **आँखा** अङ्क एक | आँशु उकुसमुकुस जिन्दगीको | भीमपब्लिक हाइस्कुल | श्याम विछोड | ५-७ |
| २ | एक | चित्र बुद्धको कथा | भीमपब्लिक हाइस्कुल | अमर कुमार प्रधान | १३-१६ |
| ३ | दुई | एउटा सिङ्गो युग | कालिञ्चोक युवा क्लव | राम के.सी. चौतारे | २०-२९ |
| ४ | दुई | व्यथै व्यथाको जीवन | कालिञ्चोक युवा क्लव | अच्युत धिताल | ३७-४४ |
| ५ | दुई | चित्रकार | कालिञ्चोक युवा क्लव | हेम पौडेल | ४६-४८ |
| ६ | दुई | बिर्सिदै गरेका यादहरू | कालिञ्चोक युवा क्लव | श्याम जोशी बिछोड | ५०-५४ |
| ७ | दुई | अनभिज्ञ विवाहका लास | कालिञ्चोक युवा क्लव | सुश्री रोशन प्रधान | ५९-६३ |
| ८ | दुई | रातले कोल्टे | कालिञ्चोक युवा क्लव | राम थापा | ७०-७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | दुई | सानी | कालिञ्चोक युवा क्लव | जितेन्द्र महत अभिलासी | १००-१०७ |
| १० | तीन | शरीर भित्रको कङ्काल | कालिञ्चोक युवा क्लव | इन्द्रराज भण्डारी | ३३-३७ |
| ११ | तीन | एउटा नसुतेको रात | कालिञ्चोक युवा क्लव | भीमवरिसंह थापा | ४७-५५ |
| १२ | तीन | त्रिकोण | कालिञ्चोक युवा क्लव | विश्वम्भर प्याकुरेल | ६५-६७ |
| १३ | तीन | परिस्थितिको झटारो | कालिञ्चोक युवा क्लव | राम के.सी. चौतरे | ७०-८२ |
| १४ | तीन | ऐतिहासिक दरवार | कालिञ्चोक युवा क्लव | जितेन्द्र महत अधिकारी | १२७-१३३ |
| १५ | चार | मेरी नजन्मेकी छोरी | कालिञ्चोक युवा क्लव | भीमवरिसंह थापा | ६-११ |
| १६ | चार | जीवन | कालिञ्चोक युवा क्लव | तुलसी न्यौपाने | १३-१५ |
| १७ | चार | पुँजी विना केही गर्न नसकेको | कालिञ्चोक युवा क्लव | गुएन कोग हुगेन | २७-३४ |
| १८ | चार | तारा रित्तिएको आकाश | कालिञ्चोक युवा क्लव | विश्व बल्वभ | ६०-६५ |
| १९ | चार | किन यस्तो सपना देखिन्छ | कालिञ्चोक युवा क्लव | जितेन्द्र महत | ७४-७८ |
| २० | चार | सानी जलपरी | कालिञ्चोक युवा क्लव | होन्स क्रिस्चियन एण्डर्सन | ८२-८९ |
| २१ | पाँच | जीवन एक अभिसाप | कालिञ्चोक युवा क्लव | राम के.सी. चौतारे | १०-२१ |
| २२ | पाँच | रहस्यमय | कालिञ्चोक युवा क्लव | बाशु रिमाल यात्री | ७३-७६ |
| २३ | पाँच | उद्घाटन | कालिञ्चोक युवा क्लव | जितेन्द्र महत अभिलासी | १०७-११३ |
| २४ | पाँच | बिउँझेका सपनाहरू | कालिञ्चोक युवा क्लव | भीमवर सिंह थापा | १२९-१३४ |
| २५ | पाँच | विसङ्गती | कालिञ्चोक युवा क्लव | प्रकाश प्रेमी | १३५-१३८ |
| २६ | I पाँच | कला र कलाकार | कालिञ्चोक युवा क्लव | शा कुमार जीवन | १४२-१४७ |
| २७ | छ | कलङ्कित विश्वास | कालिञ्चोक युवा क्लव | राम के.सी. चौतारे | ११-१९ |
| २८ | छ | शिल्पकारको न्यायपूर्ण जीवन | कालिञ्चोक युवा क्लव | जितेन्द्र बस्न्यात | २२-२६ |
| २९ | छ | नाग देवताको पूजा | कालिञ्चोक युवा क्लव | हिल डेवस | २९-५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | छ | निर्विरोध | कालिञ्चोक युवा क्लव | श्याम जोशी विछोड | ६१-६४ |
| ३१ | छ | अधुरो कथा | कालिञ्चोक युवा क्लव | जितेन्द्र महत अभिलासी | ३८-८९ |
| ३२ | सात | अनुमान | कालिञ्चोक युवा क्लव | ध्रुव सापकोटा | ११-१७ |
| ३३ | सात | निस्कृतिको बन्धन | कालिञ्चोक युवा क्लव | हर्वट हेरिस | ३०-३२ |
| ३४ | सात | निरीषक | कालिञ्चोक युवा क्लव | शैलेन्द्र शाकार | ४२-४३ |
| ३५ | आठ | पात | कालिञ्चोक युवा क्लव | तोया गुरूङ | २२-२४ |
| ३६ | आठ | खोर | कालिञ्चोक युवा क्लव | ओममणी शर्मा | ३५-३८ |
| ३७ | आठ | आफ्नो आफ्नो घाउ | कालिञ्चोक युवा क्लव | अमृता प्रीतम | ५४-५८ |
| ३८ | आठ | भट्टीवालकी छोरी | कालिञ्चोक युवा क्लव | संजय थापा | ६४-६८ |
| ३९ | नौ | बृद्धा | कालिञ्चोक युवा क्लव | तेज प्रकाश श्रेष्ठ | १०-१४ |
| ४० | नौ | भोको पेट | कालिञ्चोक युवा क्लव | ज्याक लण्डन | ४४-५९ |
| ४१ | नौ | घटना | कालिञ्चोक युवा क्लव | बाबा न्यौपाने | ६०-६२ |
| ४२ | नौ | मेरा ती दयालु मित्र | कालिञ्चोक युवा क्लव | मधुवन पौडेल | ७९-८२ |
| ४३ | नौ | माछाचोरी मत्स्यन्याय | कालिञ्चोक युवा क्लव | सुनील | ९९-१०१ |
| ४४ | दश | कस्तो भेट | कालिञ्चोक युवा क्लव | शशी प्रधान | ५७-६२ |
| ४५ | दश | हराएको मूर्ति | कालिञ्चोक युवा क्लव | बिजय चालिसे | ७०-७५ |
| ४६ | दश | धर्मात्मा ब्राम्हण र छिमेकी | कालिञ्चोक युवा क्लव | श्याम कृष्ण मास्के | ८३-८३ |
| ४७ | दश | इडिपट | कालिञ्चोक युवा क्लव | बाबा न्यौपाने | ९४-१०१ |
| ४८ | दश | वैकल्पिक | कालिञ्चोक युवा क्लव | दिनेश बस्याल | १०९-११२ |
| ४९ | दश | कम्पित आकाश | कालिञ्चोक युवा क्लव | रमेश विकल | ०२५-२१२ |
| ५० | दश | विदेश भ्रमण | कालिञ्चोक युवा क्लव | यज्ञकुमार प्रधान | २१९-२२४ |
| ५१ | एघार | धमिलो सागर | कालिञ्चोक युवा | उज्वल प्रधान | ८-१० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क्लव | | |
| ५२ | I एघार | विचित्र देशको यात्री | कालिञ्चोक युवा क्लव | रमेश विकल | १८-३० |
| ५३ | एघार | पंहेलो आकाशकी बेहुली | कालिञ्चोक युवा क्लव | स्टिफेन केन | ४३-५६ |
| ५४ | एघार | दृष्टि | कालिञ्चोक युवा क्लव | विनोद मास्के | ८१-८३ |
| ५५ | एघार | बम्पर सुपर | कालिञ्चोक युवा क्लव | अमरकुमार प्रधान | ११३-११५ |
| ५६ | बाह्र | मान्छेको खोजी | कालिञ्चोक युवा क्लव | बिजय चालिसे | १२-१३ |
| ५७ | बाह्र | माया माधुरी | कालिञ्चोक युवा क्लव | अमरकुमार प्रधान | ४६-५२ |
| ५८ | बाह्र | हल्ला गर्ने विरालो र शान्त कुकुर | कालिञ्चोक युवा क्लव | मकर बज्राचार्य | ६५-६५ |
| ५९ | बाह्र | बाह अमेरिका विदेशी कथा | कालिञ्चोक युवा क्लव | वश्रे रहमान | ७५-८४ |
| ६० | तेह्र | प्रति परीक्षण | कालिञ्चोक युवा क्लव | दिनबन्धु शर्मा | ६६-६६ |
| ६१ | तेह्र | बाजी | कालिञ्चोक युवा क्लव | सत्यकृष्ण श्रेष्ठ | ७०-७१ |
| ६२ | तेह्र | चार्ली चैपलिन ए प्रेमी | कालिञ्चोक युवा क्लव | शालिन प्रधान | ७९-८१ |
| ६३ | तेह्र | सौन्दर्य | कालिञ्चोक युवा क्लव | अमरकुमार प्रधान | १०४-१०७ |
| ६४ | तेह्र | सुकमानलाई प्रजातन्त्र | कालिञ्चोक युवा क्लव | टीकाराम पोखरेल | १३१-१३४ |
| ६५ | चौध | अनुत्तरित प्रश्न | कालिञ्चोक युवा क्लव | इन्दु प्रधान | ८०-८२ |
| ६६ | पन्ध्र | प्रेमको हिसाब खाता | कालिञ्चोक युवा क्लव | भैरव किरण श्रेष्ठ | २२-२२ |
| ६७ | पन्ध्र | सौतीमा | कालिञ्चोक युवा क्लव | टेकबहादुर कोइराला | ८९-९२ |
| ६८ | पन्ध्र | बन्द | कालिञ्चोक युवा क्लव | इन्दु प्रधान | ९४-९६ |
| ६९ | पन्ध्र | यो प्रेम | कालिञ्चोक युवा क्लव | भोगेन्द्र लिङदेल | ११०-१११ |
| ७० | सोहौं | सेतो कपाल | कालिञ्चोक युवा क्लव | अमर कुमार प्रधान | २३-२६ |
| ७१ | सोह्रौं | अन्तिम प्रतीक्षा | कालिञ्चोक युवा क्लव | हरि श्रेष्ठ अनन्त | ८८-८९ |
| ७२ | सत्र | देवी कथा | कालिञ्चोक युवा क्लव | अमर कुमार प्रधान | २७-४० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७३ | सत्र | अभिभारा | कालिञ्चोक युवा क्लव | नन्दलाल आचार्य | ६९-७३ |
| ७४ | सात्र | नेउटे जंगियो | कालिञ्चोक युवा क्लव | भाग्यशाली अधिकारी | ७५-७७ |
| ७५ | सत्र | ठमेलको एक साँझ | कालिञ्चोक युवा क्लव | चिरञ्जीवी मास्के | ८३-८५ |
| ७६ | सत्र | जरूरी काम छ | कालिञ्चोक युवा क्लव | टेक बहादुर कोइराला | ९२-९५ |
| ७७ | सत्र | बाबा साट्ने कि ? | कालिञ्चोक युवा क्लव | रामदेव पाण्डे | १०५-१०७ |
| ७८ | सत्र | गुरूपूर्णिमा | कालिञ्चोक युवा क्लव | तारा किरण | १३०-१३२ |
| ७९ | सत्र | वेड नं. ३०८ | कालिञ्चोक युवा क्लव | राज श्रेष्ठ | १३९-१४० |
| ८० | सत्र | त्यो केटा उनी र म | कालिञ्चोक युवा क्लव | हरिहर शर्मा | १४३-१४५ |

## २.३. निष्कर्ष

यसरी वि.स. २०२६ सालबाट यात्रा आरम्भ गरेको **आँखा**पत्रिकाले आजसम्म ४४ वर्षको अवधि पार गर्दा १७ वटा खुड्किला टेकिसकेको छ । यो पत्रिकालाई यहाँसम्म ल्याइपुऱ्याउन कालिञ्चोक युवा क्लव यसका पदाधिकारी, पत्रिका सम्पादक, व्यावस्थापक तथा दोलखाका सम्पूर्ण साहित्य प्रेमीहरूको महफ्वपूर्ण भूमिका रहदै आएको छ र यो पत्रिकाको खुड्किलो उक्लने क्रम जारी छ । आज भन्दा ४४ वर्ष अगाडिको प्रकाशन समय हेर्दा त्यस बेला **आँखा** निकै स्तरीय र चर्चित पत्रिकाका रूपमा स्थापित थियो। देवकोटा, सम, कृष्णप्रसाद पराजुली, श्यामदास वैष्णव, विजय मल्ल, म.वी.वि. शाह, धर्मराज थापा , मोहन कोइराला, दैवज्ञराज न्यौपाने जस्ता साहित्यिक हस्तीहरूका रचनाहरूसमेत छापिने **आँखा** पत्रिकाको महफ्व दोलखाको साहित्यिक इतिहासमा स्वर्ण अक्षरमा लेखिएको छ ( **पोखरेल, २०५७:१३१**) ।

तेस्रो अध्याय

# कथा तफ्वको आधारमा आँखापत्रिकामा प्रकाशित कथाहरूको विश्लेषण

## ३.१. अङ्क एकमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.१.१.आँशु उकुस मुकुस जीन्दगीको कथाको विश्लेषण

#### ३.१.१.१. शीर्षक सार्थकता

**आँशु उकुस मुकुस जीन्दगी**को कथाको शीर्षक कथावस्तुको नारी पात्र अनुपमाको जीवनमा देखिएको छट्पटिलाई मुख्य विषयवस्तु बनाउन खोजेको छ । किनकि एउटी युवतीले यौवनको आँधी बेहरीमा आफ्ना पति र छोराको मृत्युले अनुपमाको जीवनमा पारेको उकुस मुकुसलाई मुख्य विषयवस्तुसँग मेल खाएको कारण शीर्षक सार्थकता भएको पाइन्छ ।

#### ३.१.१.२. कथानक

**आँशु उकुस मुकुस जीन्दगी**को कथामा अनुपमाको अतृप्त यौनच्छाको कारण विवाहको छोटो समयमै छोरो २ वर्ष नपुग्दै श्रीमानको मृत्यु हुन पुग्नुले उनलाई ठूलो वज्रप्रहार गर्ने क्रममा विधाता सफल भएको हुन्छ । पतिको विछोडबाट उनी सहारा विनाको प्राणी भएर बाँच्न बिवश हुन्छे । सँधैजसो आफ्नो पतिको तस्विर अगाडि राखेको हुन्थ्यो । यस्तैमा एउटा द्वारे कहाँ भाँडामाभ्न बाध्य भएकी हुन्छे । एकदिन छोराको पनि मृत्यु भएपछि उनी आत्महत्या गर्न खोज्थिन् तर पापको डर पनि मान्थिन् । यसै परिस्थितिमा एकदिन एउटा युवकको साथ यौनले भरिएकी सुन्दरी विचमा प्रेममय वार्ता चल्छ । अन्तमा युवकले अनुपमासँग नै प्रेमको चक्कर चलाएको हुन्छ । अन्तमा आफू अनुपमाको हत्यारा बन्न पुग्दछ ।

#### ३.१.१.३. चरित्र चित्रण

**आँशु उकुस मुकुस जीन्दगी**को कथाका नारी पात्र अनुपमा देखिएकी छन् भने गौण पात्रहरूमा पति, छोरो, युवक, द्वारे बनेका देखिन्छन् । अनुपमाको सानै उमेरमा विवाह भएको हुन्छ । छोरो जन्मेको २ वर्ष पछि पतिको मृत्यु हुनपुग्छ । यस घटनाले अनुपमाले एउटी विधवा नारीको रूपमा जीवनमा आइपर्ने दुःख कष्टहरूसँग मुकाविला गरी रहेकी हुन्छिन् । आफ्नो भर्भराउदो यौवनावस्थाका अगाडि सहारा विनाको प्राणी बनेर उनको जीवन अगाडि बढेको हुन्छ । साथै पतिको सम्भनामा विछिप्त बनेकी अनुपमा द्वारेको घरमा भाँडा माभ्ने काममा लागेकी हुन्छिन् । अन्तिममा छोरोको पनि मृत्यु हुन्छ । उनी एक्लो जीवन विताउन वाध्य हुन्छिन्। यस्तैमा एक दिन युवकको चक्करमा परेकी हुन्छिन् । उनीले यस कथामा अनुपमाको यौन मनोविज्ञानलाई समेत विषयवस्तु बनाइएको हुन्छ ।

#### ३.१.१.४. भाषाशैली

यस कथाको भाषाशैली सरल सघन छ । यो कथा लघु आयाममा संरचित देखिन्छ । कथावस्तुमा उपयुक्त व्याकरणिक चिन्हहरूको प्रयोग गरेको पाइन्छ । वस्तु संयोजनका दृष्टिले कलात्मका उचाई प्राप्त गरेको पाइन्छ। कहिकतै अनुपमाका यौनेच्छाहरूलाई समेत उकुस मुकुस जिन्दगीको कथामा कलात्मक पारामा संमिश्रण गरिएको पाइन्छ ।

#### ३.१.१.५. दृष्टिबिन्दु

यस कथाम अनुपमा मुख्य पात्र हुन भने युवक गौणपात्रका रूपमा रहेको छन् । अनुपमा कथाकी स्थिरबद्ध पात्र हुन् । उनले जीवनमा आएका समस्याहरूलाई सामना गर्दै आएकी हुन्छिन् । सानै उमेरमा विवाह हुनु छोरो जन्मेको २ वर्षमा नै पतिको निधन हुनु, पतिको मृत्युपश्चात् जीवनमा धरै उकुस मुकुस आइपर्नु उनको वाध्यता थियो त्यसैले यो कथा बाह्य तृतिय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ३.१.१.६. उद्देश्य सारवस्तु

**आँशु उकुस मुकुस जिन्दगीको** कथाको मुख्य उद्देश्य भनेको महिलाहरूको कलिलो उमेरमा विवाह हुनु, कलिलो उमेरमा पतिको विछोड हुनाले विधवा भएर दुःख र समस्याहरूसँग जुध्दै ,अन्तिममा छोरोको समेत मृत्युले उनलाई मर्माहत भएको विषयवस्तुलाई अनुपमाको माध्यमबाट व्यक्त गर्न खोजेको पाइन्छ ।

### ३.१.१.७. देशकाल परिवेश

श्याम विछोड द्वारा लिखित **आँशु उकुस मुकुस जिन्दगीका** कथाको परिवेश एउटा गुभज स्थानबाट सुरू गरिएको पाइन्छ । यस कथामा अनुपमाको जिवनको रेखालाई झरी, बादल, बर्षा र घामलाई प्रतीकका रूपमा लिएको छ। यसैगरी अनुपमाले सानै उमेरमा विवाह हुनु ,पतिको छिट्टै मृत्यु हुनु ,पतिको वियोगमा तस्विरलाई हेरेर चित्त बुझाउनु अनुपमाको दिनचर्या देखिन्छ ।

### ३.१.२.चित्र बुद्धको कथा कथाको विश्लेषण

### ३.१.२.१. शीर्षक सार्थकता

**चित्र बुद्धको कथा**को लेखक अमर कुमार प्रधान हुन् । यो कथाको शीर्षक गौतम बुद्धको चित्रको दृश्यलाई सानीको मनमा आएको तरङ्गलाई उपयुक्त किसिमले प्रस्तुत गरिएको हुनाले शीर्षकको सार्थकता देखिन्छ ।

### ३.१.२.२. कथावस्तु कथानक

प्रस्तुत **चित्र बुद्धको कथा**मा एउटी सानी बालिकाको मानसिक रूपमा देखा परेका कल्पनाहरूलाई मुख्य विषय बनाउन खोजेको छ । देवीकोटको मन्दिरमा अवस्थित चित्रले बालिकाको मनमा उतारचढाव ल्याएको हुन्छ। आखिर उनी निन्द्रामा छटपटी गरेको हुन्छ । आमा बाबुले उनलाई ज्वरो आएको पत्तो लगाउँछन्। औषधी-मुलो गर्छन् । एकदिन सानीको बाबुले क्यालेन्डर किनेर ल्याउँछन्, सानीले जिज्ञासा राख्छिन, यो कस्को चित्र हो? यो बुद्धको चित्र हो भनी बाबुले जवाफ दिन्छन्, सानीले आफ्नो घरमानै राख्ने आग्रह बाबुसँग राखेकी हुन्छे ,सानीमा चित्रको अमिट छाप बस्न पुग्छ। यसरी कथानक टुङ्गिन्छ ।

### ३.१.२.३. चरित्र चित्रण

यस कथाका मुख्य चरित्रमा सानी रहेकी छन् भने गौण सहायक पात्रमा आमा, बुबा, भुस्तिग्रे, भगवान बुद्धको चित्र देखापरेका छन् । यहाँ सानीले देवीस्थानमा देखेको चित्रले उनलाई सँधै नङग्रयाउन खोजेको हुन्छ। जबकी उनी निन्द्रामा हुन्छिन् निन्द्राबाट बिउँझिए पछि उनलाई ज्वरो आएको हुन्छ । उनका आमा बाबुले निको पार्ने प्रयास गरेका हुन्छन् । एकदिन सानीका बाबुले गौतम बुद्धको चित्र भएको क्यालेन्डर घरमा ल्याइदिएर सानीको मनोभावना पूरा गरिदिएका हुन्छन् ।

### ३.१.२.४. भाषाशैली

यस कथाको शीर्षक पात्र अनुकूल सार्थक छ । यसको भाषा पनि सरल र प्रभावपूर्ण रहेको छ । कथाका विभिन्न घटनाहरूले पाठकलाई पार्ने प्रभावलाई अलाङ्कारिकता पाउन सकिन्छ । बाबु र छोरी सानीको बिचमा व्याकरणिक कोटीका सम्वादहरू रहेका छन् । कथनहरू सहज र स्वभाविक देखिन्छन् ।

#### ३.१.२.५. दृष्टिबिन्दु

**चित्र बुद्धको कथा** बाह्य दृष्टिबिन्दुमा संरचित कथा हो । यो कथामा सानी तृतीय पुरूषको रूपमा उपस्थित भएकी देखिन्छे भने बाबु आमा द्वितिय दृष्टिबिन्दुमा रहेका छन् । विशेष गरी यो कथामा सानीको बाल मनस्थितिमा पारेको मानसिक अवस्थाको चित्रण गरिएकोले बाह्य सीमित दृष्टिबिन्दु रहेको छ ।

#### ३.१.२.६. उद्देश्य/सारवस्तु

प्रस्तुत **चित्र बुद्धको कथा**का लेखक अमरकुमार प्रधान हुन् । उनले विशेष गरी बाल मनस्थितिमा रहेका डर लाग्दा चित्रहरूको कारण सपनामा पनि तर्साउने र बोल्ने गर्दछन्, किनकि उनीहरूलाई जानकारीको अभाव भइरहन्छ । यस्तो अवस्थामा बाबु आमाले उनीहरूको इच्छा आकांक्षा बुझेर मात्र कामगर्नु बेस हुने कुरालाई कथामा जोड दिन खोजेको पाइन्छ ।

#### ३.१.२.७. देशकाल परिवेश

**चित्र बुद्धको कथा**का लेखक अमर कुमार प्रधान हुनुहन्छ । उहाँले देवीकोटको मन्दिर परिसरलाई कथाको विषयवस्तु बनाउन खोजेको छ । एउटी सानी केटीको मानसिकताबाट मनोस्मृतिहरूले कथालाई रौनकता प्रदान गरेको पाइन्छ। गौतम बुद्धको चित्र ऐसेलुको घारी, भुस्तिग्रे मान्छेका प्रतीकहरू चित्रबुद्धको कथाका परिवेश मान्न सकिन्छ ।

## ३.२. अङ्क दुईमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.२.१.यौटा सिङ्गो युग निलिसकेको साहित्यकार कथाको विश्लेषण

#### ३.२.१.१. शीर्षक सार्थकता

**यौटा सिङ्गो युग निलिसकेको साहित्यकार** कथाका लेखक राम के.सी. चौतारेले राणाशासनको समयमा कवि तथा साहित्यकारहरूले राणाहरूको वा शोषकहरूको विरोध गर्न नपाइने सँधै उनीहरूको भजन गाउनु पर्ने यदि उनीहरूको विरोध गरेको देखिएमा जेल सजायँ भोग्न विवश साहित्यकारको मनोभावनालाई कथाको विषयवस्तुको सार्थकता देखाउन खोजेको पाइन्छ ।

#### ३.२.१.२. कथानक/कथावस्तु

प्रस्तुत **यौटा सिङ्गो युग निलीसकेको साहित्यकार** कथामा कथाको मुख्यपात्र चंखेले जेलजीवन भोग्नु परेको जेलको सजायँ भोगेतापनि जेलबाट बाहिर जान नमानेको सेन्टिले के हेरिरहेको भनी गाली गरेकोले चंखेले आफ्नो परिवारमा श्रीमती रेखा, छोरो महेश, छोरी विमला र आफ्नो सहयोगी मित्र रमेश उसलाई जेलबाट छुटकार पाउँदा लिन आउन नसकेको भन्दै आफ्ना परिवारका सदस्यहरूको विषयमा सोच्न बाध्य हुन्छ । त्यसै गरी अतीतको समयमा भएका हत्याहिंसा प्रति खेद व्यक्त गर्दै त्यस समयमा मुखको बुझो लगाउनु पर्ने , हातगोडा बाँधिन सक्ने ,कठोर शाषकका विरूद्धमा क्रान्तिकारी विचार प्रवाह गरेको आरोपमा कविले ७ वर्षको जेल सजायँ ँभोग्न पुग्छन् । जेल सजायँ बाट मुक्त भएपछि उ फाटेको जुत्ता लिएर सार्कीलाई सिलाउन दिन आग्रह गर्दछ । सार्कीले तीन सुकामा जुत्ता सिलाईदिने बचन दिएपछि उसले सार्कीको घरको दयनीय अवस्था बुझ्ने अवसर चंखेलाई प्राप्त हुन्छ । एकदिन बाटोमा निर्मल सँग भेट हुन्छ। खाना बनाउने काममा चंखेले काम पाउँछ । अंगेनो चिसो भएको कारण आगो बल्दैन । यसै समयमा निर्मलले चंखेलाई एकदिन अवश्य अंगेनो ताल्छ भनी आश्वासन दिन पुग्छ । यसरी निर्मलले आश्वासन दिनु भनेको देशमा प्रजातन्त्र आउन सक्छ भनी संकेत गरेको पाइन्छ ।

### ३.२.१.३. चरित्र चित्रण

यस कथाको प्रमुख चरित्र चंखेले महफ्वपूर्ण भूमिका खेलेको छ भने अन्य चरित्रहरूमा सार्की चंखेका परिवारका सदस्यहरूर निर्मल र निर्मलकी श्रीमती गौण पात्रको रूपमा देखापरेका छन् । जसको यस कथामा निम्नअनुसारको भूमिका खेलेको पाइन्छ ।

**क) चंखे**

चंखे यस कथाको प्रमुख चरित्र मानिन्छ। यसले कवितामा क्रान्तिकारी स्वरहरू दिएवापत् राणा शासनको समयमा जेलको सजायँ भोग्न पुग्दछ । जेलसजायँ समाप्त गरी घर फर्कने क्रममा उसले आफू ले लाएको जुत्ता सिलाउने क्रममा सार्कीसँग भेट हुन्छ, उसले सार्कीको परिवारको अवस्था बुझ्न पुग्छ । यसैगरी निर्मलको घरमा भात पकाउने काममा चंखे संलग्न हुन्छ, चुल्हो चिसो भएको कारण निर्मलको एकदिन तात्छ यसै काँहा बसिरहन्छ भनी राणा शासनकालमा भएको दमन एक दिन सकिन्छ देशमा प्रजातन्त्र आउँछ भन्ने आशय व्यक्त गरेको पाइन्छ ।

**ख) निर्मल**

निर्मल यस कथाको गौण पात्र मानिन्छ । उ पनि जेल जीवनबाट छुटकारा भएर घर फर्कने क्रममा चंखेसँग भेट हुन्छ । चंखेले आफूलाई नोकरी खोजी दिने आग्रह उसको कोमल र उदार मनको कारण आफ्नै घरमा श्रीमतीको सहयोगी राख्ने गरी खाना पकाउने काममा निर्मलले चंखेलाई आफ्नो घरमा लैजान्छ । भात पकाउने काम दिन्छ, चुल्हो भत्किन्छ, चिसो चुल्हो बल्दैन तर एक दिन अवश्य तात्छ , त्यसै कहा बसिरहन्छ र भनी निर्मलले समेत आफ्नो रचनामा लेख्नपुग्छ । यसरी चंखे र निर्मलको उपस्थित गराएर तत्कालिन समयको राणाशासन कालमा कवि तथा साहित्यकारहरूले भोग्नु परेको सजायँ वाक स्वतन्त्रता प्रति गरिएको प्रतिबन्धलाई निर्मलले लेखेको एकदिन अवश्य तात्छ भन्ने अभिव्यक्तिले प्रकाश पार्दछ ।

**ग) रेखा**

रेखा यस कथाकी गौण महिला पात्र हुन् । उनले असहज स्थितिमा पनि पतिको जेल सजायँ बिताउँदा पनि परिवारका सदस्यहरूको अभावग्रस्त आवश्यकता पुरा गरेकी थिइन् । राणा शासनकालमा दमनको चपेटामा उनले छोरो महेश र छोरी विमलाका आवश्यकता पूरा गरेकी थिइन् ।

**घ) सार्की**

सार्की यस कथाको गौण पात्र मानिन्छ । उसले यस कथाका माध्यमबाट दयनीय नेपालीहरूको पारिवारिक अवस्थाको चित्रण गरेको हुन्छ । गरिबीको कारण घरपरिवारको मुखमा माड हालिदिने क्रममा उसलाई समस्या भएता पनि सृष्टिको सुरूवात सँगै उसले आफ्नो मरेको गोरूको छाला सिउने काम पाएको प्रसङ्ग चंखेलाई सुनाउँछ । यसको साथै जात सानो भए पनि काम ठूलो भएकोमा उ गर्व गर्दछ ।

### ३.२.१.४. भाषाशैली

यो कथाको भाषाशैली सरल र सहज मानिन्छ । कथामा प्रस्तुत पात्रहरूको भूमिका महफ्वपूर्ण नै मानिन्छ । कथाको विषयवस्तु अनुसार नै उपयुक्त चिन्हहरूको प्रयोग भएको छ । कथामा प्रयोग भएका सम्वादहरू ओजस्वी देखिन्छ । राणा शासनकालमा भएको दमनात्मक अवस्थाको विषयवस्तुलाई प्रतीकात्मक रूपमा चित्रण गरिएको यो कथा सशक्त कोटिको मान्न सकिन्छ ।

### ३.२.१.५. दृष्टिबिन्दु

**यौटा सिङ्गो युग निलिसकेको साहित्यकार** कथाको कथावस्तु बाह्य दृष्टिबिन्दुमा संरचित रहेको छ। यो कथामा १०४ वर्षे राणाशाष्सनको समयमा दमनको अवस्थामा रहनु परेको कवि साहित्यकारहरूले जेल सजायँ भोग्न विवश पात्र चंखे निर्मल तथा अभावग्रस्त समयमा परिवार पालन गर्न बाध्य रेखाको मनोभाव र मजदुरी गरेर पेटपाल्न बाध्य सार्कीको आत्मकथालाई समेत बाह्य दृष्टिकोणका रूपमा देखा परेको पाइन्छ ।

### ३.२.१.६. उद्देश्य वा सारवस्तु

**यौटा सिङ्गो युग निलिसकेको साहित्यकार** कथाको मुख्य उद्देश्य भनेको नेपालको राजनैतिक शासनकालमा राणा शाषनको समयमा लेखक कवि तथा साहित्यकारहरूले शाषकको विरूद्ध बोल्न प्रतिबन्ध लगाएको प्रसङ्ग चंखेले व्यक्त गरेको छ भने गरिबी अभावको समयमा सार्कीको परिवारले गर्नुपरेको मजदुरी तथा रेखाले भोग्नु परेको अभावलाई पनि कथामा उल्लेख गरेको पाइन्छ । यसको साथै चंखेले निर्मलको घरमा भात पकाउने काममा चुल्हो नतात्नुलाई निर्मलको रचनामा लेखिन पुग्नुले उसले जेल सजायँ पाउनु, एकदिन अवश्यै पनि देशमा प्रजातन्त्र आउनसक्ने कुरालाई चुल्हो तात्नुको प्रतीकात्मक अर्थले पुष्टिगर्न कथा सफल भएको पाइन्छ । अर्कोतर्फ गरिब नै भएपनि निर्मलको उदार मनले चंखेलाई भात पकाउने काम दिनु गरिब नेपालीहरूको मनोदशालाई प्रतिनिधिफ्व गरेको पाइन्छ ।

### ३.२.१.७. देशकाल परिवेश

**यौटा सिङ्गो युग निलिसकेको साहित्यकार** कथाको परिवेश एउटा जेल घरको कोठाबाट शुरू गरिएको छ । लामो समय सम्म जेलमा बस्दा उसलाई चंखेले भोगेको यादहरूलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । त्यसले एउटा सार्कीको दयनीय परिवारको अवस्थालाई कथामा चित्रण गरिएकोछ भने त्यस समयमा राणाहरूले कवि साहित्यकारहरूले शाषकको विरोध गर्नु नहुने यदि गरिए जेलको सजायँ भोग्नु पर्ने विषयलाई परिवेशको रूपमा लिन सकिन्छ। यसैगरी चंखेको परिवारका सदस्यहरूको अभावको बाबजुत पनि जीवन भोगाईका विषयहरू कथामा परिवेशको रूपमा देख्न सकिन्छ ।

## ३.२.२. व्यथै व्यथाको जीवन कथाको विश्लेषण

### ३.२.२.१. शीर्षक सार्थकता

**व्यथै व्यथाको जीवन** कथाको शीर्षकको मुख्यपात्र दोलखाको कुनै गाउँमा जन्मिएको जुठेको गरीरमा लागेको रोगको कारण सहरको अस्पतालमा उपचार गर्न जाने क्रममा जिम्मावाल कहाँ घरबारी धितो राखी लिनुपरेको रकम आफ्नो छोरा छोरीहरूको मुखमा माड लगाउने क्रममा भुन्टिले बेहोर्नु परेको समस्या आर्थिक अभावले जुठेलाई र उसको परिवारमा ल्याएको आँधिबेहरी नै कथाको शीर्षक सार्थकता भित्र देखिने पक्ष मानिन्छ ।

### ३.२.२.२. कथानक/कथावस्तु

**व्यथै व्यथाको जीवन** कथाका लेखक अच्युत धिताल हुन्। उहाँले दोलखा जिल्लाको एउटा केटो जुठे र उसको परिवारको दायिफ्व पारिवारिक अवस्थाको चित्रण गर्न पुगेका छन्। उनले कथाको प्रमुख पात्र जुठेले आफ्नो शारीरिक अवस्थाको कारण उपचार गर्ने क्रममा गाउको जिम्मावालसँग आफ्नो नाममा रहेको जमिन राखी केही रकम लिएर सहरको अस्पतालमा उपचार गर्न आएको हुन्छ । अस्पतालमा उसलाई सहयोग गरी भेट्न जाने आफन्तहरू कोही हुँदैनन्। उ सँधै रोगसँग लडिरहन्छ। भुन्टीले व्यक्त गरेको विचार तिमी बाँचे नै त सबै छ हैन भने क्यै गरि तिमी ...... म जसरी पनि पालौला भन्ने अभिव्यक्ति उनका मनमा आइ रहन्थ्यो । नजिक भए जुठेका परिवार मायालु स्वरमा भेट्न आउने थिए। मेरा पनि भन्दै जुठे बेडमा छट्पटि गर्न पुग्दछ । जुठेलाई कलेजोको रोग लागेको कारण डाक्टरले उसलाई छिट्टै मृत्य हुने संकेत नदिएतापनि उसले रोगसँग लडिरहेको हुन्छ। जुठेको

अभिन्न मित्र श्यामेको अवस्था बिग्रिएको कारण मर्ने बेलामा श्यामेलाई दुई थोपा पानी खान दिने कममा जुठे सफल बन्दछ । श्यामेको मृत्युले ठुलेलाई पनि म पनि यसरी नै मर्ने पो हो की भन्ने शंका लाग्दछ। जुठेले डाक्टरलाई आफ्नो रोग कहिले विसेक हुने , मर्नै परे पनि आफ्नै गाउँमा गएर मर्ने बाचाका साथ प्रश्न गर्दछ। जुठे अब म तिमीलाई भेट्न आउँछु डाक्टरले भनेका छन् भनी भुन्टीसँग बर्बराउदै आफ्नै शुरमा कुरागर्न पुग्दछ। अन्तमा जुठे बेडमा श्वासप्रश्वास नै बन्द गरी कमलले मुख छोपी चिर निन्द्रामा पर्दैछ । आखिर उसको नाममा यतिखेर एक थोपा आँशु चुहाइ दिने कोहि हुदैनन् । भुन्टीसँगको विदा नै अन्तिम यात्रामा परिणत भई कथावस्तु टुङ्गिन पुग्दछ ।

### ३.२.२.३. चरित्र चित्रण

**व्यथै व्यथाको जीवन** कथामा मुख्य चरित्रका रूपमा जुठेले भूमिका खेलेको छ । भने गौण पात्रका रूपमा भुन्टी जमिनदार नर्स तथा डाक्टर, श्यामे आदिले भूमिका खेलेको पाइन्छ। जुन पात्रहरूको चित्रण निम्न अनुसार गर्न सकिन्छ ।

#### क) जुठे

**व्यथै व्यथाको जीवन** कथाको प्रमुख पात्र जुठे मानिन्छ । उसले ग्रामीण भेगमा रहेको तल्लो जात सार्कीको छोराको रूपमा आफ्नो भूमिका निर्वाह गरेको छ । उसले आफ्नो रोगको उपचार गर्नकोलागि आर्थिक अभावको कारण आफ्नो जमिनलाई समेत जिम्मावाललाई सुम्पेर श्रीमती र छोराछोरीको मुखमा माड लगाउने काममा गएको पाइन्छ। जुठेलाई अस्पतालमा भेट्न आउने कोही हुँदैनन् किनकि उ रोग र गरिबीसँग लडिरहेको हुन्छ । उसले डाक्टरलाई हिम्मतका साथ रोग कहिले निको हुने र यदि मर्नु परे पनि आफू जन्मेको ठाउँमा मर्ने प्रण व्यक्त गर्नुले मातृभूमिप्रति अगाध आस्था राखेको पाइन्छ। जुठेको रोग भोग र अशिक्षाको कारण उसको चेतनाशून्य रहनु नेपाली ग्रामीण भेगमा रहेका जनताको प्रतिनिधि पात्रको भूमिका खेल्न जुठे सफल देखिन्छ ।

#### ख) भुन्टी

भुन्टी यस कथाकी गौण नारी पात्र हुन् । उनले **व्यथै व्यथाको जीवन** कथामा महफ्वपूर्ण भूमिका खेलेकी छन्। उनले जुठेकी पत्नीको रूपमा ४ बटा छोरा छोरीका आमाका रूपमा देखापरी श्रीमानलाई आफ्नो जग्गा जिम्मावाललाई दिई औषधी खर्च खोज्न सल्लाह दिन पुग्छिन्। तिमी बाँचे नै त सबै थोक भन्ने महान् अभिव्यक्ति दिदै छोराछोरीलाई बनिगरी पाल्ने साहस बटुल्दछिन । यसरी गरिब परिवारमा रहेर पतिको स्वास्थ्य रक्षाको लागि सकेजति प्रयत्न गर्न भुन्टी सफल भएकी हुन्छिन् ।

#### ग) जिम्वावाल

जिम्वावाल यस कथाको गौण पात्र मानिन्छ। उसले जुठेलाई औषधी खर्च रू. २५ उपलब्ध गर्नलाई जुठेको नाममा रहेको जग्गा आफू ले लिने सर्तमा पैसा दिन्छ। अहिले मुटुसम्म फेर्न सक्ने जमानामा त जैरेको रोग त निको भइहान्छ नि भनि जुठेलाई हौसला दिने काममा जिम्वावाल सफल हुन पुग्छन् ।

#### घ) श्यामे

श्यामे यस कथाको गौण पात्र हो। श्यामे जुठेको अभिन्न मित्र पनि हो । उ पनि अस्पतालको बेडमा मृत्युसँग लडिरहेको हुन्छ। अन्त्यमा श्यामेलाई एक घुट्की पानी दिन जुठे सफल हुन्छ र श्यामेको जीवन गति टुङ्गिन पुग्छ ।

**ङ) डाक्टर/नर्स**

डाक्टर नर्स यस कथाका गौण पात्रहरूहुन् । उनीहरूले अस्पतालमा श्यामे, जुठे लगाएत अन्य बिरामीहरूको उपचारमा समय दिएका हुन्छन् । उनीहरूले रोग चिनेका कारण विरामी छिट्टै मर्ने हुँदा पनि बिरामीलाई जानकारी नदिनु, नर्सहरू झर्कने र रिसाउने विरामीहरूलाई समय दिने विषयमा कथामा आवश्यक बिचारहरू देख्न पाइन्छ ।

### ३.२.२.४. भाषाशैली

कथा **व्यथै व्यथाको जीवन**का लेखक अच्युत धितालले कथावस्तुमा परिष्कृत भाषाशैलीको प्रयोग पाइन्छ । उनले कथावस्तुलाई सरल एवम् सुबोध्य प्रदान गर्न उपयुक्त शब्दहरूको छाँटकाँट गरी मिलाएको संरचनामा कथावस्तु विशिष्ठ प्रकृतिको पाइन्छ । यसो हुनुमा कथाकारको उपयुक्त भाषाशैलीको छनौट गर्ने विशेषतालाई नकार्न सकिँदैन ।

### ३.२.२.५. दृष्टिबिन्दु

**व्यथै व्यथाको जीवन**मा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यस कथाको प्रमुख पात्र जुठे, भुन्टी, जिम्वावाल र श्यामे आदिले कथामा गौण भूमिका खेलेका छन् । विशेष गरि जुठेको दयनीय आर्थिक अवस्थाको कारण उब्जिएका समस्याहरूले नै कथावस्तुको कार्यव्यापार अगाडि बढ्न बाह्य दृष्टिबिन्दुको नमुना मान्न सकिन्छ ।

### ३.२.२.६. उद्देश्य एवम् सारवस्तु

**व्यथै व्यथाको जीवन** कथाको मुल उद्देश्य भनेको ग्रामिण नेपालमा बसोबास गर्ने मानिसहरूको आर्थिक, रोग र असहायबाट छट्पटी पुगेका गरिब र दलित परिवारका व्यक्तिगत तथा पारिवारिक समस्याहरूलाई देखाउन खोजेको पाइन्छ। अर्को तर्फ बिरामी परेर अस्पतालको बेडमा छट्पटी गर्दा पनि गरिबीको कारण कोहीपनि व्यक्ति भेट्न नआएको प्रसङ्गबाट धनी मानिसका आफन्तहरू धेरै हुने र गरिबका कोही नहुने सन्देश  दिन कथा सफल भएको छ। भुन्टीले अभाव र अन्योलको अवस्थामा समेत आफ्ना छोराछोरीलाई बनी गरेर पालनपोषण गर्ने जिम्मेवारी लिनु जुठेलाई औषधी गर्ने रकम जिम्वावालसँग माग्न सफल हुनु पतिको उपचारमा चासो राख्नु जस्ता पक्षलाई नेपाली महिलाहरूले खेल्ने भूमिकाको नेतृत्व गर्न भुन्टी सफल भएकी छिन्। यसै गरी डाक्टर र नर्सहरूले अस्पतालमा गरिने व्यवहारलाई समेत कथावस्तुमा स्थान दिन सफल भएको पाइन्छ भने अर्को तर्फ जुठेको मरणले मानिसको जन्म र मरणलाई एक्लै जन्मने र एक्लै मर्ने प्राकृतिक नियमसँग यो कथा मेल खान सफल भएको छ ।

### ३.२.२.७. देशकाल परिवेश

**व्यथै व्यथाको जीवन** कथाको परिवेश दोलखाको एउटा ग्रामीण भेगमा हलोजोति खाने जुठे सार्कीको दयनीय आर्थिक अवस्था रोगले ग्रस्त शारीरिक अवस्थालाई कथाको परिवेशको रूपमा चित्रण गर्न खोजिएको छ। यसको साथै जुठेले अस्पतालमा भोगेको पीडा र छट्पटीलाई समेत स्थान दिइएको पाइन्छ भने अर्को तर्फ गाउँका जिम्मावालहरूले गरिबहरूको घरबारी धितो नराखी पैसा उपलब्ध नगराएको व्यवहारको समेत उल्लेख गर्नु कथाको परिवेश मान्न सकिन्छ ।

## ३.२.३. चित्रकार कथाको विश्लेषण

### ३.२.३.१. शीर्षक सार्थकता

**चित्रकार** कथाका लेखक हेम पौड्याल हुनुहुन्छ। उहाले कथामा महफ्वपूर्ण भूमिका निभाउनु भएको छ। यस कथाको माध्यमबाट एउटा नारी पात्रलाई स्टुलमा राखी स्याउ र रोटीका टुक्रा चित्रकारले केटीलाई दिन्छ । केटी पात्रको चित्र उतार्ने कममा चित्रकार सफल भएको कारण कथावस्तुले पूर्णता पाएको अनुभूति गर्न सकिन्छ ।

**३.२.३.२. कथानाक/कथावस्तु**

प्रस्तुत कथामा कथाकार स्वयम म पात्रको रूपमा एउटी अर्धनग्न नारी पात्रलाई हेर्दै उसले आफ्नो अँगालोमा बाध्न चाहन्छ। केटीको सौन्दर्यमा आफूलाई हराउदैं केटीलाई स्लाइस र एउटा स्याउ केटीलाई खान आग्रह गर्दछ। चित्रकार आफ्नो पेन्टिङको काममा व्यस्त हुन्छ भने केटी रोटीका टुक्रा खान थाल्छे । ड्रिङ्क भने चित्रकारको आग्रह गरेपछि मात्र लिन्छे चित्रकारले केटीको शारीरिकअवयवहरूमा यौवनको उन्माद भेट्टाएको हुन्छ। उसले आफ्नो इच्छा अनुसारका रङ्गहरूरङ्गयाउने कार्य गर्दछ। चित्रकारको ध्यान भएमा एउटा गुलाफ रूपी फूल भएर केटीको लालीमा भरिएको हुन्छ। चित्रकारले केटीको भित्री तहसम्म पुगेर रेखा र रङ्गहरू भर्ने काम गर्दछ। कथाको अन्त्यमा चित्रकारको मोडल स्टुलबाट खसिरहेकी हुन्छे चित्रकारले उनको अङ्गमा हात समाउँछ तर उनी हिउँ भइसकेकी हुन्छिन् ।

**३.२.३.३. चरित्र चित्रण**

**चित्रकार** कथामा देखिएका प्रधान चरित्र चित्रकार स्वयम नै देखा परेका छन् भने सहायक पात्रमा केटी नारी पात्र देखा परेकी हुन्छिन् जसको चर्चा निम्नानुसार गर्न सकिन्छ ।

**क) चित्रकार**

**चित्रकार** कथाको प्रमुख चरित्र भनेको चित्रकार स्वयम नै देखा परेका छन् । उनले एउटी केटीको यौवनको सौन्दर्यलाई नजिकबाट हेर्दै आफूभित्र लिन गराउन पुगेका छन् भने उनको यौवनावस्थाको सौन्दर्यलाई आफ्नो क्यानभासमा समेत उतार्न सफल भएको पाइन्छ ।

**ख) केटी**

केटी **चित्रकार** कथाको नारी पात्र हुन् उनी अर्धनग्न कपडामा सजिएर चित्रकारको मन चोर्न खप्पिस मानिन्छिन्, यतिमात्र नभएर चित्रकारले दिएको रोटी, स्याउ र ड्रिङ्क पिउन समेत उनी माहिर देखिन्छिन्। उनले चित्रकारको कलात्मक सिर्जनामा उफ्प्रेरकको भूमिका निभाएकी हुन्छिन् ।

**३.२.३.४. भाषाशैली**

यो कथाको भाषाशैली सरल एवम सहज प्रकृतिको मानिन्छ। कथामा प्रयुक्त पात्रहरू चित्रकार र केटीको भूमिकालाई कथामा महफ्व दिइएको पाइन्छ। चित्रकारले केटीको यौवनावस्थालाई प्रतिकारको रूपमा चित्रण गर्न खोजेको पाइन्छ।

**३.२.३.५. दृष्टिबिन्दु**

**चित्रकार** कथामा प्रमुख पात्र चित्रकारको भूमिका महफ्वपूर्ण रहेको हुँदा यो कथा स्वयम्मा आन्तरिक र केटीको भूमिकालाई लिने क्रम बाह्य दृष्टिबिन्दुको समेत संयोजन भएको पाइन्छ। यस कथामा चित्रकारले नारी पात्र केटी भित्र देखिएका अन्तरभावनाहरूलाई आन्तरिक दृष्टिबिन्दुको कोटिमा राख्न सकिन्छ भने केटालाई रोटी, स्याउ, र ड्रिङ्क खान दिनु चित्रकारले केटीका वाह्य शारीरिक बनावटलाई आफ्नो क्यानभासमा उतार्नु बाह्य दृष्टिकोणको संकेत मान्न सकिन्छ ।

**३.२.३.६. उद्देश्य एवम् सारवस्तु**

**चित्रकार** कथाको मूल उद्देश्य भनेको चित्रकारले एउटी अर्धनग्न नारी पात्र भित्र र बाहिर देखिएका यौवनका संकेतहरूलाई क्यानभासमा उतार्न खोज्नु, केटीलाई मन पराउनु ,खान दिनु र उनीभित्र आफूलाई हराउन खोज्नु जस्ता विशेषताहरू चित्रकार कथाको मूल उद्देश्य मान्न सकिन्छ। यसको साथै चित्रकारहरूले कहिले काही मनपर्ने नारी पात्रहरूलाई पाउनु र मोडेलको रूपमा उतार्न खोज्नु समेत यस कथाको दोस्रो उद्देश्य मान्न सकिन्छ।

#### ३.२.३.७. देशकाल परिवेश

पुस, माघको कठ्याङ्ग्रिदो जाडोमा एउटी अर्धनग्न नारीहरूको शारीरिक अवस्थामा उनीभित्र देखिएका सुस्केराहरूले चित्रकारको मनतान्न सफल भएको चित्रकारले केटीको सौन्दर्यमा आफूलाई भुलाउन सफल भएको, उनीभित्रका नारीफ्वहरू पवित्र भएको विषयलाई कथामा चित्रकारले उच्च महफ्व दिइएको पाइन्छ। यसको साथै केटीको आकृतिलाई आफ्नो क्यानभासमा सजाउँन चित्रकारले सफलता प्राप्त गरेको छ। उसले मनपर्ने रङ्गहरूको संयोजन गर्न पनि चित्रकार पछि परेको पाइँदैन।

### ३.२.४. बिर्सिदै गरेका यादहरूकथाको विश्लेषण

#### ३.२.४.१. शीर्षक सार्थकता

**बिर्सिदै गरेका यादहरू**कथाका लेखक श्याम जोशी हुन्। उनले प्रस्तुत कथाको मुख्य आसय भनेको म र उ पात्रको परिधि भित्र रहेर म पात्रले उ पात्रप्रति गरेका आशाभरोसाका कारण म पात्र प्रति विलय भएका शारीरिक विस्मृतिहरू आँखी झ्यालबाट गरिएको प्रेममय प्रतिक्षाका क्षणहरूबाट उब्जिएका यादहरूले कथावस्तुलाई सार्थकता प्रदान गरेको छ।

#### ३.२.४.२. कथानक/कथावस्तु

**बिर्सदै गरेका यादहरू**कथाको कथावस्तु एउटी महिला म पात्र को जीवन प्रति देखिएको निराशाजनक भनाइले उनको यौवनपूर्ण जीवनमा धक्का महसुस गरेकी हुन्छिन्। उनी ुनै पनि व्यक्तिद्वारा निर्देशित भएको कारण आँखीझ्यालका प्वालबाट उ पात्रको प्रतीक्षामा रहेकी हुन्छिन् । उता उ पात्रले पनि म पात्रलाई नुहाउने समयमा कुराकानी गर्ने उपयुक्त समय पाएको हुन्छ। उ पात्रलाई म पात्रकी आमाले उससँग नबोल्ने सर्त नसियत गरेकी थिइन् । म पात्रले शुरूमा भुल गरेको भएता पनि पछि उनीलाई आफ्नो यौवनरूपी बगैंचामा लुकामारी खेल्न चाहेको देखिन्छ। यसैगरि दसैंको समयमा नदीनाला काटेर पहाडमा बाबुआमाको हातको टीका तथा आर्शीवाद थाप्नु पर्ने विषयमा म र उ पात्रका बीचमा कुराकानी हुन पुग्छ। छुट्टिने बेलामा एक चुम्बन दिएर छुट्टिने प्रयत्न गर्दछन् यस्तै अवस्थामा यी दुई पात्रको विछोडको अवस्था आइपुग्छ। खहरे सुस्ताईरहेको हुन्छ कथाको अन्त्यमा बडादसैंको टीकाको साइत पारेर उसको विवाह हुनुलाई बिसिँदै गरेका यादको मूल कथावस्तु मान्न सकिन्छ ।

#### ३.२.४.३. चरित्र चित्रण

**बिर्सिदै गरेका यादहरू**कथाका मुख्य पात्रहरूमा म र उ पात्रहरूनै उत्तरदायी देखिन्छन्। उनीहरूको कथावस्तुमा के कस्तो भूमिका रहेको छ भन्ने आशय निम्न पात्रहरूको चरित्र चित्रण गर्नु आवश्यक ठहर्दछ ।

**क) म पात्र**

**बिर्सिदै गरेका यादहरू**कथाको प्रमुख पात्र भनेको म नारी पात्र नै हुन्। उनीले आफ्नो जीवनको निराशाजनक अवस्थालाई चित्रण गर्न खोजेको पाइन्छ भने अर्को तर्फ उ पात्रलाई आँखीझ्यालबाट चिहाउदै उ पात्रसँग प्रेममय सम्बन्ध गाँस्न खोजेको पाइन्छ। किन भने म पात्रले दसैंको छुट्टिने समयमा एक चुम्बन दिन खोज्नु यसको उदाहरण मान्न सकिन्छ तर म पात्रलाई व्यवास्था गर्दै उ पात्रको टीकाको दिन विवाह हुनुले म पात्रले उ पात्र प्रति विर्सन बाध्य गराएको देखिन्छ।

**ख) उ पात्र**

उ पात्र म पात्रलाई आँखी झ्यालबाट चिहाउन बाध्य गराउने पुरूष पात्र मानिन्छ । उसले म पात्रलाई नुहाउने समयमा नजिक बाट म पात्रलाई हेर्नखोज्नु, दसैंको छुट्टिने समयमा चिनो स्वरूप एक चुम्बन ख्वाउन बाध्य गराउनु, म पात्रलाई यौवनरूपी बगैंचामा भुलाउन म पात्रले खेलेको

भूमिका हुन् भने टीकाको दिन म पात्रलाई जानकारी नै नदिई अर्कै केटीसँग वैवाहिक बन्धनमा गाँसिन पुग्नु उ पात्रको बाध्यता थियो ।

### ३.२.४.४. भाषाशैली

**बिर्सिदै गरेका यादहरू**कथाको भाषाशैली उत्कृष्ट मानिन्छ। उपयुक्त किसिमको पात्रहरूको सम्बन्धले कथाको शीर्षकलाई सार्थक तुल्याएको पाइन्छ। अर्को तर्फ उपयुक्त किसिमको व्याकरणिक कोटिको प्रयोग पाइन्छ। व्याकरणिक चिन्हहरूले सम्बादलाई गहकिलो तुल्याइ दिएको छ। शुरूमा म र उ पात्रको प्रेममय वातावरण सिर्जना हुन खोजेता पनि कथाको अन्तिममा प्रेमबाट विछोड हुनपुग्नु कथाकारको वैशिष्टय मान्नु पर्दछ ।

### ३.२.४.५. दृष्टिबिन्दु

**विर्सिदै गरेका यादहरू**कथाको दृष्टिबिन्दु आन्तरिक र बाह्य दुवै प्रयोग भएको पाइन्छ। किनभने कथाको म पात्रले खेलेको भूमिका र उ पात्रले खेलेको आन्तरिक पक्षको पाटोले आन्तरिक तथा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ। म पात्रले जीवनलाई निस्सारतामा रूपान्तरण गर्न खोज्नु नै आन्तरिक दृष्टिबिन्दु मान्नु पर्ने देखिन्छ, भने उ पात्रले गरेको व्यावहारले म पात्रलाई प्रेममय धोका दिएको हुँदा म पात्रलाई आन्तरिक  रूपमा मर्माहत पार्नु बाह्य दुष्टिबिन्दुको ज्वलन्त उदाहरण मान्न सकिन्छ।

### ३.२.४.६. उद्देश्य वा सारवस्तु

**बिर्सदै गरेका यादहरू**कथाका कथाकार श्याम जोशी विछोड हुन्। उनले यस कथाको माध्यमबाट म र उ  पात्रहरूको बिचमा भएका प्रेममय वातावरणबाट सुरूमा नजिक देखिएता पनि पछि गएर उ पात्रले म पात्रलाई विना जानकारी धोका दिँदै अर्को केटीसँग विवाह बन्धनमा बाँधिन पुग्छ यस्तो आवस्थामा म पात्रलाई सुन्न बाध्य हुनु परेकोमा दुःखको अनुभुति गर्न पुग्दछिन् । यसरी यो कथाको माध्यमबाट सुरूमा केटा केटीहरूको विचमा प्रेममय वातावरण सिर्जना भए पनि अन्तिममा उनीहरूको रिसलो सम्बन्धमा तुसारापात हुनपुग्छ यसरी कथावस्तु टुङ्गिन पुग्दछ ।

### ३.२.४.७. देशकाल परिवेश

यो कथाको देशकाल परिवेश भनेको एउटी नारी पात्र म ले अभिव्यक्ति गरेको विषयहरूलाई मुख्य विषयवस्तु बनाउन खोजेको हुन्छ। अर्कोतर्फ उ पात्रले म पात्र प्रति राखेको झुकावले म र उ पात्र बीचमा प्रेममय वातावरण सिर्जना गर्न खोजेको पाइन्छ। किनकि म र उ पात्रका बीचमा दसैको नजिकमा म पात्रले उ पात्रको एक चुम्बन खोज्नुले समेत म र उ पात्रका बीचमा प्रेममय भावना थियो भन्ने विषयमा विश्वास गर्न सकिन्छ।

## ३.२.५.अनभिज्ञ विवाहको लाश कथाको विश्लेषण

### ३.२.५.१. शीर्षक सार्थकता

**अनविज्ञ विवाहमा लाश** कथामा कथाकार सुश्री रोशन प्रधानले रोजीको विवाहको प्रसङ्ग विनोदसँग चलेको हुन्छ। तर बाबु आमाले दिन खोजेको केटा विनोदलाई रोजीले अस्वीकार गर्दै मिकेशसँग प्रेममय कुराकानी अगाडि बढेको हुन्छ। मिकेश इन्जिनियर पढ्न इङल्याण्डबाट फर्केपछि रोजीसँग विवाह गर्ने प्रस्ताव राखेको हुन्छ। मिकेश इङल्याण्ड पढ्न गएको समयमा रोजीको विवाह गर्ने कुरा आमाबाबुले छिनीदिन्छन् । यसै समयमा रोजीले मिकेशलाई १ हप्ता भित्र आउन आग्रह गर्छिन । यसै समयमा मिकेशको अनुपस्थितिको समयमा रोजीले मिकेश र बाबुआमालाई पत्र लेख्दै अन्तिम समाधानको अस्त्र मृत्युलाई वरण गर्न पुग्छिन्। उता मिकेश पनि रोजीको पत्र हात पर्नासाथ स्वदेश

फर्कि रोजीको घरमा पुग्दा रोजीको मृत गरीर देख्न पुग्दछ यसरी मिकेशले विवाहको लाशहरू देखेको अवस्थामा शीर्षकको सार्थकता स्पष्ट हुन सकेको पाइन्छ।

### ३.२.५.२. कथानक/कतावस्तु

प्रस्तुत **अनविज्ञ विवाहमा लाश** कथामा कथाकी मुख्य पात्र रोजीले खेलेको भूमिका बारेमा कियाकलाप नै प्रमुख मान्न सकिन्छ। जब रोजीको विवाह गर्ने उमेरमा उनका बाबु आमाले डा. विनोदसँग विवाहको कुरा छिनीदिएका हुन्छन्। उता रोजीको आत्मियमित्र मिकेशलाई रोजीले मन पराएकी हुन्छिन्। विनोद डाक्टर थियो भने मिकेश इङल्याण्डमा इन्जिनियर पढ्ने विद्यार्थी थियो । यी दुवैले एक आपसमा मनपराएका थिए। जब मिकेश इन्जिनियर पढ्न इङल्याण्ड गएको समयमा रोजीका आमा बुबाले विनोदसँग विवाह गरिदिने निर्णय गरेपछि रोजीले मिकेशसँग नै विवाह गर्ने सर्त राखिसकेकी हुन्छिन् । मिकेशले पनि इङल्याण्डबाट फर्केपछि रोजीसँग विवाह गर्ने सर्त राखेको हुन्छ । यस्तो अवस्थामा रोजीले मिकेशलाई बाबुआमाले गरेको निर्णय बदर गराउन एक हप्ता भित्र आफूसँग भेट गर्न आग्रह गर्छिन तर भनेको दिन मिकेश भेट्न नआइपुगेको कारण रोजीले मिकेश, बाबुआमालाई पत्र लेख्दै यो संसारमा कोही कसैलाई धोका नदिने सर्तमा मृत्युलाई अगाल्न पुग्छिन् भने उता मिकेश पत्र पाउन साथ रोजीको खोजीमा आउँदा रोजीले मृत्युवरण गरिसकेको दृश्य मिकेशले प्राप्त गर्दछ ।

### ३.२.५.३. चरित्र चित्रण

**अनविज्ञ विवाहमा लाशहरू** कथाका लेखक सुश्री रोशनी प्रधान हुन् उनले यस कथामा प्रमुख पात्र रोजी हुन् भने गौण पात्रहरूमा मिकेश, विनोद शैली र रोजीका आमा बाबुले कथामा महफ्वपूर्ण भूमिका खेलेको पाइन्छ । निज पात्रहरूले खेलेको भूमिकालाई निम्नअनुसार चर्चागर्न सकिन्छ ।

#### क) रोजी

रोजी यस कथाको प्रमुख पात्र हुन् । उनले आफ्नो बाबुआमाले दिएको केटा विनोदसँग विवाह गर्न अस्विकृत व्यक्त गर्छे र उनले मिकेशसँग विवाह गर्ने विषयमा मिकेश इङल्याण्ड जानु भन्दा अगाडि नै उसको प्रेम प्रस्ताव स्वीकार गर्न पुग्छिन् । मिकेश विदेशमा पढ्न लागेको समयमा विनोदसँग विवाहको कुरा छिनि सकेपछि रोजीले मिकेशलाई धोका नदिने , आफू बाँचेर अर्कोलाई धोका दिनु जीवनको लक्ष्य नभएको भन्दै मिकेशलाई एकहप्ता भित्र रोजीको सम्पर्कमा आउन आग्रह गर्छिन भने बाबुआमालाई पनि छोरीको मनोभाव नबुझिकन विवाहको निर्णय गर्नु आफ्नो कर्तव्य पुरागर्नु मात्र हो भन्दै अन्तिम चिठी लेख्दै मिकेशको अनुपस्थितिमा मृत्युलाई अगाँल्न पुग्छिन् ।

#### ख) मिकेश

मिकेश यस कथाको गौण एवम् सहायक पात्र मानिन्छ । मिकेशले शैलीको घरमा रोजीसँग पहिलो पटक कुराकानी सँगै मन पराएको हुन्छ। उ इङल्याण्ड पढ्न जाने समय अगाडि रोजीलाई आफ्नो जीवनसाथी बनाएको हुन्छ। रोजीले मिकेशको प्रेम प्रस्ताव स्वीकार गरेकी हुन्छिन्। जब मिकेश पढाइको सिलसिलामा इङल्याण्डमा हुन्छ उसलाई एक्कासी रोजीले यदि तिमीलाई रोजी चाहिन्छ भने एक हप्ता भित्र नै तिमी यहाँ आइपुग म तिम्रो प्रतिक्षामा जिइरहेकी छु भनी मिकेशलाई पत्र पठाउने काम गर्छिन । उता मिकेश रोजीको पत्र पाउनासाथ रोजीको घरमा पुगेर खोजी गर्दा रोजीले विषसेवन गरी मृत्युलाई वरण गर्न पुग्छिन्। मिकेश रोजीको लाश बाहेक संसारमा अरूकेही देख्न सक्दैन, उ पागल बन्छ रोजीको कल्पनामा ।

**ग) विनोद**

विनोद **अनविज्ञ विवाहका लाश** कथाको गौण पात्र हो। विनोदले रोजीसँग विवाह गर्ने बिषयमा कुराकानी टुङ्गिएको हुन्छ। तर रोजीको अर्कै केटा मिकेशसँग प्रेममय वातावरण हुर्किएको कारण विनोदले रोजीसँग विवाह गर्नु अगावै रोजीले बिषसेवन गरी प्रेमको खातिर मृत्युबरण गर्न पुग्छिन् ।

**घ) शैली**

शैली यस कथाकी सहायक पात्र हुन् । उनले रोजी र मिकेशको परिचय क्रममा सहयोग पुऱ्याएकी हुन्छिन् भने एक आपसमा प्रेममय बासना समेत बसिसकेको हुन्छ । समग्रमा शैलीले रोजी र मिकेशको भेटघाट तथा वातचितको वातावरण मिलाइ दिने समन्वयकर्ता बनेकी हुन्छिन् ।

**ङ) बाबु आमा**

अनविज्ञ विवाहमा लाश नामक कथाका गौण पात्रहरूमा रोजीका बाबुआमाले महफ्वपूर्ण भूमिका खेलेका छन्। रोजीको विवाहको कुरा विनोदसँग टुङ्गयाउनु रोजीको मृत्युको प्रमुख कारण देखिएको छ । यदि रोजीलाई नै विवाहको निर्णय गर्न दिएको खण्डमा मिकेशसँग नै विवाह गर्ने प्रस्ताव आमाबाबुसँग राख्नसक्ने थिइन् । उता इन्जिनियरिङ अध्ययनको क्रममा इङल्याण्ड पुगेको मिकेश रोजीको खोजीमा छट्पटि गर्दै स्वदेश फिर्ता हुनु पर्ने थिएन । यसरी रोजी, मिकेश र विनोदको यौवनको प्रमुख बाधकको रूपमा आमा बाबुले महफ्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### ३.२.५.४. भाषाशैली

**अनविज्ञ विवाहमा लाशहरू**कथामा सरल एवम् सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ । कथाकार रोशन प्रधानले उपयूक्त प्रकृतिका पात्रहरूको उपस्थित गराएर रोजीको विवाह गर्ने अधिकार केटा छनौट गर्ने अधिकार आमाबाबुले लिए बाट रोजीले मृत्युवरण गर्न पुग्नु ,मिकेश विनोदलाई बज्रपात पर्नु ,जस्ता घटनाले कथावस्तु ओजस्वी भएको मान्न सकिन्छ ।

### ३.२.५.५. दृष्टिबिन्दु

**अनविज्ञ विवाहमा लाश** कथा बाह्य दृष्टिबिन्दुमा संरचित रहेको छ। यो कथाकी प्रमुख पात्र रोजी कथाको सुरूदेखी अन्त्यसम्मकै स्थिर एवम् बद्ध पात्र मानिन्छिन्। उनले बाबुआमाले विनोदसँग विवाहको कुरा छिने तापनि आफ्नो प्रेम पात्र मिकेशलाई विदेशबाट बोलाउनु छोराछोरीको विवाहमा केटाकेटीले अधिकार नपाउनु जस्ता पक्षले घटना निम्त्याइनु जस्ता विषयहरूबाह्य दृष्टिबिन्दु भित्र पर्ने विषय मानिन्छ ।

### ३.२.५.६. उद्देश्य वा सारवस्तु

प्रस्तुत **अनविज्ञ विवाहमा लाश** कथाको मुख्य उद्देश्य भनेको उमेर पुगेका युवायुवतीको विवाह गर्ने क्रममा केटाकेटी रोज्ने अधिकार उनीहरूले नै पाउनु पर्ने , अन्यथा रोजीले बेहोर्नु परेको मृत्यु सिवाय अरूकेही हात नलाग्ने विषयमा बलियो प्रमाण फेला परेको पाइन्छ। यदि रोजीका बाबु आमाले रोजीको जीवन साथी रोज्ने अधिकार दिएको भए मिकेशले रोजीको खोजीमा आफ्नो अध्ययनक्रमलाई रोक्दै छट्पटि गर्दै स्वदेश फिर्ता हुनुपर्ने थिएन। भने रोजीले लेखेको पत्रले रोजीका आमाबाबु लाई सँधै पछुताउन बाध्य बनाउने थिएन ।

### ३.२.५.७. देशकाल परिवेश

यो कथाको परिवेश भनेको रोजीको विवाहको विषयलाई लिएर आमा बाबुले विनोदसँग विवाहको कुरा छिनिदिनु र रोजीले आफ्नो प्रियपात्र मिकेशसँग विवाह गर्ने बाचा बन्धन गर्न पुग्नु मिकेश अध्ययनको क्रममा इङल्याण्ड जानु आदि एक आपसमा विवाहको प्रस्ताव स्वीकार गर्नुले रोजीको मिकेशसँग गहिरो संम्बन्ध भएको विषयलाई पुष्टि गर्दछ। यस्तो अवस्थामा विनोदसँग नै रोजीको विवाह हुने टुङ्गो भए पछि रोजीले बाबुआमाको निर्णय उलङ्घन गर्न नसकी मिकेशलाई यदि तिमी

मलाई चाहान्छौ भने एक हप्ता भित्र मेरो अगाडि उपस्थित हुनु भनी पत्र पठाउँछिन भने बाबुआमालाई समेत छोराछोरीको भावना विपरित निर्णय गर्नु नहुने विषयमा पत्रका माध्यमबाट बाबुआमालाई सन्देश दिन पुग्छिन्। यो कथामा रोजीको विवाहको चहलपहलले वातावरण उल्लासमय भएता पनि रोजीका लागि अँध्यारो कोठा नै प्रिय भएको आफ्नो प्रेमी मिकेशको अनुपस्थितिमा घटना अगाडि बढेको पाइन्छ। विवाह गर्न योग्य युवतीहरूको लागि बाबुआमाले डाक्टर, इन्जिनियर जस्ता हैसियत भएका केटाहरूलाई पनि निर्णय दिने अधिकारबाट बञ्चित भएमा आजको परिवेशमा युवतीहरूले आत्महत्या समेत गर्न पछि नपर्ने विषयलाई कथावस्तुले सन्देश दिन खोजेको छ ।

## ३.२.६. रातले कोल्टो फेरे पछि कथाको विश्लेषण

### ३.२.६.१. शीर्षक सार्थकता

**रातले कोल्टो फेरे पछि** कथाका लेखक राम थापा हुन् । उनले अणुले आफ्नो विद्यार्थी जीवनमा आएका उमङ्गहरूसँग गाउँले युवा युवतीहरूको लहरमा राख्नपुग्छे भने प्राध्यापकले दिएको जीवनको उदाहरण पछि प्राध्यापकको ब्याख्या राम्रो मार्नेकि हुन्छिन्। केही समयमा अणुलाई कलेजको वातावरणले उनलाई सताइरहेको पाउँछिन्। यिनी आफूलाई एक्लो महसुस गर्न पुग्छिन, गम्भिर मुद्रामा सोचिरहन पुग्छिन्, दश थरी कल्पनामा डुब्नपुर्गोकि हुन्छिन्। सन्ध्याले आफ्नो रूप फेरेको समयमा अणुको मनोभावनामा परिवर्तन देखा पर्दछ । एउटा साथीको सहयोग अपेक्षा अणूले गर्नपुग्नु कथावस्तुको सार्थकता देखापर्दछ ।

### ३.२.६.२. कथानक/कथावस्तु

**रातले कोल्टो फेरे पछि** कथामा अणुले जीवनमा भोगेका अनुभूतिलाई देखाउने काम भएको छ। अणूले कलेज जाने क्रममा सन्ध्याले आफ्नो फेरोमा सिन्दुरे लाली पोतेपछि साइकल चढि अगाडि बढ्दछे । यो समयमा उनीले गाउँले युवा युवतीहरूसँग सहभागी भएको ठार्नेकि हुन्छिन् भने जब रातले कोल्टो फेर्छ तव उनका मनोभावनामा परिवर्तन देखा पर्दछ। उनी फुक्का भएर हिड्न खोज्छिन् भने कहिले गाउँले युवा युवतीहरू देख्दा निराश हुन पुग्छिन्। कहिले कलेजमा सहपाठीहरूको झझल्को उनलाई परिरहेको हुन्छ। उनी कहिले हाँसोमा डुबिदिन खोज्छिन् भने कहिले निराशामा अणू धेरै दिन देखिको आफ्नो तिर्सना मेटाउन चाहन्छे। आफ्नै संसारमा दुई जनाको सानो संसारमा भित्र यसरी अणूले आफूलाई शिथिल भएको पाउँछे आफू लाई अपवित्र भएको पाउँछे जसरी पूर्णे पनि औसी ल्याउन रातले कोल्टो फेरे झैं अणूले पनि आफ्नो जीवनमा परिवर्तन गराउन पुगेकी देखिन्छिन् ।

### ३.२.६.३. चरित्र चित्रण

**रातले कोल्टो फेरेपछि** कथाको मुख्य नारीपात्र अणू हुन् । उनले आफ्नो जीवनमा आएको परिवर्तन सँग उनका सोचविचारहरूमा समेत परिवर्तन भएको देखाइएको छ। जसरी सन्ध्याले आफ्नो फेरोमा सिन्दुरे लाली पोति दिएको हुन्छ तर अणुले आफ्नो लालीलाई उसैराख्न सक्दिनन् उनले कलेजको वातावरणले उनलाई कता कता एक्लो भएको पाउछिन् र जीवन साथीको खोजिमा उनी रूमल्लिन पुगेकी छन् । त्यो अवस्थामा उनी भित्र देखापरेका मनोभावनाहरू रातमा भएको परिवर्तन सँगै अणूको जीवनमा समेत परिवर्तन भएको देखाइएको पाइन्छ ।

### ३.२.६.४. भाषाशैली

**रातले कोल्टो फेरेपछि** कथाको विषय सरल एवम सरस शैलीमा प्रस्तुत गरिएको पाइन्छ। अणूको मनोभावनामा देखिएका परिवर्तनलाई उपयुक्त शैलीमा संरचना गरिएको छ । कथामा मिठासपूर्ण शैली प्रयोग भएको पाइन्छ ।

### ३.२.६.५. दृष्टिबिन्दु

**रातले कोल्टो फेरेपछि** कथा बाह्य दृष्टिबिन्दुमा संरचित रहेको छ । अणुले जीवनमा देखापरेका अनुभूतिहरूले कथावस्तुलाई रोचकता प्रदान गरेको छ। सन्ध्याको समयमा लाली पोतिएता पनि अणुका जीवनमा परिवर्तन देखापर्नु ,अनुभूति फरक पर्दै जानुलाई कथाको बाह्य दृष्टिबिन्दु मान्न सकिन्छ ।

### ३.२.६.६. उद्देश्य वा सारवस्तु

**रातले कोल्टो फेरेपछि** कथाको मुख्य उद्देश्य भनेको सन्ध्याले आफ्नो फेरोभरी सिन्दुर लाली पोतेको देखेता पनि अणुको भावनाहरू परिवर्तन हुँदैगएको पाइन्छ। किनभने जीवनको यौवन अवस्थामा एक्लै रहन नसकिने र जीवन साथीको खोजीमा अणु भौतारिन पुगेकी हुन्छिन्। अणुमा धरै दिन देखिको आफ्नो तिर्सना मेटाउन तथा कल्पनाको समय पुरागर्न खोज्नु अणूको अन्तिम इच्छा बनेको हुन्छ । यसरी पूर्णिमा पछिको औंसीको रातले कोल्टो फेरेको हुन्छ ।

### ३.२.६.७. देशकाल परिवेश

**रातले काल्टो फेरे पछि** कथाको परिवेश भनेको अणुले कलेज जाने क्रममा साइकल चढेर जाने गरकी हुन्छिन्। बेलुकाको समयमा सन्ध्याले आफ्नो घेरोमा सिंदुर लाली छाएको हुन्छ । उक्त दृश्यावलोकनले अणूको मनमा धरै प्रकारका अनुभूतिहरू मडारिरहेका हुन्छन । कहिले खुसी त कहिले निराशा भएकी हुन्छिन्। कलेजमा साथी सङ्गीहरूका रमाइला अनुभूतिले उनलाई झस्काउने गर्दछ । यस्तैमा उनी आफू लाई एक्लो साबित गर्न पुग्छिन् । धेरै दिनदेखि पुराहुन नसकेको तिर्सना मेटाउने कार्यमा आफू लाई व्यस्त बनाउँछिन्। मानौ उनी हिजो अस्तिको जस्तो स-साना भाई बहिनीको दिदी बन्न योग्य छैन । उ अब घरमा सबैको अगाडि हाँसखेल गरेर बस्न सक्दिन ।उसले पढाउने कुरानै भुलिसकी आफू लाई अपवित्र सम्झन्छे । उनका अगाडि भोलीका दिनहरूले सबैको अगाडि कोल्टे फेरेको अनुभव अणुले व्यक्त गर्न पुर्गेकि हुन्छिन् जसरी पूर्ण पछि औंसी ल्याउन रातले कोल्टो फेरेको हुन्छ । अणूले आफ्ना मनोभावना हरूलाई कहिले एउटा कोठा भित्र राख्न सफल भएको हुन्छे भने कहिले साइकलमा कलेज जाँदाको समयमा कल्पनाहरूलाई खेलाउन पुग्दछे ।

## ३.२.७. सानी कथाको विश्लेषण

### ३.२.७.१. शीर्षक सार्थकता

**सानी** कथा शीर्षकका लेखक जितेन्द्र महत अभिलाषी हुन्। उनले कथाको शीर्षक सानी राखेर जीवन एक अभिशाप देखि परको एउटा घरमा बस्ने नारी पात्रलाई खडागरि जीवन एक अभिशाप सहर भएको मानवियता र त्यहाँको कु-संस्कार प्रति तिखो ब्यङ्ग्य प्रहार गरेका छन् । त्यसैगरी सानीले आफ्नो जीवन निर्वाह प्रति गरेको व्यवहारलाई आफ्नो आमाले मन पराइ दिएकोमा सानीले यहाँको समाज र स्थिति नै दोषी भएको, सब गल्ती समाजले नै गरेको हुँदा हामीले पिर गर्नु ठीक छैन भनी । धनीले गरिबलाई थिचेका छन्, त्यसैले त यो परिस्थितिको सामना गर्नु परेको भन्दै सानीले आमालाई संम्झाउन खोज्नु कथाको शीर्षक सार्थकता मान्न सकिन्छ ।

### ३.२.७.२. कथानक/कथावस्तु

**सानी** कथाको कथावस्तु जीवन एक अभिशाप सहरको रमाइलो दृश्यबाट सुरूहुँदै त्यहाका मानवहरूको व्यवहारलाई चित्रण गर्न खोजिएको छ । कथावस्तुको मूख्य नारीपात्र सानीले देखेभोगेका मनोभावनाहरूलाई आफ्नी आमालाई सुनाउन पुग्छिन् । यदि सानीले सुन्दरी बनेर यौवनको सौन्दर्यता युवाहरूमा नबाँडि दिने हो भने उनको जीवनरथ मात्र अगाडि बढाउन कठिन हुने ठाउँ अनुसारको व्यवहार गर्नु पर्ने तर्क आमालाई सुनाउछिन् । यस्तो अवस्थामा आमाले सहरमा युवाहरू त मापका हुन्छन् जवानी छउन्जेल त आफ्नो त्यस पछि त? भनि सानीलाई प्रश्न गर्न पुग्छिन् । यसरी आमाको प्रश्न प्रति असहमति व्यक्त गर्दै यो भुल हामीले गरेको होइन यो त समाजले नै गरेको गल्ती हो

हामीले परिस्थिति अनुसार चल्नुपर्छ यहाको स्थिति नै अचम्मको छ । भन्दै आमालाई जति ठिटाहरूको प्रियसी बनेर उनीहरूको मनोभावना पुरा गरायो ,उति हामीहरूको मान इज्जत वढ्दछ भनि सम्झाउँछिन् । यसको साथै धनीहरूले गरिबहरूको गरीरमा पैचो गरिरहेका हुन्छन् यो समाज बदलिसक्यो त्यसैले तपाई पनि आउनुस हामी पनि बदलिनु पर्छ । चाउरी परेको मुखमा पाउढर लगाउनुस् कपाल पछाडि छाडेर सारीमा सजिनुस भन्दै सानी आमालाई उक्साउन थाल्दछे । यदि यहा कोहि कसैको इज्जत छैन भने तपाई हामीले मात्र इज्जत खोजेर हुदैन भनि आमालाई गाली गर्छे । सानी यत्तिकैमा आमालाई व्यथा बढेको हुन्छ सानीले जे गरेर पनि औषधी खर्च जोडेकी हुन्छिन्, आज कस्ले सानीलाई दयाको भिख दिने होला ।

### ३.२.७.३. चरित्र चित्रण

**सानी** कथाका मुख्य चरित्रहरूमध्ये कथाको शीर्षकको नायिका सानीको भूमिका महफ्वपूर्ण रहेको छ भने गौण चरित्रमा आमा देखापर्नु भएको छ । जसको चर्चा तल प्रस्तुत गरिन्छ ।

**क) सानी**

सानी यस कथाको प्रमुख नारी पात्र हुन् । उनले नेपालीको जीवन एक अभिशाप सहरमा बसोबास गर्ने मानवहरूको मानवियता र दानवियताको विषयमा चर्चा गरेकी छन् । उनले नेपाल आमालाई सम्बादकै क्रममा आफ्नो यौवनको अस्मिता बेचेर नै आफ्नो जीवन निर्वाह भएको, यो हुनुमा समाज र परिस्थिति नै दोषी भएकोले आमालाई पीर नगर्न आग्रह गरेकी छन् । यसको साथै विरामी आमाको औषधीखर्च समेत जोहो गर्न सानी पछि परेकी देखिन्नन् ।

**ख) आमा**

आमा **सानी** कथामा उपस्थित भएकी गौण महिला पात्र हुन् । उनले सानी छोरोले गरेको व्यवहारको नजिक बाट दृश्यवलोकल गरेकी हुन्छिन् । यसको साथै छोरीलाई सहरका अल्लारे ठिटाहरूले यौवन सकिएपछि धोका दिन्छन् भनी सम्झाउन पुग्छिन् । आमाले पनि ठाउँ र परिस्थिति अनुसार आफू चल्नु पर्ने यदि यसो नहुने हो भने जीवन धान्न कठिन हुने भएको कारण समाज र परिस्थितिलाई नै दोष दिएकी हुन्छिन् ।

### ३.२.७.४. भाषाशैली

**सानी** कथाको भाषाशैली सरल सरस एवम् सुबोध्य रहेको छ । उपयुक्त स्थानमा आमा छोरीको सम्वाद हुनु कथाको महफ्वपूर्ण पक्ष मानिन्छ । कथाको धेरै ठाउँमा व्याकरणिक चिन्हहरूको प्रयोगले सम्बादलाई गहकिलो तुल्याइदिएको छ । सानी कथाको विषयवस्तुलाई भाषा र शैलीमा मिलाइएको परिपक्कताले कथा वस्तुको गहिराईलाई मर्मस्पर्श गर्न बाध्य पार्दछ ।

### ३.२.७.५. दृष्टिबिन्दु

**सानी** कथा वस्तुमा बाह्य दृष्टिबिन्दुमा संरचित कथा हो । यस कथाको पात्र सानी र आमाको संम्बादमा भने केही ठाउँमा आन्तरिक पक्षहरूसमेत देखा पर्न खोजेको पाइन्छ । यो कथामा सानीले भोगेको कथाव्यथालाई आफ्नी आमा समक्ष राख्नपाउनु कथाको बाह्य दृष्टिबिन्दुको उदाहरण मान्नु पर्ने देखिन्छ ।

### ३.२.७.६. उद्देश्य/सारवस्तु

**सानी** कथाको उद्देश्य भनेको जीवन एक अभिशाप सहरमा जीवन निर्वाह गर्ने युवायुवतीहरूले आफ्नो यौवन अरूलाई लुट्न दिएर पनि बाँच्नु पर्ने बाध्यता आफ्नो आमा समक्ष सानीले प्रकट गरेकी हुन्छे । धनीले गरिबहरूप्रति गरेको यौन शोषणलाई पनि कथामा स्थान दिएको पाइन्छ । सानीले परिस्थिति अनुसार चल्नु पर्ने यो हुनुमा समाज र परिस्थिति नै दोषी भएको कारण

इज्जतकोलागि तपाई हामीले पीर गर्नु ठीक नभएको धारणा राख्न पुगेकी हुन्छिन् । यो कथाको मुख्यउद्देश्य भनेको जीवन एक अभिशाप सहरमा विलासिताको जीवन निर्वाह गर्ने अमानविय मानवहरूको क्रियाकलाप प्रति व्यङ्ग्य गर्न यो कथा सफल देखिन्छ ।

**३.२.७.७. देशकाल परिवेश**

**सानी** कथावस्तु जीवन एक अभिशाप सहरमा बसोवास गर्ने मानवहरूले गरेको व्यवहार केलाउने क्रममा कथाकी मुख्य नारी पात्र सानीले गरेको व्यवहारलाई मुख्य विषय बनाउन खोजेको पाइन्छ । उनले आफ्नो यौवनको सौन्दर्यको कारण सहरमा उनी सबैको आँखामा नबिझ्फाउने बनेकि सबै युवाहरू उनको सौन्दर्यमा भुल्ने गरेको विषयमा सानी की आमाले समेत स्वीकार गरिसकेकी हुन्छिन् । त्यसैले त आमाले सानीलाई तेरो यौवन र सौन्दर्य छउन्जेल त हो नी, सहरका युवाहरू मापका हुन्छन्, सौन्दर्य लुट्छन् तँलाई छाडिदिन्छन भनि सम्झाउँछिन । आमाको कुरामा सानीले असहमति व्यक्तगर्दै यो सबै हुनुमा परिस्थिति, समय र समाजको दोष रहेको भावना व्यक्त गर्न पुग्छिन् ।
यसरी सानी कथामा धनी र गरिब बीचको जीवन निर्वाहका आधारहरूलाई देखाउन खोजेको पाइन्छ । अर्को तर्फ जीवन एक अभिशाप सहरमा बसोबास गर्ने सबै मानवहरूमा मानवियता मात्र छ भन्ने आधार नभएकोले नेपाल आमाका सपुतहरूको व्यवहार आफ्नी छोरी सानीको दिनचर्या हेर्न आमा सफल भएकी देखिन्छिन । कथावस्तु जीवन एक अभिशाप को परिवेशलाई आधार बनाएर अगाडि बढेको पाइन्छ । समय र परिस्थिति अनुसार मानव व्यवहारमा समेत परिवर्तन देखापर्नु कथाको मुख्यसन्देश मानिन्छ ।

## ३.३.अङ्क तिनमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.३.१. गरीर भित्रको कंकाल कथाको विश्लेषण

**३.३.१.१. शीर्षक सार्थकता**

प्रस्तुत कथा **शरीर भित्रको कंकाल्**का लेखक इन्द्रराज भण्डारी हुन् । उनले यस कथाको माध्यमद्वारा नदीको बगरमा मारेर फालिएकी जीन्नुको कंकाल रूपको विषयमा चित्रण गर्न पुगेका छन् । जसकोकारण कथाको विषय वस्तुले सार्थकता प्राप्त गरेको अनुभूति प्राप्त गर्न सकिन्छ ।

**३.३.१.२. कथानक/कथावस्तु**

प्रस्तुत **शरीर भित्रको कंकाल्** कथामा म पात्रको प्रेमको खातिर बनेकी जीन्नुलाई जंगलमा पाताकसी नेल लगाई मुखमा रूमालको बुँझो राखिदिएर मृत अवस्थामा नदीको बगरका फालिएको विषयलाई कथावस्तु मा समावेश गरिएको पाइन्छ । जीन्नुको मासु सकिएको कंकाल रूपमा म पात्रले मासुको प्रतिविन्दु मात्र देखेको हुदैन सौन्दर्य पनि भर्ने बचनबद्धता व्यक्त गरेको पाइन्छ । यति मात्र नभएर जीन्नुको कंकाल रूपमा अब कसरी मासु भरू र पूर्ण शरीरमा ल्याउ मर्ने बेलामा तिमिलाई कति कष्ठ भयो होला, म तिम्रो प्रलाप सुन्न बाँचेको मानिस तिम्रो रूप र सौन्दर्यकै कारण तिमिलाई पापीहरूले हत्या गरे भनि म पात्रले जीन्नुको कंकाल रूपमा सौन्दर्य रूपी शरीर नभरी मर्दिन भने विश्वासकासाथ कथावस्तुको अन्त्य हुनपुग्दछ ।

**३.३.१.३. चरित्र चित्रण**

यस **शरीर भित्रको कंकाल** कथाका पात्रहरूले खेलेको भूमिकालाई निम्न अनुसार चित्रण गर्न सकिन्छ ।

**क) म पात्र**

यस कथाका प्रमुख चरित्रको रूपमा म पात्र नै देखा परेको पाइन्छ । यस कथाको माध्यमबाट म पात्रले जीन्नुको विछोड प्रति खेद प्रकट गरेको पाइन्छ । जीन्नुलाई पापीहरूले अमानविय दण्ड दिएर

जंगलमा लगी हत्या गरी नदीको किनारमा कंकाल रूपमा फ्याँकिदिएको अवस्थामा म पात्रले फेला पारेको पाइन्छ ।

**ख) जीन्नु**

जीन्नु **शरीर भित्रको कंकाल्**कथाकी गौण महिला पात्र हुन् । उनले रूप र सौन्दर्यका कारण म पात्रबाट छुटकारा गराएर पापीहरूले युद्धको क्रममा चरमयातना दिएर मारेर नदीको बगरमा फालिएकी हुन्छिन्, उनको कंकाल रूपी लाश म पात्रले फेलापारी उनको विछोडमा आत्मविलाप गर्दै पूनः जीन्नुको सौन्दर्यलाई कंकाल रूपमा भर्नसकुँ भन्दै म पात्र आत्माविश्वास व्यक्त गर्न पुग्दछ ।

### ३.३.१.४. भाषाशैली

**शरीर भित्रको कंकाल्** कथामा सरल एवम सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ । कथाकार इन्द्रराज भण्डारीले जीन्नुको कंकालरूपी शरीरमा म पात्रद्वारा सौन्दर्यरूपी आकृति प्रदान गर्ने क्रममा आत्मविश्वासले कथावस्तुलाई ओजस्वी बनाएको पाइन्छ ।

### ३.३.१.५. दृष्टिबिन्दु

प्रस्तुत **शरीर भित्रको कंकाल्** कथामा आन्तरिक दृष्टिबिन्दु र जीन्नुको संस्मरणात्मक घटनालाई बाह्य दृष्टिबिन्दुका रूपमा चित्रण गर्न खोजेको पाइन्छ । कथावस्तुमा प्रयुक्त म पात्र र जीन्नुको विछोडको घटनाले उपयुक्तता प्रदान गरेको हुँदा कथामा आन्तरिक एवम बाह्य दृष्टिबिन्दुको परिपाक भेटिन्छ ।

### ३.३.१.६. उद्देश्य एवम् सारवस्तु

**शरीर भित्रको कंकाल** ्विषयक कथाको म पात्रद्वारा जीन्नु नामक प्रेमीका को मृत्युको कारण म पात्रले व्यक्त गरेका छट्पटिहरूले कथामा मुख्य स्थान प्राप्त गरेको पाइन्छ । यस कथाको माध्यमबाट युद्ध तथा द्वन्दको समयमा मृत्युवरण गर्न बाध्य नेपालीहरूले चरम दण्ड ँभोग्न विवश भएको घटनालाई मुख्य आधार बनाउन खोजेको पाइन्छ । यसैगरी जीन्नुको कंकाल रूपी शरीरमा म पात्रद्वारा मासु, सौन्दर्यरूपी शरीर नभरी मर्दिन भन्ने भाव व्यक्त गर्दछ ।

यसै गरी विश्व ब्रम्हाण्ड तौलने नापो बनिसकेको तर मानव मनको तौलको यन्त्र बन्न नसक्दा जीन्नुको विछोडमा रहनु परेको भावहरूलाई कथामा प्रमुख विषय बनाएको छ ।

### ३.३.१.७. देशकाल परिवेश

प्रस्तुत **शरीर भित्रको कंकाल** ्कथालाई लेखक इन्द्रराज भण्डारीद्वारा रचना गरेको पाइन्छ । उनले विश्वको सृष्टि गर्ने क्रममा मानव मनको तौलने यन्त्र निर्माण गर्न नसकेकोमा खेद व्यक्त गरेका छन् । यसै गरी आफ्नी जीवनसंगिनीलाई म पात्र द्वारा विछोड हुनुपर्दा उनी भित्र निस्केको छट्पटीका क्रन्दनहरूले कथा वस्तुमा प्रकट हुन आएको भेटिन्छ । जीन्नुलाई एकान्त जंगलमा लिएर जाने अपराधी हरूले अमानविय तरिकाबाट उनको मृत्यु गराउनु, उनलाई मारेर नदीको तीरमा कंकाल रूपी शरीरका रूपमा छोडी दिनुलाई म पात्रले गरेको खेदपूर्ण अभिव्यक्ति देख्न सकिन्छ । जीन्नुको कंकाल रूपमा मासु भरेर शरीरको पूर्ण सौन्दर्यता प्रदान गर्न म पात्र अघि सरेको पूर्णजीवन दिन नसके कंकाल रूपी शरीरमा आत्मा भने अवश्य भर्नको लागि तयार रहेको तथ्य कथामा प्रष्ट देख्न सकिन्छ ।

## ३.३.२. एउटा नसुतेको रात कथाको विश्लेषण

### ३.३.२.१. शीर्षक सार्थकता

प्रस्तुत **एउटा नसुतेको रात** कथाका लेखक भीमवरिसंह थापा हुन् । उनले प्रस्तुत कथामा एउटा रिक्सा चालक जितेले आफ्नो रिक्सामा साहेबहरू बोक्न नपाएकोमा उसले आफ्नो घरमा आमालाई

भोकै राख्न विवश भएको र आफूले समेत रातभरी नसुतेको घटनाको संस्मरणले कथाको सार्थकता भएको भेटिन्छ ।

### ३.३.२.२. कथानक/कथावस्तु

**एउटा नसुतेको रात** कथामा कथाको मुख्य पात्र जितेले आफ्नो रिक्सालाई नयाँ मोडबाट चलाउने क्रममा बलिया बाङ्गाहरूको अगाडि केही सीप नलागेको हुँदा आफ्नो रिक्सामा धनी साहेबहरूलाई चढाउन असमर्थ भएको कारण जीतले आफ्नो मनमा खेलेका नकरात्मक विषयवस्तुहरूले कथामा मुख्य विषय बनेर आएको छ। जितेले आफ्नो रित्तो रिक्सा घरमा लिएर बेलुका अबेर पुग्ने क्रममा आमाले भनेका क्रन्दन रूपी बचनले जितेलाई मर्माहत पारिदिएको छ । उसले बलिया बाङ्गाहरूले मै खाउँ मै बाँचु भन्नेहरूको अगाडि आफू निर्धो भएकोमा खेद व्यक्त गरेका छन्। आफ्नो रिक्सामा एकजना पुलिस यात्रु चढ्न आएपछि पैसा माग्ने हिम्मत जितेको देखिदैन । जितेले रिक्सा चलाएर आफू र आफ्नी आमाको पेट पाल्ने क्रममा समेत असमर्थ भएकोमा आफू फोहोरी भएर हो की भन्ने प्रश्न गर्न पुग्दछ । बेलुका घरमा फर्कदा रित्तो हात रिक्सा लिएर आउँदा आमालाई छोरो जिते प्रति आक्रोश बढेर आउँछ अनि तलाई मैले अस्ति नै भनेको होइन यो काम तँ नगर भनेर अब त तँलाई मेरो बचन गला लागोस । यी बचन सुनेर जितेलाई मुटुमा भक्कानो फुटेर आयो रातभरी आमा छोरा छट्पटि गर्दै रात काट्न बाध्य भए, आमाले जितेलाई बाबु भोली देखि तँ रिक्सा नचला । जीउलाई ज्यादै सास्ति हुन्छ । यी बचन प्रति जिते एउटा नसुतेको रात उसको कोठामा ठीङ्ग उभिन्छ ।

### ३.३.२.३. चरित्र चित्रण

प्रस्तुत **एउटा नसुतेको रात** कथाका लेखक भीमबरिसंह थापा हुन् । उनले यो कथामा निम्न पात्रहरूको उपस्थिति गराएर कथा वस्तुलाई अगाडि बढाउन सफल देखिन्छन् । जुन पात्रको चरित्र चित्रण निम्नानुसार रहेको छ ।

**क) जिते**

जिते यस कथाको प्रमुख पात्र मानिन्छ । उसले यस कथाको माध्यमबाट एउटा रिक्सा चलाउने काम पाएको हुन्छ । तर उ निर्धो कमजोर र फोहोरी भएको कारण उसको रिक्सामा यात्रा गर्ने साहेबहरू उसले भेट्न सक्दैन बरू बलिया बाङ्गाहरूले नै अवसर प्राप्त गरेका हुन्छन । जसको कारण जितेको घरमा बेलुका आगो नबल्ने अवस्था आइपर्छ भने उसकी आमाले जितेको बाटो हेरेर लामो समय कुर्न बाध्य हुन्छिन् । छोरोको विना उपलब्धि प्रति आमाको आक्रोश घनिभूत भएको पाइन्छ ।

**ख) आमा**

जितेकी आमा यस कथाकी गौण नारी पात्र हुन् । उनले आफ्नो छोरो जितेको उपलब्धि नै आफ्नो जीवन गुजारा गर्न बाध्य भएकी हुन्छिन् तापनि छोरोको आर्जन शुन्यताप्रति खेदप्रकट गर्नु आमाको कर्तव्य देखिन्छ । आमाले समयमा नै जितेलाई रिक्सा चलाउने काम नगर्न भनेकी हुन्छिन् तर छोराले नमानेकोमा अहिले पछुताउन बाध्य भएको भाव व्यक्त गर्छिन । जसको कारण आमा छोरालाई नै रात काट्न कठीन भएको हुँदा छट्पटिनु परेको भाव व्यक्त हुन्छ ।

**ग) काले, हर्के र माने**

**एउटा नसुतेको रात** कथाका गौण पात्रहरूमा काले, हर्के र माने उपस्थित भएका छन् । उनीहरू पेशाले रिक्सा चालक हुन, तर बल र रोड्याइले उनीहरू जिते भन्दा बलवान देखिन्छन् । जसको कारण उनीहरूको रिक्सा खालि दगुर्नु पर्दैन ।

#### ३.३.२.४. भाषाशैली
कथामा भाषाशैली सरल एवम सुबोध्य रहेको छ । उपयुक्त शैलीमा आमा छोराको संम्बाद हुनु, जितेले आफ्नो पेशालाई हिनताबोध भएको ठान्नु, आमाले जितेलाई विगतमा भनेको बचन बिभ्नु र छोराको गहभरि आँशु देखिनु मुटुमा भक्कानो फुट्नु जस्ता घटना क्रमले कथामा प्रयोग भएको भाषाशैली उच्चकोटीको मान्नु पर्ने देखिन्छ ।

#### ३.३.२.५. दृष्टिबिन्दु
**एउटा नसुतेको रात** कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखा परेको छ । कथामा जितेले आफ्नो रिक्सामा यात्रु नभेट्नु अरूको रिक्सा खाली हिड्नु नपर्ने कारण बलवान भएको कुरा जितेले व्यक्त गरेको छ । जसको कारण जितेले आफ्नो घरमा अबेर पुग्नुलाई कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको भेटिन्छ ।

#### ३.३.२.६. उद्देश्य/सारवस्तु
**एउटा नसुतेको रात** कथाको मुख्य उद्देश्य भनेको नेपालको ग्रामीण भेगबाट सहरमा गई रिक्सा चलाउने श्रमिकहरूको दैनिक दिनचर्याको विषयमा उल्लेख गरिएको पाइन्छ । जिते जस्ता श्रमिकहरूले रिक्सा चलाउदा कहिलेकाही रित्तोहात घर फर्कनु पर्ने जसको कारण एक्लो आमाको समेत पेट पाल्नेक्रममा धौ धौ पर्ने विषयलाई कथामा प्रमुखताका साथ स्थान प्रदान गरिएको छ । जिते जस्ता निर्दो र कमजोर अनि फोहोरी भएको कारण उसको रिक्सामा यात्रुहरूचढ्न नआएका आए पनि पुलिस चढ्न आएको तर उससँग पैसा माग्न समेत जितेले हिम्मत गर्न नसकेको बरूएक रात आफ्नी आमा समेत भोक भोकै छट्पटिनु परेको कथा व्यथालई कथावस्तुमा उल्लेख गरिएको छ । अन्तमा जितेकी आमाले व्यक्त गरेको आक्रोशपूर्ण अभिव्यक्तिले जितेलाई पछुताउन बाध्य बनाएको हुन्छ ।

#### ३.३.२.७. देशकाल परिवेश
**एउटा नसुतेको रात** कथाको कथावस्तु नयाँ सडक बाट राजधानीका अन्य ठाउँहरूमा चलाइने रिक्सा चालकहरूले बेहोर्नु परेको कठिनाइलाई कथामा मुख्य विषय बनाइएको छ । कथाको मुख्य पात्र जितेले अरूरिक्सा चालकहरूको दाँजोमा खाली रिक्सा चलाउनु पर्दा उसलाई बलिया बाङ्गाहरूप्रति आक्रोश व्यक्त गरेको पाइन्छ। धनी साहेबहरूले पनि इमान्दार र निर्दोहरूको रिक्सा नचढेर छट्टु र धुर्तहरूले नै रिक्सा चढ्न खोज्नुलाई इमान्दारी नभएको भाव व्यक्त गर्दछन् । यसको साथै बेलुका घरमा रित्तोहात पस्नु परेको मा उनकी आमाको आक्रोशपूर्ण अभिव्यक्तिले जितेलाई झस्का पैदा गर्दछ । आमाको कन्दनसँगै आफू ले एउटी आमालाई समेत बचाउँन कठीन बनेको समयमा आफू ले आफ्नो पेशालाई समेत वितृष्णा व्यक्त गर्दछ । जसको कारण एक रातभरि आमा छोरा छट्पटिमा परेर रात व्यतित गर्न बाध्य हुन्छन् ।

### ३.३.३. त्रिकोण कथाको विश्लेषण
#### ३.३.३.१. शीर्षक सार्थकता
प्रस्तुत **त्रिकोण** कथाका लेखक बिश्वभर प्याकुऱ्याल हुन् । उनले त्रिकोण नामक कथाद्वारा म पात्र नामक नारी पात्रको एक जना पुरूषसँग प्रेम सम्बन्ध स्थापित हुन लागेको तर उसले धोका दिन खाजेको हुँदा उसको प्रतिरोध गर्नु भनेको सङघर्षपूर्ण जीवन हुने एउटा बाटो थियो भने अर्को बाटो भनेको मृत्युवरण गर्न .खोज्नु देखिन्छ । म पात्रले उसको श्रीमतीलाई उनी तिम्री बहिनी हुन् उनी निर्दोष छिन् उनको पाप भोग्न म तयार छु भन्ने अभिव्यक्ति भित्र उनी, उनकी श्रीमती र म पात्र अटाउनुलाई त्रिकोणबाट हेर्न सकिन्छ ।

### ३.३.३.२. कथानक/कथावस्तु

प्रस्तुत **त्रिकोण** कथामा म नारी पात्रले उ पुरूषपात्रबाट धोका पाएको विषयवस्तु समेटिएको छ । उ पुरूष पात्रको स्वार्थको लागि म नारी पात्रले उसको वर्तमानलाई हँसाइ दिनुपर्ने ,उसको लक्ष्यमा आफू पुतली बनी दिनुपर्ने ,आफ्नो भविष्य विगार्नु पर्ने आजीवन असुरक्षित हुनैपर्ने रे यो कस्तो बिडम्वना ए, ऊ म देखि उछिट्टिएर छुटकारा लिनखोजिरहेछ । मेरा अगाडि दुई वटा बाटाहरू अभिसापको रूपमा देखापरेका हुन्छन् । एउटा बाटो घृणा र अपवादहरू लिइ जीवनभरी प्रायश्चित गरी बाँच्नु पर्नेछ भने अर्को बाटो भनेको मृत्यु पछि पनि आफ्नो आत्मालाई विश्वासघात गरेको महापाप स्वीकार गरी छटपटि गर्दै भगवानसँग प्राथना गर्न म नारी पात्र विवश देखिन्छन् । कथाको अन्त्यमा म नारी पात्रलाई धोकाको प्रेम गर्ने उ पात्रले आफ्नी श्रीमतीलाई देखाउदै म पात्रलाई तिम्री बहिनी हुन्, उनी निर्दोषी छिन, उनको पाप कर्म भोग्न म तयार छु । उनी र मलाई छुट्टै विछ्‍याउना तयार पारीदेउ भन्ने अभिव्यक्तिले म पात्रलाई मर्माहत बनाएको छ ।

### ३.३.३.३. चरित्र चित्रण

**त्रिकोण** कथामा प्रयुक्त पात्रहरूमा म उनी र तिमी पात्रहरू रहेका छन् । उनीहरूको कार्यव्यापारलाई निम्नानुसार चर्चा गरिन्छ ।

**क) म पात्र**

**त्रिकोण** कथामा उपस्थित भएकी म नारी पात्र हुन् । उनीले नै कथामा प्रमुख भूमिका खेलेकी छिन् । म पात्रले उ पुरूष पात्रसँग प्रेममा फस्न खोजेकी देखिन्छिन तर उसको अर्कै घरमा श्रीमती भएको कारण म पात्रबाट ऊ पात्र टाढा हुन खोजेको देखिन्छ । जसको कारण म नारी पात्रलाई उ पुरूष पात्रले धोका दिएको देखिन्छ ।

**ख) उ पात्र**

**त्रिकोण** कथामा उ पुरूष पात्र गौण पात्रका रूपमा आएको देखिन्छ । उसले म नारी पात्रलाई धोकापूर्ण प्रेम गरेको हुन्छ । पछि म नारी पात्रबाट टाढा हुन खोजेको हुँदा म पात्रलाई मर्माहत तुल्याइदिन्छ ।

**ग) उ पात्रकी श्रीमती**

**त्रिकोण** कथामा ऊ पात्रको श्रीमती गौण चरित्रको रूपमा देखापरेकी हुन्छिन् । उनको उपस्थितिबाट म नारी पात्रलाई उ पात्रले दिएको धोकाको अनुभूति गरेकी हुन्छिन् ।

### ३.३.३.४. भाषाशैली

**त्रिकोण** कथामा प्रयोग भएको भाषाशैली सरल एवम सुबोध्य रहेको पाइन्छ । म नारी पात्रलाई उ पुरूष पात्रले गरेको धोकापूर्ण प्रेमको कारण म नारी पात्रमा परेको पिंडाको प्रस्तुतिमा उपयुक्त भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

### ३.३.३.५. दृष्टिबिन्दु

**त्रिकोण** कथाका लेखक विश्वभर प्याकुर्‍याल हुन । उनले यस कथामा आन्तरिक एवम बाह्य दृष्टिबिन्दुको प्रयोग गरेका छन् । यस कथामा म नारी पात्रलाई उ पुरूषपात्रले दिएको धोकापूर्ण प्रेम कहानीलाई बाह्य दृष्टिबिन्दुका रूपमा लिइएको छ भने म पात्रका मनमा सलवलाएका उकुस मुकुसहरूलाई उ पात्रले दिएको धोकापूर्ण व्यावहारलाई आन्तरिक दृष्टिबिन्दु मान्न सकिन्छ ।

### ३.३.३.६. उद्देश्य एवम सारवस्तु
प्रस्तुत **त्रिकोण** कथाको प्रमुख उद्देश्य भनेको कुनै पनि महिलाहरूले पुरूषको स्वार्थपरक उद्देश्य पुरा गराउने क्रममा आफ्नो इज्जत र प्रतिष्ठालाई दाउमा राखेर हिड्नु पर्ने तर पुरूषहरूले आफ्नो घरमा श्रीमती भएको अवस्थामा प्रेम गर्न खोज्नु कुनै पनि नारीहरूलाई धोका दिनखोज्नु हो ,यसैले प्रेमगर्ने नारीहरूले समय मै सचेत हुनुपर्ने सन्देश दिएको पाइन्छ । यो त्रिकोण नामक कथावस्तुमा समेत म नारी पात्रले उ पुरूष पात्रसँग प्रेम गर्ने कार्यमा फसेको, पछि उ पुरूष पात्रले आफ्नी श्रीमतीलाई उनी तिम्री बहिनी हुन् । उनी निर्दोर्षी छन् ,उनको पापकर्म भोग्न म तयार छु ,उनी र मलाई छुट्टै विछ्याउना तयार पारिदेउ भन्ने धोकापूर्ण अभिव्यक्तिले म नारी पात्रको मनमा छिया पारेर कथावस्तु टुङ्गिएको हुन्छ । म नारी पात्रलाई मृत्यु र घृणा को सामना गर्न कथावस्तु तयार देखिन्छ ।

### ३.३.३.७. देशकाल परिवेश
प्रस्तुत **त्रिकोण** कथा पुरूषको मायामा बरालिने विभिन्न बिम्बहरूको परिभाषाबाट कथावस्तुको उठान गरिएको छ । म नारी पात्रले उ पुरूष पात्रको व्यावहारलाई गलत दृष्टिकोण बाट व्यक्त गरिएको छ । उ पुरूष पाात्रको उत्तेजनामा हामीहरू उत्तेजित हुनुपर्ने रे? उसको उद्देश्यमा आफू पुतली बन्नुपर्ने, अर्काको भविष्यमा आफू  असुरक्षित हुनुपर्ने सोचाइ म पात्रले व्यक्त गरेकी हुन्छिन् । म पात्रले गरेको प्रेमलाई उ पुरूष पात्रले छुटकारा गर्ने योजना बनाएको हुन्छ यस्तो अवस्थामा म पात्रलाई छट्पटिपरि मृत्युवरण गर्नु उचित ठान्छिन । मृत्यु पछिपनि आफ्नो आत्मालाई विश्वासघात गरेको महापाप स्वीकार गर्दै भगवानको शरणमा पुग्छिन । यास्तो अवस्थामा उ पुरूष पात्र केही बोल्न सक्दैन । धेरैबेर पछि उ पात्रले म पात्रलाई औल्याउदै आफ्नी श्रीमतीलाई बेलीविस्तार लगाउन पुग्दछ । यसरी उ पात्रले गरेको धोकापूर्ण प्रेमको यात्रामा म नारी पात्रले परीक्षा दिन सुरूगरेकी हुन्छिन्, संघर्ष र प्रायश्चित गर्नको लागि ।

## ३.३.४. परिस्थितिको झटारो कथाको विश्लेषण
### ३.३.४.१. शीर्षक सार्थकता
प्रस्तुत **परिस्थितिको झटारो** कथाका लेखक राम के.सी. चौतारे हुन् । उनले यस कथाको माध्यमबाट एउटा साहित्यकारले आफ्नो जीवनयात्रा बर्बाद पारेको नभएर आफ्नो जीवन संगिनीसँग समेत विछोडको सामना गर्नुपरेको अनायसै मन्त्रीवर्गको मानहानी गरेवापत पुलिसको कस्टडीमा पर्नुपरेको घटना तपनले बेहोर्नु परेको हुँदा कथाको शीर्षक सार्थक भएको पाउन सकिन्छ ।

### ३.३.४.२. कथानक एवम कथावस्तु
परिस्थितिको झटारो नामक कथावस्तुमा क्रान्तिमय समयमा शान्तिको अभाव महसुस गर्न नपाइरहेको लेखक तपनका मनभित्र आइरहेका आँधीहरूप्रति केन्द्रित भएको पाइन्छ । तपनलाई क्रान्तिकारी लेख लेखे वापत जेल सजायँ भोगीरहेको हुन्छ । सुरूमा उसले प्रमोदसँग कवि सम्मेलनमा जान अस्वीकार गरेको थियो ।पछि मन्त्रीको उपस्थिति हुने कुराले तपनलाई कार्यक्रममा जाने उत्सुकता थपिएको हुन्छ । कवि सम्मेलनमा अन्धाले सम्मान पाएकोमा तपनप्रति साहित्य रङ्ग संचार भएको पाउँछ । उ आफ्नो साहित्य साधनामा लिप्त हुन पुगेको हुन्छ । उसले आफ्नो खानालाई मात्र होइन आफ्नी जीवनसंगी शशीलाई पनि बिर्सन बाध्य हुन्छ । उ कहिले देवकोटा कहिले भानुभक्त जस्तो बन्ने अठोट गर्दछ । उसको कार्य प्रति आर्जित भएर उनको डायरी समेत च्यात्न शशी पछि परेकि हुन्नन् । जसको कारण शशीले आफ्नो कार्मघरलाई त्याग गरी जन्म भूमिमा बस्ने प्रतिज्ञा स्वरूप माइतमा बस्न बाध्य हुन्छिन् । तपन आफ्नो काव्य साधनामा व्यस्त भएको कारण शशीबाट टाढै रहन बाध्य हुन्छ । उसलाई कविताको नशाले लड्याइ रहेको पाउँछ। शशी आफ्नो पतिको छायाँबाट बन्चित भएकोमा ज्यादै ठूलो चोटपर्न जान्छ । तपन कुनै एकान्तको महसुस भएपछि अवस्य आफ्नो गल्ति स्वीकारेर लिन आउँछन भन्ने सोचमा परेकी हुन्छिन् । तर उनको सोचाई केबल कल्पनाभित्र लुप्त भई दिन्छ । यसरी शशी उदाश देखिन्छीन् । उनको जीवनमा केही

हराएको जस्तो केही गुमाएको जस्तो यस्तै अवस्थामा उनलाई रोगले समात्यो घर परिवारले तपनलाई भिकाए तर पनि तपनलाई पत्निको यस्तो अवस्थामा केही भए जस्तो लागेको थिएन। दिन वित्दै गएपछि एक दिन तपनले आफ्नी शशीको याद आयो उसले आफ्नी श्रीमतीको हत्या आफैले गरेको महसुस गऱ्यो २ थोपा आँशु शशीको नाममा चढायो । उसको जीवनमा फेरि खहरे उर्लिएर आयो । भ्याप्प दाह्री, गनाउने कपडा, भिङ्टिङ्ग परेको शरीर मानौ रूप र यौवन विनाको टेजरी पछिको जीवन बाँच्न बाध्य हुन्छ । उसलाई जेलको सजायँभोग्न उसको क्रान्तिकारी विचारले उद्धत बनाएको हुन्छ उ जेलमा विरामी पर्छ गर उस भित्रको आगोको ज्वाला निभेको हुँदैन ।

### ३.३.४.३. चरित्र चित्रण

प्रस्तुत **परिस्थितिको भ्ऋटारो** नामक कथाका लेखक राम के.सी. चौतारे हुन् । उनले यस कथामा निम्न लिखित पात्रहरूको चयन गरेर कथावस्तु अगाडि बढाउने कार्यमा सहयोग प्रदान गर्नु भएको छ ।

**क) तपन**

तपन यस कथाको सक्रिय पात्रको रूपमा उपस्थित भएको छ । शुरूमा नेपाली भाषा र साहित्यप्रति चासो नभएता पनि विनोद सँगको सम्पर्क र शीशु निकेतनको कवि सम्मेलन पश्चात भने तपन भित्र साहित्य प्रति उत्सुकता बढेर आएको देखिन्छ । यतिसम्मकी तपनले काव्य साधनाको प्रति स्वरूप खाना नभएर जीवन संगी शशीबाट टाढा रहन बाध्य हुन्छ । उ एक दिन न एक दिन लक्ष्मीप्रसाद र भानुभक्त बनेर देखाउन खोज्छ। तर क्रान्तिकारी लेख लेखेवापत उ कठिन कारावासको यात्रा भोग्न विवश हुन्छ । उसको राज्यपक्ष प्रति आक्रोश व्यक्त गर्न पुग्दछ तर उसको सुनुवाई गर्ने पक्ष कमजोर देखिन्छ ।

**ख) विनोद**

विनोद यस **परिस्थितिको भ्ऋटारो** कथाको गौणपात्र मानिन्छ । विनोदले तपनलाई कवि सम्मेलनमा लगेर उत्सुकता जाहेर गरेको छ।

**ग) शशी**

शशी यस कथाकी गौण नारी पात्र हुन् । उनले काव्य साधनाको कारण तपनबाट जति माया र प्रेमको अनुभूति गर्नुपर्ने थियो सो प्राप्त गर्न सकेकी थिइनन् । बरू उल्टै घरबाट निक्लिएर माइत जान बाध्य भइन, तपनको विछोडमा केहीसमय छट्पटि गर्दै अन्त्यमा रोगको सिकार बनिन् । यस्तो अवस्थामा समेत तपनबाट केही चासो नदेखाएको ले उनी सँधै नआउने बाटो तर्फ लागीन ।

### ३.३.४.४. भाषाशैली

**परिस्थितिको भ्ऋटारो** कथामा सरल एवम सुबोध्य प्रकारको भाषाशैलीको प्रयोग पाइन्छ । तपनले साहित्य प्रति देखाएको अगाध आस्था र साधनाबाट शशीको विछोड हुनपुगेको देखिन्छ । अन्तमा शशीको मृत्युलाई तपनले नै गरेको महापाप मान्दै कथा व्यक्त श्रद्धाञ्जली अर्पण गर्ने क्रममा उपयुक्त भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

### ३.३.४.५. दृष्टिबिन्दु

प्रस्तुत कथा **परिस्थितिको भ्ऋटारो** कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । तपनले कविता साधनाप्रति देखाएको भावुकता, शशीले व्यक्त गरेको अनुभूति, शशीको विछोड, तपनको वैराग्यपन जस्ता घटनाहरू कथाको बाह्य दृष्टिबिन्दुका रूपमा देख्न सकिन्छ ।

#### ३.३.४.६. उद्देश्य एवम सारवस्तु
प्रस्तुत **परिस्थितिको झटारो** कथामा कथाको मुख्यपात्र तपनले कथामा खेलेको भूमिकालाई मुख्यविषय बनाउन खोजिएको पाइन्छ । तपनले आफ्नो साहित्यप्रति देखाएको गहिरो साधनाको प्रतिफल आफ्नो खानामात्र नभएर प्रेमीका शशीबाट समेत टाढिनु परेको विषयलाई कथामा उल्लेख गरिएको देखिन्छ । शशीले तपनको डायरी जलाईदिनुले उनीहरूको सम्बन्ध टाढा हुँदै गएर एक दिन शशीले तपनलाई छाडी माइती घरमा शरण लिन जानु परेको शशीको अवस्था दयनीय हुँदै गइ तपनलाई समेत झिकाउदा पनि तपनले शशीको विषयमा मानसिक रूपले सोच्न नसकेको एक दिन शशीको सधैंका लागि विदा भएको विषयले कथालाई वियोगान्त अवस्थामा पुऱ्याएको पाइन्छ । अर्कोतर्फ तपनको जीवनमा समेत खडेरी भित्रिएको देखिन्छ । पत्नी वियोगबाट तड्पिन पुगेको हुन्छ । तपनको जीवनमा भोग्नु परेको समस्याहरूलाई कथामा मुख्य विषय बनाइएको पाइन्छ ।

#### ३.३.४.७. देशकाल परिवेश
प्रस्तुत **परिस्थितिको झटारो** कथाको विषयवस्तुमा तपनले आफ्नो जीवनमा अनुभूति गरेका क्रान्तिमय समयमा शाषक बर्गबाट क्रान्तिकारी लेख लेखेको आरोपमा जेल सजायँ भोग्न विवश बनेको छ । विनोदको आग्रहलाई स्वीकार गर्दै शिशु निकेतनमा भएको कविता बाचन कार्यक्रममा अपाङ्गले पुरस्कृत भएको परिवेशले तपनलाई सफल कवि, कथाकार बन्ने साहित्यिक नशा लागेको हुन्छ । जसको कारण तपन आफ्नी पत्नी शशीबाट टाढा हुन लागेको घटनाक्रमलाई कथामा मूलविषय बनाउन खोजेको हुन्छ । शशीको मृत्युले तपनमा शोकाकुल अवस्थाको सामना गर्दै पागल जस्तो बनेर हिड्नु परेको हुन्छ । कुनै पनि लेखक तथा साहित्यकारहरूमा गहिरो साधना रहने गरेको स्पष्टोक्ति तपनको साहित्य लगानबाट देख्न सकिन्छ । अतित समयमा कुनै पनि लेखक तथा साहित्यकारहरूको लेखमा क्रान्तिकारीता देखिएमा शाषक वर्गबाट दण्डको भागी हुनु परेको प्रसङ्ग कथामा देख्न सकिन्छ । जेलजीवन व्यतित गर्ने क्रममा तपनले भोग्नु परेका कथा व्यथालाई परिस्थितिको झटारो कथामा प्रस्तुत गरिएको छ ।

### ३.३.५. ऐतिहासिक दरवार कथाको विश्लेषण
#### ३.३.५.१. शीर्षक सार्थकता
प्रस्तुत **ऐतिहासिक दरवार** कथा शीर्षकमा नेपालको प्रमुख प्रसाशनिक निकाय सिंह दरवारको आन्तरिक एवम बाह्य गतिविधिका बारेमा लेखकले बुढो मानिस वा सिंहदरवारको पहरेदारको आत्मा संस्मरणलाई कथामा उचित स्थान प्रदान गरिएको देखिन्छ । यसको साथै एक सय वर्ष भन्दा बढी समय सम्म रहेर सिंहदरवारको गतिविधि नियाल्ने बुढाको विचारले कथावस्तुको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

#### ३.३.५.२. कथानक एवम कथावस्तु
प्रस्तुत **ऐतिहासिक दरवार** कथाको कथावस्तु प्रकृतिको सुनसान अवस्थासँगै रातको समयमा विभिन्न परिवेशको सृजना गरी सिंहदरवारको पहरेदारले म पात्रलाई दरवार भित्र पाखुरामा समाउँदै सिंहदरवार भित्रको परिदृश्यको अवलोकन गराउने काम हुन्छ । म पात्रलाई रिसको आवेगमा सिंहदरवारको पहरेदारले आफ्ना अनुभूतिहरू व्यक्त गरेको हुन्छ । सिंहदरवार भित्र सुनिएका चित्कारपूर्ण क्रन्दनहरू, त्यहाभित्र मारिएका हजारौं नेपालीहरूका लाशहरूले बुढा प्रति वितृष्णा पैदा गराएको हुन्छ । यत्तिमात्र नभएर सिंहदरबार भित्र भएका अन्याय अत्याचार ढिला सुस्ती र शोषण जस्ता क्रियाकलापहरूले निमुखा गरिब नेपालीहरूलाई रूवाइ रहेको अनुभूति गर्न बुढा वा पछि परेका छैनन् । बुढाबा को अनुभवमा धेरै वर्ष अघि एउटा खेतमा यसको निर्माण कार्य भएको, विरिसला दासीहरूका बुट र पैतालाहरूले धसिएको दागहरूअझै हेर्न नसकिने अवस्था प्रति बुढाबा को मन दुखेको हुन्छ । तर पछि सपुत नेपालीहरूले जहाँनिया राणा शासनको अन्त्य गर्न क्रान्ति गरेका क्रान्ति सफल भएको राष्ट्रपितालाई साथमा पाई प्रजातन्त्रको आगमन भएको विषयलाई

कथामा प्रमुखता दिइएको छ । त्यति खेरको कठीन दमनको विरूद्धमा पनि परिवर्तन सफल भएकोमा नेपाली जनतालाई साधुवाद दिन पुग्दछन बुढाबा । त्यस समयमा सिंहदरवारमा बस्ने सरकारले जनताको पिर मर्का बुझ्न नसकेको र महत्वपूर्ण धन सम्पती समेत विदेशमा लगेर लुकाएको तथ्यलाई बुढाबा ले लुकाउन सकेको छैनन् । देशको सम्पति विदेशमा लगि विदेशमा रम्नेहरूले देशभक्तिको भावना बिर्सिएको र विदेशी एक टुक्रा रोटीमा आफू बिकेको आरोप बुढाबा लगाउन पुग्छन् । यसैगरि बुढाबाले आफूलाई सिंहको रूपमा तुलना गर्दै अघि यो सिंह पैसामा पनि छापिएको थियो अहिले यो दरवार सबै नेपालीको साझा संस्था भएकोमा खुसी व्यक्त गर्दछन् ।

### ३.३.५.३. चरित्र चित्रण

यस कथामा प्रमुख चरित्रको रूपमा दरवारको पहरेदार बुढो रहेको छ भने गौणपात्रको रूपमा कथाको म पात्र नै देखिएको छ जसको चर्चा तल निम्नानुसार चर्चा गरिन्छ ।

**क) पहरेदार बुढो**

**ऐतिहासिक दरवार** कथामा प्रमुख पात्रको रूपमा सिंहदरवारमा रातदिन पहरा बस्ने बुढोबा उपस्थित भएका छन् । उनले सिंहदरवारमा घटेका घटनाहरूलाई नजिकबाट नियालेका हुन्छन् । त्यहाका गलत क्रियाकलापहरूले उनी मन दुखाउन पुग्छन् भने त्यहाँको अन्याय अत्याचार ढिलासुस्ती र शोषण प्रति चिन्ता व्यक्त गरेका छन्। सिंहदरवारको एकाधिकार जहानियाँहरूबाट तोडिएको सबैको आधिकारिक संस्था भएकोमा उनी खुसी समेत व्यक्त गर्दै कथामा उपस्थित भएका देखिन्छन् ।

**ख) म पात्र**

म पात्र **ऐतिहासिक दरवार** कथाको गौणपात्र मानिन्छ । म पात्रलाई सिंहदरवारको पहरेदारले सिंहदरवार भित्र र बाहिर घटेका घटनाहरूको विवरण दिएको हुन्छ । त्यहाँभित्रको आँशु हाँसो रोदन र क्रन्दनलाई बुढाबाले नजिकबाट नियाली रहनु भएको सिंहदरवार भित्रको गतिविधि गलत भएको अन्याय अत्याचार ढिलासुस्ती र शोषण जस्ता कार्यहरूले सिंहदरवारको गरिमा कमजोर भएको प्रति चिन्ता व्यक्त गरेका छन्। यसको साथै हिजोको सिंहदरवारमा एकाधिकार भएता पनि अहिलेको सिंहदरवारमा सबैको साझा अधिकार भएको विषयमा खुसी व्यक्त गरेको म पात्रले नजिकबाट अध्ययन गरेको हुन्छ ।

### ३.३.५.४. भाषाशैली

**ऐतिहासिक दरवार** कथाका लेखक जितेन्द्र महत अभिलासी हुन् । उनले यस कथामा सरल एवम सुबोध्य प्रकारको भाषाशैलीको प्रयोग गरेको छन् । सिंहदरवारको पहरेदार बुढाबाले सिंहदरवारमा भएका गतिविधिहरूलाई उपयुक्त तौर तरिकाबाट चित्रण गर्नुलाई कथाको उच्चकोटीको प्रयोग मान्नु पर्ने देखिन्छ ।

### ३.३.५.५. दृष्टिबिन्दु

अन्य कथाहरूमा झैं **ऐतिहासिक दरवार** कथामा पनि बाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाउन सकिन्छ । यस कथामा बुढाबाको सिंहदरवार भित्रका गतिविधिहरू लाई कथावस्तुका रूपमा म पात्र समक्ष प्रस्तुत गर्नु बाह्य दृष्टिबिन्दुको उदाहरण मान्न सकिन्छ ।

### ३.३.५.६. उद्देश्य एवम सारवस्तु

**ऐतिहासिक दरवार** कथाको मूख्य उद्देश्य भनेको सिंहदरवारलाई जहानिया शाषनकालमा एकलौटी रूपमा प्रशासनिक कार्यहरू सुचारूहुने क्रममा धेरै अन्याय, अत्याचार, ढिलासुस्ती शोषण जस्ता कार्यहरू हुने गरेको थिए तर पछि देशमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि एकाधिकारको अन्त्य भएर सबै नेपालीहरूको साझा सम्पती बनेको विषयमा कथाको बुढाले व्यक्त गरेका छन् । यसैगरि

सिंहदरवार भित्र हजारौं मानिसहरूको लाशहरूरहेको उनीहरूको रोदनका क्रन्दन रहेका हजारौं युवतीहरूको अस्मिता लुटिएको ठाउँमा विकृतिहरूले भरिएको हुँदा सिंहदरवारको इज्जत र प्रतिष्ठा गुमेको विषयलाई बुढाबाले म पात्र समक्ष राख्न सफल भएका छन् । बुढाबा सिंहदरवारको पहरेदार भएको कारण उनीबाट कुनै पनि विषयमा खोज खबर गरेमा जहानियाँहरू बाट कार्वाही भोग्न विवश हुने हुँदा उनी केही बोल्ने साहस गर्दैनन् ।

### ३.३.५.७. देशकाल परिवेश

प्रस्तुत ऐतिहासिक दरवारको परिवेशमा रातको समयमा मौसममा देखिएको परिवर्तितरूपको चित्रण गरिएको छ। त्यसैगरि सिहदरवारमा एक शताब्दीसम्म पहरेदार भएर रहेको समयमा दरवार भित्र हुने गरेका गलत क्रियाकलापहरू प्रति चर्चा गरिएको पाइन्छ । त्यसैगरि सिंहदरवार भित्र रहेका रङ्गरोगन र त्यहा देखिएका क्रन्दन र रूवाईका स्वरहरूलाई प्रमुख विषय बनाउन खोजिएको देखिन्छ । सिंहदरवार भित्र जंहानिया शाषकहरूबाट हजारौं युवतीहरूलाई जबरजस्ती करणी गर्नखोज्नु, अन्याय अत्यचार, शोषण जस्ता बिकृत्तिहरूले जरो गाडेको ठाउँमा जनता सचेत भई क्रान्ति गरेर देशमा प्रजातन्त्र ल्याई राष्ट्रपितालाई पाएर जनता खुसी भएको विषयलाई समेत प्राथमिकता दिन खोजेको पाइन्छ । प्रजातन्त्र प्राप्ति पश्चात देशमा बनेको काम चलाउ सरकारले जनताका हितमा काम गर्न नसकेको प्रति बुढाबाको चित्त दुखेको छ । त्यसै गरी विगतमा जहाँनियाहरूबाट एकाधिकार जमाउन बाध्य भएको सिंहदरवारमा अन्याय, अत्याचार, ढिलासुस्ति, शोषण जस्ता क्रियाकलापहरू हुने गरेकाले सिंहदरवारको इज्जत माथि प्रश्न उठेता पनि अब त्यो संस्कार हटेर जाओस भन्ने विषयमा कथाकार सचेत देखिएका छन् ।

## ३.४. अङ्क चारमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.४.१. मेरी नजन्मेकी छोरी कथाको विश्लेषण

### ३.४.१.१. शीर्षक सार्थकता

प्रस्तुत **मेरी नजन्मेकी छोरी** कथाका कथाकार भीमवरिसंह थापा हुन् । उनले कथाका प्रमुख म पात्रको परिवारमा छोराहरूमात्र जन्मेका तर म पात्रको पत्नी विनालाई छोरी पाउने रहर हुँदाहुँदै म पात्रले स्थायी बन्ध्याकरण गरेको हुन्छ । वीनालाई एउटी छोरी पाउने आशाले नछोडेको कारण म पात्रले भट्टीपसलमा रहेकी चन्द्रमायालाई नै आफ्नो छोरी बनाउने सपना देखेको कारण मेरी नजन्मेकी छोरी कथा शीर्षक सार्थकता भएको पाइन्छ ।

### ३.४.१.२. कथानक एवम कथावस्तु

कथाको प्रमुख म पात्रले आफ्नो जीवनलाई कलमको टाँचासँग कल्पना गर्नपुग्छ। कलम जसरी मसी हालेर सेतो कागजमा घोटिन पुग्छ आफ्नो जीवन पनि कलम जस्तै भएको कल्पना गर्नपुग्दछ। यसैगरी आफू  माग्ने भएको विषयवस्तु दिएर कथा लेख्न सुरू गर्दछ। उसको समाजले उ जस्ता माग्नेहरूलाई आगोको ज्वालामा दन्दनि बालेर आगो तापेको सपना देख्दछ। कहिले उसको भाइले कोठामा भएको अभावको बारेमा लेखेको हुन्छ त कहिले आफ्नो कथा साहित्यको लेखनलाई म पात्रले अगाडि बढाउने काम गर्दछ। यस्तैमा म पात्रको घरमा छोराहरू हुँदाहुदै म पात्रले परिवार नियोजन गरेको तर म पात्रकी पत्नी विना लाई भने एउटी छोरीको आवश्यकता परेको कारण म पात्रले भट्टीमारहेकी चन्द्रमायालाई नै छोरी बनाउने सपना देखेको हुन्छ। मेरी विनाले पनि यस्तै छोरीको कल्पना गरेको हुन सक्दछ भन्ने सोच म पात्रले गरेको हुन्छ। यसको साथै विनाले बजार बाट नुन, मट्टितल, केराउ, किनेर ल्याउ भन्दा टुपुटुपी अराउँदा मान्ने होस् भन्ने कल्पना म पात्रले गरेको हुन्छ यदि कल्पना गर्दागर्दै म पात्रको कथावस्तु टुङ्गिन्छ ।

### ३.४.१.३. चरित्र चित्रण

**मेरी नजन्मेकी छोरी** कथाको प्रमुख चरित्रको रूपमा म पात्र नै उपस्थित भएका देखिन्छन् भने गौण पात्रहरूमा अन्य चरित्रहरू निम्नअनुसार गर्न सकिन्छ ।

**क) म पात्र**

प्रस्तुत **मेरी नजन्मेकी छोरी** कथाको प्रमुख पात्रमा म पात्र नै उपस्थित भएको छ। म पात्रको आफ्नो जीवन भोगाइका क्रममा सहनु परेका आरोहहरूप्रति चिन्ता व्यक्त गर्दै कलमको संघर्षसँग आफ्नो जीवनलाई तुलना गरेका छन्। आफ्नो परिवारमा छोरीको चाहाना हुँदा हुँदै पनि विनाको इच्छा पुरा गरिदिने कममा म पात्र असफल भएको देखिन्छ । जसको कारण भट्टीपसलमा रहेकी बालिका चन्द्रमायालाई आफ्नो छोरी बनाएर वीनुको काम सघाउनु पर्ने कममा चन्द्रमायालाई आफ्नो छोरी बनाउने कममा कथाको म पात्र सपना देख्न पुग्दछ ।

**ख) विनु**

**मेरी नजन्मेकी छोरी** कथामा नारी पात्र विनु गौणपात्र हुन । उनले म पात्रको पत्नीको भूमिका निर्वाह गरेकी छन्। उनले परिवारमा छोराहरूमात्र भएको र म पात्रले परिवार नियोजनको स्थायी बन्ध्याकरण गरेको हुँदा म पात्रको पत्नी विनुलाई एउटी छोरीको आवश्यकता भएको देखाइएको छ ।

**ग) रणबहादुर**

रणबहादुर कथाको गौणपात्र मानिन्छ। उ म पात्रको कथाको नायक पनि हो रणबहादुरलाई प्रमोसन नदिने क्रममा म पात्र लागिपरेको हुन्छ ।

**घ) काले**

काले यस कथाको गौणपात्र हो । उसको दैनिक पेशा भनेको दाउरा बेचेर जीवनयापन गर्नुरहेको हुन्छ ।

**च) चन्द्रमाया**

चन्द्रमाया यो कथाकी गौणपात्र हुन् । उनी भट्टीपसलमा रहेकी बालिका हुन उनलाई म पात्रले छोरी बनाउन चाहन्छ ।

### ३.४.१.४. भाषाशैली

**मेरी नजन्मेकी छोरी** कथाका लेखक भीमवरिसंह थापा हुन। उनले यस कथामा सरल एवम सरस किसिमको भाषाशैली पाइन्छ, म पात्रले आफ्नो परिवारमा भएको छोरीको अभावलाई भट्टीपसलमा देखा परेकी चन्द्रमायालाई नै छोरी बनाएर राख्ने संकल्प गरेको भाषाशैली उपयुक्त मानिन्छ ।

### ३.४.१.५. दृष्टिबिन्दु

**मेरी नजन्मेकी छोरी** कथामा रहेको कथावस्तुमा बाह्य दृष्टिबिन्दु को प्रयोग भएको पाइन्छ । म पात्रले परिवारमा भएको छोरीको अभावलाई भट्टीपसलबाट चन्द्रमाया लाई ल्याएर बिनुलाई छोरीको माया ममता गर्नुको साथै पसलबाट सामान किन्न पठाउने विषयलाई बाह्य दृष्टिबिन्दु मान्न सकिन्छ ।

### ३.४.१.६. उद्देश्य एवम सारवस्तु

प्रस्तुत **मेरी नजन्मेकी छोरी** कथाको मुख्य उद्देश्य भनेको म पात्रको परिवारमा छोरा छोराहरूमात्र जन्मिएको कारण उनकी पत्नी बीनालाई एउटी छोरीको आवश्यकता परेको कारण म पात्रले भट्टीपसलमा पाइएकी चन्द्रमायालाई आफ्नो घरमा ल्याएर वीनुको छोरीको रूपमा पालनपोषण गर्ने

क्रममा म पात्र सफल भएको पाइन्छ। म पात्रले आफ्नी श्रीमतीको छोरी पाउने आशालाई तोडेर भट्टीपसलकी चन्द्रमाया ल्याएर भएपनि विनुको चाहाना पुरा गर्न खोजेको पाइन्छ । विनुकी छोरी त्यस्ति होस जुनकुरा अराए पश्चात टपटप मान्ने हुनुपर्ने छ । यो कथाको मुख्य उद्देश्य भनेको परिवारमा छोरा छोरा खोज्ने परिवारलाई छोरीको पनि रहरले सताउने गरेको घटनाक्रम लाई उपयुक्त किसिमले चर्चा गर्न खोजिएको पाइन्छ ।

#### ३.४.१.७. देशकाल परिवेश

प्रस्तुत **मेरी नजन्मेकी छोरी** कथामा मुख्य भूमिका म पात्रले निर्वाह गरेको पाइन्छ । उसले कथाको सुरूवात जीवनमा भोग्नु परेका संघर्षहरूको चर्चागर्दै आफ्नो कथावस्तुको सुरूवात गरेको पाइन्छ । आफ्नो जीवन भोगाइलाई कलमले सेतो कागजमा गर्नु परेको घोटाइसँग तुलना गर्न पुगेको हुन्छ । अर्को तर्फ दाउरा बेच्ने कालेको कथा चोक र गल्लि सफा गर्ने मैचाको कथा खोइ भन्दै प्रश्न गर्न पुग्दछ । यसैगरि म पनि माग्ने हुँ, म जस्ता माग्नेहरूलाई मेरो समाजले मेरो आत्मालाई आगोमा जलाइ आगो तापिरहेका थिए म छट्पटि गरि रहेको थिए भनेर म पात्रले अनुभूति व्यक्त गर्दछ । म पात्रले छोराहरूको जन्मपश्चात परिवार नियोजनको स्थायी बन्ध्यकरण गरेको हुन्छ। तर उनकी श्रीमती विनुलाई एउटी सुकुमारी छोरी टपटप काम अराउँदा मान्ने छोरी को कल्पना गरेको हुँदा भट्टीपसलमा रहेकी चन्द्रमायालाई नै आफ्नी छोरी बनाएर राख्ने सपना म पात्रले देखेको हुन्छ । उसको उपस्थितिबाट विनुको छोरी प्रतिको इच्छा पुरा गर्ने विषयमा कथावस्तु समेटिएको छ । घर परिवारमा भएको पारिवारिक समस्यालाई कथामा समेटिएको पाइन्छ ।

## ३.४.२. जीवन कथाको विश्लेषण

#### ३.४.२.१. शीर्षक सार्थकता

प्रस्तुत **जीवन** कथाको उ पात्रले आफ्नी आमाको बृद्ध शरीर र श्रीमतीको रूप र यौवन छाडेर घरको कंगाल रूप हटाउन गोरखा राइफलमा भर्ति हुन पुगेको हुन्छ । जहाँबाट ऊ २ महिनाको विदाको समयमा घर फर्किने क्रममा केही माल वा सुन किनेर घर ल्याउने क्रममा उसलाई रेल स्टेसनमा नक्कली सुन दिएर उ ठगिएको विषयलाई उसको जीवनका सपनाहरू चकनाचुर भएको देखापर्नु शीर्षक सार्थकताभित्र समेटिन पुग्दछ ।

#### ३.४.२.२. कथानक/कथावस्तु

**जीवन** कथाको कथावस्तुमा कथाको मुख्य उ पात्रले भारतीय भूमिमा रहँदा गोरखा राइफलमा भर्ति भएर २ महिना घर फर्कने क्रममा आफ्नो मृत्युलाई पर्खिरहेकी बृद्ध आमाको सपना पुरा गर्ने अठोट लिएको हुन्छ । रूप र सौन्दर्यमा धनी भएर पनि घरको कंगाल रूपबाट ग्रस्त भएकी पत्निको जीवनमा सुख प्रदान गर्ने बाचा बाँधेको हुन्छ । रेलमा उ पात्र, म पात्र सँगै घर फर्कने क्रममा कुराकानी हुन्छ उ पात्रले घरमा फर्कदा रेल स्टेसनबाट सुन खरिद गरी ल्याएको हुन्छ । तर उसको सुन नक्कली भएको जानकारी म पात्रले बताए पछि उ छाँगाबाट खसे जत्तिकै हुन्छ, उ शिथिल हुन्छ, रेलबाट ओर्लन खोज्छ, यस्तो अवस्थामा म पात्रले सान्त्वना दिन थाल्छ, उसको जीवनमा घरको अवस्था र एउटा (व्यापारी) ले उ पात्रलाई नक्कली सुन भिडाएर पठाउँछ । उसको जीवनप्रति देखिएका सहानुभूति हरूलाई म पात्रले नजिकबाट नियाली रहेको हुन्छ । उ जस्तै असङ्ख्य यस्ता युवाहरूको जीवन सम्झे ।

#### ३.४.२.३. चरित्र चित्रण

**जीवन** कथाका लेखक तुलसी न्यौपाने हुन् । उनले यस कथामा निम्न चरित्रहरूको उपस्थिति गराएका छन् । जसलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**क) उ पात्र**

जीवन कथामा प्रमुख भूमिका उ पात्रले खेलेको पाइन्छ । उसले घरको दयनीय अवस्थाको कारण रूप र यौवनमा धनी आफ्नी पत्नि र बृद्ध आमालाई घरमा छाडेर गोरखा राइफलमा भर्ति हुन पुग्दछ । २ महिना विदामा घर फर्कने क्रममा उसले नक्कली सुन किनेर ल्याएको तथ्य म पात्रले बताउँछ । यो घटनाले उ पात्रको होस हवास नै गुम्न जान्छ । उ शिथिल बन्छ । यसरी उ पात्र विदेशी भूमिमा ठगिएको विषयलाई म पात्रले व्यक्तगर्न पुगेको देखिन्छ ।

**ख) म पात्र**

**जीवन** कथामा म पात्र गौण रूपमा देखापरेका छन् उनीले उ पात्रले गरेका गल्ती कमजोरीको विषयमा जानकारी प्राप्त हुन्छ । उ पात्रले नक्कली सुन किनेर ल्याएको विषयले असङ्ख्य अन्य युवकहरू समेत यसै गरि विदेशी भूमिमा ठगिएको विषयलाई प्रमुखताका साथ व्यक्तगर्न पुगेका छन् ।

**ग) आमा**

प्रस्तुत **जीवन** कथामा उ पात्रकी बृद्धा आमा गौणपात्रको रूपमा उपस्थित भएकी छन् । उनले उ पात्रको घरको गरिबी अवस्थाको सामना गर्दै मृत्युलाई पर्खिरहेकी हुन्छिन् ।

**घ) पत्नि**

**जीवन** कथामा उ पात्रकी पत्नि गौण पात्र मानिन्छिन् । उनी रूप र सौन्दर्यमा धनी भएर पनि आफ्नो पतिलाई विदेशी भूमिमा पठाउन बाध्य भएकी हुन्छिन् । यसैगरि घरको दयनिय कमजोर आर्थिक अवस्थाका बाबजुत उनले आफ्नो घर परिवारमा समस्याहरू सँग मुकाविला गरिरहेकी हुन्छिन् ।

### ३.४.२.४. भाषाशैली

प्रस्तुत **जीवन** कथाको भाषाशैली सरल र सरस सुबोध्य प्रकारको पाइन्छ । यसका लेखक तुलसी न्यौपानेले कथाका प्रमुख एवम गौण पात्रहरूको उपयुक्त किसिमको संवादको व्यवस्थापन गर्नुको साथै उ पात्रले विदेशी भूमिमा ठगिनु पर्ने कारणलाई उपयुक्त स्थान प्रदान गर्नु भाषाशैलीको कारण मान्नु पर्ने दखिन्छ ।

### ३.४.२.५. दृष्टिबिन्दु

**जीवन** कथामा महफ्वपूर्ण भूमिका खेल्ने उ पात्रले प्रमुखता पाएको देखिन्छ । किनकि उ पात्रको घरमा भएको अभाव हटाउन गोरखा राइफलमा भर्ति भएर घर आउने क्रममा नक्कली सुन किनेर फस्न पुग्नुलाई बाह्य दुष्टिबिन्दु बाट हेर्न सकिन्छ ।

### ३.४.२.६. उद्देश्य एवम सारवस्तु

प्रस्तुत **जीवन** कथाको मुख्य उद्देश्य भनेको गरिब नेपालीहरू भारतीय भूमिमा गई गोरखा राइफलमा भर्ति भएर घरमा फर्कने समयमा भारतीय व्यापारीहरूबाट ठगिन पुगेको यथार्थ कथाको उ पात्रले बेहोरिएको विषयलाई कथामा देखाइएको छ । यसैगरि उ पात्रको घरमा आमा बृद्ध उमेरको कारण मृत्युलाई पर्खेर बसिरहेको हुन्छिन् भने रूप र सौन्दर्यको धनी उ पात्रकी पत्नी घर परिवारको गरिबीको अभाव सँग मुकाविला गर्न पुगेकी हुन्छिन् । म पात्रले उ पात्रले किनेको नक्कली सुनको शंका गर्दछ । उ पात्रले घर फर्कने क्रममा केही सामान किनेर घर फर्कने योजना अनुसार नक्कली सुन खरिद गरी फसेको विषयलाई कथामा मुख्य विषय बनाउन खोजेको छ । त्यसैगरी नेपाली गरिब परिवारका मानिसहरू रोजगारीको क्रममा विर्देशिने चलन पहिले देखि नै रहेको तथ्य नकार्न सकिन्न् ।

### ३.४.२.७. देशकाल परिवेश

प्रस्तुत जीवन शीर्षकको परवेश भनेको धन कमाउन विदेश गएर गोरखा राइफलमा भर्ति भएर घर फर्कने क्रममा आफ्नी बृद्ध आमा र लोग्नेको बाटो हेरेर बसिरहेकी रूप र सौन्दर्यले भरिएकी श्रीमती लाई २ महिनाको छुट्टि लिएर उ पात्र घर फर्केको हुन्छ । घर फर्कने कममा आफ्नी श्रीमतीको लागि सुन किनेर ल्याउने सोच अनुसार रेल स्टेसनमा सुन किनेर घर फर्कन्छ तर बाटामा म पात्रको भेटघाट हुन्छ । म पात्रलाई विश्वास गर्दछ उसले ल्याएको सुनको डल्लो देखाउँछ तर सुन नक्कली भएको तथ्य म पात्रले भने पछि उ पात्र छाँगाबाट भुईमा खसे बराबर हुनजान्छ । त्यसपछि उसले घरमा रहेकी श्रीमती र बृद्धा आमालाई सम्झेर आफू मुर्ख अभागी भएकोमा धिक्कार मान्न पुग्दछ । यसरी एउटा नेपाली युवकलाई विदेशी भूमिमा ठगिएको हुन्छ । उ रित्तो हात घर फर्कन लाग्दछ । उसकी श्रीमतीले हातमा सुनका बाला बनाइ दिएर लगाइ दिने सपना चक्नाचुर भएर जान्छ । यसरी नै अन्य हजारौं युवाहरू पनि विदेशी भूमिमा ठगिन पुग्ने विषयमा म पात्रलाई शंका पर्दछ ।

## ३.४.३. पुँजी विना केही गर्न सकिदैन कथाको विश्लेषण

### ३.४.३.१. शीर्षक सार्थकता

प्रस्तुत **पुँजी विना केही गर्न सकिदैन** कथाको मुख्य पात्र रहेको मगन्तेलाई उसको शकुसल शारीरिक अवस्था देखेर केही रकम वा सहयोग प्राप्त गर्न नसकेको तर शारीरिक अपाङ्ग भएपछि माग्ने आधार बनेको कथा वस्तुले प्रस्ट्याउन खोजेको पाइन्छ । यसरी कथामा पुँजी विना केही गर्न सकिदैन भन्ने शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.४.३.२. कथानक/कथावस्तु

**पुँजी विना केही गर्न सकिदैन** कथा फ्रान्सेली उपनिवेशकालिन भियतनामी जन जीवनको मार्मिक तथा व्यङ्ग्यपूर्ण कथा रहको छ जुन कथालाई अमृतरत्न तुलाधरले अनुवाद गरेका थिए। प्रस्तुत कथामा एक जना क्षयरोगी मगन्तेले आफ्नो गरीर सकुशल भएको कारण उसलाई सवारी साधनमा आउनेहरूले भीक्षा दिएको तर उसलाई क्षयरोग लागेर कामबाट निकालिनु परेको मागी खानुपर्ने उसको बाध्यतालाई कसैले पनि बुझेका हुदैनन्। कतिपयले त उनलाई स्वार्थी भनेर गाली समेत गर्दथे भने कतिले उसको शिरदेखि पाउ सम्म हेरि उसलाई दिन खोजेको रकम पनि दिदैनथे। बरू जाउ केही काम गरेर खाउ यस्तो अल्छी नबन भनेर हिड्ने गर्दथे। यसै अवस्थामा खोरूण्डो र अन्धाहरूलाई तामाको सिक्का भीक्षा दिन्थे तर मगन्तेलाई भीक्षा प्राप्त गर्नबाट बन्चित थियो, कतिपयले अपाङ्ग हुनुपर्छ भनी गाली समेत गर्दथे । यसै अवस्थामा मगन्ते लठ्ठीको सहाराबाट एउटा वृक्षको छेउमा पुगेर जबर्रजस्ती रूखको हाँगामा चढेर आँखाचिम्ली रूखबाट लडि घाइते हुन पुग्छ । उसको गरीरमा रगतले भिजेको हुन्छ । उसलाई हेर्न धेरै जना आउँछन् उसको दायाँ पाखुरा समेत भाँचिएको हुन्छ । उसलाई बोकेर लैजान्छन् । केही दिन पछि उ फेरी लठ्ठी र टोकरी बोकेर परानो व्यापार आरम्भ गर्छ उसको दायाँ पाखुरा भाँचिएको कारण टोकरी माथी लान सक्दैन् । यो अवस्थामा उसलाई अपाङ्ग होइन भन्ने कसैले आँट गर्न सक्दैनन् । उ एउटा लङ्गडो माथि दया गर्नुहोस। केही खान पाउँ, भन्ने पुकारा गर्दछ । उसलाई तामाका सिक्का टोकरीमा फ्याँकी दिन्छन् । देख्ने यात्रीहरूसमेत चु चु गर्दै खान लागेको केक पनि उसलाई दिन्छन । अब उसलाई जीविका गर्न पुँजी पाइसकेको छ । उसलाई भविष्यमा अर्थको चिन्ता गर्नु पर्दैन ।यसरी जो जसले उसको पिडित अवस्था देख्दथे उसलाई दया नगरी कोही हिड्दैनथे ।

### ३.४.३.३. चरित्र चित्रण

यस कथामा प्रयोग भएका पात्रहरुको भूमिका महफ्वपूर्ण मानिन्छ । जुन पात्रहरूको चर्चा निम्नानुसार गर्न सकिन्छ ।

**क) मगन्ते**

**पुँजी विना केही गर्न सकिदैन** कथाको मुख्यपात्र मगन्ते देखा परेको छ । मगन्तेलाई क्षयरोग लागेको कारण मालिकले कामबाट निकाली दिएका थिए । जसको कारण उसले मागीखानु उसको बाध्यता थियो उ कहिले रोगको कारण अचेत अवस्थामा रही मुखमा फिज निकाल्दथ्यो केही समय पछि उ ठीक देखिन्थ्यो । यस्तो अवस्थामा उसले टोकरी बोकी लठ्ठी टेकेर माग्न हिड्दा पनि उसलाई कसैले पनि केही दिदैनथे बरूगाली खानु पर्दथ्यो, अपाङ्ग भए पो तामाका सिक्का दिनुभनी उसलाई केही गरी खानु भनी सन्देश दिन्थे यो अवस्थामा उ रूखबाट लडि दायाँ हात भाच्चिएर अपाङ्ग बन्यो जसको कारण उसलाई खान र दामको चिन्ता भएको छैन ।

**ख) अन्धी बुढी**

बुढी अन्धी आइमाइ यस कथाकी गौण पात्र हुन् । उनको आँखा नदेखेको कारण सवारीमा आउने यात्रुहरूले उनलाई तामाका सिक्का दिने गरेका हुन्छन् । जसले उनीको जीवन गुजारा हुने गर्दछ ।

**ग) खोरूण्डो केटो**

खोरूण्डो केटो यस कथाको गौण पात्र हो । उ सडकमा बसेर दैनिक मागीखाने उसको पेशा बनेको हुन्छ । उसलाई तामाका सिक्का प्राप्त हुन्छ । बेलुका उसले जम्मा सिक्कालाई संकलन गर्दछ ।

**३.४.३.४. भाषाशैली**

**पुँजी विना केही गर्न सकिदैन** कथाको भाषाशैली सरल एवम सरस प्रकारको देखिन्छ । यस कथाका लेखक एवम अनुवादक गुएनकोगहोआन र अनुवादक अमृतरत्न तुलाधर हुन् । उनले यस कथामा मगन्तेले गरेको भूमिकालाई उपयुक्त तरिकाको सम्बाद को संयोजन गरेको हुँदा कथावस्तु सुबोध्य भएको पाउन सकिन्छ ।

**३.४.३.५. दृष्टिबिन्दु**

**पुँजी विना केही गर्न सकिदैन** कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथाको मुख्यपात्र मगन्तेले खेलेको भूमिकाका कथामा प्रमुखताका साथ अभिव्यक्ति भएको छ । मगन्तेलाई क्षयरोग लागेको कारण मालिकबाट निकालिएको हुँदा मागेर खान बाध्य भएको तर अपाङ्ग भएपछि मात्र उसलाई भीक्षा प्राप्त हुनु बाह्य दृष्टिबिन्दुको प्रयोग भएको मान्न सकिन्छ ।

**३.४.३.६. उद्देश्य एवम सारवस्तु**

प्रस्तुत **पुँजी विना केही गर्न सकिदैन** कथाको मुख्य उद्देश्य भनेको कुनै पनि कारण नभइकन उद्देश्य प्राप्त गर्न सकिदैन भन्नेसँग संम्बन्धित रहेको पाइन्छ । यस कथामा पनि कथाको मुख्य पात्र मगन्तेले आफू  क्षयरोगी भएको कारण मालिकबाट निकालिनु परेको र आफू ले मागी खान बाध्य भएको तर गरीरीक अपाङ्गता नभएको कारण यात्रुहरूबाट दुर्बाच्य भनाई खानु परेकोले मगन्तेले दुःख व्यक्त गरेको हुन्छ । केही समय पछाडि मगन्ते एउटा रूखमा चढी हाँगाबाट खसेर भुइमा लड्न पुग्छ । घाइते भई दायाँ हात समेत भाँचिन पुग्छ । ऊ रगताम्य भएर भिज्दछ उसलाई उपचार गर्न लगिन्छ पुनः ऊ फेरी लठ्ठी र टोकरी बोकेर यात्रुहरूसँग भीक्षा माग्न थाल्छ । यो अवस्थामा उसलाई दयाको भावले जो कोहिले पनि तामाका सिक्का तथा खाने केक समेत दिएर हिड्दछन् । यो समयमा उसलाई पैसाको खाँचो हुँदैन यसरी मगन्तेले आफ्नो जीविका चलाउन पुँजी पाइसकेको हुन्छ । उसको अपाङ्गता नै मगन्तेको पुँजी बनेको हुन्छ । उसले भविष्यमा समेत अर्थको चिन्ता गरेको हुँदैन ।

### ३.४.३.७. देशकाल परिवेश

**पुँजी विना केही काम गर्न सकिदैन** कथा फ्रान्सेली उपनिवेश कालिन समयमा भियतनामी जनजीवनको मार्मिक रूपमा व्यङ्ग गरिएको कथालाई अमृतरत्न तुलाधरले अनुवाद गर्नु भएको छ । यस कथामा एक जना मगन्ते नामको पात्रले सवारी साधनबाट यात्रा गर्दै आउने यात्रुहरूसँग बाट तामाको सिक्का माग्नको लागि टोकरी बोकेर हिडेको हुन्छ । सबैसँग माग्ने काम गर्दछ तर उसको भनाइमात्रले केही पाउँदैन किनकि उसलाई शिरदेखि पाउसम्म हेरेर दिन लागेको भीक्षा पनि दिन खोज्दैनन् । केही गरेर खानु नि भनी बचन बाण प्रहार गर्न पुग्छन्। उसको शारीरिकअवस्थाको विषयमा कोहि कसैलाई जानकारी हुँदैन उसको क्षयरोग भएको कारण मालिकबाट निकालिनु परेको अवस्थाबाट उ मागेर खान बाध्य बनेको यथार्थ कथामा देखाउन खोजिएको छ । मागेर खाने क्रममा पनि यात्रुहरूले तामाका सिक्का प्राप्त गर्न शारीरिकअवस्था नभएको मानिसले केही पनि पाउन नसकेको कारण मगन्तेले आफ्नो गरीरको जोखिम मोलेर रूखको हाँगाबाट खसि गरीरको अङ्ग भाँचिन पुगे पछि उ अपाङ्ग बनेर पूरानो व्यापार स्वरूप माग्ने काममा उसलाई अरूहरूले हेर्ने दृष्टिकोणमा फरक भएको पाउँछ । उसलाई भीक्षादान र खानेकुरा समेत पाउन थाल्छ । उसलाई भविष्यमा समेत अर्थको खाँचो हुँदैन यसरी मगन्तेको शरीरमा चोट लागेको दाँया हात भाँचिनुलाई नै उसको मल पुँजीको रूपमा लिएको पाइन्छ । जसले उसलाई मागी खाने आधार बनेको विषयलाई विभिन्न परिवेशको सृजना गरी कथावस्तु अगाडि बढेको देखिन्छ ।

## ३.४.४. तारा रित्तिएको आकाश कथाको विश्लेषण

### ३.४.४.१. शीर्षक सार्थकता

**तारा रित्तिएको आकाश** कथामा कृष्णकी श्रीमती मालाले कृष्णको मुग्लानमा धनकमाउन गएको समयमा ढुङ्गाले किचेर मृत्यु हुनुले मालाको जीवनमा अन्धाकारले छोपेको देखिन्छ । उनको सोचाइमा आकाशमा चन्द्र सूर्य र ताराहरू नभएको सावित हुनु शीर्षकको कारण सार्थकता भएको पाउन सकिन्छ ।

### ३.४.४.२. कथानक/कथावस्तु

**तारा रित्तिएको आकाश** कथाका लेखका विश्ववल्लभ हुन । उनले यस कथामा गरिबीको ज्वालामा जीवन निर्वाह गर्न बाध्य कृष्णको दयनीय कारूणिक परिवारको अवस्थालाई चित्रण गरेका छन् । कृष्ण धन कमाउन आफ्नी प्राणभन्दा प्यारी श्रीमती मालालाई घरमा छाडी आफू लाहोर पस्दछ । त्यहाँ गएर उसले ढुङ्गा फुटाउने काम गर्दछ । उसले सोचेजति धन कमाउन सक्दैन जसको कारण आफ्नो श्रीमतीलाई समेत पत्र पठाएको हुँदैन । एकदिन कृष्णलाई ढुङ्गाले किचिएर मृत्यु भएको खबर धागोले बाँधिएको पत्र मालाको हातमा पर्दछ । पल्लाघरे कान्छोले कृष्ण मरेको खबर पढेर सुनाएकोले मालालाई ठूलो चोट पर्दछ । यो घटनाले मालालाई आकाशमा तारा रित्तिएको चन्द्र र सूर्य केही पनि नभएको महसुस गर्न पुग्दछिन् ।

### ३.४.४.३. चरित्र चित्रण

**तारा रित्तिएको आकाश** काथाको मुख्य पात्र कृष्ण हो भने सहायक पात्र माला हुन । उनीहरूले कथावस्तुमा खेलेको भूमिकालाई निम्न अनुसार चर्चा गरिएको छ ।

**क) कृष्ण**

कृष्ण **तारा रित्तिएको आकाश**को मुख्य पात्र हो । उसले यस कथाका माध्यमबाट नेपालीहरूको गरिबीको कारण विदेशमा पस्न बाध्य हुनु आफ्नो प्राणभन्दा प्यारी श्रीमती मालालाई घरमा छोडी धन कमाउन विदेशमा गएको समयमा आफ्नो प्राण ढुङ्गाले किचेर मृत्यु हुन्छ । उसको मृत्युले मालालाई शोकाकुल बनाउनुको साथै यो संसार चन्द्र सूर्यविहिन अन्धकारमय बन्न पुग्दछ ।

**ख) माला**
माला यस कथाकी गौण महिला पात्र हुन । उनले नेपालीहरूको गरिबी परिवेशको सामना गर्न पुगेकी हुन्छिन् । यसको साथै धन कमाउन आफ्नो पतिलाई विदेश पठाउने क्रममा कृष्णको मृत्युले मालालाई पतिविहिन बन्न पुगेकी हुन्छिन् ।

**३.४.४.४. भाषाशैली**
प्रस्तुत **तारा रित्तिएको आकाश** कथाका लेखक विश्ववल्लव हुन् । उनले यस कथामा परिस्कृत भाषाशैलीको प्रयोग गरेका छन् । उनले कथालाई सरल एवम सुबोध्य बनाउन उपयुक्त शब्दहरूको प्रयोग गरेका छन् ।

**३.४.४.५. दृष्टिबिन्दु**
**तारा रित्तिएको आकाश** कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यस कथामा कृष्णले महफ्वपूर्ण भूमिका खेलेको छ भने श्रीमती मालाले आफ्नो पतिलाई अगाध माया देखिनु बाह्य दृष्टिबिन्दु मान्न सकिन्छ ।

**३.४.४.६. उद्देश्य एवम सारवस्तु**
**तारा रित्तिएको आकाश** कथाको मुल उद्देश्य भनेको नेपालीहरूको गरिब जनजीवनमा बाँच्न विवश नेपालीहरू धन कमाउन आफ्नो देश छाडेर विदेश जाँदा पनि धन कमाउन नसक्नु बरूविदेशी भूमिमा नै मृत्युवरण गर्न पुग्नुले परिवारमा भोग्नु परेको पींडालाई यथार्थता दिन खोज्नु कथाको मुख्य उद्देश्य मान्न सकिन्छ । कृष्णले नेपालमा रहँदा आफ्नो परिवारलाई कंगालपनले नछोडेको कारण आधा आत्मा खन्याएर माया दिने मालालाई घरमा छाडेर विदेश जान बाध्य हुन्छ । दुवै थरिको आँखाबाट आँशुका थोपा चुहुन्छन् । डाँडा नकाटेसम्म मालाले कृष्णलाई हेरिरहेकी हुन्छिन् । विदेशमा पुगेर पनि कृष्णेले सुखको सास फेर्न पाएको हुँदैन बरू उल्टै मृत्युवरण गर्न पुग्दछ ।

**३.४.४.७. देशकाल परिवेश**
**तारा रित्तिएको आकाश** कथाको पात्र कृष्ण र मालाको पारिवारमा गरिबीको ज्वाला दन्केको हुन्छ । कृष्ण मालाको इच्छा पूरा गराउनको लागि मुग्लान जान बाध्य हुनु, मुग्लानमा ढुङ्गाले किचिएर मृत्युवरण गर्नु जस्ता घटनाहरू यस कथाले समेट्न खोजेको पाइन्छ । धन कमाउने लालसाले आफ्नो जीवन कामको सिलसिलामा विताउन चाहेको देखिन्छ । भने आफ्नी श्रीमती माला अभाव र छट्पटिमा संघर्ष गर्दै विधवा जीवन बिताउन बाध्य भएकी हुन्छिन् । सुरूमा मालाले घरको पारिवारिक अभाव देखा परेको कारण कृष्णले विदेश जाने चाहनालाई मालाले सहमती व्यक्त गर्न पुग्छिन् । सुरूमा २ पात्रलाई छुट्टिन कठिन हुन्छ दुवैको आँखामा आँशु देखिन्छ यति हुँदा हुँदै पनि कृष्ण र मालाको बिचमा विछोड हुन्छ । कृष्ण विदेशमा रोजगारीको लागि जान बाध्य हुन्छ ।

## ३.४.५. किन यस्तो सपना देखिन्छ ? कथाको विश्लेषण
**३.४.५.१. शीर्षक सार्थकता**
प्रस्तुत **किन यस्तो सपना देखिन्छ** कथाका लेखक जितेन्द्र महत अभिलासी हुन् । उनले यो कथाको माध्यमबाट म पात्रले देखेको सपनाका अनुभूतिहरूलाई कथावस्तुमा उतार्न शीर्षक सार्थकता भएको पाइन्छ ।

### ३.४.५.२. कथानक/कथावस्तु

प्रस्तुत **किन यस्तो सपना देखिन्छ** कथाको मुख्यपात्र म पात्रले आफ्नो जीवनका अनुभूतिलाई कथाको विषय वस्तु बनाउन खोजेको छ । कथामा म पात्रको आफ्नो पिठ्युँमा कुनै परिचित हातहरू परेको अनुभव गर्दछ । एक मन त उसले उसलाई पक्रन दयालु मामाहरू आएर बुटनाल र किलाहरूले भक्रन भएर कुटाई खानु पर्ने हो कि करेन्ट लगाएर विचेत अवस्थामा लड्नु पर्ने हो कि भन्ने शंका लिएको हुन्थ्या े। कहिले शरीरमा आएका खटिराहरूलाई शाषकवर्गले दिएको सजायँ भनेर सोच्न बाह्य हुन्थ्यो । त्यसैगरी शरीरमा कोर्राद्वारा लुछिएको मासुको इतिहास, हात गोडामा नेल र हतकडीको पिंडाले हाडमात्र बाँकी हरेको कथा म पात्रले सुनाउन पुग्दछ । त्यसैगरि पुँजीपतिहरूले रोपेको अत्याचारलाई सहन नसक्दा आफ्नो यो गति भएको मैले भोका, नाङ्गा, अशिक्षित पीडित होस हराएका हक अधिकार माग्नुलाई शोषक वर्गहरूबाट म पात्रलाई जेलमा हाले र आपत्तिजनक सजायँ दिएका थिए र जेलबाट राती २ बजे भागेर साथीलाई आफ्ना भनाइहरू सुनाउन आएको म पुनः जेल प्रवेश गर्नु पर्ने छ भन्ने अभिव्यक्ति आउन साथ सारा मानिसमा जोस आइरहेको हुँदा अब तपाई गरिबमारा अन्याय र अत्याचारको घोर विरोध गर्नेछौं भन्ने आक्रोश आउन साथ मिर्मिरे हुन लागेको र उज्यालो हुन लागेको समयमा म पात्रले निन्द्राबाट झल्यास्स बिउझिएको र आफू ले कस्तो सपना देखेछु भन्ने प्रश्न गर्दै कथाले बिट मारेको हुन्छ ।

### ३.४.५.३. चरित्र चित्रण

यस कथाका चरित्र चित्रणहरूमा कथामा भूमिका निर्वाह गर्ने पात्रहरूको महफ्वपूर्ण भूमिका रहेको छ जसको चर्चा तल गरिन्छ ।

**क) म पात्र**

**किन यस्तो सपना देखिन्छ** ? कथामा म पात्रले मुख्य भूमिका खेलेको पाइन्छ । म पात्रले युद्धको समय वा शाषकवर्गहरूले गरिब जनताहरूको हक र अधिकार सुरक्षित गर्ने विषयमा आवाज उठाउँदा म पात्रलाई शाषक वर्गद्वारा जेल सजाय पाएको जेलबाट भागेको जनताका साथ आएको र भगुवाको डरले पुनः जेल फर्कने आदि निर्णय गर्नु म पात्रको मुख्य भूमिका मान्नुपर्ने हुन्छ ।

**ख) किसानहरू**

**किन यस्तो सपना देखिन्छ** ? कथामा किसानहरू गौणपात्रका रूपमा देखापरेका छन् । म पात्रको भेटघाट किसानसँग हुन्छ ।

**ग) जेलर**

जेलर यस कथाको गौण पात्र मानिन्छ । जेलरले म पात्रलाई सजायँ दिनेकाम गर्दछ जसले दिएको सजायँ का चोटहरू म पात्रले अन्य व्यक्तिहरूलाई देखाउने गर्दछ ।

### ३.४.५.४. भाषाशैली

**किन यस्तो सपना देखिन्छ?** कथाको भाषाशैली सरल सरस र सुबोध्य प्रकारको छ । यस कथाका मुख्य पात्र म पात्रले सपनामा व्यक्त गरेको विषयहरू परिष्कृत शैलीमा व्यक्त गर्नु उपयुक्त ठानिन्छ ।

### ३.४.५.५. दृष्टिबिन्दु

**किन यस्तो सपना देखिन्छ** ? कथामा आन्तरिक एवम बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ । कथाका मुख्य म पात्रले कथामा खेलेको भूमिकाले पनि बाह्य दृष्टिबिन्दु कै प्रयोग भनेर ठोकुवा गर्न सकिन्छ ।

### ३.४.५.६. उद्देश्य एवम सारवस्तु
यस कथाको प्रमुख उद्देश्य भनेको शाषकवर्गबाट शोषित गरिब वर्गमाथी गरेको अन्याय र अत्याचारहरू विरोध गरेवापत म पात्र जेलसजाँय भोग्न विवश भएको राती जेलबाट भागेर किसान साथीहरूलाई भेट्न म आएको पछि, जनताबाट आक्रोश बढेको कारण पुनः जेलमा फर्किने बाचा गरेतापनि जनताहरूले फर्कन नदिएको बरू उल्टै म पात्रले निन्द्राबाट ब्यूझिएको प्रसङ्ग कथामा आएको पाइन्छ । यो कथामा शाषक वर्गद्वारा गरिब तथा असहाय जनतामाथि दमन गरी दण्ड सजायँ दिएको विषय उल्लेख गराएको पाइन्छ । विशेष गरी म पात्रले भोगेका दुःखका अनुभवहरूलाई कथामा मुलविषय बनाउन खोजिएको पाइन्छ ।

### ३.४.५.७. देशकाल परिवेश
**किन यस्तो सपना देखिन्छ** ? कथामा कथाका म पात्रले खेलेको भूमिका महफ्वपूर्ण मानिन्छ । कथावस्तुमा कथाकार जितेन्द्रमहत अभिलाषीले विभिन्न प्रकारका बिम्बहरूको प्रस्तुत गरेको देखिन्छ । यसको साथै म पात्रले कारागारमा पाएको सजायँलाई पनि कथावस्तु भित्र अटाएको पाइन्छ । म पात्र जेलबाट राती २ बजे भागेर किसानसँग भेटघाट गरी पुनः जेलघर जाने इच्छा गर्दछ तर अन्यायमा परेको जनताहरूले उसलाई जेलघर जानबाट रोकिदिने काम किसानहरूले गर्दछन् । यही समयमा नै आफ्नो इच्छा अनुसार निन्द्रा पुरा गर्नु पर्दछ । उज्यालो भइ सकेको हुन्छ । उसले सपना देखेको हुन्छ ।

## ३.४.६. सानी जलपरी कथाको विश्लेषण
### ३.४.६.१. शीर्षक सार्थकता
प्रस्तुत **सानी जलपरी** कथा डेनमार्कको प्रसिद्ध लोककथा हो । यो कथा ९० भाषामा अनुवाद गरिएको हुँदा यस कथाकि नायिका कोपेनहेगन बन्दरगाहमा मूर्ति बनाएर राखिएको हुँदा सानी जलपरी कथाको शीर्षक सार्थकता भएको पाइन्छ ।

### ३.४.६.२. कथानक/कथावस्तु
**सानी जलपरी** कथा डेनमार्कको प्रसिद्ध लोक कथा मानिन्छ । यो कथा ९० वटा भाषामा अनुवाद भएको कथाको मुख्य नायिकाको मूर्ति कोपेनहेगन बन्दरगाहमा बनाएर राखिएको देखिन्छ । यस कथाकि प्रमुख नायिका बा कान्छी राजकुमारी जलपरीका रूपमा देखा परेकी हुन्छिन् । राजाका ६ वटी कुमारी छोरीहरूमध्ये कान्छी राजकुमारी अत्यन्त राम्री सुशील कन्या मानिन्छिन् । उनी आफ्नो पतिको ऐश्वर्यशाली महलमा बस्दै अनेक किसिममा आमोदप्रमोद गर्दै त्यहा रमणीय दृष्य हेरेर मस्त भइरहन्छिन् । यो भन्दा फरक सबभन्दा अचम्म त समुद्र बाहिरको दुनियाँको कुरासुन्दा उनीहरू अचम्म मान्दथे । त्यो कौतुहलले उनीहरूलाई कहिले माथी जाउ र सबै रमणीयताको दृष्यावलोकन गरू भन्ने थियो उनीहरूका हजुरआमाको लालन पालनमा राजाका सुकन्याहरू बढी रहेका थिए । जब १५ वर्ष पुगिन्छ तब माथी गएर बाहिरी संसार हेर्न पाइने विषयमा हजुरआमाले जानकारी दिएकी थिइन, ५ वटै कन्याहरू १५ वर्ष पुगिसकेको हुँदा उनीहरूमाथि जाने तल आउने गर्दथे भने कान्छी राजकुमारी उमेर नपुगेकाले माथी जान पाएको थिइनन् । एक दिन उनी १५ वर्ष पुगेपछि उनको पालो आयो माथी जाने, उनका दिदीहरूकोहि रातको चाँदनी तारा मन पराउँथे त कोहि संगीतको धुन, यसै समयमा कान्छी सुकन्याले माथीको दृष्य हेर्ने क्रममा उनको नजर एक जना जन्मदिन मनाउन आएको राजकुमार तर्फ पऱ्यो उनले राजकुमारलाई मोहित भएर हेरिरहिन रातको समयमा हुरि लागेकाले जहाज पानीमा डुब्न आँटेर राजकुमार पिताको महलमा पुग्दछ भन्ने विषयमा उनी खुशी व्यक्त गर्थिन यस्तै जहाजमा गई राजकुमारलाई पौडीद्वारा विहान किनारमा ल्याउन सफल भएर बिचेत अवस्थाको राजकुमारलाई चियाएर हेर्थिन उनी होसमा आउने समयमा अन्य युवतीले उनलाई उठाएर लैजान्छन् । सानी राजकुमारीलाई चिन्ता पर्छ साथीलाई बताउँछिन । राजकुमारको महल पत्ता लगाउछिन । बज्यैले मनुष्य जीवनको जानकारी पाएपछि उनी पनि मनुष्य

जीवन बिताउन चाहन्छिन् । जादुगर्नीको सहयोगबाट उनीको माछाको पँखेटा हटेर खुट्टा बन्न पुग्छन । राजकुमारले कपडा दिन्छन एक अर्कामा घनिष्टता बढ्दै जान्छ एकदिन राजकुमार अर्की राजकुमारिसँग विवाहको प्रस्ताव आउँछ परिसँग जान्छिन, राजकुमारले युवतीको मुख हेर्ने वित्तिकै तिमी नै हौ मेरो ज्यान बचाउने भन्ने शब्द निस्कन्छ भनी उनको साथ विवाह हुन्छ । सानी परीको संसार भष्म हुन्छ । अब उनको मृत्यु हुने भएको कारण जादुगरको भनाई अनुसार राजकुमारको कलेजोको रगत खुट्टामा छर्केको खण्डमा उनी पुर्व जिवित हुने थिइन तर उनले त्यो अवस्था सृजना गरिनन्, किनकि मनुष्यको प्रेममा परेकी मत्स्यकन्या सानी जलपरी अनन्त विलिन भएर गएको कथा रोचक मानिन्छ ।

### ३.४.६.३. चरित्र चित्रण

**सानी जलपरी** कथाका पात्रहरूको भूमिका कथामा सशक्त रूपमा देखापरेको छ । जुन पात्रहरूको भूमिकालाई निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

#### क) सानी जलपरी

**सानी जलपरी** यस कथाकी मुख्यपात्र हुन् । उनी मत्स्यकन्या हुन, उनका ६ दिदी बहिनी मध्ये कान्छी हुन । उनी रूप र सौन्दर्यमा शुशिल मानिन्छिन । मत्स्यकन्याहरू १५ वर्ष पुगे पश्चात माथि गएर बाहिरी वातावरणको मनमोहक दृष्य बाट मुग्ध हुने गर्दथे । त्यसैगरी कान्छि कन्या पनि १५ वर्ष उमेर पुगेपछि बाहिरी वातावरणमा रम्ने मौका पाएकी हुन्छिन् । त्यसै समयमा उनले आफ्नो जन्मदिन समुन्द्रको जहाजमा मनाइरहेको समयमा राजकुमार सँग मोहित हुन पुगिन् जस अनुसार आँधिको कारण जहाज डुब्न लाग्दा कान्छि कन्याले राजकुमारलाई पौडी खेली निकालिदिइन् । राजकुमार होसमा आए अर्की सहयोगीहरूले उनलाई लानेकाम गरे यता सानी जलपरी निराश भइन् राजकुमारको खोजीमा गइन् राजकुमारलाई बचाएकोमा गर्व गर्दै उनीसँग प्रेम गर्न थालिन तर राजकुमारले अर्की राजकुमारिसँग विवाहको प्रस्ताव स्वीकार गरिदिएकाले सानी जलपरीको भोली मृत्यु हुनेभएता पनि मृत्युबाट बच्ने उपाय जादुगरनीले सिकाएता पनि मनुष्यको प्रेममा परेकी मत्स्यकन्या जलपरीले अनन्त विलिन भएर गएको कथावस्तु रोचक मानिन्छ ।

#### ख) राजकुमार

राजकुमार **सानी जलपरी** कथाको गौणपात्र हो । उसको जन्मदिनमा जहाजमा उत्सव मनाउने क्रममा जलपरिसँग प्रेममा बाँधिएको हुन्छ । उसलाई सानी जलपरीले डुबाउन लागेको जहाजबाट पौडी खेली बचाएकी थिइन । जसको कारण मत्स्यकन्या सानी जलपरीले राजकुमारलाई बालुवाको वगरमा ल्याई चेतनशील अवस्थामा आएपछि एउटी युवती र उनका साथीहरूले उठाएर लैजान्छन । सानी जलपरी निराश हुन्छिन् । उनको अभावमा छट्पटि पर्छिन । पछि, साथीहरूको सहयोगबाट राजकुमारसँग भेट गरिन् । राजकुमारले सानी जलपरिसँग प्रेम गरेको हुन्छ । जलपरीले नग्न रूप देखिएकोमा राजकुमारले कपडा उपलब्ध गराउँदछ, पछि राजकुमारलाई छिमेकी देशको राजाको छोरी विवाहको प्रस्ताव भएकोमा राजकुमारीको मुख हेर्ने बित्तिकै तिमी नै हौ मेरो ज्यान बचाउने भन्ने शब्द उच्चारण गऱ्यो र तुरून्त विवाह गर्न राजकुमार सहमत भयो ।

#### ग) बज्यै

यस कथाको गौण महिला पात्र बज्यै हुन् । उनी राजाकी आमा हुन । उनले मत्स्यकन्याहरूको लालनपालन गर्नुको साथै कन्याहरूलाई मार्ग निर्देशन गरेकी थिइन । १५ वर्ष उमेर पुगेपछि कन्याहरू माथि जानसक्ने विषयमा बज्यैले बताएकी थिइन् ।

**घ) जादुगरनी**

प्रस्तुत **सानी जलपरी** कथाकी गौण पात्र जादुगरनी हुन् । उनले मत्स्यकन्यालाई मानव र मानवलाई मत्स्यकन्या बनाउन सक्ने विषयमा जानकारी दिएकी थिइन् ।

**३.४.६.४. भाषाशैली**

प्रस्तुत **सानी जलपरी** कथाको भाषाशैली सरल, सरस एवम सुबोध्य रहेको छ । सानी जलपरी कथाका पात्रहरू सानी जलपरी, राजकुमार, बज्यै र जादुगरनी आदिले कथामा खेलेको भूमिका महफ्वपूर्ण मानिन्छ । यो कथा डेनमार्कको प्रसिद्ध लोककथा हो । यो कथा ९० भाषामा अनुवाद हुनपुग्नु उच्चकोटीको भाषाशैलीको कारण नै मान्नुपर्ने देखिन्छ ।

**३.४.६.५. दृष्टिबिन्दु**

प्रस्तुत **सानी जलपरी** कथाको संरचना बाह्य दृष्टिबिन्दु रहेको देखिन्छ । सानी जलपरी कथाका मुख्य पात्र सानी जलपरी, बज्यै र राजकुमारले खेलेको भूमिकामा समेत बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । सानी जलपरीले राजकुमारलाई बचाउनु, राजकुमारले छिमेकी देशकी राजकुमारीलाई मनपराउनु, सानी जलपरीको १२ बर्षे ध्यान भङ्ग हुनु जस्ता विषय देखापर्नु बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**३.४.६.६. उद्देश्य एवम सारवस्तु**

प्रस्तुत **सानी जलपरी** कथाको मुख्य उद्देश्य भनेको मत्स्यकन्याहरू मध्ये कान्छी कन्या राम्री र शुशिल थिइन । उनी १५ वर्षकी भएपछि माथी जान पाउने अवस्थामा एकजना राजकुमारसँग प्रेममा फसेकी हुन्छिन् । उनी मत्स्यकन्या भएको कारण उनको प्रेम राजकुमारसँग गरिएको हुन्छ । राजकुमारसँग प्रेम गर्ने भएकोले उनीले आफ्नो माछाको पखेटा हराई मानिसको खुट्टा हाल्न उनी सफल भएकी हुन्छिन । पछि छिमेकी देशकी राजकुमारी राजकुमारलाई दिने प्रस्ताव आएपछि राजकुमार र सानी जलपरिसँगै जान्छन् । राजकुमारले अघि मलाई बचाई राख्ने केटी यो नै हो भनि शब्द निकाली राजकुमारी सँग विवाह गर्न राजी भयो भने अर्को तर्फ कथावस्तुलाई काल्पनिक प्रदान गर्ने क्रममा सानी जलपरीलाई छाडिदिने निर्णय गऱ्या । जसबाट उनी अचेत हुन पुगिन् । यदि उनको विवाहको लगनमा राजकुमारसँग विवाह नगर्दा भोलीपल्ट मृत्यु हुनुपर्ने हुन्थ्यो तर उनको मत्स्य रूपमा जान जादुगरको सल्लाह अनुसार राजकुमारलाई छुराले कलेजोको रगत उनको गोडामा लागेमा उनी पुनः आफ्नो पुरानो रूपमा फर्कन सक्ने थिइन तर उनीले त्यसो गरिनन् किनकि मनुष्यको प्रेममा फसीसकेको कारण सानी जलपरी अनन्त विलिन भएर गइन ।

**३.४.६.७. देशकाल परिवेश**

प्रस्तुत **सानी जलपरी** कथाकी मुख्य पात्र सानी कन्या जलपरी हुन्। उनले समुन्द्रको सतहबाट वरपरको वातावरण हेर्दा रमाउने गर्दथिन् । उनको ६ दिदी बहिनीहरूको बज्यै पालनपोषण गरेकी हुन्छिन् । १५ वर्षको उमेर पश्चात उनीहरूमाथि जानसक्ने जानकारी गराएकी हुन्छिन् । कान्छि जलपरी सुशील र सरल थिइन जब उनी १५ वर्ष पुगिन त्यसपछि उनीले बाहिरी वातावरणमा रमाउने गरेको सन्दर्भमा कान्छि कन्याले जन्मत्सव मनाउन जहाजमा आएका राजकुमारसँग प्रेमचक्कर बढेको हुन्छ । जहाज डुब्न लाग्दा सानी जलपरीले राजकुमारलाई पौडीखेली निकालेकी थिइन पछि उनले आफ्नो साथीद्वारा राजकुमारको घर पत्तालगाई आउने जाने गर्थिन उनीहरूको मायाप्रेम बढ्दै गएपछि सानी जलपरीले राजकुमारसँग विहे गरी आफूलाई मनुष्यको रूप धारण गर्न जादुगरनीको सहयोग लिइ मत्स्यकन्याको खुट्टामा मानिसको खुट्टा निस्कन्छ । उनी नग्न अवस्थामा केशले अङ्ग छोपेको हुँदा राजकुमारले कपडा उपलब्ध गराइदिन्छ पछि राजकुमारको छिमेकी देशकी राजकुमारिसँग विवाहको प्रस्ताव आउँछ उनी केटी हेर्न सानी जलपरिसँगै जान्छन् । राजकुमारले

राजकुमारीलाई देख्नासाथ पहिला आफूलाई बचाउने कन्या भनी विवाह गर्न मञ्जुर हुन्छ । उता सानी जलपरीको मृत्युको घडी आइपुग्छ तर आफू  बाँच्ने आधार हुँदाहुँदै पनि आफूले जीवन राजकुमारमा चढाउने काम गर्छिन् । कथाको समाप्त हुनजान्छ । यो कथाको परिवेशमा समुन्द्री देशको प्रसङ्ग आएको छ । एउटी हजुरआमाले ६ वटी कन्या जिम्मा लिएर पालनपोषण गरेकी हुन्छिन् । जादुगरनीले मत्स्यकन्यालाई मानव रूपमा परिवर्तन गर्न जादुगरनी सफल देखिन्छिन् । समुन्द्रमा जाहाज डुब्न जानु केटीले बचाउन सफल हुनु, जहाजमा राजकुमारलाई बचाउन पहल गर्नु जस्ता पक्षहरू कथामा आएका छन् ।

## ३.५. अङ्क पाँचमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.५.१. जीवन एक अभिशाप कथाको विश्लेषण

#### ३.५.१.१. शीर्षक सार्थकता

**जीवन एक अभिशाप** कथाका लेखक राम के.सी. चौतारे हुन्। उनले यस कथाको माध्यमद्वारा दिनेशले घर परिवारमा विताउनु परेको अवस्था ७ दिनको बाटो हिडेर  पढ्नको लागि सामान बोकी जानुपरेको ७/८ कक्षा पढेपछि घरबाट सामल पठाउन बन्दभइ, साथीहरूकहाँ बसी बाँच्न बाध्य भएको पछि बैदारको जागिर खाएर पनि जीविका निर्वाह गर्न मुस्किल परेको मुखियाको प्रमोसनमा समेत अर्केले उछिट्याएको प्रसङ्गले दिनेशको जीवन एक अभिषाप भएको शीर्षक पुष्टि गर्न सकिन्छ ।

#### ३.५.१.२. कथानक/कथावस्तु

प्रस्तुत **जीवन एक अभिषाप** कथाको मुख्य पात्र दिनेश चतुर भएको कारण घरमा राम्रो पढ्नाले जिबाले काठमाडौंमा खाजा सामलसहित पठाउँदछन् । उता दिनेश मेहनतका साथ पढ्दै जान्छ । ७/८ कक्षामा पुगेपछि घरबाट सामल पठाउन छाडिदिन्छन् । यस्तो अवस्थामा दिनेश साथीको डेरामा खान बाध्य हुन्छ । दिन बित्दै जाँदा दिनेशले बैदारको नोकरी पाउँछ मुटु फुटाएर अफिसको काम गर्छ बढी पढाइ भएको कारण मुखियाले राजीनामा दिएको ठाउँमा प्रमोसन हुने आशा राखेको हुन्छ तर हाकिमले अर्कै ज्ञानबहादुरलाई बढुवा गराउँदछ । दिनेश छट्पटि गर्छ उसको काममा जाँगर मरेर आउँछ दिउँसो चिया खान जाँदैन बीरबहादुर आएर सम्झाउने प्रयास गर्छ । भाई हाकिमको घरमा जानुपर्छ घ्यू कुराउनी खुवाउनुपर्छ । तब मात्र प्रमोसन हुन्छ भन्ने जानकारी गराउँदछ । नभन्दै दिनेश पहिलो पटक हाकिम कहाँ जान्छ गेटबाट भित्र पस्दा प्रमोसन हुने ज्ञानबहादुर हाकिमको डल्ला फोर्न लागेको देख्दछ । दिनेश ज्ञानबहादुर र हाकिमदेखि रिसले चुर हुन्छ र हाकिमलाई नभेटी घर फर्कन्छ । पछि अर्को पल्ट हाकिमको सेवा गर्नै पर्‍यो भनी हिम्मतका साथ हाकिमको कोठामा जान गेटमा अनुमति लिई हाकिमको कोठामा चियाएर हेर्दा त ज्ञानबहादुर हाकिमको गोडा मिचिरहेको देख्दा दिनेशलाई नेपालको सरकारी अवस्था छर्लङ्ग देख्न पुग्दछ ।

#### ३.५.१.३. चरित्र चित्रण

**जीवन एक अभिषाप** कथामा कथाका पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । उनीहरूको चरित्रचित्रण लाई निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क) दिनेश**

दिनेश **जीवन एक अभिषाप** कथाको प्रमुखपात्र मानिन्छ । दिनेशले घरमा राम्रै पढेको कारण जिबाले जीवनलाई पढाउन पठाउँछन । तर ७/८ कक्षामा पढ्दा देखिनै उसलाई घरबाट रासन नपठाउँदा साथी कहाँ खाना बाध्य हुन्छ । लामो अन्तराल पश्चात दिनेशले बैदारको नोकरी पाउँछ । अफिसको काममा ज्यान दिएर काम गर्छ । उसको अफिसमा मुखियाले राजीनामा दिन्छ उक्त पदमा बढुवाको लागि हाकिमलाई दिनेशले अनुरोध गर्दछ तर हाकिमले दिनेशलाई प्रमोसन नगरेर ज्ञानबहादुरलाई बढुवा गरिदिन्छ । दिनेश हाकिमसँग रिसाउँछ, हाकिमलाई रिजाउन नसकेको कारण उसको प्रमोशन नभएकोले दिनेश हाकिमको घरमा जान्छ । हाकिमको घरमा जाँदा मुखियामा बढुवा भएको

ज्ञानबहादुरले हाकिमको घरमा डल्ला फुटाउने र हाकिमको गोडा मिचेको दिनेशले देख्छ यसले दिनेशलाई नेपालको सरकारी अवस्थाको चित्रण गर्न सजिलो भएको पाइन्छ ।

**ख) हाकिम**

हाकिम **जीवन एक अभिषाप** कथाको पुरूष गौणपात्र हो । उसले योग्यता र क्षमता मिचेर दिनेशलाई प्रमोसन गर्नुपर्नेमा हाकिमको घरमा गई डल्ला फुटाउने हाकिमको गोडा मिच्ने जस्ता चाकरीको कारण ज्ञानबहादुर प्रमोसनमा परी बैदारबाट मुखियामा बढुवा हुनपुग्छ । हाकिमले दिनेशलाई अर्को पटकमा प्रमोसन गरिदिने बचन दिए पनि हाकिमको व्यवहार भने फरक देखिन्छ । हाकिमको विभेदकारी कामले गर्दा सरकारी काममा चाकरी प्रथा हावी भएको कुरा दिनेशले अनुभूति गरेको पाइन्छ ।

**ग) बीरबहादुर**

बीरबहादुर **जीवन एक अभिषाप** कथामा देखापरेको गौणपात्र हो । उसले दिनेशले  दिउँसो चिया नखाएकोमा दिनेशको कानमा आएर भाई तिमीले हाकिमलाई रिजाउन नसकेकाले प्रमोसन हुन नसकेको विषयमा जानकारी गराउँदछ र हाकिमको घरमा जान आग्रह गर्दछ । ऊ रिटायर जीवन बिताउन लागेको कर्मचारी पनि हो ।

**घ) ज्ञानबहादुर**

ज्ञानबहादुर यस कथाको गौणपात्र अन्तर्गत पर्दछ । उसले अफिसमा बैदारबाट मुखियामा प्रमोसन हुने क्रममा सफल हुन्छ । उसले हाकिमको घरमा आइपरेका कामहरू गर्नुको साथै हाकिमको गोडा मिच्न समेत पछि परेको हुदैंन । जसको कारण उसले हाकिमको विश्वास पात्र बन्न सफल देखिन्छ ।

**३.५.१.४. भाषाशैली**

**जीवन एक अभिषाप** कथाको भाषाशैली सरल सरस एवम सुबोध्य प्रकारको पाउन सकिन्छ । कथाका पात्रहरूको कार्यव्यापारलाई उपयुक्त ढाँचामा प्रस्तुतीरकण गर्न खोज्नु दिनेशको मनोदशालाई चित्रण गर्न उपयुक्त परिवेशहरूको संयोजन गर्नुले नै जीवन एक अभिषाप कथाको भाषाशैली उच्चकोटीको थियो भन्ने स्पष्ट हुन्छ ।

**३.५.१.५. दृष्टिबिन्दु**

**जीवन एक अभिषाप** कथाको कथावस्तु बाह्य दृष्टिबिन्दुमा सरंचना गरिएको पाइन्छ । कथाको मुख्यपात्र दिनेशले खेलेको भूमिका तथा हाकिमले गरेको विभेदपूर्ण व्यवहारको क्रियाकलापलाई समेत बाह्य दृष्टिबिन्दुको उपज मान्न सकिन्छ ।

**३.५.१.६. उद्देश्य एवम सारवस्तु**

प्रस्तुत **जीवन एक अभिषाप** कथाको मुख्य उद्देश्य भनेको सरकारी कार्यालयमा काम गर्ने कर्मचारीहरूले हाकिम रिजाउन घ्यू, कुराउनी तथा व्यक्तिगत काम गरेर भएपनि प्रभावित पार्ने प्रचलन पहिलेदेखि नै हुँदै आएको देखिन्छ । अर्को तर्फ अध्ययनको क्रममा छोरा - छोरी पढाउन ६/७ दिनको बाटो हिडेर सामल सहित राजधानी पठाउने प्रचलन रहेको विषयमा दिनेशले बेहोर्नु परेको कथाव्यथालाई कथामा मूल विषय बनाउन खोजिएको पाइन्छ । त्यसैगरि नाती नातीनाको शिक्षा दीक्षाप्रति बाजेको चासो देखाएको विषयलाई राम्ररी देखाउन खोजिएको पाइन्छ । कथामा मुखियाको पदमा प्रमोसन हुनको लागि योग्यता, क्षमता र इमान्दारिता जस्ता विशेषता दिनेशमा हुँदाहुँदै पनि ज्ञानबहादुरको हाकिमलाई रिजाउने चाकरीपनले प्रमोसनको अधिकार ज्ञानबहादुरको

पक्षमा भएको विषयलाई लेखकबाट छिपाउन खोजेको देखिँदैन । यसरी जीवन एक अभिषाप कथाले कथाको मुख्यपात्र दिनेशको कार्यशैली र हाकिमको विभेदपूर्ण व्यवहारले सरकारी कार्यशैलीको स्पष्ट चित्रण गर्ने कार्यमा सफल देखिन्छ ।

#### ३.५.१.७. देशकाल परिवेश

**जीवन एक अभिषाप** कथाको परिवेश ग्रामीण जनजीवनमा दिनेशको घर परिवारको अवस्थालाई लिइएको पाइन्छ । यसैगरी दिनेशको चतुरताका कारण सहरमा पढ्न जाने अवसर दिनेशको अभाव ग्रस्त अवस्था जीवन धान्न गर्नु परेको अवस्था बैदारमा जागिर भेटेपछि दिनेशको कार्यशैली र हाकिमलाई रिझाउन नसकेको कारण ज्ञानबहादुरले मुखियाको खाली पदमा प्रमोशन हुनु जस्ता विषय जल्दाबल्दा रूपमा देखा परेका छन् । त्यसैगरी दिनेशलाई पढ्ने क्रममा सामल खाजा सहित सहरमा पठाएको र दिनेशको हजुर बुबाले दिनेशको भविष्य निर्माणमा विशेष चासो दिएको विषयलाई कथामा स्थान दिइएको पाइन्छ । हाकिमको घरमा ज्ञानबहादुरले डल्ला फुटाउनु, हाकिमको गोडा मिचिदिनु जस्ता कार्यहरूले दासताको उदाहरण प्रस्तुत गरिएको पाइन्छ । त्यसैगरी विगत समयमा पनि योग्यता र क्षमता भन्दा चाकरिवादले नै प्रमुखता पाएको विषय कथामा मुख्य विषय बनेर आएको छ ।

### ३.५.२. रहस्यमय कथाको विश्लेषण

#### ३.५.२.१. शीर्षक सार्थकता

प्रस्तुत **रहस्यमय** कथाका लेखक बासु रिजाल हुन । उनले कथामा प्रमुख भुमिका निर्वाह गर्ने मदनलाई  अपरिचित युवतीको फोनले चकित पारिदिएको विषयवस्तुलाई रोचक पारामा प्रस्तुत गरी जीवनकै रहस्यमयता प्रकट गरेकोले शीर्षक सार्थकता प्राप्त गरेको छ ।

#### ३.५.२.२. कथानक/कथावस्तु

**रहस्यमय** कथाको प्रमुख पात्र मदनलाई मिठो र मसिनो स्वरले कानमा परेको हुन्छ । टेलिफोनबाट आएको एउटी अपरिचित युवतीले म अम्विका क्या अस्ति हामीसँगै सिनेमा हेर्न गथ्यौं नि म त्यही अम्विका भएको जानकारी मदनलाई दिन्छे तर मदन सिनेमा हेर्न जाँदा आफ्नी श्रीमती बाहेक अन्य कुनै श्रीमती वा नारीहरू नभएकोले मदनलाई चिट्चिट् पसिना आउँछ । उसको रक्सीको नसाले लट्याउँछ । अम्विका नामकी युवती सिनेमा हेर्न गएकै हुँदैन त्यसैले उसलाई साँचो कुरा बोल्न गाह्रो मान्छ । उसले देखेका अम्विका र स्वरमा सुनिएका अम्विकामा तुलना गर्नपुग्छ । केटी अम्विकाले भक्तपुरमा डुल्न गएको कस्तो बिर्सिएको भन्दै मदनलाई सम्झन आग्रह गर्छिन, तर उसले पुरा नाम बताउन आग्रह गर्दा म जीवन एक अभिषापवाट स्वीकार गर्नुहोस प्लीज भन्छिन् । यतिन्जेलसम्म मदनले अपरिचित युवतीले के भनी होली अब म अम्विका नामकी युवतीले के भन्छिन भन्ने भाव बुझ्न वास्तविकताको खातिरकेही त भन्नोस भनि आग्रह गर्दा यहासँग कुरा गर्न मन लागेकोले भनी फोन राखेको हुन्छिन । यस्तो अवस्थामा मदनले उक्त युवतीको विषयमा विभिन्न तर्क गर्दै उनको नैतिकता र आफ्नो छलको विषयमा सोध्न पुग्दछन् अन्तमा उसको मनले मायाको खातिर फोन गरेको सम्झी बेसै भयो त म फसिन भन्दै चित्त बुझाउँछन ।

#### ३.५.२.३. चरित्र चित्रण

**रहस्यमय** कथामा प्रमुख चरित्र मदन रहेको छ । उसलाई मोवाइलमा टेलिफोनबाट आएको अपरिचित अम्विकाको स्वरले झस्का पारी दिएको छ । अस्ति सिनेमा हेर्न सँगै गएको क्या भन्दै मदनलाई मानसिक डर देखाउने निम्न पात्रहरूको तल चर्चा गरिएको छ ।

**क) मदन**

मदन यस **रहस्यमय** कथाको प्रमुख पात्र हो । उसलाई अपरिचित अम्विका नामकी युवतीको फोनले प्रभावित पारेको हुन्छ । अस्ति सँगै सिनेमा हेर्न गएको क्या भक्तपुरमा सँगै यात्रा गरेको बिर्सनु भएको भन्दै मदनलाई अम्विकाले भनेकोमा आफैभित्र डर पैदा हुन्छ । केही सीप नलागेपछि उनको वास्तविकता बुझ्न प्रयास गर्दै किन फोन गर्नुभयो भनी मदन अम्विकालाई प्रश्न सोध्न पुग्छ । उनले यहाँसँग कुरा गर्न मन लागेकोले राखिदिउँ है भनी फोन राख्न पुग्छिन् । यसले मदनलाई मायाको कारण नै भए बेसै भयो म फसिन भन्ने अभिव्यक्ति मदनले दिन्छ ।

**ख) अम्विका**

अम्विका **रहस्यमय** कथाको गौण महिला पात्र हुन । उनले मदनलाई टेलिफोनद्वारा मानसिक रोगी बनाउने प्रयत्न देखिन्छ । अस्ति सिनेमा हेर्न गएको क्या भक्तपुरमा सँगै यात्रा गरेको भनाइले मदनलाई नखाएको रक्सीले मात हुन पुगेको छ । यसरी एउटा अपरिचित अम्विकाको स्वरले मदनलाई झस्का दिने कार्यमा कथावस्तु सफल देखिन्छ ।

### ३.५.२.४. भाषाशैली

**रहस्यमय** कथाका लेखक बासु रिमाल यात्री हुन । उनले यस कथामा सरल र सरस किसिमको भाषाशैलीको प्रयोग गरेका छन् । मदनलाई अपरिचित अम्विकाले गरेको टेलिफोन कुराकानीलाई रोचक पारामा प्रस्तुत गर्नखोज्नु उच्चकोटीको भाषाशैली नै मान्नु पर्ने देखिन्छ ।

### ३.५.२.५. दृष्टिबिन्दु

प्रस्तुत **रहस्यमय** कथा बाह्य दृष्टिबिन्दुमा रचना गरिएको कथा हो । यस कथामा प्रयुक्त पात्र मदन र अपरिचित नारी पात्र अम्विकाको बिचमा भएका कुराकानीले कथालाई रोचक बनाएको छ भने मदनलाई कल्पना लोकमा फर्कन बाध्य बनाएको छ त्यसैले यो कथामा दृष्टिबिन्दु बाह्य रहेको पाउन सकिन्छ ।

### ३.५.२.६. उद्देश्य एवम सारवस्तु

प्रस्तुत **रहस्यमय** कथाको मुख्य उद्देश्य भनेको टेलिफोन सेवामा देखिएको विकृति नै मान्नु पर्ने हुन्छ । किनभने अपरिचित व्यक्तिहरूले अनायस नै मानसिक रूपमा पुऱ्याएको बिचलनलाई मदनले बेहोर्न पुगेको देखिन्छ । अपरिचित अम्विकाले मदनलाई मायाको खातिर अस्तिको सिनेमा हेर्न गएको प्रसङ्ग र भक्तपुरको यात्रा संस्मरण गरेर बोल्न बाध्य बनाएको हुन्छ । यस्तो अवस्थामा मदनले अम्विकालाई नैतिकता र आफ्नो छल गर्न आएकी नारी हुनकि भनी सम्झना गर्दछ अन्तमा मायाकै खातिर रहेछ भने पनि बेसै भयो म फसिन भन्न पुग्दछ ।

### ३.५.२.७. देशकाल परिवेश

**रहस्यमय** कथामा मदन र अपरिचित अम्विकाको कुराकानीको विषयवस्तु समेटिएको पाइन्छ । मदनलाई अम्विकाले अस्ति सिनेमा हेर्न गएको र भक्तपुरमा सँगै यात्रा गरेको विषयले मानसिक छट्पटि पारेको हुन्छ किनभने आफ्नी श्रीमतीसँग सिनेमा हेर्न गएको तर अन्य नारी नभएको विषयमा सोच्न बाध्य हुन्छ । त्यसपछि अम्विकाले म जीवन एक अभिषापबाट बोलेको क्या भन्ने आवजले मदनलाई शंका उत्पन्न गरिदिन्छ र अम्विकाको फोन उठाइ वास्तविकता बुझ्ने प्रयास गर्दछ । अम्विकाले तपाइसँग कुरा गर्न मन लागेर अब राखिदिउँ है भन्ने आवाजसँग मदन त्रसित हुन खोज्छ र उनको नैतिकता र छल गर्ने मानवको रूपमा हेर्दै मायाको खातिर भए बेशै भयो कसो फसिन भन्ने अनुभूति गर्न पुग्दछ ।

### ३.५.३. उद्घाटन कथाको विश्लेषण

#### ३.५.३.१. शीर्षक सार्थकता

**उद्घाटन** कथाका लेखक जितेन्द्र महत हुन् । उनले यस कथामा उ पात्रले अस्पतालामा गरेको क्रियाकलापलाई मुख्य विषय बनाउन खोजेको छ । यस कथाको उ पात्रले डाक्टरहरूलाई अस्पतालमा सिक्लाई गर्न आएका गरिबको उपचारमा ध्यान नदिने तर धनीको उपचारमा चासो राख्ने विषयलाई शीर्षक सार्थकतासँग सम्बन्धित गर्न सकिन्छ ।

#### ३.५.३.२. कथानक/कथावस्तु

प्रस्तुत **उद्घाटन** कथामा कथाका उ पात्रले अस्पतालमा विरामी नै नभइकन विरामी परेकोमा टि.भी. रोग लागेको भनी डाक्टरबाट जवाफ पाउँदा उसले आफूलाई रोग नै नगागेको भनी डाक्टरसँग झगडा गर्न पुग्दछ । अस्पतालको बेडमा विरामीहरूलाई कोठा बाहिर निस्कन आव्हान गर्दछ । आफ्नो टाउको सल्लाको रूखमा ठोकाउदै रगताम्य बन्दै अस्पतालबाट बाहिर निस्कन खोज्दा उ बेड रूमलाई मृत्यु शैयाका बेडहरू हुन भन्छ । डाक्टरहरूलाई विरामीहरूको रोग ठीकसँग पहिल्याउन सक्दैनन् । फीस वा तलब पकाउँछन् भनी आरोप लगाउँदछ । त्यसपछि उ अघिल्लो दिन मरेको लास अगाडि पुगी यो लास आजको समाजलाई हेरेर व्याङ्ग्य गरिरहेको जस्तो देखिन्छ । त्यो लास उठाएर लाने मान्छे हुँदैनन् । त्यो लासको नजिक गएर उ पात्रले हे मृतक यही हो तेरो गरिबको परीक्षाफल, तँ जस्ता लाखौं गरिबहरू यसरी नै मर्न बाध्य भएका छन् जोसँग धन छ उ हाँकवाकबाट पनि संगठित हुन्छ भन्दै मरेको लास काँधमा बोकेर अस्पतालको बेडमा राखेर उ पात्रले डाक्टरलाई भलिभाँती गाली गऱ्यो, डाक्टर छक्क परेर हेर्न थाले । यसै समयमा उ पात्रले डाक्टरलाई बिउँताउन सक्नुहुन्छ ? हैन भने किन यहा अघि यसले तपाईको शरण परेको हो कि होइन ? भनि गाली गर्दै म सँग अब पैसा छैन मलाई पनि यसैगरि मार्नेछौ जसरी यसलाई माऱ्यौ भनी गाली गर्दै कथावस्तु टुङ्गिन्छ ।

#### ३.५.३.३. चरित्र चित्रण

प्रस्तुत **उद्घाटन** कथामा प्रमुख भूमिका म पात्रले खेलेको छ भने गौण पात्रको भूमिका उ पात्र, डाक्टरहरू, मरेको लास रहेका छन् । जसको निम्न अनुसार चर्चा गर्न सकिन्छ।

**क) उ पात्र**

**उद्घाटन** कथामा प्रमुख चरित्र उ पात्र हो उसले अस्पतालमा विरामी परेको कारण देखाइ एक्सरे गर्न पुग्दछ । डाक्टरले टि.बी. भएको संकेत दिन्छ तर उ त्यस कुरालाई अस्वीकार गर्दै डाक्टरसँग झगडा गर्न पुग्दछ । उसले डाक्टरलाई गरिबहरूको रोगको वास्ता नगर्ने  विरमीको रोग ठम्याउन नसक्ने सिक्लाई गर्न र मानो पकाउन आएका भनी गाली गर्दछ । अन्तमा मरेको लासलाई काँधमा बोकी अस्पतालको बेडमा सुताएर डाक्टरलाई बचाउन कडाइका साथ आग्रह गरेको हुन्छ ।

**ख) म पात्र**

म पात्र **उद्घाटन** कथाको गौणपात्र मानिन्छ । म पात्रले उ पात्रले गरेको क्रियाकलापहरूलाई नजिकबाट अवलोकन गरेको हुन्छ । उ पात्रले अस्पतालमा गएर डाक्टरहरूसँग झगडा गर्नु, मरेको लासलाई ब्युँताउन डाक्टरहरूलाई चुनौती दिदै, गरिबले अकालमा मर्नुपर्ने विषयमा चिन्ता व्यक्तगर्न पुगेको हुन्छ ।

**ग) डाक्टर**

डाक्टर **उद्घाटन** कथाको गौण पात्र हो । उसले अस्पतालमा विरामीहरूको उपचारमा समय बिताउन पुगेको हुन्छ । यसको साथै उ पात्रको गाली खान समेत बाध्य भएको देखिन्छ । त्यसैगरी मरेको लासलाई ब्युँताउन समेत चुनौती दिएको हुन्छ ।

**घ) मरेको लास**

मरेको लास **उद्घाटन** कथाको गौणपात्र हो । यो लासले गरिब जनताको गरिबीको कारण उपचार गर्न नसकी मृत्युवरण गरेको विषयलाई संम्बोधन गरेको छ । उक्त लासले समाजलाई सचेत चुनौती दिएको हुन्छ । उ पात्रले मरेको लासलाई काँधमा बोकी अस्पतालमा डाक्टरलाई बचाउन चुनौती दिएका हुन्छन ।

### ३.५.३.४. भाषाशैली

प्रस्तुत **उद्घाटन** कथामा सरल एवम सरस किसिमको भाषा शैलीको प्रयोग गरेको पाइन्छ । उ पात्रले अस्पतालमा गरेको गरिबीले गर्दा डाक्टरलाई मानसिक आघात पर्नुको साथै उच्चकोटीको प्रयोग हुनु उपयुक्त भाषाशैलीको प्रयोग पाइन्छ ।

### ३.५.३.५. दृष्टिबिन्दु

प्रस्तुत कथा आन्तरिक एवम बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथाको मुख्य उ पात्रले कथामा खेलेको भूमिका अस्पतालमा मरेको लासले व्यक्त गरेको अभिप्रायलाई आन्तरिक एवम बाह्य दृष्टिबिन्दुको प्रयोग मान्न सकिन्छ ।

### ३.५.३.६. उद्देश्य एवम सारवस्तु

प्रस्तुत **उद्घाटन** कथाको मुख्य उद्देश्य भनेको अस्पतालमा काम गर्ने डाक्टरहरूले रोग नै नलागे पनि रोग लागेको देखाउनु र गरिब तथा असहायहरूप्रति उपचारमा ध्यान नदिनु जस्ता विषयहरूलाई मुख्य विषय बनाउन खोजिएको पाइन्छ । त्यसैगरी उ पात्रले गरिबप्रति गरेको उपचारमा विभेदको कारण गरिबले ज्यान गुमाउनु परेको तथ्यप्रति समेत कथाको मुल विषय बनाउन खोजेको छ । त्यसको साथै डाक्टरहरू विरामीको स्वास्थ्यमा खेलबाड गर्ने सिकारूको रूपमा आफ्नो मानो पकाउने काममा आएको व्यङ्ग्य गर्न उ पात्र सफल भएको छ । उ पात्रले अस्पतालको क्रियाकलापमा प्रत्यक्ष संलग्न भएर अवलोकन गर्ने अवसर पाएको हुन्छ । उ पात्र सुरूमा विरामी नभइकन अस्पतालमा जचाँउन पुगेको हुन्छ । उसलाई टि.बी. भएको डाक्टरले प्रमाणित गर्दछ पछि उ अस्पतालको बेडमा बस्न बाध्य हुन्छ । अस्पतालमा गरिबलाई डाक्टरले गरेको व्यवहारबाट उ पात्रलाई झोक चल्छ र रातको समयमा सबै विरामीहरूलाई अस्पतालबाट बाहिर निस्कन आव्हान गर्दै आफू समेत सल्लाको रूखमा टाउको ठोक्दै निधारबाट रगताम्य भएको हुन्छ । उ पागल जस्तो हुदै यस्तो मृत्यु शैयामा नबस् हिड भन्दै मरेको लास छेउमा पुगी काँधमा लास बोकी अस्पतालको बेडमा राखी डाक्टरलाई जियाउन चुनौती दिँदै आफू पनि गरिब भएको कारण यही लास समान मर्नेछु भन्दै डाक्टरलाई गाली गलौज गर्न उ पात्र सफल भएको हुन्छ ।

### ३.५.३.७. देशकाल परिवेश

प्रस्तुत **उद्घाटन** कथा एउटा पात्रले अस्पतालमा भएको घटनाहरूको चित्रण गर्दै कथाको मुल विषयमा उभिएको पाउन सकिन्छ । उ पात्रले अस्पतालमा आफू सुरूमा विरामी नभए पनि उ विरामी घोषित हुनु, अघिल्लो दिनदेखि उपचारको लागि लर्वराउँदै आएको गरिबको उपचारमा डाक्टरहरूले चासो नदेखाउनु तर भोलिपल्ट उ खान समेत नपाइ ढुन्मुनाउँदै अस्पतालमा परिसरमा उसको मृत्यु हुनुले उ पात्रलाई मानसिक छट्पटि बढ्दै अस्पतालमा रहेका विरामीहरूलाई साँझको समयमा बाहिर निस्कन आव्हान गर्दै आफू पनि बाहिर निस्केर सल्लाको रूखमा टाउको ठोकी रगताम्य बनी अस्पतालमा रहेका डाक्टर तथा नर्सहरूलाई गाली गलौज गर्दै अस्पतालको बेडहरूलाई मृत्युशैया हो, यहाँ जतिखेर पनि मृत्युवरण गर्न सकिन्छ । म पनि कुनै समय यसैगरी मर्नसक्छु मलाई मार्न सक्छन किनकि म सँग पैसा छैन म गरिब छु भन्दै उ पात्रले डाक्टरहरूलाई

गाली गर्न सफल देखिन्छ । यो परिवेशमा डाक्टरहरू काम सिक्न मात्र यहाँ आएका हुन्छन् तर जिम्मेवारी कम हुन्छ भन्ने आशयका साथ उद्घाटन कथाको मुख्य मर्म रहेको पाउन सकिन्छ ।

## ३.५.४. बिउँझेको सपनाहरूकथाको विश्लेषण

### ३.५.४.१. शीर्षक सार्थकता

प्रस्तुत **बिउँझेको सपनाहरू** कथाका लेखक भीमवरिसंह थापा हुन् । उनले यस कथाको माध्यमबाट जुठेले होटलमा साहुले महिनाको दुई रूपैँयाँमा काम गर्न मन्जुर गरेको हुन्छ । उसले होटलमा काम गरी पहिलो चाहना जुत्ता किन्ने, त्यसपछि नयाँ पहिरनमा रमाउदै सौतेनी आमालाई चोलो, धागो बुबालाई कपडा भाई बहिनीहरूलाई नाना चाचाको सहित उ सँग ५० रूपैया भएको १ महिनाको विदा लिएर साहुसँग विदा भएको सपना देख्दै बिउँझिन पुग्दछ । रात केही बाँकी भएकोले फेरि यस्तै सपना देख्न खोज्नुलाई शीर्षक सार्थकता भएको मान्न सकिन्छ ।

### ३.५.४.२. कथानक एवम कथावस्तु

प्रस्तुत **बिउँझेको सपनाहरू** नामक कथाको मूख्य चरित्र जुठेले घरमा सौतेनी आमाको टोकसोको कारण जीवन एक अभिषाप मा एउटा होटेल साहुकहाँ महिनाको दुई रूपैयामा काम गर्न मन्जुर हुन्छ । सुरूमा फोहोरी घिनलाग्दो जुठे होटलामा काम गर्दै जाँदा राम्रो देखिएता पनि उसलाई एक जोर राम्रो जुत्ता किनेर लगाउने इच्छा बढ्दै जान्छ होटलमा काम गर्दै जाँदा १ दिन उससँग होटलमा चिया खान आउनेहरूले समेत केही पैसा दिन्छन । उ सँग १६ रुपैयाँ हुन्छ एक दिन तरकारी किन्न डोको बोकेर हिडेको दिन उसले नयाँ सडकमा जुत्ता पसल बाहिरबाट चिहाउँदै हेर्ने काम गर्छ एक जना ग्राहकले जुत्ता नकिने पश्चात उसले पसलभित्र पसी जुत्ताकिन्न खोज्छ सुरूमा पसलेले गाली गर्छ पछि तोकिएको रकम दिने शर्तमा जुठेले जुत्ता किनेर लगाउँछ, जुत्ता सानो भएकोले खुट्टामा फोका उठ्छ, होटलमा अवेर आएवापत साहुबाट थप्पड खान्छ । होटलमा जुठेले जुत्ता लुकाएर राख्छ राती सबै सुतेपछि जुठे जुत्ता लगाएर यताउता हिड्छ र सुत्नेकाम गर्छ सपनामा आफले राम्रो कपडा जुत्ता लगाएको सानीमालाई, बाबु, बहिनीहरूलाई लुगा खानेकुरा लिएर २ महिनाको छुट्टी लिएर घर पुग्छ अनि निन्द्राबाट ब्यूँझिदा पुरानो पहिरनमा जुठे हुन्छ कथा टुङ्गिन्छ ।

### ३.५.४.३. चरित्र चित्रण

यस कथाको मुख्य चरित्रहरूमा जुठे, साहु र सानीआमा हुन। उनीहरूको क्रियाकलापबाट कथावस्तु अगाडि बढेको हुँदा उनीहरूको चरित्र चित्रण निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**क) जुठे**

जुठे यस कथाको प्रमुख पात्र हो । उसले कथाका माध्यमबाट निम्न क्रियाकलामा संलग्नता देखाएको देखिन्छ । सुरूमा सानीआमाको झाप्पडको कारण घरबाट काठमाडौं गएर जुठे होटलमा काम गर्छ साहुको विस्वास लिन खोज्छ । त्यहाँ बस्दा उसलाई मासिक रू २ मा काम गरेर १ जोर जुत्ता लगाउने उसको इच्छा पुरा गर्दै अन्तिममा उसले जुत्ता बेच्न बाध्य हुन्छ । घरमा आफू राम्रो कपडा र जुत्ता लगाएर आउने सपना देख्छ । बिउँझिएर फेरी सपना देख्न खोजे पनि उसलाई निन्द्रा पर्दैन बरू पुरानो कपडा नै उ सँग रहेको हुन्छ ।

**ख) साहु**

**बिउँझेका सपनाहरू** कथामा साहु गौणपात्रका रूपमा आएको पाइन्छ । उसले जीवन एक अभिषापमा होटल सञ्चालन गर्दै आएकोले जुठेलाई मासिक २ रूपैयाँमा काम गर्न दिएको हुन्छ । होटलमा बेलुका रक्सी मासु खानेहरूको भिड लाग्ने र कोही साहित्यिक कोही विज्ञान कोही सांस्कृतिक र सोडषीका कुराहरू बोतलसँग गर्ने गर्दथे । जुठेले होटलमा नै काम पाएको थियो र पछि उसको जुत्ता किन्ने इच्छा समेत पुरा गऱ्यो ।

**ग) जुठेका साथी**
**बिउँझेका सपनाहरू** कथामा जुठेका साथी गौण पात्र मानिन्छन् । उनीहरूले जुठेलाई देशी जुत्ता लगाउनु पर्छ पाखे मोरालाई भनी गाली गर्दथे ।

**घ) जुठेको सौतेनी आमा**
यस कथामा जुठेकी सौतेनी आमा गौण पात्र मानिन्छिन् । उनलाई जुठेकी आमा मरेपछि विवाह गरेको हुन्छ । सौतेनी आमाले जुठेलाई धेरै पटक थप्पड लगाएकी हुन्छिन् । त्यसैले जुठे शहर पसेको हुन्छ ।

**३.५.४.४. भाषाशैली**
प्रस्तुत **बिउँझेका सपनाहरू** नामक कथाका लेखक भीमवरिसंह थापा हुन् । उनले यस कथामा सरल एवम सरस प्रकृतिको भाषा प्रयोग गरेका छन् । कथाका पात्रहरू जुठे र साहुको क्रियाकलाप उपयुक्त प्रकारका संरचनामा उतारिएको पाइन्छ । व्याकरणिक दृष्टिकोणबाट उपयुक्त चिन्हहरूको प्रयोगले कथावस्तु उच्च कोटीको प्रयोग भएको पाउन सकिन्छ ।

**३.५.४.५. दृष्टिबिन्दु**
यस कथामा पनि बाह्य दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ। कथाको प्रयुक्त पात्रहरूजुठे र साहुको भूमिका महफ्वपूर्ण मानिन्छ भन्ने अन्य पात्रहरूको गौण रहनुले पनि कथामा विशेष बाह्यदृष्टि बिन्दुको नै प्रयोग भएको पाउन सकिन्छ ।

**३.५.४.६. उद्देश्य एवम सारवस्तु**
प्रस्तुत **बिउँझेका सपना** नामक कथाको मुख्य उद्देश्य भनेको गरिबी र मातृस्नेहको कमिका कारण कुनैपनि बालकले दुःख पाउनु परेको सौतेनी आमाले गरेको टोकसो र थप्पडको कारण जुठे घर छाडी सहर पस्न बाध्य भएको सहरमा एउटा होटलमा मासिक २ रूपैयाँमा भाँडा माझ्ने काममा भर्ती भएको र होटलमा रहेर काम गर्दा समेत जुठेको मुल उद्देश्य भनेको १ जोर जुत्ता लगाउन पाउने इच्छा व्यक्त गरेको छ । कथामा जुठेको शारीरिक अस्वस्थता, उसले होटलमा रहँदा बुनेका कल्पनाहरूलाई सपनाको रूपमा प्रस्तुत गर्नु यस कथाको मुख्य उद्देश्य मान्न सकिन्छ । यसैगरी जुठेले देखेका सपनालाई निन्द्राबाट ब्युँझिदा पनि पुनः सपना देख्ने प्रयत्न गर्दछ तर निन्द्रा परेको हुदैन उसको पुरानो र मैलो कमिज भन्दा अरू केही हुँदैन ।

**३.५.४.७. देशकाल परिवेश**
प्रस्तुत **बिउँझेको सपना** कथामा जुठे र साहुको भूमिका महफ्वपूर्ण रहेको छ । यस कथामा जुठेले आफ्नो सौतेनी आमाको थप्पड खाएको हुन्छ जसको कारण जुठे सहर पस्न बाध्य हुन्छ । सहरमा एउटा होटलमा मासिक २ रूपैयाँमा भाँडा माझ्ने काम पाउँछ । होटलमा रहँदा उसले भाँडा माझ्नुका साथै गाउँले साथीहरूलाई संम्झन पुग्दछ । जुठेलाई एक जोर नयाँ जुत्ता लगाउँने धोको रहेको हुन्छ । होटलमा आउने जानेहरूले सुका, मोहर दिएर जुठेलाई जाने गर्दथे जसलाई संकलन गरी जुठेले जम्मा गर्दै गयो । एकदिन तरकारी किन्न बजार गएको समयमा जुठेले पसलमा जुत्ता बिक्रि गर्न राखेको देख्दछ । उसले पनि पसलेसँग भित्र पसेर १ जोर जुत्ता माग्दछ । शुरूमा त पसलेले तिमी जस्तो झुत्राले पनि जुत्ता किन्छस् भनेर गाली गऱ्यो तर पछि तोकिएको रकम दिएपछि पसलेले जुठेलाई जुत्ता दिन्छ । त्यसपछि जुठेले तरकारी किनी बेलुका होटलमा पुग्दछ । साहुले एक थप्पड दिन्छ । फेरि गल्ती नगर्नु भन्छ । जुठेले दिनभरी जुत्ता लगाएर औलामा फोका उठेको हुन्छ ।

बेलुका होटलमा जुठेले सबै सुतेपछि जुत्ता लगाएर यताउती हिड्छ। केही छिन पछि जुठे ओछ्यानमा सुत्दछ । जुठेले नयाँ लुगा अनि खुट्टामा रातो देशी जुत्ता, टाउकोमा भादगाउँले टोपी, गलबन्दी र खुट्टामा रातो मोजा लगाएर साहुसँग एक महिनाको विदा मागेर उ घर गयो । उसको खल्तीमा पचास रूपैयाँ थियो सानी आमालााई चोलो र धागो बाबुलाई भोटो सुरूवाल र कछाड अनि भाइ बहिनीलाई पापा र अइठे लिएर घर पुग्यो । उसकी सानीआमा ले जुठेलाई खुव माया गरिन, उ थकाइले मस्त सुतेको थियो खुट्टा टन्किएको थियो । ए कान्छा उठ चार बज्यो भन्ने साहुको आवाजले जुठे झसङ्ग बिउँझियो हतपत उसले आफ्नो जिउ छाम्यो उही पुरानो लुगा दौरामाथी साहुले दिएको कालो कमिज उसले पायो रात बाँकी भएकोले फेरी सुत्न खोज्यो तर निदाउन सक्दैन । यसरी जुठेले आफ्नो जीवनमा भोगेका कठिनाईहरू उसले होटलमा भोगेका अप्ठ्याराहरूको विषयमा कथावस्तुको परिवेश अटाएको छ ।

## ३.५.५. विसंगती कथाको विश्लेषण

### ३.५.५.१. शीर्षक सार्थकता

प्रस्तुत **विसंगती** कथाको लेखक प्रकाशप्रेमी हुन् । उनले प्रस्तुत कथाको माध्यमद्वारा आफ्नो नाटकको पात्रहरूले देखाएको क्रियाकलापलाई नै शीर्षकको सार्थकता भित्र समेट्न खोजेको पाइन्छ ।

### ३.५.५.२. कथानक/कथावस्तु

प्रस्तुत कथामा म पात्रले तयार गरेको नाटकको प्रदर्शन गर्ने विषय प्रस्तुत गर्न खोजिएको छ । नाटक हलमा विभिन्न थरिका बत्तिहरू बालिदै र निभाउँदै गरेका हुन्छन् । एउटा बुद्धको मूर्तिमा समेत पहेंलो प्रकाश पारिएको हुन्छ र लोप हुन्छ त्यस्तै समयमा बुद्धको टाउको भुईमा खस्दा सुरूमा केही प्रतिक्रिया आउँदैन दुई टुक्रा भएको बुद्धको शरीरमा विभिन्न प्रकाश परेको हुन्छ । पछि अँध्यारो प्रकाशले बुद्धको मूर्ति खण्डित हो होइन चिन्न सकिदैन त्यसै समयमा मञ्च पछाडिबाट एक जना पात्र मञ्चको बीचमा आएर बुद्धको विभत्स मूर्तिलाई एक पटक हेर्छ र ठूलोठूलो स्वरले बोल्दै हामी मानिस होइनौ हामी भिड हौ, भिडको अस्तित्व छैन प्यास लागिरहेछ । यसै गरी दोस्रो पात्रले पहिलो पात्रलाई भेट्दै आफू पनि भिड भएको जानकारी गराउँदछ । पहिलो र दोस्रो पात्रलाई नै प्यास लागेको हुन्छ । त्यसैगरी कथामा तेस्रो पात्र बुद्धको मूर्तिलाई हेर्दै आफू नाना भएको जानकारी गराउँदछ तर दोस्रो पात्रले उनलाई पनि भिडको संज्ञा दिन्छ । यसरी हलमा खैलाबैला मचिन्छ म पात्रले शब्द उच्चारण नगर्दा उसलाई रिस उठेको हुन्छ । पहिलो पात्रलाई प्यास लागेको हुन्छ दोस्रो पात्रले मरेका लासहरू लिएर आउ भन्छ तर पहिलोलाई धर्म संस्कृति राजनीतिको गंन्ध मान्छेको मासुमा आउँछ भन्छ त्यसैगरी हलमा चौथो पात्र देशप्रेम सामाजिकता धर्म र संस्कृति मलाई केही चाहिन्न मलाई मान्छेको बस्तीसम्म पुऱ्याउ मलाई मान्छे चाहिन्न भन्छ तीनै जना पात्रहरू आफू भिड भएको स्वीकार गर्दछन् । आफूलाई भोक र प्यास लागेको बताउँछन् । म पात्रको नाटकलाई विकृत पारिएकोमा प्रसिद्धिमा धक्का लागेकोमा चिन्ता व्यक्त गर्छ तर चारै जना पात्रहरूले हामीलाई देश होइन मान्छे चाहिन्छ भीड होइन मान्छे चाहिन्छ भन्छन् ।

### ३.५.५.३. चरित्र चित्रण

प्रस्तुत **विसंगती** कथाका चरित्रहरूको भूमिकाका महफ्वपूर्ण रहेको पाइन्छ । जसको चर्चा तल गरिन्छ ।

**क) म पात्र**

प्रस्तुत कथामा म पात्रको भूमिका महफ्वपूर्ण रहेको पाइन्छ । नाटकलाई पात्रहरूले ध्यान नदिएको आफ्ना शब्दहरू उच्चारण नगरेकोमा खेद प्रकट गर्दछ । अन्तमा म पात्रको नाटकलाई विकृत पारी धक्का लागेकोमा चिन्ता व्यक्त गर्दछ ।

**ख) पहिलो पात्र**

यो कथामा पहिलो पात्रको भूमिका गौण रहेको छ। पहिलो पात्र मञ्चको बिचमा आई बुद्धको विभत्स मूर्ति हुदै आफूलाई मान्छे नभएर भिड भएको प्रतिक्रिया व्यक्त गर्दछ । भीडको अस्थित्व नभएको भन्दै आफूलाई प्यास लागेको बताउँछ ।

**ग) दोस्रो पात्र**

यो कथामा दोस्रो पात्रको भूमिका पनि गौण रहेको छ । पहिलो पात्र आएको ठाउँमा दोस्रो पात्र आएर पहिलो पात्रलाई तिमी को हौ भनी सोध्ने प्रयास गर्दछ । पहिलो पात्रले म भिड हुँ भनेको दोस्रो पात्रले विश्वास गर्दैन र आफूलाई प्यास लागेको बताउँछ ।

**घ) तेस्रो पात्र**

**विसंगति** कथामा तेस्रो पात्रको गौण भूमिका रहेको छ । तेस्रो पात्र पनि बुद्धको विकृत मूर्तिलाई हेर्दै आइपुग्छ दोस्रो पात्रलाई आफू नाना भएको बताउँछ ।

**ङ) चौथो पात्र**

चौथो पात्र पनि यस कथाको गौणपात्र मानिन्छ । उ हल नै घन्किने गरेर चिच्याउँदै मञ्चमा प्रवेश गर्दछ । उसले देशप्रेम सामाजिक धर्म र संस्कृतिले मेरो जीउमा भारी हुँदै गएको त्यसैले मलाई मान्छेको बस्तीसम्म पुऱ्याउ धर्म र संस्कृति केही पनि चाहिन्न भन्दछ ।

**३.५.५.४. भाषाशैली**

**विसंगति** कथाका लेखक प्रकाश प्रेमी हुन्। उनले यस कथामा नाटकका पात्रहरूको संयोजन गरी उपयुक्त शैलीको प्रस्तुत गरेका छन् ।

**३.५.५.५. दृष्टिबिन्दु**

यस कथामा आन्तरिक तथा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथाका पात्रहरूको भूमिकाले कथालाई अभिनय तर्फ केन्द्रीत गर्नु बाह्य दृष्टिबिन्दुको नमूना मान्न सकिन्छ ।

**३.५.५.६. उद्देश्य एवम सारवस्तु**

प्रस्तुत **विसंगती** कथाको मुख्य उद्देश्य म पात्रको नाटक मञ्चनको लागि पात्रहरूले उपयुक्त हाउभाउ देखाउनु पर्नेमा आफ्नै प्रकारको क्रियाकलाप गर्नुले म पात्रलाई चित्त दुःखेको छ । त्यसैगरी गौतम बुद्धको विभत्स टुक्रा पारेको मूर्तिको उदाहरण दिएर देशमा शान्ति ल्याउनको सट्टा भिडभाडको राजनीति गर्न खोज्नु राम्रो पक्ष होइन भन्न खोजिएको छ । त्यसैगरी नाटकका पात्रहरूले गरेको क्रियाकलापले कथावस्तुलाई नाटकको रूपमा चित्रण गर्न खोजिएको छ । कथाको अन्तमा म पात्रलाई रिसको डिग्री चढ्दछ । म पात्र जोडले कराउँछ अनि मुर्ख हो मेरो नाटकलाई विकृत पारी दियौ मेरो प्रसिद्धिलाई धक्का लगाउने षड्यन्त्र गऱ्यौं भनी गाली गर्न पुग्दछ ।

**३.५.५.७. देशकाल परिवेश**

प्रस्तुत **विसंगती** कथामा म पात्रले तयार पारेको नाटकको प्रदर्शन गर्ने तयारी गरिएको पाइन्छ । शुरूमा फिल्म हल वा नाटक मञ्चन हलमा रङ्गीचङ्गी रङ्गहरूले आकर्षण थपेको पाइन्छ । नाटकको मञ्चन बुद्धको मूर्तिलाई केही समयपछि टाउको भुईमा झरेको, नाटकका पात्रहरूले मञ्चमा आएर बुद्धको मूर्तिलाई हेर्दै हामी मान्छे होइनौ हामी भिड हौं भन्दछ । त्यसैगरी दोस्रो पात्रले पनि भिडको

संज्ञा दिन्छ । यसरी हलमा खैलाबैला मचिन्छ। म पात्रको संज्ञा उच्चारण नगर्दा उसलाई रिस उठ्दछ । पहिलो पात्रलाई भोक प्यास लागेको हुन्छ । दोस्रो पात्रले मरेका लासहरू लिएर आउ भन्छ तर पहिलोलाई धर्म संस्कृति र राजनीतिको गन्ध मान्छेको मासुमा आउँछ । त्यस्तै चौथो पात्रलाई देशप्रेम सामाजिकता, धर्म र संस्कृति मलाई केही चाहिन्न बरू मलाई मान्छेको बस्तीमा लैजान अनुरोध गरेको हुन्छ ।

## ३.५.६. कला र कलाकार कथाको विश्लेषण

### ३.५.६.१. शीर्षक सार्थकता

प्रस्तुत **कला र कलाकार** कथाका लेखक शा. कुमार हुन् । उनले यस कथामा एक जना मूर्तिकारको प्रयोगशालामा टाँगिएका चित्रहरू रहेका छन् । कोठामा बसेर कलाकारले मूर्ति कुद्न लागेको बाहिरी वातावरणमा विभिन्न प्रतिकहरू देखा परेका हुन्छन् । यसैगरी कलाकारको मानसपटलमा देखिएका विषयहरू समेटेर कथामा प्रस्तुत गर्न खोजिनु शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.५.६.२ कथानक एवम कथावस्तु

यस कथामा कथाको प्रमुख चरित्र कलाकारले आफ्नो कोठामा मूर्ति बनाउने काममा तल्लीन हुनपुग्छ यस्तै समयमा अन्धकारले छोपेको कारणले कलाकारले मूर्ति बनाउने क्रममा औजारले आफ्नो औलामा ठक्कर पुग्छ । कलाकार एउटा हातले अर्को हात समातेर झोक्राउन पुग्दछ । केही सोच्ने क्रममा बाहिर कसैले बोलेको घोडा दौडेको आवाज अनि चुरा बजेको आवाज पनि आउँछ । यस्तो समयमा कलाकारले चारैतिर कान थाप्न थालेको हुन्छ । यस्तै समयमा उसको ध्यान आफ्नो मूर्तितिर पुगेको हुन्छ । यस्तैमा कुनै आइमाइले बाँचिस भनेको सुनिन्छ । यो आवाजले उ झस्कदै आफ्नो काममा लागेको हुन्छ । यही समयमा मूर्धन्यरूपी पिचास देखाउदै हा हा हा गर्दै कलाकार तिम्रो मूर्तिकला ज्यादै राम्रो लाग्यो म पनि मोहित भए, कहाँ सिक्यौ यस्तो कला कार्य गर्दै जाउ सफलता अवस्य पाउने छौ । यसमा संघर्षको आवश्यक छ, हार नमान भन्दै सेतो पिचास अर्न्तध्यान हुन्छ । त्यसपछि कालाकार पिचासलाई खोज्न थाल्दछ । त्यसै समयमा बाहिर कुनै आवाजसहित हावामा कालो मजेत्रो देखापर्छ त्यो देखेर उ तर्सन्छ त्यसपछि त्यहाँ चाँपको मन्द आवाज दिँदै एउटी राम्री युवतीले कलाकारलाई तिमीलाई थाहा छैन तिमी के सोच्दैछौ ? लाख सोच कलाकार कलासँग कदापि अलग हुन सक्दैन यी अभिव्यक्ति दिदै आफूलाई तिमी चिन्ह सक्दैनौ म पनि तिमी जस्तै कलाकारको एक रूप कलाकी सेविका हुँ, म मृत्युकला सिक्दै थिए भन्छिन म तिम्रो घटनाको प्रत्यक्षदर्शी भएको जानकारी गराउँदछिन । त्यसपछि कलाकारले युवतीसँग परिचित हुन्छ । उनको नाम कल्पना भएको र उनलाई हतार भएकोमा उनी अलप हुन्छिन् । त्यसपछि अघि नग्न रूप महाकालरूपी अर्धनारीहरूले नृत्य अभिनय र शास्त्रीय नृत्य गर्दै अलप हुन्छन यसरी कथावस्तु टुङ्गिन्छ ।

### ३.५.६.३. चरित्र चित्रण

प्रस्तुत **कला र कलाकार** कथामा प्रयुक्त चरित्रहरूको भूमिका महफ्वपूर्ण रहेको चर्चा छोटकरीमा तल प्रस्तुत गरिन्छ ।

**क) कलाकार**

यस कला र कलाकार कथा शीर्षकका प्रमुख चरित्रहरू मध्ये कलाकारको भूमिका महफ्वपूर्ण रहेको छ । उनी आफ्नो कोठामा मूर्ति निर्माण गर्ने क्रममा उनले अनुभूति गरेका उनका अगाडि देखा परेका चरित्रहरूको विषयमा नजिकबाट अध्ययन गर्न उनी सफल भएका छन् । उनलाई पिचासको अभिव्यक्तिले मोहित पारेको हुन्छ भने अर्धनग्न युवतीको अभिनयले चकित पारेको हुन्छ । यसको साथै उनलाई अस्वभाविक तरङ्गहरूले समेत मनमा झस्का उत्पन्न गराइदिएको हुन्छ ।

**ख) पिचास**

पिचास **कला र कलाकार** कथामा गौण भूमिका निर्वाह गर्ने महिला पात्र हुन । उनले कालाकारलाई बाँचिस भन्ने आवाज सुन्न पुग्दछ त्यसपछि पिचासले कलाकारलाई तिम्रो मूर्तिकला ज्यादै राम्रो लाग्यो म पनि मोहित भएँ, कहाँ सिक्यौ यस्तो कला भन्दै पिचास अन्तरध्यान हुन्छ ।

**ग) युवती (कल्पना)**

**कला र कलाकार** कथामा कल्पना गौण पात्र हुन् । उनीले चाँपको मन्द आवाज निकाल्दछिन् उनी ज्यादै राम्री युवती हुन् । उनले कलाकारको घटनाको को स्मरण गराएकी हुन्छिन् । त्यसले कलाकारलाई युवतीलाई भेट्न खोज्छ तर युवती फेरी भेटुँला भनी अलप हुन्छिन् ।

**३.५.६.४. भाषाशैली**

प्रस्तुत **कला र कलाकार** कथाको भाषाशैली सरल, सरस एवम सुबोध्य रहेको देखिन्छ । कथामा प्रयुत्त पात्रहरूको क्रियाकलाप तथा कालाकारले खेलेको भूमिकाले पनि कथाको भाषाशैली उच्चकोटीको रहेको छ ।

**३.५.६.५. दृष्टिबिन्दु**

**कला र कलाकार** कथाको कथावस्तु बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथामा प्रयुक्त पात्रहरूले कथामा खेलेको भूमिका तथा कलाकारले आफ्नो मानसपटलमा खेलेको भूमिकालाई बाह्य दृष्टिबिन्दुको रूपमा लिन सकिन्छ ।

**३.५.६.६. उद्देश्य एवम सारवस्तु**

प्रस्तुत **कला र कलाकार** कथाको मुख्य उद्देश्य भनेको मूर्तिकार अथवा कलाकारले आफ्नो कलाकारिताको समर्पणबाट इश्वरीय शक्ति प्राप्त गर्दछ त्यसपछि सबैलाई प्रभावित पार्न सक्दछ भन्ने अभिव्यक्ति प्रति कथा वस्तु अभिप्रेरित भएको पाउन सकिन्छ । जब कलाकारले औंलामा चोट लागेर सोच्न बाध्य हुन्छ उसका अगाडि विभिन्न रूपका नारी पात्रहरूदेखा परेका हुन्छन् । उनीहरूले कलाकारको कलाप्रति सन्तुष्टि व्यक्त गर्दछन् । जस्तै अर्धनारी, पिचास र कलाकारले कलाकारप्रति गरेको सात्क्षातकारलाई लिन सकिन्छ । त्यस्तै कलाकारको प्रसंशा गरेकोमा उ सन्तुष्टि व्यक्त गर्दछ । उसका अगाडि सरस्वती समेत प्रकट भएर कलाको झंकार छोड्दछिन र अप्सराहरूले समेत पञ्चदीप बाल्दै नृत्य प्रदर्शन गर्दै पुष्पबृष्टी गरेका हुन्छन ।

**३.५.६.७. देशकाल परिवेश**

प्रस्तुत **कला र कलाकार** कथाको परिवेश कलाकारको कोठामा मूर्ति निर्माण कार्यबाट सुरूभएको हुन्छ । त्यसपछि अन्धकारको कारण कलाकारले औजारले एउटा औंलामा ठक्कर लागि अर्को हातले समातेको समयमा केही सोच्न बाध्य हुन्छ । त्यसै समयमा बाहिर विभिन्न जनावरहरूको आवाजले वातावरणमा सन्त्रास फैलन पुग्छ । यसै समयमा एउटी आइमाइको उपस्थितिले तँ बाँचिस भन्छिन भने अर्को पिचासले हाहाहा मूर्तिकार तिम्रो मूर्तिकला ज्यादै राम्रो लाग्यो म पनि ज्यादै मोहित भएँ कहाँ सिक्यौ यस्तो सीप भनि कलाकारको तारिफ गर्न पुग्छिन त्यसैगरी कल्पना भन्ने युवतीले तिमीलाई थाहा छ तिमी लाख सोच भन्छिन् र आफू पनि कलाकार नै हुँ भन्छिन। त्यसपछि कलाकारले कल्पनासँग परिचित हुन पुग्छ । त्यसपछि सरस्वती तथा अप्सराहरू कलाकारको अगाडि आएर आफ्नो झंकार देखाउँदै पञ्चदीप बाल्दै प्रदर्शन गरदैछिन र यसै समयमा पुष्पबृष्टी हुन्छ । त्यसपछि सबैले परिचय गर्दै खुसीको झाँकी प्रदर्शन हुन्छ । यस्तैमा कलाकार बेहोस भई भूमिमा पछारिन्छ र कथाको अन्त्य हुन्छ ।

## ३.६. अङ्क छमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.६.१. कलङ्कित विश्वास कथाको विश्लेषण

#### ३.६.१.१. शीर्षक सार्थकता

प्रस्तुत कथा **कलङ्कित विश्वास**का लेखक राम केसी चौतारे हुन् । उहाँले म पात्रले यस कथामा खेलेको भूमिकालाई मुख्य विषयवस्तु बनाउनु भएको छ । कथाको म पात्रले विश्वासका साथ १६ वर्षे सर्किनी केटीलाई व्राह्मणको छोरो भएपनि समाजको आँखा छलेर लैजान्छ । केही समय वितेपछि उसको १ वर्षको लागि विदेश जानु परेको कारण आफ्नो मनमिल्ने साथीको जिम्मा लगाएर हिँड्छ । दिन वित्दै जाँदा उसको प्रियसी अर्कै केटासँग पोइला गएको खबरले म पात्रलाई पिडा बढ्न पुग्छ । उ वेहोस हुन्छ । घरपरिवार बाबुआमा त्यागेर उसको निम्ति घर छोड्नु परेको अवस्थामा यो घटना घट्नु शीर्षक सार्थकता भएको भन्न सकिन्छ ।

#### ३.६.१.२. कथानक कथावस्तु

प्रस्तुत कथामा कथाको मुख्य म पात्रलाई प्राकृतिक मनोरम वातावरण समेत मनपर्न छोडेको हुन्छ । किनकि उसले १५, १६ वर्ष एउटै सर्किनी केटीसँग प्रेममा फसेको हुन्छ । जसको कारण उ जागिर खान जाने समयमा उनीलाई म पछि लैजाउँला भन्दै ढाँटीरहेको हुन्छ । उसले साथमा लिएर नआएता पनि रातदिन उसकै सम्झनामा समय वितिरहेको हुन्छ । यस्तै समयमा एक दिन हाकिमलाई विन्ती भाउ गर्दै प्रेमिकालाई भेटेर प्रलय गर्ने उद्देश्यका साथ म पात्र घर तर्फ लाग्छ । घर आएपछि हिँड्ने बेलामा साथमा लिएर नगएमा आत्महत्या गरिदिने भनाई आएपछि उसले गाउँ समाज र परिवारजनबाट टाढा भएर हिँड्न बाध्य हुन्छ । जब सहर पुग्छन् उसका सुखद् दिनहरू अघि बढिरहेका हुन्छ । त्यसै अवस्थामा म पात्रलाई एक वर्षको लागि विदेश जानुपर्ने हुन्छ । आफ्नी प्रेमिकालाई मन मिल्ने साथीको जिम्मामा छोडेर विदेश जान्छ । खबर साथीद्वारा आवतजावत हुन्छ । ६ महिना वितेपछि एक दिन म पात्रलाई जुनाको पत्र हात पर्छ उसले खोलेर हेर्छ । उसको हात अज्ञात भयले काप्छ । मुटुमा चस्का दिन्छ । रिंगटा लागेर भुईंमा ढल्छ । उसको चिठी हावाले उढाएर लैजान्छ । उसको मगज सिनेमा रिल जस्तै घुमिरहन्छ । त्यसपछि उसले जसमाथि यति विश्वास गरेथ्यो आज उल्टै म माथि यत्रो धोका । यो कुन जमानाको ऋण चुकायौ जुनेली भनी डाँको छोडेर रून पुग्छ । किनकि जुनेलीलाई सार्कीको छोरीलाई लिएर हिँड्दा सारा सर्वस्व छाड्नु परेकोमा आज जुना पोइला गइछे भनी म पात्रले आफलाई धिकार्दै छट्पटि गर्नपुगेको हुन्छ । यसको साथै शिवजी र रामचन्द्र पनि त्यसै वहुलाएका होइन रहेछन् । र नेपोलियनले असम्भव शब्दलाई शब्दकोशबाट उसै निकालेका होइनन् रहेछ भन्दै अब मैले के गरे ठीक होला भन्ने प्रश्न गरेका छन् ।

#### ३.६.१.३. चरित्र चित्रण

प्रस्तुत **कलंकित विश्वास** कथाका लेखक राम केसी चौतारे हुन् । उनले यस कथामा निम्न लिखित पात्रहरूका संयोजन गरी कथावस्तु अगाडि बढाएका छन् ।

**(क) म पात्र :**

यस कथामा म पात्रको भूमिका प्रमुख रहेको पाइन्छ । किनभने म पात्रले गाउँमा जुनासँग प्रेम गरेको कारण उनीलाई सहर लान बाध्य हुन्छ । केही वर्ष पछि म पात्रलाई एक वर्षको लागि विदेश जानु परेको कारण उसले मनमिल्ने साथीलाई जुनाको हेरविचार गर्न छाडिदिएको हुन्छ । ६ महिना पश्चात् जुना पोइला गएको खबर म पात्रले पाउँछ । यस घटनाले म पात्रलाई मर्माहित हुन पुग्दछ । विगतलाई सम्झदै जुनाले धोका दिएपनि आफू के गर्ने भन्ने प्रश्न गर्न पुगेको हुन्छ ।

**(ख) जुना**

प्रस्तुत **कलंकित विश्वास** कथामा जुना मिजार गौण पात्रको रूपमा देखा परेकी हुन्छिन् । उनले व्रह्माणको छोरासँग प्रेम गरेको कारण उनी म पात्रसँग सहर पस्न सफल भएकी हुन्छिन् । तर म

पात्रलाई एक वर्षको लागि विदेश जानु परेको समयमा पोइला गएर म पात्रलाई प्रेमबाट विछोडको अवस्थामा पुऱ्याएकी हुन्छिन् । यसरी यस कथामा जुनाले म पात्रको प्रेमलाई लत्याएकी छिन् । भने म पात्र प्रेममा लिन भएको पाइन्छ ।

**ग) म पात्रको साथी**

म पात्रको साथी यस कथाको गौण चरित्र हो । यस कथामा म पात्रको खबर आदान प्रदान गर्ने क्रममाः उसले जिम्मेवारी लिएको हुन्छ । नभन्दै म पात्र ६ महिना विदेशमा वसेको समयमा नै म पात्रको प्रेमिकालाई लिएर हिँड्ने काम गर्दछ । जसले गर्दा म पात्रलाई बज्रप्रहार पर्न जान्छ ।

### ३.६.१.४ भाषाशैली

प्रस्तुत **कलंकित विश्वास** कथा सरल, सरस एवम् सुबोध्य भाषाशैलीको प्रयोग भएका पाइन्छ । कथाको मुख्य म पात्रले जुनासँगै प्रेम गरेको हुँदा जुनालाई लिएर हिँडेको तर जुनाले पनि अर्कै केटासँग पोइला जानुजस्ता क्रियाकलापले कथालाई रोचकता प्रदान गरेको छ ।

### ३.६.१.५ दृष्टिबिन्दु

प्रस्तुत **कलंकित विश्वा**स कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । किनकि म पात्रले तल्लो जातको जुना मिजार सर्किनीसँग प्रेममा फस्नु आफू विदेश गएको समयमा जुना अर्को केटासँग पोइला जानु, जस्ता कार्यलाई वाह्य दृष्टिबिन्दुको आधार मान्न सकिन्छ ।

### ३.६.१.६. उद्देश्य एवम् सारबस्तु

प्रस्तुत **कलंकित विश्वास** कथाको मुख्य उद्देश्य भनेको प्रेममा असफल भएको म पात्रले प्रेममा धोखा पाएको विषयलाई कथामा प्रस्तुत गरिएको छ । म पात्रले जुना सर्किनीलाई वाहुनको छोरो भएर पनि सानैदेखि मन पराएको हुन्छ । उसलाई सामुन्ने गएर केही भन्न समाजको डर भएता पनि एक दिन नोकरीको समयमा हाकिमसँग एक हप्ताको छुट्टी लिएर जुनालाई भेट्न घर आउँछ । म पात्र फर्कने क्रममाः जुनाले साथमा नलगे झुण्डिएर मर्ने वाचा गरेको हुँदा म पात्रले जुनालाई आफ्ना बाबुआमा, समाजबाट टाढाहुँदै पात पतिङ्गरबाट विदा हुन्छ । सहरमा रहँदा उनीहरूका वसन्तका दिनहरू रसमय हुन्छन् । केही समयपछि म पात्रलाई १ वर्षको लागि विदेशमा जानुपर्ने हुन्छ । जुनाको रेखदेखको लागि म पात्रले मन मिल्ने साथीको जिम्मामा छाडेको हुन्छ । उसले म पात्र र जुनाको खबर आदान प्रदान गर्ने क्रममा महफ्वपूर्ण भूमिका खेलेको हुन्छ । जब ६ महिना वित्छ तब जुना सर्किनी म पात्रको साथीसँग पोइला गएकी हुन्छिन् । उक्त खबर म पात्रको हातमा पर्दछ । खोली हेर्छ उसको हात काम्छ, अनुहार मलिन हुन्छ । मुर्छा पर्छ, भुईंमा ढल्छ । यसरी म पात्रलाई मानसिक चिन्ता बढ्छ । म पात्रले जसलाई विश्वास गऱ्यो, उसले आज यत्रो धोखा दियो । मैले कुन जन्मको ऋण तिर्नु पऱ्यो भनी जुना सर्किनीलाई गएको खबर सुन्दा चिन्ता ग्रस्त बन्न पुग्छ ।

### ३.६.१.७. देशकाल परिवेश

प्रस्तुत कथाको परिवेश भनेको एउटा गाउँमा रहेका ब्राह्मणको छोरा र जुना सर्किनीको विचमा माया प्रेम बस्नु म पात्र सहरमा वस्दा समेत जुनाकै चिन्तामा व्यस्त रहनु र जुनाको सम्झनाले हाकिमसँग एक हप्ताको विदा लिएर जुनालाई भेट्न आएको हुन्छ । जुना तल्लो जातको युवती भएकोमा उसलाई समाजको भय हुन्छ । एक दिन जुनालाई लिएर घर परिवारबाट म पात्र टाढा हुन्छ । सहरमा केही समय पछि विदेश जानु परेको हुन्छ । त्यो समयमा जुना पोइला गएको खबरले म पात्रलाई प्रेममा मर्माहित पर्न पुग्छ । आफूले सम्पूर्ण घरपरिवार बाबु, आमा त्यागेर प्रेमको कारण घरबाट टाढा हुनुपरेको अवस्थामा म पात्रलाई बज्रप्रहार पर्ने हुन्छ । जुनाले म पात्रलाई धोखा दिएकी हुन्छिन् ।

### ३.६.२. शिल्पकारको न्यायपूर्ण जीवन कथाको विश्लेषण

#### ३.६.२.१. शीर्षक सार्थकता

प्रस्तुत **शिल्पकारको न्यायपूर्ण जीवन** कथामा कला तथा शिल्पकारहरूको कष्टपूर्ण जीवनको चर्चा गरिएको छ । नेपालमा वैज्ञानिक गेहेन्द्रशम्शेरको समयमा भएको अस्त्र तथा सस्त्रहरूको ज्ञान महफ्वपूर्ण रहेको गेहेन्द्रको मृत्यु पश्चात् अमिर र सानुबाबुको शिल्पकारितालाई शाषक वर्गले हात काटी दिएको, ब्राजिलको प्रेटो नगरका अलेजादिन्होको कष्टपूर्ण जीवन व्यतितले शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

#### ३.६.२.२. कथानाक कथावस्तु

प्रस्तुत **शिल्पकारको न्यायपूर्ण जीवन** कथामा नेपालका प्रथम वैज्ञानिक गेहेन्द्रशम्शेर राणाको समयमा काठमाडौँमा ५०० कालिगड मध्ये  अभिरमान् (बोलाउने नाउ भाई सानु) ले ८० वर्षको उमेरमा देहत्याग गरेको हुन्छ । उसले आफ्नो बाबुको कलालाई अन्तरआत्माले स्वीकार गर्दथ्यो । त्यो कालिगढ लौह शिल्पीका दुई वटा हातहरू थिएनन् । हातले गर्ने काम उ खुट्टाले नै गर्दथ्यो । त्यो मान्छेलाई आधुनिक शस्त्रअस्त्र र विज्ञानका कुराहरू कण्ठ थियो । उसले रेखा रेखा कोरिएको कागजमा अनेक शस्त्रअस्त्रको नक्सा खिचिएको थियो उक्त नक्सा गेहेन्द्रशम्सेरको पालामा बनाइएको हुँदा नेपालमा बनाइएको तोप, गोला, गेहेन्द्र गन, बन्दुक शीलाखानामा आजसम्म रहेकै छ । आजसम्म गेहेन्द्रशम्सेरले स्थापना गरेको कारखानामा रहेको भए विदेशी अस्त्रशस्त्र नेपालमा आवश्यक नपर्ने र नेपाल एशियाली देशमा सम्पन्न राष्ट्र हुनसक्ने विषय थियो  तर गेहेन्द्रशम्शेरको मृत्युपछि त्यो कारखाना नष्ट भएको थियो । सानुभाइको हात पनि त्यसै समयमा काटिएको थियो । कलाकारको हातमा अपरिमेय शक्ति हुन्छ भनेर सानुभाईलाई धेरै समयसम्म नजरबन्द गरिएको थियो । उसले कोरेका रेखाचित्रको बारेमा म पात्रको बाबुले सोद्दा लामो सास फालेर समाजमा बाँच्न गाह्रो हुन्छ भनी देखाउन मानेको थिएन । यस्तो समयमा लेखक कलाकार भएर आफ्नो स्वाभिमान बचाई राख्न कठिन थियो । जसरी ब्राजिलको प्रेटो नगरका अलेजादिन्होले कलाकारितामा कष्टपूर्ण जीवन विताउन बिवश भएका थिए ।

#### ३.६.२.३. चरित्र चित्रण

**शिल्पकारको यथार्थ जीवन** नामक कथामा प्रयुक्त चरित्रहरूको भूमिका महफ्वपूर्ण रहेको छ । जसको छोटकरीमा तल चर्चा गरिन्छ ।

**क) म पात्र**

प्रस्तुत **शिल्पकारको व्यथापूर्ण जीवन** कथामा म पात्रको भूमिका प्रमुख रहेको छ । म पात्रको बाबु बैज्ञानिक गेहेन्द्रशम्शेर राणा प्रथम बैज्ञानिक भएको समयमा काठमाडौँमा ५००० (पाँच हजार) कालिगड भएको समयमा एक जना कालिगडकहाँ समय विताएको हुन्छ । जसले शस्त्रअस्त्र ज्ञानमा पाएको पारङ्गताको कारण शाषकवर्गले उसका दुवैवटा हात काटिदिएको र उसले कोरेको रेखाचित्रले आधुनिक विज्ञानको मार्ग चित्र बनाएको कारण उसको रेखाचित्र बाहिर नआएको जानकारी म पात्रले पाउँदछ ।

**ख)गेहेन्द्रशम्शेर**

गेहेन्द्रशम्शेर राणा नेपालकै प्रथम वैज्ञानिक हुँदा उनको समयमा शस्त्रअस्त्र सम्बन्धि काम गर्ने ५००० (पाँच हजार) भन्दा बढी कामदारहरू उपत्यकामा थिए । उनको समयमा विकास भएको शस्त्रअस्त्रहरू अहिले भएको भए नेपालमा अहिले विदेशी मुलुकबाट कुनै किसिमको सहयोग ल्याउनु पर्ने थिएन तर गेहेन्द्रशम्शेरको मृत्यु पश्चात् सारा कारखाना ध्वस्त पार्ने काम शाषक वर्गको भयो । उनको यस कथामा गौण भूमिका रहेको पाइन्छ ।

**ग) अमिर (सानुबाबु)**

**शिल्पकारको व्यथापूर्ण जीवन** कथामा अमिर गौण पात्र नै मानिन्छ । उ गेहेन्द्रशम्शेर राणा प्रथम वैज्ञानिक भएको समयमा पाँचहजार कालिगडहरू मध्येका एक उत्कृष्ठ कालिगड हुन् । उनको कलाकारिताको कारण उनका दुईवटै हातहरू काटिएका थिए । जसको कारण उनले कैदको सजाँय समेत भोग्नु परेको थियो । उनले तयार पारेको शस्त्रअस्त्र सम्बन्धी रेखाचित्रले आधुनिक विज्ञानको मार्गनिर्देश गर्दथ्यो । जुन रेखाचित्रलाई उनले साठी वर्षसम्म माटोमुनि लुकाएर राखेका थिए तर समाजमा बाँच्नको खातिर उनले त्यो रेखाचित्रलाई बाहिर देखाएका थिएनन् । उनका हात काटिए पनि उनी खुट्टाको सहयोगले मूर्तिहरू कुद्ने गर्दथे तर उनको व्यथा कसैले बुझ्न सकेका थिएनन् ।

**घ) अलेजादिन्हो**

अलेजादिन्हो **शिल्पकारको व्यथापूर्ण जीवन** कथाको सक्रिय पात्र मानिन्छ । उनी ब्राजिलको ओरी प्रेटो नगरलाई सिंगार प्रदान गर्ने सशक्त शिल्पकार थिए । उनले बनाएका नगरहरूका जीवनत बस्तुहरू ठुला-ठुला भूकम्पका धक्काहरू पर्दा समेत केही विचलन देखा परेको थिएनन् । उनलाई वाल्यकालदेखि नै दुईवटा विषयहरू बाइबल र चित्राङ्कनमा विशेष रूची थियो । उनले बाबुको मृत्यु पश्चात् गिर्जाघर मात्र बनाएनन् । बरू उनले आफ्नो दक्षता र प्रतिभाको झण्डा फहराई दिए यसको साथै गोहान्समा २ वटा गिर्जाघर बनाईदिएर ७८ ओटा प्रतिमाहरू राखी उनले महानतमय कार्य गरे उनलाई अप्ठ्यारो रोग लागेर शरीर विच्छेद हुँदासम्म आफ्नो शिल्पकारिता प्रदान गरेर छोडे ।

**३.६.२.४. भाषाशैली**

**शिल्पकारको व्यथापूर्ण जीवन** कथामा सरस सरल एवम् सुवोध्य भाषाशैलीको प्रयोग भएको छ । कथाका पात्रहरूले खेलेको भूमिकालाई समेत कम महफ्वको मान्न सकिँदैन । अमिरको शस्त्रअस्त्र सम्बन्धी प्राप्त गरेको अनुभव र ज्ञानले आधुनिक विज्ञानको क्षेत्रमा महफ्वपूर्ण उपलब्धी मानिन्छ । कथामा प्रयुक्त भाषा उच्चकोटीको पाइन्छ ।

**३.६.२.५. दृष्टिबिन्दु**

प्रस्तुत **शिल्पकारको व्यथापूर्ण जीवन** कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त म पात्रले **अनुभूति** गरेको विषय नेपालको पहिलो वैज्ञानिक गेहेन्द्रशम्शेर राणाको मृत्यु पश्चात् नेपालको अस्त्रशस्त्र सम्बन्धी सम्पूर्ण उपलब्धी ध्वस्त भएको कारण कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**३.६.२.६.उद्देश्य एवम् सारवस्तु**

प्रस्तुत शिल्पकारको व्यथापूर्ण जीवन कथाको मुल उद्देश्य भनेको नेपालमा प्रथम वैज्ञानिक गेहेन्द्रशम्शेर राणाको समयमा ५,०००।- कालिगडहरूमध्ये अमिर नामको कालिगड निपुण कालिगड हो । गेहेन्द्रशम्शेरको मृत्यु पश्चात् नेपालमा शस्त्रअस्त्र सम्बन्धी आविष्कारकहरूको शाषक वर्गले ध्वस्त पारेको थियो । यदि त्यस समयको शस्त्रअस्त्रहरूको संरक्षण गरिएको भए नेपाल एशियाली देशहरूमा अग्रस्थानमा आउन सक्ने थियो । तर त्यसो हुन सकेन । त्यसैगरी सानुबाबु नामको कालिगडको दुईवटा हात नै शासक वर्गले काटिदिएको प्रसङ्ग कथामा देख्न सकिन्छ । अर्को तर्फ देशका कला तथा साहित्यकारहरूको उचित संरक्षण गर्नुपर्ने ठाउँमा उल्टै उनीहरूलाई भौतिक कारवाही गरेर उनीहरूको दक्षतामा ठाडो हस्तक्षेप गरेको पाइन्छ । सानुबाबुले कोरेको रेखाचित्रले आधुनिक विज्ञानको शिक्षालाई ग्रहण गरेको कारण उनले तयार पारेको रेखाचित्र समाजबाट कारवाही भोग्नु परेकोले देखाउन मानेन् । त्यसैगरी ब्राजिलको प्लेटो नगरका अलेजादिन्होले जीवनमा दुईवटा जिर्गाघर बनाएर महान्तम काम गरेको तथ्य स्पष्ट हुन्छ ।

#### ३.६.२.७. देशकाल परिवेश

प्रस्तुत **शिल्पकारको व्यथापूर्ण जीवन** कथामा नेपालका प्रथम वैज्ञानिक गेहेन्द्रशम्शेर राणाको समयमा नेपालमा शस्त्रअस्त्र सम्बन्धी भण्डारहरू प्रसस्त रहेको, काठमाडौँ उपत्यकामा मात्र ५,०००।- भन्दाबढी कालिगडहरूको जनसङ्ख्या रहेकोमा जसमध्ये अमिर सानुबाबु नामको पात्रले शस्त्रअस्त्रहरू सम्बन्धी रेखाचित्र समेत खिचेको थियो । जुन रेखाचित्रमा नेपालको वर्तमान् शस्त्रअस्त्र सम्बन्धी ज्ञान समेटिएको थियो । जुन नक्सा आजसम्म कसैले भेट्न सकेका छैनन । किनकि सानुबाबुलाई समाजदेखि डर लागिरहेको थियो । उसका दुईओटा हातहरू काटिएको हुन्छ । रोगले ग्रस्त भएता पनि उसको कलाकारितामा कमी आएको हुँदैन । बरू गोडाको भरले आफ्नो काम अगाडि बढाईरहेको हुन्छ । त्यसैगरी ब्राजिलको अलेजादिन्होले समेत प्रत्येक नगरलाई महफ्वपूर्ण योगदान दिनुका साथै स्वयम् गिर्जाघर निर्माण गरिदिएको हुन्छ । यो कार्य उसको महानतम् कार्य हुन जान्छ । त्यसैले देशमा भएका शिल्पकारहरूको संरक्षण गर्नु हामी सबैको कर्तव्य हुन जान्छ ।

### ३.६.३. नागदेवताको पूजा कथाको विश्लेषण

#### ३.६.३.१. शीर्षक सार्थकता

प्रस्तुत कथाका लेखक हील डेवर्स हुन् । यो कथामा कथाका पात्रहरू बर्माबाट कौसी गाउँमा अकस्मिक नाग देवताको मन्दिरमा पुगी त्यहाँको दृष्य अवलोकन गर्ने क्रममा खेलेको भूमिकाले कथाको शीर्षकको सार्थकता भएको पाउन सकिन्छ ।

#### ३.६.३.२. कथानाक/ कथावस्तु

प्रस्तुत **नागदेवताको पूजा** कथामा कथाका पात्रहरूले बर्माको सुन्दरतम स्थानबाट कौसी नामको गाउँमा अवस्थित नागदेवताको गुफामा जाने विषय वस्तु समेटिएको छ । उक्त पात्रहरूले कसिया कासी नामको गाउँमा जाने क्रममा एक जना थडरफर नामक पात्रलाई सोध्ने काम गर्दछन् । उसले नागदेवता पुजा त हुने तर आफुलाई जानकारी नभएको बतायो । यसपछि भ्रमण टोलीको यात्रा बढी रहेको समयमा वन निवासीले दिएको पुस्तक अनुसार उनीहरूले नागदेवताको पूजा गर्ने स्थान खोज्दै हिँडेका थिए । त्यसै समयमा उनीहरूले पेगोडाको पुजारीसँग भेटी वर्माको एकेकाली पहाडमा हजार वर्षदेखि नागको पूजा हुने गरेको त्यहाँ कयौँ नाग देवताका मन्दिरहरू भएको त्यस गाउँमा जाने इजाजत कसैलाई नभएको तर चोरीछिपी जानेलाई नाङ्गो निवासीहरूले मारिदिने कुरा सुनेर म पात्रले आश्चर्य मानी नागको पूजाको तमासा हेर्ने क्रममा मृत्यु भगवानको हातमा राखेको हुन्छ । त्यसपछि भ्रमण टोलीले बर्माको इनलीमा बास वस्ने क्रममा पेगोडाको पुजारी कहाँ बस्न पुग्छन् । उसले कौसिको नाउँको गाउँमा नागदेवताको पूजा हुने ठाउँमा आफूले पुऱ्याइने बचन दिन्छन् । उ नै त्यहाँको पुजारी हुन्छ । पुजारीको अनुहारमा आश्चर्य शक्ति पैदा हुन्छ । उसले नागदेवताहरूको हानी हुने काम नगर्न प्रयत्न गर्दछ । यदि हानी भएमा कोही जिवित रहन नसक्ने जानकारी गराउँदछ । यसपछि उनीहरू पुजारीका साथ अनेकौं प्रार्थना गर्दै कौसी गाउँमा पुग्ने काम गर्दछन् । पुजारी केही समय अलप भयपछि दुईओटा नाग काँधमा बेरिएको तीन जना भिमकाय नवयुवकको साथमा देखा पर्दछ । पात्रहरूलाई उक्त गाउँमा प्रवेश गराउने अनुमति दिन्छन् । भ्रमण टोलीको लिलाले पुजारीसँग गाउँमा एक वर्ष देखि कुनै केटो नजन्मिएको प्रत्येक स्त्रीले केटी मात्र जन्मिएकोले नाग देवतालाई हँसायोलाई बलि दिनको लागि तयार हुन्छन् । त्यसैले तिमी नडराउ म पहिले नै त्यहाँ जान्छु । अहिले हँसायोलाई साथमा लिएर नाग देवताको मन्दिरमा जान्छन् । तपाईंलाई कुनै हानी नोक्सान पुऱ्याउने छैन भन्ने सङ्केत दिन्छ । त्यसपछि हसायो नृत्य प्रस्तुत गर्दै नाग देवताका अगाडि पर्दछन् । घरी नागदेवता हँसायोको मुखसम्म फणा फिजाएर आउँदछ । त घरि तल झर्छ । एवम् रितले हसायो र नाग देवताको बीचमा युद्धको तयारी हुँदै थियो । साथै समयमा हँसायोले नागको घाँटीमा हातले जोडले समातेर त्यसपछि नागले रिस देखाउँदै क्रोधले फँ-फँ गर्दै पल्टदै हँसायोको जिब्रोमा डसिदियो । हँसायोको घाँटीबाट हृदय विधारक आवाज आयो । त्यस पछि उनी जमिनमा ढलिन् उनको शरीर निलो भइसकेको थियो । मुखमा फिँज निस्केको थियो । अन्तिममा उनको मृत

शरीरलाई नागले दुई चक्कर लगाई आफ्नो गुफा तर्फ लाग्यो । उक्त घटनाका प्रत्यक्षदर्शीहरूले कसरी पुजारीको झुपडीमा आइपुगेका थिए । उक्त भयावक विषय  एउटा सपना बनेर रहेको र उक्त समयमा नै एउटी गर्भवती आइमाइले छोरा जन्माएकोले नागदेवताले हँसायोको बलिदान स्वीकारेको थियो भन्ने आधार प्रष्ट  देख्न सकिन्छ ।

**३.६.३.३. चरित्र चित्रण**

प्रस्तुत **नागदेवताको पुजा** कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण रहेको पाइन्छ । चारित्रिक पात्रहरूको क्रियाकलापबाट नै कथावस्तु रोचक बनेको हुँदा कथामा भागलिने पात्रहरूको निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क) भ्रमण टोलीको सदस्यहरू**

प्रस्तुत **नागदेवताको पूजा** कथामा भाग लिने सक्रिय पात्रहरूमा भ्रमण टोलीका सदस्यहरूको भूमिका महफ्वपूर्ण रहेको मानिन्छ । भ्रमण टोलीमा सहभागी सदस्यहरू खीला रूजवेल्ट, अरमक डेन्स, रोय फिलिरप र जेक केनी हुन् उनीहरूमध्ये भ्रमण टोलीको नेतृफ्व अरमक डे-सला थियो । उनीहरूको मुख्य उद्देश्य भनेको वर्माको कौसीको भन्ने गाउँमा छोरा नजन्मिएको कारण नागदेवता रिसाएको कारण हो भन्ने धार्मिक विश्वसाको कारण हँसायो नामकी बालिकालाई नाग देवताको लागि बलि दिन लागेको दृष्य हेर्नको लागि जानु नै प्रमुख प्राथमिकता थियो । उक्त भ्रमणमा जानको लागि उनीहरूले कठिन यात्राको जोखिम लिएको देखिन्छ भने कति पटक स्वदेश फर्कने समय योजना बनाएको प्रसङ्ग कथावस्तुमा देख्न सकिन्छ । जेक कैन भ्रमण टोलीको होसियार ड्राइभर तथा मेकानिक्स थियो भने अन्य सदस्यहरू आफ्नो कलामा निपूण देखिन्थे ।

**ख) माइकल जोजफ**

प्रस्तुत कथामा माइकल जोजफ थण्डरफ्रेस नामको पात्रको भूमिका गौण रहेको पाइन्छ । तापनि भ्रमण टोलीका सदस्यहरूलाई यात्राका क्रममा सहयोगी भूमिका निर्वाह गरेको देखिन्छ । जोजफ १० वर्ष पहिले भारतबाट बर्मा आएको र आफ्नो प्रभुत्वको कारण उसले सरदारको रूपमा रहेर जनताबाट विश्वास प्राप्त गरेको थियो ।

**ग) पुजारी**

पुजारीको भूमिका **नागदेवताको पूजा** कथामा गौणपात्रको रूपमा देखा पर्दछ । पुजारीले कौशीको नामको गाउँमा अवस्थित नागदेवताको पूजा गर्ने जिम्मेवारी लिएको हुन्छ । उसले आफ्नो भेष बदल्नुका साथै नयाँ आगन्तुकहरूको लागि सहज वातावरणको सृजना गर्न सफल भएको छ । नागदेवताको पूजा गर्ने क्रममा हँसायोलाई वलि दिएको दृष्य हेर्ने क्रममा पुजारीले भ्रमण टोलीलाई सहजीकरण गरेको पाइन्छ ।

**घ) हँसायो**

हँसायो नागदेवताको पूजा कथाको गौण पात्र हुन् । गाउँमा १ वर्ष भित्रमा कुनै पनि आइमाइहरूले छोरा नजन्माएको कारण नागदेवतालाई वलि दिन तयारी गरेको कन्याको रूपमा हँसायोलाई अगाडि सारिएको छ । उनीले नागदेवताको अगाडि विभिन्न किसिमको नृत्यका साथ अगाडि बढेको देखिन्छ । हँसायोले नृत्यको क्रममा नागदेवताको घाँटीमा समात्न पुगेको हुन्छिन् । नृत्यकै क्रममा नागदेवताले हँसायोलाई डसि उनको प्राण लिएको हुन्छ जसको कारण कौसीको गाउँमा एउटी महिलाले छोरा जन्माएको  प्रसङ्ग कथामा प्रस्तुत गरेको पाइन्छ ।

#### ३.६.३.४. भाषाशैली

प्रस्तुत **नागदेवताको पूजा** कथामा प्रयोग भएको भाषा सरल, सरल एवम् सुबोध्य प्रकारको मानिन्छ। कथामा प्रयुक्त भाषामा विशिष्टताको प्रचुरता पाइन्छ । कथामा नागदेवतालाई वलि दिने क्रममा हँसायोाको नृत्यको दृश्यले भ्रमण टोलीका सदस्यहरूमा आश्चर्यको साथै रोचकता प्रदान गर्नु उपयुक्त भाषाशैलीको संयोजन भएको पाइन्छ ।

#### ३.६.३.५. दृष्टिबिन्दु

प्रस्तुत **नागदेवताको पूजा** कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग प्रचुर मात्रामा देखापरेको छ । भ्रमण टोलीका सदस्यहरूले बर्माको कौसीको गाउँमा अवस्थित नागदेवताको पूजा गर्ने क्रममा हँसायो नामकी कन्यालाई वलि दिने दृश्य हेर्ने क्रममा खेलेको भूमिका वाह्य दृष्टिबिन्दुको उदाहरणका रूपमा लिन सकिन्छ ।

#### ३.६.३. ६. उद्देश्य एवम् सारवस्तु

प्रस्तुत **नागदेवताको पूजा** कथाको मुख्य उद्देश्य भनेको बर्माको कौसीको गाउँमा अवस्थित नागदेवताको पूजा गर्ने क्रममा उक्त गाउँमा एक वर्षदेखि कुनै पनि महिलाहरूले छोरा नजन्माई छोरी मात्र जन्माएको कारण नाग देवता रिसाएर हो भन्ने मान्यता अनुरूप कौसीको गाउँबाट हँसायो नामकी कन्यायलाई वलिदिने योजना भएकामा बर्माबाट भ्रमण टोलीमा निस्केका सदस्यहरूले हँसायोलाई वलि दिएको दृश्यलाई कथामा रोचक ढङ्गले प्रस्तुत गरेको देखिन्छ । यसैगरी उक्त दृश्य हेर्न जाने क्रममा भ्रमण टोलीको सदस्यहरूले पाएको कठिनाई, पुजारीको अनुहारमा देखिएको विजयका चिन्हहरूले भ्रमण टोलीका सदस्यहरूलाई आश्चर्य चकित पार्नु कथाको प्रमुख उद्देश्य थियो । हँसायोलाई नागदेवता सामु वलि दिएपछि डराएर मारेपनि उक्त गाउँमा घटना घटेकै दिन एउटी महिलाले पुत्र जन्माएको विषयले कथामा धार्मिक विश्वास बढेको पाइन्छ ।

#### ३.६.३.७. देशकाल परिवेश

प्रस्तुत **नागदेवताको पूजा** कथाका लेखक हिल डेवर्स हुन् । उनले यस कथाका माध्यमबाट बर्माको कुनै सुन्दर स्थानबाट ५ जना भ्रमण टोलीमा सहभागीहरूको कौसीकी नाउँको गाउँमा नागदेवताको पूजागर्ने क्रममा उक्त गाउँमा एक वर्षको समयभित्र कुनै देवताको पूजागर्ने क्रममा उक्त गाउँमा एक वर्षको समय भित्र कुनै पनि महिलाहरूले छोरा नजन्माएको कारण नाग देवतालाई हँसायो नामकी बालिकालाई वलि दिएपछि पुत्र प्राप्त भएको कथालाई रोचक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । कथाका पात्रहरूले कौसीकी गाउँमा जाने क्रममा धेरै जोखिम भोग्नु परेको, माइकल जोजफ थण्डरफ्रेस, पुजारीहरूले सहयोगी भूमिका खेलेको पाइन्छ । पुजारीले नागदेवताको पूजा गर्ने क्रममा भ्रमण टोलीलाई नयाँ स्थानमा सहज वातावरण कायम गर्न सफल भएको पाइन्छ । हँसायोलाई नागदेवतालाई वलि दिने क्रममा बाजागाजाका साथ हँसायोको नृत्याङ्गले नागलाई केही समय उत्तेजित गरेको पाइन्छ भने कहिले हसाँयोले नागको घाँटीमा समाति डसि दिएर मृत अवस्थामा पुऱ्याई २ फन्का मृत शरीरमा घुमी नाग आफ्नो गुफा तर्फ लागेको सोही समयमा एउटी गर्भवती महिलाले पुत्र जन्माएको विषयलाई पुजारीले जानकारी गराएको थियो । उक्त दृश्यावलोकन गर्नजाने भ्रमण टोलीका सदस्यहरूको मनस्थितिमा उक्त घटना सपना जस्तो गरी रहेको प्रसङ्ग कथामा पढ्न पाइन्छ ।

### ३.६.४. निर्विरोध कथाको विश्लेषण

#### ३.६.४.१. शीर्षक सार्थकता

प्रस्तुत **निर्विरोध** कथाका लेखक श्याम जोशी विछोड हुन् । उनले यस कथाका माध्यमबाट बीरेले भर्खर मात्र विवाह गरेको स्वास्नीलाई काजीको परिवारमा राखेर आफू, काजीको भारी बोक्ने क्रममा

सहर पसेको हुन्छ । यता स्वास्नीलाई कजिनीले एक्लै कोदो टिप्ने क्रममा अरिङ्गालको टोकाईबाट मृत्यु भएको हुँदा बीरेलाई छाँगाबाट खसेको हुँदा उसले कजिनीलाई स्वास्नीको मृत्युको बदला लिने क्रममा घाँटीमा अठ्याएर मारी दिने क्रममा निर्विरोध कथा सफल भएकाले शीर्षकले सार्थकता प्राप्त गरेको पाइन्छ ।

### ३.६.४.२. कथानाक/ कथावस्तु

प्रस्तुत **निर्विरोध** कथामा कथाको मुख्य पात्र बीरेले खेलेको भूमिका महफ्वपूर्ण मानिन्छ । बीरेले विवाह गरेको श्रीमतीले आफुलाई एक्लै नछोडी जाउ भन्ने आग्रह गर्दा समेत काजीको सामान बोकेर सहर पस्न बाध्य हुन्छ । उ शहरमा रहँदासम्म श्रीमतीको सम्झनाहरूले बेलाबेलामा झस्काई रहेको देखिन्छ । उसले श्रीमतीलाई चङ्गा र आफू  चङ्गाको करङ्ग भएको तुलना गर्नपुग्छ । श्रीमतीको आगमन भएपछि  बीरेको जीवनमा सुखद् अनुभूतिको कल्पना जगमगाई रहेको पाइन्छ ।  नभन्दै एकदिन बीरे सहरबाट घर फर्किन्छ, घर फर्किदा एक जोर चाडपर्वमा लाउने खालको फरियाचोलो लिएर घरमा आएर आफ्नी स्वास्नीलाई निकै पटक बोलाउँछ पनि श्रीमती नबोलेपछि आफ्नो घरलाई मसान घाटको रूपमा तुलना गर्नपुग्छ । पल्ला घरको सेती बज्यैले सुक सुकाउँदै दुःख नमान, कर्ममै यस्तो लेखेको रहेछ । काजीको कोदो टिप्न दिनहुँ जाने क्रममा अरिङ्गालले टोकेर आफ्नो स्वास्नीको मृत्यु भएको जानकारी पाएको हुन्छ । उक्त घटनाले कजिनीले आफ्नो ज्यान प्यारो भएको कारण गरिब बीरेको स्वास्नीको ज्यान गएको, उता बीरेको घर भत्किएको, मुटु चुडिएको झैँ भएको हुन्छ, बीरे बौलाह जस्तो भएर कजिनीलाई भेटेर आफ्नी स्वास्नीको घाँटी अठ्याई रहेझैँ लागेर उसले कजिनीको घाँटी अठ्याएर उसको रगत पिएर सन्तोषको सास फेरी आफू लाई निर्विरोध विजय भएको घोषणा गर्दै कथा वस्तुको अन्त्य हुन्छ ।

### ३.६.४.३. चरित्र चित्रण

प्रस्तुत **निर्विरोध** कथाका पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । उनीहरूले कथामा कँही प्रमुख भूमिका खेलको पाइन्छ भने कतै गौण भूमिका खेलेका छन् । जसको छोटकरीमा तल चर्चा गरिन्छ ।

**क) बीरे**

बीरे **निर्विरोध** कथाको प्रमुख सक्रिय पात्र मानिन्छ । उसले कथामा खेलेको भूमिका महफ्वपूर्ण रहेको देखिन्छ । बीरले आफ्नो कर्मलाई दोष दिँदै भर्खर मात्र विवाह गरेकी श्रीमतीलाई घरमा छाडेर सहर पस्न वाध्य हुन्छ । यता घरमा रूप र सौन्दर्यकी खानी रहेकी स्वास्नीलाई कजिनीले कोदो टिप्न मेलामा पठाउने क्रममा अरिङ्गालले टोकेर मृत्यु भएको थाहा पाउँछ । जसको कारण बीरे एक्लै रहेको समयमा कजीनीको गला निमोठी कजिनीको हत्या गर्न निर्विरोध सफल भएको घोषणा गर्दछ ।

**ख) काजी**

काजी यस कथाको गौण पात्र हो । उसले कथामा बीरेलाई भारी बोकाएर सहर लाने काम गर्दछ । यता घरमा कजीनीले कोदो टिपाउने क्रममा बीरेको स्वास्नीको अरिङ्गालको टोकाईबाट मृत्यु हुन्छ भने घरमा बीरेले कजिनीको घाँटी निमोठी मृत्यु गराउने काममा संलग्न देखिन्छ ।

**ग) कजिनी**

कजिनी **निर्विरोध** कथाको गौण महिला पात्र हुन् । उनले काजी र बीरे घरमा नभएको समयमा बीरेकी स्वास्नीलाई आफ्नो घरमा कोदो टिप्न लगाउने क्रममा अरिङ्गालको टोकाईबाट मृत्यु हुन पुग्छिन् । यस घटनाले बीरेलाई मर्माहात पर्नुको साथै पागल बन्न पुग्छ, जसको कारण बीरेको हातबाट कजीनीको मृत्यु हुन्छ ।

**घ) सानी र बीरेको स्वास्नी**

सानी **निर्विरोध** कथाकी गौण महिला पात्र हुन् । उनले आफ्नो पती बीरेलाई औधी माया गरेकी हुन्छिन् । जसको कारण बीरेले आफ्नो दुःखलाई समेत विर्सिदिएको हुन्छ । नभन्दै एक दिन बीरे सहर गएको समयमा कजिनीको कोदो टिप्ने क्रममा सानीको अरिङ्गालको टोकाइबाट मृत्यु हुन्छ । जसको कारण बीरेको घर मसानघाट जस्तै हुन्छ भने बीरे एक्लै बौलाह जस्तो भएर सानीको मृत्युको प्रतिशोधमा कजिनीको हत्या गर्न पुग्छ ।

**ङ) सेती बज्यै**

सेती बज्यै पनि यस कथाकी गौण महिला पात्र नै हुन् । उनले बीरेलाई सहरबाट आएपछि स्वास्नीको मृत्यु भएको कुरा सुनाउँदछिन्, उनीले दुःख नमान कर्ममा यस्तै लेखेको रहेछ भन्दै सुक सुकाउँदै आफ्नु दुःख प्रकट गर्दछिन् । बीरेलाई शान्त रहन, स्वास्नीको विछोडलाई सहन आग्रह गर्छिन ।

**३.६.४.४. भाषाशैली**

प्रस्तुत कथा **निर्विरोध** मा उपयुक्त किसिमको भाषाशैलीको प्रयोग गरेको पाइन्छ । सरल, सरस एवम् सुवोध्य प्रकारको भाषाशैलीको प्रयोगले कथा रोचक मानिन्छ । कथाका पात्रहरूको क्रियाकलापले पनि भाषाशैलीको उपयुक्त संयोजन भएको पाउन सकिन्छ ।

**३.६.४.५. दृष्टिबिन्दु**

**निर्विरोध** कथा पनि वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ । कथाका पात्र बीरेले आफ्नो प्राणप्यारी स्वास्नीलाई एक्लै घरमा छाडी आफु काजीको भारी बोक्न सहर पस्नुपर्ने वाध्यता कजिनीले बीरेकी स्वास्नीलाई मेलामा पठाउने क्रममा भएको मृत्युले पनि कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ ।

**३.६.४.६. उद्देश्य एवम् सारबस्तु**

**निर्विरोध** कथाको मुख्य उद्देश्य भनेको गरीबिको कारण आफ्नो रूप र सौन्दर्यले धनी प्राण प्यारी पत्नीलाई घरमा एक्लै छोडेर हिँड्नु परेको व्यथा कथामा बीरेले भोग्नु परेको देखिन्छ । भने गरिबीको कारण अर्काको घरमा काम नगरिकन जीवन जुगारा गर्न नसकिने अवस्थामा बीरेको स्वास्नीले कजिनीको घरमा कोदो टिप्ने क्रममा आफ्नो जीवन गुमाउनु परेको घटना कथामा प्रमुखताका साथ अगाडि सारिएको पाइन्छ । बीरेले काजीको भारी बोकी सहर जानु पर्नाको परिस्थितिको कारण आफ्नी स्वास्नीलाई एक्लै घरमा छाडेर हिँडेको हुन्छ । सहर जाने क्रममा सानीले चाडपर्वमा लगाउने एक जोर फरिया चोलो ल्याइदिने आग्रहलाई बीरेले विर्सिएको हुँदैन । बीरे सहरबाट घर आएर स्वास्नीलाई धेरै पटक बोलाउँदा पनि प्रतिक्रिया नआएपछि बीरेको होस् हवास गुम्छ । आफ्नो घरलाई मसानघाट देख्छ, आफू पागल हुन्छ । कजीनीले आफ्नो गरिब स्वास्नीलाई बोलाएर ज्यान लिएको सम्झन पुग्दछ र अन्त्यमा कजिनीलाई नै घाँटीमा अठ्याई मृत्युको मुखमा पुऱ्याउन बीरे सफल हुनुलाई निर्विरोध घोषणा गर्दछ ।

**३.६.४.७. देशकाल परिवेश**

प्रस्तुत **निर्विरोध** कथाका पात्र बीरेले आफ्नो दुःखदायी जीवनमा भोग्नु परेको कठिनाई र काजीको निगरानीमा रहेर काम गर्नुपर्दा आफ्नो दुःखको सहारा बनेकी जीवन सङ्गिनी सानीको मृत्युलाई एउटा जीवनकै दुःखदायी विछोडको रूपमा लिएको हुन्छ । गरिबीको कारण आफ्नो यौवन अवस्थाको समयमा राम्रो लगाउने र मिठो खाने विषयलाई  सानीले बीरे सहर जाने समयमा एक जोर फरिया चोली लिएर आउनुस् है, चाडपर्वमा लगाउने कपडा भनी सम्झाएको प्रसङ्गले बीरेलाई मर्माहित पारिएको थियो । बीरेको परिवारले काजीको परिवारमा गर्नुपरेको श्रमलाई धनीको विलासपूर्ण जीवनमा बीरेले साथ दिएको हुन्छ भने कजिनीको सहारा सानीले दिएकी हुन्छिन् । घरको मेलापात

गर्ने क्रममा गरिबीको रेखामुनि रहेका सदस्यहरूले नै धनी वर्गलाई साथ सहयोग दिने गरेको पाइन्छ । काजीको आग्रहलाई स्वीकार गर्ने क्रममा बीरेले आफ्नी स्वास्नी गुमाउनु परेको छ । भने कजिनीले मेलापातमा भएको घटना अथवा अरिङ्गालको टोकाईबाट सानीको मृत्युको कारण बीरेले कजिनीलाइ निर्विरोध घाँटी समाति हत्या गर्न पुगको हुन्छ ।

## ३.६.५. अधुरो कथा कथाको विश्लेषण

### ३.६.५.१. शीर्षक सार्थकता

प्रस्तुत **अधुरो** कथाका लेखक जितेन्द्र महत अभिलाषी हुन् । उनले यस कथामा म पात्रले अनुभूति गरेको समाजमा देखिएको भोकानाङ्गा मानवहरूको दिनचर्याको विषयमा केन्द्रित भएको पाइन्छ । म पात्रको कथा शीर्षक एउटा ठीटोको आत्माकहानीले लेखिसक्दा पनि कथाको विषय अधुरो भएकोले कथाको शीर्षक सार्थक भएको पाइन्छ ।

### ३.६.५.२. कथानक /कथाबस्तु

प्रस्तुत **अधुरो** कथामा कथाको म पात्रले देखेका भोगेका विषय वस्तुहरूलाई मुल विषयबस्तु बनाउन खोजिएको छ । यसको साथै जीवनमा देखा परेका रोदन, पीडा, अनि आनन्दको अनुभूति कथामा भेट्न सकिन्छ । म पात्रले महाङ्कालस्थान अगाडि देखापरेका अन्धा लाटोको हार्मोनियम वादन र मादलको साथमा देखाइरहेका थिए । उक्त नाच हेर्ने क्रममा एउटा ठिटो नाचहेर्ने क्रममा  अगाडि आएर गुलुलु गुग् गुजुल गरेर हाँस्यो । उसको जीउमा एक धरो कपडा पनि थिएन ।  मैलो गनाउने झुम्रे देखियो । उ घरी नयाँ सडक घरी बसन्तपुर घुम्दै म पात्रको साथमा देखा पर्‍यो । उसलाई होटलमा मिठाई ख्वायो । आफ्नो नग्न अवस्थामा उसको कामदेव हातले समातेको दृश्य हेर्ने नारी पुरूषहरू देखिन्थे । उ आफ्नै पारामा हाँसो छोड्दै समाजलाई व्यङ्ग्य गरेको भान हुन्थ्यो । यसै समयमा म पात्रले आफ्नो कथाको मुख्यनायक खोजिरहेको थियो जसको परिणाम म पात्रले उक्त केटालाई आफू  नजिक बोलाएर उसलाई बुझ्ने क्रममा उसको हाँसो गहिरो दृष्टिले म पात्रलाई हेर्दै यो हाँसो एउटा लोक कथाको दानवको हो । भनी कथावस्तु बताएको थियो । उसले बोलेर हिँड्नु भन्दा लाटो बनेर हिँड्नु मै मजा हुने, लाटो भए  सबैले केही न केही दिने भएको तथ्य म पात्रललाई सुनाउन पुग्छ । उसले हाँसेको हाँसो राक्षसले देवताहरूलाई डर देखाउने हाँसेको प्रसङ्ग पनि भन्न पुगेको थियो । तर म पात्रको कथाको विषय अधुरो नै रही कथा टुङ्गिन पुग्दछ ।

### ३.६.५.३. चरित्र चित्रण

प्रस्तुत **अधुरो** कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । जुन पात्रहरूको निम्नलिखित चर्चा गर्न सकिन्छ ।

#### क) म पात्र

**अधुरो** कथाको प्रमुख पात्रको रूपमा म पात्र देखापरेको छ । उसले महाङ्कालस्थानमा नाच देखाउने अन्धा, लाटोदेखि एउटा ठिटोको विषयमा धेरै जानकारी लिन सफल हुन्छ । यसको साथै म पात्रको कथाको मुख्य नायकमा एउटा ठिटो देखापर्दछ, उसको गुलुलु गुज गुलुल गरी हाँस्ने राक्षसी अभिनय गरेर उसले केही नबोली लाटोको अभिनय गरेता पनि म पात्रलाई कथाको विषयवस्तु प्राप्त भएको हुन्छ । म पात्रले समाजमा मानवीय व्यवहारको अगाडि दानवी व्यवहार देखा परेको प्रसङ्ग प्रस्तुत गरेका छन् ।

#### ख) ठिटो

**अधुरो** कथाको विषय एउटा ठिटो कथाको गौणपात्र मानिन्छ । उसले आफ्नो शरीरमा कुनै पनि धरो लगाएको हुँदैन । उसले महाङ्कालस्थान अगाडि अन्धोले बजाएको हार्मोनियम र मादल बजाएर नाच

देखाउने लाटोको नृत्य हेरिरहेको थियो, उसले एउटा राक्षसले हाँसोको अभिनय गरेर समाजलाई व्याङ्ग्य गरेको थियो भने म पात्रको लागि उपयुक्त पात्र बनेको हुन्छ ।

**ग) अन्धो मान्छे**

अन्धो मान्छे यस कथाको गौण पात्र हो । उसले कथामा महाङ्कालस्थान अगाडि हार्मोनियम बजाएर दुईचार पैसा जम्मा गरी आफ्नो जीवन गुजारा गरिरहेको हुन्छ । उसको हार्मोनियमको तालमा उसको स्वास्नी नृत्य देखाउँदथिन् ।

**घ) लाटी मान्छे**

लाटी मान्छे यस कथामा प्रयुक्त गौण महिला पात्र नै हुन् । उनले गरिबी र अपाङ्गताको बाबजुत पनि जीवन निर्वाहको लागि मादलको तालमा आफ्नो नृत्य देखाएर दुई चार पैसाको भरमा आफ्नो जीवन गुजारा गरेकी हुन्छिन् ।

**३.६.५.४. भाषाशैली**

**अधुरो** कथाको भाषाशैली सरल, सहज र सुबोध्य प्रकारको पाइन्छ । कथावस्तुमा प्रयुक्त पात्रहरूको क्रियाकलापको कारण अधुरो कथा रोमान्चकारी एवम् गहन भावहरू समेटिएको पाइन्छ ।

**३.६.५.५. दृष्टिबिन्दु**

**अधुरो** कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा प्रयुक्त पात्रहरूको गरिबी र अपाङ्गताको जीवन सघारमा राखि आफ्नो कला र सृजनाको भरमा बाँच्न विवश हुनुपरेको घटनाले कथाबस्तु विधारक बन्न पुगेको पाइन्छ । त्यसैगरी कथाका पात्रहरूको क्रियाकलापको कारण कथामा वाह्य दृष्टिबिन्दु नै पाइन्छ ।

**३.६.५.६. उद्देश्य एवम् सारबस्तु**

प्रस्तुत **अधुरो** कथाको मुख्य उद्देश्य भनेको गरिबीको ज्वालामा बाच्न विवश लाटी, अन्धाको जीवनमा भोग्नु परेको व्यथा कथालाई मुलविषय बनाउन खोजिएको छ । भने अर्को तर्फ परापुर्वकालमा देबता र दानव बीचको झगडामा देवताहरूले पनि दानवलाई दु:ख दिएको कारण एउटा गुलुलु गुग गुलुलु हाँसी छोड्ने एउटा ठिटोको अभिनयलाई समेत कथामा प्राथमिकता दिइएको छ । कपडाको धरोसम्म पनि नलगाएको ठिटोले आफ्नो हाँसोले देवताहरूलाई डर देखाउन राक्षसको अभिनय गरी समाजलाई व्यङ्ग्य गरेको जस्तो लाग्दछ । जे भए पनि उक्त ठिटो म पात्रको सामु पुगेपछि उसले हाँसोमा परिवर्तन गर्दै कथाको मुख्य नायक बनेको हुन्छ तर पात्रको कथाबस्तु अधुरो नै बनेको पाइन्छ । यस कथामा गरिबी र अपाङ्गतामा गुज्रन पुगेको पात्रहरूले आफ्नो सृजनात्मक प्रतिभाको कारण बाँच्न विवश देखिन्छन् ।

**३.६.५.७. देशकाल परिवेश**

प्रस्तुत **अधुरो** कथाको परिवेश गरिबी अपाङ्गताको भूमरीमा जीवन गुजारा गर्ने लाटा, अन्धाहरूको नाचले कथामा केही स्थान ओगटेको छ । त्यसैगरी नयाँ सडकबाट निस्केको एउटा नग्न ठिटोले महाङ्कालअगाडि आएर हार्मोनियम बादन तथा मादल बजाउने लाटी अन्धाहरूको नाचले जीवन धान्न केही गरेको छ । त्यसैगरी ठिटोले आफ्नो हाँसोमा परिवर्तन गर्दै मुस्कुराउन आफले सद्दे मान्छे भएवापत समाजबाट केही नपाएको कारण उ नबोल्ने भएको हुन्छ । उसलाई लाटो भएर रहन नै आनन्द लाग्छ । भने उसले पौराणिक लोककथामा सुनेको गुलुलु गुज गरी हाँस्नेलाई राक्षहरूको

उपस्थितिले देवताहरूले दुःख नदिने भएको कारण उक्त हाँसो हाँसेको हुन्छ । उक्त ठिटोले व्यक्त गरेको कथाका पंक्तिहरूले म पात्रको कथावस्तु अधुरो बन्न पुगेको छ ।

## ३.७. अङ्क सातमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.७.१. अनुमान कथाको विश्लेषण

#### ३.७.१.१. शीर्षक सार्थकता

प्रस्तुत **अनुमान** कथाका लेखक ध्रुब सापकोटा हुन् । उनले यस कथामा 'म' पात्रले आफ्नो एक्लो छोरा उमेशको बालक्रियाकलापको कारण सृजना भएका समस्याहरूलाई कथाको विषयवस्तु बनाई शीर्षक सार्थकता भएको अनुमान गर्न सकिन्छ।

#### ३.७.१.२. कथानाक /कथावस्तु

प्रस्तुत **अनुमान** कथाको मुख्य 'म' पात्रको उमेश ५ (पाँच) वर्षको नपुग्दै आमाले छोडेर गएकी हुन्छे । यता उमेशको बाबुको नोकरी भएको कारण छोरालाई खाना पकाउने, खुवाउने, विद्यालय टिफिनसहित पठाउनु पर्ने वाध्यता हुन्छ । यस्तो अवस्थामा उमेशको बाबु कहिले काँही अफिसबाट ढिला आउनुपर्ने वाध्यतामा छोराको गतिविधि के होला भनी चिन्तित हुनुपर्ने हुन्छ । उसलाई अफिसबाट हिँडेर कोठामा आइपुग्न २ घण्टा लाग्छ । बेलुका सात बजेको हुन्छ, छोरालाई केटाकेटी भएको कारण आठ तीसमा निद्राले छोपी सकेको हुन्छ । उसलाई खाना ख्वाउन गाली गर्नुपर्ने हुन्छ, पानी छ्याप्छु भन्दा जुरूक्क उठ्ने गर्छ । उसको क्रियाकलापले कहिले त बेलुका सात बजे नै खान ख्वाउन मन लाग्छ तर उमेशको बुबाले भ्याएको हुँदैन । यस्तो अवस्थामा म पात्रलाई कहिले नोकरी छोडेर व्यापार गर्ने मोड चल्छ तर सक्दैन । बेलुका कहिले त छोरालाई साँचो छाडिदिन खोज्छ तर स्कुलमा नै हरायो भने के गर्ने, चकचके भएको कारण विस्वास गर्न सक्दैन । घरबाट टाढा खेल्न नजानु, ढोका खोलेर नराख्नु, खेले पनि घर वरिपरी खेल्नु भनेकोमा उमेशले ठीक विपरित काम गरेको कारण घरबाट किम्ती सामान चोरी भएकोमा म पात्रले उमेशलाई पिट्न पुग्छ । जसको कारण उसले खाना खान मान्दैन, तैले गल्ती गरेको कारण मैले तलाई पिटेको, अरूबेला पिटेको छैन भनी म पात्रले छोरा उमेशसँग माफी माग्छ । उसको सरसफाइमा ध्यान दिन्छ । साथीहरूको एक्लै बस्न सक्छौं भनेको सम्झन्छ, दशैंमा उमेशलाई पोखरा लगेर पर्व मान्ने निर्णय गर्छ । अन्तमाः उमेशले के सपना देख्दै होला भनी उसको निधारमा हात राखी म पात्रले अनुमान गर्दै कथा टुङ्गिन पुग्छ ।

#### ३.७.१.३. चरित्रण चित्रण

प्रस्तुत **अनुमान** कथामा प्रयुक्त पात्रहरूले महफ्वपूर्ण भूमिका खेलेको पाइन्छ । जुन चारित्रिक पात्रहरूको चर्चा छोटकरीमा तल गरिन्छ ।

**क) म पात्र**

प्रस्तुत **अनुमान** कथामा म पात्रको भूमिका सक्रिय देखिन्छ । उसले यस कथाको माध्यमबाट आफ्नो एक्लो छोरो उमेशको लालन पालनमा आफुले धेरै समय बिताएको हुन्छ । कहिले त उसलाई होटलमा नै खाना खाने इच्छा हुन्छ । तर छोराको कारण उसले समयको पावन्दी भित्र रहेर आफ्नो दैनिकी सम्पन्न गर्नुपर्ने हुन्छ । उमेशको नाबालकपनको कारण उसले कोठाको साँचो समेत आफैं बोक्छ । छोराले नगर भनेको काम गर्ने भएकोले एकदिन कोठा खुल्ला राखेको समयमा सामान चोरी हुन्छ । छोरालाई पिट्न पुगेको हुन्छ । जसको कारण उमेशले बेलुकाको खान समेत खाएको हुँदैन ।

**ख) उमेश**

उमेश **अनुमान** कथाको गौणपात्र मानिन्छ । उ बाबुको एक्लो छोरा भएको र उसको आमा ५ वर्षको उमेरमा नै हिँडेकोले उसको सम्पूर्ण जिम्मेवारी बाबुले पुरा गर्नुपर्ने देखिन्छ । दिउँसो विद्यालय जाने बेलुका घर आउने कपडा खोल्ने, खेल्ने जस्ता कामहरू गर्नेगर्छ । बेलुका प्राय जसो निद्राको कारण छिट्टै सुत्नपुग्छ, खाना ख्वाउन बुबाले पानी छ्यापी उठाउनुपर्ने हुन्छ । आमाको माया ममता नपाउँदा पनि छोराले के कस्तो सपना देख्दो हो भनी बाबुले अनुमान गरेको हुन्छ ।

### ३.७.१.४. भाषाशैली

प्रस्तुत **अनुमान** कथाको भाषा सरल एवम् सरस प्रकारको पाउन सकिन्छ । कथामा प्रयुक्त पात्रहरूको कार्य व्यवहारले कथाबस्तुमा गहन प्रकारको भाबहरूसमेटिएको पाउन सकिन्छ । शैलीगत प्रवृत्ति सुबोध्य देखिन्छ ।

### ३.७.१.५. दृष्टिबिन्दु

प्रस्तुत **अनुमान** कथाको दृष्टिबिन्दु वाह्य प्रकृतिको नै पाइन्छ । किनभने म पात्रले छोरा उमेशको विचारमा पुऱ्याउनु परेको जिम्मेवारी र आफ्नो नोकरीको लागि राख्नु परेको र श्रीमतीको विछोडमा समेत उसले चित्त बुझाउनु वाह्य दृष्टिबिन्दुको उदाहरण मान्न सकिन्छ ।

### ३.७.१.६. उद्देश्य एवम् सारबस्तु

प्रस्तुत **अनुमान** कथाको प्रमुख उद्देश्य भनेको म पात्रले श्रीमतीको विछोडमा पनि छोरो उमेशको हेरचाह देखि लिएर विद्यालय पठाउने, ख्वाउने, ठीक समयमा अफिसबाट घर पुग्नुपर्ने जस्ताः जिम्मेवारी वहन गर्न पुगेको पाइन्छ । यसको साथै आफ्नो नोकरीलाई नछोड्नु परेको कारण छोराको समयमा हेरविचार गर्न नसकेको समयमा छिमेकीहरूबाट समेत भनाई खानुपर्ने, आफ्नो साथीहरूले समेत एक्लै कति दिन रहन सक्ने भनी प्रश्न गर्ने गरेको अनुभूति म पात्रले गरेको हुन्छ । एकदिन नाबालक छेरालाई घरको साँचो दिएकोमा घरमा कोठा खुल्ला राखी उमेश टाढा खेल्न गएकोमा कोठाको सामान चोरी हुनु उमेशलाई बाबुले पिट्नु बेलुका उमेशले खाना खान नमान्नु जस्ता घटनाले म पात्रलाई धक्का दिएको हुन्छ । अन्तमाः छोरालाई निद्रामा के सपना देख्दो हो भनी म पात्रले उमेशको विषयमा अनुमान गरेको हुन्छ ।

### ३.७.१.७. देशकाल परिवेश

प्रस्तुत **अनुमान** कथाको परिवेश भनेको एउटा परिवारमा आमाको विछोडमा ५ वर्षको बालकको इच्छा आकांक्षा तथा क्रियाकालापहरूलाई म पात्रले नजिकबाट अवलोकन गरेको हुन्छ । उसले छोरा उमेशलाई समयमा खान ख्वाएर विद्यालय पठाउने, टिफिन पठाउने, कपडा लगाई दिने र आफुसमेत २ घण्टाको बाटो हिँडी अफिस पुग्ने काम गर्दछन् भने बेलुका ७:०० बजेमात्र घरमा आइपुग्दछ । छोरालाई खाना पकाएर ख्वाउने, आँखामा पानी छ्याप्ने, डर देखाए पनि उमेश आँखा चिम्ली उठ्ने गर्दछ । उमेशको बाबुलाई कहिले त होटलमै खाना खान मन लाग्छ तर छोराको कारण उ घर मै आउन वाध्य हुन्छ । उसले आउने दशैं पोखरामा गई छोरासँगै विताउने विचार गर्दछ । छोरो निद्रामा परेको कारण उसको टाउकोमा हात राखी उमेशको विषयमा अनुमान गरिरहेको हुन्छ ।

## ३.७.२. निष्कृतिको बन्धन कथाको विश्लेषण

### ३.७.२.१. शीर्षक सार्थकता

प्रस्तुत **निष्कृतिको बन्धन** कथाका लेखक हर्वट हेरिस हुन् । उनले आफ्नो कथामा दस वर्षको समयमा कथाका पात्र जार्जले आफ्नो श्रीमती इथलको स्वार्थीपन, खर्चिलो वानी र हुकुमी आदतबाट पीडित भएको प्रसङ्गले शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.७.२.२. कथानक एवम् कथावस्तु

प्रस्तुत कथामा पात्रहरू नोकर्नी र जार्जको बिचमा भएको कुराकानीलाई पहिलो प्राथमिकता दिइएको छ । भिखारीको विषयमा कुराकानी हुन्छ । जार्जर भिखारीको कपडा, रूपरङ्ग सबै मिलेको भनाई नोकर्नीले भनेकी हुन्छे । जार्जलाई आफ्नी स्वास्नी इथलमा भन्दा नोकर्नीमा राम्रा गुण र व्यवहारहरू भएको पाउँछ । त्यसैले जार्जले श्रीमतीप्रति क्रोध र आफूलाई निर्दोष प्राणी ठान्दछ । उ स्वतन्त्र भएर रहन खोज्छ । भिखारीसँग भेट हुन्छ कफी खान दिन्छ । केही मद् लागेको कारण भाँचिएको पुलमा भिखारीको नक्कली शरीर नदीमा खसाली आफू जङ्गलमा एकान्तको खोजीमा हिड्छ । माछा मार्ने सामान पुलमा छाडिदिन्छ । केही समयपछि जार्जलाई भिखारीको नाम याद हुन्छ तर थाहा हुँदैन खल्तीमा अखबारको टुक्रामा आफू दोशी भएको प्रहरीहरूले उक्त मान्छेलाई दुई जना आइमाईहरूलाई घाँटी निमोठी मारेको कारण कुकुर सहित खोजी गरेको पाउँछ । यसरी पुलिसको बन्धनमा परी कथा टुङ्गिन्छ ।

### ३.७.२.३. चरित्र चित्रण

प्रस्तुत **निष्कृतिको बन्धन** कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । कथामा देखापरेका पात्रहरूको छोटकरीमा चर्चा गरिन्छ ।

**क) जार्ज**

जार्ज यस कथाको सक्रिय पात्र मानिन्छ । जार्ज पनि माछा मारेर जीवन चलाउने प्राणी हो तापनि उसलाई आफ्नी स्वास्नीले धेरै टाउको दुखाएको हुँदा उ आफु स्वतन्त्र भएर जीवनयापन गर्न खोज्छ । तर पछि पुलिसको फन्दामा परी सजाँय भोग्न पछि पर्दैन तर वास्तवमा निर्दोषी हुँदाहुँदै पनि भिखारीको पोशाकले उसलाई परिबन्धमा फस्न पुग्दछ ।

**ख) नोकर्नी**

यो कथामा प्रयुक्त नोकर्नी गौण महिला पात्र हुन् । उनले जार्जलाई भिखारीको विषयमा धेरै कुरा बताएकी हुन्छिन् यस विषयले जार्जलाई आफ्नी स्वास्नी इथल विना बाँच्न चाहन्थ्यो । इथल भन्दा नोकर्नीका व्यवहारहरू राम्रा लाग्दथे ।

**ग) इथल**

इथल यस कथाकी गौण महिला पात्र मानिन्छिन् । उनी जार्जकी स्वास्नीको रूपमा परिचित छिन् । उनको स्वभाव, पतिलाई कचकच गर्नु, स्वार्थीपन देखाउने, हुकुम चलाउने बानीले जार्जलाई पीडा थपिएको हुन्छ । त्यसैले उ इथलबाट टाढा रहन खोज्दछ ।

**घ) भिखारी**

भिखारी **निष्कृतिको बन्धन** कथाको गौण पुरूष पात्र हो । उ पेशाले माछा मार्ने काम गर्दथ्यो । उसको अनुहार र कपडा ले जार्ज र भिखारीलाई छुट्याउन सकिदैनथ्यो । एक दिन जार्जले नक्कली भिखारीका कपडा पहिरी आफू जङ्गल गएको अवस्थामा गोजीमा भेटिएको कागजको टुक्रामा आफू अपराधी भएको र उसलाई खोजी गर्न कुकुरसहित प्रहरी खटिएको जानकारी पाउँदछ ।

### ३.७.२.४. भाषाशैली

प्रस्तुत **निष्कृतिको बन्धन** कथामा प्रयोग भएको भाषाशैली सरल, सरस एवम् सुवोध्य प्रकारको पाउन सकिन्छ । त्यसैगरी कथामा पात्रहरूले गरेको क्रियाकलापहरूलाई समेत उपयुक्त शब्द वाक्याशंहरूको संयोजन गर्नुले कथाको भाषाशैली तर्फको गहिराई थियो भन्ने आधार देख्न सकिन्छ ।

### ३.७.२.५. दृष्टिबिन्दु
प्रस्तुत **निष्कृतिको बन्धन** कथामा वाह्य दृष्टिबिन्दु कै प्रयोग भएको पाउन सकिन्छ, किनभने कथामा प्रयुक्त पात्रहरू नोकर्नी, भिखारी र जार्जको कथावस्तुमा खेलेको भूमिकाले नै कथाको संरचना वाह्य दृष्टिबिन्दुमा आधारित देखिन्छ ।

### ३.७.२.६. उद्देश्य एवम् सारबस्तु
प्रस्तुत **निष्कृतिको बन्धन** कथाको मुख्य उद्देश्य भनेको परिवारमा पत्नीको अनावश्यक क्रियाकलापको कारक पतिले आफू स्वतन्त्र हुन खोजेको प्रसङ्ग जार्जले व्यक्त गरेको धारणाबाट स्पष्ट बुझ्न सकिन्छ । यसको साथै जार्जले आफ्नी स्वास्नी इमानभन्दा नोकर्नीमा धेरै राम्रा गुणहरू पाएको हुन्छ । जार्ज माछा मार्ने क्रममा नदीमा जान्छ, जहाँ भिखारी पहिला देखिनै माछा मार्ने कार्यमा लिन देखिन्छ । जार्ज र भिखारीको अनुहार र कपडा एकै प्रकारको भएको कारण आफू  नक्कली भिखारी वनी जङ्गल प्रवेश गर्दछ भने भत्किएको पुलमा माछा मार्ने सामान छाडी नदीमा नक्कली कपडाको लास बनाई फ्याँकीदिएको हुन्छ, जसको कारण स्वास्नीको आफू  मरेको प्रमाणित होस् । यसरी जार्जले भिखारीको नाम सम्झी उसले लगाएको गोजीबाट एक टुक्रा कागजमा पढ्दा त उ ज्यानमारा भएको र उसलाई कुकुरसहित प्रहरी खोजीमा रहेको उ समातिन पुग्दछ । कथाको अन्त्य हुन्छ ।

### ३.७.२.७. देशकाल परिवेश
प्रस्तुत कथाको परिवेश भनेको गरीबिको कारण जार्जले माछामार्ने पेशा अपनाएको थियो । उसलाई श्रीमतीले धेरै दुःख दिएको कारण उ स्वास्नीबाट टाढा रहन खोज्थ्यो । उता भिखारी पनि माछामार्ने काममा नै तल्लिन थियो । केही समय जार्ज र भिखारीको भेट हुन्छ, कफी खाने काम हुन्छ र जार्जले आफू ले भिखारीको कपडा र भिखारीलाई आफ्नो कपडा लगाई दिई आफू  स्वतन्त्र भएर बाँच्न जङ्गल प्रवेश गर्दछ । तर उसले भिखारीको नाम खोजी गर्ने क्रममा आफ्नो खल्तीमा भिखारी दोषी भएको र उसले दुईवटा आईमाईको घाँटी निमोठी मृत्यु गरेको कारण कुकुरसहित पुलिस उसलाई पक्रन निस्केको हुन्छ । केही दिनपछि जार्ज पुलिद्वारा पक्राउ खान पुग्छ । यसरी यो कथा परिवबन्धको जालो भित्र रहेर कथाका पात्रहरूले खेलेको भूमिकाले कथा रोचक एवम् गहन प्रकृतिको मान्न सकिन्छ ।

## ३.७.३. निरीक्षण कथाको विश्लेषण
### ३.७.३.१. शीर्षक सार्थकता
प्रस्तुत **निरीक्षण** कथामा प्रयुक्त म पात्रलाई निरीक्षणको क्रममा निस्केको जानकारी पाएर 'म' पात्रलाई श्रद्धाका साथ अभिवादन गर्दै आदर देखाएको कारण शीर्षक सार्थकता भएका पाउन सकिन्छ ।

### ३.७.३.२. कथानक कथावस्तु
प्रस्तुत कथामा प्रयुक्त पात्रहरूमध्ये म पात्रले खेलेको भूमिका महफ्वपूर्ण मानिन्छ । किनकि निरीक्षणको क्रममा जिल्लाबाट गाउँमा जाने क्रममा उ पात्रले आदरका साथ अभिवादन गरेको र एउटी तामाङनी केटीको भट्टीमा लगेर कुखुरा कटाई रक्सीका साथ मासु ख्वाउन ठीक पारेको प्रसङ्ग कथामा प्रस्तुत गरिएको पाइन्छ । यसको साथै रक्सी र मासु खाई सकेपछि म पात्रलाई यही होटलमा नै बासबस्न आग्रह गर्दा उसले त्यहाँ एक्लै बसेकी तामाङनी केटीकहाँ बास नबस्ने निर्णयले उ पात्रलाई झस्का पसेको हुन्छ । म पात्र निरीक्षणमा आएको भए यही होटलमा बासबस्नु पर्ने हो पक्कै पनि यो निरीक्षक होइन भन्ने उ पात्रलाई पर्दछ । अन्त्यमा म निरीक्षणमा आएको होइन भने

पछिमात्र उसको विदा गर्दछ । उसले मलाई बेक्कार झुक्यायो भनी देश विगार्ने यस्तै उरन्ठेउला हुन् भनी चित्त बुझाउँछ ।

### ३.७.३.३. चरित्र चित्रण

प्रस्तुत **निरीक्षण** कथामा प्रयुक्त पात्रहरूले कथा वस्तुलाई रोचक तुल्याई दिएका छन् जसको चर्चा तल गरिन्छ ।

**क) म पात्र**

प्रस्तुत कथाको म पात्र सक्रिय पात्र मान्न सकिन्छ । म पात्र निरीक्षणको क्रममा जिल्लाबाट बाहिर निस्केको हुन्छ । उसलाई उ पात्रले अभिवादन गरी एउटी तामाङनीको केटीको भट्टीमा लगी मासु, रक्सी ख्वाउने काम हुन्छ । तर म पात्र भट्टीमा बास नबस्ने भएपछि उ पात्रलाई सङ्का पैदा हुन्छ । यो मान्छे त निरीक्षक नहुन सक्छ । किनकि पहिलेका निरीक्षक त्यही बास बस्ने गर्थे ।

**ख) उ पात्र**

प्रस्तुत **निरीक्षण** कथामा उ पात्रको भूमिका पनि सक्रिय नै देखिएको छ । किनकि उसले म पात्रलाई आदरका साथ अभिवादन गर्नु, होटलमा लगेर निरीक्षकलाई मासु, रक्सी ख्वाउनु आदि राम्रा पक्ष मानिन्छन् तर निरीक्षकले भट्टीमा वास वस्न इन्कार गरेपछि उ पात्रलाई नक्कली निरीक्षक भएको शङ्का उत्पन्न हुन्छ ।

**ग) तामाङनी केटी**

प्रस्तुत **निरीक्षण** कथामा तामाङनी केटी गौण महिला पात्र हुन् । उनीको व्यवसाय भनेको नै रक्सी व्यापार गरेर जीवन चलाउनु हो । जिल्लाबाट आउने निरीक्षकहरूलाई मासु रक्सी ख्वाउनु उनको पेशा थियो ।

### ३.७.३.४. भाषाशैली

प्रस्तुत निरीक्षक कथाको भाषाशैली सरल एवम् सरस प्रकृतिको पाउन सकिन्छ । कथामा प्रयुक्त पात्रहरूको भूमिकाले पनि कथावस्तु विशिष्ट प्रकारको मानिन्छ ।

### ३.७.३.५. दृष्टिबिन्दु

प्रस्तुत **निरीक्षण** कथामा वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ । किनकि कथामा प्रयुक्त 'म' र उ पात्रले खेलेको भूमिकालाई नजिकबाट हेर्ने हो भने वाह्य दृष्टिबिन्दुको प्रयोग मान्न सकिन्छ । त्यसमा होटलकी तामाङनी केटीको भट्टीपसलको पनि कम महत्व मान्न सकिँदैन ।

### ३.७.३.६. उद्देश्य एवम् कथासार

प्रस्तुत कथा निरीक्षणको मुख्य उद्देश्य भनेको पहिले जिल्लाबाट निरीक्षणको क्रममा गाउँमा आउने प्रशासकीय हाकिमहरूलाई गाउँका टाठाबाठाहरूले आफ्नो हार्दिक अभिवादनसहित स्वागतसत्कार गर्ने  र होटलमा मासु, रक्सी ख्वाउने गरेको प्रसङ्ग कथामा देखाएको छ । त्यसैगरी पहिलाका हाकिमहरू मासु रक्सी खाएर होटलमा बस्न खुसी हुने तर यसपालीको 'म' पात्र होटमा वास बस्न नमाने पश्चात् उ पात्रलाई निरीक्षक हो कि हैन भन्ने शङ्का उपशङ्का देखापर्छ । यस्ता व्यक्तिहरू निरीक्षक हुनै नसक्ने विचार व्यक्त गर्दछ । आफू  बेकारमा झुक्किएको अनुभूति गर्दै यस्तै उरेन्ठेउलाले देश विकास गर्ने हुन् भन्दै पश्चताप गर्न उ पात्र पछि पर्दैन ।

### ३.७.३.७. देशकाल परिवेश

प्रस्तुत **निरीक्षण** कथामा एउटा जिल्लाबाट ग्रामीण भेगको अवस्थामा निरीक्षण गर्न आएको प्रशासकीय हाकिमलाई उ पात्रले हार्द्धिकताका साथ अभिवादन गर्न पुगेको हुन्छ । बेलुका एउटा होटलमा तामाङनीको भट्टी पसलमा लगेर मासु ख्वाएर वास राख्ने आशय व्यक्त गर्दछ । तर निरीक्षकले आफू यही पसलमा वास बस्न अस्वीकार गरेको कारण उ पात्रलाई वास्तविक निरीक्षक नभएको विश्वास लिन्छ किनकि विगत समयमा निरीक्षणमा आउनेहरू भट्टी पसलमा मासु रक्सी खाएर बास बस्न सन्तुष्ट हुने तर यसपालीको निरीक्षक यही पसलमा बास बस्न नमानेपछि आफू झुक्किएको अनुभूति गर्न पुग्दछ र कथाको अन्त्य हुन्छ ।

## ३.८. अङ्क आठमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.८.१. पात कथाको विश्लेषण

### ३.८.१.१. शीर्षक सार्थकता

प्रस्तुत **पात** कथाका लेखक तोयानाथ गुरूङ हुन् । उनले यस कथामा एउटा पातको विषयमा धेरै कोणबाट प्रसङ्ग चलाएर प्रस्तुत गर्न खोजेको कारण शीर्षक सार्थकता भएको मान्न सकिन्छ ।

### ३.८.१.२. कथानक कथावस्तु

प्रस्तुत कथामा कथाको म पात्रले घर छाडेर १०/१५ दिन बाहिर जानु परेको कारण पातहरू हरिया हुने क्रमः पहेला भई क्रमशः झर्दै गएको अनुभूति गर्दछन् । घरभित्र रहेको पात झ्याल, ढोका बन्द गरेको समयमा उचित हावापानी घाम खण्डमा ओइलाउने गरेको पाइयो तर बाहिर रहेका पातहरूमा सूर्यको  ताप, पानी, हावा केही नचाहिने र ओइलाउँदै नओइलाउने गरेको पाइयो । श्रीमती बनर्जीले पात ओइलायो भने दशा लाग्ने धारणा राखेकी थिइन् तर म पात्रलाई दशा भनेको रोग, व्यथा, दुःख, कष्ट, मृत्यु हुन सक्ने तर घाम, पानी र हावा नभएका पात ओइलाउने कुरालाई आफैंभित्र राखेकी छन् । लहरा सहितको पातलाई सहारा चाहिन्छ जबकि लहरा बेरिएर रहन्छ । कतिपय डाँठहरूमा रोग लागेमा पातहरू पहेँलो हुँदै झर्न सक्छ । डाँठमा रोग लागेमा रोग लागेको भाग काटेर फ्याक्नु पर्दछ । बाँकी माटोमा रोपेमा नयाँ मुजुरा पलाउन सक्छ । यसरी म पात्रले डाँठबाट छुट्टिन नसकेका चारवटा पातहरू चुँडेर फ्याके पनि पातका रूपहरूलाई फ्याक्न चाहेको छैन ।

### ३.८.१.३. चरित्र चित्रण

प्रस्तुत '**पात**' कथाका चरित्रहरूकथामा कुनै सक्रिय रूपमा देखा परेका छन् । भने कुनै गौण रूपमा देखा परेका छन् । जुन निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क) म पात्र**

'**पात**' कथामा म पात्र सक्रिय रूपमा देखापरेको छ । म पात्रले पातको विभिन्न दृष्टिकोणबाट विवेचना गरेका छन् । पातलाई उचित हावापानी र प्रकाश नपाएमा ओइलाउने गर्छ भन्ने भाव स्पष्ट पारेका छन् । उनले पँहेला पात टिपे पनि पातको स्वरूप भने फ्याँक्न सकेका हुँदैनन्  ।

**ख) श्रीमती बनर्जी**

प्रस्तुत **पात** कथामा श्रीमती बनर्जीको भूमिका गौण रूपमा देखा परेको छ । उनले म पात्रलाई पात ओइलाएमा दशा लाग्ने विषयमा अभिव्यक्ति दिएकी हुन्छिन् । आफ्नो राष्ट्रियताप्रति बढी चासो देखाएकी हुन्छिन् ।

**ग) अनिता**
अनिता यस कथामा प्रयुक्त गौण महिला पात्र हुन् । उनीले म पात्रलाई घरको पं. धरणीधरको कालो सेतो रङ्गका तस्बीर दिएकी हुन्छिन् ।

**३.८.१.४. भाषाशैली**
प्रस्तुत '**पात**' कथाका लेखक तोयानाथ गुरूङ हुन् । उनले यस कथामा सरल एवम् सरस भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कथाका म पात्रले गरेको 'पात' को विषयमा अनुभूतिलाई विशिष्ट रूपमा व्यक्त गरेको पाइन्छ ।

**३.८.१.५. दृष्टिबिन्दु**
प्रस्तुत कथा '**पात**' शीर्षकको कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । किनकि कथाकी मुख्य म पात्रले खेलेको भूमिकालाई महफ्वपूर्ण मानिन्छ ।

**३.८.१.६. उद्देश्य एवम् सारबस्तु**
प्रस्तुत कथा '**पात**' कथाको मुख्य उद्देश्य भनेको कुनै पनि लहराका पातलाई कोठाभित्र उचित घामपानी, हावा आदिको अभाव भएमा उक्त पात ओइलाउने हुन्छ, भन्ने अभिव्यक्ति म पात्रले व्यक्त गरेको छ । त्यसैगरी यदि कुनै पनि पात ओइलायो भने घरमा दशा लाग्ने विषयमा श्रीमती बनर्जीले व्यक्त गरेको कुरालाई म पात्रले स्वीकार गरेको छैनन् । उक्त उपयुक्त हावापानी र प्रकाशको अभावमा मात्र पात ओइलाउन सक्ने धारणा राखेकी हुन्छिन् । उनले पातलाई साहारा दिन टेको दिनुपर्ने र रोग लागेमा रोग लागेको भाग काटेर फ्याक्नु पर्ने भएको हुँदा उनीले घरबाट पँहेला पात टिपेर फ्याके पनि पातको रूपलाई भने फ्याक्न सकेकी हुदैनन् ।

**३.८.१.७. देशकाल परिवेश**
प्रस्तुत '**पात**' शीर्षकको परिवेश भनेको म पात्रले १०/१५ दिन घर छोडेर अन्यत्र गएको समयमा कोठामा भएको लहराका पातहरू ओइलाएको प्रसङ्ग अभिव्यक्त गरेको हुन्छ । कोठा बाहिरको पात नओइलाएको तर कोठा भित्रको पातमा उचित हावापानी र प्रकाशको अभावमा पातहरू ओइलाउने हुन्छ भन्ने प्रसङ्ग कथामा पाइन्छ । पातहरूलाई उचित साहारा दिएमा पातहरू ओइलिने छैन तर डाँठमा रोग लागेमा रोग लागेको ठाउँमा काटेर फ्याँकेमा पुनः मुजुरा पलाउन सक्ने हुन्छ भन्ने भाव म पात्रले व्यक्त गरेको हुन्छ । कथाको अन्त्यमा म पात्रले पँहेला पात टिपेर फ्याँके पनि पातको स्वरूपलाई भने फ्याँक्ने नसकेको अनुभूति प्रष्ट गरेका छन् ।

## ३.८.२. खोर कथाको विश्लेषण
**३.८.२.१. शीर्षक सार्थकता**
प्रस्तुत '**खोर**' शीर्षक कथाका लेखक ओममणि शर्मा हुन् । उहाँद्वारा लिखित कथामा विशेष गरी म पात्रले विभिन्न परिवेशको अनुभूति गर्दै कसैको घरमा पसेको हुन्छ । जहाँ उसलाई आवश्यक सामग्रीहरू लिएर निस्कने योजना बनाएतापनि उ खोरबाट बाहिर निस्केको कुराले शर्षिक सार्थकता भएको मानिन्छ ।

**३.८.२.२. कथानक/कथावस्तु**
प्रस्तुत **खोर** कथाका लेखक ओममणि शर्माले कथामा म पात्रले विभिन्न परिस्थितिहरूको आकलन गर्दै कसैको घरमा पसेको हुन्छ । त्यहाँ पस्दा उ डर र त्रासले भरीएको थियो । म पात्र अध्यारो कोठामा प्रवेश गरी यताउता छामछाम छुमछुम गर्दै कोठामा भएका सामानमा नजर लगाउँदै आफूलाई आवश्यक पर्ने भाँडा, कुँडा मिलाउन लाग्यो क्रमशः कसौडी, थाल, कचौरा, गिलास,

बाल्टी, अम्खरा, गाग्री आदि सामान छुट्यायो । त्यसपछि अर्को कोठाको ढोका खोल्दै त्यहाँ भएका बोराका चाँङ, घ्यू, तेलका टिनले कुनै ठाउँ खाली नभएकोले आफूले एक बोरा चमाल र एक टिन घ्यू लिएर जाने योजना बनाउँछ । एउटा बोरा उचालेर काँधमा राख्छ, फेरि एकदिन घ्यू लिएर जान खोज्छ । उ सामानको यताउता हिँड्दा, हिँड्दै उ थकित भएकोले उसलाई रिंगटा लागे जस्तो हुन्छ बोरामाथि बस्नपुग्छ, कति खेर उठ्छ पत्तो हुँदैन । उसले आफूले लान खोजेको भाँडा विर्सन पुग्छ । आफ्नो फर्कनु पर्ने ठाउँमा फर्कीसक्नु पर्ने विर्सन्छ । उसको आँखा झ्ुप झ्ुप हुन पुग्छ । उसलाई एकैचोटी झ्याप्प अँध्यारो भएको झ्झल्को लागेको हुन्छ । त्यसपछि निद्रामा पर्दछ । त्यसपछि ढोकाको फल्योटो भित्तामा बजारिएको शब्दले उ झल्यास्स ब्युँझियो । अत्यासले थरथर काप्दै भुईमा उभियो । उघारिएको ढोकाबाट भित्र पसेको मान्छेले देख्यो देखेन तर उसको अनिदो आँखाले आफुतिर आइरहेको एकजना मान्छे र झलमल्ल घाम लागेको प्रष्ट देखेको हुन्छ ।

**३.८.२.३. चरित्र चित्रण**

प्रस्तुत **खोर** कथामा प्रयुक्त म पात्रको भूमिका महफ्वपूर्ण रहेको छ । जसको छोटकरिमा तल प्रस्तुत गरिन्छ ।

**क) म पात्र**

प्रस्तुत **खोर** कथामा म पात्रको भूमिका महफ्वपूर्ण रहेको पाइन्छ । किनकि उसले एउटा पसल घरमा पसेर आफुलाई आवश्यक सामान लिन खोज्छ तर हिँड्दा हिँड्दै थकित भएर उ बोरामाथि निदाउँछ । पछि ढोकाको आवाजले उसको निद्रा विग्रन्छ । उसले व्युँझेर हिँड्दा एक जना मानिस कोठा भित्र प्रवेश गरेको पाइन्छ ।

**ख) मान्छे**

'**खोर**' कथामा प्रयुक्त मान्छेको भूमिका गौण रहेको पाइन्छ । उसको प्रवेशले म पात्रलाई झस्का पैदा हुन्छ । आफू दोषी रहेको विषयमा आत्मासात गर्नुपर्ने देखिन्छ ।

**ग) भाषाशैली**

प्रस्तुत '**खोर**' कथाको भाषाशैली सरल एवम् सरस प्रकृतिको पाइन्छ । उपयुक्त स्थानमा उपयुक्त भाषा तथा शब्द संयोजनद्वारा कथा स्तरीय बन्न पुगेको पाइन्छ ।

**३.८.२.५. दृष्टिबिन्दु**

प्रस्तुत '**खोर**' कथाको दृष्टिबिन्दु वाह्य नै रहेको पाइन्छ । कथाको 'म' पात्रलाई कुनै पसल घरमा प्रवेश गरी आफले लान चाहेका बस्तु लान छनौट गर्नु, अनायांस चामलका बोरामाथी सुत्न पुग्नलाई वाहय दृष्टिबिन्दुको उदाहरण मान्न सकिन्छ ।

**३.८.२.६. उद्देश्य एवम् सारवस्तु**

प्रस्तुत '**खोर**' कथाको 'म' पात्रले यस कथाका माध्यमबाट कसैको पसल घरमा रातको समयमा प्रवेश गरी आफूलाई आवश्यक सामग्रीहरू छनौट गरी घर लाने तयारी गर्छन । कहिले कसौडी, पनिउ, करूवा, गाग्री आदि भाडा कुडा तथा बोरामा रहेको चामाल र घ्यूको टिन लाने योजना बनाएका हुन्छन् तर रातको समयमा म पात्र सामान मिलाउँदै वल्लो छेउ पल्लो छेउ घुम्दै उसलाई निद्राले छोपी सकेको हुन्छ । त्यसपछि कसैले खोलिदिएको ढोकाको खल्याटोको आवाजले उ विउँझिन्छ । भित्रबाट एकजना बाहिर आउँदा उसले कसैलाई देखेको तर उसले नदेखिएको बयान गर्न पुग्दछ ।

### ३.८.२.७. देशकाल परिवेश

प्रस्तुत '**खोर**' कथाकमा प्रयुक्त म पात्रले विभिन्न बस्तुहरूको अभिनयात्मक आँकलन गर्दै सुनसान समयमा कसैको घरमा प्रवेश गर्न पुग्दछन् तर घरमा प्रवेश गरी सके पश्चात् म पात्र डरले काप्दै थरथर हुन पुग्छ । ढोका उघारी हेर्दा उसले आफ्नो घरमा नभएका डाडु, पनिउ, कसौडी, गाग्री आदि सामान घरलाने रहरले छुट्टै राखेको हुन्छ । त्यसपछि बोराको चाङ, घ्यू वा तेलको टिन समेत म पाले घरलाने प्रयत्न गर्दछ तर थकाई र एक छेउबाट अर्को छेउमा जाने क्रममा उ थकित मात्र नभएर कति खेर उठेर हिँडेको हो जानकारी उसलाई समेत नहुन सक्छ । जब उसको निद्रा खुल्दछ भित्रबाट कोही मानिस आएजस्तो लागेको अनुभूति 'म' पात्रले गर्न पुग्दछ ।

## ३.८.३. आफ्नो आफ्नो घाउ कथाको विश्लेषण

### ३.८.३.१. शीर्षक सार्थकता

प्रस्तुत '**आफ्नो आफ्नो घाउ'** शीर्षक कथाका लेखक अमृता प्रितम हुन् । उनले यस कथाका माध्यमबाट शीनाको पति बीरेन्द्रलाई डाक्टर रावले अन्तिम मिति तोकिदिएको हुन्छ । तर शीनाले आफ्नो पतिको विछोडबाट उत्पन्न हुने घाउलाई छातीभित्र लुकाएर राखिदिएकी, उता कपुरको पति बेलुका कार्यालयबाट घरमा नआएको कारण उनीलाई परेको मर्मलाई समेत कथाबस्तु बनाएर शीर्षक सार्थकता प्रस्तुत गरिएको पाइन्छ ।

### ३.८.३.२. कथानक / कथाबस्तु

प्रस्तुत **'आफ्नो आफ्नो घाउ'** कथाको मुख्य पात्र शीनाको पति बीरेन्द्रको रोगको कारण डा. रावले मिति तोकी दिएको हुन्छ । उक्त कुरालाई शीनाले अरू कसैलाई पनि सुनाउँदिन । बरू बीरेन्द्रको मृत्यु नै पहिले होस् । उनको पति बीरेन्द्रले आफ्नो लागि ५ वर्ष अगाडि किनिदिएको घरको सम्झना आउँछ । त्यतिखेर उनीसँग धेरै पैसा नभएको कारण शीनाले मन पराएको पर्दा समेत झ्यालमा राख्न पाएकी थिइनन् । बीरेन्द्रले घरमा आउँदा जहिले पनि फूलका बिरूवा लिएर आउने उक्त फूलका विरूवालाई शीनाले बीरेन्द्रको हातबाट रोज्न लगाउँथिन् नकि उनले श्रम पृथ्वी मातामा समेत रहोस् भनेर । एकदिन शीनाको घरमा छिमेकी कपुर नामकी आइमाई आएर ढोका ढक्ढक्याउँछे शीनाले ढोका खोली दिन्छे, कपुरले १ कल फोन गरूँ भनी प्रस्ताव राख्छिन् तर शीनाले उहाँ निद्रामा पर्नुभएको छ । सानो स्वरले कुरा गर्नुहोस् भनेकी हुन्छिन् । फोन गरेपछि कपुर कुर्सीमा सिथिल हुन्छिन् । नकी उनलाई केही अप्ठयारो भएजस्तो । उनले शीनालाई आफ्नो पति बेलुका कार्यालयबाट अनाएको व्यथा कथा सुनाउँछिन् । त्यसपछि कपुर आफ्नो बाटो लाग्छिन् । शीनाले कपुरको त एकदिन फर्की आउनेछ । मेरा भन्दा उसको भाग्य राम्रो छ, उनीसँग झगडा गर्न सक्छिन्, तर म कोसँग लडु को सँग रोउँ, बीरेन्द्रले ल्याएको फलको बगैँचाबाट एउटा ताजा फूल चुँडेर बीरेन्द्रको कोठामा राख्दा शीनाको छातीको घाउ अति ठूलो भएको जस्तो लाग्दछ ।

### ३.८.३.३. चरित्र चित्रण

प्रस्तुत '**आफ्नो आफ्नो घाउ'** कथामा प्रयुक्त पात्रहरूले खेलेको भूमिकाले कथावस्तु रोचक बनेको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको भूमिका निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क) शीना**

प्रस्तुत '**आफ्नो आफ्नो घाउ'** कथामा शीना सक्रिय पात्रको रूपमा देखापरेकी महिला पात्र हुन् । उनले पति बीरेन्द्रको अन्तिम दिन कि त डा. रावलाई थाहा हुन्छ कि त भगवानलाई । उक्त कुरा शीनाले आफ्नो छाती भित्र लुकाएर राखेकी हुन्छिन् । अरू कसैलाई पनि भन्न सक्दिनन् । एकदिन

कपुरको व्यथासँग आफ्नो मानसिक अवस्थालाई तुलना गर्ने क्रममा आफूभन्दा कपुर नै भाग्यमानी भएको कुरा व्यक्त गर्न पुग्छिन् । आफ्नो पति बीरेन्द्रको विगत सम्झने प्रयास गर्छिन ।

**ख) बीरेन्द्र**

बीरेन्द्र यस कथाको गौण चरित्र मानिन्छ । उसलाई डा. रावले जीवनमा कति बाँच्ने भन्ने निर्णय दिन सक्दैन कारण उसको हृदयमा भएको कनेक्टीको कारण एक ठाउँमा प्वाल परेको र उक्त प्वाल ठूलो हुँदै गएकोले बीरेन्द्रको जीवन कहिलेसम्म हो भन्ने विषयमा प्रश्न चिह्न खडा हुन्छ । उक्त कुरा डा. रावले शीनालाई बताई सकेको हुँदा शीनाले पनि आफ्नो छातीभित्र एउटा घाउ बनाएर राखेकी हुन्छिन् ।

**ग) डा. राव**

डा. राव यस काथमा गौण पात्रको रूपमा उपस्थित भएको हुन्छ । उसले बीरेन्द्रको शारीरिक अवस्थाको जाँच गरी रोग पत्ता लगाएको कारण बीरेद्रकी पत्नी शीनालाई रोगको बारेमा जानकारी गराउँदछ । यसरी पतिको कारण शीनालाई समेत कहिल्यै विसेक नहुने रोग छातीभित्र लुकाएर राखेकी हुन्छिन् ।

**घ) श्रीमती कपुर**

प्रस्तुत कथामा श्रीमती कपुर कथाकी गौणपात्र हुन् । उनले शीनाको पीडालाई केही कमी ल्याउने काम गरेकी हुन्छिन् तर शीनाको विचारमा कपुरको पति बेलुका समयमा घरमा नआए पनि एकदिन त अवस्य आउनेछ भनी आफ्नो समस्यासँग तुलना गर्न पुग्छिन् । कपुरलाई भने पतिको कारण, मानसिक समस्या उत्पन्न भएको हुन्छ । शीनाको पतिको विषयमा पनि चासो दिएकी हुन्छिन् ।

**३.८.३.४. भाषाशैली**

प्रस्तुत **'आफ्नो आफ्नो घाउ'** कथामा सरल, सरस एवम् सुवोध्य प्रकारको भाषाशैली प्रयोग भएको पाइन्छ । यसको साथै शीनाले आफ्नो पति बीरेन्द्रको शारीरिक अवस्थाको कारण वेहोर्नु परेको पीडालाई समेत कथामा उच्च प्राथमिकताका साथ गहन भाषामा अभिव्यक्त हुनु कथाको भाषाशैली कै कारण मान्न सकिन्छ ।

**३.८.३.५. दृष्टिबिन्दु**

प्रस्तुत कथाको पनि वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ । बीरेन्द्रको शारीरिक अवस्थाको कारण डा. रावले शीनालाई जानकारी गराएबाट शीनाको छातीभित्र नदेखिने रोग लुकेर रहेको हुन्छ, त्यसैगरी कपुरको श्रीमान्को अवस्थाले पारेको चिन्तालाई समेत वाह्य दृष्टिबिन्दुको उदाहरण मान्न सकिन्छ ।

**३.८.३.६. उद्देश्य एवम् सारबस्तु**

प्रस्तुत **'आफ्नो आफ्नो घाउ'** शीर्षक कथाको मुलउद्देश्य भनेको शीनाको पतिको डा. रावले मिति तोकी दिएको हुन्छ । उसको शारीरिक अवस्थाको कारण शीनाले आफ्नो छातीभित्र एउटा रोग लुकाएर राखेकी हुन्छिन् । तापनि उनलाई बीरेन्द्रले विगत समयमा गरेको कार्यहरूले झस्काउने गर्दथ्यो । कपुरको आगमनले शीनालाई केही संवेदनशिल बनाएको पाइन्छ । किनभने उनको पति बेलुका अफिसबाट घरमा नआउनको कारण उसको मनमा पनि पीडा थपिएको हुन्छ तापनि कपुर नै आफभन्दा भाग्यमानी भएको देखेकी हुन्छे । किनकि उनको पति त एकदिन आउने छ उनी सँग झगडा गर्नेछ, रून्ने छ तर आफू त कसलाई मनको वह देखाउँ भन्छिन् । अन्तमा बीरेन्द्र घरमा

आउँदा फूल कपालमा लगाई दिएको सम्झना गर्दै बगैँचाको फूलको एक थुँगा फूल चुँडेर बीरेन्द्रको कोठमा राख्दा पनि शीनालाई आफ्नो छातीको घाउ अलि ठूलो भएको जस्तो लाग्दछ। उता कपुरको पनि पतिको पीडाको कारण उनलाई पनि शोक लाग्न शुरूभएको हुनसक्छ।

### ३.८.३.७. देशकाल परिवेश

प्रस्तुत **'आफ्नो आफ्नो घाउ'** कथाको मुख्य परिवेश भनेको शीनाको पतिको शारीरिकअवस्थाको कारण डा. रावले शीनालाई पतिको शारीरिक अवस्थाको बारेमा अन्तिम जानकारी दिएबाट शीनाको मनभित्र कहिल्यै विसेक नहुने रोग लुकेर बसेको हुन्छ। उनी आफ्नो पतिको विगत सम्झँदै ५ वर्ग अगाडि घर किन्दाको समयमा पैसाको अभावको कारण घरका झ्यालमा मन परेको पर्दा हाल्न नसकेको प्रसङ्ग समेत अभिव्यक्त गरेकी हुन्छिन्। उनको घरमा छिमेकी महिला कपुर फोन गर्न आउँदा समेत बीरेन्द्रलाई निद्राबाट नव्युँझयाउन सानो स्वर प्रयोग गर्न आग्रह गर्छिन। कपुरको पतिको व्यवहार देख्दा उनी पनि पीडित भएको तर उनको पति त आफ्नो श्रीमती कहाँ फर्कन्छ तर शीनाको पति कहिल्यै नआउने गरी जाने भएको कारण शीनाले आफु भन्दा कपुर नै भाग्यमानी भएको ठहर गर्दछिन्। बँगैचामा बीरेन्द्रले ल्याएका फूलका बिरूवाहरू हेर्दे र फुलेका थुँगा टिपेर शीना आफ्नो हृदयमा कहिल्यै विशेक नहुने घाउ बढाउँदै लगेकी हुन्छिन्।

## ३.८.४. भट्टीवालकी छोरी कथाको विश्लेशण

### ३.८.४.१. शीर्षक सार्थकता

**प्रस्तुत 'भट्टीवालकी छोरी'** कथाका लेखक सञ्जय थापा हुन्। उनले यस कथाका माध्यमबाट कथाको मुख्य पात्र भट्टीवालकी छोरीको होटल सञ्चालनका क्रममा गरेको क्रियाकलापले म पात्रका जोडिलाई समेत प्रभाव जमाउन खोजेको हुँदा शीर्षक सार्थकता भएको पुष्टि हुन्छ।

### ३.८.४.२. कथानक /कथावस्तु

प्रस्तुत '**भट्टीवालकी छोरी**' कथाका म पात्रका जोडी असार महिनामा वर्षातको समय पारी झोला रेडियो साथमा लिई भट्टीपसलमा बासबस्न पुग्छन्। त्यहाँ उनीहरूलाई बाबुले छोरीलाई राडी ओछ्याइदिन भन्छ। १६/१७ वर्षकी राम्री केटीले दाइहरूबस्नुस ल भन्छे, आमाले खानामा सिकार बनाई दिउँकी भनी आग्रह गर्छिन। भ्रमण टोलीका पात्रहरूले सिकार नखाने बरू दही छ की भनी प्रश्न गर्दछन्। थाकेको बेला एक पेग लिनेकी भनी छोरीले मसुक्क हाँसेर आग्रह गर्छिन। उक्त भनाईसँग असहमती व्यक्त गर्दै बरू ग्लुकोज पानी भए खाने भनाई राख्छन्। छोरीले ग्लुकोज पानी अम्खोरा र गिलास राखी दिएकी हुन्छे उसको कपाल छोटो पारेर काटेको, आँखामा गाजल मिलेका कपडाले आकर्षक देखिन्थी। उता म पात्रको साथीले बाबुसँग होटल थापेको कति वर्ष भयो, व्यापार कत्तिको छ र जहान कति छन् भनी प्रश्न गरेको थिए। म पात्रले बाबुलाई किन छोरी नपढाउनु भएको भनी सोध्यो तर उसको बाबुले केही जवाफ दिएन । यसरी म पात्रका जोडी हिसाब किताब गरी त्यहाँबाट लागे बाटामा म पात्रका जोडी ले छोरी नपढाउनुको कारणमा केही बहस गरे उसले छोरीलाई आफ्नो व्यापारको असल माध्यम बनाएको निष्कर्ष निकाले न भन्दै एक वर्ष पछि त्यही पसलमा बास बस्न आउँदा भट्टी पसलेकी छोरी गण्डकी नदीमा हामफाली मरेको खबरले म पात्रका जोडीको अनुमान गलत निस्केको थियो।

### ३.८.४.३. चरित्र चित्रण

प्रस्तुत '**भट्टीवालकी छोरी**' कथाका लेखक सञ्जय थापा हुन्। उनले यस कथामा प्रयुक्त पात्रहरूको माध्यमबाट कथालाई रोचकता प्रदान गरेका छन्। जुन पात्रहरूको चर्चा निम्न अनुसार गर्न सकिन्छ।

**क) म पात्र**

प्रस्तुत '**भट्टीवालकी छोरी**' कथामा म पात्रले सक्रिय भूमिका खेलेको पाइन्छ । म पात्र उ पात्रको साथमा भ्रमणको क्रममा भट्टीवालाको छोरीको घरमा बासबस्न पुग्दछ । त्यहाँ रहँदा उनीहरूले होटलवालाको गतिविधिको बारेमा नजिकबाट अनुभव बटुलेका हुन्छन् ।

**ख) उ पात्र**

'**भट्टीवालकी छोरी**' कथामा उ पात्रको भूमिका पनि सक्रिय नै रहेको पाइन्छ । उ पात्र म पात्रको साथ हिँडेको हुन्छ । उसले पनि भट्टीपसलको गतिविधिलाई नजिकबाट बुझ्ने प्रयास गरेको हुन्छ । उसले भट्टीवालको छोरीको भविष्यको बारेमा अनुमान गरेको हुन्छ ।

**ग) भट्टी पसले**

भट्टी पसलको छोरी कथामा कथाको पात्र बाबु गौणपात्रको रूपमा देखापर्दछ । उसले होटल सञ्चालन गरेको ८ वर्ष भएको हुन्छ । उसले छोरीलाई नपढाएर होटल सञ्चालनमा संलग्न गराएको हुन्छ । उसले छोरीको भविष्यमा सोच्न सकेको हुँदैन फलस्वरूप छोरीले गण्डकी नदीमा हामफालेर आत्माहत्या गर्न पुगेकी हुन्छिन् ।

**घ) भट्टी पसलेकी छोरी**

भट्टी पसलको छोरी कथाको सक्रिय पात्रको रूपमा देखा परेको पाइन्छ । उनको आकर्षकको कारण होटल व्यवसाय फस्टाएको पाइन्छ । तर उनलाई पढ्नबाट रोक्ने काम उनका बाबुले नै गरेका हुन् । होटलमा क्षणिक फाइदा भएपनि उनको दीर्घ जीवनमा असर पुगको हुन्छ । जसको कारण उनी गण्डकी नदीमा हाम फालेर मर्नु पश्चात् के कारण थियो । उक्त विषयमा खोजी हुनु चासोको विषय बन्न पुग्छ ।

**३.८.४.४. भाषाशैली**

प्रस्तुत '**भट्टीवालाकी छोरी**' कथामा प्रयुक्त भाषा सरल, सरस एवम् सुबोध्य प्रकारको पाउन सकिन्छ । कथाका पात्रहरूले खेलेको भूमिकाले पनि कथावस्तु स्तरीय मान्नु पर्ने आधारहरू धेरै देखापर्दछ । कथामा प्रयुक्त भाषामा उपयुक्त व्याकरणिक चिह्नहरूको प्रयोग हुनाले पनि भट्टीवालाको छोरी कथा उत्कृष्ट कोटीको पाउन सकिन्छ ।

**३.८.४.५. दृष्टिबिन्दु**

प्रस्तुत **'भट्टीवालाकी छोरी'** कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । किनकि कथाका पात्रहरूले खलेको भूमिका कम महफ्व छैन । भट्टीवालले आफ्नी छोरीलाई शिक्षा प्राप्त गर्नबाट वञ्चित गरेर होटल व्यवसायमा लगाएर छोरीको भविष्य विगार्न खोज्नु वाह्य दृष्टिबिन्दुको कारण मान्न सकिन्छ ।

**३.८.४.६. उद्देश्य एवम् सारबस्तु**

प्रस्तुत '**भट्टीवालाकी छोरी'** कथाको मूलउद्देश्य भनेको कुनै पनि होटल व्यवसाय सञ्चलन गर्ने क्रममा आफ्नो छोरीलाई शिक्षा प्राप्त गर्ने अधिकारबाट वञ्चित गरेर ग्राहकहरूलाई रिझाएर, खुसी पारेर ग्राहकहरूबाट आकर्षक बनाउने काममा लगाउनु गलत कार्य हुने आखिरी उनीहरूको भविष्यमा खेलवाड हुने प्रसङ्ग कथामा पाउन सकिन्छ । कथाको गौणपात्र बाबुले छोरीलाई पढाउने वातावरण दिएको हुँदैन बरू ग्राहकहरूलाई आकर्षणको केन्द्र बन्न मुसुक्क हाँसेर रक्सीको पेग लिन आग्रह गर्न पुग्छिन् । यता भ्रमण टोलीका दुईजनाले भट्टीवालको होटलमा बाबु, आमा र छोरीको क्रियाकलापलाई नजिकबाट अवलोकन गर्न पुगेको हुन्छन् । उनीहरूको क्रियालाप पश्चात म पात्रलका जोडीले भट्टीवालाकी छोरीलाई भट्टीवालाले आफ्नो व्यापारको असल माध्यम बनाएको

निष्कर्ष निकाल्न पुग्छन् । यसको साथै उनीको काम ग्राहकलाई लोभ्याउनु, हसाउनु र ग्राहकबाट बढी पैसा झार्नु रहेको हुन्छ । यस कार्यले उनलाई शरीर बेच्ने ठाउँमा पुऱ्याउन सक्ने भविष्यमा कुनै ड्राइभर र खलासीसँग भाग्ने अनुमान गर्न पुग्छन् । यसरी छलफलको क्रममा बाबु आमाले आफ्नी छोरी बेश्या बनाउने भए अब बाबु आमाले चाहेभने पनि छोरीलाई कसरी मान्छे बनाउलान भन्ने प्रश्नगर्न पुग्छन् । संयोगवस म पात्रका जोडी भट्टीमा बासबस्नु पुग्छन् । त्यहाँ छोरी नदेखेपछि सोधपुछको क्रममा परार साल नै गण्डकीमा हाम फालेर उनी मरेको खबरले उनीहरूको अनुमान गलत भएको सावित हुन पुग्छ ।

### ३.८.४.७. देशकाल परिवेश

प्रस्तुत **'भट्टीवालाकी छोरी'** कथाको परिवेश भनेको भट्टीवालको पसलमा आउने ग्राहकहरूलाई आकर्षण गर्ने क्रममा होटलमा बाबु, आमा र छोरीले गरेको क्रियाकलपाले म पात्रका जोडीलाई आकर्षण बढेको पाइन्छ, किनभने भट्टीवालको छोरीले मुसुक्क हाँसे बस्नुस है दाई भन्नु, थाकेको बेलामा एक पेग लिनेकी भन्नु, ग्लुकोज पानी गिलास ल्याएर छोरीले दिनु, आमाले खानामा सिकार पनि ल्याउँ कि भन्नु, बाबुले छोरीलाई राडी ओढाएर स्वागत गर्न लगाउनु जस्ता कार्यहरूले होटलका विशेषता मान्नुपर्ने हुन्छ । कुराकानीका क्रममा बाबुले आफ्नी छोरीलाई पढाईमा नलगाए, होटलमा व्यापारमा सक्रियताका साथ संलग्न गराउनु, छोरीको भविष्यलाई आमा बाबुले सोच्न नसक्नु हो भन्ने तर्क म पात्रका जोडीले निष्कर्ष निकालेका हुन्छन् । यति मात्र नभएर बाबु आमाले छोरीलाई बेश्या बनाउने भए भन्ने चिन्ता व्यक्तगर्दै पुनः भट्टीवालको घरमा बासबस्न आएको समयमा छोरी गण्डकीमा हामफालेर आत्माहत्या गरेको खबरले उनीहरूको सोचाई गलत भएको परिणाम निस्केको हुन्छ ।

## ३.९. अङ्क नौमा प्रकाशित कथाहरूको विश्लेषण

## ३.९.१. बृद्धा कथाको विश्लेषण

### ३.९.१.१. शीर्षक सार्थकता

प्रस्तुत **'बुद्धा'** कथाका लेखक तेजप्रकाश श्रेष्ठ हुन् । उनले यस कथाको मुख्य नारी पात्र वृद्धाको अतिदयनीय भूमिकाको विषयमा प्रकाश पार्ने प्रयास गरिएको हुँदा कथामा वृद्धाको भूमिकाले नै विशेष भूमिका खेलेकोले पनि वृद्धा कथाको शीर्षक सार्थकताले महफ्व पाएको हुन्छ ।

### ३.९.१.२. कथानक/ कथाबस्तु

प्रस्तुत **'बुद्धा'** कथामा कथाकी मुख्यपात्र बृद्धाको बारेमा नै कथाबस्तु समेटिएको पाइन्छ । धेर थोर नाक, कलेटी परेका ओट, जिंग्रिङ्ग कपाल, चाउरी परेका गाला, आँखाको डिलमा खत ज्वरोले ग्रस्त भएर गोठको संघारमा एउटै डल्लो परेको देखिन्छ । उनको दयनीय अवस्था देख्दा दया र सहानुभति उब्जन्छ तापनि उनी बोल्ने प्रयास गर्दिनन्, बर्षौ देखिको घामपानीसँग संघर्ष गर्दा उनलाई आत्माज्ञान भएको जस्तो देखिन्छ । उनी बोलेर फाइदा देखिदैनन् । उनको घर यता कतै भएपनि घरपट्टिको भाउजु कहाँ वसी काम गर्थिन, तर आज उनलाई नै सेवागर्नु परेकोमा उनी काम सघाइदिनुको सट्टा उनकै सेवागर्नु परेकोमा दिक्दार मान्छिन् । आज उनी उठेर कतै हिँड्न सक्दिनन् । उनको हँ हँ को आवजले वातावरण नै विरक्त भएको भान हुन्छ । यसै समयमा म पात्रकी पत्निले डिमालाई के भो र तिमीलाई केही हुँदैन म घर गई भाउजुलाई औषधी गरिदिनु भनिदिन्छु । भनेकी हुन्छिन् तर बृद्धाको जीवनमा असङ्ख्य दुःख बेदना, विछोड, पीडा र तिरस्कार बाहेक केही हुँदैन । उनले दुईवटा पति गुमाएकी हुन्छिन् भने एउटी छोरी डिमालाई समेत दादुरले लगेको हुन्छ । उनीले यौवनको समयमा समेत कारूणिक जीवन भोग्न विवश भएको देखिन्छ । पहिलो पतिलाई भालुको जम्काभेटले मृत्यु हुन्छ भने दोस्रो पति हरिबहादुरको कसैको खुकुरी आक्रमणबाट मृत्यु हुन पुग्छ । यसरी वेसहारा भएको वृद्धाको जीवनले मृत्युको बाटो कुरी रहेकी हुन्छिन् तर पनि उनले जिउँदै मरेर

पनि बाँच्नु परिरहेको देखिन्छ । काल नआइ पुगुन्जेल मृत्युलाई पर्खेर, पीडा र कष्ट सहेर पनि तर डिमाको भाव सुन्य क्षितिजतिर ताकिरहेको देखिन्छ ।

**३.९.१.३. चरित्र चित्रण**

प्रस्तुत **वृद्धा** कथामा उपस्थित भएका पात्रहरूले कथामा खेलेको भूमिका महफ्वपूर्ण मानिन्छ । उनीहरूको चारित्रिक चित्रण निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क) बृद्धा**

**बुद्धा** यस कथामा प्रयुक्त सक्रिय नारी पात्र हुन् । उनले प्राकृतिक विपत्तीको अलावा पारिवारिक विपत्तीलाई समेट डटेर सामना गर्न पुगकी हुन्छिन् । अन्त्यमा अर्काको घरमा घरपट्टि भाउजु कहाँ शरण पर्नुपर्ने अवस्थाको सामना गर्नु उनको विवशता देखिन्छ । उनीले चाहेर पनि मृत्युलाई बोलाउन सक्दिनन्, बरूकष्ट, पीडा र छटपटिमा रहनु उनको वाध्यता देखिन्छ ।

**ख) म पात्र**

यस **वृद्धा** कथामा म पात्रको भूमिका पनि सक्रिय नै देखिन्छ । उसले वृद्धाको जीवनमा घटेका सम्पूर्ण घटनाहरूको नजिकबाट अवलोकन गरिरहेको हुन्छ । चाहे घरपट्टी भाउजुको घरमा रहेर बसेको समय होस् चाहे उनका पतिहरूर छोरीको निधन नै किन नहोस् ।

**ग) म पात्रकी पत्नि**

म पात्रकी पत्नि **वृद्धा** कथाको गौणनारी पात्र हुन् । उनले वृद्धाको दयनीय शारीरिक अवस्था देखेर तपाईंलाई के भयो, नआत्तिनुस् म घरपट्टि भाउजुलाई औषधी गर्न लाउँछु भनी सान्वना दिने काम गरेकी हुन्छिन् ।

**घ) बलबहादुर**

**बृद्धा** कथामा बल बहादुर कथाको गौण चरित्र मानिन्छ । उसले डिमाकी आमालाई पहिले देखि नै मन पराएको हुन्छ । जब पहिलो पतिको भालुको जम्काभेटमा मृत्यु हुन्छ तब उसले बृद्धालाई साथ दिएको हुन्छ तर उसलाई समाजले वहिस्कार गरेको कारण उसले छुट्टै घर बनाएर बसेको हुन्छ, अचानक एक दिन उ कसैको खुकुरी प्रहारबाट उसको मृत्यु हुन्छ ।

**ङ) डिमा**

डिमा यस कथाकी गौणनारी पात्र हुन् । उनी वृद्धाको छोरीको भूमिका निभाएकी हुन्छिन् । उनले दादुराको प्रकोपले उनको जीवन समाप्त भएको हुन्छ । जसको कारण वृद्धालाई ठूलो चोट बेहोर्नु परेको हुन्छ ।

**३.९.१.४. भाषाशैली**

प्रस्तुत **'बृद्धा'** कथाको भाषाशैली सरल, सरस एवम् सुबोध्य रहेको छ । कथामा मुख्यपात्र बृद्धाले वेहोर्नु परेको पीडा, बेथा, वियोग र कारूणिक पक्षलाई उपयुक्त शब्द संयोजनको प्रयोग गरिएकोले कथाबस्तु उत्कृष्ठ रहेको पाउन सकिन्छ ।

**३.९.१.५. दृष्टिबिन्दु**

प्रस्तुत **'बृद्धा'** कथामा वाह्य दृष्टिबिन्दुको नै प्रयोग गरेको पाइन्छ । कथाको मुख्यविषय बस्तुमा बृद्धाले बेहोर्नु परेको कारूणिक व्यथा कथालाई मुख्यविषय बस्तु बनाएर मृत्युलाई पर्खिन्छन् । बृद्धाको

वाध्यता रहेको देखिन्छ । यसरी बृद्धा कथामा पात्रहरूले खेलेको भूमिकालाई समेत वाह्य दृष्टिबिन्दुको प्रयोग मान्न सकिन्छ ।

### ३.९.१.६. उद्देश्य एवम् सारबस्तु

प्रस्तुत **'बृद्धा'** कथाको मुलउद्देश्य भनेको कथाको मुख्य चरित्र बृद्धाले आफ्नो जीवनमा वेहोर्नु परेको व्यथा, कष्ट र छटपटिलाई देखाउनु रहेको पाइन्छ । उनलाई जतिसुकै कष्ट भोग्नु परेपनि अरूलाई देखाउन खोजेकी हुन्नन्, बरू जीवनको संघर्षबाट आत्माज्ञान पाएको अनुभूति गर्छिन । बृद्धाले आफ्नो जीवनमा दुईवटा पतिहरूबाट समेत उचित प्रेमको आभाष गर्न सकेकी हुन्न् । बरूपहिलो पतिको भालुको जम्का भेटमा मृत्यु हुन्छ भने दोस्रो पतिलाई कुनै अपरिचित व्यक्तिबाट खुकुरीको प्रहारले मृत्यु हुनपुग्छ  उता प्यारी छोरी ङिमाको दादुराको प्रकोपबाट मृत्यु हुन्छ । यसरी बृद्धाले आफ्नो जीवनमा एकपछि अर्को घटनाहरू श्रृङ्खलाबद्ध रूपमा  घटेका हुन्छन् । जसको कारण उनको हृदय छिया-छिया भएको हुन्छ। यस्तो अवस्थामा उनी घरपट्टीको भाउजुको घरमा आश्रय लिन पुग्छिन् । त्यहाँ पनि उनी विरामी परेको कारण उनलाई भनेजति सेवा पाउन सक्दिनन्  । जसको कारण उनी छटपटी गर्दै मृत्युलाई पर्खिरहेकी हुन्छिन् । यसै समयमा म पात्रको पत्निले बृद्धाको विषयमा सोधखोज गरी नआत्तिन आग्रह गर्छिन र यसको साथै घरपट्टी भाउजुलाई निको हुने औषधी गर्न आराइदिन्छु भन्न पुग्छिन् । यस्तो समयमा बृद्धा जीउँदो छउन्जेल त दुःख सहनु पऱ्यो अब मर्ने बेलामा केको दुःख सहनु सबैको बोझ भएर मर्ने उनको बाँच्ने रहर गुमिसकेको हुन्छ ।

### ३.९.१.७. देशकाल परिवेश

प्रस्तुत **'बृद्धा'** कथाको मुख्यपात्र बृद्धाले जीवनमा भोग्नु परेको दुःख, कष्ट, वियोग, करूणालाई प्रमुखताका साथ अभिव्यक्त गरिएको पाइन्छ । प्रकृतिको चिसो कठ्याग्रीएको समयमा बृद्धाले गुडल्की परेर घरपट्टिको भाउजुको घरमा आश्रय लिन पुगेकी हुन्छिन् । जहाँ रहँदा उनले भाउजुलाई खुशी पार्नुपर्ने हुन्थ्यो तर अहिले उनलाई पनि बृद्धाको स्याहार गर्न झन्झट लागिसकेको हुन्छ । किनकि आफ्नो बाबु आमालाई त नहेर्ने समाजमा अन्य व्यक्तिको सेवा गर्नु पत्याउन नसकिने विषय थियो । बृद्धाको जीवनमा दुईवटा पतिको माया पाउन बाट बञ्चित भएको हुन्छिन् । पहिलो पतिलाई भालुले आक्रमण गरी मृत्यु हुन पुगेको हुन्छ भने दोस्रो पतिलाई अपरिचित व्यक्तिले रातको समयमा खुकुरीको प्रहारबाट ज्यान लिएको थियो  । त्यसको लगत्तै प्यारी छोरी ङिमालाई पनि दादुराको प्रकोपले ज्यान लिएको थियो । यस्तो विकराल अवस्थामा ङिमाकी आमालाई पनि ङिमा भन्ने गरेको पाइन्थ्यो । छोरीको वियोग पछि ङिमाको अशक्त अवस्थामा म बाँच्दिन, म मर्न चाहन्छु, सजिलै काल किन आउँदैन हे भगवान भन्दै बृद्धा मृत्युलाई पर्खेर बसेको देखियो । यसै अवस्थामा म पात्रकी पत्निले ङिमा छेउ आएर उनको शारीरिक अवस्थाका बारेमा जानकारी लिदै तिमीलाई केही हुँदैन औषधी गर्नुपऱ्यो म घरपट्टि भाउजुलाई औषधी गर्न भनी दिउँला धन्दा नमान केही हुन्न भनी आश्वासन दिन पुग्छिन् तर ङिमाको भाव शुन्य आँखा क्षितिज तिर ताकिरहेको हुन्छ ।

## ३.९.२. भोको पेट कथाको विश्लेषण

### ३.९.२.१. शीर्षक सार्थकता

प्रस्तुत '**भोको पेट'** कथाका लेखक ज्याक लण्डन हुन् । उनले यस कथाको शीर्षक भोको पेट राख्नुको कारण टाम किंगले पेशेवार मुक्केवाज र बुढ्यौली भएको कारण उसको आहारामा एक चौक्टा मासुको परिकार नपरेकोले सडेलसँग भिड्ने क्रममा समेत कमजोरी देखिनुलाई भोको पेटेको कारण भएकोले शीर्षकसार्थक भएको मान्न सकिन्छ ।

### ३.९.२.२. कथानक कथाबस्तु

प्रस्तुत '**भोको पेट'** कथाका प्रमुख पात्र टाम किंगको पारिवारिक अभाव र गरिबीको कारण भनेजति खाना पाएको हुँदैन । दुईवटा बच्चाहरू समयमै निदाउने भएको कारण ख्वाउनु पर्ने हुन्छ । श्रीमती

दुब्ली, पातली छिन् । उनले समेत आँटा पैंचो लिएर खाना ख्वाउनु पर्ने हुन्छ । श्रीमान् टाम किंग अहिले बुढो भएको कारण मुक्का खेल्नमा त्यति देखिँदैन तापनि उसले बाजीमा भाग लिनेगर्छ । यसै क्रममा उसले सेडेलसँग भिड्नु पर्छ यदि मुक्का खेल जितेमा तीन सय पाउण्ड बाजी जित्नेछ । यसको लागि उसले तयारी गर्नुपर्ने हुन्छ । तर उ बुढो भएको कारण जवानीको जोशमा जुन प्रकारको शक्ति उँ सँग हुनुपर्ने हो अहिले उ सँग त्यो नभएको महसुस गर्दछ । उसले श्रीमतीलाई बगडे कहाँबाट मासु ल्याउने आग्रह गर्दछ तर मासु श्रीमतीले ल्याउन सकेकी हुन्नन् । जसको कारण मुक्का खेलमा एक टुक्रा मासुको बल फरक हुने अनुभूति गर्दछ । टाम किङ्गले हानेको मुक्का फलामको मुक्का समान हुन्छ । कुनै समयमा रोजरसँग मुक्का बाजी गर्ने क्रममा जवानी टाम किङ्गले हानेको मुक्काबाट स्टोसरबील ड्रेसिङ्ग रूममा गएर धुरधुरूरोएको सम्भन पुग्छ । टाम किङ्ग मुक्काबाजी खेल्ने गेयटी क्लबमा जाने क्रममा उसकी श्रीमतीले म्वाई खाँदै जितेर आउ है टाम भनी शुभकामना दिएकी थिइन् । टामले खेल मैदानमा जाने क्रममा २ माइल हिँडेर जानु पर्थ्यो । जसको कारण उसको शक्ति ह्रास हुन जान्थ्यो । उ आफ्नो जवानीका अनुभवहरू सम्भन्थ्यो। उ सडेल सँग भिड्न जाँदैछ । सडेलमा जवानीका उमङ्गहरू फरफराइ रहेका देखिन्थ्यो भने उ च्याम्पियन बन्ने सपना बोकेर न्यजीलैण्डबाट अष्ट्रेलिया आएको थियो । उसको पहिलो मुक्कावाजी टामकिङ्ग सँग राखिएको थियो । उसलाई हराएपछि मात्र उ अरूसँग भिड्नु पर्दथ्यो । यसै क्रममा टाम र सडेल कैयौं राउण्डमा एक अर्कामा भिडन्त भएको हुन्छ । टाम किङ्गले आफलाई सुरक्षित राख्न शक्ति सञ्चय गरेको हुन्छ भने सेडेल यौवनको उमङ्गमा आक्रमक देखिन्छ । कैयौं पटक टाम किङ्गले पनि सेडेललाई लडाउन सफल हुन्छ तापनि उसको बुढौलीको कारण कमजोर देखिन्छ मुक्का खेल्ने समयमा समेत घरमा श्रीमतीले मासु खान नदीएको कारण आफ्नो शक्तिक्षय भएको अनुभूति गर्दै टाम किङ्ग घर फर्कने क्रममा नजिकै बगैचामा आएर आँखाछोपी रूँदै स्टोशरबील पनि यसैगरी रोएको हुनपर्छ भन्दै चित्त बुझाएको थियो ।

### ३.९.२.३. चरित्र चित्रण

प्रस्तुत '**भोको पेट**' कथामा प्रयुक्त पात्रहरूले कथामा महफ्वपूर्ण भूमिका खेलेका छन् । जुन पात्रहरूको छोटकरीमा तल चर्चा गरिन्छ ।

#### क) टाम किङ्ग

टाम किङ्ग '**भोको पेट**' कथाको सक्रिय पात्र हो ।उसको घरको गरिबीको कारण उसले पेटभरी खान पाएको हुँदैन । जवानीको समयमा उ सफल मुक्केवाजको रूपमा परिचित थियो । टाम किङ्ग अहिले बुढो भएको कारण सेडेलसँग मुक्का बाजीमा पराजय भोग्नु परेको हुन्छ । जुन घटनाले उसले स्टोशनर बीललाई बुढो अवस्थामा मुक्का बाजी खेलमा पराजय गरेकोमा बील ड्रेसिङ्ग रोममा बसेर धुरूधुरू रोएको अनुभूति गर्नपुग्छ।

#### ख) सेडेल

सेडेल '**भोको पेट**' कथाको सक्रिय पात्र नै मानिन्छ । उ यस कथामा शक्तिशाली मुक्केवाजको रूपमा परिचित देखिन्छ । उ न्युजिलैण्डबाट मुक्केवाज खेलको च्याम्पियन सीपको लागि अस्ट्रेलियामा आएको हुन्छ । उसको पहिलो खेल टाम किङ्गसँग भिड्नु पर्ने हुन्छ । त्यसपछि आम मुक्केवाजसँग खेल्नु पर्ने छ । खेलको क्रममा बुढो टामसँग कडा प्रतिष्पर्धीका साथ खेलजित्न पुग्दछ ।

#### ग) स्टोशर बील

'**भोको पेट**' कथामा स्टोशर बील गौण चरित्र मानिन्छ । कुनै समयमा टाम किङ्गसँग मुक्का बाजी खेल्ने क्रममा नराम्रो सँग पराजय वेहोर्नु पर्दा ड्रेसिङ्ग रूममा बसेर धुरूधुरू रूनपुग्नु उसको बुढ्यौलीको कारण सम्भन पुगको हुन्छ ।

**घ) टाम किङ्गकी श्रीमती**

'**भोको पेट'** कथामा टाम किङ्गकी श्रीमती गौण नारी चरित्र मानिन्छिन् । उनको घरमा गरिबीको कारण पेट भरी खान पुगेको हुँदैन । कहिले भोक भोकै रहनु पर्ने हुन्छ यस्तो अवस्थामा लोग्नेलाई मासु खान दिने धोका पुरागर्न सक्दिनन् । तर बाजीमा हिँड्दा टाम किङ्गलाई म्वाई खाएर बाजी जिती आउ है टाम भनी शुभकामना व्यक्त गर्दछिन् ।

**ङ) सुलिवन**

सुलिवन भोको पेट कथाको गौण पात्र मानिन्छ । उ सेडेलको सहयोगीको रूपमा कथामा भूमिका निर्वाह गरेको हुन्छ ।

**३.९.२.४. भाषाशैली**

'**भोको पेट'** कथामा सरल एवम् सरस प्रकारको भाषाशैलीको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको क्रियाकलापमा गहन शब्द एवम् वाक्यहरूको प्रयोगले भोको पेट कथामा स्तरियताको प्रचुर मात्रामा प्रयोग हुनु भाषाशैलीको कारण मान्नसकिन्छ ।

**३.९.२.५. दृष्टिबिन्दु**

'**भोको पेट'** कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ । कथाको मुख्य पात्रहरूटाम किङ्ग र सेडेलको मुक्कावाजी खेल आकर्षकको केन्द्रबिन्दु मानिएको कारण पनि कथामा वाह्य दृष्टिबिन्दुको मात्रा बढी भएको पाइन्छ ।

**३.९.२. ६.उद्देश्य एवम् सार बस्तु**

प्रस्तुत '**भोको पेट'** कथामा कथाको मुख्य पात्र टाम किङ्ग पेशेबार मुक्कावाज हो तापनि बुढेसकाल भएको कारण उसमा यौवन अवस्थाको जोश जाँगर नरहेको तर मुक्केवाजी खेल्ने क्रममा आफ्नो सक्ती संरक्षण गर्दै मुकाविला गरेको पाइन्छ । यसको साथै टाम किङ्गको घरमा गरिबीको कारण पेटभरी खाना खान नपाउनु उनको विवशता देखिन्छ । उनी सेडेल सँग मुक्कावाजी खेल्ने क्रममा तयारी हुन्छन् तर उनमा यौवन अवस्थाको जस्तो जोश जाँगर नरहने भएको कारण उनी चिन्तित हुन्छन् । उनी आफु यौवनावस्थामा मुक्केवाजी खेल्ने क्रममा स्टेशर बीललाई नराम्ररी पराजय गराएको समयमा बील बुढो भएको कारण खेल हारेको थियो जसको कारण उनी ड्रेसिङ्ग रूममा धुरूधुरू रोएको प्रसङ्ग अभिव्यक्त गर्न पुग्छन् । यसैगरी सेडेलसँग मुक्कावाज शुरूहुन्छ । कतिपय समयमा टाम किङ्गले सेडेलाई लडाउन सफल हुन्छ भने कहिले सेडेलले लडाउँछ । अन्त्यमा सेडेललेनै वाजी जितेर च्याम्पियनसीप हात पार्छ भने टाम किङ्ग विरक्त मन लिएर घर फर्कन वाध्य हुन्छ ।

**३.९.२.७. देशकाल परिवेश**

प्रस्तुत '**भोको पेट'** कथाको परिवेशमा कथाको मुख्यपात्र टाम किङ्गको घरको दयनीय गरिबीअवस्थाको चित्रण गरिएको पाइन्छ । टाम किङ्ग बुढो भएको कारण उसले सोचेअनुसार खेल खेल्न सक्दैन । तर वाजीका खेलहरूमा सहभागी हुने क्रममा टाम किङ्ग सेडेलसँग कडा भिडन्त गर्न पुग्दछ, कतिपय राउण्डमा सेडेलले पराजित गर्न खोजेको हुन्छ । भने कतिपय खेलमा टाम किङ्गले सेडेललाई लडाउन सफल हुन्छ । अन्त्यमा टामले खेलहार्छ, तापनि उसलाई विरत्ती पैदा हुन्छ किनकि उसकी स्वास्नीलाई खेल हार्दाको खबर कसरी सुनाउने भन्ने पीडा बढेको हुन्छ यसको साथै टाम किङ्गले मुक्काबाजी खेल्ने क्रममा भोको पेट भएको कारण आफ्नो खानामा एक चौक्टा मासुको अभावमा उसको शक्तिक्षय भएको अनुभूति टाम किङ्गले व्यक्त गरेको हुन्छ । यसैगरी स्टोशर बीलले टामसँग खेल पराजय भोगेको समयमा त्यसै आँशु झारेर धुरूधुरू रोएका छैन् रहेछन् भन्ने

आत्माज्ञान टाम किङ्गले प्राप्त गरेको हुन्छ । टाम किङ्ग खेलबाट फर्की नजिकको बगैाचामा आँखाछोपी भक्कानो परि रून पुग्दछ ।

## ३.९.३. घटना कथाको विश्लेषण

### ३.९.३.१. शीर्षक सार्थकता

प्रस्तुत '**घटना**' कथाका लेखक बाबा न्यौपाने हुन् । उनले यस कथाको माध्यमबाट कलेज पढ्ने केटीलाई दैनिक हेर्दै हिँड्ने क्रममा म पात्रको सरूवा भएको कारण युवतिबाट टाढा हुने क्रममा एक दिन युवतिसँग भेट भएको समयमा धेरै भो नि नदेखेको हिजो आज कहाँ ? भन्ने प्रश्न सोध्नुलाई एउटा घटना सावित भएको हुँदा शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.९.३.२. कथानक कथाबस्तु

प्रस्तुत '**घटना**' कथामा कथाको म पात्र दिनहुँ जस्तो क्याम्पस पढ्ने युवतिलाई आँखा लगाउँन पुग्छ । उसले आँखा लगाउनु उसको यौवनको कारण रहेको हुन्छ । वर्षायामको एकदिन सिमसिम पानी परेको समयमा खाल्टाखुल्टीमा पानी जमेको सडकमा मोटरका पाङ्ग्राले पानी छ्यापेर भिज्ने डरले हिँडिरहेको समयमा एक्कासी म पात्रको युवतिसँग जम्काभेट हुन्छ, एक अर्काले बाटो छाडिदिन्छन् उनीहरूको एक आपसको छाताको करङ्ग अड्किएको कारण एक आपसमा भेट हुँदा मुस्कान छाड्दै आफ्नो बाटो लाग्छन् । म पात्र विवाहित भएको कारण युवतिलाई भेट भएको समयमा मात्र सम्भन पुग्छ । एकदिन म पात्रको सरूवा हुन्छ । कार्यालय जाने बाटो बदलिन्छ । युवतिलाई विस्तारै विर्सन थालेको हुन्छ । एक दिन म पात्र वसपार्कमा बस कुरी राखेको बेलामा तिनै युवती युवकको अगाडि आएर मुस्काइ रहेकी हुन्छिन् । उनीहरूले धेरै भो नि नदेखेको ? हिजोआज कता ? भनी प्रश्न गर्नपुग्छन् । त्यसपछि उनको पढाई सकेको कारण पुल्चोकतर्फ नोकरी गर्न पुग्छिन् ? भने युवकको पनि पुल्चोक तर्फ नै नोकरी हुन्छ । यी दुवै पात्रहरूको भेटपछि भोलिपल्ट देखि गाडि नचढि हिँडेर अफिस आउने गर्छन् । अफिसका साथीहरू युवकलाई हिजोआज न्यौपानेजीका `युवति सँग निकै चक्कर बढेको छ । भनी सँगै हिँडेको कारण कुरागर्न पुग्छन् ।

### ३.९.३.३. चरित्र चित्रण

यस कथामा प्रयुक्त पात्रहरूले कथाको महफ्व बढाएको पाइन्छ । जुन पात्रहरूको भूमिकालाई छोटकरीमा तल चर्चा गरिन्छ ।

**क) युवक**

यो घटना कथामा युवक प्रमुख पात्रको रूपमा देखा परेको छ । उ सँधै अफिस जाने समयमा कलेज पढ्ने युवतिलाई आँखा लगाउन पुग्छ । उसले आँखा लगाउनु यौवनको कारण हुनजान्छ । एक दिन युवतिसँग जम्काभेट पछि एक आपसमा मुस्कान छाड्दै दुवै पात्र अगाडि बढेका हुन्छन् । म पात्रको सरूवाले युवतिलाई समेत छटपट परेको हुन्छ ।  उनीहरूको अफिससँगै भएको कारण उनीहरू हिँडेर जान खुसी देखिन्छन् ।

**ख) युवती**

घटना कथामा युवतीको भूमिका पनि सक्रिय नै देखिन्छ । उनी क्याम्पस पढ्ने केटी भएकोले सडकमा हिँड्ने क्रममा युवकलाई भेट्दा मुस्कुराउँनु नौलो कुरा होइत तर युवकको सरूवा भएबाट जुन दिन युवकलाई भेटेकी हुन्छिन् त्यो दिन धेरै दिन भयो नी भेट नभएको भनी प्रश्न गर्ने आँट उनले गरेकी हुन्छिन्।

### ३.९.३.४. भाषाशैली

प्रस्तुत '**घटना**' कथाको कथाबस्तु सरल एवम् सरस प्रकारको पाइन्छ । कथाका मुख्य पात्रहरूले खेलेको भूमिका पनि महफ्वपूर्ण नै मानिन्छ । कथामा व्याकराणिक चिह्नहरूको प्रयोगले भाषालाई स्तरियता प्रदान गरेको पाइन्छ ।

### ३.९.३.५. दृष्टिबिन्दु

प्रस्तुत '**घटना**' कथाको वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथाका पात्रहरू युवक र युवतिले एक आपसमा हेराहेर गर्नु, मुस्कुराउनु युवकको अभावमा युवतिले खोजीगर्नु जस्ता विषयलाई वाह्य दृष्टिबिन्दको रूपमा मान्न सकिन्छ ।

### ३.९.३.६. उद्देश्य एवम् सारबस्तु

प्रस्तुत '**घटना**' कथाको मुख्यउद्देश्य भनेको कथाको मुख्यपात्रहरू युवक र क्याम्पस बस्ने युवतिका बीच नजर जुधाजुध र एक आपसमा मुस्कान छाड्नु रहेको हुन्छ । म पात्रको सरूवा भई अन्यत्र जाँदा समेत युवतीले उनको विषयमा अभिव्यक्त भावले एक आपसमा मन पराएको सङ्केत देखा पर्दछ । तर म पात्रले आफू विवाहित भएको कारण बाटो हिँड्दा मात्र युवतिलाई सम्झेको हुन्छ भन्नु गलत सावित हुन जान्छ । लामो समयको विछोड पछि युवतीले धेरै भो नि नदेखेको ? हिजोआज कता र भन्ने प्रश्नले युवतिलाई हिम्मतका साथ बोल्न खोजको पाइन्छ । युवतीले पढाई सकी सर्भिस ज्वाइण्ड गरेको कारण पुल्चोक तिर जान्छिन् भने युवक पनि सरूवाको कारण पुल्चोकमा नै जाने भएको कारण दुवै जना कथाका पात्रहरूहिँडेर जान खुसी देखिन्छन् ।

### ३.९.३.७. देशकाल परिवेश

प्रस्तुत '**घटना**' कथामा एउटा कार्यालय जाने युवकले सँधै जसो क्याम्पस पढ्ने युवतीलाई नजर लगाउन पुग्छ । सडकमा पानी जमेको कारण मोटरले पानी छ्यापी दिने डरले सडक छेउबाट हिँड्ने क्रममा ती दुईको एक आपसमा भेट हुन्छ । मुस्कान साथ छुटिन पुग्छन् । एक दिन म पात्रको अफिस सरूवा भएको कारण युवतीलाई हेर्ने क्रममा टाढा हुँदै गएको हुन्छ । तापनि बस स्टेशनमा बस कुर्ने क्रममा युवतीको म पात्र सँग भेट हुन्छ र म पात्र हराएकोमा युवतीले प्रश्न गर्न पुग्छिन् । त्यसपछि एक आपसमा कुराकानी पश्चात् भोलिपल्टबाट गाडी चढ्नुको सट्टा ती दुवैजना पात्र हिँडेर नै अफिस जाने आउने क्रममा युवक साथीहरूले न्यौपाने जीको छुट्टै चक्कर छ भनी टिप्पणी गर्न पुग्छन् । किनभने उनीहरूसँगै नै अफिस आउने जाने गरेको कारण हुन सक्छ ।

## ३.९.४. मेरा ती दयालु मित्र कथाको विश्लेषण

### ३.९.४.१. शीर्षक सार्थकता

प्रस्तुत '**मेरो ती दयालु मित्र**' कथाका लेखक मधुवन पौडेल हुन् । उनले यस कथाको माध्यमबाट सरदको लामो समय सम्म सँगै बसेको मित्रको विषयमा कथाबस्तु केन्द्रित भएकोले शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.९.४.२. कथानक कथाबस्तु

प्रस्तुत '**मेरो ती दयालु मित्र**' कथाका मुख्य पात्र शरदलाई विदाको दिन भएकोले विहान निद्राले छिट्टै छोड्दैन तापनि उनकी श्रीमती बिहानउठी पुजापाठ गर्ने, चिया पकाउने गर्छिन । शरदले सिरक भित्र नै पत्रिका अङ्ग्रेजीमा अनुदित लेख प्लेगरिजमको विषयमा लेखेको लेख पढ्न पुग्छन् । त्यसमा ठुला मानिसका लेखकहरूले जानि नजानि कोही कसैका लेख रचनालाई आफ्नो मौखिक रचना बनाउन खोजेको उदाहरण उल्लेख भएका थिए । शरदलाई पाँच वर्ष अगाडि अर्का एक जना मित्र उनलाई भेट्न आएका हुन्छन् । उनी स्कुल जाँदा पनि टल्कीने गाडिमा स्कुल जान्थे, शरदकै नोटकपीहरू

लगेर अध्ययन गर्दथे । करीब १२ वर्ष पछि पूनः उनीहरूको भेट हुन्छ । साथीले एउटा शोध पत्रमा भाषाशैली पुरागरी दिन आग्रह गर्छन । शरदले समय निकाली प्रुफ गरिदिन्थे । ती लेखहरू पढेजस्तो लाग्थ्यो, शरदलाई । पाँच हजार पारिश्रमिक दिने बचनले शरदले उनको काम गरिदियो । दुई चार महिना पछि मित्रको पुस्तक प्रकाशित भएर पुस्तकको भाषाशैली, प्रस्तुतिकरणमा मुरी चर्चा भएकोले शरदलाई आत्मसन्तुष्टि पैदा हुन्छ तर एक दिन मित्रले हाकिमसँग शरदकै विषयमा गरेको टिप्पणीले उनलाई चिन्तित तुल्याई दिन्छ । किनभने आफ्नो कानले उनले गरेको प्रतिक्रिया सुन्नुपर्दा लेखकहरूले आफ्नो रचनालाई बढवा दिन अरूलाई दोषारोपण गर्ने चलन नौलो नभएको प्रतिक्रिया व्यक्त गर्न पुग्छन् । शरदको मित्र डाइरेक्टर भएर आए पनि उसका अगाडि मित्रको अनुहार मलिन देखिन्थ्यो । उनको व्यवहारले कहिले त शरदलाई माया पनि लाग्दथ्यो । ता पनि प्लेगरिजमबाट नै यो अवस्था सृजना भएकोमा उसले चित्त बुझाएको हुन्छ ।

### ३.९.४.३. चरित्र चित्रण

प्रस्तुत **'मेरो ती दयालु मित्र'** कथामा प्रयुक्त चरित्रहरले कथाबस्तु रोचक भएको पाइन्छ । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) शरद**

प्रस्तुत **'मेरो ती दयालु मित्र'** कथामा शरद सक्रिय पात्र मानिन्छ । उसले मित्रको काममा दिलोज्यान दिएको हुन्छ । प्लेगरिजमले ठुला लेखकहरूले साना लेखकहरूको चोरी गर्ने उसलाई मन पर्दैन । उसको पढ्दा देखिको अभिन्न मित्रको शोधपत्रको भाषाशैली प्रुफ गर्ने काम गरिन्छ । त्यस वापत उसलाई पाँच हजार रूपैँया प्राप्त गर्छ तर उसको मित्रले हाकिमको अगाडि शरदको विषयमा प्रतिक्रिया व्यक्त गरेकोमा शरद दुःखी हुनपुग्छ ।

**ख) स्नेही मित्र**

यस कथामा स्नेही मित्रको भूमिका गौण रहेको पाइन्छ । उनी शरदका असल मित्र हुन् । उनी शरदसँगै पढ्ने विद्यार्थी हुन् । उनी धनीका छोरा भएकोले गाडिमा चढेर स्कुल जानेगर्थे । केही समय पछि उनले शरदलाई पुस्तक प्रकाशन गर्ने क्रममा भाषाशैली प्रुफ रिडिङ्ग गर्ने जिम्मा दिएका थिए । उनको पुस्तकको विषयमा पाठहरूको प्रशंसा गरेकोमा शरदले आत्मसन्तुष्टी लिएता पनि उनले शरदको विषयमा लेखाई परिस्कृत नभएको आरोप लगाएबाट शरद दुःखी बन्न पुगेका हुन्छन् ।

**ग) शरदकी पत्नी**

**'मेरा ती दयालु मित्र'** कथामा शरदकी पत्नी गौण नारी पात्र हुन् । उनी बिहान सबेरै उठ्ने, देवी देवताको पूजागर्ने, हप्ताको दुई दिन ब्रतबस्ने, समयमा पतिलाई चिया तथा  खाना ख्वाएर अफिस पठाउनु उनको दैनिककार्य जस्तो हुने गर्दछ ।

### ३.९.४.४. भाषाशैली

**'मेरा ती दयालु मित्र'** कथाको भाषाशैली  सरल, सरस तथा सुवोध्य रहेको पाइन्छ । कथाका पात्रहरूको भूमिका उपयुक्त नै पाइन्छ । कथाको भाव उच्चकोटीको देखिन्छ । व्याकरणिक चिह्नहरूले कथा गहन बन्न पुगेको छ ।

### ३.९.४.५. दृष्टिबिन्दु

'**मेरा ती दयालु मित्र**' कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथाको मुख्य पात्र शरदले खेलेको भूमिका पत्रकारितामा प्लेगेरिजमको कारण लेखकहरूमा देखिँदाको कमजोरी मनस्थिति बारेमा कथावस्तु आउनु वाह्य दृष्टिबिन्दुको उदाहरण मान्न सकिन्छ ।

### ३.९.४.६. उद्देश्य एवम् सारबस्तु

**'मेरा ति दयालु मित्र'** कथाको मुख्य उद्देश्य भनेको पत्रकारिता जगतमा चोरी हुनु दुःखत भएको कुरा व्यक्त गरिएको छ । त्यसैगरी शरदले उसको मित्रलाई पुऱ्याएको सहयोग तथा पुस्तक प्रकाशनको लागि भाषाशैली हेरीदिए वापत पाठकहरूको राम्रो प्रतिक्रिया हुन्छ तर उसको साथीले हाकिमसँग शरदको लेखाई परिष्कृत नभएको आरोप लगाउनुलाई प्लेगेरिजमको कारण भएको कुरा शरदले बुझ्केका हुन्छन्। शरदको मित्रसँग भेट भए पनि उनी नजर जुधाउन सक्दैनन् । अफिसका कर्मचारीहरू डाइरेक्टरका मानिस भनेर छेडपेच गरेतापनि शरदले हाँसेर टारिदिन्छ । तर उसको मित्रको आर्थिक स्थिति, सामाजिक हैसियत पाएका विचरा ति मित्रसँग शरदको माया लागेर आएको कुरा बताउँछ ।

### ३.९.४.७. देशकाल परिवेश

प्रस्तुत **'मेरा ति दयालु मित्र'** कथाको परिवेश शरदको घरमा छुट्टिका दिन विताउने सन्दर्भबाट कथा शुरूगरिएको छ । शरदको श्रीमती विहान सबेरै उठ्ने, देवी देवताको पाठपूजा गर्ने चिया पकाउने समयमा नै खाना ख्वाउने काममा निपुर्ण मानिन्छीन् । उनी हप्ताको दुई दिन ब्रत लिन पुग्छिन्, जसको कारण उनलाई एण्टासीड र बी कम्प्लेक्स ख्वाउनु पर्ने हुन्छ । उता शरद सिरक भित्रै पत्रिका पढ्ने काम गर्छ । उसलाई प्लेगेरिजमले उसको ध्यान तानेको हुन्छ किनकि ठुला ठुला भनी मानिएका लेखकहरूले कुनै न कुनै समयमा कसैका रचनालाई जानेर वा नजानेर आफ्नो मौखिक बनाउन खोजेको प्रसङ्गले उनलाई एक जना मित्रको सम्झना आउँदछ । किनभने उनले शरदबाट धेरै सहयोग लिएको तर उसले शरदलाई दोष लगाएको घटनाले यो विषयलाई पुष्टि गर्दछ । शरदले मित्रको पुस्तक प्रकाशनमा भाषाशैलीको प्रुफ रिडिङ्ग गरेर पाठकबाट सकारात्मक प्रतिक्रिया पाएको हुन्छ । जसले उसलाई आत्मागौरब बढाउँछ तर मित्रको दोषपुर्ण टिप्पणीलाई शरदले नकारात्मक रूपबाट ग्रहण गरेको हुन्छ ।तापनि शरदलाई सिधा आँखा हेर्ने क्रममा सहयोगी मित्र तल परेकोमा शरदलाई माया लागेर आउँछ ।

## ३.९.५. माछा चोरी मत्स्य न्याय कथाको विश्लेषण

### ३.९.५.१. शीर्षक सार्थकता

प्रस्तुत '**माछा चोरी र मत्स्य न्याय**' शीर्षकका लेखक सुनिल हुन् । यस कथामा भागलिने पात्रहरूले दोलखा जिल्लाको गौरीशंकर गाउँको एउटा बस्ती नजिक रहेको पोखरीमा भएको माछाचोरी भएको घटनाले कथाको शीर्षक सार्थकता भएको मान्न सकिन्छ ।

### ३.९.५.२. कथानक कथाबस्तु

प्रस्तुत '**माछा चोरी र मत्स्य न्याय**' कथाको विषयबस्तु अरनिको राजमार्ग लामो साँघु जिरी सडक देखि १३२ कि.मि. पार गरेपछि गौरीशंकर हिमालको फेदीमा एउटा नेवार बस्ती रहेको हुन्छ । त्यहाँ नेवार, ब्राम्हण र थामी जातिहरूको बस्ती भएता पनि सोह्रौं शताब्दीमा उक्त स्थान व्यापारिक केन्द्रको रूपमा प्रचलित थियो । त्यहा परापूर्वकालदेखि विभिन्न महफ्व बोकेको पोखरी निर्माण गरिएको, त्यहाँको प्राकृतिक छटाहरूले के बुढा के युवा के बालक सबैको मन लोभ्याएको हुन्छ । स्थानीय वासिन्दाहरूले पोखरीको सरसफाइमा ध्यान दिएका हुन्थे । त्यहाँका वासिन्दाहरू सहरमा आएर बसेता पनि आफ्नो जन्मथलोलाई विर्सिएका थिएनन् । गाउँको विकासमा बसैलागि पर्न खोज्दथे, त्यहाँको पोखरीमा माछाहरू रहर लाग्दा थिए । एउटा माछो त ३५ धार्नी भएको अनुमान गर्दथे । दशैको समयमा खसिको मासु नपुगेको कारण गाउँलाई सहयोग गर्छु भन्नेहरूले नै उक्त

पोखरीकको माछा मारी खाएको विषयले अदालता मुद्धा पऱ्यो । उम्कने उम्के, चम्कने चम्के पनि कोहिलाई सामाजिक सँजाय दिइयो । अझ पनि म पात्रको पोखरीको अवस्था यथावत भएकोमा त्यहाँको पानीमा कसले तरङ्ग ल्याईदेला भनी म पात्रको पखाई रहेको पाइन्छ ।

### ३.९.५.३. चरित्र चित्रण

प्रस्तुत '**माछा चोरी र मत्स्य न्याय**' कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण रहेको पाइन्छ । जुन पात्रहरूको चर्चा छोटकरीमा तल गरिएको छ ।

**क) म पात्र**

प्रस्तुत कथामा म पात्रको भूमिका सक्रिय रहेको पाइन्छ । कथाको म पात्रले मत्स्यचोरीको कथालाई नजिकबाट हेरी रहेको पाइन्छ । उसले गौरीशंकरको एउटा गाउँका बासिन्दाहरूको प्राकृतिक बस्तुहरूको संरक्षणमा देखाएको चासो महफ्वपूर्ण मानिन्छ ।

**ख) स्थानीय बासिन्दा**

प्रस्तुत कथामा स्थानीय बासिन्दाहरूको भूमिका गौण रहेको पाइन्छ । उनीहरूले फुर्सदको समयमा पोखरीको सरसफाईमा ध्यान दिने गर्दथे । उनीहरू पोखरी देखि गौरवान्वित हुने गर्दथे ।

**ग) शहरमा बसोबास गर्ने युवा :**

प्रस्तुत कथामा गाउँ वा सहरमा गई बस्ने युवाहरूको गौण भूमिका रहेको देखिन्छ । उनीहले आफ्नो जन्मथलोको सम्झना गर्नु विकासका काममा सहयोगको होट गरेता पनि व्यवहारमा उतार्न नसकेको देखिन्छ । बरूपोखरीको ठूलो माछा मारी खान पछि परेका हुँदैनन् ति युवाहरू ।

### ३.९.५.४. भाषाशैली

प्रस्तुत कथामा सरल, सरस एवम् सुबोध्य प्रकारको भाषाशैलीको प्रयोग भएको पाइन्छ । कथाबस्तुलाई विशिष्ठ रूपमा प्रस्तुत गरिएको हुँदा शब्द संरचनामा उत्कृष्ठ मानिन्छ ।

### ३.९.५.५. दृष्टिबिन्दु

प्रस्तुत कथाको दृष्टिबिन्दु वाह्य प्रकृतिको पाउन सकिन्छ । किनभने गौरीशंकर गाउँको प्राकृतिक सम्पदा तथा पोखरीमा रहेको रमाइलो माछाको विषय बस्तुको प्रसङ्गले पनि कथामा वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाउन सकिन्छ ।

### ३.९.५.६. उद्देश्य एवम् सारबस्तु

प्रस्तुत **माछा चोरी र मत्स्य न्याय**को मुख्य उद्देश्य भनेको गौरीशंकर गाउँमा अवस्थित युवाहरूमा कामको खोजीमा सहर केन्द्रित रहेपनि आफ्नो जन्मथलोको सम्झना गरे पनि विकास निर्माणको काममा सहयोग गर्न तँ छाड, मछाड गर्ने तर सहयोग दिने काममा कल्पनामा सीमित रहेको तथ्यमा प्रकाश पार्न खोजिएको पाइन्छ । यसको साथै मन्दिरको शोभा बढाएको क्रममा सहयोग दिन होडबाजी गर्ने युवाहरूको हात रहेको तर उनीहरूमध्ये कति भागिसकेका र कतिपयले सामाजिक सजाँय पाएको विषयलाई उल्लेख गरिएको पाइन्छ ।

### ३.९.५.७. देशकाल परिवेश

प्रस्तुत कथाको परिवेश भनेको अरनिको राजमार्ग लामोसाँघु जिरी सडक देखि १३२ कि.मि. टाढा रहेको दोलखा जिल्लाको गौरीशंकरको एउटा गाउँको परिवेशलाई कथाको मुख्य विषयवस्तु बनाउन खोजिएको पाइन्छ । त्यहाँका युवाहरू रोजगारको क्रममा सहर पसी आफ्नो हातमुख जोड्ने गरेको केही सामाजिक कार्यहरूमा उनीहरूले आफ्नो जन्मथलो सम्झने गरेका विकासका काममा सहयोग गर्न तछाड मछाड गरिएको तर वास्तविक सहयोग हुन नसकेको प्रसङ्ग कथामा भेट्न सकिन्छ । स्थानीय वासिन्दाहरूले पोखरीमा सरसफाइमा विशेष ध्यान दिएको पोखरीमा नौलो माछाहरू भएका जसमध्ये एउटा अनुमानित ३५ धार्नीको माछा पोखरीमा रहेको जसलाई युवाहरूले दशैंको वेलामा मारी खाएको प्रसङ्ग कथामा व्यक्त भएको पाइन्छ । यो विषयले अदालतमा मुद्दा परेको जसको सजाँय सामाजिक रूपबाट भएको तर पोखरीमा अझै परिवर्तन देख्न नसकिएकोमा म पात्रको परिवेश ढिला भएको पाइन्छ ।

## ३.१०. अङ्क दशमा प्रकाशित कथाहरूको विश्लेषण

## ३.१०.१. कस्तो भेट कथाको विश्लेषण

### ३.१०.१.१. शीर्षक सार्थकता

प्रस्तुत '**कस्तो भेट !**'कथाका लेखक  शशी प्रधान हुन् । यस कथामा कथाकी मुख्य पात्र शीलाले देवरप्रति देखाएको चासो चरम विन्दुमा पुगेको पाइन्छ । उनीको विवाह हुन भन्दा २ वर्ष अगाडि देबर घर छोडेर हिँडेको हुन्छ । माइती घर पोखरामा गएको समयमा आफ्नो पति जस्तै युवकसँग भेट हुन्छ । शीलाले आफ्नो देवर भनी माइती घरमा राख्ने काम गर्छिन तर माइती घरमा भेटेको देवर वास्तविक देवर नभएर घरमा नै आफ्नो देवर आएको हुन्छ । यसरी शिलाको देवरसँगको भेटले शीर्षक सार्थकता भएको मान्न सकिन्छ ।

### ३.१०.१.२. कथानक कथाबस्तु

प्रस्तुत '**कस्तो भेट !**' कथाकी मुख्यपात्र शिला माईती घरमा रहँदा समेत पुतली खेलमा देवर प्रति झुकाब राख्ने गर्दथी । जसको कारण उनको विवाह पनि देवर भएको घरमा हुन्छ । देवर २ वर्ष अगाडि नै घर छाडेर हिँडेको हुन्छ । उसको घरमा खोजी हुन्छ तर भेट हुँदैन । आमाले धेरै देवी देवतासँग भाकल गर्छिन तर खबर आउँदैन । एकदिन देवर सरोजको घरमा पत्र आउँछ तर ठेगाना हुँदैन जसको कारण भाउजु शिलाले लेखेको पत्र पठाउन पाउँदिनन् । शिला माइत पोखरा गएको समयमा आफ्नो पतिको अनुहार सँग मिल्दो जुल्दो युवक देख्छिन् र आफ्नै देवर हो भनी युवकलाई माइती घरमा ३ दिन सम्म आतिथ्यताका साथ राखि देवर सँग शिला धेरै कुरा राख्न खोज्छिन् तर उक्त युवक घर नआउने अठोट गर्छ । यसै समयमा शिला घरमा आएको समयमा नयाँ युवक सरोजले भाउजु नमस्कार भन्छ, जसले शिलालाई हजारौं विच्छीले टोकी दिए जस्तो हुन्छ । तर पोखरामा भेटिएको देवररूपी सरोज त्यहाँ थिएन, शिलाले धन्य ईश्वर ? मैले पोखरामा भेटेँ भनेर कसैलाई भनिनँ यदि भनेको भए के हुने थियो ? होला भन्ने आशंका मनमनै गर्दै कथाको कथानक सकिन्छ ।

### ३.१०.१.३. चरित्र  चित्रण

प्रस्तुत '**कस्तो भेट !**' कथामा प्रयुक्त पात्रहरूले कथालाई रोचक एवम् आकर्षकता प्रदान गरेको पाउन सकिन्छ । जुन पात्रहरूको चर्चा तल छोटकरीमा गरिन्छ ।

**क) शिला**

शिला '**कस्तो भेट !**' कथामा प्रयुक्त प्रमुख महिला पात्र हुन् । उनले देवरप्रति देखाएको अगाध आस्था र विश्वास देखाएकि हुन्छिन् तापनि उनले आफ्नो देवर ठानी माइती घरमा नयाँ युवक सँग ३ दिन सम्म माइतमा नै राख्नु तर घरमा आउँदा वास्तविक देवर सरोज सँग भेट हुनुले शिलालाई

मनोवैज्ञानिक चोट खप्नु परेको छ । यदि उनले पोखरामा भेटेको देवरको विषयमा घरमा कुरा गरेको भए शिलाले घरबाट खेदिनु पर्ने विषयमा दुईमत हुने थिएन ।

**ख) सुबोध**

सुबोध यस कथाको गौणचरित्र मानिन्छ । उसले शिलाको पतिको भूमिका निर्वाह गरेको छ । भाइलाई चिठी पठाउने क्रममा ठेगाना लेखेको छैन लम्फुले भनी गालीगर्न पुग्छ ।

**ग) सरोज**

सरोज यस कथाको गौणपात्र मानिन्छ । उ परिवारको कान्छो छोरो भएको कारण बाबु आमाको विशेष प्यारमा पालिएको कारण अल्लारे उमेरमा नै साथीहरूको कुसंगतमा परी घरबाट भागेको हुन्छ । उ भाग्दा शिलाको विवाह भएको हुँदैन तापनि भाउजुको अगाध स्नेह देवर प्रति रहेको हुन्छ । झण्डै देवर सरोजको खोजीमा भाउजुले परिवारबाट सजाँय भोग्नुपर्ने अवस्था देखापरेको हुन्छ तर शिलालाई ईश्वरले जोगाई दिएका हुन्छन् ।

**घ) सरोजकी आमा**

**'कस्तो भेट!'** कथामा सरोजको आमाको भूमिका गौण रहेको छ । उनीले आफ्नो कान्छो छोराको खोजीमा देवी देवतासँग भाकल समेत गर्न पुगेकी हुन्छिन् ।

**ङ) बिमला**

बिमला यस कथाको गौणपात्र हुन् । उनी शिलाकी नन्द हुन् । उनीले सरोजले पठाएको चिठ्ठीको खाम राखेकी हुन्छिन् तर खाममा ठेगाना लेखेको हुँदैन ।

**च) सरस्वती**

सरस्वती यस कथाको गौणपात्र हुन् । उनी जेठाजुको छोरी हुन् । उनी शिलालाई धेरै माया गर्छिन ।

### ३.१०.१.४. भाषाशैली

प्रस्तुत '**कस्तो भेट !**' कथाको भाषाशैली सरल, सरस एवम् सुबोध्य प्रकारको रहेको छ । छोटा छरिता वाक्य र जीवन्त पात्रानुकुल संवाद रहेको छ । पात्रहरूले स्थानीय शैलिमा बोलेका छन् । यस कथाको मुख्य नारी पात्र शिलाले देवर प्रति देखाएको झुकावले झण्डै घटनाको श्रृङ्खला अगाडि बढ्न खोजेको पाइन्छ । कथाको प्रस्तुतिकरण प्रभावकारिताले गर्दा रोचकता र कौतुहलताले गर्दा कथाले विशिष्टता प्राप्त गरेको छ ।

### ३.१०.१.५. दृष्टिबिन्दु

प्रस्तुत '**कस्तो भेट !**' कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ, किनभने शिलाले देवरको खोजीमा पोखरामा नक्कली देवर सरोजलाई भेटेको, केही समय देवर भाउजु बसी कुराकानी गर्नपुग्नु वाह्य दृष्टिबिन्दु मान्न सकिन्छ ।

### ३.१०.१.६. उद्देश्य एवम् सारबस्तु

प्रस्तुत '**कस्तो भेट !**' कथामा कथाको मुख्य महिला पात्र शिलाले देवरलाई बढी भन्दा, बढी मन पराउन खोजेको पाइन्छ । तर देवरले भने साथी भाइको सङ्गतमा लागि घर छोडि हिँडेको हुन्छ । घरमा आमाले समेत सरोजको खोजीमा दिनरात रूँदै देवीदेवताहरूलाई भाकल गर्न पुगेकी हुन्छिन् । तर उसको सन्चो विसन्चोको खबर नआएको अवस्थामा एकदिन सरोजको पत्र घरमा आउँछ । त्यही मौकापारी शिलाले देवरलाई चिठी लेख्छिन् तर ठेगानाको अभावमा पठाउन पाउँदिनन् । उनी

पोखरामा माइत जान्छिन् । त्यहाँ शिलाले आफ्नो पतिको अनुहारसँग मिल्ने युवकलाई देखेको कारण उनीलाई रोकी तपाईं सरोज हो मेरो देवर विवाह हुनु भन्दा अगाडि हिँड्नु भएको भनी सोधपुछ गरिन् । अनायास त्यो युवक शिलाको माइतीमा ३ दिन बस्यो । शिलाले घर आउने आग्रह गरिन् । तर उ आउन मानेन तर शिला घरमा आउँदा जेठानीको छोरीले अंकल आउनु भएको प्रसङ्गले शिला झस्किन पुग्छिन् । आफ्नो परिवारमा सरोज देवरले नमस्कार गर्छ । तर पोखरामा भेटेको सरोज देवर त्यहाँ हुँदैन । त्यो घटनाले शिलाको मनमा छटपटी हुन्छ । कसो मैले पोखरामा सरोज भेटेको थिएँ भनेर कसैलाई भनिन्, हे धन्य ईश्वर! भन्दै नत्र तिनले मलाई के गर्ने थिए भन्ने कुरा मनमनै सोच्दै कथाबस्तु टुङ्गिन्छ ।

### ३.१०.१.७. देशकाल परिवेश

'**कस्तो भेट !**' कथामा काठमाडौं र पोखराको परिवेश सँग कथाबस्तु डोऱ्याएको जस्तो लाग्दछ । किनकि कथामा प्रयुक्त नारी पात्र शिलाले पुतली खेलमा समेत देवरको प्रसङ्ग चलाएर देवर भएको घरमा विवाह गरेकी हुन्छिन् तर देवर भने साथीहरूको कुलतको कारण घर छाडेर हिँड्न पुग्छ । यता घरमा शिलाको विवाह पश्चात् शिलालाई देवर भेट्ने इच्छा हुन्छ । देवर सरोजको चिठी घरमा आउँछ परिवारमा खुशी छाउँछ । शिलाले अपरिचित भाउजुको तर्फबाट चिठी पठाउन खोज्छिन् तर ठेगानाको अभावमा पठाउन सक्दिनन् । पछि माइत पोखरा गएको समयमा शिलालाई सरोज देवरको यादले एउटा युवकलाई रोकी आफ्नो देवर भएको प्रमाणित गर्न खोज्छिन् तर युवक हच्किन खोज्छ । यस्तो अवस्थामा पनि शिलाले उसको घर ठेगाना सोधेर आफ्नो देवरको रूपमा केही समय राख्न सफल हुन्छिन् । तर घरमा आउँदा  अर्कै देवर सरोज देखा पर्नुले शिलाको मनमा देवर पोखराको युवक नभएको प्रमाणित हुन्छ । यस्तो अवस्थामा शिलालाई ईश्वरले नै क्षमा गरेको कुरा शिलाले अनुभूति गर्न पुग्छिन् । यसरी यो कथामा कुनै पनि मानिससँग आवश्यक भन्दा बढी विश्वास गर्नखोज्दा आफ्नो भविष्यमा पनि प्रश्न चिह्न उठाउन सक्ने विषयमा सार्थकता देखाएको पाइन्छ ।

## ३.१०.२. हराएको मूर्ति कथाको विश्लेषण

### ३.१०.२.१. शीर्षक सार्थकता

प्रस्तुत **'हराएको मूर्ति !कथा'** का लेखक विजय चालिसे हुन् । यस कथामा भागलिने पात्रहरूले पसलको छेउमा रहेको मन्दिरमा अवस्थित मूर्ति चोरहरूलाई पक्रन सफल भएकोले कथाको शीर्षकसार्थक मान्न सकिन्छ ।

### ३.१०.२.२.कथानक/कथावस्तु

प्रस्तुत '**हराएको मूर्ति**' कथामा भागलिने पात्रहरू अन्जु, अरूण, आलोक रहेका हुन्छन् । उनीहरूसँधै झैँ खेलमा रमाउने भएको कारण आज पनि उनीहरू खेल खेल्ने क्रममा वनमा जाने र लुकामारी खेल खेल्न सहमत हुन्छन् । अन्जु र अरूण जङ्गलमा लुकामारी गर्ने र आलोक खोजी गर्ने खेल सुरूहुन्छ । आलोकले अन्जु र अरूणलाई खोजी गर्ने क्रममा जङ्गलको झाडीमा एउटा राम्रो मूर्ति फेलापारी अन्जु र अरूणलाई समेत बोलाउँदछ । उक्त मूर्ति चोरहरूलाई समात्नु पर्छ भन्ने सल्लाह गर्दै विनोदको अर्जुन काका कहाँ गएर यी सबै कुरा बताएपछि उहाँले नै ति बदमासलाई पक्रने जुक्ति बताईदिनु हुन्छ भन्ने विचारले अन्जु र अरूणलाई मूर्ति भएको ठाउँमा छाडी आलोक अर्जुन काकाको घरमा जान्छ । त्यहाँ विनोदलाई साथी लिएर आलोक अड्डामा पुगी सबै कुरा बताउँछ । त्यसपछि काकाले सहयोगी साथ मूर्तिचोरलाई समात्ने योजना बनाए फलस्वरूप टर्चको उज्यालोमा मूर्तिचोरहरू अगाडि आए नभन्दै काकाको सहयोगीहरूले सिठ्ठी बजाउँदै उनीहरूलाई घेरा हाली ६ जना मूर्तिचोरहरूलाई फक्रेर हतकडी लगाएर जेललाने काम हुन्छ । अर्जुन काकाले अरूण, आलोक र अन्जुलाई घरमा पुऱ्याउन लाँदा बाबुआमाले उनीहरूलाई गाली गर्नुभयो तर काकाले तपाईंका छोराछोरीलाई गाली नगर्नुहोस् । तपाईंका छोराछोरीहरूको बुद्धिमानी र साहसले गर्दा आज धेरै बदमासहरू समातिएका छन् । आज ६ जना मूर्तिचोर समातिएका छन् । यस्ता छोराछोरी पाउनु

भाग्यको कुरा हो । भनी अर्जुनकाकाले सम्झाएकोमा बा,आमा खुशी हुनुभयो । सबैले उनीहरूलाई स्यावासी दिए पछि कथानक टुङ्गिन्छ ।

### ३.१०.२.३. चरित्र चित्रण

प्रस्तुत '**हराएको मूर्ति**' कथामा प्रयुक्त पात्रहरूले कथाबस्तुलाई रोचकता प्रदान गरेको छन् ।कथामा भाग लिने पात्रहरूको छोटकरीमा तल प्रस्तुत गरिएको छ ।

**क) अन्जु**

अन्जु '**हराएको मुति**' कथाको सक्रिय बाल पात्र मानिन्छीन् । उनी खेल खेल्ने क्रममा, अरूण र आलोकसँग वनमा गएकी हुन्छिन् । लुकामारी खेल खेल्ने क्रममा आलोकले मूर्ति फेला पार्दछ । उक्त मूर्ति चोरहरू पक्रने क्रममा अन्जु र अरूण जङ्गलमा बसेको हुन्छन् । पछि अर्जुन काकाले बेलुका घरमा पुऱ्याउनु हुन्छ ।

**ख) अरूण**

अरूण पनि यस कथाको सक्रिय पात्र नै मानिन्छ । उ अन्जूको मिल्ने साथी पनि हो । उ पनि खेल्ने क्रममा जङ्गलमा गएको हुन्छ । पछि आलोकले मूर्ति फेला पारे पछि मूर्तिचोरहरूलाई अर्जुन काकाले समाती जेल चलान गरेपछि पछि उ घरमा फर्कन्छ ।

**ग) अलोक**

अलोक '**हराएको मूर्ति**' कथाको गौणपात्र नै मानिन्छ । उ आलोक र अरूणसँग खेल खेल्ने क्रममा वनमा गएका हुन्छन्, लुकामारी खेलमा आलोकलाई अरूण र अन्जुलाई खोज गर्ने क्रममा हराएको मूर्ति फेला पार्दछ । पछि काकाद्वारा मूर्तिचोरहरू समातिन्छन् र उ पनि घर फर्कन्छ ।

**घ) अर्जुनकाका**

अर्जुन काका विनोदका बाबु हुन् । उनी अड्डामा काम गर्छन । लुकामारी खेलमा आलोकले भेटेको मूर्ति चोरहरूलाई समात्न काकाले आफ्ना सहयोगीहरूद्वारा ६ जना मूर्तिचोरहरूलाई समात्न सफल हुनु भएको छ । पछि अन्जु, अरूण र आलोकलाई रातको समयमा घर पुऱ्याउन सहयोग गर्नु भएको छ ।

**ङ) बुबा आमा**

प्रस्तुत 'हराएको मूर्ति' कथामा बाबु आमाको भूमिका गौण रहेको छ । उनीहरूले अन्जु, आलोक र अरूण समयमा घरमा नआई पुग्दा धेरैतिर खोजि गरेका हुन्छन् । अर्जुन काकाले लिएर जाँदा सम्म गाली गर्न पुग्छन् । पछि अर्जुन काकाले सम्झाए पछि मात्र उनीहरू आफ्ना छोराछोरी प्रति खुशी व्यक्त गर्न पुग्छन् ।

### ३.१०.२.४. भाषाशैली

प्रस्तुत **हराएको मूर्ति** कथा सरल भाषाशैलीमा लेखिएको पाइन्छ। ग्रामीण भेगमा बस्ने कथाका पात्रहरूले मूर्तिचोरहरूलाई समात्न सहयोगी भूमिका निर्वाह गरेका छन् ।ठानामा समेत बाल पात्रहरूले सहयोगी भूमिका निर्वाह गरेकाले उनीहरूप्रति विश्वास बढेको पाइन्छ। प्रस्तुतिकरणको दृष्टिबाट हेर्दा समेत कथाको सिल्पपक्ष छरितो देखिन्छ र कथामा कौतुहलताको मात्रा बढि नै देख्न सकिन्छ। भाषाशैलीको दृष्टिले पनि प्रभावकारि नै देखिन्छ।

### ३.१०.२.५. दृष्टिबिन्दु

प्रस्तुत कथाको दृष्टिबिन्दु बाह्य प्रकारको नै देख्न सकिन्छ । यो कथा घटनाप्रधान भएकोले रोचक पाइन्छ। कथाका बाल पात्रहरूले खेलेको बुद्धिमतापूर्ण कार्यले हराएको मूर्तिचोरहरू समाउन प्रहरी

प्रशासन सक्षम बन्न सकेको र अर्जुन काकाले चोर समात्न सफल पात्रहरूलाई स्यावासी दिन बाह्य दृष्टिबिन्दुको कारण मान्न सकिन्छ ।

### ३.१०.२.६. उद्देश्य एवम् कथासार

प्रस्तुत **हराएको मूर्ति** कथाको मुख्य उद्देश्य भनेको लुकामारी खेलको कारण हराएको मूर्ति समेत भेट्टाउन सफल बाल पात्रहरू अन्जु, अरूण र आलोकको विषयमा कथा वस्तु केन्द्रित भएको पाउन सकिन्छ । बालबालिका हरूले पनि उचित अड्कल र अनूमान लगाउने हो भने बद्मासहरूलाई समात्न सजिलो हुने कुरा स्पष्ट पार्न खोजिएको छ । कहिले काँहि नसोच्दा नसोच्दै पनि बालबालिकाहरूले परिवारका अभिभावकहरूबाट गाली खानु पेरेको हुन्छ तर वास्तविकता बुझे पछि अभिभावकलाई सम्झाउन गाह्रो नहुने विषयमा कथावस्तु केन्द्रित हुन पुगेको पाइन्छ । यस कथामा प्रयुक्त बाल पात्रहरूले लुकामारी खेलको क्रममा नै हराएको मूर्ति फेला पारेको पुलिस प्रशासनलाई जानकारी दिनु राम्रो पक्ष मानिन्छ । हराएको मूर्ति कुरेर बस्ने अन्जु र अरूणको साहसको खुलेर समर्थन गर्नुपर्ने हुन्छ । असल काम गर्न परिपक्क व्यक्ति नै हुनु पर्छ भन्ने सोच लाई नकार्दै आवश्यक ज्ञान सीप भएमा साना  बालबालिकाहरूले समेत ठुला व्यक्तिले गर्ने कार्य गर्न सक्ने विषयमा कथाले सन्देस दिन खोजेको पाइन्छ ।

### ३.१०.२.७. देशकाल परिवेश

**हराएको मूर्ति** कथामा कथाकारले चरित्रोघाटनका लागि उपयुक्त परिबेशको सिर्जना गरेका छन् । कथा वस्तुलाई बाल पात्रको माध्यमबाट सुरूगरिएको छ । उनीहरूको मनपर्ने खेल खेल्न वनको हरियाली वातावरण ऐसेलु पाकेको समयमा झाडिमा लुकामारी खेल खेल्ने क्रममा मूर्तिचोरहरूले झाडीमा लुकाएको मूर्ति फेला पारी मूर्तिचोरहरूलाई नै समात्न कथाकार सफल भएका छन्। मूर्तिचोरहरूलाई समात्ने क्रममा अर्जुन काकाले ठानाबाट आफ्ना सहयोगीहरूको साथमा रातको समयमा मूर्ति लुकाएर राखेको ठाउँमा बसी टर्च लाइट बालेर आएका चोरहरूलाई घेराहाली आत्मसर्मपण गर्न लगाइ उनीहरूलाई जेल लाने क्रममा काका सफल पात्र देखिनु हुन्छ । यो सफलताको लागि कथाका बाल पात्रहरूलाई स्याबासी दिदै बेलुका घर पुर्‍याउने काममा अर्जुन काकाले अभिभावकहरूलाई छोराछोरी लाई गाली नगर्नु होस् उनीहरूको कारण मूर्तिचोरहरू पक्रन सफल भयौं तपाइहरू भाग्यमानी हुनुहुन्छ असल काम गर्ने छोरा छोरीको बाबुआमा भनी काकाले सम्झउँदा उहाँहरूले समेत खुसीव्यक्त गर्दै कथा टुङ्गिन पुग्छ ।

## ३.१०.३  इडियट कथाको विश्लेषण

### ३.१०.३.१ शीर्षक सार्थकता :

प्रस्तुत '**इडियट**' कथाका लेखक बाबा न्यौपाने हुन् । यनले यसक कथाको माध्यमद्वारा आफ्नो घरमा नानीको नामले बोलाइने कथाकी मुख्य नारी पात्रलाई एउटी भद्र महिलाले जर्साहिबको घरमा  नोकर लगाई दिएको हुन्छ । उनको काम गराइमा स्वचालित यन्त्र समान भएकाले अरूलाई खुसी पार्ने विशेषता उसमा लुकेपनि आफ्नो लुगा लगाउन नजान्नु, कोरी बाटी नगर्नु आफ्नो शरीरको ख्याल नराख्नुले उसलाई कस्तो **इडियट** रहिछ भन्नुले शीर्षक सार्थकता भएको अनुभूति हुन्छ ।

### ३.१०.३.२ कथानक कथाबस्तु :

प्रस्तुत '**इडियट**' कथाको मुख्यपात्र सरलालाई एउटी भद्र महिलाले जर्साहिबको घरमा नोकरीमा राखिदिएको हुन्छ । उनले काम गर्ने सीपमा यन्त्र समान काम गरी मालिक, मालिकनीलाई खुशी पारेकी हुन्छिन् । उनलाई केही काम गर्न पनि अह्राउनु पर्दैन । उनलाई मिठो नमिठोको पनि मतलब हुँदैन, राम्रो नराम्रो जे जस्तो दिए पनि लगाई दिन्छे । आफ्नो श्रृङ्गार पटार केही जान्दिन । त्यसैले उसको रानी साहेबले उसलाई कस्ती इडियट भनेर भन्ने गर्थिन । सरलालाई त्यो घरमा कुनै असजिलो लाग्दैनथ्यो । बेलाबेलामा जर्साहिब सरलालाई जिस्काउने गर्नुहुन्थ्यो । अब सरलालाई एउटा

केटा खोज्नुपर्‍यो भनि एकदिन जर्साहिबलाई के झोक चलेछ सरलाका कपडा ल्याएर मिलाई मिलाई लगाउन सिकाउँदै क्रिम पाउडर दलिदिए, टीका लगाई दिए, शरीर तानतुन पारेर मुसुक्क, डिसिक्क, फिस्स हाँस्न सिकाई दिए । उक्त क्रियाकलापले रानी साहेब र छोराछोरी मुटु मिचिमिचि हाँसेका थिए । एक दिन मैया साहेबलाई भेट्न एउटा धोके आएको थियो । उक्त कुरा रानी साहेबलाई भन्नु नभन्नु भन्ने द्विविधामा सरला परिन । आखिर रानी साहेबलाई भन्न वाध्य भइन् । उनलाई यस्ता कुरा नगर भनेर रानी साहेबलाई गाली गरिन् पछि मलाई मात्र भन त्यो केटाले के गर्‍यो भनेर रानी साहेबले भन्दा सरलाले हजुर एकै ठाममा अंगालो मारेर भन्ने शब्द सुन्ने वित्तिकै रानी साहेबले भैगो भनेकी थिइन् । यसरी दिन बित्दै जाँदा एकदिन मैयाले सरलालाई 'सरला' दिदी तिमी त अचेल म भन्दा पनि आकर्षक हुन थाल्यौ । आफ्ना कुरा अरूलाई भन्न हुन्न भन्दा सरला दङ्ग पर्छे । यसैगरि रानी साहेवले पनि सरलाको जीवनमा आएको परिवर्तन देखि जर्साहिबले के जादु लगाई दिनुभयो, सबैजना तँ देखि मख्ख छन्, भनिन् । सरलालाई रानी साहेबले दिएको उपदेशले हो कि उ कसका कुरा गर्दिन । आफू सँग सम्बन्धित घटनाहरूलाई उ सजिलै लुकाई दिन्छे । यसैले त रानी साहेबले स्नेह गर्दै सरलालाई कस्ती '**इडियट**' भन्ने गर्छिन, यसरी कथानकको अन्त्य हुन्छ ।

**३.१०.३.३ चरित्र चित्रण :**

सरला '**इडियट**' कथामा सम्बन्धित पात्रहरूले कथाबस्तुलाई रोचकता प्रदान गरेका छन् । जुन पात्रहरूको चर्चा तल प्रस्तुत गरिएको छ ।

**क) सरला :**

सरला '**इडियट**' कथामा प्रयुक्त सक्रिय नारी पात्र हुन् । उनी घरपरिवामा नानीको नामले बोलाइएता पनि उनलाई एक जना भद्र माहिलाले जर्साहिबको घरमा नोकरीमा राखिदिएका हुन्छ । उनीको काम गराईमा मालिक लाई रिजाउने गुण पाइन्छ । तापनि उनी आफ्नो शरीरमा लुगा लगाउन जान्दिनन् । जे दियो त्यही खान्छे, दिन वित्दै जाँदा सरलामा यौन अवस्थाको कारण उनी लजाउने सपक्क परेर देखिन र उनको शारीरिक बनोटले पनि अरूलाई आकर्षणगर्ने शक्ति विकास गराएको हुन्छ । उनलाई रानी साहेबले **इडियट** भनी अभिव्यक्त गर्ने गर्छिन् ।

**ख) जर्साहिब :**

जर्साहिब यस कथामा सक्रिय पात्र अर्न्तगत नै देखा परेको हुन्छ । उसले सरलाको नामाकरण गरेको हुन्छ । आफ्नो घरमा सरलालाई नोकर्नीको रूपमा राखेको हुन्छ । जर्साहिबले सरलाको आफ्नै प्रकारको चरित्र देखि दङ्ग पर्दछ । उसले सरलाको व्यवहार पविर्तन भएको हेर्न चाहन्छ । त्यसैले उसले सरलाका दसैंका कपडाहरू मिलाएर लगाइ दिने, क्रिम पाउडर, टीका लगाई दिएर सरलालाई आकर्षक बनेको देख्न चाहन्छन् । यसको साथै सरलाका नितम्ब पुष्ठ देखाउन बाङ्गो, टिङ्गो रेखामा समेत हिँडाउने अभ्यास गराउन जर्साहिब पछि पर्दैन । उनी हँसिलो ठट्याउलो र राम्रो वान्की शारीरिक आकृति रहेको देखिन्छ ।

**ग) रानी साहेब:**

रानी साहेब **इडियट** कथामा प्रयुक्त नारी पात्र मानिन्छीन् । उनी जर्साहिवकी पत्नि हुन् । उनलाई सहयोग पुर्‍याउन सरलालाई नोकर्नीको रूपमा घरमा पालिएको छ । रानी साहेबले सरलालाई घरको कुनै पनि काममा दोष दिन नसके पनि उनको सोझोपना र उनको कपडा लगाई प्रति व्यङ्ग्य गर्दै कस्ती **इडियट** भनी सरलालाई भन्ने गरेकी छिन् । यसको साथै आफ्नो घरमा छोरी मैया साहेबसँग आउने केटाको बारेमा सरलाको अभिव्यक्ति उनलाई मनपर्दैन । पछि मुख्यभेद थाहा पाएपछि सरलालाई केही नभन्नु भनेकी हुन्छिन् ।

**घ) बाबु साहेब :**

'**इडियट**' कथामा बाबु साहेब गौण पात्रको रूपमा देखा पर्दछ । उसको वास्तविक नाम कुमार हो । उसलाई सरला बाबु साहेबको नामले बोलाउँछिन् । बाबु साहेको पढाई, लेखाई, खान पिन जस्ता कुरामा आवश्यक खर्च गर्ने काममा रानी साहेबले मन फुकाएर खर्च गर्ने गर्छिन । बाबु साहेब सरलासँग बोल्दैनन्, प्रसङ्ग अनुसार बोल्नु परे **इडियट** भनिदिन्छिन् ।

**ङ) मैया साहेब :**

मैया साहेब '**इडियट**' कथामा गौण महिला पात्र हुन् । उनको नाम बबी हो । उनी जर्साहेब र रानी सोहबको एक मात्र छोरी हुन् । उनी सुखी परिवारको रहन सहनमा हुर्किएको हुन्छिन् । उनको एउटा केटा साथी घरमा कोही नभएको समयमा आउने गर्दछ । निकै बेर कुराकानी गरी चिया नास्ता खाएर घर जाने गर्दछ । एक दिन सरलाले कोठामा मैया साहेबलाई अँगालोमा लिन गएको दृश्यले धोके प्रति निकै रिस उठेको हुन्छ । मैया साहेबले एकदिन सरलालाई तिमी त म भन्दा पनि राम्री देखियौ भनी प्रशंसा गरेकी हुन्छिन् । यस्ता कुरा बाबु आमासँग भन्नुहुँदैन भनी अर्थ्याउने गरेकी छिन् ।

**च) धोके केटो :**

प्रस्तुत '**इडियट**' कथामा धोके केटा गौणपात्रको रूपमा उपस्थित भएको छ । उ प्रायः जसो कोही नभएकोसमयमा मैया साहेबलाई भेट्न कोठामा आउने गर्दछ । उसले मैया साहेबसँग बसेर कुराकानी गरेको, अँगालोमा मैया साहेबलाई राख्न खोजेको सरलालाई मन पर्दैन ।

**३.१०.३.४ भाषाशैली :**

प्रस्तुत '**इडियट**' कथामा प्रयुक्त भाषाशैली सरल, सरस एवम् सुबोध्य प्रकारको रहेको पाइन्छ । कथाका पात्रहरूको संवादको कारण कथावस्तु रोचक तथा रोमान्टिक जस्तो देखिन्छ । कथाको विषयबस्तु आदि, मध्य र अन्त्यको चरणमा प्रविष्ट गरिएको पाइन्छ । सरलाले मैया साहेबसँग धोके युवकले गरेको क्रियाकलापलाई रानी साहेब समक्ष प्रस्तुतीकरणमा कौतुहलताको आँधी पस्कन कथा सफल भएको पाइन्छ । कथा प्रयुक्त रोमान्टिकताले कथामा उच्चकोटीको भाषाशैलीको प्रयोग भएको पाउन सकिन्छ ।

**३.१०.३.५ दृष्टिबिन्दु :**

प्रस्तुत कथामा पनि वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ । किनकि कथामा प्रयुक्त पात्रहरूको व्यवहार र क्रियाव्यपारले पनि उक्त कुराको पुष्टि गरेको पाइन्छ । कथामा प्रयुक्त महिला पात्र सरलाको जीवनमा देखिएको आकर्षकको सङ्केत र मैया साहेबसँग नौलो केटाको प्रवेशले पनि कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**३.१०.३.६ उद्देश्य एवम् सारबस्तु :**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको यौवन अवस्थाको समयमा शारीरिक मात्र नभएर व्यवहारमा समेत परिवर्तनका सङ्केतहरू देख्न सकिने कुरामा सरलाको जीवनमा देखिएको आकर्षकलाई सङ्केत गरेको पाइन्छ । त्यसैगरी कथाको अर्को उद्देश्य भनेको धनी एवम् सम्पन्न परिवारका छोरा छोरीहरूमा छाडा पनले जरो गाडेको विषयलाई मैया सँग दिनहुँ जस्तो एकान्त समयमा भेट्न आउने धोके केटालाई अघिसारेको पाइन्छ । पहिलाको समयमा धन र ऐस आरामको लागि घरमा नोकर पाल्ने प्रथा कायम भएको सरलाको जीवन भोगाई बाट देख्न सकिन्छ । यसको साथै यस कथाको यौन मनोविज्ञानसँग सम्बन्धित भएर कथाको विषयवस्तु अगाडि बढेको पाइन्छ । किनकि मैया साहेबका व्यवहार, सरलामा देखा परेको पुरूषका लुगाहरूमा आएको गन्ध । रानी साहेबले परिवारका सदस्यहरूलाई दिएको खुलापनले यसको सङ्केत गरेको पाइन्छ ।

### ३.१०.३.७ देशकाल परिवेश :

यस कथाको मुख्य परिवेश भनेको सरलाको घरको गरिबीर जर्साहिबको घरपारिवाको सम्पन्नताका दुई वटा पक्षलाई मुलविषयवस्तु बनाउन खोजको पाइन्छ। सरलालाई जर्साहिबको घरमा नोकर राख्नु यसको ज्वलन्त उदाहरण हो। उनीले जर्साहिबको घरमा रहँदा सम्पूर्ण कामहरूलाई यन्त्रको रूपमा अगाडि बढाएकी हुन्छिन्। त्यसैगरी उनको सोभ्फोपना र आफ्नै प्रकारको भेषभुषाले जर्साहिबका परिवारले उनलाई इडियट भनी सम्बोधन गर्ने गर्छन् भने जर्साहिबले त उनलाई कपडा लगाउने देखि श्रृङ्गारका सामग्रीहरूको प्रयोग गर्न लगाएर आकर्षण बढाउने काममा लागि परेको देखिन्छ। त्यसैगरी सरलाले घरमा मैया साहेबलाई भेट्न आउने युवकको क्रियाकलापलाई राम्रो मानेकी हुन्नन्। जुन कुरा रानी साहेबसँग राख्दा यस्तो विषयमा अरूसँग कुरा नगर्ने शर्त गराउन पुग्छिन्। पछि सरलाबाट युवकको मुख्यविषय बुझि सकेपछि अब भयो अरूकुरा भन्दै उनलाई नबोल्न अनुरोध गर्दै कथा टुङ्गिन पुग्दछ।

## ३. १०.४. बैकल्पिक कथाको बिश्लेषण

### ३. १०.४.१ शीर्षक सार्थकता :

प्रस्तुत '**बैकल्पिक**' कथाका लेखक दिनेश सत्याल हुन्। उनले यस कथामा एउटा साधुको ईश्वरीय शक्तिको प्रचार प्रसार गरी भेटी वापत असङ्ख्य रकम सङ्कलन गर्ने र डाकुहरूको सम्पर्कमा रही बैकल्पिक भूमिका निर्वाह गरेको कारण शीर्षकसार्थक भएको पाइन्छ।

### ३. १०.४.२ कथानक एवम् कथाबस्तु :

प्रस्तुत '**बैकल्पिक**' कथामा प्रयुक्त पात्र (डाकु) आमन्त्रणले एउटा सधुलाई आफ्नो इश्वरीय शक्ति देखाउने क्रममा एकजना साधुलाई आमन्त्रणले नोटको विटो अगाडि राख्न लगाई दियो। यसको साथै साधुलाई एउटी केटीसँग विवाह गर्न डाकुले बाटो हेरी बसेको थियो। साधु काप्दै रहेको समयमा एकजना स्रोताले छालाको ज्याकेट दिएको थियो। त्यही समयमा त्यस गाउँमा एकजना आइमाई झुन्डिएर मरेको कारण साधुको मनमा तुफान चली रहेको हुन्छ। साधुको अगाडि डाकु अनुहार परिवर्तन गरी बसेको हुन्छ। यो वस्तीमा एउटी आइमाई चवन्नौं घटनामा परी मरेकी हुन्छिन्। साधुलाई सोधपुछका क्रममा चारजना मानिसले लैजाने काम गर्छन। किनकि वैंकमा साधुले राखिएका नोटहरू मिलेका हुन्छन्। ती सबै नोटहरू सहरका ठुला ठुला घर र कार्यालयबाट डकैती गरेका नोटसँग मिल्छन्। तर साधु निरपराधी नै थियो किनकि उ इश्वरीय देन फैलाउन आएको थियो। साध सहन नसकी धुमधाम रोएर जमानतमा वस्तीमा आएको हुन्छ। जुन बेला वस्तीमा भएका मानिसहरूले तपाईं साधु गाउँमा महान् हुनुहुन्छ। तर तपाई बस्तीमा नहुँदा कोही आइमाईहरू नमरेको तर तपाई फेरी गईदिनु हुन्छ कि किनकि हामीहरूलाई बाच्ने आशा रहेको छ। त्यस पछि साधु ११ औं पटक फर्किएको थियो। बाटोमा डाकुलाई भेटेको हुन्छ। त्यहाँ एउटा कुँजो मानिस नोटका वण्डल गन्दै हुन्छ। उसकी श्रीमतीले उक्त नोट साधुलाई पठाउन खोस्ने प्रयत्न गर्छिन। यसरी कथानक सकिन्छ।

### ३. १०.४.३ चरित्र चित्रण :

प्रस्तुत '**बैकल्पिक**' कथामा प्रयुक्त पात्रहरूले कथालाई रोचक तथा आकर्षक बनाई दिएका छन्। जसको चर्चा तल गरिन्छ।

**क) आमन्त्रण :**

प्रस्तुत कथामा आमन्त्रण सक्रिय पात्र मानिन्छ। उसले यस **बैकल्पिक** कथामा डाकुको रोलखेल्ने काम गरेको हुन्छ। उसले साधुलाई इश्वरीय देन फैलाउने गाउँ वस्तीमा आउने र गाउँमा साधुलाई आईमाईहरूबाट असङ्ख्य नोटहरूभेटी चढाउने क्रममा संलग्न गरेको हुन्छ।

**ख) साधु :**
साधु यस कथाको गौणपात्र मानिन्छ । उसले ईश्वरीय देन फैलाउने क्रममा बस्तीमा आएको हुन्छ । जहाँबाट उसले  असङ्ख्य रकम भेटीबाट सङ्कलन गरी डाकुलाई जिम्मा लगाउन पुग्छ । उ सोधपुछको क्रममा जेल लगिन्छ । पछि जमानतमा छुटेर बस्तीमा आउँदा गाउँ वासीहरूले उसलाई पुनः पहिलेकै ठाउँमा जान आग्रह गर्दछन् । किनकि त्यस गाउँमा जब साधु बाहिर जान्छ, तब गाउँमा आइमाईहरूमर्ने क्रम रोकिन पुगेको हुन्छ ।

**ग) कुजो मानिस :**
कुजो मानिस '**बैकल्पिक**' कथामा प्रयुक्त पुरूष पात्र हो । उ नोटका बिटो गन्ने काममा संलग्न देखिन्छ । उसकी श्रीमतीले उसको हातबाट नोट खोस्ने काम गर्दै थिइन् किनकि साधुलाई भेटी चढाउनको लागि दिनुपर्छ भनी उनी प्रयत्न गर्दै थिइन ।

**घ) सरदार :**
सरदार यस '**बैकल्पिक**' कथामा गौणपात्रको रूपमा आएको हुन्छ । सरदारले आगन्तुकलाई रक्सी र पशुको मासु साधुलाई पठाई दिएको हुन्छ ।

**ङ) आगन्तुक :**
आगन्तुक '**बैकल्पिक**' कथामा गौणपात्र मानिन्छ । उसले साधुलाई सरदारले पठाईदिएको रक्सी र पशुको मासु पठाई दिएको हुन्छ तर साधुले उक्त चिज नखाई नदीमा फ्याकी दिन्छ ।

**४) भाषाशैली :**
प्रस्तुत '**बैकल्पिक**' कथामा प्रयोग भएको भाषाशैली सरल एवम् परिष्कृत कोटीको पाइन्छ । कथाको पात्रहरूले खेलेको भूमिकालाई उच्च सम्मानकासाथ प्रस्तुत गरिएको पाइन्छ । साधु र डाकाको सम्वादमा कौतुहलता लुकेको देखिनु उपयुक्त भाषा र शैलीको संयोजन कै भूमिका मान्नु पर्ने हुन्छ ।

**५) दृष्टिबिन्दु :**
प्रस्तुत '**बैकल्पिक**' कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । किनकि कथाका पात्रहरूले खेलेको भूमिका कम महत्व मानिदैन । साधुले गाउँमा ईश्वरीय देन फैलाउन खोज्नु । गाउँलेहरूबाट असङ्ख्य नोटहरूसाधुले भेटीको रूपमा सङ्कलन गर्नु, सहरीयाको धनसम्पति लुटिएका नोटहरू बैङ्कमा जम्मा हुनुलाई वाह्य दृष्टिबिन्दुको सङ्केत मान्न सकिन्छ ।

**६) उद्देश्य एवम् सारबस्तु :**
प्रस्तुत '**बैकल्पिक**' कथाको मुख्य उद्देश्य भनेको गाउँलेहरूलाई ईश्वरीय शक्ति देखाउने क्रममा धेरै भेटीको रकम साधुले सङ्कलन गर्न सफल भएको देखापर्दछ । त्यसैगरी आमन्त्रण नामको डाकाले सहरीयाहरूको धेरै नगद लुट्पाट गरी बैङ्कमा राख्न सफल भएको हुन्छ । तर उक्त नोटका नम्बरहरू लुटिएका नगद सँग मिल्न गएको देखाउने कथाको अर्को उद्देश्य मानिन्छ । त्यसैगरी साधुलाई अपुग रकम सङ्कलन गरी बैङ्कमा राखेकोमा सोधपुछका लागि उसलाई हिरासतमा राखी जमानतमा छाडि दिएको हुन्छ । जब साधुको उपस्थित गाउँमा हुँदैन उक्त समयमा गाउँमा एकजना पनि आइमाइहरूको मृत्यु भएको हुँदैन । तर उसको उपस्थितिमा दैनिक एकजना महिलाहरूको मृत्यु हुनुले साधुलाई जेलमा जान स्थानियहरूले आग्रह गर्दछन् । डाकुले साधुसँग मिलेर आफ्नो सक्कली रूपलाई परिवर्तन गरेको हुन्छ । समाजमा देखा पर्दछ । त्यसैगरी एक जना कुँजो मानिसले समेत नोटका वण्डलहरूगन्दै गरेको समयमा साधु गाउँमा पसि सक्यो भेटी चढाउनु पर्छ भन्दै उसकी श्रीमतीले कुजो मान्छेलाई झम्टिन खोजेको पाइन्छ ।

**७) देशकाल परिवेश :**

प्रस्तुत '**बैकल्पिक**' कथाको मुख्य परिवेश भनेको गाउँले आइमाइहरूमा ईश्वरीय शक्ति देखाउने क्रममा साधु देखा परेको हुन्छ । त्यसैगरी साधुलाई आमन्त्रण नामको डाकाले उसको निर्देशनमा रहेर गाउँलेहरूलाई आतङ्कित बनाएको हुन्छ । गाउँलेहरूबाट असङ्ख्य नोटको रास, भेटीको रूपमा साधुले लिन सफल भएको हुन्छ । भने सहरीयाहरूबाट लुटिएका नोटका नम्बरहरू साधुका बैङ्कमा राखिएको नोट सँग मिल्ने भएको कारण साधुलाई सोधपुछको क्रममा समातिन पुग्दछ । पछि जमानतमा छुटी गाउँमा प्रवेश गर्ने सयममा गाउँलेहरूले साधुलाई पुनः जेल फर्कन आग्रह गर्दछन् । गाउँको कुँजो मानिसले नोटका विटाहरू गन्ने समयमा उसकी श्रीमतीले समेत साधुलाई भेटी चढाउनु पर्छ भन्दै लोग्नेसँग रकम खोस्न खोज्नु साधुको नक्कली भेषको परिणाम हो भन्न कर लाग्दछ ।

## ३.१०.५.कम्पित आकाश कथाको विश्लेषण

### ३.१०.५.१ शीर्षक सार्थकता :

प्रस्तुत '**कम्पित आकाश**' कथाका लेखक रमेश विकल हुन् । उनले यो कथाको माध्यमबाट २०४६ सालको जनआन्दोलनको समयमा राज्यपक्षबाट दमनात्मक शैलीमा सैनिक शासनको परिचालन गरेको हुन्छ । जसको कारण लाखौं जनताहरू आतङ्कित भएर आकाश नै कम्पित हुनलागेको कारण शीर्षक सार्थकता भएको मानिन्छ ।

### ३.१०.५.२ कथानक कथाबस्तु :

प्रस्तुत '**कम्पित आकाश**' कथामा प्रयुक्त पात्रहरूले कथाबस्तुलाई रोचकता प्रदान गरेको पाइन्छ । कथामा वरपरको वातावरणलाई छिचोल्दै नयाँ सडकमा  गुडुल्किएर सुतेका गाडावाल र बुटपालिस लगाउने केटाहरू अर्धनिद्रामा रहेको अवस्थामा जंगी पोशाक र फलामे टोपी लगाएका मानिसले सुतेका केटालाई उठाउने प्रयास गर्दछन् । उक्त दृश्यलाई घरको माथिल्लो तलमा बसेकी गृहिणीले झ्यालको अन्तरबाट हेर्दै आफ्नो छोराको कल्पना गर्दै आतङ्कले काप्दै आफनो छोरालाई ममताले अङ्गालोमा लुकाएर राख्न पुग्छिन् । एउटा पंजावीको होटलमा उ पात्र पसेर पढ्न लागेको समयमा होटलवाला सरदारले भयवित स्वरमा ढोका बन्द गर्न लगाउँछ । केही समय पछि बाहिरबाट बुटको आवाज सँग ढोका खोलि फलामे टोपी फुकाली भित्र चियाउँदछ । उसको आँखामा आगोको फिलिङ्गोझैँ रापले कोठमा सामान उढाउँला झै गरी बस्छ हल्दार साब ! के सेवा गरूँ भन्छ । तर फलामे टोपी वालाले कठोर स्वरमा किन सबेरै होटल खोलिस ? यहाँको आएको छ ? भनी कठोरता देखाएको हुन्छ । यहाँ कोही बाहिरको मान्छे आएको छैन, यहाँ त सबै घरको मानिस मात्र छन् भन्ने जवाफ सरदारले व्यक्त गर्छ टोपीधारी बाहिरिन्छ । उ पात्रले सरदारलाई तिमीलाई आफ्नो व्यापारको माया छ तर तिमी विदेशको मान्छेलाई हाम्रो धर्तीको काख, माटोको के माया छ ? हामीलाई त अन्त जाने ठाउँ छैन । भयानक आतङ्कमुनी कसरी बाँच्नु परेको छ अनि आक्रोश व्यक्त गर्दछ । यसैगरी सरदार र उ पात्रको बिचमा भनाभन हुँदै उ पात्रले सरदारलाई आफ्नो देस फर्कने बेलामा हाम्रो यहाँ कमाएको सम्पति नलैजान आग्रह गर्दै कथानक सकिन्छ ।

### ३.१०.५.३ चरित्र चित्रण :

प्रस्तुत '**कम्पित आकाश**' मा प्रयुक्त पात्रहरूले कथावस्तुलाई रोचकता प्रदान गरेका छन् । जुन पात्रहरूको छोटकरीमा तल चर्चा गरिन्छ ।

**क) उ पात्र :**

प्रस्तुत '**कम्पित आकाश**' कथामा प्रमुख पात्रको रूपमा उ पात्र देखापरेको छ । उसले पन्जावी होटल धनी सरदारसँग आफ्नो जन्मभूमिमा विदेशीहरूले रोजी रोटीको पिर गर्नु बेकार भएको र उसलाई आफ्नो जन्म भूमिमा भईरहेको दमनात्मक आतङ्कले विदेशीलाई छुन नसकेको र सुरक्षा कर्मीले उ पात्रलाई शंकाको दृष्टिले हेरेको प्रसङ्ग कथामा व्यक्त गरिएको पाइन्छ ।

**ख) सरदार :**

प्रस्तुत '**कम्पित आकाश**' कथा सरदार गौणपात्रको रूपमा देखापरेको छ । उ पन्जावी हो र उसले फसिकेवको आसपासमा चमेना गृह सञ्चालन गरेको हुन्छ । जनआन्दोलनको समयमा कफ्र्यु लागेको समयमा सेनाहरूले उसको होटलमा सर्च गर्ने क्रममा उ पात्रले पत्रिका पढेको पाउँछ । यसले सुरक्षा कर्मीले सरदारलाई तेरो होटलमा को पसेको छ, किन विहानै होटल खोलिस भनी शंकाको दृष्टिले हेर्ने गर्दछ ।

**ग) गृहणी :**

प्रस्तुत कथाकी गृहणी पात्रको रूपमा उपस्थित भएकीछिन् । उनले सडकमा सुतेका गाडावाला र बुटमा पालिस लगाउने केटालाई सुरक्षा कर्मीले लठ्ठी घोची उठाउने काम गर्दछन् । यस दृश्यले घरपट्टीको माथि बस्ने गृहिणी महिलाको मनमा आफ्नो छोराको सम्झना गर्दै विरक्ति हुन्छिन् ।

**घ) खत्रीकी स्वास्नी :**

प्रस्तुत खत्रीकी स्वास्नी यस कथाको गौणपात्र हुन् । उनी ट्याम्पो चालककी पत्नि हुन् । उनले आफ्नो सिंगाने छोरालाई दिशा पिसाब गराउन नालीमा लगेको समयमा पनि सुरक्षा कर्मीहरूले शंकाको नजर डुलाउने गरेका थिए ।

**ङ) धने :**

धने यस कथाको गौणपात्र हो ।उसले भट्टीपसलबाट रक्सी खाएर बेसुरमा अश्ललील गीतको स्वरमा सम्पूर्ण फिल्मको गीत गाएर अभिनय गर्दै कुचीकार्नी धनमायाको मस्त यौवनसँग आकर्षित हुनखोज्दै थियो ।

**च) धनमाया :**

धनमाया यस कथामा आएकी गौण महिला पात्र हुन्। उनिको दैनिकी भनेको सडक बढार्ने रहेको हुन्छ ता पनि उसको मस्त यौवनको कारण ठेकेदारको जड्याहा छोरो धनेले बक्रदृष्टि लगाउन खोजेको हुन्छ ।

**३.१०.५.४ भाषाशैली :**

प्रस्तुत '**कम्पित आकाश**' कथामा प्रयोग भएको भाषा सरल एवम् सरस प्रकारको पाइन्छ काथमा प्रयुक्त पात्रहरूको सम्वादमा विशिष्टता रहेको छ । उपयुक्त व्याकराणिक चिह्नहरूको प्रयोग कथामा पाइनुले विषय वस्तुको गहनता बोकेको पाइन्छ । कथाबस्तुको मुख्य भावलाई उपयुक्त शब्दहरूको संयोजनको पनि परिस्कृत कथाको रूपमा स्वीकार्न सकिन्छ ।

**३.१०.५.५ दृष्टिबिन्दु :**

प्रस्तुत '**कम्पित आकाश**' कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथाको मुख्य उ पात्रलाई देशमा भएको आन्दोलनलाई दबाउन दमनात्मक अवस्था सृजना गर्ने क्रममा पन्जावी होटलमा सुरक्षा कर्मीको निगरानी गरेको विषयले समेत कथामा वाह्य दृष्टिबिन्दु भएको पाउन सकिन्छ ।

**३.१०.५.६ उद्देश्य एवम् सारबस्तु :**

प्रस्तुत '**कम्पित आकाश**' कथाको मुख्य उद्देश्य भनेको २०४६ सालमा भएको जनआन्दोलनको क्रममा सत्तापक्षबाट आन्दोलन रोक्ने क्रममा सेना परिचालन गरी कफ्र्यु लगाएको समयमा काठमाडौको खिचापोखरीको आसपासमा एउटा पन्जावी सरदारले सञ्चालन गरेको होटलमा

सुरक्षाकर्मीद्वारा पत्रिका पढ्ने ऊ पात्रलाई निगरानी गरिएको हुन्छ । अर्को तर्फ सडक पेटीमा ठेलागाडा जुत्तामा पालिस लगाउने केटाहरूसुतेको ठाउँमा समेत सुरक्षा कर्मीद्वारा लठ्ठीले घोचेर उठाउन खोज्नु जस्ता दमनात्मक कार्यहरूले तत्कालिन समयको अवस्थालाई कथामा प्रतिनिधित्व गरिएको पाइन्छ । यसरी आन्दोलनको समयमा सहरका गल्ली र कुनाकुनामा हिटलरी आतङ्क फैलिएको विषयलाइ कथामा सत्ता टिकाई राख्न दमनको रूपमा हिटलरको गेष्टाबो जस्तै यहाँ मण्डलेको सङ्गठन रहेको र सत्ताका सिकारी कुकुर फुकाएर छाडिदिने । अनि उनीहरूले भयानक आतङ्क पैदा गर्दै बौलाह कुकुरले जस्तै शान्तिपूर्ण वातावरणलाई आतङ्ककारी रूपमा बदलेको विषयलाई कथामा प्राथमिकताका रूपमा स्थान दिइएको छ ।

**३.१०.५.७ देशकाल परिवेश :**

प्रस्तुत कथामा सहरका विभिन्न स्थानहरूमा सेनाका बुटका आवाजहरू बजाउँदै २०४६ सालको जनआन्दोलनलाई दबाउनका लागि सत्तापक्षबाट मण्डलेहरूको जमात निर्माण गरेको पाइन्छ । भने अर्कोतर्फ सुरक्षाकर्मीद्वारा सडकको छाती थर्काउँदै खिचापोखरी स्थित पन्जावी सरदारको होटलमा एउटा पत्रिका पढेर बसेको उ पात्रलाई होटलको ढोका खोली आक्रोश पूर्ण शैलीमा किन सबेरै होटल खोलीस्, होटलमा पस्ने व्यक्ति को हो ? भन्दै स्पष्टिकरण लिनपुगेको हुन्छ । उता होटलको सरदार आफ्नो रोजी रोटी गुम्ने डरले भयभित हुँदै, ढोका बन्द गर्न उ पात्रलाई लगाउँछ । उ पात्रसँग भनाभन हुन्छ । उ पात्रले पनि सरदारले तिमी विदेशी भएको करण यो देशको माया ममता नहुने र रोजगारीको रोग नअलाप्न आग्रह गर्दछ । यसको साथै उ पात्रले आफ्नो धर्तीमा लाखौं निमुखा मानिस आज गोलीले भुटिँदै रहेका र आफ्नो मानवीय हक, नागरिक अधिकार र कर्तव्यको रक्षाको लागि लड्नु रहेकोले सरदारलाई समेत आफ्नो संघर्षमा सहयोग गर्न आग्रह गर्दछ । यदि सहानुभूति नराख्ने भए आफ्नो धर्तीमा बाच्ने अधिकारी नरहेको र यहाँ कमाएको सम्पति समेत आफ्नो देशमा लान नपाउने विषय समेत कथामा उल्लेख गरिएको पाइन्छ । अर्को तर्फ ठेकेदारको जड्याहा छोरो जाँडको सुरमा जिन्दावाद ! मुर्दावाद भन्दै नारा लगाउन पुग्छ । जसलाई सुरक्षाकर्मीले लखेट्दै गोदन शुरूगर्छन । सरदारको स्वर रोए जस्तो सुनिन्छ । होटलको रोजगार र सरदारका सन्तानहरू भारतमा भएको दुखेसो व्यक्त गर्दछ ।

## ३. १०.६.विदेश भ्रमण कथाको विश्लेषण

**३.१०.६.१ शीर्षक सार्थकता :**

प्रस्तुत '**विदेश भ्रमण**' कथाका लेखक यज्ञकुमार प्रधान हुन् । उनले यस कथाका माध्यमबाट त्रिपुरा सुन्दरीको मूर्ति हराएर विदेशमा लगेको आशंकाले गर्दा त्रिपुरासुन्दरी मन्दिरमा रहेको वटुक भैरवको आमा विदेश भ्रमण गर्न गएको व्यग्यपूर्ण भावमा शीर्षकसार्थक भएको मान्न सकिन्छ ।

**३.१०.६.२ कथानक कथाबस्तु :**

प्रस्तुत कथामा कथाका म पात्रले दोलखा जिल्लामा अवस्थित त्रिपुरा सुन्दरीको मूर्तिचोरी भएको घटनालाई मुख्य विषयवस्तु बनाउन खोजेको पाइन्छ । २०४१ सालका बडादसैं पछिको चतुर्थीको विहानै त्रिपुरा सुन्दरीको मन्दिरमा ढोकाफोरी मूर्तिचोरी भएको थियो । उक्त घटना हावासरी फैलिएको स्थानीय वासिन्दा तथा प्रशासनिक व्यक्तिहरूबाट जाँचबुझी गरी प्रहरीद्वारा सर्जमिन मुचुल्काको कागजात तथा खोजी गर्ने आदेश दिएको पाइन्छ । उक्त घटनामा वटुक भैरवको आमा र अन्य सुनहरू चोरिएकोले सत्यको देवीले चोरी गर्नेलाई रगत छदाउनु पर्ने, चोरलाई केही नगर्ने देवीले सोझालाईमात्र दुःखदिनु, चोरले कठोर तपस्या गरेको कारण देवी चोरसँग गएको हो की भन्ने शंका गर्दै उ ओछ्यानमा पल्टिएको समयमा निद्रामा परेको हुन्छ । त्यस पछि उ पात्रले उत्तर गौरीशङ्कर हिमालको फेदिमा उकालो लाग्दै गरेको समयमा सेतो धोती लगाएका एउटा बुढा मानिस तल झरेको देख्दा पक्कै पनि महादेवको रूपधारी जोगी हुनुपर्छ भन्दै अभिवादन गरी तपाईं किन आफ्नो ठाउँछाडी आउनु भयो भनी सोध्छन्, त्यसमा बुढोले तिमी जसरी आयौ म पनि त्यसरी आएँ

भनी जवाफ दिन्छन् । त्यसपछि देवीको मूर्तिचोरी गरी लाने चोरलाई बाबाले देख्नुपर्ने, चिन्नु पर्ने, रोक्नुपर्ने प्रश्नमा बाबाले सब ठीक हुन्छ भन्ने जवाफ दिन्छन्, पापको फल भोग्नै पर्छ, भोगिहाल्छ आत्तिनु हुँदैन भन्ने आस्वासन दिन्छन् । तर म पात्रले वावासँग धेरै कुराकानी पश्चात म त हिडें चाहेको कुरा मात्र हो भन्ने जवाफ दिदै हुँदा म पात्र निद्राबाट विउँझेको हुन्छ वाहिर उनै बुढाको स्तुति गाउँदै कथानक सकिन्छ ।

**३.१०.६.३ चरित्र चित्रण :**

प्रस्तुत कथा **विदेश भ्रमण**का लेखक यज्ञकुमार प्रधान हुन उनले यस कथामा प्रयोग भएका पात्रहरूले कथावस्तु रोचक बनेको छ जुन कथाका पात्रहरूको निम्नअनुसार चर्चा गरिन्छ ।

**क) म पात्र :-** प्रस्तुत **विदेश भ्रमण** कथामा म पात्रको भूमिका सक्रिय रहेको पाइन्छ । किनको उनले त्रिपुरा सुन्दरीको मन्दिरमा वटुक भैरवकी आमाको मूर्ति हराएको र उक्त मूर्तिलाई विदेशमा लानेक्रममा महादेवले रोक्नुपर्ने देख्नुपर्ने विषयमा कल्पना गरेका हुन्छन् । उक्त मूर्ति विदेशमा लगेको अनुमान गरिएको पाइन्छ ।

**ख) जोगी :-**

प्रस्तुत **विदेश भ्रमण** कथामा जोगीको भूमिका गौण रहेको पाइन्छ । उसको भेट म पात्रसँग हुन्छ । म पात्रले त्रिपुरासुन्दरीको मूर्तिचोरी भएकोमा एकदिन अवस्य पत्ता लाग्नेछ । आत्तिनु हुन्न पापको फल एकदिन अवस्य भोग्नुपर्नेछ भन्ने सन्देश दिदै उनी म पात्रबाट अलग भएका हुन्छन् ।

**३.१०.६.४. भाषाशैली :-**

प्रस्तुत **विदेश भ्रमण** कथामा प्रयोग भएको भाषाशैली सरल, सरस एवम् सुबोध्य प्रकारको पाइन्छ । कथामा प्रयोग भएका व्याकरणिक चिन्हहरूले कथावस्तु गहकिलो वनेको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको सम्वादको भाषा उच्चकोटीको छ काल्पनिक विषयवस्तुलाई यथार्थतामा अभिव्यक्तिगर्नु कथाको शैलीगत प्रवृतिको प्रचुरता भएको पाउन सकिन्छ ।

**३.१०.६.५ दृष्टिबिन्दु :-**

प्रस्तुत कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यस कथामा उपस्थित भएका म पात्रले त्रिपुरा सुन्दरीको मूर्तिचोरी भएर विदेशमा लगेको प्रसङ्गलाई महादेव रूपधारी साधु जोगीले पनि रोक्नु पर्ने विषयलाई वाह्य दृष्टिबिन्दुको रूपमा चित्रण गर्न खोजेको पाइन्छ ।

**३.१०.६.६ उद्देश्य एवम् सारवस्तु :-**

प्रस्तुत **विदेश भ्रमण** कथाको मुख्य उद्देश्य भनेको २०४१ सालको वडादशैको चर्तुदशीको दिन त्रिपुरासुन्दरीको मन्दिरमा रहेको वटुक भैरवको आमा देवीमूर्ति र सुनहरूचोरी भएको घटनालाई सत्यकथामा व्यक्त गर्न यसकथाको मुख्य उद्देश्य रहेको छ । यसैगरी त्रिपुरा सुन्दरीको देवी मूर्ति चोरी गर्नेलाई गौरीशंकर महादेवले पनि रोक्नुपर्ने देख्नुपर्ने र देवी स्वयमले पनि चोरलाई रगत छदाएर दण्ड दिनुपर्ने विषयलाई कथामा जोड दिइएको छ । यसरी त्रिपुरा सुन्दरीको देवी मूर्ति हराएकोमा स्थानीय वासी तथा जिल्लाका प्रमुख व्यक्तिहरूबाट छानवीन जाँचपड्ताल गरिएको तर हराएको मूर्ति नभेटिएको कारण म पात्रलाई तर्क वितर्क बढ्दै गएको हुन्छ ।देवीको सत, असत पक्षमा समेत शङ्का व्यक्त गर्दछ । अन्तिममा भोलेबाबा अर्थात जोगीको भेषरूपी महादेवसँग म पात्रले सन्तुष्टि व्यक्त गर्दछ ।

### ३.१०.६.७ देशकाल परिवेश :

प्रस्तुत कथाको मुख्य परिवेश भनेको त्रिपुरा सुन्दरीको मूर्तिचोरी भएर विदेशमा लगिएको विषयलाई कथाको शीर्षक नै विदेश भ्रमण राखिएको छ । वि.सं. २०४१ सालको बडादसैंको चतुर्थी पर्वको दिन नै देवी मूर्ति हराएको खबरले छोटो समयमा नै सनसनी पैदा भएको हुन्छ । जिल्लाका प्रमुख प्रशाषनिक निकायहरूको उपस्थिति खोज अनुसन्धान जारी रहेको तर हराएको मूर्ति भेट्न नसकेकोमा म पात्र स्वयम् देवीको शक्ति प्रति नै अविश्वास व्यक्तगर्न पुग्छन । यदि देवीको शक्ति भए त चोरलाई रगत छदाएर दण्ड दिनुपने, नत्र चोरले जता जाउँ भन्छ त्यतैजान नहुने अभिव्यक्ति व्यक्त गर्दछ । त्यसको साथै म पात्रले गौरीशंकर अर्थात महादेवलाई भेट्न गौरीशंकर हिमालको फेदबाट उकालो लाग्ने क्रममा साधुरूपी महादेवलाई भेट्दै त्रिपुरा सुन्दरीको मन्दिरमा देवी मूर्ति चोरी गरी लानेलाई तपाईंले चिन्नु, देख्नु र रोक्नु पर्ने धारणा राखेको हुन्छ । त्यसको जवाफमा गल्ती गर्नेले एकदिन भोग्नुपर्ने, हतार गर्नुनहुने, एकदिन अवस्य त्यसको पाप भोग्न सक्ने, सब ठिक हुन्छ भन्ने जवाफ भोले बाबा जोगीले व्यक्तगर्दै उनी अलप हुन्छन् र म पात्र निन्द्राबाट विउँझिन पुग्छ ।

## ३.११. अङ्क एघारमा प्रकाशित कथाहरूको विश्लेषण

## ३.११.१ धमिलो सागर कथाको बिश्लेष्ण

### ३.११.१.१ शीर्षक सार्थकता :

प्रस्तुत '**धमिलो सागर**' नामक कथाका लेखक उज्ज्वल प्रधान हुन् । उनले रत्नपार्कमा दैनिक व्यापारको क्रममा सुनेका अनुभूति गरेका यातायातको कोलाहालमय वातावरणमा रहँदा एक जना पत्रिका पसलेले वगली मारेको निहुँमा गोदाई खाने क्रममा धमिलो सागरको नामले शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.११.१.२ कथानक कथाबस्तु :

प्रस्तुत कथामा कथाको म पात्रले रत्नपार्कमा जुत्तापसल थापेर बसेको हुन्छ । दैनिक व्यापार गर्ने क्रममा उसलाई सवारी साधनहरूले कोलाहाल पुऱ्याएको पाइन्छ । म पात्रलाई पट्यार लागेको कारण सहायकलाई चिसो पेय लिन पठाउँछ । यसै समयमा उसको क्याम्पस पढ्ने साथीले हात मिलाउन खोज्छ । उसले ताल बेतालका कुरा गर्न थाल्छ । म पात्रले उसकाकुरा मन लागि नलागि सुनि दिन्छ । यसै समयमा २ वटी युवतिहरूले उनीहरूलाई नहेरी अगाडि गएर फर्कीहेर्ने गर्छन् यस पछि उ मेरो पसलमा पसि कपाल कोर्दै जुत्ता मिलाउने काम गर्दै बाहिर निस्की हिँड्ने काम गर्दछ । त्यसै समयमा बाहिर आयो आजको ताजा खबर - फलानाका राजिनामा, यत्तिको भ्रष्टाचार, कुटपिट आदि आवजले म पात्रले पत्रिका बेच्ने केटालाई ५० पैसा दिएर पत्रिका पढ्ने काम गर्दछ । सरसर्ती हेडिङ हेर्छ पित पत्रिकाको प्रभावित भएको होला तर स्वच्छ पत्रकारिता अब शायद कम होला । यत्तिकैमा म पात्रको पसलमा ग्राहकहरूआई जुत्ता लगाउने र किन्ने विषयमा छलफल हुन्छ । कलेज पढ्ने केटीहरू३/४ घण्टा नै पसलमा वस्ने गरेको हुन्छ । यस्तैमा बाहिर आइपुग्दा दाई मैले बगली मारेको छैन । आइया मरेनी 'भन्ने आवाजले म पात्र कोठा बाहिर आउँछ पत्रिका बेच्ने केटालाई एक/एक लात्तिले सबैले कुटेकोमा उसको ज्यान जान के बेर । उसको ठिटलाग्दो नजरले म पात्रको मन गह्रौं हुन्छ । हुनत गोदाइ खाने र वगली मार्ने दृश्य म पात्रलाई सामान्य भएकोले म पात्र आफ्नो बाटो तताउँदै कथाको अन्त्य हुन्छ ।

### ३.११.१.३ चरित्र चित्रण :-

प्रस्तुत '**धमिलो सागर**' कथामा आएका पात्रहरूले कथा रोचक बनेको छ । जुन प्रस्तुत पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) म पात्र :**
प्रस्तुत '**धमिलो सागर**' कथामा प्रयुक्त म पात्र यस कथाको सक्रिय पात्र मानिन्छ । किनभने उसले रत्नपार्कमा पसलको व्यापार गर्ने क्रममा धेरै अनुभव बटुलेको हुन्छ । त्यसैगरी पसलमा साथिहरूले दुःख दिने तँ छदैछस् । त्यसको साथै पत्रिका बेच्ने केटाले खाएको गोदाईले म पात्रलाई मर्माहित बनाइ दिन्छ ।

**ख) सहायक :**
प्रस्तुत '**धमिलो सागर**' कथामा सहायक म पात्रको काम सघाउने साथी हो । उसको भूमिका यस कथामा गौण रहको छ । उसले पसलमा भएका जुत्ताहरू ग्राहकलाई देखाउने र थन्काउने काममा सहयोग पुऱ्याएको तर कलेज पढ्ने केटीहरू आउँदा उ झन मख्खपर्ने गर्दछ ।

**ग) कलेजको साथी :**
प्रस्तुत कलेजको साथी यस कथाको गौणपात्र हो । उसले म पात्रको भेटघाटको क्रममा धेरै कुराकानी गर्न पुग्छ । उसका कुराहरू सुन्न म पात्र झर्को मान्दछ ।

**घ) पत्रिका बेच्ने केटो :**
प्रस्तुत '**धमिलो सागर**' कथामा पत्रिका बेच्ने केटा गौण चरित्र मानिन्छ । उसले दैनिक पत्रिका बेचेर आफ्नो रोजीरोटी गरेको हुन्छ, तापनि एक दिन उसलाई बगली मारेको निहुँमा १०/१५ जनाको गोदाई खान उ वाध्य हुन्छ ।

**३.११.१.४ भाषाशैली :**
प्रस्तुत '**धमिलो सागर**' कथाको भाषाशैली सरल, सरस एवम् सुबोध्य रहेको छ। कथामा प्रयुक्त पात्रहरूको संवादले कथावस्तु गहकिलो बन्नपुगको पाइन्छ । कथामा उपयुक्त संवादहरूमा उपयुक्त व्याकराणिक चिह्नहरूको प्रयोग हुनुले कथाबस्तु विशिष्ठ प्रकारहेको रहेको पाइन्छ ।

**३.११.१.५ दृष्टिबिन्दु :**
प्रस्तुत कथाको दृष्टिबिन्दु वाह्य प्रकारको रहेको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको क्रियाव्यापारले पनि वाह्य दृष्टिबिन्दुको प्रतिनिधित्व गरेको पाउन सकिन्छ । यसैगरी कथाको म पात्रले रत्नपार्कका गतिविधिलाई लिएर अनुभूति गर्नु वाह्य दृष्टिबिन्दुको उपज हो ।

**३.११.१.६ उद्देश्य एवम् सारवस्तु :**
प्रस्तुत '**धमिलो सागर**' कथाको मुख्य उद्देश्य भनेको जीवन यापनका क्रममा भोग्नु परेको विवशता प्रति कथाबस्तु लक्षित भएको पाइन्छ । कथाको मुख्य म पात्रले भोग्नुपरेको अनुभव तथा पत्रिका बेच्ने केटाले बगली मारेको निहुँमा गोदाई खानुपरेको घटनालाई कथामा मुख्य विषयवस्तु बनाउन खोजिएको पाइन्छ । त्यसैगरी म पात्रले रत्नपार्कको पसल घरमा जुत्ता किन्न आउने ग्राहकहरूको क्रियाकलाप, कलेजका केटीहरूले दिएको दुःख, जुत्ता भुईं भरी फिजाएर देखाउनु पर्ने तर जुत्ताहरूकमै मात्र लाने गरेको प्रसङ्ग कथामा आएको छ । यसरी ग्राहकहरूलाई जुत्ताहरूदेखाउनु परेतापनि म पात्रको आलस्यता कम हुने गर्दछ । यसको साथै पत्रिका बेच्ने केटाले बगली मारेको निहुँमा कुटाई खानुलाई म पात्रले दुःखको रूपमा लिएको छ ।

**३.११.१.७ देशकाल परिवेश :**
प्रस्तुत '**धमिलो सागर**' कथाको मुख्य परिवेश भनेको रत्नपार्कमा जुत्ता पसल सञ्चालन गर्ने म पात्रको क्रियाकलापले मुख्यविषय बन्न पुगको छ । शुरूमा उसलाई पसलमा बसी सामान विक्री गर्नु पर्दा सवारीका साधनहरूले उसको ध्यान केन्द्रित गरेका थिए । त्यसको केही समय पश्चात् कलेजको

साथीले म पात्रको ध्यान तान्न खोजेको पाइन्छ । यसै समयमा बाहिर पत्रिका बेच्ने केटाले आजको ताजा खबर फलाना ठाउँमा वम पड्कियो, फलानाको राजिनामा, यत्तिको भ्रष्टचार, कुटपिट आदि खबरहरूभन्दै थियो । यस्तै समयमा म पात्रको पसलमा पुराना ग्राहक आई सामानको मुल्य घटाउन खोज्दथे, तर आफ्नो मोल भन्दा घटिमा सामान विक्री हुँदैनथ्यो । कतिपय नव यौवनहरूले पसलमा जुत्ता फिजाएर दुःख दिए पनि म पात्रको आलस्यता हटेर जान्छ । यसको साथै म पात्रलाई केही समय अगाडि पत्रिका बेच्ने केटालाई बगली मारेको निहुँमा १०/१५ जनाले मरणासन्न हुने गरी पिटेको कारण म पात्रले दुःख व्यक्त गर्दछ ।

## ३.११.२. विचित्र देशको यात्री कथाको बिश्लेषण

### ३.११.२.१ शीर्षक सार्थकता :

प्रस्तुत 'विचित्रको देशको यात्री' कथाका लेखक रमेश विकल हुन् । उनले यस कथाका माध्यमबाट एउटा विचित्रको देशको यात्रीले यो देशमा प्रवेश गर्ने क्रममा पाएको दुःख र दृश्याबलोकनका अनुभवले शीर्षक सार्थकताको पुष्टि गरेको हुन्छ ।

### ३.११.२.२ कथानक कथाबस्तु :

प्रस्तुत '**विचित्र देशको यात्री**' कथामा कथाको मुख्य पात्र घुमन्ते यात्रीले नौलो देशका बारेमा सुइको पाएर उक्त देशमा घुम्ने क्रममा उसको मनस्थिति एकत्रित भएको हुन्छ । जुन देशमा उ जाँदैछ, त्यहाँ आफ्नो खाले शान्ति, अनुशासन, आफनो इतिहास गौरब गर्ने स्वाभिमानी मानिसहरू रहेका हुन्छन् । उनीहरूलाइ आफ्नो जातिको बहादुर प्रति गौरब राख्ने प्रकृति देखिन्छन् । उनीहरूमा कुनै पनि कष्ट, अभाव, गरिबीलाई लुकाउन सक्ने सामर्थ्य पाइन्छ । यस देशका बारेमा गरिएको बयानले यात्रीका मनमा उक्त देश पुगेको कल्पनाहरू सल्बलाउने क्रममा प्रवेशद्वारमा आइपुग्छ जहाँ उसलाई प्रवेश अधिकारीले इजाजत दिँदैन, बरूतपाई परदेशी हो भन्दै शंकाको दृष्टिले तपाईंले सुन ल्याएको छ, भन्दै खोजतलास गर्छ आखिर यात्रीले दिने चिज नपाए पछि अर्को नवआगन्तुकले हाम्रो मन्दिरै मन्दिर भएको देशमा देवी देवतालाई चढाउने भेटी धेरै हुनुपर्छ भन्दा पनि यात्रीले आफूसँग रकम नभएको जानकारी गराएपछि उ सँगको उपहार एउटा चस्मा यात्रीलाई दिई प्रवेश गर्ने अनुमति प्राप्त गर्दछ । उसले चस्मा लगाएपछि उसले अन्य कुनै मुलुकमा नदेखेको दृश्यहरू, वसन्तको मनोरम वातावरणमा आफूलाई भुलाएको अनुभूति गर्दछ । त्यसपछि आफू ले लगाएको चस्मा फुकाली आफ्नो झोलामा बोकी चस्मा लगाएर हिंड्ने क्रममा उसले सारा वस्तुहरू भयंकर डरलाग्दा दृश्यहरूसाथै मन्दिरमा कंकालरूपी भग्नावशेस तथा उराठलाग्दा वस्तुहरूले यात्रीलाई डर र त्रास पैदा गर्दछ । उसले आफूलाई यौनक्रिडास्थलबाट आफूलाई अलग्याउने प्रयत्न गर्दछ । यसै समयमा झुण्डबाट एकजना मानिसले यो चश्मा यहाँको होइन रहेछ, तिमी परदेसी हौ भन्ने प्रश्नले झस्कन पुग्दछ । उ हिँडदा हिड्दै एउटा विदेशी कारले धक्का दिएर लडाउँदछ । हत्त न पत्त उठेर कार गएतर्फ हेर्छ । उता कारको झ्यालबाट टाउको निकालेर उल्टो उसमाथी गाली गर्दै अग्नि वर्षा गऱ्यो । अन्धो, पाखे, कोरकाली बाटो हेर्दै हिँड्नु पर्दैन भन्दै कथानक सन्किन्छ ।

### ३.११.२.३ चरित्र चित्रण :

प्रस्तुत '**विचित्र देशको यात्री**' कथामा निम्न पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) विचित्र देशको यात्री :**

प्रस्तुत कथामा परदेसीको भूमिका सक्रिय रूपमा उपस्थित भएको छ । उसले विचित्र देशको भ्रमण गर्ने क्रममा त्यहाँ उसले सामना गर्नुपरेको यथार्थस्थितिलाई कथामा उच्च प्राथमिकता दिएको पाइन्छ । परदेसीले लगाएको चस्माले उसलाई सुरूमा नौलो अनुभूति दिलाए तापनि आफ्नो चस्मा भित्र उसलाई उराठलाग्दो दृश्यले भयभित हुन पुगेको देखिन्छ ।

**ख) प्रवेशद्वारको अधिकारी :**
प्रवेशद्वारा अधिकारीको भूमिका प्रस्तुत कथामा गौण रहेको पाइन्छ । अधिकारीले विचित्र देशको यात्रीलाई यहाँ यो देशमा छिर्नदिने क्रममा उसले ल्याएको राहादानी र आज्ञापत्रलाई मात्र आधार मानेको छैन, बरूयात्रीलाई सुन ल्याएको छ की भन्ने विषयमा शङ्का व्यक्त गरेका छन् । उ सँगबाट केही उपहार लिएर मात्र यात्रीलाई देशभित्र प्रवेश गर्न अनुमति प्रदान गरेको थिए ।

**ग) नव आगन्तुक :**
नवआगन्तुक यस कथाका गौणपात्र हुन् । उनले पहिलो प्रवेश अधिकारिसँगको सल्लाह पश्चात् परदेसीबाट केही उपहार लिएर मात्र प्रवेश अनुमति दिने काम गर्दछन् ।

**घ) पुजारी :**
प्रस्तुत परदेशीको **विचित्र देशको यात्री** कथामा पूजारीको भूमिका गौण रूपमा देखा परेको छ । उसले परदेशी यात्रीलाई मन्दिर घुमाउने काम गर्दछ । जहाँ परदेसीले लगाएको चस्माको कारण उसको अगाडि अश्लिल दृश्यहरू छरपष्ट रूपमा देखा परेको हुन्छ । मन्दिरमा रहेका देवताहरू दानवका रूपमा देखा पर्दछन् ।

**ङ) कारचालक :**
प्रस्तुत कथामा कारचालकको भूमिका गौण रहेको छ । जब विदेसी यात्री यात्राको क्रममा सडकमा हिँडिरहेको समयमा कारले परदेशीलाई धक्का दिएर लड्न पुग्छ तर परदेसीलाई नै कार चालकले बाटो काट्न नसक्ने, पाखे, कोर्काली आदि शब्द प्रहार गरी गाली गर्दछ ।

**३.११.२.४ भाषाशैली :**
प्रस्तुत कथाको भाषाशैली सरल, सरस एवम् सुबोध्य प्रकारको पाइन्छ । कथाका धेरै ठाउँमा विम्ब र प्रतिकहरूको धेरै प्रयोग गरेका छन् । भने कथाका पात्रहरूको रोचक सम्वादले कथावस्तु कलात्मक बन्न पुगको पाइन्छ । व्याकराणिक चिह्न हरूले कथावस्तु गहकिलो बनेको छ ।
**३.११.२. ५ दृष्टिबिन्दु :**
प्रस्तुत कथाको दृष्टिबिन्दु वाह्य नै प्रकृतिको छ । किनभने परदेशी यात्रीले नौलो देश घुम्ने क्रममा सुरक्षा एवम् सिमाका अधिकारीहरूले गरेको व्यवहारले परदेशी यात्रीलाई नौलो अनुभूति प्रदान गरेको पाइन्छ । त्यसै गरी कथामा प्रयुक्त यात्रीहरूले खेलेको भूमिकामा समेत वाह्य दृष्टिबिन्दु लुकेको पाउन सकिन्छ ।

**३.११.२.६ उद्देश्य एवम् सारवस्तु :**
प्रस्तुत **विचित्र देशको यात्री** कथामा कथाको मुख्यउद्वेश्य भनेको कुनैपनि देशको भ्रमणमा प्रवेश गर्नु अगाडि आफूसँग प्राप्त भएका आवश्यक कागजात साथमा हुनुपर्ने र यदि नभएमा सुरक्षाकर्मीको निर्देशन भित्र रहनु पर्ने विषयलाई प्रमुखताका साथ स्थान दिएको पाइन्छ । यस कथामा परदेसी यात्रीमा आफूँसँग भएका आवश्यकिय वस्तुहरूको अभावमा आफूले सुरक्षा कर्मीलाई राम्रो उपहारको वस्त ुदिएर मात्र विदेशी देश भित्र प्रवेश गर्ने आधार प्रदान गर्न पुग्दछन् । विदेशी यात्रीले सुरक्षाकर्मीलाई खुशी नपारे सम्म प्रवेशको अनुमति पाएको हुँदैन । जब अनुमति प्राप्त गर्दै चस्मा लगाउँदछ तब उसको सारा संसार हरियाली पूर्ण प्राकृतिक छटाहरूले उसको मन बहल्याउँदछ । यसैगरी जब नक्कली चस्मा झिकेर लगाउँदछ । उसका दृश्यात्मक वस्तुहरूभयानक डरलाग्दा स्वरूपहरूमा परिणत हुनपुग्दछ । त्यसबाट यात्री भयभित हुँदै जान्छ । कुनै दिन एक जना पूजारीको साथमा मन्दिर प्रवेश गर्ने क्रममा उसले मन्दिर भित्र यौनाभाषहरू एक अर्कामा आलिङ्गन गर्न पुगेको दृश्यहरू सलबलाएको पाउन सकिन्छ । वरिपरीका दृश्यहरूमा डरलाग्दा कंकालहरू देखिन

पुगेका हुन्छन् । उ भित्रबाट बाहिर निस्कन खोज्दछ । यस्तैमा भिडको एकजना मान्छेले उसलाई तपाईंले त आफ्नै देशको चस्मा लगाउनु भएछ, तपाईं विदेशी हो ? भनी प्रश्न गर्न पुग्दछ ।

### ३.११.२. ७ देशकाल परिवेश :

कथाको परिवेश एउटा नौलो देशको भ्रमणमा **विचित्र देशको यात्री** निस्केको हुन्छ । उ भ्रमणको क्रममा आफूसँग भएको राहादानी र अनुमति पत्र लिएर हिँडेको हुन्छ । तर सिमाना अधिकारीले उसलाई सुरूमा प्रवेशनिषेध गरेता पनि नवआगन्तुक अधिकारीको निर्देशनमा परदेशी यात्रीबाट केही महफ्वपूर्ण उपहार प्राप्त गरेपश्चात उसलाई कुनै देशको भ्रमण गर्ने अनुमति प्राप्त गरेको हुन्छ । साथै उसलाई सीमाना अधिकारीले एउटा चस्मा दिएर पठाएका हुन्छन् । जुन चस्मा लगाएपछि उसले अति नै नौलो दृश्यहरूले कसको मन तानिरहेको हुन्छ । सबैतर्फ बसन्तको लहर देखिएको पाइन्छ । यो दृश्यावलोकन पश्चात् उसले आफूले लाएको सादा चस्माचाँही लगाएर उक्त चस्मा झोलामा राखेको थियो । त्यसपछि उसका अगाडि असङ्ख्या डरलाग्दा दृष्यहरूले उसलाई भयभित अवस्थामा पुऱ्याएको हुन्छ । मन्दिरका मूर्तिहरूसमेत उसका लागि दानवहरूको रूपमा अगाडि देखा पर्दछन् । यी विविध दृश्यहरूको अनुभूति गर्दै परदेसी अगाडि बढ्ने क्रममा एउटा कारको ठक्कर खान पुगको हुन्छ । जब कि उसलाई कारचालकले पाखे र कोर्कालीको संज्ञा दिएको हुन्छ । त्यतिबाटो काट्न नजान्ने भन्दै फलाक्न पुग्दछ ।

## ३.११.३. पहेंलो आकाशकी बेहुली कथा को विश्लेषण

### ३.११.३.१ शीर्षक सार्थकता :

प्रस्तुत '**पहेंलो आकशको वेहुली**' कथाका रचनाकार स्टिफेन क्रेन हुन् । उनले यस कथाको माध्यमद्वारा कथाको मुख्य पात्र मार्सल जैक पोटरले पहेंलो आकाश सरहमा रहेकी एउटी युवतिसँग कसैले थाहै नपाई विवाह गरी पहेंलो आकाशको सहरमा रेलमा नवविवाहित यात्रा गर्न लागेको घटनाले शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.११.३.२ कथानक कथाबस्तु :

प्रस्तुत कथाको मुख्य पात्र मार्सल जैक पोटरले पहेंलो आकाशको सहरमा कोही कसैलाई नै जानकारी नदिइ एउटी युवतिसँग विवाह बन्दनमा गाँसिएको हुन्छ । जुन ठाउँमा विवाह गर्ने क्रममा छुट्टै प्रकारको तडकभडकलाई जैकले तोडेको मानिन्छ । किनकि जैकका नव दम्पति विवाह पश्चात पहेंलो नव दुलहीका साथमा जैक ट्रेनको पहिलो डिब्बामा बसेर पहेंलो आकासको सहर पुग्ने यात्रा गर्दछ । पहेंलो आकासमा जैकको विवाहको जानकारी भएको अवस्थामा नगरवासीहरूले उसको विवाहको वैण्डबाजा पाटीसहित स्वागत गर्ने थिएँ भन्ने विषयमा जैकले सोचेको हुन्छ । जैक दम्पति पहेंलो आकाश स्टेशनमा उत्रेका हुन्छन् त्यहाँ निग्रो कुल्लीहरूले जैकको सुर्केश समात्दै कोटको धुलो झारिदिने काम गर्दछन् । त्यसपछि क्यालिफोर्निया एक्सप्रेसले २१ मिनेटमा पहेंलो आकाश स्टेशनमा पुग्नेवाला थियो । जहाँ ६ जना मानिस मध्ये पर्डी ड्रम बजाउने वाला थियो । सहर बाहिर स्टेचिविलुसन रक्सी खाएर मातेको अवस्थामा दुवै हातमा पिस्तोल लिएर अगाडि बढि रहेको थियो । पर्डीलाई स्ट्रेचीले रक्सी खाएर मात्तिएर हिँड्नुलाई पहेंलो नगरको लागि के अर्थ हुन्छ भन्ने थाहा थिएन । यसै समयमा एकजना शैलुनमा उपस्थित व्यक्ती थर्कमान भएको मध्ये पर्डी पनि देखिन्थ्यो । त्यहाँ कुनै समय स्थिति अशान्त हुनेछ भन्ने विषयमा भट्टीको मालिकले समेत सूचना दिएको थियो । किनकि यहाँ गोली अवस्य चल्नेछ । उसले ढोका फोड्ने प्रयास पहिले पनि नगरेको होइन । त्यसैले उसको अगाडि नपर्नु नै वेश हुने कुरा भट्टीको मालिकले बतायो । स्टेची विल्सन दुई हातमा पेस्तोल लिएर सडकका घर छेउमा गोली चलाउँदै हिँडेको समयमा उसलाई पुरानो प्रतिद्वन्दी जैक पोटेरको याद आयो । जैक पोटरको पर्खाइमा रह्यो । अचानक जेक पोटर र नव दुलहीको भेट स्टेची विल्सनसँग भयो। स्टेचीले दुवै पेस्तोलको नालो जैकको छातीमा तेर्स्यायो । त्यसै समयमा जैकले म सँग बन्दुक छैन, म विवाहिता भैसकें म सेन्ट इन्डोसियाबाट श्रीमतीसँग फर्कदै छु । यदि तिमी

जस्तो पागल बाटोमा बन्दुक लिएर बस्ने जानकारी भएमा म बन्दुक साथमा लिएर आउँथे, लौ मलाई मार तिमीलाई उपयुक्त समय छ भन्ने जैकको भनाइले स्टेची झस्कियो र आफ्नो हातको बन्दुक भुईंमा छाडी जैक तिमी विवाहिता भन्ने शब्दको उच्चारण गर्दै जैककी दुलही प्रति नजर लगायो । त्यसपछि स्ट्रेचीले भुईंतिर नजर लगाउँदै कुरा खतम भयो तिमी विवाहिता भन्दै बदलिएको स्थितिमा अबोध बालक झैँ किङकर्तव्यमुढ हुँदै आफ्नो पेस्तोल छालाको खोलमा बन्द गरी कोच्यो र जैकको घर तिर एक पटक फर्की हेरी फटाफट लम्क्यो । त्यसपछि उसको रातको समयमा कुनै जुत्ताको टकटक आवाज सुनिदैनथ्यो । यसरी कथाको अन्त्य हुन पुग्दछ ।

**३.११.३.३ चरित्र चित्रण :**

प्रस्तुत **पहेंलो आकासकी बेहुली** कथामा देखा परेका पात्रहरूले कथालाई मनोरम प्रदान गरेका छन् । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) जैक पोटर :**

मार्सल जैक पोटर यस कथामा प्रयुक्त सक्रिय पात्र मानिन्छ । उसले पहेंलो आकाशको नगरमा आफ्ना कोही इस्टमित्रलाई जानकारी नै नदिइकन एउटी युवतीसँग विवाह बन्धनमा बाँधिएर पुन पहेंलो आकाशका नगरमा जाने क्रममा उसको स्ट्रेची विलसनसँग भेट हुन्छ । स्ट्रेचीविलसन रक्सी खाएर दुवै हातमा पेस्तोल बोकी सहरमाबन्दुक पड्काउँदै जैक पोटरको खोजिमा हुन्छ । यस्तो भयानक समयमा उनीहरूको भेट हुन्छ । एकआपसमा आवेशमा कुराकानी भएता पनि पछि स्ट्रेचीले विवाहित जैकको दुलहीको उपस्थितिले आफू मर्थर हुँदै आफ्नो घर तर्फ लागेको हुन्छ ।

**ख) दुलही :**

प्रस्तुत **पहेंलो आकाशको बेहुली** कथामा दुलही गौण नारी पात्र मानिन्छिन् । उनी आफूलाई विवाहिता दुलहीकै रूपमा राख्न आफ्नो विवाहमा लगाएको पहिरन फुकाल्न खोज्दिनन् । उनी विवाह पश्चात् जैक पोटरसँग पहेंलो आकाशको नगरमा जाने काम गर्छिन । जैक र दुलही प्रेममा यात्रा गरिरहेका हुन्छन् । स्ट्रेची विलसनको व्यवहारले दुहली भयभित हुन पुग्छिन् । उनी जेक पोटरको गम्भीर सोचाईमा समेत चासो लिन पुग्छिन् ।

**ग) निग्रो कुल्ली :**

निग्रो कुल्लीहरूयस कथामा गौणपात्रका रूपमा उपस्थित भएका छन् । उनीहरूले जैक दम्पतिहरूको क्रियाकलापलाई उनीहरूले हाँस्यस्पद रूपमा लिएका थिए । जैकका कपडाको धुलो सफा गर्ने काम समेत गरेका थिए ।

**घ) निग्रो वेटरहरू:**

निग्रो वेटरहरूपनि यस कथामा गौण पात्रहरूमानिन्छन् । उनीहरूलाई डाइनिङ्ग कारमा एउटा टेबल रिजर्भ गरी बसे पश्चात् उनीहरूले टेबुल हेर्नु पर्दथ्यो । उनीहरूले विशेष दिलचस्वी खान पुऱ्याउँदा थप्दा देखे झैँ उनीहरूको अनुहारमा पितातुल्य स्नेह पाएको अनुभूति मिल्थ्यो ।

**ङ) पैर्डी :**

पैर्डी यस कथामा आएको गौणपात्र हो । उ जेन्टिमेन्टल सैलुनमा बसेको एउटा ड्रम बाधक हो । उसलाई पहेंलो नगरमा स्ट्रेची रक्सीले मातेको विषयमा केही अर्थ राख्दैनथ्यो । तर पछि यही मालिकको कुराकानीबाट उ झस्कन पुग्यो । नव आगन्तुकले यो सहरमा जतिबेला पनि बम पड्काउन सक्छ भन्ने अभिव्यक्तिबाट उ डराएको थियो ।

**च) स्ट्रेची विल्सन :**
प्रस्तुत कथामा स्ट्रेचीविल्सन गौणपात्रको रूपमा देखा परेका छन् । उ रक्सी खाएर पहेंलो नगरमा हातमा पेस्तोल बोकी रातको समयमा सहरका घरघरमा अन्धाधुन्ध गोली पड्काउँदै कराउँदै हिँड्छ । एकदिन उसको प्रतिद्वन्द्वी जैक पोटर र उसकी दुलहीसँग रक्सीका नसामा हतियार सहित भेट हुन्छ । जैक पोटरको विवाह भएकोमा उसलाई विश्वास हुँदैन । पोटरको छात्तीमा पेस्तोल देखाउँदै । उसलाई हान्ने प्रयत्न गर्छ । यो अवस्थामा जैक पोटरले आफ विवाहिता भइसकेको कारण बन्दुक नबोकेको र साथमा दुलही स्वयम् आएको दृश्य स्ट्रेची विल्सनले चाल पाएर खुरूखुरू आफ्नो घर तर्फ लाग्दछ ।

**छ) भट्टी मालिक :**
भट्टमालिक यस कथाको गौणपात्र मानिन्छ । उसले स्ट्रेची विलसनको व्यवहार पहिले नबुझ्केको कारण ढोका बन्द गरी बाहिर आएर मुडाहरू राखेको हुन्छ । उ रक्सी खाएर रातको समयमा पेस्तोल पड्काएर हिंडेको दृश्य भट्टीमालिकले देखेको हुन्छ । त्यसैले उ होटलमा आउनेहरूलाई सतर्क रहन आग्रह गर्दछ ।

**३.११.३.४ भाषाशैली :**
प्रस्तुत पहेंलो आकाशको बेहुली कथामा सरल, सरस एवम सुबोध्य प्रकारको भाषाशैलीको प्रयोग भएको छ । कथामा प्रयुक्त पात्रहरूको कथात्मक संवादले कथाबस्तु रोचक बन्न पुगको छ । कथामा व्याकरणात्मक चिह्नहरूको उपयुक्त प्रयोग गरिएको पाइन्छ । पात्रहरूको स्वभाव कथामा विशिष्टता प्रदान गरेको पाइन्छ । विषयवस्तु भित्र तार्किकता र वौदिकताको उपयुक्त संयोजन गरेकोले नै कथामा प्रयुक्त पात्रमा भाषाशैलीमा केही ध्यान केन्द्रित गरेको पाइन्छ ।

**३.११.३.५ दृष्टिबिन्दु :**
प्रस्तुत पहेंलो आकाशको बेहुली कथामा वाह्य दृष्टिबिन्दुको नै बढी प्रयोग भएको पाउन सकिन्छ । किनभने कथाको प्रमुख पात्र जैक पोटरले आफ्नो दुलही विवाह पश्चात् पहेंलो नगरको भ्रमणको निस्केको हुन्छ । जहाँ उसले स्ट्रेची विल्सनसँग रक्सी खाएको समयमा कडा मुकाविला गर्नपुग्नु स्ट्रेचीले जैकको विवाह भएको विषयमा दुलहीलाई देख्नपाउनु जस्ता विषयहरू कथाका बाह्य दृष्टिबिन्दुको उदाहरण मान्न सकिन्छ ।

**३.११.३.६ उद्देश्य एवम् सारवस्तु :**
प्रस्तुत पहेंलो आकाशको बेहुली कथाको मुख्यउद्देश्य भनेको जैक पोटरको पहेंलो आकाशको एउटी युवतिसँग कसैले थाहा नपाउने गरी उ विवाह बन्धनमा गाँसिएको हुन्छ । जुन कुराको सुईंको पहेंलो आकाशको नगरमा रक्सीको तालमा दुवै हातमा पेस्तोल लिएर सहरका घरघरमा पड्काउँदै हिँड्ने स्ट्रेची विल्सनले थाहा नपाउनु नै मुख्य उद्देश्य मान्न सकिन्छ । जैक पोटरले आकाश नगरमा उसको साथीहरूलाई मात्र जानकारी दिएको खण्डमा उसलाई नगर वासीहरूले उसलाई ड्रम बाजा बजाएर वेलकम गर्ने थिए । त्यसैगरी स्ट्रेची विल्सनलाई जैक पोटरको विवाहित भएको विषयमा विश्वास लिएको हुँदैन तर पनि जैकको पत्नीलाई देखेपछि स्ट्रेची विल्सन चकिन हुन पुग्दछ । आफ्नो आकृति स्वरूपलाई छोडी नतमस्तक बन्न पुगी आफ्नो पेस्तोल छालाको खोलमा राखी जैकलाई हेर्दै घर तर्फ लाग्दछ । त्यस दिनदेखि सडकमा स्ट्रेची विल्सनको उपस्थिति न्युन भएको देख्न सकिन्छ ।

**३.११.३.७ देशकाल परिवेश :**
प्रस्तुत कथाको मुख्यपात्र जैक पोटरले आफ्नो विवाह पहेंलो नगरमा अवस्थित एउटी युवतिसँग हुन्छ । उसले विवाहको विषयमा जानकारी कसैलाई पनि दिएको हुँदैन । तर पनि जैक पोटर आफ्नो दुलहीलाई साथमा लिएर रेलको पहिलो डिब्बामा बसी पहेंलो आकाशको सहरमा यात्राको क्रममा निस्कन्छ ।यात्राको क्रममा जैक पोटर आफ्नो दुलहीका साथ प्रेमकथामा रमाउँदै अगाडि बढेका

हुन्छन्  यात्राको क्रममा उनीहरूको भेट पहेंलो आकाश स्टेशनमा निग्रो कुल्लीसँग हुन्छ । जहाँ उनीहरूको सुट्केस र कोटको फोहोर सफा गर्ने काम कुल्लीबाट हुन्छ । यसैगरी पैडी ड्रम वाजा बजाउनेको भेट भट्टीपसलमा हुनजान्छ । जहाँ यही पसलवालाले कोठाको ढोका बन्द गर्दै बाहिर स्ट्रेची विल्सनले पेस्तोल बोकी अन्धाधुन्ध पेस्ताल पड्काउँदै जैक पोटरको घरमा पुग्दछ र जहाँ जैकका दम्पतिलाई देखेर स्ट्रेचीले जैकको छातीमा पेस्तोल तेस्याउँछ । जैकले म त विवाहित हुँ भनी उसको दुलही देखेर स्ट्रेची ठन्डा दिमागले आफ्नो घर तर्फ लाग्छ ।

## ३.११.४.बम्पर सुपर कथाको विश्लेषण

### ३.११.४.१  शीर्षक सार्थकता :

प्रस्तुत '**बम्पर सुपर**' कथाका लेखक अमरकुमार प्रधान हुन् । उनले यस कथाको माध्यमबाट म पात्रलाई चिठ्ठा फाप्ने विषयमा ज्योतिषहरूको भनाई पुगेको र सुरूमा नै मोटर साइकल, फ्रिज र दराजको पहिलो चिठ्ठा परेको कुरा उल्लेख गरिएको छ । यसैगरी म पात्रको छोराको नाममा सुलोचना र प्रभाले काटिएको बम्पर उपहार पर्नुले पनि कथाको शीर्षक सार्थकता भएको पाइन्छ ।

### ३.११.४. २ कथाबस्तु :

प्रस्तुत कथाको प्रमुख म पात्रलाई रूप सीप र दाइजो नभएको महिलासँग प्रेमगाँठो गाँस्न पुग्दछ । उसलाई म पात्रसँग नाउँ गाँसिने हल्ला भएको कारण म पात्रले विहे नगरेमा आत्माहत्या गरी मर्ने शर्त अनुसार म पात्र विमलासँग प्रेम सम्बन्ध गाँसिएको हो । म पात्रलाई चिठ्ठा बम्पर फाप्ने विषयमा ज्योतिषको भनाई रहेको बताउँछन् । तर बिमलालाई चिठ्ठा किन्नुलाई एलर्जी ठान्छिन् । किनकि चिठ्ठा पर्नु कहिले हो कहिले हातको न्यानोपन पाएको नोट विताउने तर्क राख्दछे । तर म पात्र चिठ्ठा किनेपनि श्रीमतीलाई सुनाउन चाहँदैनथ्यो । तर म पात्रले पहिलो किस्तामै सुपर बम्परको चिठ्ठा परेको हुन्छ । जसअनुसार मोटरसाइकल, फ्रिज र दराज म पात्रलाई परेको हुन्छ । उक्त चिठ्ठा लिन म पात्रको साथी सुदीपले सहयोग गरेको हुन्छ । सुदीपसँग म पात्रको राम्रो सम्बन्ध हुन्छ । सुदीपले सिंहदरबारको फोटो मेरो घर भनी आसामबाट सुलोचन घर ल्याएपछि उ हिरो भएको हुन्छ । तर पिउने वानीले सुलोचनलाई घर चलाउन अप्ठ्यारो देखिन्थ्यो । सुलोचनाले म पात्रलाई तिहारमा टीका लगाएकी हुन्छिन् । म पात्रले एउटा फरिया उपहार दिएको हुन्छ । उक्त फरिया लगाउँदा सुलोचना साह्रै राम्री देखिन्छिन् । यसरी सुदीप, सुलोचना र म पात्रको विषयमा घनिष्टता देखिन्थ्यो । एक दिन म पात्रको छोराको नाममा समेत बम्परको चिठ्ठा सुलोचना र प्रभावले काटिदिएको रहेछ । यदि चिठ्ठा परेमा दराज र फ्रिज सुलोचना र प्रभालाई दिनसक्थे, मोटर साइकल म पात्रले लिनुहुन्छ भनी सुदीपलाई साँक्षी राखेका हुन्छन् । छोराको पहिलो किस्ता तिर्नुपर्ने कुरा म पात्रले बिमलालाई सुनाउँछ । सुरूमा त विमलाले सहमति जाउँछे तर पछि छोराको नाममा नै परेपछि चिठ्ठा वापतको दराज र फ्रिज अरूलाई दिन बिमला अस्वीकार गर्दछे । कार्ड वापतका रू.२५०।- रूपैँया सुलोचना र प्रभालाई दिएर आफ्नो सामान ल्याउनुहोस् भन्छे । म पात्रले इमान, जमान पनि हेर्नु पर्छ भन्ने भनाई प्रति बिमलाले हेऱ्यो इमान जमान अचेलका जमानामा कसको इमान छ र के दिन्छु भनेर लेखेर दिनु भएको छ र बरू तपाईंलाई अप्ठ्यारो  लागे मेरो भाइलाई लिन पठाउँछु । भनी प्रभा र सुलोचनाको ऋण तिरी दिएर सुलोचना र प्रभालाई दिन कबुल गरेका बस्तुहरू दिएकी थिइनन् । यसरी म पात्रले पत्निव्रत भएको फलिफाप मान्दै अर्को साल सुलोचनासँग टीका लगाउन सक्ने नसक्ने विषयमा द्विविधा व्यक्त गर्दै कथानक टुङ्गिन्छ ।

### ३.११.४.३ चरित्र चित्रण :

प्रस्तुत **सुपर बम्पर** कथामा प्रयुक्त पात्रहरूको क्रियाकलापले कथावस्तु रोचक र कलात्मक मानिन्छ । जुन पात्रहरूको चर्चा तल गरिएको छ ।

**क) म पात्र :**

प्रस्तुत **सुपर बम्पर** कथामा म पात्रको भूमिका सक्रिय मानिन्छ । म पात्रले परिस्थितिजन्य अवस्थामा बिमलासँग विवाह गर्न बाध्य हुन्छ । यदि विवाह नगरेमा बिमलाबाट आत्माहत्या गर्ने भनाईबाट उ त्रसित हुन्छ । उसलाई चिठ्ठा कार्यक्रम फलिफाप हुन्छ । किनकि उसलाई पहिलोचोटी नै बम्पर पुरस्कार स्वरूप मोटरसाइकल फ्रिज र दराज प्राप्त गर्दछ । भने छोराको नामबाट समेत बम्पर चिठ्ठा प्राप्त गरेपछि छोराको बम्पर रकम सुलोचना र प्रभाले दिएको हुन्छ । चिठ्ठा पुरस्कार पनि म पात्रले परेमा प्रभा र सुलोचनालाई दिने बचन दिएको हुन्छ । तर बिमलाले उक्त कुरालाई म पात्रको बचनद्वारा द्विविधा व्यक्त गर्दै कथानक टुङ्गिन्छ ।

**ख) बिमला :**

प्रस्तुत **सुपर बम्पर** कथामा बिमला गौणपात्र मानिन्छिन् । उनले म पात्रलाई मोहनी मन्त्र लगाई फसाएकी हुन्छिन् । यति मात्र नभएर म पात्रले भनेका र गरेका कामहरूमा प्रश्न चिह्न खडा गरेकी हुन्छिन् । उनले सुलोचना र प्रभाले आफ्नो छोराको नाममा बम्पर चिठ्ठाको रकम तिरेर पहिलो चिठ्ठा परेको हुन्छ । उता चिठ्ठा वापत प्राप्त हुने दराज र फ्रिज सुलोचनाका र प्रभालाई दिने विषयमा सुदीपलाई साक्षी राखेता पनि उसका बचन पुरा  हुन नदीनु बिमलाको हठ नै प्रमुख विषय मानिन्छ ।

**ग) सुदीप :**

प्रस्तुत कथामा सुदीप कथामा गौणपात्रको रूपमा देखा परेको हुन्छ । सुदीप म पात्रको मिल्ने साथी हो तापनि पिउने वानीले गर्दा उसकी पत्नि सुलोचनालाई घर खर्च चलाउने विषयमा कठिनाई पर्दछ । सुदीपले आफ्नो घर सिंहदरबारको फोटो देखाएर आशामबाट सुलोचनालाई फकाएर ल्याएको हुन्छ । सुदीपले नै म पात्रलाई सुपर बम्पर चिठ्ठा लिन उत्प्रेरित गरेको हुन्छ ।

**घ) सुलोचना :**

सुलोचना यस कथाको गौण पात्रको रूपमा देखापरेकी छन् । उनलाई सुदीपले सिंहदरबारको फोटो देखाएर विहेगरी ल्याएको हुन्छ । उनी रूपमा सौन्दर्य र गुणमा अति नै राम्री मानिन्छिन् । म पात्रलाई समेत आँखामा राखी छाडुँ जस्तो भनी टिप्पणी गरेका छन् । उनीले म पात्रलाई तिहारमा दाजु बनाई टीका लगाईदिएकी हुन्छिन् । केही अप्ठ्यारो पर्दा म पात्रसँग नै ऐंचोपैंचो चलाउने गर्छिन । श्रीमान्को पिउने वानीको कारण उनलाई घर खर्च चलाउन कठिनाई हुन्छ ।

**ङ) प्रभा :**

प्रभा यस कथाको गौण पात्रको रूपमा देखा परेकी छिन् । उनी सुदीपको छिमेकीको एउटी युवती हुन् । उनको अस्थायी जागिर सकिएपछि । बम्पर सुपरमा काम गर्ने गरेको हुन्छिन् । उनले बम्पर सुपरको सुरूवात सुदीपबाट गरेकी छिन् । उनले म पात्रको छोराको नाममा समेत चिठ्ठा काटिदिएकी हुन्छिन् ।

**च) अहनिर्श :**

यस कथामा अहनिर्शको भूमिका गौण मानिन्छ । उनी म पात्रका छोरा हुन् । उनको बम्पर सुपरमा सुलोचना र प्रभाले चिठ्ठा काटिदिएका हुन्छन् । नभन्दै म पात्रको छोरालाई बम्पर सुपरको चिठ्ठा प्राप्त हुन्छ ।

**३.११.४.४ भाषाशैली** *:*

प्रस्तुत **बम्पर सुपर** कथामा सरल एवम् सरस भाव शैलीको प्रयोग भएको पाइनछ । कथाको मुख्य म पात्रको कथामा देखिएको भूमिकाले समेत बम्पर सुपर कथामा रोचकता र कौतुहलताको मात्रा प्रचुर मात्रामा पाउन सकिन्छ ।

### ३.११.४.५ दृष्टिबिन्दु :

प्रस्तुत **बम्पर सुपर** कथामा वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ । कथाको म पात्रले गरेको व्यवहार अर्थात चिठ्ठा प्रति राखेको अपेक्षा सफल हुनु, तथा सुदीप राणाकी पत्नि सुलोचना र म पात्रको विचमा दाजु बहिनीको सम्बन्ध देखा पर्नु र म पात्रको पत्नी बिमलाको व्यवहारलाई हेर्दा कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### ३.११.४.६ उद्देश्य एवम् सारवस्तु :

प्रस्तुत **बम्पर सुपर** कथाको मुख्य उद्देश्य भनेको म पात्रले बिमलासँग कलेजमा हेन्डसम भएको कारण आत्माहत्या गर्ने जानकारी पश्चात् विहेगर्न वाध्य हुनु हो । भने बम्पर सुपर चिठ्ठा पुरस्कार म पात्रलाई फाप्ने विषयलाई कथामा प्रमुख उद्देश्यका रूपमा अभिव्यक्त गरेको पाइन्छ । यसैगरी म पात्रलाई बिमलाले मोहनी लगाएको कारण र पत्नीव्रत भएको कारण आज पनि म पात्र दायाँ बाँया मोडिन सकेको हुँदैन। अर्को तर्क सुदीप राणा म पात्रको अभिन्न मित्र भएको कारण लिनदिन कार्य कायम नै रहेको हुन्छ । उता सुदीपको पत्नि सुलोचनाको सौन्दर्यताको वर्णन गर्न सकिने अवस्था पाइन्छ तापनि सुदीपको नसा तथा पिउनेवानीले कहिले काही सुलोचनालाई घरखर्च चलाउन धौ धौ पर्ने गर्छ कहिले काँही म पात्रबाट समेत खाँचो टार्ने काम हुन्छ ता पनि म पात्रलाई बिमलाले आफ्नो नियन्त्रणमा राखेकी हुन्छिन् जसको उदाहरण आफ्नो छोराको बम्पर सुपरको नगद रकम सुलोचना र प्रभाले तिरी दिएको पहिलो बम्पर उपहार म पात्रको छोराको परेमा म पात्रले फ्रिज र दराज सुलोचना र प्रभालाई दिने विषयमा साँची राखेकोमा बिमलाबाट उक्त कार्यको कबोल पुरा हुन दिन मानेकी हुन्नन् । जसबाट म पात्रलाई इमान्दारी प्रतिबोध प्रहार हुन पुग्दछ । भने म पात्र बिमलाको निर्देशनमा चल्नु पर्ने वाध्यता कथामा देखाएको पाइन्छ ।

### ३.११.४.७ देशकाल परिवेश :

प्रस्तुत कथाको सुरूवात म पात्रले प्रेममा फसेको कारण रूप, सीप र सम्पति प्राप्त हुन नसक्ने एउटी केटी सँग विवाह नगरे आत्माहत्या गर्न सक्ने कारणबाट विवाह बन्धनमा बाँधिएको हुन्छ । म पात्रलाई बम्पर सुपर चिठ्ठा पुरस्कार फाप्ने विषयमा ज्योतिषले भनेको हुन्छ । जस अनुसार म पात्रको मित्र सुदीप राणाको सल्लाह अनुसार चिठ्ठा काटेकोमा पहिलो पुरस्कार स्वरूप, मोटर साइकल, फ्रिज र दराज प्राप्त गर्दछ । त्यसैगरी सुदीपको पत्नि सुलोचनालाई आसामबाट सिंहदरबारको फोटो देखाउँदै आफ्नो घर हो भनी विहे गरी ल्याएको हुन्छ । सुलोचनाले म पात्रलाई तिहारमा दाजु बनाई भाईटीका लगाएकी हुन्छिन् । दाइ अर्थात म पात्रले एउटा फरिया उपहार सुलोचनालाई दिएको हुन्छ । सुलोचना प्रभाले म पात्रको छोरा को नाममा बम्पर सुपरको टिकट ल्याइदिएको हुन्छ । जसलाई पहिलो पुरस्कार वापत मोटर साइकल, फ्रिज र दराज पाउँछ । उक्त सामान म पात्रले चिठ्ठा उपहार परेमा सुलोचना र प्रभालाई फ्रिज र दराज दिने शर्त गरेता पनि म पात्रकी पत्नी बिमलाले म पात्रलाई इमान र जमान भनी उल्टै गाली गर्न पुग्छिन् । शुरूमा चिठ्ठाबाट प्राप्त हुने चिज दिनु भनेतापनि पछि चिठ्ठा परे पछि उक्त सामान नदिने बरू सुलोचना र प्रभाको रकम फिर्ता गरी आफ्नो भाइलाई सामान ल्याउन लगाई माइतमा राख्ने काम गर्छिन । यस घटनाले म पात्रलाई मर्म पर्दछ । सुलोचनाका अगाडि कसरी मुख देखाउने भन्ने विषयमा द्विविधा उत्पन्न हुनुनै यस कथाको मुख्य परिवेस मान्न सकिन्छ ।

## ३.१२. अङ्क बाह्रौमा प्रकाशित कथाहरूको विश्लेषण

### ३.१२.१. मान्छेको खोजी कथाको विश्लेषण

**३.१२.१.१ शीर्षक सार्थकता :**

प्रस्तुत '**मान्छेको खोजी**' कथाका लेखक विजय चालिसे हुन् । उनले यस कथाको माध्यमबाट शैल पुत्रीलाई माइती देशका मानिस भेट्ने क्रममा शिवसँग अनुरोध गरी कान्तिपुरी नगरी मा आई मानिस खोज्न आएको कारण विषय शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

**३.१२.१.२ कथानक कथावस्तु :**

प्रस्तुत '**मान्छेको खोजी**' कथामा कथाको मुख्यपात्र हिमालयकी शैलपुत्रीलाई माइती देशका मानिससँग भेट गर्ने तिब्रइच्छा भएको हुँदा आफ्नो स्वामी शिवजीसँग प्रस्ताव राखेकी हुन्छिन् । जस अनुसार शिवजीका साथ उनी भानुभक्तको अमरावतीसँग दांजेको कान्तिपुरी नगरीमा आई त्यहाँको धुलो, मैलो, फोहोरहरूका २ नयाँ शैलसिखर झैँ देखिएका कानको जाली फोर्ने चर्को आवाज, घरैघरको जंगलले ढाकेको विकृत स्वरूप देख्दा शैलपुत्रिको आँखाबाट माइती देशलाई हेरी तपक्क आँशु चुहाइन् र मान्छेको खोजीमा अगाडि बढिन् नभन्दै उनीको अगाडि चिल्लो कारबाट एक जना खाइलाग्दो भुँडे आकृति बाहिर निस्क्यो जसलाई शैलपुत्रीले तपाईं को भनी प्रश्न गरीन् । उसले धमकको आवाजमा म नेता हुँ भन्ने जवाफ दियो । त्यसैगरी उनीले जतिजति अन्य मानिसहरूलाई सोधिन् तर कसैले आफू लाई कांग्रेस, कोही कम्युनिष्ट कोही राप्रपा र कोही सद्भावना र कोही बुद्धिजिवी भएको जवाफ दिए । यसरी शैलपुत्री दिक्क हुँदै मान्छे भेट्न नसकेकोमा माइती देशमा मान्छेरहित भएको ठानिन् । यसरी धेरै घुम्दा पनि मान्छे नभेटेर पछि शैलपुत्री र शिवजी कैलास तर्फ फर्कने क्रममा एउटा मैलो, झुत्रे लुगा लगाएको ,अशक्त आकृति, करूणा कन्दन र पीडायुक्त रोदनमा ऐयाऐयाको आवाज उनीहरूको कानमा ठोकिँदा तिमी को हौ, किन यो अवस्थामा आयौ भनी शैलपुत्रीले सोध्दा उसले म मानिस हुँ, मानिसबाट नेता कांग्रेस, कम्युनिष्ट, पत्रकार बुद्धिजीवि आदि अमानवहरूको भीडले कुल्चिएर थिचिएर मेरो यो अवस्था भएको जानकारी दिन्छ । यसरी वल्ल-वल्ल भेटेको मानिसको दुर्गति देखेर शैलपुत्रीलाई अरू मानिस भेट्ने उत्साह हराउँदै कथानकको अन्त्य हुन्छ ।

**३.१२.१.३ चरित्र चित्रण :**

प्रस्तुत '**मान्छेको खोजी**' कथामा प्रयुक्त पात्रहरूले कथामा रोचक बनेको पाइन्छ । जुन पात्रको चर्चा तल गरिएको छ ।

**क) शैलपुत्री :**

प्रस्तुत '**मान्छेको खोजी**' कथाको सक्रिय पात्र शैलपुत्री हुन् उनले माइती देशका मानिससँग भेट नभएको कारण शिवजीसँग माइती देशका मानिस खोजीगर्न कान्तिपुरमा आई मान्छेको खोजी गर्छिन । कहिँ कतै मान्छे नभेटिए पश्चात् कैलाश फर्कने बेलामा एउटा अशक्त आकृतिलाई भेट्दा उसलाई अमानवको भीडले कुल्चिएर यो अवस्थामा ल्याएको यथार्थ व्यक्त गर्दछ । त्यसपछि शैलपुत्रीले अरू मानिस भेट्ने चासो देखाउँदिनन् ।

**ख) शिवजी:**

प्रस्तुत '**मान्छेको खोजी**' कथामा शिवजी गौण पात्रका रूपमा देखा परेका छन् । उनले शैलपुत्रीको इच्छा पुरा गर्नको लागि अमरावती कान्तिपुरीमा मान्छेको खोजीमा आउँछन् तर मान्छे भेट्न नसकी कैलास फर्कने क्रममा उनीहरूले एकजना कुपोषणले ग्रस्त असक्त आकृतिलाई भेट हुन्छ उनी सँग शैलपुत्रीले कुराकानी गर्छिन ।

**ग) नेता :**

प्रस्तुत '**मान्छेको खोजी**' कथामा नेताको भूमिका गौण रहेको छ । उ चिल्लो कारमा, शैलपुत्री र शिवजीको अगाडि रोकिन्छ । कुराकानीको क्रममा आफु नेताभएको जानकारी गराउँदछ ।

**३.१२.१.४ भाषाशैली :**

प्रस्तुत कथामा सरल, सरस एवम् सुबोध्य प्रकारको भाषाशैलकिो प्रयोग भएको पाइन्छ । विविध व्याकरणिक चिन्ह हरूको प्रयोगले कथावस्तु रसिलो भएको पाउँछौं । यसको साथै कथाका पात्रहरूको सम्वादले समेत कथावस्तु उच्च कोटीको पाउन सकिन्छ ।

**३.१२.१.५ दृष्टिबिन्दु :**

प्रस्तुत कथाको दृष्टिबिन्दु वाह्य प्रकारको पाउन सकिन्छ । किनकि कथाको मुख्यपात्र शैलीपुत्रीले मानिसहरूको खोजी गर्ने क्रममा कहिँ कतै नभेटिनु र भेटिएका पनि वास्तविक मानव नहुनु र अमानवका प्रतिमूर्ति भेटिनुलाई शैलीपुत्रीले निराशा व्यक्तगर्नु वाह्य दृष्टिबिन्दुको प्रयोग मान्न सकिन्छ ।

**३.१२.१.६ उद्देश्य एवम् कथासार :**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको माइतीदेशको कुकुर पनि प्यारो हुन्छ भन्ने देखाउनु र माइती देशमा भेटिएका जति पनि मानिसहरूले आफ्नो वास्तविक जीवन नेता, कांग्रेस, कम्युष्निट, राप्रपा, सद्भावना र वुद्धिजीविको नामबाट परिचय दिएको तर आफूलाई वास्तविक मान्छेको रूपमा परिचय दिन सकेका हुँदैनन् । बरू सडकमा भेटिएको लुम्रेफुम्रे, कुपोषित अशक्त मानवले आफूलाई वास्तविक मानिस भएको तर अमानवीय व्यवहार गर्ने माथिका पात्रहरूले कुल्चिएर आफूलाई त्यो अवस्थामा पारिदिएको घटनाले शैलपुत्रीको मनमा छियाछिया परेको हुन्छ । यसरी यो कथाको माध्यमबाट विभिन्न राजनैतिक नेताहको मानवियता देखाउन नसकेका यथार्थतालाई कथामा व्यक्त गरेका छन् ।

**३.१२.१.७ देशकाल परिवेश :**

प्रस्तुत **मान्छेको खोजी** कथामा कथाको मुख्य पात्र शैलपुत्रीलाई माइतीदेशको कुकुर प्यारो भने झैं आफ्नो माइती देशमा मानिसलाई भेट्न इच्छा राखेकी हुन्छिन् । जुन उनको इच्छालाई शिवजीले पुरा गरिदिने क्रममा भानुभक्तको अमरावती कान्तिपुरी नगरीमा आईपुग्छन् तर यहाँको प्रदुषित वातावरणको कारण शैलपुत्रीको आँखाबाट आँसु आउँछ, त्यसैगरी उनीहरू मान्छेको खोजिमा हिँड्ने क्रममा एकजना कारमा आएको घमण्डी नेताजीसँग भेट हुन्छ । उसले गर्भको रूपमा आफूलाई नेता भएको घोषणा गर्दछ । यसैगरी कसैले कांग्रेस, कम्युनिष्ट, राप्रपा र सद्भावना भनी जवाफ दिन्छन् तर मानिसको रूपमा एक जना असहाय व्यक्ति परिचय दिन्छ तापनि उसलाई नेता तथा राजनैतिक व्यक्तिहरूबाट अमानवीय व्यवहार देखाएको कारण दुःख पाएको कुरा कथामा व्यक्त गरिएको छ । यो घटनाले शैलपुत्रीको आँखाबाट आँशु रसाएर आउँछ र अन्य मानिस भेट्ने उत्साह सेलाएको देखिन्छ ।

## ३. १२.२.माया मधुरी कथाको विश्लेषण

**३.१२.२. १ शीर्षक सार्थकता :**

प्रस्तुत '**माया माधुरी**' कथाका लेखक अमरकुमार प्रधान हुन् । उनले कथाको माध्यमबाट माया चलचित्र हेर्ने क्रममा एक महिना अगाडि भेट भएको मायासँगको सम्झनालाई मुख्य विषयवस्तु बनाएर कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

**३.१२.२.२ कथानक कथावस्तु :**

प्रस्तुत कथाका मुख्य म पात्रले सन् १९९७ सालको लोकप्रिय हिन्दी चलचित्र 'दिल तो पागल है' गोपिकृषण हलमा साथीको सौजन्य टिकटमा हेर्न गएका हुन्छन् । उक्त चलचित्रमा फिल्मको मुख्य नायक साहरूख खान 'राहुल' मूल नायिका माधुरी दिक्षित, पूजा र सहनायिका करिश्मा निसाको रूपमा अगाडि बढ्दै आफ्नो भूमिका प्रस्तुत गर्ने काम गर्छन । जसमा २१ जना नर्तकी आधा जति पुरूषहरूको विचमा मुख्य नायक-नायिकाको प्रवेशले नृत्यलाई आकर्षक पारिदिन्छ । यस्तैमा हामी एक महिना पछि माया शीर्षक यो प्रस्तुति लिएर आउने जानकारी पश्चात् म पात्रले दसैंको बेलामा सँगै घर आएकी माया बस्नेतको सम्झना आउँदछ । म पात्र केही वर्ष अगाडि घरमा दसैं मनाउन आउने क्रममा कोटेश्वरबाट मकैबारी सम्म सँगै अफिसको गाडिमा आउँदा चिनजान भएकी मायाको याद आउँछ । किनकि मायाको रूप र सौन्दर्य माधुरी दिक्षितको जस्तै देखिनु उनको बोली मिठो मधुर हुनु सँगै बसेर घर फर्कनुलाई म पात्रले विर्सिएको हुँदैन । मायाको गाडी छुटेको कारण उनलाई मकैबारीसम्म लिफ्ट दिने क्रममा म पात्रले नै सहयोग पुऱ्याएका थिए, बाटामा माधुरी दिक्षितको पोष्टरको प्रसङ्गमा भएका मिठामिठा वातचितले म पात्रलाई बेलाबेलामा मायालाई संम्झन वाध्य तुल्याएको थियो तर जब चरिकोटमा चोक सर सँग मकै बारीको माया वस्नेतको विषयमा केही कुरा बुझ्ने प्रसङ्गमा चोक सरले परार साल दसैंमा घर आउन लाग्दा गठ्ठाघरमा मोटरले किचेर मृत्यु भएको, किन र ? भन्ने प्रश्नले म पात्रलाई केही बोल्न साहास हराउँदै भित्र देखि चियाउनु मन लाग्छ माया माधुरीलाई यसरी कथानक टुङ्गिन्छ ।

**३.१२.२.३ चरित्र चित्रण :**

प्रस्तुत '**माया माधुरी**' कथामा प्रयुक्त सक्रिय तथा गौण पात्रहरूको भूमिकाले कथावस्तु रोमाञ्चक बन्न पुगको देखिन्छ । कथामा प्रयुक्त पात्रहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

**क) म पात्र :**

प्रस्तुत कथामा म पात्रको भूमिका प्रमुख रहेको छ । किनकि म पात्रले टेलिफिल्म हेर्ने क्रममा आफ्नो श्रीमतीको साथमा पुरानो चलचित्र दिल तो पागल है नामक हिन्दी चलचित्र हेर्न पुग्दछ । त्यसैगरी उसलाई मायाको प्रस्तुति लिएर आउने क्रममा चलचित्रमा हेरेको मायाको संम्झना आउँदछ । जुन मायालाई म पात्रले केही समय अगाडि दसैंमा घर आउँदा बाटामा भेटिएकी मायाको यादले म पात्रलाई संम्झन वाध्य तुल्याउँदछ ।

**ख) माया बस्नेत :**

माया यस कथाकी गौण महिला पात्र हुन् । उनी दसैको बेलामा घर आउने क्रममा कोटेश्वरमा गाडी छुटेकोले घर आउने साधनको खोजिमा रहेकी हुन्छिन् । नभन्दै उनलाई म पात्रको गाडी टायर पन्चट भएको समयमा उनीले दोलखाको मकैबारिसम्म आउने आग्रह गरेकी हुन्छिन् । उनी ११ वर्षको उमेरमा १२ वर्षको बस्नेतसँग विवाह भएपनि उनको पतिको विषयमा मरे बाँचेको ठेगान हुँदैन । मायाले म पात्रसँग धेरै मिठा कुराकानी गर्दै मकैबारीमा ओर्लि विजया दशमीको शुभकामना व्यक्त गर्दै आफ्नो घरतर्फ लाग्छिन् ।

**ग)केन्द्रजी :**

प्रस्तुत **माया माधुरी** कथामा केन्द्रजीको भूमिका गौण देखिन्छ । उनी म पात्रको साथमा अफिसियल कामको सिलसिलामा दोलखा आएका हुन्छन् । उनी जापानी प्रोफेसर कोबाटा बाट गत सालमा सुनखानीमा गएको बाढी पहिरोको निरीक्षण गराउने टोलिमा आएका थिए ।

**घ) प्रोफेसर :**
प्रस्तुत कथामा प्रोफेसरको भूमिका गौण रहेको छ । उनी म पात्र र केन्द्रजीको टोलीमा सुनखानीमा गएको बाढी पहिरोको निरीक्षण गर्ने क्रममा दोलखा आएका थिए ।

**ङ) टंक जी :**
प्रस्तुत कथामा टंकजिको भूमिका गौण रहेको छ । उनी म पात्रको भ्रमण टोलीलाई दोलखा जिल्ला स्थित सुनखानीमा गएको बाढी पहिरोको निरीक्षण गर्न गएका टोलीका चालक हुन् । सुरूमा काठमाडौँ कोटेश्वरमा नै चक्का पन्चट भएर टायर फेर्नु परेको थियो ।

**३.१२.२.४ भाषाशैली :**
प्रस्तुत '**माया माधुरी**' कथामा सरल एवम् सरस प्रकारको भाषाशैली प्रयोग भएको छ । कथाका पात्रहरूको सम्वादका कारण कथावस्तु कलात्मक देखिन्छ । भाषामा व्याकरणात्मक पक्षबाट हेर्दा भाषागत त्रुटि केही भेट्न सकिँदैन । कथामा म पात्रले व्यक्त गरेको अभिव्यक्ती कथामा कौतुहलता र करूणताको आभास प्रशस्त भेटिन्छ ।

**३.१२.२.५ दृष्टिबिन्दु :**
प्रस्तुत कथामा वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ । किनकि कथाको म पात्रले सिनेमा अर्थात चलचित्र हेर्ने क्रममा अनुभूति गरेका विषय तथा मायाले व्यक्त गरेका अन्तर भावनाहरूलाई संयोजन गरी कथावस्तु प्रस्तुत भएको हुँदा कथामा केही मात्रामा आन्तरिक र बढी वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**३.१२.२.६ उद्देश्य एवम् सारवस्तु :**
प्रस्तुत '**माया माधुरी**' कथाको मुख्यउद्देश्य भनेको म पात्रले चलचित्र हेर्ने क्रममा देखिएको दृश्यलाई आफू दसैंमा दोलखा जाने क्रममा भेट भएकी मायासँग तुलना गरी देखाउन खोजेका छन् । त्यसैगरी मायामा देखिएको रूप, यौवनलाई आफूले फिल्ममा देखेको माधुरी दिक्षितसँग तुलना गर्दै मायाभित्र गुम्सिएर रहेका अन्तर भावनालाई कथामा देखाउन खोजिएको पाइन्छ त्यसैगरी यस कथामा घर जाने बस छुटेको समयमा दसैं जस्तो महान् चाडमा सुरक्षित आफ्नो घरमा पुग्न सफल मायालाई म पात्रको टोलीले सहयोग गरेको विषय समेत कथामा देखा परेको छ । त्यसैगरी एकताका सिनेमा घरमा चलचित्र हेर्ने लहर चलेको तर आजभोली कोठाभित्र सिमित रहेको देखिन्छ । कथामा म पात्रले सन् १९९७ को लोकप्रिय हिन्दी चलचित्र दिल तो पागल है हेर्ने क्रममा आफन्तबाट सौजन्य प्राप्त टिकट लिएका हुन्छन् । जुन चलचित्रमा साहरूख खान, माधुरी दिक्षित र करिश्माले मुख्य भूमिका निर्वाह गरेको विषय वस्तु प्रस्तुत गरेका छन् । यसैगरी यो कथा यात्रा संस्मरणमा आधारित गरेर म पात्रद्वारा रचित कथाको माया र माधुरीलाई सम रेखामा राखी तुलना गरेका छन् ।

**३.१२.२.७ देशकाल परिवेश :**
'**माया माधुरी**' कथाको परिवेश भनेको ठूलो पर्दामा चलचित्र हेर्नुलाई तिर्थाटन मानिएको छ । यो कथामा साहरूख खान, माधुरी दिक्षित र करिश्मा क्रमश राहुल, पूजा र निसाको रूपमा देखा परेको छन् । राहुलको प्रेमलाई वास्तविक प्रेम होइन भनी पुजा खण्डन गर्न पुग्छिन् । अर्कोतर्फ २१ जना नर्तकीहरूर केही पुरूषहरूले लेगई लेगईको धुनमा नाच्दै गरेको ठाउँमा राहुल र करिश्मा देखा पर्दछन् । यसरी चलचित्र १ (एक) महिना पछि मायाको प्रस्तुति लिएर आउने जानकारी कथाको म पात्रले माया चलचित्र हेर्दा हेर्दै एक महिना अगाडि दसैंको बेला जम्काभेट भएको मायालाई संम्झन पुग्छन् । काठमाडौँबाट पहाड दोलखामा दसैं मनाउने निर्णयमा जापानी प्रोफेसर र केन्द्रजीको टोलीमा म पात्र रहेको हुन्छन् । कोटेश्वरबाट सायाको मकैबारिसम्म जाने आग्रहलाई स्वीकार गरी दोलखा तर्फ गाडी अगाडि बढ्छ । बाटामा म पात्रद्वारा मायासँग मिठामिठा वार्तालापहरू हुन्छन् ।

एक आपसका अन्तर भावहरूप्रकट हुन्छन् म पात्रले मायालाई माधुरीको रूपमा तुलना गर्न पुग्छन्, मायाले पनि म पात्रलाई तपाई माधुरीलाई भेट्नु भए के गर्नु हुन्छ ? जस्ता उत्तेजित प्रश्न सोध्दै उनी मकैबारीमा ओर्लिने सङ्केत गर्दै शुभ विजयादशीमको शुभकामना व्यक्त गर्दै आफ्नो घरतर्फ लाग्छिन् । म पात्रको टोली चरिकोट पुगेर चोक सरसँग मायाको हुन् भन्ने प्रश्नमा गत वर्षमा दसैंमा घर आउँदा गाडीले किचेर उनको मृत्यु भएको खबरले म पात्रलाई झस्का पसेको हुन्छ ।

## ३.१२.३. हल्ला गर्ने बिरालो र शान्त कुकुर कथाको विश्लेषण

### ३.१२.३.१ शीर्षक सार्थकता :

प्रस्तुत '**हल्ला गर्ने बिरालो र शान्त कुकुर**' चिनियाँ लोककथा हो । यस कथाको प्रस्तुतिकरण मकर वज्राचार्यले गरेको छन् । उक्त कथामा शीर्षकको अपेक्षा अनुसार नै मानवेतर प्राणीहरूको उपस्थित गराएर कथालाई रोचकता दिनुलाई शीर्षक सार्थकता भएको ठान्न सकिन्छ ।

### ३.१२.३.२ कथानक कथाबस्तु :

प्रस्तुत कथामा एकजना मानिसले मुसा मार्न र घरको रखवाली गर्न बिरालो र कुकुर पालेको हुन्छ । बिरालोको कराउने कारण दुलो भित्रबाट मुसा बाहिर निस्कँदैनन् । बिरालो रातभरी कराएको कारण मालिकको निद्रा नपरेको कारण विरालोलाई ठूलो-ठूलो स्वरले कराउने भन्दै पिट्न थाल्यो । अब यसरी कराईस भने तलाईं मारीदिन्छु भन्यो । यो तमासा हेरेर बसेको कुकुरले मालिकको हातको कुटाई खाने डरले म पनि शान्तसँग वस्नु वेश ठान्यो नभन्दै त्यही रात मालिकको घरमा चोर पसी गढत सामान लिएर हिँड्यो । कुकुरले सबै दृश्य देखिनै रह्यो विहान उठेर मालिकले घरमा चोरी भएको पत्तो लगायो तर कुकुरले नभुकेकोमा कुकुरलाई कोर्रा नै कोर्राले पिट्न थाल्यो । तेरो के मतलब भयो यत्रो पालेर राखेको यत्रो चोरी हुँदा एक पटक नै नभुकी हेरेर बसेको भन्यो, अन्त्यमा कुकुरले तिमीले गाली खान्छौ नै यदि कराएर बसेको भए पनि पिटाई त खानु नै पर्ने हुँदो रहेछ भन्दै कथानक सकिन्छ ।

### ३.१२.३.३ चरित्र चित्रण :

प्रस्तुत चिनीयां लोककथामा मानव तथा मानवेतर प्राणीहरूलाई समेत कथाको पात्रको रूपमा लिइएको पाइन्छ । जुन चरित्र निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क) मानिस :**

प्रस्तुत **हल्ला गर्ने बिरालो र शान्त कुकुर** कथामा सक्रिय पात्रको रूपमा एउटा मानिस देखा परेको छ । उसले घरको रखवाली गर्न र मुसा नियन्त्रण गर्न विरालो र कुकुर पालेको हुन्छ । एक दिन बिरालोले धेरै कराएको कारण मान्छेको हातबाट कुटाई खान पुग्दछ र फेरि कराएमा मारिदिने समेत धम्की दिन्छ । यो घटनाको नजिकबाट हेरिरहेको कुकुरले कुटाई खानु भन्दा नबोल्नु नै बेश ठानी राती चोरले सामान लग्दा समेत नभुके वापत मान्छेको हातबाट कुटाई खानपुग्छ । र कथानक टुङ्गिन्छ ।

**ख) बिरालो :**

प्रस्तुत कथामा बिरालो गौण मानवेतर प्राणीको रूपमा आएको छ । उसले आफ्नो कर्तव्य पालन गर्ने क्रममा समेत कुटाई खानुपरेको हुन्छ । भने फेरी कराएमा ज्यानै जाने धम्की मान्छेले दिएको हुन्छ।

**ग) कुकुर :**
प्रस्तुत कथामा प्रयुक्त कुकुर पनि मानवेतर प्राणी नै मानिन्छ । उसको यस कथामा गौण भूमिका रहेको छ । मानिसले विरालो कुटेको कारण आफूले समेत कुटाई खाइने डरले राती घरमा चोरी हुँदा नभुके वापत कुकुरले पनि मान्छेको हातबाट कोर्रा खान पुगेको हुन्छ ।

**३.१२.३.४ भाषाशैली :**
यस कथामा भाषाशैलीको उपयुक्त क्रम मिलेको पाइन्छ । सरल र सरस भाषाशैलीको प्रयोगले कथा एक प्रकारको स्वादिष्ट भएको पाइन्छ ।

**३.१२.३.५. दृष्टिबिन्दु**
प्रस्तुत चिनिया लोककथामा आन्तरिक एवम् बाह्‍य दुबै दृष्टिबिन्दुका मेल भएको पाइन्छ। किनभने कथामा प्रयुक्त पात्रहरूको भूमिका उल्लेखनीय भएको देखिन्छ । बिरालोले आफ्नो कर्तव्य पालन कै क्रममा कुटाई खानु र कुकुरले मालिकको मनोभावनालाई विचलन हुन नदिनुका परिणाम कथामा देखापर्नु आन्तरिक तथा वाह्‍य दृष्टिबिन्दुको प्रयोग मान्न सकिन्छ ।

**३.१२.३.६ उद्देश्य एवम् सारवस्तु :**
प्रस्तुत कथाको मुख्यउद्देश्य भनेको मालिकको घरमा पालिएका बिरालो र कुकुरलाई उनीहरूको कर्तव्य विरूद्ध मान्छे उत्रिए पछिको परिणामलाई कथामा रोचक पारामा देखाउन खोजिएको देखिन्छ । अर्को तर्फ मान्छेले बिरालोलाई कुट्नुको परिणाम घरमा चोरी भएको र त्यसमा कुकुरले मान्छेलाई सजाँय दिएको ठहर्दछ । यसरी कथामा मान्छेले मानवेतर प्राणीको नियमलाई उलङ्घन गर्नखोज्दा आफ्नो घरको सम्पति समेत नोक्सानी भएको र कुकुरले समेत विरालोको कुटाईको कारण आफूले शान्त रहनु नै वेश भन्ने सोच लाई सत्यतामा आधारित नभई मानविय पक्षको आफ्नो स्वार्थ सिद्धको लागि बनाउन खोजेको नियम हो भनी आवश्यक ठहर्दछ ।

**३.१२.३.७ देशकाल परिवेश :**
प्रस्तुत चिनियां लोककथामा आधारित **हल्ला गर्ने विरालो शान्त कुकुर** कथामा कथामा प्रयुक्त पात्रहरूको भूमिकालाई नै प्रमुखता दिन खोजिएको पाइन्छ । कथामा एउटा मान्छेले घरमा मुसा नियन्त्रणका लागि बिरालो लाई धेरै सुत्ने वेलामा कराएको निहुँमा मान्छेले कुट्न पुग्छ र फेरी कराएमा मारीदिने बताउँछ भने कुकुरले मालिकको हातबाट कुटाई खाने डरले राति घरबाट चोरले सामान लग्दा समेत नभुकी बसेकोमा समेत मान्छेको हातबाट कुटााई खान पुग्छ । यसरी कुकुरलाई राती कराउँदा पनि मालिकको निद्रा अलमलिने कारण कुटाई खानुपर्ने चुप लाग्दा समेत चोरी भएको कारण कोरा खानुपर्ने अवस्था आएको छ । यसरी यस कथामा मानवेतर प्राणीको नियमको उलङ्गन गर्दा मानवेतर प्राणी पनि सजाँय खानु परेको हुन्छ । भने मानिसको पनि क्षति भएको देख्न सकिन्छ ।

## ३.१२.४ वाह ! अमेरिका कथाको विश्लेषण

### ३.१२.४.१. शीर्षक सार्थकताः
प्रस्तुत **वाह ! अमेरिका** शीर्षकको कथाका लेखक बश्रे रहमान हुन् । उनले कथाको माध्यमबाट रफिया दिदी र भिनाजुका माध्यमद्वारा बहिनी ज्वाई रवियालाई अमेरिकामा जानको लागि दिदीले खबर पठाउँछिन् र पहिलो चोटी अमेरिका पुगेकी रवियाले वाह ! कस्तो अमेरिका भनी आश्चर्य व्यक्त गरेको प्रसङ्गले शिर्षक सार्थकता भएको बुझिन्छ ।

**३.१२.४.२. कथानक कथावस्तु :**
प्रस्तुत कथाकी मुख्य पात्र रविया कि दिदी रफिया विवाह पश्चात् अमेरिकामा बस्दै आएकी हुन्छे। तीन वर्ष पश्चात् पाकिस्तानको एक चक्कर लगाएर उनी आउँदा पाकिस्तानको लाहोर बहिनी रवियाको घरमा बस्छिन् । उनी आउँदा चारवटा सुर्केश भरी ल्याएका कोशलीहरू बाँडिदिन्छे, उपहार

नपाउने त कोही हुँदैनन् । दिदीको उपहारहरू पाउने, पार्टीको लागि योजना मिलाउने सम्पूर्ण कार्यक्रम रवियाले मिलाएकी हुन्थिन् । एक दिन बहिनी रवियाले दिदीसँग आफू र आफ्नो श्रीमान्लाई समेत अमेरिकामा बोलाउन आग्रह गरेकी हुन्छिन् नभन्दै दिदीले पनि एक वर्ष पछि बहिनी ज्वाईलाई अमेरिकामा बोलाएको हुन्छे । उनीहरू अमेरिकामा दिदीको घरमा बस्दै आएका हुन्छन् । दिन बित्दै जाँदा बहिनी रवियालाई मेसिन समान काम गर्नुपर्ने हुन्छ । खाना पकाउने कपडा धुने, भाँडा माझ्ने आदि धेरै काम गर्न वाध्य हुन्छिन् । दिदीले रवियालाई अलि धेरै काम गर्न वाध्य गराएको बहिनीका छोरा छोरीलाई समेत जंगली बच्चा, सोमत नभएका बच्चा भनी गाली गर्थिन, दिदीको झर्को फर्कोबाट बहिनी अब धेरै समय दिदीसँग नबस्ने भएकीले दुवैकोठा खोजेर बस्न थाले। चार वर्षको अमेरिका बसाइ पछि उनीहरू पाकिस्तान फर्कन्छन् । आमालाई भेट्छन् । पाकिस्तानमा भएको फोहोर वस्तुलाई आमाले आफ्नो माइती घरको वस्तुलाई एउटा बुद्धिमान आइमाइले हेला गर्नु हुँदैन भनी सम्झाउँछिन् । विदा सकिएकोले रविया र सुहेल अमेरिका फर्कन लाग्ने समयमा कान्छी बहिनी समिराले आफूहरूलाई समेत अमेरिका लान रवियालाई आग्रह गर्छिन् । रवियाले उनलाई बोलाउने प्रयास गर्ने जानकारी दिदै कथानक सकिन्छ ।

### ३.१२.४.३. चरित्र चित्रण :

प्रस्तुत **वाह ! अमेरिका** कथामा प्रयुक्त पात्रहरूले कथालाई रोमाञ्चकारी बनाएको छ । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क**) **रफिया:** रफिया यस कथामा सक्रिय भूमिका निर्वाह गर्ने महिला पात्र हुन् । उनी विवाह पश्चात अमेरिकामा बसोबास गर्दै आएकी हुन्छिन् । उनी तीन वर्षको अन्तरालमा पाकिस्तान आएर बहिनी रवियाको घरमा बसी आफन्तहरूलाई उपहार दिने गर्दथिन भने बहिनी ज्वाँइलाई समेत अमेरिकामा जागिर मिलाइ दिएको हुन्छिन् ।

(**ख**) **रविया:** रविया यस कथामा प्रयुक्त गौण नारी हुन् । उनी इन्जिनियर सुहलेको साथ लाहोरमा बसोबास गर्दै आएकी हुन्छिन् । उनकी दिदी अमेरिकाबाट आउँदा उनकै घरमा बस्ने काम गर्छिन । ल्याएको उपहार सबै आफन्तलाई बाँढ्ने गर्थिन नभन्दै एक दिन दिदीले रविया र सेुहललाई अमेरिकमा जागिर मिलाइ दिएको हुन्छिन । रवियाले अमेरिकामा दिदीको घरमा नै लामो समय बिताएकी हुन्छिन् ।

(**ग**) **सुहेल:** सुहेल यस कथाको गौणपात्र मानिन्छ । उ लाहोरमा इन्जिनियरको काम गर्दथ्यो । उसलाई मन नलागे तापनि रवियाको उनी अमेरिका जान बाध्य भएको हुन्छ । अमेरिका जाँदा उ एक्लो भएको महसुस गर्दथ्यो । आफ्नै देशलाई प्यारो ठान्दथ्यो । सुहेललाई भिनाजु इरशादले अमेरिकामा काम खोजी दिएको थियो ।

**घ**) **इरशाद:** इरशाद यस कथाको गौण पात्र हो । उ रफियाको पति पनि हो । उ अमेरिकामा नै रोजगारी गरी जीवनयापन गरेको हुन्छ ।

**ङ**) **समिरा:** यस कथामा समिरा गौण नारी पात्र हुन् । उनी रफियाको कान्छी बहिनी हुन् । उनी विवाहित भएकी र घरखर्च चलाउन कठिन भएको कारण रवियासँग आफूहरूलाई अमेरिका लान आग्रह गर्दछिन् ।

**च**) **आमा:** यस कथामा आमाको भूमिका गौण रहेको छ । उनी रफियाको आमा हुन । उनी अमेरिकाबाट पाकिस्तानमा आएको समयमा त्यहाँको वातावरणलाई फोहोर भनेको बुद्धिमानी आइमाइहरूले आफ्नो माइती देशलाई हेला गर्न नहुने प्रसङ्ग व्यक्त गरेकी हुन्छिन् ।

### ३.१२.४.४. भाषाशैली :

प्रस्तुत **वाह ! अमेरिका** कथामा सरल, सरस एवम् सुवोध्य भाषा शैलीको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको उपयुक्त संम्बादले कथा रोचक बन्न पुगेको देखिन्छ । व्याकरणीय उच्च प्रयोगले कथा गहकिलो भएको पाउन सकिन्छ ।

### ३.१२.४.५. दृष्टिबिन्दु :

प्रस्तुत कथाको दृष्टिबिन्दु बाह्य प्रवृत्तिकै देखिन्छ । किनकि रफियाले ल्याएको उपहार बाँडिदिनु र रफिया र सुहेललाई अमेरिकमा नै नोकरी खोजी गरी दिनु बाह्य दृष्टिबिन्दु मान सकिन्छ ।

### ३.१२.४.६. उद्देश्य एवम् सारवस्तु :

प्रस्तुत **वाह ! अमेरिका** कथाको मुख्यउद्देश्य भनेको कथाको मुख्यपात्र रफिया अमेरिकाबाट तीन वर्षको समय पश्चात पाकिस्तानको भ्रमणमा आउनु त्यहा सम्पूर्ण इष्टमित्रहरूसँग भेटघाट गरी उपहार बाँढ्ने काम गर्छिन् । उनलाई आफ्नो बहिनी रवियाले सम्पूर्ण चाँजो मिलाएकी हुन्छिन् । पछि दिदी अमेरिका फर्कने क्रममा रवियाले आफुहरूलाई अमेरिका लानलाई आग्रह गर्न पुग्छिन् । केही समय पछि सोचौंला भन्ने आश्वासन दिन पुग्छिन् । नभन्दै केही समय पश्चात दिदीले ज्वाइलाई निवेदन दिन आग्रह गर्छिन र नभन्दै रवियाका २ जना अमेरिका जाने क्रममा हुन्छन् । उनीहरूलाई हवाइ अड्डामा दिदी भिनाजु लिन आइपुग्छन् । दिदीको घरमा गएर बसोबास गर्छन । नभन्दै दिन बित्तै जाँदा रवियाको जोडी अमेरिकामा अर्को घरमा बसोबास गर्छन । केही समयको लागि पाकिस्तान घुम्न आउँछन्  र पाकिस्तानमा आउँदा आमाले देशको माया गर्ने आइमाइले आफ्नो जन्मभूमिको माया गर्नु पर्दछ भन्दै कथानक समाप्त हुन्छ ।

### ३.१२.४.७. देशकाल परिवेश :

प्रस्तुत **वाह! अमेरिका** कथाको मुख्य परिवेश भनेको रवियाले अमेरिकाको सहरमा देखा परेको दृश्य अवलोकन र मानिसलाई स्वर्गलायक स्थानको अनुभूति गर्न पुग्नु हो। रवियाकी दिदी रफिया अमेरिकामा बस्दै आए पनि तीन वर्षको अन्तरालमा उनी पाकिस्तान आएर दिन कटाउने र विदा समय पश्चात् पुनः अमेरिका फर्कने गर्छन। यही क्रममा उनी पाकिस्तानमा बहिनी रवियाको घरमा बस्ने आफूले अमेरिकाबाट ल्याएका चार सुटकेस उपहारहरू आफन्तलाई दिनु विभिन्न पाटीहरूो आयोजना गर्ने क्रममा रविया रफियाकी स्वकीय सचिव साविक भएकी हुन्छिन्। दिदी अमेरिका फर्कने बेलामा रवियाले ज्वाइ सुहेल र रवियालाई पनि अमेरिकामा जागिरको लागि बोलाउँछिन्। उनीहरू पाकिस्तानबाट अमेरिका जान्छन् दिदीको घरमा बस्छन दिन वित्दै जाँदा रवियालाई मेशनरी काममा लगाउँछिन् र झर्कोफर्को गर्दै छोराछोरीलाई समेत सोमत नभएको भन्दै गाली गर्न पुग्छिन्। यस विषयबाट सुहेल र रवियाले अन्यत्र कोठा खोजी दिदीबाट अलग रहेर बस्छन्। केही वर्षपछि पाकिस्तान फर्कन्छन र आमासँग रवियाले भेट गर्छिन। त्यहाँको फोहारमैलालाई अमेरिकाको सफाइलाई जोड्न खोज्छिन्। जसलाई आमाले आफ्नो जन्मभूमि तथा माइती देशलाई माया नगर्ने महिलाको अस्तित्व नरहने भएको कारण आफ्नो भूमिलाई प्रेम गर्न आग्रह गरेको पाइन्छ।

## ३.१३. अङ्क तेह्रौमा प्रकाशित कथाहरूको विश्लेषण

## ३.१३.१ प्रतिपरीक्षण कथाको विश्लेषण

### ३.१३.१.१ शीर्षक सार्थकताः

प्रस्तुत **प्रतिपरीक्षण** कथाका लेखक दीनबन्धु हुन । उनले प्रस्तुत कथाका माध्यमबाट आफु अफिसरमा नियुक्त भएपछि आफ्नो पति लाइ खरिदारबाट पढेर नाम निकाल्नु पर्छ भन्ने मानसिकता भित्र रहेर कथा वस्तु अगाडि बढेको हुँदा शीर्षकसार्थकता भएको पाउन सकिन्छ ।

३.१३.१.२. **कथानक कथावस्तु :**
प्रस्तुत कथामा प्रयुक्त म नारी पात्र आफू  अफिसरमा नियुक्त भएकी हुन्छिन् तर उनको पति भने सँधै खरिदारमा झुण्डिएको कारण उसलाई पढेर नाम निकाल्न दबाब दिइन्छ । तर बिडम्बना फरक हुन पुग्छ । उसको आकर्षक व्यक्तिफ्वको कारण म नारी पात्रले उ पुरूष पात्रसँग प्रेम गरेको कारण विवाह बन्धनमा गाँसिएका हुन्छन् । उसलाई आफु खरिदारको जागिर खानु परेकोमा आफू लाई हिनताबोध महसुस गर्दछ  न की उसको दाजुले समेत अंशबण्डा गर्ने क्रममा उसलाई स्वास्नीको धोति धुने, पियन, मरूवा भनी गाली गर्दै उसको अर्को दोस्रो विवाह गर्न दबाब दिएका हुन्छन् । तर उ मान्दैन । बरू उसको कमलरूपी हृदयले म पात्रलाई भ्रमबस पगाली दिएको हुन्छ । उसले नारीले गर्ने कार्यहरूमा समेत खट्ने गर्दछ । चिया पकाउने काम देखि लिएर अन्य काममा सहभागी बन्ने उसको राम्रो विशेषता मानिन्छ । म नारी पात्रलाई साथीहरूले लोग्नेको मामिलामा तिमी त साह्रै भाग्यमानी रहिछ्यौ भन्दा उनीलाई खिसी गरको जस्तो लाग्दथ्यो । उनको वाल्यकाल पनि इलामको चियावगान र प्राकृतिक सुन्दरताको स्पर्श गर्दै उनको यौवन हलक्क उदाएको हुन्छ । म पात्रको अगाडि उसको व्यक्तित्व निरीह बालकको जस्तो देखिन्थ्यो । म पात्रले प्रशिक्षक भएर तालिम दिँदा उ पात्रले प्रशिक्षार्थी भएर भाग लिएको थियो । उसले आज हामी घर जानुपर्छ । टिकट लिनुपर्छ भन्ने भनाइले म पात्रले नौलो अनुभूति गरेकी थिइ । म पात्र पसलमा चिया पकाउन दुध लिएर आउँदा डेरामा आगाको लप्का बलिरहेको उ पात्र आगो निभाउन जाँदा भुइमा ढलेको थियो । यस्तो अवस्थामा म पात्रले आफू लाई ज्यानमारा र उ पात्रलाई आत्माघाति भएको यो रहस्यमय घटनाले उनीलाई सताउँदै कथानक टुङ्गीन पुग्दछ ।

३.१३.१.३. **चरित्र चित्रण :**
प्रस्तुत **प्रतिपरीक्षण** कथामा प्रयुक्त पात्रहरूले कथावस्तुलाई रोचकता प्रदान गरेको पाइन्छ जुन पात्रहरूको चर्चा तल गरिएको छ ।

**क) म नारी पात्र :** प्रस्तुत कथामा म नारी पात्रको भूमिका सक्रिय रहेको पाइन्छ । उनको वाल्यकाल इलामको चिया वगानमा वितेता पनि उनको मिहिनेत र परिश्रमको कारण उनी अफिसरमा जागिर खान सफल भएकी हुन्छिन् भने उनीले रूप र सौन्दर्यको धनी खाइलाग्दो खरीदार केटोसँग विवाह गरेकी हुन्छिन् । यस घटनाले उनीलाई बेला-बेलामा साथीहरूले तिमी साह्रै भाग्यमानी रहिछ्यौ, राम्रो पति पाएकी छ्यौ भनी खिसी गर्दथे तापनि उ मनको धनी भएको कारण म नारिपात्र उसँग भुल्न गएकी थिइन् । उनीले परीक्षक समेत बनी उसलाई तालिम दिएको थियो ।

**ख) उ पात्र :** प्रस्तुत कथामा उ पात्रको स्थान गौण रहेको छ । उसले आफ्नो पेशा खरिदारको भए पनि अफिसर केटीसँग विवाह गरेको छ । उसलाई कहिले काहिँ दाजुभाइहरूले अंशबण्डा गर्दा समेत श्रीमतीको पियन धोती धुने मरूवा भनी गाली समेत गरेका थिए । तर उ मनको धनी थियो श्रीमतीलाई औधी माया गर्दथ्यो । मौका पर्दा श्रीमतीले गर्ने  काम पनि उ खुरूखुरू गर्न तयार देखिन्थ्यो ।  उसले विवाह गरे देखि घर गएको थिएन । अन्तमा उसले आफूहरू घर जाने भनी टिकट लिने कुरा श्रीमतीसँग राखेको थियो । त्यही नै समयमा उसको कोठामा आगलागी भई आगो निभाउने क्रममा उसको मृत्यु हुन पुगेको थियो ।

**३.१३.१.४ भाषाशैली** : प्रस्तुत कथाको भाषाशैली सरल एवम् सरस प्रकृतिको देखिन्छ । उपर्युक्त किसिमको कथावस्तुको प्रयोग, व्याकरणिक चिन्हहरूको प्रयोग भएको पाइन्छ । कथामा यौवना अवस्थामा देखा परेका केही झिल्काहरूले मिठासता प्रदान गरेको पाइन्छ । कथाको विषयवस्तु भावनात्मक गहिराइमा पुगेको अनुभूति गर्न सकिन्छ ।

**३.१३.१.५ दृष्टिविन्दु** : प्रस्तुत कथामा आन्तरिक एवम् वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । किनकि कथामा प्रयुक्त म नारी पात्रले आफू अफिसर भएर पनि एउटा खरीदारसँग विवाह बन्धनमा गाँसिनु, उनका साथीहरूले श्रीमानको विषयमा प्रसंग गर्नु, उ पात्रको मनमा खुलदुली पैदा हुनु दाजु भाइको भनाइ खान पुग्नु जस्ता घटनालाई विश्लेषण गर्दा कथामा आन्तरिक एवम् वाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**३.१३.१.६ उद्देश्य एवम् सारवस्तु :** प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको माथिल्लो ओहोदामा जागिर खान पुगकी कथाकी म नारी पात्रले आफू भन्दा तल्लो स्तरको खरीदारसँग विवाह बन्धनमा गाँसिन पुग्दा उनीहरूको मनस्थितिमा देखा परेको कौतुहल तथा खुल्दुली जस्ता विषय वस्तुलाई देखाउनु रहेको हुन्छ । कथामा म नारी पात्रले खाइलाग्दो रूपको खरिदार उ पात्रसँग प्रेममा फसेको कारण विवाह गर्न पुगेकी हुन्छिन् । उनका अगाडि पुरूष पात्रको व्यक्तिफ्व दुधे बालक सरह देखा परेको हुन्छ । म पात्रको फुपु आफू खुशी हिँडेको कारण उ पात्रको परिवारमा आफूखुसी नगरेको र इज्जतको पारिवारिक संरचना भएको कुरा म नारी पात्रको रूपमा तुलना गर्न पुग्छिन् । एक दिन उ पात्रले म पात्रलाई घर जाने टिकट लिनुपर्ने विषयले नौलो अनुभूति देखिएको हुन्छ भने आज उ पात्र विहान सवेरै उठी चिया पकाउने काममा सहयोग गर्न पुग्छ । नभन्दै म पात्र पसलमा चियाको लागि दुध लिन गएको समयमा कोठामा आगलागीको कारण उ पात्र भुईमा ढलेको र म पात्रले आफूलाई ज्यानमारा र उ पात्र आत्मघाती भएको घटनाको स्मरण गर्न पुग्छिन् ।

**३.१३.१.७ देशकाल परिवेश** : प्रस्तुत कथाको मुख्य परिवेश भनेको म नारी पात्रले आफू अफिसरको नोकरी गर्ने भए तापनि उनीले खरीदार जस्तो तल्लो स्तरको केटासँग विवाह बन्धनमा गाँसिएकी हुन्छिन् । उनीले आफ्नो जीवनमा आएका उतारचढावका कारण त्यो केटाको यौवनको प्यारसँग भुलवस फसेकी हुन्छिन्। उनीलाई आफ्नो लाग्नेले मिहिनेत गरी नाम निकाली दिएहुन्थ्यो भन्ने अपेक्षा राखेकी हुन्छिन् । तर त्यसो हुन् सक्दैन् । बरू म नारी पात्रले आफू प्रशिक्षक बनेर उ पात्रलाई तालिम दिएकी हुन्छिन् । उसले गर्वको अनुभव गर्दछ । उसलाई दाजुभाइहरू ले अंशबण्डा गर्ने समयमा स्वास्नीको धोती धुने, पियन भनी उसले दोस्रो विवाह गर्ने योजना वा दवाव दिइएको हुन्छ । तर पनि उसले दिएको अगाध प्रेमको कारण म नारी पात्रलाई छाड्न सक्दैन । बरू विवाह गरेदेखि आफू घर जान सकेको हुँदैन । अन्तमा आफ्नो डेरामा भएको आगलीको कारण उ घटनामा परी मृत्यु हुन पुग्दछ । यस घटनाले म नारी पात्रलाई जीवनमा ठूलो चोट परेको हुन्छ । आफू ज्यानमारा भएको ठहर गर्दर्छे ।

## ३.१३.२ बाजी कथाको विश्लेषण

### ३.१३.२.१. शीर्षक सार्थकता:

प्रस्तुत **बाजी** कथाका लेखक सत्यकृष्ण श्रेष्ठ हुन् । उनले यस कथाका माध्यमबाट हेम र आवाजको विचमा कुराकानी हुन्थे जसमा हेमले आफूमा अन्तिम स्वास रहुञ्जेल दोलखाकै लागि समर्पण गर्ने आवाज व्यक्त गरेको विषयलाई तिम्रो आर्थिक तथा भौतिक अवस्था सुध्रे वा विग्रे आजको १० वर्ष भित्र दोलखा प्रतिको अहिलेको माया रित्तिएर कम हुन सक्नेछ भन्ने विषयलाई ठोकुवा सहित वाजीको रूपमा राखि यदि यो कुरामा हार भएमा रू. दशहजार दिने विषयलाई कथामा बाजी शीर्षक चयन गर्न सान्दर्भिक देखिन्छ ।

### ३.१३.२.२. कथानक कथावस्तु :

प्रस्तुत कथामा कथाको मुख्यपात्र हेमले आवाजसँग कुराकानीका सन्दर्भमा यदि दसवर्ष भित्र आर्थिक र भौतिक अवस्था सुध्रिएमा तिम्रो दोलखा प्रतिको माया रित्तिएर जानेछ । भन्ने विषयलाई बाजीको रूपमा स्वीकार्दै यदि यस विषयमा हार भए दस हजार रूपैया एक अर्कालाई दिने शर्त राखेको हुन्छ । आवाजले दोलखाली सहित्यिक लेख, रचना मन लगाए पढ्ने गर्छ । उसलाई दोलखा भने पछि हुरूक्क हुने गर्दछ वास्तवमा आवाजमा निष्कपट, निश्च्छल , निस्वार्थ अनि पवित्र प्रेम दोखलाको

भूमिप्रति गरेको हुन्थ्यो । कलेजको अन्तिम परीक्षा पश्चात् आवाज र हेमका बिचमा विगतका अनुभवहरू आदान प्रदान गरी विदाई हुन्छन् । समय वित्दैजाँदा आवाज एक कुशल डाक्टर बनी देश विदेश भर ठूलो ख्याती कमाइ सकेको हुन्छ । दस वर्ष भित्र उसको कमाइको सीमा नै थिएन, राजधानीमै उच्चस्तरका धेरै विल्डिङहरू बनाइ सकेको हुन्छ । एक दिन हेम गरिबको डरलाग्दो भेषमा आवाजको निजी क्लिनिकमा भेट्न गई डाक्टर साहेव मेरो श्रीमती मर्नै लागि उपचार गरिदिन पैसा छैन म हजुरको छिमकी हुँ कृपया उसलाई बचाई दिनुहोला । हमी दुवै दोलखाली माताका सन्तान हौँ । तपाइलाई धर्म हुनेछ  भन्ने हेमको भनाई सुनेर धर्म र सानको पछाडि कुद्न थाली सकेको डाक्टर आवाज एकै क्षणमा कोधित हुदै कड्कियो र दोलखालीलाई निशुल्क उपचार गर्दै जाने हो भने ब्रम्हाण्ड नै आफ्नो हुन्छ त्यसैले म कुनै पनि दोलखालीसँग उपचार त के आवत जावत नै गर्दिन । मलाई साँच्चै दोलखाली शब्द देखि एलर्जी छ यदि म त्यो डाँडामा बसेको भए म अहिले यहाँसम्म पुग्थ्ये म त पाखे हुन्थ्ये । त्यसैले मेरो घर जीवन एक अभिषाप ँ हो । दोलखासँग मेरो केही सम्बन्ध छैन भन्दै केही क्षण चुप रहेर डा.आवाज ले नो इन्ट्रि फर दोलखा दोलखा साइन वोर्ड हेरेर मात्र भित्र आउनुपर्ने तर तिमीभित्र हाइहाल्यौ एक पटकलाई मैले तिमीलाई दोलखाली भएको नाताले दसहजार रूपैया उपचार गर्न लैजाउ भनी दसहजारको रकम हेमको हातमा राखी आवाज आफ्नो कोठाभित्र पस्छ । हेम पहिले डा. आवाजलाई अनि हातको चन्दा रकमलाई हेर्दै टोलाउँदै कथानक सकिन्छ ।

### ३.१३.२.३. चरित्र चित्रण:

प्रस्तुत कथामा प्रयुक्त कथाका पात्रहरूको भूमिका महफ्वपूर्ण रहेको छ । जुन पात्रहरूको भूमिका निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क. हेम :**

प्रस्तुत **वाजी** कथामा हेमको उपस्थित सक्रिय रहेको पाइन्छ । हेम र आवाजको विषयमा आफ्नो जन्मभूमि दोखलाको अगाध प्रेम रहेको हुन्छ । तर समय र परिस्थिति बदलिदै जाँदा उनीहरूले यदि दोलखा प्रति आर्थिक र भौतिक हैसियत सुध्रियमा दोलखा प्रतिको मायाको भण्डार रित्तिएर जाने विषयलाई बाजीको रूपमा राख्दै दस हजार रूपैयाँ एक अर्कालाई दिने शर्त गरेका हुन्छन् । आवाजको लगनशिलताको कारण डा. आवाजले धेरै धन सम्पत्ति जोडेको हुन्छ । हेमले आवाजको परीक्षण गर्न नक्कली भेषमा श्रीमतीको उपचारमा सहयोग माग्दछ तर आवाजले सुरूमा अस्वीकार गर्दछ । पछि रू. दस हजार रूपैयाँ उपचार खर्च भनी हेमलाई रकम दिने काम गर्दछ ।

**ख. आवाज** :

आवाज यस कथाको गौणपात्र मानिन्छ । उसले दोलखाप्रतिको माया घटेमा रू दस हजार रूपैयाँ वाजी दिने सर्त मन्जुर गरेको हुन्छ तर डा आवाजलाई आर्थिक र भौतिक हैसियत प्राप्त भएपछि दोलखाको नाम सुन्न एलर्जी भएको हुन्छ । उसले दोलखालीलाई नो इन्ट्रि भनी ढोकामा साइनबोर्ड राखेको हुन्छ । यदि दोलखामा नै बसेको भए उ आफुलाई पाखे, असभ्य जंगली हुन्थ्ये भनी अनुभूति गर्न पुग्दछ । त्यसैले मेरो दोलखाप्रति कुनै सम्बन्ध छैन भन्छ । अन्तमा हेमलाई मानवताको पक्षाबाट उपचार खर्च भनी दस हजार रूपैयाँ प्रदान गर्दछ ।

### ३.१३.२.४. भाषाशैली :

प्रस्तुत वाजी कथामा सरल सरस एवम् सुवोध्य भाषाशैलीको प्रयोग भएको पाउन सकिन्छ । उपयुक्त भाषीक चिन्हरूको प्रयोग भएको छ । कथाका पात्रहरूको सम्पादनका कारण कथावस्तु उच्च कोटीको पाउन सकिन्छ ।

**३.१३.२.५. दृष्टिबिन्दु :**

प्रस्तुत **बाजी** कथामा पनि आन्तरिक एवम् वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ । कथाको पात्र हेम र आवाजको विषयमा बाजी थाप्नु, दोलखाप्रतिको माया ममतामा दश वर्ष पश्चात रित्तिएर कम हुने विषयमा दुवै पक्ष सहमत हुनु र एक आपसमा सर्तपालन नगरेमा रू. दसहजार रूपैयाँ दिने बचन राखे तापनि आवाजले आफ्नो आर्थिक र भौतिक हैसियतको कराण दोलखाप्रति एलर्जी हुन्छ । भनेर व्यक्त गर्नु आन्तरिक एवम् वाह्य दृष्टिबिन्दु रहेको पाउन सकिन्छ ।

**३.१३.२.६. उद्देश्य एवम् कथासार :**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको आर्थिक र भौतिक सम्पन्नताको कारण आफ्नो जन्मभूमिलाई विर्सन खोज्ने प्रवृतिप्रति कथावस्तुमा उल्लेख गर्न खोजिएको पाइन्छ । कथामा मुख्यपात्रहरू हेम र आवाजले शुरूमा देश प्रेमको विषयमा धेरै बहस भए तापनि अन्तमा दोलखाप्रतिको माया दश वर्ष पश्चात् रित्तिदै जाने यदि यो विषयमा मेरो हार भए म दस हजार रूपैयाँ जरिवाना दिने कुरामा हेम र आवाजले शुरूमा सहमत जनाए पनि पछि समय वित्दै जाँदा आवाज एक कुशल डा. बन्न सफल हुन्छ उसको धन र आर्थिक हैसियत र मर्यादाको कारण आफ्नो जन्मभूमि दोलखालाई विर्सन पुग्छ । आफू  दोलखामा नै बसेको भए आफू  पाखे, असभ्य कहलिने र यस्तो प्रगती गर्न नसक्ने कुरा बताउन पुग्छ । हेमले आफू ले नक्कली भेष वदलि आफ्नो बिरामी श्रीमतीलाई उपचार खर्च माग्न गएको हुन्छ । उसको मागलाई आवजले शुरूमा असहमती व्यक्त गर्दछ । पछि हेमलाई श्रीमतीको उपचार खर्च भनी रूदस हजार रूपैयाँ मानवताको कारण प्रदान गर्दै आफ्नो कोठातर्फ लाग्दछ । आवाजले दिएको दस हजार रूपैयाँको नोट हातमा लिदै पुरानो आवाजको सम्झना गर्दै हेम टोलाउन पुग्दछ ।

**३.१३.२.७. देशकाल परिवेश** :

प्रस्तुत **वाजी** कथाको मुख्य परिवेश भनेको जन्मभूमि प्रतिको अगाध आस्था र प्रेमको खातिर आवाज रहेकोले बाजी थाप्ने काम गरेको हुन्छन्, । यदि दोलखाको प्रेममा दसवर्ष पछाडि यसको माया रित्तिएर जान सक्ने हेमको धाराणालाई आवाजले समर्पण गर्दछ । जन्मभूमिको अगाध प्रेममा घटेमा दस हजार रूपैयाँ दिने कुरामा मञ्जुर गर्न पुगेका हुन्छन् । तर आर्थिक र भौतिक हैसियत सुध्रिए पश्चात् डा. आवाजले आफ्नो जन्मभूमि दोलखालाई चटक्क बिर्सिएको हुन्छ । यति मात्र कहाँ हो र आवाजलाई दोलखाको नाम लिन पनि एलर्जी हुने गर्दछ । दोलखालीहरूलाई आफ्नो कोठामा नो इन्ट्री फर दोलखा भनी कोठामा लेखेको हुन्छ । हेमले आफू  जिल्लावासी भएको नाताले नक्कली भेषमा आफनो श्रीमतीलाई उपचार खर्च माग्न पुग्दछ । सुरूमा आवाजले कडा बोलिए तापनि पछि मानवताको नाताले रू दस हजार रूपैयाँ हेमलाई प्रदान गर्दै श्रीमतीलाई उपचार गर्न लैजाने आदेस दिन पुग्दछ ।

## ३.१३.३ चार्ली चैपलिन ! एक प्रेमी  कथाको विश्लेषण

**३.१३.३.१. शीर्षक सार्थकताः**

प्रस्तुत **चार्ली चैपलिन** ! एक प्रेम कथाका रचनाकार शालिन प्रधान हुन् । उनले चार्ली चैपलिनको प्रेम सम्बन्धी कथावस्तुलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको हुँदा कथाको शीर्षक सार्थकता भएको मान्न सकिन्छ ।

**३.१३.३.२. कथानक कथावस्तु :**

प्रस्तुत कथाका मुख्य पात्र **चार्ली चैपलीन**को हाँस्य अभिनेताको रूपमा विशिष्ट स्थान रहेको छ । उनको जन्म इङ्ल्याण्डमा भएको र उनका बाबु उनी सानै छँदा घर छोडेर बाहिर गएका आमा गाउने र बजाउने काम गर्थिन । यसको अलवा उनकी आमा बेलाबेलामा बौलाउने भएको कारण चार्ली अनाथलयमा बस्नु पऱ्यो । चार्ली सन. १९१३ मा ब्रिटिश संगीत कम्पनीको साथ अमेरिका गएका थिए । पछि उनले हाँस्य अभिनेताको रूपमा आवाज विहिन फिल्ममा काम गरेवापत १०

लाख डलर आर्जन गरे । त्यसपछि ६९ वटा फिल्महरूमा हाँस्य अभिनेताको रूपमा कामगरी सन् १९२० मा फिल्म निर्माताको रूपमा काम गरे । चैपलीन धेरै भावुक र सबैसँग स्नेहको भावना राखे तापनि उनले स्त्रीबाट प्रेम र माया पाउन ५४ वर्ष पर्खिनु पर्‍यो । किनकि उनको चौथो विवाह उना चार्लीसँग भएको थियो सन् १९४३ मा भएको उनाको चौथो विवाह ले अमेरिकामा आलोचनाको विषय बनेको थियो । तर पनि उनले चैपलीनको खाने सुत्ने सारा प्रबन्ध मिलाएकी थिइन । पछि अमेरिकाले सन् १९५३ मा चैपलीनलाई देश निकाला गरे तापनि पनि हलिउड को फिल्म क्षेत्रको दवावको कारण चैपलिनलाई प्रतिबन्ध फुकुवा गर्‍यो र सोहि वर्ष चैपलिनलाई ओस्कार पुरस्कार प्रदान गरियो । सन् १९६५ मा ब्रिटिश साम्राज्ञीले चैपनीलाई सर को उपाधि प्रदान गरीन । उना चैपलिन भन्दा दुई पाइला अगाडि हिड्दथिन किनकि चैपलिन उनालाई आफ्नो आँखाको अघितिर हेर्न चाहन्थ्यो । यो नै उनीहरूविचको साँचो प्रेमको अभिव्यक्ति थियो । यसरी कथानक अन्त्य हुन्छ ।

**३.१३.३.३. चरित्र चित्रणः**

प्रस्तुत कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । उनीहरूको चर्चा तल गरिन्छ ।

**क) चार्ली चैपलिन ! एक प्रेमी :**

चार्ली चैपलिन यस कथाको सक्रिय पात्र हुन् । चार्लीको पुरा नाम चाल्स स्पेन्सर चैपलिन थियो । उसको बाबु उ सानै छँदा बाहिर गएको र आमा बौलाउने कारण चार्ली अनाथालयमा बस्न पुगको थियो । पछि फिल्मी क्षेत्रमा हाँस्य अभिनयमा सक्रियता देखाए वापत उसले १० लाख डलर आर्जन गरेको हुन्छ । पछि फिल्म निर्माण बनेको हुन्छ । तर प्रेममा उ चौथो विवाह ५४ वर्ष पश्चात मात्र प्राप्तगर्न सफल हुन्छ ।

**ख) चार्लीको आमा :**

चार्लीको आमाको यस कथामा गौणभूमिका रहेको हुन्छ । उनी गाउँन तथा बजाउँन सीपालु भएको तर बेला बेलामा बौलाउने बानीले चार्लीले समेत अनाथालयमा बस्नु परेको थियो ।

**ग) चार्लीको बाबु :**

चार्लीको बाबुको यस कथामा गौण भूमिका रहेको छ । उनी चार्ली सानैछँदा बाहिर गएको तर आजसम्म बेखबर रहेको पाइन्छ ।

**घ) मिल्ड्रेड तेरेसः**

मिल्ड्रेड तेरेस यस कथामा गौणपात्र मानिन्छन् । उनी आमाको निर्देशनमा चल्ने भएको कारण चार्लीको सम्पति हत्याउनको लागि मात्र वैवाहिक बन्धनमा बाँधिएकी थिइन । पछि उनीहरूबिच छुटकारा भएको थियो ।

**ङ) लिटा :**

लिटा कथाको गौणपात्र हुन । उनी चार्लीको दोस्रो पत्नि मानिन्छन् । उनको १९२४ मा लिरासँग विवाह भएको थियो । चार्ली पत्निहरूबाट निकै सर्तक रहन थालेका थिए ।

**च) पोलेट :**

पोलेट चार्लीको तेस्रो पत्नि हुन् । उनको कथामा गौणभूमिका रहेको पाइन्छ । उनी अतिनै सुन्दरी अभिनेत्री पनि थिइन् । उनको विवाह सन् १९३६ मा भए तापनि पोलेट गोडेट अति महत्वकांक्षी भएको कारण १९४२ मा सम्बन्ध विच्छेद भएको थियो ।

**छ) उना :**
उना यस कथाको गौण पात्र नै मानिन्छिन् । उनी चार्ली चैपलिनको चौथो विवाहित महिला दिइनन् र उनको विवाहले अमेरिकामा आलोचनाको विषय बन्यो भने मानिसहरूले उनीहरूको सम्बन्ध छोटो अवधिको हुने विषयमा चर्चा गरेको थिए । तर उना एउटा संभ्रान्त परिवारमा जन्मेको कारण चार्ली चैपलीनको प्रगतीको बाटोमा कुनै अवरोध आउन दिइनन् बरू चार्लीलाई ओस्कार पुरस्कार दिलाउन उनी सफल भइन ।

**३.१३.३.४. भाषाशैली :**
प्रस्तुत चार्ली चैपलिन ! एकप्रेमी कथाको भाषा सरल, सरस एवम् सुवोध्य रहेको देखिन्छ । भाषामा उपयुक्त व्याकरणिय प्रयोग भएको देखिन्छ । कथाका प्रयुक्त पात्रहरूको व्यवहारले कथालाई रोचक एवम् गहन प्रकृतिको भाषा शैली प्रयोग भएको पाउन सकिन्छ ।

**३.१३.३.५. दृष्टिबिन्दु :**
प्रस्तुत **चार्ली चैपलिन**को एक प्रेमी कथाको दृष्टिबिन्दु वाहृय नै देखिन्छ । किनकि चार्लीले आफ्नो जीवनमा पत्निको चोखो प्रेम जीवनको चौथो विवाह ५४ वर्ष पछि मात्र प्राप्त गन सक्नुलाई वाहृय दृष्टिबिन्दु मान्न सकिन्छ ।

**३.१३.३.६. उद्देश्य एवम् सारवस्तु :**
प्रस्तुत कथा चार्ली चैपलिनको एक प्रेमी कथाको मुख्य उद्देश्य भनिएको चार्लीले विवाह पश्चात पनि पत्निबाट उपयुक्त प्रेम र माया पाउन नसक्नुलाई मुख्य विषय वनाउन खोजेको पाइन्छ । कथामा चार्ली चैपलिनका तीन ओटी पत्नि विवाह गरे तापनि कुनै पनि पत्निबाट चार्लीले उपयुक्त प्रेम माया पाउन सकेको हुँदैन । यसरी चौथो विवाह ५४ वर्ष पश्चात उनासँगको विवाहबाट भने चार्लीले प्रेमको अनुभूति गरेका थिए । उना सम्पन्न परिवारकी युवती भएको कारण पनि चार्लीका प्रयासहरूलाई साथ दिई सर्वश्रेष्ठ फिल्म निर्माण बनाउन चार्ली सफल बनेका थिए । उनको विवाह पश्चात अमेरिकामा चार्लीको आलोचना हुनुको साथै अमेरिका प्रवेशमा प्रतिबन्ध लगाइएको थियो । पछि हलीउड फिल्म क्षेत्रको कारण उनलाई अमेरिकमा प्रतिवन्ध फुकुवा गरी उनलाई ओस्कार पुरस्कर प्राप्त भएको थियो । चार्ली दुई पाइला अगाडि हेर्न चाहन्थ्यो किनकि उना आफ चार्लीको अगाडि हिड्थिइन् यो नै चार्लीको उना प्रतिको साँचोप्रेम मानिन्थ्यो ।

**३.१३.३.७. देशकाल परिवेश :**
प्रस्तुत कथाको मुख्य परिवेश भनेको चार्ली चैपलिनको जीवनमा भोगेका विषयवस्तु समेटिएको पाइन्छ । चार्लीले आफ्नो चार वटी पत्नीहरूमध्ये ५४ वर्ष पश्चात चौथी प्रेमीका उनाबाट न्यानो प्रेम प्राप्त गरेका हुन्छन् । उनको विवाह पश्चात मात्र चार्लीले ओरस्कार पुरस्कार प्राप्त गर्न सफल भएको पाइन्छ । उनाको विवाह पश्चात चार्लीलाई अमेरिकाबाट देश निकाला गरिएको र पछि हलिउड फिल्ममा दवावको कारण चार्लीलाई अमेरिकामा प्रतिवन्ध फुकुवा गरेको विषय कथामा उल्लेख गरिएको देखिन्छ । अन्तमा चार्लीको चौथो विवाह पश्चात् उनाले चार्लीलाई अगाध माया ममता र प्रेम खन्याएकी हुन्छिन् । जसको परिणाम चार्ली आफ्नी पत्नीलाई दुई पाइला अगाडि लगाई हिड्ने भएकोले चार्लीले उनालाई गरेको साँचो प्रेमको अभिव्यक्ति मान्न सकिन्छ ।

## ३.१३.४ सौन्दर्य कथाको विश्लेषण

**३.१३.५.१. शीर्षक सार्थकताः**
प्रस्तुत **सौन्दर्य** कथाका लेखक अमरकुमार प्रधान हुन् । उनले यस कथाको माध्यमबाट भारविको लागि रोजीको यौवन र सौन्दर्यबाट भारवी अति नै आकर्षित भएको प्रसङ्गले कथावस्तुले शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

**३.१३.५.२. कथानक कथावस्तु :**

प्रस्तुत कथामा कथाका पात्र भारवीको चिन्तनलाई प्रमूख प्राथमिकता दिइएको पाइन्छ । म पात्रको दाई पर्ने भए तापनि अध्ययनको कारण म पात्रलाई भारवीले दाई भन्ने गरेको प्रसङ्ग कथामा व्यक्त भएको छ । म पात्रले सरकारी जागिर १०-५ थियो भने म पात्रको साथी कुशाग्र बैज्ञानिक कहलिएर विदेशमै ख्याती कमाए तापनि उनी स्वदेशमा नै फर्केर आफ्नो दक्षता र प्रतिभा देखाउन सफल मानिन्छ । उसले आफ्नो रूचि अनुकुलको विज्ञान तथा प्रविधि विकास केन्द्रमा विशेषज्ञमा नियुक्त हुनपुग्छ । तापनि उसको रोजाइको अनुकलता नमिलेको कारण उसको बिहे हुनसकेको हुँदैन उसले म पात्रको श्रीमतीको जस्तै राम्री र गुणी हुनपर्छ भन्ने माग थियो । म पात्रको जोडीले रोजी धर्म बैनीलाई भारविको जोडी बनाउने प्रयास गरे तापनि उनीहरूको उमेर १५/१६ वर्षको फरकले गर्दा भारविसँग विवाह गर्न रोजीलाई कल्पना गरेका हुँदैनन् । एक दिन केटा केटीलाई देखादेख गरी दिऔं भन्ने रोजीकी आमाको मनसायले रोजी र भारवी एक आपसमा मञ्जुर हुन पुगेको देखिन्छ । उनीहरूको विवाह सम्पन्न हुन्छ भारवी रूप र सौन्दर्यकी खानी रोजीलाई पाएर खुसी देखिन्छ । भारविले कम्प्युटरमा आएको समस्या सुल्झाइ दिन्छ । एक दिन भारवि बिसन्चो हुन्छ रोजीले अगाडि परेमा आँखाचिम्लन्छ । कम्प्युटरमा भारवीको गीत गुन्जन्छ । भारवीलाई रोजीको प्रेमको मोह बढेर गएको हुन्छ । आफ्नो आविस्कार सफल भएकोमा गर्भ साथ रोजीको देदिप्य देहको भविष्य हेर्ने क्रममा तीन दशक पछिको उमेर अति कठोर र पक्षघात बाट कुरूप गरीर देख्दा म पात्र सुन्यमा हराउँदै रोजीको सुन्दर छविको प्रशंसाबाट बञ्चित हुन पुग्दछन् । रोजीको तनको सौन्दर्य मात्र नभएर मनको, भावनाको सौन्दर्यको विकास गर्न अनिवार्य देखिन्छ । रोजीले अन्त्यमा भारवीलाई कम्प्युटर कोठामा राखिएर फोन कानमा हालेपछि भारवीको अनुहारमा हलुका मुस्कान देखिन्छ भने रोजीको सुन्दर मुहारभरी गुलावी रंग सदैव गएको थियो, तापनि भारवीको भविष्यदर्शी यन्त्र प्रकटमा आउन बाँकी हुँदै कथानक टुङ्गिन्छ ।

**३.१३.५.३. चरित्र चित्रण:**

प्रस्तुत **सौन्दर्य** कथामा प्रयुक्त पात्रहरूको क्रियाकलापले कथावस्तु रोचक बनेको पाइन्छ । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) म पात्र :**

**सौन्दर्य** कथामा म पात्रको भूमिका प्रमुख नै रहेको छ । कथामा म पात्रको साथी भारवी देखा परेको छ । जुन पढ्दा देखिकै साथी हुन् । तापनि उनीहरूको पेशा भने फरक देखिन्छ । तर भारविको विवाह गर्ने क्रममा म पात्रको पत्निले नै मुख्य भूमिका खेलेको पाइन्छ । म पात्रले आफ्नो धर्म बैनी रोजी र भारिविको जीवनयापन क्रममा देखिएका विषयहरूलाई नजिकबाट नियाल्ने प्रयास गरेका छन् ।

**ख) भारवी :**

भारवि **सौन्दर्य** कथाका गौण पात्र हुन् तर पनि उनीको यस कथामा महफ्वपूर्ण भूमिका खेलेका छन् । भारवी र म पात्रका बुबाहरू जागिरको समयमा एक आपसमा नजिक भएतापनि भारवी र म पात्र पनि नजिक नै देखिएका छन् । म पात्रको सरकारी जागिर छ भने भारवि कुशाग्र वैज्ञानिक मानिन्छ । तर भारवीको विवाह गर्ने विषयमा भने म पात्रको पहिलो भूमिका नै प्रमुख देखिन्छ ।

**ग) रोजी :**

रोजी **सौन्दर्य** कथाको गौण नारीपात्र हुन् । उनी म पात्रको मित्र दसैंमा टीका लगाउन जानेघरको धर्म बहिनी हुन् । उनी रूप र सौन्दर्यमा धनी मानिन्छन् । तापनि उनको आमाको मनसाय अनुसार भारवीसँग उमेरको फरक परे तापनि विवाह सम्पन्न हुन्छ ।

**घ) म पात्रको श्रीमती :**
प्रस्तुत **सौन्दर्य** कथामा म पात्रको श्रीमतीको गौण भूमिका रहेको छ । तापनि भारवीलाई केटो वा जीवनसाथी खोज्ने क्रममा उनको महफ्वपूर्ण भूमिका खेलकी छन् । उनी आफू पनि रूप र गुणी भएको हुँदा भारवीले तपाई जस्तै भए हुन्छ भन्नु यसको उदाहरण मन्न सकिन्छ । भारवीलाई केटी खोजी दिने क्रममा रोजीको जोडी नमिले पनि रोजीको आमाको एक चोटी केटाकेटी देखादेख गरिदिने क्रममा उनीहरूले एक आपसमा मन पराएका कारणले म पात्रको श्रीमतीलाई औधि नै मानिएको हुन्छ ।

**ङ) रोजीकी आमा :**
प्रस्तुत कथामा रोजीकी आमा गौण नारीपात्र मानिन्छिन् । उनले रोजीलाई भारवीसँग विवाह गरीदिने काममा निर्णायक भूमिका खेलकी छन् । उनले भारवीको वैज्ञानिक क्षमताको उच्च मूल्याङ्कन गरी १५/१६ वर्षको रोजीलाई भारवीसँग विवाह गर्ने क्रममा मञ्ज्जुरी दिएकी हुन्छिन् ।

**३.१३.५.४. भाषाशैली :**
प्रस्तुत कथाको भाषाशैली सरल एवम सरस प्रवृतिकै मान्न सकिन्छ । पात्रहरूको उपयुक्त संवादका कारण कथावस्तु रोमाञ्चकारी बन्न पुगेको देखिन्छ । भाषागत त्रुटीहरूको कमि देखिनु कथामा उपयुक्त चिन्ह हरूको प्रयोग गरिनुले व्याकरणीय सचेतता अपनाएको र केही बौद्धिक पृष्ठभूमिको अभाव देखिनुले भाषाशैली उपयुक्त नै छ भन्न सकिन्छ ।

**३.१३.५.५. दृष्टिबिन्दु :**
प्रस्तुत **सौन्दर्य** कथामा वाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ । कथाको मुख्य म पात्रले भारवीसँग राम्रो सम्बन्ध राख्नु भारविले विज्ञानको क्षेत्रमा उल्लेखनीय प्रगती गर्नु, भारवीको विवाह रोजीसँग गराउने म पात्रको श्रीमतीले महफ्वपूर्ण भूमिका निभाउनु भारवि राम्रो पत्नी पाएकोमा खुसी हुनु जस्ता विषयवस्तु कथामा व्यक्त हुनुले पनि कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ ।

**३.१३.५.६. उद्देश्य एवम् सारवस्तु** :
प्रस्तुत **सौन्दर्य** कथाको मुख्य उद्देश्य भनेको भारवी र म पात्रको बीचमा देखिएको साथीको सम्बन्धले पछि भारवीलाई जीवनसाथी खोजी दिने क्रममा सफलता प्राप्त हुन्छ, उमेर र यौवना अवस्थाले छोए पश्चात उमेरको फरक भए तापनि नारी हृदयले पुरूषफ्वको अभाव देखाउनुलाई कथामा मुख्य विषय बनाउन खोजिएको पाइन्छ । शुरूमा भारवीको बाबुले आफ्नो छोरालाई सफल कवि बनाउन खोजे तापनि उसको रूचि भनेको विज्ञान भएको कारण उ सफल वैज्ञानिक बनेर विदेशमा समेत नाम कमाउन सफल देखिन्छ । वैज्ञानिक क्षेत्रमा धेरै अनुसन्धान गरेर स्वदेशकै भलाई गरेको हुन्छ । उसले आफ्नो जीवन साथी खोज्ने क्रममा म पात्रको पत्नीसँग रूप र गुण खोजेको हुन्छ । पछि म पात्रको श्रीमतीको लामो प्रयास पश्चात रोजीसँग भारवीको विवाह सम्भव हुन्छ । यसमा रोजीको आमाको भूमिका महफ्वपूर्ण नै मान्न सकिन्छ । पछि भारवीले कम्प्युटरमा भएको खरावीलाई हटाई नयाँ चमत्कार देखाउँदै आफ्नो प्रयोगशालामा बसी अध्ययन गर्नेक्रममा उ बिरामी पर्छ । उसले बर्तमान भन्दा प्राचिनतालाई प्रमुखता ठान्छ । रोजीको वारेमा भारविले अनुसन्धान गरेको हुन्छ । अन्त्यमा भारविलाई रोजीले प्रयोगशालामा राखी इएरफोन कानमा राखी दिए पश्चात उसको अनुहारमा नयाँ तरङ्ग देखिनुको साथै रोजीमा समेत गुलाफी रंग छाडी कथा टुङ्गिन्छ ।

**३.१३.५.७. देशकाल परिवेश :**
प्रस्तुत **सौन्दर्य** कथाको मुख्य परिवेश भनेको भारवीको परिवारको शैक्षिक व्यक्तिफ्व, भारवीले विज्ञानको क्षेत्रमा गरेको उपलब्धिलाई नकार्न सकिदैन । यसको साथै कम्प्युटरको समस्या समाधान

गरी नयाँ किर्तिमान कायम गर्न भारवि सफल देखिन्छिन् । भने उसको विवाह अलि ढिला भए पनि त्यसको बन्दोबस्त म पात्रको श्रीमतीले वातावारण मिलाई दिएको हुन्छ । किनकि ढिलो उमेरको रोजीलाई भारवीले विवाह गर्न पाउनु ठलो उपलब्धिमान्नु पर्दथ्यो । रोजीले भारवीको जीवनमा ठलो भूमिका निभाएकी थिइन । किनकि भारवीलाई चिन्ताजनक अवस्थामा पनि विज्ञानको प्रयोगशालामा राखी इएरफोन कानमा राखी नयाँ जीवनको अनुभूति गर्दै भारवीको अनुहारमा नयाँ तरङ्ग देखा पर्छ भने रोजीको अनुहारमा गुलाबी मुस्कान देखा परेको हुन्छ ।

## ३.१३.५. शुकमानलाई प्रजातन्त्र कथाको विश्लेषण

### ३.१३.६.१. शीर्षक सार्थकताः

प्रस्तुत **शुकमानलाई प्रजातन्त्र** कथाका लेखक टीकाराम पोखरेल हुनुहुन्छ । उहाँले कथाका मुख्यपात्र शुकमानलाई राजनीतिक परिवर्तन भएर देशमा प्रजातन्त्र नै प्राप्त भएपनि आफ्नो जोत्ने पेसाबाट बाहिर जान नसकेको कारण शीर्षक सार्थकता भएको ठहर्दछ ।

### ३.१३.६.२. कथानक कथावस्तु :

प्रस्तुत **शुकमानलाई प्रजातन्त्र** कथामा कथाका मुख्यपात्र शुकमानले महादेव चौरमा हल गोरूहोरी गर्दै जोत्ने काम गर्दछ । निधारमा आएको पसिना पुछ्दै माथिबाट गाडीको हर्न लागेको आवाज सुनी खेतको डिलमा निस्की गाडी दगुरेको हेर्छ । उसले साठी वर्ष अगाडि देखि हलो जोतेको कारण विक्रमध्वजलाई अरूले जोतको चित्त नै बुझ्दैन । शुकमान विक्रम कै घरमा जन्मेर हुर्केको हुँदा, बावुले हलो जोत्दै उ पनि अनौमा समातेर हिँड्थ्यो । उसको चौध वर्षको उमेरमा उसको बाबुको मृत्यु भएको थियो । उसले वावुलाई डोकोका हाली पर खोलामा लगि गाडेको थियो । उसको कोही सन्तान छैन तापनि उ सँधै विक्रमध्वजलाई कसरी खुसी पार्ने भनी चिन्तित देखिन्थ्यो । २००७ सालमा प्रजातन्त्र आउँदा समेत शुकमानका बाबु छोरालाई मतलव थिएन । २०१७ सालमा राजनैतिक परिवर्तन आउँदा पनि उनीहरूको जीवनमा फरक आएन । २०४६ सालको परिवर्तनले समेत शुकमानलाई नकसैको लेना न देना सावित भयो । प्रजातन्त्रका प्राप्ति पछि गाउँमा धेरै पटक आमसभा हुँदा समेत शुकमान महादेव चौरमा जोति रहेको हुन्थ्यो । शुकमान गाउँमा मोटर आउँदा एकपटक एकजनासँग आम्मामामा भनी निकै ठूलो रहेछ  यो कसरी आइपुग्यो होला भन्थ्यो । अघिल्लो सालको चुनावमा जोतिरहेको ठाउँमा एकजना दौरा सुरूवाल लाएको सुकिलो मानिस नेता आएर शुकमानलाई दुईहात जोडेर नमस्कार गर्दै बुबा मलाई भोट दिनुस है भन्दा उनी तीन छक्क परि लाजले मुख छोपी नेतालाई हात जोड्दै मालिक ! मसँग त केही पनि छैन म कसरी तपाइलाई भोट दिउँ ? के हो भोट भनेको भनी अनभिज्ञता देखाएको थियो । पछि शुकमानको मतदाता नामावलीमा नाम नभएको थाहा पाए पछि नेताले गाली गरेका थिए, उ त्यो कुरा सम्झिदिन्थ्यो । आज पनि शुकमानले सँधै झै जोतिरहन्थ्यो घाम ढल्कन लागेकाले गोरू अड्यायो । तिमीहरूगल्यौ होला हगि ? शुकमानले मनमनै सोची माचवाट पराल झिकेर गोरूलाई हालिदियो । गोरूलाई खोलामा पानी ख्वायो आफू ले पनि पानी खायो । शुकमान पनि गोरूको छेउमै सुत्यो । उसलाई केही खाएर सुत्न भनेर गोरूले उसलाई भनेको थियो तर शुकमान उठेर गोरूलाई सुम्सुम्यायो र भन्यो तिमीलाई घाँस खाओ न त खाइहल्छ नि म त मान्छे हुँ तिमी पशु हौ भन्यो । यस्तैमा बिक्रमध्वजको आवाज शुकमान ! छिटो उठ् गोरूनार्न भनी ढिलो भइसको भन्ने आवाज सुने पछि शुकमान हतारहतार उठेर काँधमा हलो र जुवा बोकेर गोरूअगाडि लगाएर जीवन भोगाइका लागि अगाडि बढ्दै कथानक सकिन्छ ।

### ३.१३.६.३. चरित्र चित्रणः

प्रस्तुत **शुकमानलाई प्रजातन्त्र**का कथामा प्रयुक्त पात्रहरूको परिस्थितिले कथावस्तु रोचक प्रवृत्तिको देखा परेको छ । कथाका पात्रहरूको निम्न अनुसार चर्चा गरिन्छ ।

**क) शुकमान :**

प्रस्तुत शुकमानको भूमिका सक्रिय रहेको देखिन्छ । उसलाई जतिसुकै राजनीतिक परिवर्तन भएतापनि महादेव स्थानको चौरमा हल गोरूजोतेर साठी वर्षको उमेर व्यतित गरेको हुन्छ। उसलाई गाउँमा गाडी आउनु आमसभा र चुनावमा भोट माग्न आउनुलाई नौलो विषय मानेका हुन्छन् । नेतालाई आफू लाई भोट दिन केही नभएको जवाफ दिन पुग्छन् । यसको साथै विक्रमध्वजको हल गोरूलाई सर्वस्व ठानी गोरूजोत्ने काम गर्दछ ।

**ख) बिक्रमध्वज :**

प्रस्तुत **शुकमानलाई प्रजातन्त्र** कथामा बिक्रमध्वज गौणपात्र हो । उसले शुकमानका वाबु छोरालाई नै गोरूजोत्ने काम लगाउने गर्दछ । शुकमानले जस्तो अरूहलिले नजोत्ने भएको कारण कहिले काहिँ शुकमानलाई थप्पड दिदाँ पनि उसले राम्रो नै ठान्छ । शुकमानलाई विक्रमध्वजले समयमा खाजा पनि दिन सकेको हुँदैन तापनि उ मालिकलाई कसरी खुसी राख्ने भनी चिन्तित रहन्छ ।

**ग) नेता :**

प्रस्तुत कथामा नेताको भूमिका गौण देखिन्छ । नेताले शुकमानलाई आफू  चुनावमा उठ्ने कारण आफू लाई भोट मागेको हुन्छ । यदि मतदाता नामावलीमा शुकमानको नाम नभएको कारण पछि शुकमानलाई गाली गरेछ । नेताले सुकिलो सुरूवाल दौरा टोपी धारी नेता शुकमानलाई हात जोडी नमस्कार गर्न पुग्दछ ।

**घ) शुकमानको वाबु :**

सुकमानको बाबु यस कथामा गौण भूमिका रहेको छ । उसले आफ्नो जीवन बिक्रमध्वजको घरमा नै विताएको हुन्छ । शुकमान १४ वर्षको हुँदा उसको मृत्यु हुन्छ ।

**३.१३.६.४. भाषाशैली :**

प्रस्तुत कथाको भाषाशैली सरल, सरस एवम् सुवोध्य रहेका छ । उपयुक्त व्याकरण चिह्नहरूले कथाको भाषा गहकिलो देखिन्छ । पात्रहरूको उपयुक्त संवादको कारण पनि कथावस्तु विशिष्ट रहेको पाइन्छ ।

**३.१३.६.५. दृष्टिबिन्दु :**

प्रस्तुत कथाको दृष्टिबिन्दु वाह्य प्रकृतिको नै भएको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको भूमिका ले कथामा कौतुहलता प्रस्तुत हुनुको साथै शुकमानलाई राजनैतिक परिवर्तनले छुन नसकेको र विक्रमध्वजको घरमा हलीबनि गोरूजोत्नुलाई वाह्य दृष्टिबिन्दु मान्न सकिन्छ ।

**३.१३.६.६. उद्देश्य एवम् सारवस्तु :**

प्रस्तुत **शुकमानलाई प्रजातन्त्र** विषय कथाको मुख्य उद्देश्य भनेको शुकमानलाई नेपालमा जतिसुकै राजनैतिक परिवर्तन भए पनि शुकमानलाई कुनै लेना न देना भन्ने झैं छुन सकेको छैन । विभिन्न सभा आमसभा भए पनि शुकमानले महादेव स्थानको चौरमा विक्रमध्वजको हल गोरूजोत्ने काम गर्दछ । उसले डिलामाथि आएको गाडी देखि छक्क परेको हुन्छ । आम्मामामा कति ठूलो कसरी आयो भनी आश्चर्य व्यक्त गर्दछ । बिक्रमध्यज का हल गोरूलाई सुमसुम्याउनु तिमी त पशु हौ घासँ खाउँ म त आफैं झिकेर खान्छु भन्नुले गोरूप्रति शुकमानले देखाएको स्नेह व्यक्त भएको देखिन्छ । गोरूले पनि शुकमान तिमी भोकै सुत्यौ केही खाएर सुत भनी गोरूले उसलाई भनिरहेको हुन्छ । तर शुकमान गोरूको छेउमा सुत्छ, त्यस्तैमा शुकमानलाई छिटो उठ, गोरूनार्न अवेर भैसक्यो भन्ने विक्रमध्वजको आवाजले हतारहतार उठ्दै घाम माथि आएकोले काँधमा हलो जुवा बोकी गोरूअगाडि लगाएर ओरालो झरेको हुन्छ । शुकमान जीवन धान्न । यसरी यो कथामा शुकमानले विक्रमध्वजलाई

कसरी खुसिराख्ने भन्ने विषयमा चिन्तित थियो भने शुकमानको विषयमा चिन्ता गर्ने कोही देखिदैनथ्यो ।

### ३.१३.६.७. देशकाल परिवेश :

प्रस्तुत कथाको परिवेश भनेको शुकमानले महादेव चौरमा हल गोरूलाई होरी गर्दै गोरूजोत्दथ्यो । उसले विक्रमध्वजको घरमा जन्मी हुर्की ६० वर्षसम्म हलोजोतेर नै वितायो । उसको बाबु १४ वर्षको हुँदा मृत्यु हुन्छ । शुकमानले डोकोमा हाली खोलामा खाल्डो खनी गाडी दियो । यसलाई देशमा २००७ सालमा आएको प्रजातन्त्र २०१७ सालमा भएको राजनैतिक परिवर्तन र २०४६ सालको राजैतिक परिवर्तनको छुन सकेको थिएन बरूभोट  माग्न आएका सुकिला लुगा लगाएका नेताले भोट माग्दा आफू सँग दिने भोट नभएको भोट भनेको के हो जस्तो प्रश्न नेतासँग राखेका थिए । दुर्भाग्यवश उनको मतदाता नामावलीमा नाम नभएकोले उनले नेताबाट भनाई खान पुगेका उक्त घटना उनले अहिले पनि सम्झना भएको स्वीकार गर्दछन् । उनी बेलाबेलामा हल गोरूलाई सुम्सुम्याउदै तिमीहरूपुश हौ खाओ म त मान्छे हुँ आफै झिकेर खान्छु भन्थे । उनीहरूगोरूको छेउमै सुत्ने गर्दथे । बिहान बिक्रमध्वजको आवाजसँगै उठेर गोरू नार्न हलो जुवा काँधमा राखी ओरालो लागेको हुन्थे । यसरी शुकमानलाई देशमा प्रजातन्त्र आएपनि उनले गोरूजोत्ने काम छाड्न सकेको हुँदैन बस विक्रमध्वजलाई खुसी पार्न प्रयत्न गर्न पुग्छन् ।

## ३.१४.अङ्क चौध मा प्रकाशित कथाहरूको विश्लेषण

## ३.१४.१ अनुत्तरित प्रश्नहरू कथाको विश्लेषण

### ३.१४.१.१. शीर्षक सार्थकताः

प्रस्तुत **अनुत्तरित प्रश्नहरू**का लेखक इन्दु प्रधान हुन । उनले यस कथाका माध्यमबाट बाल्यकालमा म नारी पात्रलाई सानी छोरीले साधेका प्रश्नहरूको जवाफ दिनु पर्दा आफू सँग जवाफ नै नभएर वाध्यता थियो तर अहिले आएर आफू  माथि अनुत्तरित प्रश्नहरू सोधि देहोस्, रोइ देहोस् हाँसिदेहोस तर उनी पाउदिनन् प्रश्नको जवाफ दिन । यसरी कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.१४.१.२. कथानक कथावस्तु :

प्रस्तुत **अनुत्तरित** प्रश्नहरू कथामा कथाको मुख्य म नारी पात्रका दुइवटा छोराछोरीहरू हुन्छन् तापनि छोरीले गाउँखाने कथा सोध्दै आमालाई जवाफ दिन वाध्य बनाएकी हुन्छिन् । यसको साथै आमाको कथा वास्तवमा ए चन्द्रमा, तल तल आउ मेरो जिब्रोमा खटिरा आयो विशेक हुन्छ की हुदैन भनी आमालाई देखाउन पुग्छिन् । यसैगरी आज मैयासँग फागु खेल्न जाने विषयमा उनी आमालाई गुहार्ने गर्थिन । उनको जिज्ञासामा उनी हामीभन्दा साना जातका उनले छोएको खानु हुदैन । खेलेको हेर्नु हुदैन, भन्ने आग्रहरूलाई समेत उनी किन कसरी भनी प्रश्न गर्दथिन् । यस किसिमको छोरीको व्यवहारले कहिले काँहि उनलाई पछि पनि मेरा छोरी यस्तै प्रकारको जीवन भोग्न  पाउलिन र यसरी दिन वित्दै जाँदा एक दिन उनीको आमा रोगी जीवन गुजारा गर्न बाध्य हुन्छिन्  । यो समयमा उनका छोरा छोरी आमाको वास्तविक जीवनमा सुम्मसुम्याउन पुग्छन् । यो समयमा पनि दुवै आएर आफ्नो काखमा लडिबुडि गरी देओस जस्तो लाग्दछ । त्यो क्षण अहिले पनि ताजै रहेको विगतमा उनीहरूले गरेको प्रश्नहरूको जवाफ दिन नसककोमा अहिले पश्चाताप गर्दै आफू ले ठिक बेठीक, सहि, गलत जे गरेपनि प्रश्नहरूको वाढी लागिरहे पनि जवाफ नि असमर्थ उनको शरीर भौतारि रहेछ । अर्थात् अनुत्तरित प्रश्नहरूको जवाफ दिए यसरी कथानकको अन्त हुन्छ ।

### ३.१४.१.३. चरित्र चित्रण:

प्रस्तुत कथामा प्रयुक्त पात्रहरूले कथावस्तुलाई सार्थकता प्रदान गरेको देखिन्छ । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) म नारी पात्र :**

प्रस्तुत **अनुत्तरित** कथामा म नारी पात्रको भूमिका सक्रिय रहेको छ । उनका दुई वटा छोरा र छोरीहरूमा छोरी वाल्य अवस्थामा नै जीज्ञासु स्वभावको भएकीले उनले सोधेको असंख्य प्रश्नहरूको जवाफ दिन असमर्थ हुन्छिन् । पछि उनलाई आफ्ना छोराछोरीले सोधेका प्रश्नहरूको जवाफ दिन नसकेर अनुत्तरित प्रश्नहरू आफ्नो सामु आएकोमा  आाफ्नो रोगी र कारूणिक शरीरले पश्चाताप व्यक्त गर्दछिन् ।

**ख) म पात्रकी छोरी :**

प्रस्तुत कथामा उनको भूमिका गौण रहेको पाइन्छ । उनी वाल्यकाल देखि नै जिज्ञासु भएको कारण आफ्नो आमालाई के, किन, कसरी जस्ता असंख्य प्रश्नहरू राखिदिन्छन् । यसले आमालाई समेत छोरीको भविष्यमा सोच्न विवश बनाएकी थिइन ।

**ग) म पात्रको छोरो :**

प्रस्तुत कथामा म पात्रको छोराको गौण भूमिका रहेको छ किनकि म पात्रको छोरा र छोरी एकदिन छोराले बहिनीलाई मुक्की हानेको, छोरीले चिमटेको फलस्वरूप दुवै रोएको अवस्थामा म नारी पात्रले यदि म मरे भने तिमीहरू के गर्छौ भन्ने रोगी शरीरले बोल्दा दुवैले आमाको बगिरहेको आँशुपुछि दिएका हुन्छन ।

**घ) मैयाँ :**

प्रस्तुत **अनुत्तरित प्रश्नहरू** कथामा मैयाँको भूमिका गौण रहेको देखिन्छ । उनी यस कथामा फेरी लगाउने कुसुले जोगीको छोरी हुन्छिन् । परम्परावादी अन्ध विश्वासको कारण, उनी सानो जातको, उनले छोएको खानु नहुने भनाई म नारी पात्रको आफ्नो छोरोलाई रोएको समयमा संम्झाउने प्रयत्न गर्दछिन् ।

**ङ) बुबा:**

प्रस्तुत कथामा बुबाको भूमिका गौण रहेको पाइन्छ । कहिले काहिँ म पात्रको छोरीले झगडा गरेको समयमा रून्थिन उक्त समयमा बुबाको उपस्थितिले किन रूवाएको भनी म पात्रलाई प्रश्न गर्नुहुन्थ्यो ।

### ३.१४.१.४. भाषाशैली :

प्रस्तुत **अनुत्तरित प्रश्नहरू** कथामा सरल, सरस तथा एवम् सुबोध्य भाषाशैलीको प्रयोग भएको पाइन्छ । कथामा व्याकरण चिन्हहरूले कथा वस्तुलाई गहकिलो बनाई दिएको छ । पात्रहरूको उपयुक्त संम्वादले कथा वस्तु रोचक एवम कारूणिक भावमा व्यक्त भएको पाउन सकिन्छ ।

### ३.१४.१.५. दृष्टिबिन्दु :

प्रस्तुत कथामा आन्तरिक एवम् वाह्य दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ । किनकि कथाको मुख्य नारी पात्रले आफ्नो जिज्ञाशु छोरीले सोधका थुप्रै प्रश्नहरूको जवाफ दिन नसक्नु छोरा र छोरीको स्वभाव तुलना गर्न पुग्नु आफू  सिकिस्त बिरामी परी रोगी शरीर लिएर विगतमा आफ्ना

छोरा-छोरीको प्रश्नहरूको जवाफ दिन नसकी पश्चाताप गर्नपुग्नुलाई वाह्य एवम् आन्तरिक दृष्टिबिन्दुको रूपमा लिन सकिन्छ ।

### ३.१४.१.६. उद्देश्य एवम् सारवस्तु :

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको वाल्यकालमा बालबालिकाहरू जिज्ञाशु भएर निस्कने, उनीहरूको जिज्ञाशुको उचित जवाफ दिन असमर्थ भएकी कथाको नारी पात्रको मनोदशालाई कथामा देखाउन खोजेको छ । यस कथामा कथाको नारी म पात्रले उनको छोरीले गाउँखाने कथा छोरीको विषयमा के, किन, कसरी जस्ता असंख्य प्रश्नहरू सोधेर आमालाई हैरान बनाएको तर अहिले रोगले ग्रस्त भएर रहेको समयमा आफ्नो छोरीले सोधेको असंख्य प्रश्नहरूको जवाफ दिन अनुत्तरित भएकोमा पश्चाताप गर्न पुगको पाइन्छ । यसको साथै बालबालिकाहरूको सिक्ने समयमा उचित जवाफ तथा वातावरण सिर्जना गर्नु हरेक बाबुआमाको कर्तव्य रहेको विषय वस्तु कथामा देख्न सकिन्छ ।

### ३.१४.१.७. देशकाल परिवेश :

प्रस्तुत **अनुत्तरित प्रश्नहरू** कथाको मुख्य परिवेश भनेको बाल बच्चालाई खेलाउने क्रममा काल्पनिक कुराहरू गर्नु कथाको मुख्य नारी पात्र सफल भएको देखिन्छ । उनले आफ्नो छोरीका जिज्ञाशुहरू पुरा गराउन धेरै कोसिश गरेकी हुन्छिन् । वाहिर जुन लागेको बेलामा छोरीलाई बालगीत भन्न लगाउनु मैया दिदी जोगीको छोरीकहाँ होली खेल्न जाने क्रममा आमाले छोरीलाई मैया सानो जातिकी मान्छे, उनलाई छुन नहुने अरूले खेलेको होली हेर्न नहुने तर्कले म पात्रकी छोरीलाई किन ? के कारण कसरी जस्ता असंख्य प्रश्नहरूको जवाफ दिन आमा वाध्य हुन्छिन् । तर पछि आमाले छोरीले सोधेको प्रश्नहरूको जवाफ दिन नसकी रोग ग्रस्त शरीर लिएर छटपटिमा परेको परिवेश कथामा व्यक्त भएको छ ।

## ३.१५.अङ्क पन्ध्रौ मा प्रकाशित कथाहरूको विश्लेषण

## ३.१५.१ प्रेमको हिसाब खाता को विश्लेषण

### ३.१५.१.१. शीर्षक सार्थकताः

प्रस्तुत **प्रेमको हिसाब खाता** कथाका लेखक सौरभ किरण श्रेष्ठ हुन । उनले लेखेका प्रस्तुत कथाको मुख्य पात्र सुमनले रहस्यमय काम गर्ने कुसुमलाई नक्कल गरी विकासको भूमिका निर्वाह गरेको कुसुमले पनि काल्पनिक विकास बनेर कुराकानी गरेको कारण कथाको शीर्षक प्रेमको हिसाव खाता सार्थक भएको पाउन सकिन्छ ।

### ३.१५.१.२. कथानक कथावस्तु :

प्रस्तुत कथाको कथानकमा कथाको प्रमुख पात्रको रूपमा सुमन देखा परेका छन् । उनीले आफ्नो मनस्थितिमा धेरै युवतिहरूलाई ब्लफकल गरी नयाँनयाँ यौवनावस्थाका केटीहरूलाई साथी बनाउने सवालमा कुसुम नामकी युवतिलाई विकाश बनी प्रेममय कुराकानी गर्न पुग्छन् । कुसुमको वौद्धिक विकास नभए पनि आफू नक्कली विकास बनेर कुराकानीको समयमा आफू लाई विकास नभएको आफ्नो बास्तविक परिचय दिनु, पछि आफू दोषी भएकोले सुमनले होटलमा भेट्ने समय दिएर वास्तविक कुसुमलाई भेटन् पर्खिदा होटलकै क्यासियर नै फेला पार्नुलाई सुमनले आश्चर्य प्रकट गरेको हुन्छ भने कुसुमले पनि आफूनो वास्तविक विकास नाम गरेको केटा नभएर काल्पनिक पात्र भएको तथ्य सुनाउन पुग्छिन यसरी सुमनको र कुसुमको विस्तारै मायाको सौगात स्वरूप सुमनलाई चुम्वन दिदै कथानक अन्त्य हुन्छ ।

### ३.१५.१.३. चरित्र चित्रणः

प्रस्तुत कथामा प्रयुक्त पात्रहरूको भूमिकाले कथावस्तु रोचक बन्नपुगेको देखिन्छ । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) सुमन :**

प्रस्तुत कथामा सुमनको भूमिका प्रमुख रहेको देखिन्छ । किनकि उसले यौवन अवस्थाका युवतिहरूलाई ब्लफकल गरी आफ्नो दोस्ती बनाउने गरेको पाइन्छ । जस अनुसार उसले होटलको क्यासियरमा काम गर्ने कुसुमलाई समेत प्रेम प्रस्ताव राख्न पुग्दछ । विकाश भन्दा म के कमी छु । म तिमीलाई माया गर्छु, के उ म भन्दा पनि ह्याण्डसम छ भन्दै आँखाबाट आँसु देखाउन खोज्दा कसुमले सुमनको भाव बुझेर हेर लाटा यस्तो अनुहार पार्ने हो संसारमा अरू विकास कोही छैनन् । तिमीसँग कुरागर्न मात्र कल्पनाको पात्र बनाएको जानकारी कुसुमले सुमनसँग व्यक्त गर्छे ।

**ख) कुसुमः**

प्रस्तुत कथामा प्रेमको हिसाब खाता कथाको सक्रिय महिला मात्र नै मानिन्छिन् । उनलाई सुमनले ब्लफकल मार्फत कुराकानी अघि बढेको हुन्छ । कुसुमले विकासको खोजी गरी सुमनले पनि आफू विकाश नै हो भनी कुराकानी गरेको हुन्छन् । पछि सुमनले भेटघाट गर्ने प्रसङ्गमा आफू वास्तविक विकास नभएको बताउँछ भने पछि माफी मागेर फेरि भेट गर्ने क्रममा आफ्नै होटलको क्यासियरसँग यो सुमनको प्रेममय कुराकानी हुन पुग्दछ ।

### ३.१५.१.४. भाषाशैली :

प्रस्तुत कथाको भाषाशैली सरल एवम सुवोध्य प्रकारको रहेको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको कुराकानी सरल भाषामा अभिव्यक्त भएका छन् । कथाको पात्रहरूको प्रेममय कुराकानीले कथा रोचक एवम् कलात्मक बन्न पुगेको देखिन्छ । यसको साथै कथालाई प्रेममय वातावरणमा हुर्काउन खोज्नु, भाषामा मिठासपन देखिनुलाई उपयुक्त शैलीको प्रयोग मान्न सकिन्छ ।

### ३.१५.१.५. दृष्टिबिन्दु :

प्रस्तुत कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको जस्तो प्रतित हुन्छ । भने आन्तरिक दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । सुमनले कुसुमलाई फोन मार्फत कुराकानी गर्न पुग्नु, कुसमले विकासलाई भेट्न खोज्नु जस्ता पात्रहरूको यथार्थता मानसिक रूपमा सुमन र कुसुमले व्यक्त गर्नु वाह्य एवम् आतरिक दृष्टिबिन्दु मान्न सकिन्छ ।

### ३.१५.१.६. उद्देश्य एवम् सारवस्तु :

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको यौवना अवस्थामा युवा युवतीहरू आपसमा एक अर्काप्रति नजिकिने स्वभावविक पक्ष मानिएता पनि फोन मार्फत नै कुसुम र सुमनका विचमा टेलिफोन मार्फत कुराकानी अगाडि बढेको देखिन्छ । यस कथामा कथाको मुख्य पात्र समुनले ब्लफकल गरी एउटा युवतिलाई फोन गर्न सफल हुन्छ पछि कुसुमले विकास नामक केटासँग कुराकानी गरी प्रेम प्रस्तावलाई एक आपसमा बाँडी सकेको देखिन्छ । वास्तविक विकास नभए पनि कुराकानीको क्रमबाट कुसुमको मन जित्न सफल भएको हुन्छ । सुरूमा उनलाई कसरी विकास बन्ने विषयले बेलाबेलामा चिमोट्ने गरेको थियो । पछि आफू लाई दोषी भएको ठहर गर्दै कुसुमको आगाडि परि माफी माग्न समेत सुमन पछि पर्दैन।

### ३.१५.१.७. देशकाल परिवेश :
प्रस्तुत कथाको मुख्य परिवेश भनेको सुमनले व्लफकल गरी सामाजको नजरमा देखिएको कुसुमलाई समेत प्रेममय कुराकानी गर्न सफल देखिन्छ । पछि आफू वास्तविक विकास नभएको कारण कुसुमसँग माफी मागी आफू लाई दोषबाट मुक्त राख्नको लागि कुसुमसँग घेटघाट गर्ने मिति समय बनाउँछन्। तर क्यासिनोमा काम गर्ने महिला नै कुसुम भएको आफू ले सुमनलाई समेत माया गरेको प्रसङ्गले कुसुमले सुमनलाई पनि चाहेको र सुमनले समेत कुसुमलाई प्रेममय भावना आँखाबाट आँशु छचल्किनुलाई प्रेमको हिसाब खाता शीर्षक दिनु सान्दर्भिक मान्नसकिन्छ ।

## ३.१५.२ सौतीमा कथाको विश्लेषण
### ३.१५.२.१. शीर्षक सार्थकताः
प्रस्तुत **सौतीमा** कथाका लेखक टेकबहादुर कोइराला हुन । उनले यस कथाका माध्यमबाट अस्पतालको बेडमा ड्युटी गर्ने निशाको पालोमा उनको आमाको मृत्यु पश्चात आएको सौतीमाको कारण निशा १५ वर्ष पछि अस्पतालमा सौतेनी आमालाई औषधी खुवाउन पुग्नुलाई शीर्षक सार्थकता भएको मान्न सकिन्छ ।

### ३.१५.२.२. कथानक कथावस्तु :
प्रस्तुत कथाको कथानकमा कथाको प्रमुख नारी पात्र निशाले जीवनमा भोगेका अनुभूतिहरूलाई नै प्राथमिकता दिइएको छ । उनी सानै छँदा उनको आमाको मृत्यु भएको कारण बाबुले अर्की आमालाई विहे गरेका हुन्छन् । उनी सानी आमालाई सानैदेखि सौतीमा भनेर बोलाउँछिन् । पछि सौतीमाको कडा वचनका कारण निशा मामाको साथ जीवन एक अभिशापमा बसेर अध्ययन गरी सफल नर्स बनेकी हुन्छिन् । उनीले ड्युटी गर्ने अस्पालमा उनकै सौतिनी आमा शान्ती पेटको अपरेसन गर्ने बेडमा छटपटिएकी हुन्छिन् । निशाले आफ्नी सौतीमा र बाबुलाई चिने पनि उनीहरूले निशालाई चिन्दैनन् । निशाले सानीमा सौतीमा बिरामी पर्दा म औषधी ख्वाउँछु भनेको सम्झना आउँछ । त्यसपछि उनीले आफ्नो बाबु र आमालाई सौतीमा म ठुली भई सकें, अब म हजुरलाई ओखती दिन सक्ने भईसके भन्दै निशा बाबुआमा छेउ पुग्छिन बाबुआमाका आँखारसाउँदै सौतीमाले निशाको हात समाउँदै तेरी सौतीमासँग अझ पनि रिसाइरहेकी छेस, वाबु भनी अभिव्यक्ती दिदै कथा टुङ्गिन्छ ।

### ३.१५.२.३. चरित्र चित्रणः
प्रस्तुत **सौतीमा** कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । उनीहरूको क्रियाकलापले कथावस्तु रोचक बन्न पुगेको छ । जुन पात्रहरूको चर्चा तल गरिएको छ ।

#### क) निशा :
प्रस्तुत **सौतीमा** कथाको प्रमुख नारी पात्र निशा हुन । उनी सानै छँदा उनको आमाको मृत्युको कारण वाबुले अर्को आमासँग विहे गरेको हुन्छ । निशा अर्की आमालाई सौतीमा भनी बोलाउँदथिन। एक दिन सौतीमाका कठोर वाणरूपी बचनले निशा मामाको साथ जीवन एक अभिशाप ँ पुग्छिन् । जहाँ उनको लगनशिल अध्ययनको कारण नर्स बन्न सफल भएकी हुन्छिन् । संयोगबस निशाले आफ्नी सौतीमा शान्तिलाई औषधी खुवाउन सफल भएको प्रसंग कथामा भेटाउन सकिन्छ ।

#### ख) शान्ति :
शान्ति यस कथामा देखा परेकी गौण महिला पात्र हुन् । उनी बिरामी परी पेटको अप्रेशनको क्रममा आफ्नो पति दलप्रसाद खनालका साथ अस्पतालको बेडमा छट्पटी गर्न पुग्छिन् । उता सोही अस्पतालमा काम गर्ने नर्स निशा आफ्नी सौतीनी छोरीलाई आफ्नो कारण घरबाट मामाको साथ १५ वर्ष पहिले हिडेर आज सौतीमालाई औषधी ख्वाउन आइपुगेको रोचक प्रसंग कथामा अभिव्यक्त

भएको छ । कथाको अन्त्यमा शान्तिले निशाको हात समात्दै निशा अव तेरो सौतीमाको रिस सकिएको छ । अझै पनि रिसाउछे भन्ने अभिव्यक्ति दिन शान्ति सफल भएकी हुन्छिन् ।

**ख) दलप्रसाद खनाल :**

प्रस्तुत कथामा दलप्रसाद खनालको भूमिका गौण रहेको छ । उ आफ्नो कान्छी श्रीमतीको पेटको अप्रेसनको क्रममा अस्पतालमा रूगुवा बसेको हुन्छ । उसलाई निन्द्रा पर्दैन, कसरी शान्तिको स्वास्थ्य लाभ हुन्छ भनी भगवानसँग प्राथना गर्दछ । यसै क्रममा उसको जेठी श्रीमतीको छोरी निशासँग भेट हुन्छ । निशाले १५ वर्ष पश्चात आफ्नो बाबु र आमालाई भेटेर औषधी ख्वाउन पाउँदा भाव विभोर बन्न पुग्छिन ।

**ग) गौरी :**

प्रस्तुत **सौतीमा** कथामा गौरीको भूमिका गौण स्थान रहेको पाइन्छ । उनले निशाको ड्युटीमा पालो दिने काममा सहयोगी बनेकी हुन्छिन् ।

### ३.१५.२.४. भाषाशैली :

प्रस्तुत **सौतीमा** कथामा सरल एवम् सरल भाषा शैलीको प्रयोग भएका पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको बोली चालीले ग्रामीण व्यवहार झल्काएको देखिन्छ । कथामा भाषागत त्रुटि नदेखाउन व्याकरणीय प्रयोगहरूलाई विशेष ध्यान दिनु, उपयुक्त भाषाशैलीको प्रयोग नै मान्नुपर्ने हुन्छ । जसको कारण कथावस्तुमा कौतुहलताको मात्रा बढी देखा पर्दछ ।

### ३.१५.२.५. दृष्टिबिन्दु :

प्रस्तुत कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको जस्तो प्रतित हुन्छ भने कहिले काँही आन्तरिक दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । कथाको मुख्य पात्र निशाले पाएको कष्ट तथा उपलब्धिलाई बाह्य पक्षबाट हेर्न सकिन्छ। निशाले सौतीमा बाट प्रहार भएका बाणरूपी बचन तथा सौतेनी आमाको छोरीको साइनोले मनमा एक प्रकारको डेरा जमाउनु आन्तरिक दृष्टिबिन्दुको संकेत मान्न सकिन्छ ।

### ३.१५.२.६. उद्देश्य एवम् सारवस्तु :

प्रस्तुत **सौतीमा** कथाको मुख्य उद्देश्य भनेको आफ्नी आमाको मृत्यु पश्चात, दोस्रो विवाहबाट आएकी सौतेनी आमाको व्यवहारप्रति कथामा निशाले भोग्नु परेको यथार्थलाई मुख्य विषयवस्तु बनाउन खोजिएको छ । आमाको मृत्यु पश्चात निशाले सौतेनी आमाको व्यवहारका कारण घर छोडी मामाहरूको साथ जीवन एक अभिषापमा बसी नर्स बन्न सफल भएको र उनी आफ्नै सौतीनी आमा शान्तिको स्वास्थ्य हेरचाह गरी औषधी खुवाउन सफल भएको निशाको दिनचर्या लाई कथामा समेट्न खोजिएको देखिन्छ । सुरूमा निशाले आफू लाई बाबुआमाले चिन्नु हुन्छ की भन्ने डर राख्नु, पछि आफ्नो कर्तव्य पुरा गर्नुपर्ने कार्य अनुरूप आफू १५ वर्ष पश्चात आफ्नो बाबुआमाको साथमा परिचय खोज्दै निशा देखापरेकी हुन्छिन् ।

### ३.१५.२.७.देशकाल परिवेश :

प्रस्तुत **सौतीमा** कथाको परिवेश भनेको निशाको आमाको मृत्यु पछि बाबुले अर्की सानीमा विहे गरेपछि सौतेनी आमाका बाणरूपी वचन खप्न निशा वाध्य हुन पुग्छिन् । त्यसपछि निशालाई मामाहरूले जीवन एक अभिषाप लगि राम्रो शिक्षा प्रदान गर्दै नर्सको जागिर खान पुग्छिन् । उनीले काम गर्ने अस्पतालमा निशाकै सौतेनी आमा शान्ति पेटको अप्रेशनको लागि छट्पटाइ रहेकी हुन्छिन्

। निशाले घर छाडेको पन्ध्र वर्ष भए पनि आफ्नो आमा बाबुलाई देखेर शुरूमा देखापर्न खोज्दिनन् तर पछि नर्सको धर्म पालन गर्ने र आफ्नी सौतीमालाई औषधी खुवाउने क्रममा बेडमा रहेकी सौतीमाले अब मसँग रिस सकिएको कारण टाढा नहुनु शान्ति निशालाई आग्रह गर्न पुग्छिन्।

## ३.१५.३ बन्द कथाको विश्लेषण

### ३.१५.३. १. शीर्षक सार्थकताः

प्रस्तुत **बन्द** कथाका लेखक इन्द्र प्रधान हुन् । उनले यस कथाको माध्यमबाट दुई वालकले बुढी औंला सामई लेखेको, कोही खित्का छोड्दै हाँसेको, कोही ऐया मेरो टाउकामा लाग्यो भन्ने शब्द उच्चारण गरेको समयमा, बत्ती निभेको झोकमा आमा कराउँदै तिमीहरूले खेल्ने हास्ने दिन गइसके, यहाँ नाङ्लो ठटाउँदै बिरालो च्याउने दिन आएको छ । सडक छ बाटो बन्द छ भन्ने अभिव्यक्तिले शीर्षक सार्थकता भएको मान्न सकिन्छ ।

### ३.१५.३. २. कथानक कथावस्तु :

प्रस्तुत कथामा कथाको प्रमुख म पात्रका छोरा छोरीहरू विद्यालय बन्द भएको कारण खेल खेल्दै कोही हाँस्ने, कोही रूने गरेको समयमा म पात्रकी आमाले अब तिम्रा हाँस्ने दिन गइसके भनी गाली गर्छिन। यसको साथै घरमा बत्ती भएको तर नबलेको बाटो छ बन्द छ । विद्यालय छन् बन्द छ पढाई छैन, टि.भि. रेडियो छ बज्दैन टेलिफोन छ लाइन छैन भनी दुःख र बेदनाको स्वरमा औषधी गर्न अस्पताल आएको केटा लजमा मर्नु परेकोमा बिचरालाई कति सकस पऱ्यो होला भनी आमाले विस्मत गरेकी हुन्छिन् । त्यसै समयमा म पात्रको बहिनीले आमालाई नाकाबन्दी भएको जानकारी गराउँदछिन् यो बन्द कसका लागि गरेको हामी जस्ता सर्वसाधारणका लागि त होला नी भनी आमाले पल्लो गाउँमा ठुलीकी आमा मरेको चार दिन भइसक्दा पनि छोराहरू आउन सकेका हुदैनन् । यसरी आमाको मनमा माया, दुखेसो एवम त्रास मिसिएको थियो । यसरी म पात्रलाई बन्दको कारण पढाइमा बाधा पर्न सक्यो बन्द खुलेको दिन हिड्नु हुदैन केही घटना घट्न सक्छ भनी सुनेको विषयले म पात्रलाई चिन्ता ग्रस्त पारको थियो । यत्तिकैमा बस हलहले पुग्दा सम्म जीवन एक अभिशाप बाट बस आएको हुँदैन बरू हलहलेमा पड्केको एम्बुलेन्समा भएका घटनाको अवशेषले म पात्रलाई छक्क पारेको थियो । यस्तैमा एम्वुलेन्समा एकजना आमा बचायो भनि कराइ रहेकी थिइन् । उनको डेलीभरी केश थियो त्यो दृश्य देख्दा हृदय विदारक बन्न म पात्रलाई कर लाग्यो, उनले सुन्नु परेका अभिव्यक्तिमा दम थिएन त्यस्तैमा आफ कमजोर भएको कारण उता कतै लगेर राखिदेउ भन्ने आवाजले यो बाटो कहाँ जाने कता पुग्ने भन्ने गीतको बोल सँगै कथानक टुङ्गीन पुग्छ ।

### ३.१५.३. ३. चरित्र चित्रणः

प्रस्तुत कथामा प्रयुक्त पात्रहरूको उपस्थितिले कथावस्तु रोचक बन्न पुगको छ । जुन चारित्रिक पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) म पात्र :**

प्रस्तुत कथामा म पात्रको भूमिका प्रमुख रहेको छ । म पात्रका केटाकेटीहरूको खेलको कारण आमालाई झर्को लागि गालीगर्न पुग्छिन्, बन्दको कारण मिन पचास विदामा घर आएकी म पात्र समयमा क्याम्पस पुग्न सकेकी हुन्नन् । बन्द खुलेको पहिलो दिन यात्रा गर्नु परेको र हलहलेमा भएको एम्बुस दुर्घटनाले उनको होस हवास उढेको हुन्छ ।

**ख) आमा :**

प्रस्तुत **बन्द** कथामा आमाको भूमिका गौण रहेको छ । उनले बन्दका कारण खेल्न विवस भएका नाति नातिनीहरूलाई गालीगर्न पुग्छिन् । यसको साथै बिजुली छ बल्दैन, बाटो छ बन्द छ, रेडियो

टिभी बन्द छ यो बन्द कसका लागि हामी सर्वसाधारणका लागि त होला नी भनी आमाले आक्रोस व्यक्त गर्न पुगेकी हुन्छिन् ।

**ग) मुना :**

प्रस्तुत कथामा मुनाको भूमिका गौण रहेको छ । उनले आमालाई नाकाबन्दीका कारण नेपाल बन्द भएको कारण आमालाई जानकारी गराउन पुग्छिन् ।

**घ) छोराछोरी :**

प्रस्तुत **बन्द** कथामा छोरा छोरीको भूमिका गौण रहेको छ । उनीहरू विद्यालय बन्द भई पठनपाठन नभएको कारण खेलखेल्न विवश देखिन्छ ।

**३.१५.३.४. भाषाशैली :**

प्रस्तुत **बन्द** कथामा सरल एवम सरल भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । कथामा आन्दोलनको कारण नेपाल बन्दबाट परेको मार्काले जनजीवनमा भोग्नु परेको यथार्थतालाई मुलविषय बनाउन खोजिएको छ । कथामा प्रयोग भएको सम्वाद एवम् उनीहरूको समसामयिक परिवेशको अवलोकनको साथै भाषागतसु्द्धतामा समेत ध्यान दिएको पाइन्छ ।

**३.१५.३. ५. दृष्टिबिन्दु :**

प्रस्तुत कथामा वाह्य दृष्टिबिन्दुको नै प्रभाव बढी देखिन्छ । बन्दका कारण बालबालिकाहरू खेल्नमा व्यस्त देखिनु सञ्चार माध्यममा अवरोध आउनु,बन्द सडक सुनसान देखिनु, अकालमा उपचारको अभावमा ज्यान गुमाउन वाध्य हुनु जस्ता कार्यलाई वाह्य दृष्टिबिन्दुकै नमुना मान्नु पर्ने देखिन्छ ।

**३.१५.३. ६. उद्देश्य एवम् सारवस्तु :**

प्रस्तुत **बन्द** कथाको मुख्य उद्देश्य भनेको बन्दका समयमा आमजनजीवनले भोग्नु परेको पिडा दर्दलाई मानसिक रूपमा परेको असर देखाउनु रहेको  देखिन्छ । बन्दको प्रभावले मानव जनजीवन नै अस्त व्यस्त हुने भएको हुँदा यसबाट बच्नु आवश्यक मानिन्छ । बन्दको कारण विद्यालयमा पढ्ने बालबालिका खेल्नुमा व्यस्त हुने, यातायातका साधानहरू ठप्प हुने, बिजुली बत्ती बाल्न नपाइने, गर्भमा रहेको बच्चा पाउन नसकी आमा तथा बच्चाको मृत्यु हुन पुगेको घटनालाई कथाकी पात्र आमाले दुखेसो व्यक्त गरेकी हुन्छिन्, भने बन्दले सर्वसाधारणलाई दुःख दिएको, अभिव्यक्ति दिन आमा पछि पर्दिनन् । यसैगरी म पात्रले पनि बन्द खुलेको पहिलो दिन यात्रा गर्नुपर्दा र हलहलेमा एम्बुस पड्केको घटनाको अवशेषले आङ जुरूङ्ग पारिकी हुन्छिन् ।

**३.१५.३. ६.देशकाल परिवेश :**

प्रस्तुत **बन्द** कथाको मुख्य परिवेश भनेको आन्दोलनको समयमा भएका घटनाहरूलाई कथामा देखाउने प्रयास गरेको पाइन्छ । बन्दले गर्दा विद्यार्थीहरू विद्यालय जानबाट बञ्चित हुनु, बिजुली बत्ती को लाइन काटिएको, रेडियो तथा टिभी हेर्नबाट बञ्चित हुनुपरेको, बिरामीहरू उपचारको अभावमा मृत्युवरण गर्न पुगेका निर्धारित गन्तव्यमा यात्रा गर्नबाट बञ्चित हुनुपरेको, श्रम गरी खाने श्रमिक भोकै बस्न वाध्य भएको हुँदा बन्दले सर्वसाधारण जनतालाई नै दुःख दिएको अभिव्यक्ति कथामा आमा पात्रले व्यक्त गरेकी छन् । यसरी नै म पात्र जाडो विदामा घरमा आएको समयमा बन्द शुरू भएको र पढाइ शुरू भएको कारण आफू  समयमा कलेज पुग्न नपाएको चिन्ता व्यक्त गर्न पुग्छिन् । बन्द खुलेको पहिलो दिन वाटामा बम तथा एम्बुस पड्किएर केही हुने उनी भयभित हुन्छिन् ।

### ३.१५.४ यो प्रेम कथाको विश्लेषण

#### ३.१५.४.१. शीर्षक सार्थकताः

प्रस्तुत **यो प्रेम कथा**का लेखक भोगेन्द्र लिङ्गदेन हुन् । उनले यस कथामा एउटा साँचो प्रेमको ज्वलन्त उदाहरण पेस गर्न सफल भएको हुँदा शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

#### ३.१५.४.२. कथानक कथावस्तु :

प्रस्तुत कथामा कथाका म पात्र अमर मनुको विचमा चिनजानीको साथै प्रेममय वातावरण सृर्जना हुनपुग्छ एकको अभावमा अर्को बस्न नसक्ने हुन्छन् । उनीहरू जीवन भर सँगै रहने निर्णयमा पुगेको समयमा अमर अचानक वेहोस भएर अफिसमै लडेको हुन्छ । होसमा आउँदा अस्पतालमा रहँदा मनुले निधारमा हात राखेकी हुन्छिन् । यस्तैमा डाक्टर गएर जाँचबुझ गर्दा मृगौलाले काम गर्न छाडेको हुँदा मृगौला फेर्नु पर्ने नत्र महिनै पिच्छै डायलिसिस गर्नुपर्नै अवस्था आइपर्छ । यो समयमा अमरले जीवन भर मनुलाई चाहे तापनि इश्वरले उनीबाट छुटकारा गरी दिन खोजेकोमा इश्वरले न्याय नगरेकोमा आपत्ती प्रकट गर्दछ । मनुले पनि अमर प्रेम अमर हुन्छ म तिमीलाई मर्नदिन्न भन्छे । आफू  मरेर भए पनि तिमीलाई बचाउँछु भनी निर्णय दिन्छे  । यसरी मनुले आफू लाई प्रेम गरेकोमा आफ्नो मर्ने बेलामा तिमी रूपवती धेरै पढेकी छौ राम्रो जीवन साथी खोज भन्छ तर उनीले ६ महिना भन्दा बढी समय सँगै बस्छीन् एक दिन उनी सिकिस्त बिरामी परी मर्नै अवस्थामा आफू लाई एड्स लागेकोले मैले तिमीलाई बचाउँने प्रयास असफल भयो । अब तिम्रो सेवा गर्ने दिनहरू मेरो बसमा नरहेको जानकारी सहित उनीले अलविदा अमर भनी चिठ्ठी लेखेकी हुँदा म अब मनुलाई कसरी घृणा गरू मेरोजीवन बचाउन सहयोग गर्ने मनुलाई, म घृणा गर्दिन । महान सम्झन्छु, मृत्युको पर्खाइमा बसेर भन्दै अमर कथामा अन्तिम दिनगन्दै कथानक सकिन्छ ।

#### ३.१५.४.३. चरित्र चित्रणः

प्रस्तुत कथामा प्रयुक्त पात्रहरूको उपस्थितिले कथावस्तु रोचक देखापरेको छ । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) अमर म पात्र :**

प्रस्तुत **यो प्रेम कथाको** सक्रिय पात्र अमर मानिन्छ । उसले मनुसँग प्रेममय वातावरमा रमाउनको साथै जीवनसाथी बनाउन खोजेको हुन्छ तापनि उ बेहोस् भई अफिसमा लड्न पुग्छ । उसको अस्पतालमा मनुले सहयोग गरेकी हुन्छिन् तर उसको मृगौला विग्रेको कारण उसलाई बचाउन गाह्रो पर्दछ । तर मनुले आफ्नो अन्तिम अवस्थामा पनि उसलाई सहयोग पुऱ्याएकी हुन्छिन् । अन्तमा मनु बिरामी परी नबाँच्ने अवस्थामा एड्स रोगले सिकिस्त भएकोमा म पात्रले मनुलाई घृणा गन सक्दैन, बरू महानताको प्रतिमूर्ति ठान्दछ ।

**ख) मनु :**

मनु यस कथाकी सक्रिय पात्र नै मानिन्छीन् । उनको अमरसँग चिनाजान शुरू हुनपुग्छ भने उनीले पनि अन्तिम अवस्थासम्म अमरलाई प्रेम गर्न पुग्छिन् । बेहोस् हुन पुग्छ भने उनीले पनि आफू एड्सको संक्रमणबाट बच्ने अवस्था कम भएकोले जीवनको अन्तिम क्षणमा अमरलाई तिमीलाई बचाउन  अन्तिम प्रयास असफलता भयो, तिम्रो सेवा गर्ने दिनहरू मेरो बसमा नभएको जानकारी गराउन पुग्छिन् ।

**ग) डाक्टर :**

**यो प्रेम कथा**मा डाक्टरको भूमिका गौण रहेको पाइन्छ । उसले म पात्रको स्वास्थ्यमा मृगौलाको खराब भएकोले कि मृगौला फेर्नुपर्ने  कि डायलिसिस गर्नुपर्ने प्रस्ताव राखेको हुन्छ । नत्र बिरामीको मृत्यु छिट्टै हुने जानकारी दिएको हुन्छ ।

### ३.१५.४.४. भाषाशैली :

प्रस्तुत **यो प्रेम कथा**को भाषा सरल, सरस एवम् सुवोध्य प्रकारको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको प्रेममय वातावरण अभिव्यक्त भएको यो कथामा कौतुहलताको मात्रा बढी देखा परेको छ । कथामा प्रयुक्त व्याकरणीय चिन्हहरूले कथावस्तु गहकिलो देखिन्छ ।

### ३.१५.४.५. दृष्टिबिन्दु :

प्रस्तुत कथामा वाह्य एवम् आन्तरिक दृष्टिबिन्दुको प्रयोग देखिन्छ । कथामा म पात्रले मनुलाई मन पराउनु एक आपसमा जीवनसाथी बन्न खोज्नु जस्ता पक्ष आन्तरिक पक्ष मानिन्छ भने म पात्रलाई अस्पतालमा कुरेर बस्नु उसको निधार छाम्नु, डायलिसिसको लागि मनुले पैसा खोजेर ल्याउनु जस्ता कार्यलाई वाह्य दृष्टिबिन्दु मान्न सकिन्छ ।

### ३.१५.४.६. उद्देश्य एवम् सारवस्तु :

प्रस्तुत **यो प्रेम कथा**को मुख्य उद्देश्य भनेको मनु र म पात्रको बिचमा प्रेममय सम्बन्ध देखाउनु मानिन्छ । म पात्रले मनुलाई जीवनसाथी बनाउन खोज्नु, अचानक म पात्र मृगौलाको खराबीका कारण बेहोस् हुन पुग्नुले उनीहरूको प्रेममय जीवनयापन क्षणिक समयमा नै समाप्त हुन खोजेको देखिन्छ । यता म पात्र अफिसमा बेहोस हुन पुग्नु मृगौला फेर्न नसकी बाँच्ने समय नै समाप्त हुनु, उता मनुलाई खतरनाक रोग एड्सले मृत्युको मुखमा पुऱ्याउनुले उनीहरूको सम्बन्ध क्षणिक भएको अनुमान गर्न सकिन्छ। कथामा म पात्रलाई बचाउन मनुले ठूलो प्रयत्न गरेकी हुन्छिन् । आफू रहुञ्जेलसम्म अमर प्रेममा पछि हट्न उनी चाहान्न् तर उनी पनि एड्स जस्तो रोगको कारण मर्ने अवस्थामा पुगेर पनि म पात्रलाई अन्तिम चिठी लेखी आफू  टाढा हुन पुगेको जानकारी गराउँछिन् ।

### ३.१५.४.६.देशकाल परिवेश :

प्रस्तुत कथाको परिवेश भनेको कथाको म पात्र र मनुको बिचमा सुरूमा चिनाजानी हुँदै एक अवस्थामा प्रेम सम्बन्ध बढाउने क्रममा एक आपसमा विछोडका संकेत देखापरेका छन् । जब म पात्रले मनुलाई जीवनसाथी बनाउँन खोजेको हुन्छ त्यसै समयमा उ अचानक अफिसमा बेहोस बनी अस्पतालमा पुगेको हुन्छ । जहाँ उसलाई मनुले स्याहार गरेकी हुन्छिन् । मृगौलाको खराबीको कारण अर्को मृगौला फेर्न रकमको अभाव हुन्छ । यस्तो समयमा मनुले डायलिसिसको लागि रकम खोजेर ल्याएको हुन्छिन् । आफ्नो अमर प्रेमको लागि अन्तिम समयसम्म पनि म पात्रको सेवा गर्न पाउँ भनी आफू लाई समेत एड्स जस्तो खतरनाक रोग लागेको कारण म पात्रलाई अब म तिमीलाई बचाउन असमर्थ भएको चिठी लेख्दै मृत्युको प्रतिक्षा गरिरहन पुगेकी हुन्छिन् । यसरी यो प्रेम कथाले त्यति झांगिन नपाएको महसुस गर्न सकिन्छ ।

## ३.१६. अङ्क सोह्रौमा प्रकाशित कथाहरूको विश्लेषण

## ३.१६.१ सेतो कपाल कथाको विश्लेषण

### ३.१६.१.१. शीर्षक सार्थकताः

प्रस्तुत **सेतो कपाल** कथाका लेखक अमरकुमार प्रधान हुन् । उनले यस कथाका माध्यमबाट १५ देशका प्रतिनिधिहरूसँग दैविक प्रकोप रोकथाम सम्बन्धी गोष्ठिमा भाग लिन जापान गएको समयमा अर्जेन्टीनाकी गाभीले कथाको म पात्रको कपाल फुलेर सेतो भएको कारण आफ्नो दाजुजस्तो मान्छे, बुद्धको देशको बासिन्दा, मलाई थाहा छ । चरित्रगत र नैतिकतामा तपाईको स्थान उच्च छ । त्यसैले तपाइको कपाल सेतो भएको हो भन्ने अभिव्यक्तिले कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.१६.१.२. कथानक कथावस्तु :

प्रस्तुत **सेतो कपाल** कथामा कथाको मुख्य म पात्र लगायत १५ राष्ट्रको १७ जना प्रतिनिधिहरू दैविक प्रकोप रोकथाम गोष्ठीमा भागलिन जापान पुगेका हुन्छन् । त्यहाँ रहँदा उनीहरूले अक्वाम्यजियम डिस्नेल्याक, साकुराजिद्वपिको सौन्दर्य, क्योटो सहर जस्ता महफ्वपूर्ण स्थलहरूको निरिक्षण एवम् भ्रमण गरेका हुन्छन् । उक्त भ्रमण टोलीमा अर्जेन्टीनाबाट ग्राभिएला, फिलिपिन्सबाट सानगास्टिन, फिजीको देवो, श्रीलंकाबाट प्रहिसुपरिहेण्डन प्रताप, कोलम्बियाको बिनारको जस्ता प्रतिनिधिहरू उपस्थित थिए । जसमध्ये गोभी उमेरले कम नै थिइन । उनी सानो कद, अग्ली कालो कपाल भएकी युवती उनी थिइन । भ्रमणको समयमा कहिले काँही कोलम्बियाको बिनारको केटा भएकोले गोभीको नजिक देखिन खोज्दा अरूहरू इखिएको हुन्थे । डिस्नेल्याण्डमा विदाको कारण भीड धेरै भएको, त्यहाँ रमाइला खेलहेर्न अग्रिम रकम भुक्तानी गर्नु पर्थ्यो । कागोसिमा प्रान्तमा साकुराजीदीपको सौन्दर्य अनौठो मानिन्थ्यो । जहाँ फोटो खिच्ने र खिचाउनेमा गोभी र विनारको नै पहिला देखिन्थे । क्योटो सहरमा त्यहाँका संस्कृति परम्परा, बौद्ध मन्दिर, महामानव बुद्धद्वारा प्रतिपादित उपदेशलाई जापानी भाषामा कानोनका रूपमा प्रचलित थियो । गोष्ठीको समापनको दिन म पात्रले नेपाली पोषाकमा उपस्थित हुँदा गोभीले महिलाहरूले लगाउने टोपी छैन भनेकी थिइन । त्यसपछि गोभीलाई विनारको कुकुरको छाउरोको उपमा दिदै म पात्रलाई बुद्धको देशको मानव भएको र कपाल सेतो भएकोले इमान्दारिता र चरित्रमा उच्च भएको सन्देश दिदै म पात्रले नेपाली मल्लराजाले तलेजु भवानीसँग पाशा खेलको प्रसंग सुनाउँदै गोभी बैनिलाई पोस्टर दिदै कथानक अन्त्य भएको छ ।

### ३.१६.१.३. चरित्र चित्रण:

प्रस्तुत **सेतो कपाल** कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । जुन पात्रहरूको चर्चा तल गरिन्छ ।

**क) म पात्र :**

यस कथामा सक्रिय पात्रको भूमिका म पात्रको देखिन्छ । उनी नेपालको प्रतिनिधिफ्व गर्दै दैविक प्रकोप गोष्ठीमा भाग लिने क्रममा जापान पुगेका हुन्छन् । त्यहाँ १५ देशका १७ जना प्रतिनिधिहरूको उपस्थित हुन्छ । जहाँ रहँदा उनले अर्जेन्टीनाको ग्राभियलासँग नजिक हुन पुग्छन् । उनको विशेष सहयोगी बन्न पुग्छन् । तापनि गोभीले म पात्रलाई गौतम बुद्धको देशको मानव दाजुजस्तो कपाल सेतो भएको भनी टिप्पणी गर्छिन भने म पात्रले पनि नेपाली पोस्टर कुमारी गोभीलाई प्रदान गर्छन् ।

**(ख) ग्राभिएला :**

ग्राभिएला यस कथाको गौणपात्र हुन् । उनी अर्जेन्टीनाबाट प्रतिनिधिफ्व गर्ने युवती हुन् । उनको शारीरिक जिउडाल मिलेको देखिन्छ । विशेष गरी गोभी विनारकोसँग नजिक देखिन्छिन् । तापनि म पात्रसँग उनी अभिभावककीय सम्बन्ध राख्न खोजेकी हुन्छिन् ।

**ग) विनारको :**

**सेतो कपाल** कथामा विनारको भूमिका गौण रहेको छ । उ कोलम्बियाबाट प्रतिनिधिफ्व गर्ने पात्र हुन् । भ्रमण टोलीमा उ विशेष रूपमा गोभीको नजिक देखापर्न खोज्दथ्यो ।

**घ) सानु गुस्टिन :**

प्रस्तुत कथामा सानु गुस्टिनको भूमिका गौण देखिएको छ । उनी फिलिपिन्सबाट प्रतिनिधिफ्व गर्ने महिला हुन् । उनी गोभी र विनारकोको क्रियाकलापलाई व्यङ्ग्य गर्दै फोटो खिच्ने र खिचाउने क्रममा हामी पनि तरूनी भएका थियौं । छिल्लेर हिड्ने, जहाँ जहिले पनि टाँसिएर हिड्नु पर्ने भनेकी थिइन ।

**ङ) देवोः**

प्रस्तुत कथामा देवोको भूमिका गौण देखिएको छ । उ फिजीबाट प्रतिनिधिफ्व गरेको थियो । उसले साकुराजी पहाडको रङ्गिन ज्वालाको अनुभुति गर्दै आइमाइहरू पनि ज्वालामुखि जस्तै हेर्दा रमाइलो परिणाम भयंकर भनी यसमा म पात्रले गोभीलाई नभनेको होइन भनी प्रश्न राखेको थिए ।

## ३.१६.१.४. भाषाशैली :

प्रस्तुत **सेतो कपाल** कथाको भाषा सरल, सहज एवम् सुवोध्य रहेको पाइन्छ । उपयुक्त भाषिक चिन्हहरूले कथावस्तु विशिष्ट बन्न पुगेको देखिन्छ । कथामा प्रयुक्त पात्रहरूको क्रियाकलापलाई सहज रूपमा प्रस्तुती गर्न, भ्रमणका विषयहरूलाई कलात्मक पारामा कथावस्तुको वनोट दिनसक्नु उपयुक्त भाषाशैलीको देन मान्नु पर्ने देखिन्छ ।

## ३.१६.१.५. दृष्टिबिन्दु :

प्रस्तुत कथामा बाह्य दृष्टिबिन्दुको नै प्रयोग भएको देखिन्छ । कथाका पात्रहरूले जापानको विभिन्न स्थानहरूमा रोमाञ्चक भ्रमण गर्न एक आपसका अनुभवहरू आदानप्रदान गर्नुलाई वाह्य दृष्टिविन्दु मान्न सकिन्छ ।

## ३.१६.१.६. उद्देश्य एवम् सारवस्तु :

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको नेपाल तथा विभिन्न १५ राष्ट्रका प्रतिनिधिहरूको संयुक्त उपस्थितिमा जापानमा दैविक प्रकोप सम्बन्धी गोष्ठीमा सहभागि बनी त्यहाँको वस्तु स्थिति पस्कनुलाई लिन सकिन्छ । जहाँ रहँदा नेपालीहरूले जापानले गरेको उल्लेखनिय प्रगतिका साथै अन्य देशका सहभागिहरूले देखाएको क्रियाकलापलाइ मुख्य विषय बनाएको पाइन्छ । नेपालबाट गएका म पात्रले अन्य देशहरूका सहभागिहरूसँग बसेर गरेको क्रियाकलाप अर्जेन्टीनाको  गोभीले म पात्रलाई दाइको रूपमा हेर्नु, कोलम्बियाको बिनारकोलाई कुकुरको छाउरोको रूपमा तुलना गर्नु, म पात्रले तलेजु भवानीसँग पाशा खेलेको प्रसंग दिदै नेपाली थैली र पोस्टर दिदै कुमारीको पोष्टर कुमारी ग्राभिएला वा गोभी बहिनीलाई दिएका थिए।

## ३.१६.१.७.देशकाल परिवेश :

प्रस्तुत **सेतो कपाल** कथाको परिवेश भनेको दैविक प्रकोप नियन्त्रण र गोष्ठीमा भाग लिन गएको नेपालीको प्रतिनिधि बनेर जापान गएको र जापानको भ्रमणमा रहँदा त्यहाँको विकासको चमत्कारितालाई लेखकले आफ्नो यात्राको क्रममा कथावस्तुका रूपमा प्रस्तुत गर्न सफल देखिन्छन् । उनले आफ्नो मुलुकका प्रतिनिधिहरूसँग बसेर विचार आदानप्रदान गरेको हुन्छ । विशेष गरी अर्जेन्टीना, फिजो कोलम्बियाका प्रतिनिधि र फिलिपिन्सको महिला प्रतिनिधिहरूसँग विशेष क्रियाकलाप स्मरण योग्य देखिन्छन् । गोभीको क्रियाकलापले म पात्रलाई अभिभावकको रूपमा प्रस्तुत हुनु परेको प्रसंग देखाएको छ ।

# ३.१६.२. अन्तिम प्रतिक्षा कथाको विश्लेषण

## ३.१६.२.१ शीर्षक सार्थकताः

प्रस्तुत कथाका लेखक हरि श्रेष्ठ अनन्त हुन् । उनले यस कथाका माध्यमबाट सुन्तलीको लोग्नेले दैनिक रक्सी खाएर घरमा आइ श्रीमतीलाई कुट्ने लछारपछार पार्ने, छोरी मात्र पाउने तँ सुन्तली हैनस भनेको समयमा आमालाई पिटेर छोरा पाउने कुरा कुन किताबमा लेखेको छ भनी प्रश्न गर्दा अब म आइन्दा रक्सी पनि नखाने श्रीमतीलाई पनि नपिट्ने प्रतिज्ञा गरेको कारण शीर्षक सार्थक भएको पाइन्छ ।

### ३.१६.२.२. कथानक कथावस्तु :

प्रस्तुत कथामा कथाको मुख्य पात्र सुन्तलीको श्रीमान दैनिक रक्सी खाएर घरमा आउने श्रीमतीलाई पिट्ने गर्दछन् । भने उसकी कान्छी छोरी दशैँमा अरूका घरमा खसी किनी ल्याएको आफ्नो घरमा बुबाले नल्याएको असन्तोष आमालाई राख्न पुग्छे । माहिली छोरी आफलाई राम्रा कपडा ल्याइदिन भन्छे भने जेठी छोरी र श्रीमान खर्च हुने पैसा छोरीको शिक्षामा खर्चगर्न आग्रह गर्छिन । तर सुन्तलीको लोग्नेलाई गाउँलेहरूले एउटा छोरो जन्माउन नसक्ने नामर्द भनी उक्साउने गर्दछन् । उसको रिसको झोकमा ऊ सुन्तलीलाई पिट्न पुग्छ। पिटाइ खानुपर्दा सुन्तली मैले छोरी पाउँछु भनी छोरी पाएको हो र भन्नेहरू के भन्दैनन् ? भएका सन्तानलाई माया दिनु छैन, किन चाहियो छोरा यो कुरा बाहिरबाट छोरीले सुनी बुबा हजुरले आमालाई कुटेर छोरा जन्मन्छ भन्ने कुरा कुन किताबमा लेखेको छ ? भन्ने भनाईले बुबाले गल्ती मैले नै गरेको हुँ सुन्तलीले हैन भन्न पुग्छ । अब मलाई माफ गर, अब आइन्दा म रक्सीको र पनि उच्चारण गर्दिन । आमालाई पनि कुट्दिन भनी छोरीहरूको सामु सुन्तलीलाई राखी अब हाम्रो दिन र रमाइलोमा विताउने छु । यो मेरो अन्तिम प्रतिज्ञा हो भन्दै कथानक अन्त्य हुन्छ ।

### ३.१६.२.३. चरित्र चित्रण:

प्रस्तुत कथामा प्रयुक्त पात्रहरूले कथावस्तुलाई रोचकता प्रदान गरेका छन् । जुन पात्र निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

**क) सुन्तलीको लोग्ने :**

प्रस्तुत अन्तिम प्रतिज्ञा कथामा सुन्तलीको लोग्नेको सक्रिय भूमिका खेलको देखिन्छ । उ दैनिक रक्सी खाएर घरमा छोरो नपाउने त नै होइनस् भनी सुन्तलीलाई लछारपछार पार्ने काम गर्छ । गाउँलेहरूले नामर्द भनेको कारण त्यसको रिस पनि श्रीमतीलाई नै खन्याउँछ । अन्त्यमा जेठी छोरीले सम्झाए पछि आफ्नो नै गल्ती भएकोमा पछुताउँदै अब आइन्दा नखाने अन्तिम प्रतिज्ञा गर्न पुग्दछ ।

**ख) सुन्तली :**

**सुन्तली** यस कथाको गौण पात्र मानिन्छन् । उनीले छोरो नपाए बापत श्रीमतीको कुटाइ खानु परेको हुन्छ भने दैनिक रक्सी खाएर कुटाई खानु उनको दिनचर्या नै बनेको हुन्छ । सुन्तली नेपाली जनजीवनकी यथार्थ नारी पात्रको भूमिका निर्वाह गरेकी छिन् ।

**ग) जेठी छोरी :**

अन्तिम प्रतिज्ञा कथामा सुन्तलीकी जेठी छोरीको भूमिका गौण रहेको देखिन्छ । उनले बाबुलाई रक्सीमा खर्च गर्ने पैसा छोराछोरीको शिक्षामा खर्च गर्न आग्रह गर्दछिन भने आमालाई कुटेर छोरो जन्मने कुरा कुन किताबमा लेखेको हुन्छ भनी प्रष्ट गर्न पुग्छिन् । जसको कारण बाबुको मन फर्की अब आइन्दा रक्सी नखाने कबोल गर्दछ ।

**घ) माइली छोरी :**

प्रस्तुत कथामा माइली छोरीको भूमिका गौण देखिन्छ । उनले बाबुसँग दशैँमा राम्रो लुगा कपडा ल्याइदिन आग्रह गर्दछिन् ।

**ङ) कान्छी छोरी:**

कान्छी छोरीको भूमिका प्रस्तुत कथामा गौण नै देखिन्छ । उनीले बाबुलाई दशैँमा ठलो खसी किनेर ल्याइदिन आग्रह गर्दछिन् । उनको भनाईमा बाबुले सहमति व्यक्त गर्दछ ।

### ३.१६.२.४. भाषाशैली :
प्रस्तुत कथाको भाषा सरल एवम् सरस प्रकृतिको भेटिन्छ । पात्रहरूको संवादमा उपयुक्त चिन्हरूको प्रयोगले कथावस्तु गहकिलो तथा विशीष्ट प्रकारको मानिन्छ । कुराकानीका प्रसङ्गहरू विशेष गरी ग्रामीण जनजीवनलाई लक्षित गरी कथावस्तु सृजना गरेको पाइन्छ ।

### ३.१६.२.५. दृष्टिबिन्दु :
प्रस्तुत कथामा वाह्य दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । कथाको मुख्य पात्र सुन्तलीको लोग्नेले दैनिक रक्सी पिएर आउनु श्रीमतीसँग झगडा गर्नु, पिट्नु, छोरी तथा श्रीमतीले प्रतिकार गर्नु, सम्झाउनु जस्ता पक्षलाई वाह्य दृष्टिबिन्दु मान्न सकिन्छ भने सुन्तलीले छोरो नपाएको विषयले लोग्नेलाई रिस उठ्नु आन्तरिक कारण देखिन्छ ।

### ३.१६.२.६. उद्देश्य एवम् सारवस्तु :
प्रस्तुत अन्तिम प्रतिज्ञा कथाको मुख्य उद्देश्य भनेको नेपाली जनजीवनमा मादक पदार्थ सेवन गरी श्रीमतीलाई कुट्ने तथा परिवार अशान्त पार्ने व्यक्तिहरूको मनोदशा देखाउन खोजेको देखिन्छ । यसको साथै परिवारमा छोरी-छोरी जन्मेको कारण छोराको मृग-तृष्णा सुन्तलीले कुटाई खानु परेको कथावस्तु देखाउन खोजेको हो । प्रस्तुत कथामा सुन्तलीले तीनवटी छोरीमात्र जन्माएको कारण छोरा नजन्मिएकोले समेत सुन्तलीले कुटाइ खान पुग्छिन् । अन्तमा जेठी छोरीले बाबुलाई आमा कुटेर छोरो जन्मिने कुरा कुन विषयमा लेखिएको छ भनी बाबुले गल्ती गरेको महसुस गरी सुन्तली र छोरीहरू सामु रक्सी नखाने अन्तिम प्रतिज्ञा गर्न पुग्छ ।

### ३.१६.२.७.देशकाल परिवेश :
प्रस्तुत कथाको परिवेश भनेको विशेष गरी ग्रामीण नेपालको जनजीवनलाई देखाउन खोजिएको देखिन्छ । दशैंको समयमा सबैका घरमा केटाकेटीहरू रमाउने तर सुन्तलीको कान्छी छोरीलाई घरमा खसी नल्याएकोमा चिन्ता व्यक्त गरेकी छे । उसको बाबु दैनिक रक्सी खाएर घरमा आउने र सुन्तलीसँग झगडा गरिएको देखाइएको छ । त्यसैगरी छोरी नजन्मेको कारण गाउँलेहरूले सुन्तलीको लोग्नेलाई नामर्द भने पछि उसलाई झन सुन्तली देखी रिस उठ्छ । अन्त्यमा जेठी छोरीले आमालाई कुटी छोरो नजन्मने विषयमा जानकारी दिएपछि बाबुको घैटीमा घामलागी सुन्तलीको गल्ती नभएर आफ्नै गल्ती भएको स्वीकार गरी अब आइन्दा रक्सी नखाने घर परिवार रमाइलो गरी चलाउने कबोल गरी अन्तिम प्रतिज्ञा गर्न पुगेको हुन्छ ।

## ३.१७. अङ्क सत्रौमा प्रकाशित कथाहरूको विश्लेषण
## ३.१७.१. देवी कथाको विश्लेषण
### ३.१७.१.१.शीर्षक सार्थकता
प्रस्तुत **देवी** कथाका लेखक अमरकुमार प्रधान हुन्। उनले आफु म पात्रको उपस्थितिमा कोलकातामा भ्रमणको कममा कालीमन्दिरमा दर्शन गर्न गएकी देवीलाई गौण पात्रको रूपमा उपस्थिति गराइ कथावस्तु समेटिएकाले शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.१७.१.२. कथानक/कथाबस्तु :
ईस्वीसम्बत्को नयाँ वर्ष मनाउने क्रममा पाँचतारे होटलहरूले महँगा प्रवेश शुल्कको टिकट विक्री गर्ने गरे तापनि कथाकारका मित्र केशब तिमल्सिनाद्वारा सौजन्य प्राप्त भएको उपहारलाई चिठ्ठाको पुरस्कार काठमाडौं कोलकता आवतजावत हवाई उडान र एकजोडि चारदिन तीन रात बस्ने होटल सुविधा कथाकारलाई प्राप्त भएको हुन्छ । उक्त चिठ्ठा ग्रहण गर्ने क्रममा कथाकारले आफ्नी श्रीमती शशीका साथ कोलकताको नेताजी सुवासचन्द्र बोस विमानस्थलमा उत्रन पुग्छन् । त्यसपछि उनी

होटल हिन्दुस्थान पुग्ने क्रममा ट्याक्सीको सहयोग लिएर आफ्नो बेडरूम ५०८ मा पुगी आरामको अनुभूति गर्दै नेपाल एजेन्सिमा फोन गरी माधबमणि राजभण्डारिसँग वार्तालाप गर्न पुग्छन् र आफूले पछि भेट दिने जानकारी गराउँछन् र कोलकाता भ्रमणको क्रममा त्यहाँको परिवेशसँग रमाउँदै जाब चार्नाकको बहादुरीबाट सती जान लागेकि किशोरीलाई बँचाउन सफल भएकोमा त्यहाँको गाउँ बक्सिस पाई कोलकाता भएको रहस्य खुलासा गरेका छन् । यात्राकै क्रममा दोलखाली मित्र नविनका बुबासँगको भेटघाट, कालीको मन्दिरमा दर्शन गर्दा नवीनले खेलेको भूमिका, कालीघाटमा श्यामकृष्ण प्रधानसँगको भेटघाट, हाबडा पुलको दृश्याबलोकन, भिक्टोरिया स्मृति भवनमा रहेको अङ्ग्रेजी कलात्मक शैलीको फोटोमा कैद गर्ने गरेको र त्यसपछि भिक्टोरिया स्मृति भवनमा रहेको निक्को पार्कको अवलोकन गरेको विषयलाई कथामा प्रस्तुत गरेका छन् । यसको साथै विडला मन्दिरमा कृष्ण भगवानको दर्शन गर्दै मन्दिरको भव्यता अनुभूति गर्दछन् । बेलुका माधब दाइसँगै खानपान हुन्छ । भोलीपल्ट विहान हुम्ली नदीको पूर्वी किनारमा अग्लो काली मन्दिरमा दर्शन गर्न जाने क्रममा आफ्नो भाकल पुरा गर्न डोरी गाँठो पारी मन्दिरमा चढाएको त्यही समय कथाकारले आफ्नो पुरानो स्मृतिको सखी देवीलाई दक्षिणेश्वर काली मन्दिरमा भेट हुन्छ । देवी सँगै पञ्चवटीसम्म यात्रा हुन्छ । त्यसपछि देवीले भ्रमण यात्रीसँग विदा मागेको र नवीन, शशी र लेखक रावण हरण समाधि स्थलमा ध्यान गर्दै त्यहाँको सुन्दर बँगैचाको दृश्याबलोकनका साथ नेपा एजेन्सिमा प्रवेश गरी माधब दाइ र भ्रमणको मार्ग दर्शन गर्ने महिला मानसी विश्वाससित विदाई भेटकै क्रममा माधब दाइसँग कोलकातामा मात्र मेट्रो रेल सेवा रहेको पश्चिम बङ्गालमा कम्युनिष्ट सरकार भएको विषयमा कुराकानी गरेको पाइन्छ । भ्रमण टोलीले स्वदेश फर्कने क्रममा मार्केटिङ्ग गर्ने क्रममा समेत शशीले देवी को ? भनी जिज्ञासा राखेकी हुन्छिन् । समयमै देवीको विषयमा जानकारी लेखकबाट नपाए पनि शशीलाई देवीको उपस्थितिमा शङ्काको जालो बुनिदै जान्छ । उता लेखकलाई समेत देवीको पर्व स्मृतिले चिमोटिरहेको हुन्छ । अन्त्यमा लेखकले देवीको विषयमा यथार्थ शशीलाई भन्न बाध्य हुन्छन् र निर्धारित भ्रमण समाप्त भई स्वदेश फिर्ता हुन्छन् । तापनि लेखकलाई देवीले तेल लगाइदिएको, श्रीमान्ले दिएको सास्ती पञ्चवटीमा कानमा आएर विश्वास गर्नुहोस् म अझै कुमारी छु भनेको प्रसङ्गले लेखक झस्कन पुगेको पाइन्छ ।

### ३.१७.१.३. चरित्र चित्रण :

प्रस्तुत **देवी** कथामा प्रयुक्त पात्रहरूको भूमिका महफ्वपूर्ण मानिन्छ । उक्त कथाका प्रयुक्त पात्रहरूको चरित्र चित्रण निन्नानुसार प्रस्तुत गरिएको छ ।

### क) म पात्र

**देवी** कथामा म पात्रको भूमिका अमरकुमार प्रधानले निभाएका छन् । यस कथामा कथाकार स्वयम् म पात्रले अङ्ग्रेजी नयाँ वर्षको स्वागत गर्ने क्रममा केशब तिमल्सिनाद्वारा सौजन्य प्राप्त टिकट पाएका हुन्छन् । जुन टिकटको माध्यमबाट चिठ्ठा पुरस्कार स्वरूप काठमाडौं कोलकाता आवत जावत हवाइ उडानको टिकट र एकजोडीलाई स्तरीय होटल सुविधा मिलेको हुन्छ । यस चिठ्ठा पुरस्कारको साथमा आफू र आफ्नी परम प्रियसी शशीलाई लिएर आफ्नो कोलकाता भ्रमण सुरूगरी कथाबस्तुलाई अगाडि बढाएको पाइन्छ । भ्रमणको क्रममा कलकता लगायत अन्य धार्मिक तिर्थस्थलहरूमा दर्शन गर्ने त कतै रमणीय तथा ऐतिहासिक स्थलहरूलाई क्यामेरामा कैद गर्ने क्रममा म पात्र सफल देखिन्छन् । म पात्रले देवीलाई कालिको मन्दिरमा भेट पश्चात् शशीलाई देवी को ? भन्ने विषयमा शंका, उपशंका परेको देखिन्छ । किनकि देवीको विषयमा शशीले धेरै चोटी जिज्ञासा राख्दा पनि जवाफ पाएको हुँदैन । यसले गर्दा शशीको मनमा कताकता मानसिक शंकाको रोग नलागेको भन्न सकिँदैन भने म पात्रलाई समेत देवीको उपस्थिति र उसले गरेको क्रियाकलापबाट मानसिक उतार चढाब नभएको हो भन्न सकिँदैन । यसरी देवी कथाको अन्त्यमा मानसिक शंका, उपशंकाले ठाउँ लिएको देखिन्छ । कथाको मुख्य म पात्रले कथामा सारथीको काम गरेको देखिन्छ ।

**ख) देवी**

देवी **देवी** कथाको गौण पात्र अन्तर्गत पर्ने नारी पात्र हुन् । उनले कथामा उपस्थिति देखाएर शशीलाई शंका उपशंका गर्ने धेरै ठाउँ दिएका छन् । भाउजू त कति राम्री हुनुहुँदो रहेछ ? अब जान्छु है भन्दै म पात्रसँग विदा माग्दै हिंड्नु, म पात्रले देवीको विषयमा सजिलै नबताइदिनु ले शशीलाई शंका गर्न बल मिलेको छ । अर्कोतर्फ देवीले म पात्रलाई गुनमात्र लगाएकि थिइनन् टाउकोमा तेल लगाइदिने, पिठ्युमा तेल लगाइदिने, आफ्नो पतिले गरेका नराम्रा कर्तुतहरूलाई खुलस्तसँग राख्ने विश्वास पात्रका रूपमा लिएकी थिइन् । त्यतिमात्र नभएर आफूले भोगेका मानसिक छटपटिहरूलाई म पात्र सामराखी आफुलाई निस्कलङ्क कुमारी भएको यथार्थ देखाउन खोज्थिन् ।

**ग) शशी**

शशी **देवी** कथामा देखापरेकी रूपवती गौण नारी पात्र हुन् । उनले कोलकता भ्रमणको क्रममा म पात्रको साथ भ्रमणमा सहभागी बनेकी हुन्छिन् र भ्रमणको क्रममा म पात्रलाई ट्याक्सी ड्राइभरले बढी पैसा लिने हो कि भनी सचेत गराउन खोजेकी हुन्छिन् र  कालिमा मन्दिरमा डोरी गाँठो बाँधी आफ्नो भाकल पुरागर्ने अभिप्रायले शशीले डोरी चढाउछिन् । त्यसपछि शशीको नजरमा देवीको उपस्थिति, कुराकानी र छुट्कारा पश्चात् देवीको विषयमा बुझ्ने अभिप्राय राखेको हुन्छ । तर उपयुक्त समय पाउँदा पनि म पात्रले जानकारी नदिनुले देवीको उपस्थितिबाट म पात्र को शङ्का भरिँदै गएको हुन्छ ।

**घ) नवीन**

नवीन **देवी** कथाको गौण पात्र हुन् । उनले कोलकताको चारदिने यात्राको समयमा सहयोगी गाइडको भूमिका निर्वाह गरेको देखिन्छ ।

**ङ) माधबदाइ**

माधबदाइ नेपा एजेन्सिका प्रसिद्ध उद्योगपति थिए । उनी दोलखाकै व्यक्तिफ्व भएको हुँदा उनले भ्रमण टोलीलाई सँगै बसी खाना खाएको, पश्चिम बङ्गालमा कम्युनिष्ट सरकार भएको, ज्योति बशुको राजनैतिक प्रभावका विषयमा कुराकानी भएको र सार्क देशमा एकमात्र भूमिगत मेट्रो रेल कोलकातामा रहेको जानकारी दिएका थिए ।

च) **श्याम जोशी**

श्याम कृष्ण जोशी सरकारी गर्ल्स हाइस्कुलमा कार्यरत निवृत्त कर्मचारी हुन् । उनी सेवाबाट निवृत्त भए पनि करारमा अझै काम गरिरहेका छन् ।

**छ) मानसी**

मानसी **देवी** कथामा भ्रमणको बन्दोबस्त मिलाउने महिला गौण नारी पात्र हुन् । उनले भ्रमण टोलीलाई सहजता प्रदान गर्ने कार्यमा महफ्वपूर्ण भूमिका खेलेकी छन् ।

ज) **नवीनको बुबा**

नवीनको बुबा गौण पात्र अन्तर्गत पर्दछन् । उनी दोलखा जिल्लाका नागरिक भएको कारण म पात्रलाई अङ्गेजीमा मसँग कालो कुकुर छ भनि अनुवाद गर भनि प्रश्न गर्न पुग्छन् ।

**३.१७.१.४. भाषाशैली :**

अमरकुमार प्रधानद्वारा लिखित **देवी** कथामा परिस्कृत र परिमार्जित भाषाशैलीको प्रयोग भएको पाइन्छ र यात्रा संमरणसँग सम्बन्धित विषयबस्तुलाई कथाको मूल साँचोमा ढाली समसामयिक

विषयबस्तु प्रष्ट्याउन उपयुक्त भाषाको प्रयोग गर्नु उनको विशिष्ट शैली हो । सम्बादमा आएका कथन वा भनाइहरूमा उपयुक्त भाषाशैलीको प्रयोग पाइन्छ । देवी कथालाई सरल, सरस र नेपालीपनमा ढालिएको सन्दर्भ एबम् भाषाशैली रोचक छ । भाषाको खँदिलो प्रस्तुतिका कारण कथाबस्तु जिवन्त देखिन्छ ।

**३.१७.१.५. दृष्टिबिन्दु :**

कथाबस्तुलाई पाठक बर्गका निम्ति संवेद्य एबम् प्रेषणिय बनाउने भूमिका नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु प्रस्तृतीकरणसँग सम्बद्ध हुन्छ । देवी कथामा केन्द्रीय दृष्टिबिन्दुमा कथाकार स्वयम् नै म पात्रको रूपमा रही मुख्य पात्र रही प्रस्तुत गरेको पाइन्छ भने यस कथाको केन्द्रिय पात्र म पात्र नै हो । कथाबस्तुलाई सुरूदेखी अन्त्यसम्म उसको भूमिका उच्च देखिन्छ । यस कथाका आन्तरिक तथा बाह्य प्रथम पुरूष तथा द्वितीय पुरूष दुबै दृष्टिबिन्दुको प्रयोग देखिन्छ । यस देवी कथामा म पात्रले आफ्ना कार्य व्यपारका साथै कथामा अन्य पात्रको पनि वर्णन गरेको देखिन्छ । देवी कथामा अन्य पात्रहरूको प्रत्यक्ष अवलोकन म पात्रद्वारा गरिने भएको हुँदा देवी कथामा प्रथम पुरूष अर्थात आन्तरिक दृष्टिबुन्दिुका आधारमा कथाबस्तु समेटिएको छ । निश्कर्षमा देवी कथाको दृष्टिबिन्दु आन्तरिक केन्द्रीय नै हो भन्न सकिन्छ ।

**३.१७.१.६. उद्देश्य एवम् सारवस्तु**

**देवी** कथाको लेखन प्रक्रियाको मुख्य उद्देश्य नयाँ वर्षको उपलक्ष्यमा पाँचतारे होटलहरूले मनाउने गरेको परम्परा भ्रमणको क्रममा कथाका पात्रहरूले खेलेको महफ्वपूर्ण भूमिकालाई देवी कथाको मुख्य उद्देश्य देखिन्छ । भ्रमणको समयमा नयाँ विषयको जानकारी, धार्मिक तथा ऐतिहासिक स्थानहरूको जानकारी दिनु पनि देवी कथाको मुख्य उद्देश्य मान्न सकिन्छ ।

**३.१७.१.७. देशकाल परिवेश**

**देवी** कथामा म पात्रको केन्द्रिय भूमिका देखिन्छ । काठमाडौंबाट कोलकतासम्मको भ्रमण गर्न चिठ्ठा प्राप्त भएपछि भ्रमणको योजना मिलाउने धार्मिक एबम् ऐतिहासिक स्थानहरूको दर्शन एबम् अबलोकनको सेरोफेरोमा कथाबस्तु अगाडि बढेको छ । कथालाई पूर्णता दिर्ने क्रममा विभिन्न पात्रहरूदेवी, शशी, नवीन, माधब दाइ जस्ता पात्रहरूको उपस्थितिले महत्व राखेको पाइन्छ । कथाको मूल पात्र देवीको नामबाट नै विषय शीर्षक छनौट गरिएको छ । देवीको उपस्थितिबाट म पात्रको प्रियसी शशीलाई मानसिक शंका गर्ने ठाउँ बलियो बनेको पाइन्छ । देवीलाई काली मन्दिरको काली भगवतीसँग म पात्रले तुलना गर्न खोजेको पाइन्छ ।

**३.१७.२ अभिभारा कथाको विश्लेषण**

**३.१७.२.१.शीर्षक सार्थकता**

प्रस्तुत **अभिभारा** कथाका लेखक नन्दलाल आचार्य हुन। उनले प्रमिलाका बाबु आमाले प्रकाशलाई ६ महिना अगाडि विवाह गर्नको लागी स्वीकृति दिएता पनि पछि प्रमिलाको विवाह अर्कौ केटासँग गरिदिनुले प्रकाशले प्रमिलाको लागी नै आफ्नो जीवन अर्पण गर्न खोज्नुलाई शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

**३.१७.२.२. कथानक/कथाबस्तु :**

**अभिभारा** कथा शीर्षकका लेखक नन्नलाल आचार्य उदयपुरबासी हुन् भने सप्तरीबासी पात्रका रूपमा प्रकाश देखिएका छन् । उनीहरूको मिलन जनकपुरको जानकी लजमा हुनपुग्छ । प्रकाश आफ्नो आँखाले रोजेको प्रियसीलाई जीवन साथी बनाउने क्रममा प्रमिलाका अभिभाबकबाट स्वीकृती पाए पनि उसले अझै सम्म प्रमिलालाई भेट्न सकेको हुँदैन । बरू प्रमिलाले लेखेको प्रेम पत्र नन्दलाललाई देखाउँदै प्रमिलाले व्यक्त गरेका मनोभावनाहरूलाई भगवानले पनि सही निर्णय गरेछन् भन्ने प्रमाण

देखाउन पुग्छ । तर प्रमिला यस कथामा प्रकाशलाई सबै थोक सुम्पिन्छे तर जीन्दगीचाँही अरूलाई नै सुम्पने निर्णय गरेकी हुन्छे । यस्तो अवस्थामा प्रकाशको प्रेम कहानी असफल सावित भएको देखिन्छ । तर प्रकाश भने एकथोपा रगत शरीरमा रहे सम्म उ प्रमिलाकै हुने र उनीले जस्तै बदनामी गरे पनि त्यसलाई नयाँपन दिन प्रकाश प्रतिक्षारत देखिन्छ । आफ्नो नाडीमा समेत प्रमिलाको नाम लेखेको छ । तापनि प्रकाशले प्रमिलालाई आफ्नो नजर र मनस्थितिबाट हराउन चाहदैन । उता प्रमिलाका बाबु आमाले छ महिना अगाडि प्रकाशलाई छोरी दिन्छु भनेर छ महिनापछि अर्कै केटा खोजेर विवाह गरिदिने निर्णय गरेको हुन्छ र यस्तो अवस्थामा नन्द लालले प्रकाशलाई जति सम्भाउँदा पनि नसम्भने अवस्था देखा परेको छ । नन्दलाले गल्ती गर्ने बाबुआमा र प्रमिलालाई माफी देउ धोकेबाजका अगाडि घुँडा टेकेर भीक्षा नमाग, खोलोलाई सलल बग्न देउ, थुनेर राखे तिमिलाई पनि बगाउन सक्छ भविष्यमा देखापर्ने अन्धकारतर्फ नलाग भन्दा पनि प्रकाश मानेको हुँदैन । बरूप्रमिलाकै लागि आफ्नो मन दिएको हुँदा मेरो एक्लो मन फिर्ता लिन्न भन्छ । उसलाई बैगुनिलाई माफी दिएर गुनले मार भन्दा पनि उसको मननमा प्रमिलालाई विना रक्तपात, विना गाली गलौज, विना भमेला प्रमिलाको श्रीमान् बनेर प्रमिलाकै नामबाट प्रमिला प्राइमरी स्कूलकी प्रिन्सिपल बनाएर सुन्दर संसारलाई हरियाली प्रदान गर्ने सपना प्रकाशले देखेको हुन्छ ।

### ३.१७.२.३. चरित्र चित्रण

**अभिभारा** कथाका प्रमुख पुरूष पात्र प्रकाश रहेका छन् भने गौण पात्रहरूमा नन्दलाल, प्रमिला, प्रमिलाका बाबु आमा रहेका छन् । यिनै पात्रहरूको माध्यमबाट कथाबस्तु अगाडि बढेको पाइन्छ । कथामा प्रयुक्त पात्रहरूको भूमिका निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

#### क) प्रकाश

**अभिभारा** कथाको प्रमुख पुरूष पात्रको रूपमा प्रकाश देखापरेको छ । प्रकाशले प्रमिलाका बाबुआमासँग छ महिना अगाडि नै विवाहको कुरा छिनिसकेको अवस्थामा छ महिना पछि प्रमिलालाई अर्कै केटा खोजी विवाह गरिदिने प्रमिलाका बाबुआमाप्रति आक्रोस व्यक्त गर्दछ । उसको प्रेम कहानी दयालाग्दो देखिन्छ । प्रमिलाको नाम जप्न नाडीमा प्रमिला लेख्नु, प्रमिलाले लेखेको प्रेम पत्रलाई साथमा राख्नु, प्रेम पत्र मार्फत प्रमिलाले बाबु आमा र भगवानलाई समेत प्रकाशसँगको जीवन संगिनी बन्ने प्रमाण प्रकाशले फेला पार्नु राम्रा पक्ष मानिन्छन् । अर्को तर्फ प्रमिलालाई अर्कै केटासँग विवाह गराउन खोज्दा समेत प्रकाशले प्रमिलालाइ अभिभारा ' विहेको मनलाई फिर्ता गर्न मान्दैन । बरूस्कुलमा शिक्षिका बनाउने सपना देख्न पुग्छ । यसरी कथामाा प्रकाशको प्रेम कहानी स्थायी, अजर, अमर देखिएको छ ।

#### ख) नन्दलाल आचार्य

**अभिभारा** कथाका लेखक नन्दलाल आचार्य कथाका गौण पात्रका रूपमा उपस्थित भएका छन् । उनले प्रकाशको मनमा परिवर्तन गराउने धेरै प्रयास गरे पनि असफल हुन पुग्दछन् । बरूप्रकाशलाई प्रमिलाले लेखेको प्रेमपत्र पढी प्रकाशको प्रेम कहानीमा सहानुभूति व्यक्त गर्दछन् । गल्ती गर्ने प्रमिलाका बाबु आमालाई माफी देऊ, प्रमिलालाई माफी देऊ, बैगुनीलाई गुनले मार, बगेको खोलालाई बग्न देऊ थुनेर नराख तिमी आफैलाई बगाउन सक्छ भन्दा पनि प्रकाशको प्रेम कहानीमा परिवर्तन ल्याउन नन्दलाल असफल देखिन्छन् । अभिभारा कथाका प्रमुख पात्र प्रकाशका प्रेम कहानीलाई नन्दलाले नजिकबाट चिहाइरहेका छन् ।

#### ग) प्रमिला

**अभिभारा** कथाका गौण पात्रका रूपमा देखा परेकी नारीपात्र प्रमिला हुन् र प्रमिलाले प्रकाशसँग धान काट्ने मंसिरको समयबाटै आफ्नो प्रेमी बनाउने निर्णय आँखा  लाई जिम्मेवारी सुम्पिन्छे । नभन्दै प्रकाशले उनका बाबु आमाबाट सकारात्मक स्वीकृति पाए पनि अध्ययनका कारण प्रमिला प्रकाशबाट

टाढा रहन्छे तापनि प्रकाशलाई प्रेमपत्र पठाई प्रकाश र प्रमिलाको वीचमा विवाहको कुरा छ महिना अगाडि नै सकिनुलाई बाबुआमा र भगवानलाई समेत सादुवाद दिनपुग्छे । प्रकाशसँग आफ्नो दाम्पत्य जीवन विताउन उ विवश हुन्छे । तर घटनाले नयाँ मोड लिएझैं उनको अर्कै केटासँग विवाह हुने निर्णय बाबुआमाले सुनाउछन् । त्यसपछि प्रमिला र प्रकाशको वीचमा सम्बन्ध विच्छेद हुन्छ । प्रमिला प्रकाशको खोजिमा बाहिर आउँदिनन् । तर प्रकाश भने जतिसुकै कलंकित बनेर प्रमिला आइछन् भने पनि आफले स्वीकार गर्ने बाचा बन्धनमा आफ्नो मन प्रमिलालाई दिइसकेको हुन्छ ।

### ३.१७.२.४. भाषाशैली

नन्दलाल आचार्यद्वारा लिखित **अभिभारा** कथाको शीर्षकमा परिस्कृत भाषाशैलीको प्रयोग गरेका छन् । कथाको सम्बादका क्रममा उपयुक्त चिन्हहरूको प्रयोग गर्दै भाषिक प्रयोगमा सचेतता अपनाएको पाइन्छ । कथालाई सरस र सरल भाषाशैलीमा प्रयोग गर्दै नेपालीपन दिन खोजेको पाइन्छ । उपयुक्त कोटीको भाषाशैलीको प्रयोगले कथाबस्तु वजनदार देखिन्छ ।

### ३.१७.२.५. दृष्टिबिन्दु

**अभिभारा** कथा आन्तरिक दृष्टिबिन्दुमा रचना गरिएको कथा मानिन्छ । यस कथामा केन्द्रिय पात्र प्रकाश हुन भने गौण पात्रका रूपमा नन्दलाल उपस्थित भएको कारण पनि कथाबस्तु आन्तरिक दृष्टिबिन्दुको माध्यमबाट प्रकाश र नन्दलालले कथामा महफ्वपूर्ण भूमिका खेलेका छन् ।

### ३.१७.२.६. उद्देश्य एवम् सारवस्तु

**अभिभारा** कथाको मुख्य उद्देश्य प्रेमि प्रेमिकाहरूले चाहेर मात्र दाम्पत्य जीवन विताउन कठिन हुने त्यसमा बाबुआमाको पनि महफ्वपूर्ण भूमिका रहन सक्ने अवस्था देखा परेको छ भने अर्को तर्फ प्रेमको सकारात्मक स्वीकृति पाउदा समेत प्रकाश प्रमिलाको मनमा बास दिन सफल भएको तर प्रमिलाको अर्कै केटासँग विवाह हुने निर्णयका कारण रात रह्यो अग्राख पलायो भन्ने उक्ति सार्थक भएको पाइन्छ । अर्का तर्फ प्रेमको रोग लागेका व्यक्तिहरूलाई जतिसुकै सम्झाए पनि नसम्झने आजका युवा पीडिहरूको मानसिक यथार्थलाई कथाको मुख्य उद्देश्य मान्न सकिन्छ ।

### ३.१७.२.७. देशकाल परिवेश

**अभिभारा** कथाको परिवेश उदयपुरवासी नन्दलाल र सप्तरीवासी प्रकाशको जनकपुरको जानकी लजमा भेट हुन्छ । प्रकाशले नन्दलाललाई आफ्नो मनमा उठेका प्रेमपीडाका आवाजहरूराख्ने सिलसिलामा प्रमिलालाई पहिलो पटक मंसिरको समयमा धान काट्ने मेलामा देखेको हुन्छ । त्यस समयबाट प्रमिला प्रति प्रेमको अङ्कुर पलाउन थालेपछि प्रमिलाको बाबुआमासँग भेटी विवाह गर्ने मिति तोक्दा पनि प्रमिलाको विवाह अर्कै केटासँग हुनुले प्रकाशलाई प्रेम मर्म परेको हुन्छ र उसले कसैगरे पनि प्रमिलालाई विर्सन सक्दैन । नन्दलालले जति नै सम्झाए पनि प्रकाशको प्रेमरूपी मन परिर्वतन गर्न असफल देखिन्छ र कथाको अन्त्यसम्म पनि प्रमिलाका मनमा आफू बसीसकेको र जस्तोसुकै गल्ती कमजोरी प्रमिला आए पनि आफले उनलाई सर्वस्वीकार गर्ने प्रण गर्दछन् । यसले गर्दा यो कथामा प्रकाशको प्रमिला प्रतिको प्रेम प्रगाढ रहेको देखिन्छ ।

## ३.१७.३ नेउटे जंगियो कथाको विश्लेषण

### ३.१७.३.१. शीर्षक सार्थकता

प्रस्तुत **नेउटे जंगियो** कथाका लेखक भाग्यशाली अधिकारी हुन्। उनले नेउटेको परिवारमा नेपाल बन्दको कारण आफ्नो परिवारका सदस्यहरूलाई जीवनयापन गराउने क्रममा परिवारले बेहोर्नु परेको पीडालाई कथामा व्यक्त गर्नुलाई कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.१७.३.२. कथानक/कथाबस्तु :

**नेउटे जंगियो** कथाका लेखक भाग्यशाली अधिकारी हुन् । उनले कथाको विषयवस्तुलाई गरिबीको आगोमा पिल्सीएको नेउटेको दयनीय पारिवारिक अवस्थालाई समेटेर कथाबस्तुको उठान गरिएको छ । पुसमाघको कठ्याङ्ग्रिदो ठन्डीमा जीर्ण झल्लर कपडाहरूको भरमा महिना जत्रा रात कटाउनुपर्ने विवसता परिवारमा विहान बेलुका खाने अनाजको अभावमा छटपटिनुपर्ने बाध्यता, छोराछोरीलाई समयमा खान नपाएमा बाबुआमालाई सताउने परिस्थितिलाई कथामा देखाउने प्रयास गरिएको पाइन्छ । घरको अभिभावकफ्व भएको कारण परिवारको अभावको सिकार बन्दै नेउटेलाई रिसको पारो बढेको हुँदा आफ्नी श्रीमती र छोराछोरिसँग आक्रोस व्यक्त गर्न पुग्छ । उसका छोरो थेप्चे र ग्याचेले बाबुलाई बेलाउने प्रयत्न गर्दा पनि नेउटे रिसले चुर भएर बसिराखेको हुन्छ । नेउटेकी श्रीमतीले छोरा छोरीलाई चामल पैचो मागी ख्वाउने सुर कसेकी हुन्छे । काम गरेर खानसक्ने हुँदाहुँदै किन डराउनु पऱ्यो, नामर्दकी ज्वई भन्दा मर्दको नोकर्नी हुनुबेस भन्ने भाव पोख्छे । नेउटेलाई श्रीमतीले भात खान आउ भनी बोलाउदा रिसले चुर हुँदै तेरो भातसात खान्न भनी झोकिन पुग्दछ । त्यसपछि दैनिक नेपाल बन्द गर्ने पक्षलाई गाली गर्दछ । के हाम्रा बालबच्चालाई काम गरी पाल्नु पर्दैन र ? नेपाल बन्दले गरिबलाई के खान दियो ? के फाइदा पुऱ्यायो ? बन्दले गरीबका के कति अधिकार प्राप्त भयो ? भोट चाहिने बेलामा तिमीलाई यस्तो गर्छु, उस्तो गर्छु भन्ने, नेता बनाइसकेपछि फर्केर नहेर्ने प्रवृत्तिको घोर विरोधमा नेउटे उत्रिएको देखिन्छ ।

उसको आक्रोसलाई नेउटेका परिवारले वाल्ल परि हेरि रहेको, श्रीमतीले श्रीमान् रिसाएको कारण खुलेको, छोरो फ्याक्चेले गरीबको भलाई गर्नेलाई मात्र भोट दिने प्रस्ताव राखेको हुन्छ । केही नबुझेका, नजानेका गरिबजनताहरूलाई नेपाल बन्दको हौवा दिएर पेट पाल्ने समस्या उत्पन्न गराउने नेताहरूप्रति व्यङ्ग्य बाण प्रहार गर्न नेउटेले महफ्वपूर्ण भूमिका खेलेको पाइन्छ । अब नेपाल बन्द गर्नेले जनताका लागि यो काम गर्छु भनी सार्वजनिक हुनुपर्छ । प्रतिबद्ध हुनुपऱ्यो भन्दै सडकमा उत्रिएर नेपाल बन्द गर्नेको विरोध गर्दै नारावाजी लगाएर नेउटेले गाउलेलाई सुनाएको कथाबस्तु समेटिएको छ ।

### ३.१७.३.३. चरित्र चित्रण

**नेउटे जंगियो** कथामा कथाका मुख्य चरित्र चित्रणमा सहभागी पात्र नेउटे उसकी श्रीमती र छोराहरूको चारित्रिक विशेषताको आधारमा कथाबस्तु अगाडि बढेको पाइन्छ । नेउटेले नेपाली गरिबीको रापमा पिल्सीएको मुख्य पात्रको प्रतिनिधिफ्व गर्दछ भने श्रीमतीले परिवारका सदस्यहरूलाई समयमा ख्वाउनुपर्ने बाध्यता नेउटेले देखाएको रिसको आक्रोसलाई सहनु परेको छ । नेउटे जंगियो कथाका मुख्य र सहायक चरित्रको निम्नअनुसार चर्चा गर्न सकिन्छ ।

#### क) नेउटे

नेउटे यस कथाको मुख्य चरित्र मानिन्छ । नेउटेले जर्जर गरिबीको मारमा परेको पात्रको भूमिका निर्वाह गरेको पाइन्छ । गरिबी र समस्याको कारण परिवारका सदस्यहरूलाई रिस र आक्रोस देखाउन नेउटे खपिस देखिन्छ । दिनभरी काम नगरी विहान बेलुका खान नपुग्ने भएको हुँदा नेउटेले नेपाल बन्द गर्ने पक्षसँग जोडदार आक्रोस व्यक्त गर्न विवस देखिन्छ र अन्त्यमा नेपाल बन्द गर्ने पक्षसँग जनता र देशको लागि केही गर्नुपर्ने लिखित दस्ताबेज बनाउन आग्रह गरेको पाइन्छ । यस कथामा नेउटेले पुरै परिवारको सदस्यहरूलाई गति प्रदान गर्नुपरेको छ ।

#### ख) नेउटेकी श्रीमती

**नेउटे जंगियो** कथामा नेउटेकी श्रीमती गौणपात्रको रूपमा देखापरेकी हुन्छिन् । उनले गरिबीको सिकार भएको परिवारलाई समयमा खाना बनाइदिनु, छोराछोरीको स्वास्थको ख्याल गर्नु, नेपाल बन्द

गर्ने भएको कारण पत्ता लगाउनु उनका विशेषता हुन् भन्न सकिन्छ । नेउटेकी श्रीमतीले नेउटेलाई सुरूदेखि अन्त्यसम्म नै साथ दिएकी हुन्छिन् ।

**ग) ज्याचे, थ्याक्चे, भ्याकुते**

यी माथिका पात्रहरू**नेउटे जंगियो** कथाका सहायक पात्र मानिन्छन् । उनीहरूले गरिबीको पिल्सोमा नेउटेको घरको परिवेशलाई प्रतिनिधित्व गर्ने क्रमम सहायक पात्रहरूले महत्वपूर्ण भूमिका खेलेका छन् ।

### ३.१७.३.४. भाषाशैली

**नेउटे जंगियो** कथामा भाग्यशाली अधिकारीले परिस्कृत भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कथामा सम्बादका क्रममा उपयुक्त चिन्हहरूको प्रयोग पाइन्छ । कथाबस्तुलाई सरस, सरल र सुबोध्य बनाउनु भाषाशैलीको योगदान मान्नुपर्ने हुन्छ ।

### ३.१७.३.५. दृष्टिबिन्दु

भाग्यशाली अधिकारीद्वारा लिखित कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । कथामा म पात्र स्वयम् ले नै पात्रहरूको माध्यमबाट कथाबस्तु पस्कन खोजेको हुन्छ । पात्र नेउटे, नेउटेकी श्रीमती र छोराछोरीको माध्यमबाट कथाको प्रस्तुति भएको हुँदा कथाको म पात्रले सर्वदर्शी दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

### ३.१७.३.६. उद्देश्य एवम् सारवस्तु

**नेउटे जंगियो** कथाको मुल उद्देश्य गरिबी, अभाव र छटपटिमा बाँच्ने विवश परिवारको कथा, व्यथालाई मूलविषय बनाउन खोजेको देखिन्छ । गरिबीको राँकोमा पिल्सीएका नेउटेको परिवारको समस्या उजागर गर्ने खोज्नु राजनीति गर्नेहरूले आफ्नो अभिष्ट पुरागर्न अरूको समस्या विर्सने प्रवृत्तिको तिखो व्यङ्ग्यगर्नु यस कथाको मूलउद्देश्य रहेको पाइन्छ ।

### ३.१७.३.७. देशकाल परिवेश

**नेउटे जंगियो** कथाको परिवेश कथाकार भाग्यशाली अधिकारीले एउटा गरिबपरिवारको दयनीय अवस्थाको पृष्ठभूमिका कथाको सिर्जना गरेको पाइन्छ । नेपालको सन्दर्भमा नेउटे जस्ता गरिबीको रेखामुनि रहेका दिनभर काम नगरी मुखमा माड लाग्न नसक्ने मानिसहरूका लागि नेपाल बन्द भइदिने हो भने परिवारजन सहित भोकभोकै मुर्नुपर्ने अवस्था देखापर्ने, श्रीमती र छोराछोरीको करूण कन्दन सुन्न विवश विषयलाई कथाको मूलविषय बनाउन खोजिएको हुन्छ । त्यसैगरी राजनैतिक अभिष्ट पुरा गर्ने उद्देश्यले जनताको छोराछोरीहरूलाई दु:ख दिने नियतले नेपाल बन्दको आब्हान गरिनु हुँदैन भन्ने सन्देश कथाका माध्यमबाट व्यक्त हुन खोजेको देखिन्छ । कथाको अन्त्यमा नेउटेले नेपाल बन्द गर्ने बन्दकर्ताहरूले जनतालाई ढाँटी, छलि पछि चुनावको समयमा भोट लिने गरेको पछि जनतालाई नै दु:ख दिन खोज्नु बेइमानी भएकोले सबै जनताहरू एक हौं, बन्द गर्न पाइदैन भन्ने नारा घन्काउन पुग्दछ । यसरी यो कथा गरिबपरिवारको अभाव र समस्याको विषयलाई उर्जा थप्ने क्रममा बन्दको आब्हान गर्न नालायकीपन हो भन्ने सन्देश प्राप्त हुन्छ ।

### ३.१७.४. ठमेलको एक साँझ कथाको विश्लेषण

### ३.१७.४.१.शीर्षक सार्थकता

प्रस्तुत **ठमेलको एक साँझ** कथाका लेखक चिरञ्जीवी मास्के हुन् । उनले सहरका ठुला होटल तथा रेष्टुरेन्ट, डान्सबारहरूमा हुने नग्न नृत्यहरूरोक्न पुलिस प्रशासन र गृहमन्त्रालय नै असफल भएको घटनाले कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.१७.४.२.कथानक/कथाबस्तु

**ठमेलको एक साँझ** कथाका लेखक चिरञ्जीवी मास्के हुन् । उनले काठमाडौं सहरका ठुला होटल तथा डान्सबार तथा रेष्टुराहरूले नग्न नृत्यहरूदेखाई अबैधानिक कार्यहरू सञ्चालन गरेको हुन्छ । त्यसको नियन्त्रण गर्न गृह प्रशासन समेत असफल भएको राजनैतिक परिवर्तनले समय परिवर्तन भएको व्यवहार परिवर्तन भएको हुँदैन भन्ने यथार्थ पस्कन खोजेको हुन्छ । कथाका गौण पात्र समिर र केन्द्रीय म पात्रले अनुभव गरेको ठमेलको दृश्यावलोकनले राज्य सञ्चालन गर्ने पक्षहरूले केही गर्न नसकेको गुनासो व्यक्त गरेका छन् । त्यसैगरी नुवाकोटकी अमिरा जस्ती नारी पात्रले होटल तथा बार डान्समा आउने गेष्टहरूलाई चुरोटको सर्को, पेयको मतले आफ्नो अस्मिता डान्सबारका सञ्चालक, गेष्टका कोमल अङ्गमा सुम्सुम्याउदै अँगालो हाल्न पुग्नुपर्ने, प्रहरीले समेत अमिरा जस्ता नारीहरूलाई नै गिद्धेदृष्टि लगाउने गरेको यथार्थ अमिराको भनाई बाहिर आएको देखिन्छ । डान्सबारका सुरक्षाकर्मीहरूसमेत नग्न नृत्य हेर्न छिटो प्रवेश गर्नुस् अहिले प्रहरीले किचकिच गर्छ भन्दै गेष्टहरूलाई भित्र पठाउन तल्लिन देखिनु उनीहरूको पेशाको धर्म मान्नुपर्ने देखिन्छ भने प्रहरीहरूले सुरक्षा गार्डको कुरा सुनेको नसुनेझैं देखिनु आफ्नो जिम्मेवारीबाट बाहिर गएको देखिन्छ । गृह मन्त्रीले सबैखाले विकृतिको अन्त्य गर्ने कार्य गर्न नसकेको सावित हुन्छ । अन्त्यमा समिरा जस्ती नारीहरूले आफ्नो अस्मिता जोगाएर राख्न र उनको जीवन शैलीमा परिवर्तन देख्न सकिन्छ, सकिदैन भन्ने प्रश्नको अनुत्तरित जवाफ सहित कथाको म पात्र र समिर डान्सबारबाट बाहिरिएको कथाबस्तु समेटिएको छ ।

### ३.१७.४.३. चरित्र चित्रण

**ठमेलको एक साँझ** कथाको प्रमुख चरित्र कथामा म पात्र नै रहेका छन् भने गौण चरित्र अन्तर्गत समिर र डान्सबारकी नायिका समिराले विशेष भूमिका खेलेको पाइन्छ । उनीहरूले यस कथामा खेलेको भूमिकालाई निम्न पात्रहरूको तर्फबाट अभिव्यक्त गर्न सकिन्छ ।

**क) म पात्र**

**ठमेलको एक साँझ**को प्रमुख पात्र लेखक स्वयम् म पात्रको उपस्थिति देखिन्छ । समिरको साथमा ठमेलको डान्सबारमा सरकार परिवर्तन भए पनि नग्न नृत्यहरू सञ्चालन गर्ने डान्सबारहरूले विकृति हटाउन नसकेको विषय म पात्रले अनुभूति गरेको हुन्छ । यसको साथै आफू पत्रकार भएको कारण डान्सबारहरूको गतिविधिहरूको बारेमा रिपोर्टिङ्ग गर्नु उनको धर्म देखिन्छ ।

**ख) समिर**

समिर यस कथाको गौणपात्र अन्तर्गत पर्दछ । उसले आफ्नो पिउने बानीमा परिवर्तन ल्याउन नसकेको हुँदा समिराको यौवनको सुकोमल शरीरमा स्पर्श गर्न पुग्दछ । उसले आफूलाई राष्ट्रसेवक कर्मचारी भएर पनि डान्सबारहरूमा रातको समयमा भुलाउन खोज्ने अनुशासनहित कर्मचारीको प्रतिनिधि पात्रको भूमिका निर्वाह गरेको पाइन्छ । यसको साथै म पात्रको सहयोगी बनेको विषय पनि कथामा देखा परेको छ ।

**ग) अमिरा**

अमिरा डान्सबारमा काम गर्ने नुवाकोट जिल्ला घर भएकी नारी चरित्र हुन् । उनले डान्सबारमा आउने गेष्टहरूलाई अँगालोमा लिन गराउँदै होटलभित्र पठाउनु पर्ने, गेष्टहरूलाई खानाको अर्डर लिनुपर्ने कार्यमा अमिरा व्यस्त देखिन्छिन् । उनको विचारमा सरकार परिवर्तन भए पनि प्रहरी प्रशासनमा परिवर्तन हुन नसकेको अनुभव रहेको छ । अमिराको चरित्रबाट गृह प्रशासनले डान्सबारहरूमा हुने गरेका विकृति र नग्न नृत्यहरूरोक्न नसकेको स्पष्ट हुन्छ । यसको साथै गृह मन्त्रीको कमजोरी देखाउने कार्यमा प्रशस्त प्रमाणहरू भेट्न सकिन्छ ।

### ३.१७.४.४. भाषाशैली

**ठमेलको एक साँझ** कथाका लेखक चिरञ्जीवी मास्केद्वारा लिखित कथामा परिस्कृत भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कथाबस्तुको प्रस्तुतिको क्रममा उपयुक्त स्थानमा उपयुक्त भाषाशैलीको प्रयोग पाइन्छ । कथालाई सरस र सरल भाषामा अभिव्यक्त गर्नखोज्नु सफल कथाकारको धर्म मान्न सकिन्छ ।

### ३.१७.४.५. दृष्टिबिन्दु

**ठमेलको एक साँझ** कथामा आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ । किनकि कथामा म पात्रको उठान गरिएको हुन्छ भने गौण बाह्य पात्रहरूमा समिर र अमिराले महफ्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसरी यो कथामा आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दु प्रयोग भएको पाउन सकिन्छ ।

### ३.१७.४.६. उद्देश्य एवम् सारवस्तु

प्रस्तुत **ठमेलको एक साँझ** कथाको मुख्य उद्देश्य भनेको ठुला डान्स रेष्टुरा तथा बारहरूमा देखाइने नग्न नृत्यहरूलाई गृह प्रशासकले रोक्न नसकेको बरूसरकारी कर्मचारी र पत्रकारहरूनै मनोरञ्जन लिन जाने गरेको तथ्य माथि प्रकास पारेको देखिन्छ । त्यसैगरी जीवन गुजारा गर्नको लागि डान्स तथा बारहरूमा नग्न नृत्य देखाउन र आफ्नो इज्जत तथा अस्मितालाई बन्धक राख्नको लागि अमिराजस्ता धेरै नारीहरू विवश रहेको पाइन्छ । त्यसैगरी देशमा शान्ति, सुरक्षा, अमनचयन तथा होटलहरूमा हुने विकृतिहरूरोक्न गृहमन्त्री असफल भएका देखिन्छन् ।

### ३.१७.४.७. देशकाल परिवेश

प्रस्तुत कथा **ठमेलको एक साँझ** विषयलाई काठमाडौं स्थित ठुला रेस्टुरा एबम् डान्सबारहरूमा विशेष गरी ठमेलको डान्सबारहरूमा बेलुका १० बजेपछिको समयमा हुने गरेको नग्न नृत्यहरूको विषयबस्तु बनाइएको पाइन्छ । उक्त नृत्यको अवलोक गर्ने काममा पत्रकार स्वयम् म पात्र र राष्ट्रसेवकको रूपमा समिरको उपस्थिति भएको देखिन्छ । त्यसैगरी आफ्नो व्यापार व्यवसायमा संलग्न आफ्नो नारी अस्मितालाई बेच्न विवश महिला अमिराको आत्मकथाले कथाको मूल विषयबस्तु बन्न पुगेको देखिन्छ । अर्कोतर्फ राज्यले नियन्त्रण गर्न खोजेको विकृति, विसङ्गति हटाउन गृह प्रशासकमै असफल भएको विषयलाई प्रहरीहरूको क्रियाकलापबाट स्पष्ट बुझ्न सकिन्छ । समिरले राष्ट्रसेवक कर्मचारीको भूमिका निर्वाह गर्ने प्रतिनिधि पात्रको व्यवहारले पनि कर्मचारीहरू अनुशासन भन्दा बाहिर रहेको अनुभूति गर्न सकिन्छ ।

### ३.१७.५ जरूरी काम छ कथाको विश्लेषण

### ३.१७.५.१.शीर्षक सार्थकता

प्रस्तुत **जरूरी काम छ** कथाका लेखक टेकबहादुर कोइराला हुन् । उनले मोहनलालले मधेश आन्दोलनका कारण तराईबाट काठमाडौं मा सरूवा भई आएपछिको समयमा उनको दिनचर्यालाई कथामा उतार्ने प्रयास गर्नुलाई कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ।

### ३.१७.५.२. कथाबस्तु

**जरूरी काम** कथामा कथाकारले मोहनलाललाई वानेश्वरको उकालोलाई उकालोको संज्ञा दिनु अचम्म मान्दै आफ्नो दिनचर्या तर्फ लागेका हुन्छन् । उनी जागिरे भएको कारण मधेशको कहालिलाग्दो जागिरे जीवनबाट काठमाडौंमा सरूवा भएकोमा खुशी देखिन्छन् । उनी हिँड्न खप्पिस छन् । उदयपुर, भोजपुर, जनकपुरको हिँडाइपछि कान्तिपुरको हिँडाइतर्फ लागेतापनि जनकपुरको हिडाइ उनी बिर्सदैनन् किनकि दैनिक जानकी मन्दिरमा दर्शन गर्न जाने र पुजारीबाट माला ग्रहण गर्ने, पुजारीले पनि मोहनलाललाई विशेष मान्यता राख्दथे । मोहनलालको हिडाइ तेज थियो तापनि

उनी मगन्तेहरूलाई दान दिने काममा पछि हट्दैनथे । उ औषधी नहालेको तरकारी सुँघेर लिन्थ्यो । पसलेहरूमैथली बोल्ने भए तापनि उसले केही भाषा जानिसकेको थियो । तरकारी किनिसकेपछि एककप चिया नखाए मोहनलाल हिँड्दैनथ्यो । चियापसलमा 'रामा' किसानको छोरो राष्ट्रपति भएपछि भिड लाग्ने गरेको जनकपुरमा उसको डेरामा एक्लै बसेको थियो । उसका डेरामा सयौं सुकेका माला सप्तकोशीमा विसर्जन गर्दथ्यो । छोटो दुरिको यात्रा पैदल हिँड्नु उसको विशेषता थियो । भरसक उ आधामात्र भाडा तिर्ने गर्दथ्यो । खाना बनाउनु अघि दुई गिलास चिया पकाइ एक गिलास कृपालुजी महाराजको फोटो मुनि राख्दथ्यो त एक कप आफैं खान्थ्यो । यही समयमा उसले खाना पकाउने कार्य सक्दथ्यो । कार्यालयमा ढिलो पुग्नु र छिटो निस्कनु उसको नित्य कर्म थियो । उपलब्धिका कुराहरू गोप्य राखे पनि सपनाका कुरा सबै बताउथ्यो । आजको मोहनलालको जरूरी काम भनेको नयाँ मोबाइल फोनमा परिस्कृत सुविधा कसरी प्रयोगमा ल्याउने भन्ने नै थियो ।

### ३.१७.५.३. चरित्र चित्रण

**जरूरी कामका** पात्रहरूमा प्रमुख भूमिका मोहनलालको देखिन्थ्यो । यसको साथै गौण पात्रहरूमा जानकी मन्दिरको पुजारी, हजारी बाबा, बंशी राम सेवक राम दुलारी, सहनिभार्य, भोला र जुगनु र रामा जस्ता पात्रहरूको उपस्थिति जरूरी काम कथामा उपस्थित भएका छन् । यसको साथै प्रशिक्षक दुईको पनि मोबाइल प्रयोगमा संलग्नता भएको देखिन्छ । उनीहरूको क्रियाव्यपारको आधारमा कथाबस्तुले सार्थकता प्राप्त गरेको हुँदा निम्न अनुसार पात्रहरूको चर्चा गरिन्छ ।

**क) मोहनलाल**

जरूरी काम कथामा प्रमुख पात्रको रूपमा मोहनलाल देखा पर्दछन् । उनले मधेसको जागिरलाई काठमाडौंमा सरूवा गराएका छन् तापनि उनको एकछिन पनि फुर्सद हुन सकेको छैन । अफिस पनि समयमा नपुग्न र छुट्नुपर्दा पनि अगाडि नै हिड्नुपर्ने उनको बानी छ । उनी घुमेको अनुभव गरेको ठाउँ मध्ये जनकपुरको बसाई उनलाई रमाइलो लागेको हुन्छ । उनको एकल परिवारमा खाना बनाउने, तरकारी किन्ने, मन्दिरमा दर्शन गर्ने, केही राजनीतिक कुराहरूमा समेत चासो लिएको देखिन्छ ।

**ख) जानकी मन्दिरका पुजारी**

जानकी मन्दिरका पुजारी मोहनलालका प्रियमित्र हुन् । उनलाई मन्दिरमा दर्शन गर्नजाँदा फूलको माला नै लगाइदिई दुई चम्ची जल प्रदान गर्दछन् । मोहनलालाई भेट्ने वित्तिकै प्रभातिए अभिभादन बाँड्ने समेत गर्दछन् ।

**ग) हजारी बाबा**

जानकी मन्दिरका रैथाने हजारी बाबा हुन् । हजारी बाबालाई मोहनलाले दैनिक पाँच रूपैयाँ दिने गर्दथे । उसलाई १० रूपैयाँ दिदा पनि पाँच रूपैयाँ फिर्ता दिन्थ्यो । मोहनलाल उम्केला भनि हजारी बाबा प्रतिक्षारत रहन्थे ।

**घ) राम सेवक, राम दुलारी, सहनी मार्थ, भोला, जुगनु**

जानकी मन्दिरका प्राङ्गणमा बस्ने मगन्तेहरूले पनि कथाबस्तुलाई अगाडि बढाउने काममा महफ्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

#### ३.१७.५.४. भाषाशैली

**जरूरी काम**का लेखक टेकबहादुर कोइरालाले परिस्कृत भाषाशैलीको प्रयोग गर्नुका साथै कथाबस्तुलाई सरस, सरल र सुवोध्य बनाउनको लागि उपयुक्त किसिमको भाषाशैलीको प्रयोग भएको छ ।

#### ३.१७.५.५. दृष्टिबिन्दु

**जरूरी काम कथा**मा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ । यसमा मोहनलालको माध्यमबाट कथा बस्तु सुरूगरी अन्त्य पनि मोहनलाले गरेका छन् । तसर्थ यस कथामा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको पाउन सकिन्छ ।

#### ३.१७.५.६ उद्देश्य एवम् सारवस्तु

जरूरी काम कथाको मुख्य उद्देश्य भनेको विना आधार भएको ठाउँलाई नामाकरण गरिनु, जागिरे जीवनका दैनिक क्रियाकलापहरूपस्कनु, जतिखेर पनि समय नपुग्नुलाई मोहनलालको जरूरी काम कथाको शीर्षकले पुष्टि गर्न खोजेको पाइन्छ । त्यसको साथै मोहनलालजस्ता जागिरेहरूलाई तराई तथा मधेशमा शसस्त्र युद्ध गर्दै आएका भूमिगत समूहको कारण जागिर सरूवा गरी काठमाडौ. आएकोमा उनी सन्तुष्ट देखिएका छन् । तापनि उनीलाई कतिखेर पनि बेफुर्सदी भएको तथ्य स्पष्ट हुन्छ ।

#### ३.१७.५.७. देशकाल, परिवेश

**जरूरी काम**को कथाबस्तु बानेश्वरको उकालोलाई उकालो भन्नेप्रति केही व्यङ्ग्य गरेको पाइन्छ । यस कथाका प्रमुख पात्र मोहनलालको माध्यमबाट कुनैपनि कर्मचारीहरू मधेशको आन्दोलनको कारण मधेशमा बस्न डराउने तर काठमाडौंमा सरूवा भई आएको मोहनलालको दिनचर्यालाई मुख्य विषयबस्तु बनाउन खोजिएको छ । सरूवाका क्रममा मोहनलाललाई जनकपुरको बसाई सम्झन योग्य लागेको हुन्छ । उ जतिखेर पनि फुर्सदको समय निकाल्न सक्दैन । अफिसमा पनि अवेर पुग्ने र समयमै हिँड्ने उसको बानी रहेको देखिन्छ । तापनि खाना बनाउने, तरकारी किनमेल गर्ने र धार्मिक स्थलहरूको दर्शन गर्ने उसको बानी नै भैसकेको हुन्छ । उसलाई देखेपछि जानकी मन्दिरका मगन्तेहरूपनि बाटो छेकिछेकी माग्ने गर्दछन् । मोहनलाल जनकपुरमा डेरा लिएर बसेको हुन्छ । नजिकको यात्रामा भरसक गाडिमा पैसा तिर्न मोहनलाल अप्ठ्यारो मान्दछ । नयाँ मोबाइलको परिस्कृत सुविधा थाहा पाउन उसलाई आज जरूरी भएको हुन्छ । कथाको सुरूवात बानेश्वरको उकालोबाट सुरूभएको हुन्छ भने नयाँ मोबाइल फोनको प्रयोग प्रशिक्षण कार्यक्रमबाट अन्त्य हुनपुग्छ ।

### ३.१७.६ बाबा साट्ने की ? कथाको विश्लेषण

#### ३.१७.६.१. शीर्षक सार्थकता

प्रस्तुत **बाबा साट्ने** की कथाका लेखक रामदेव पाण्डे हुन् । उनले यस कथाका माध्यमबाट यात्राका क्रममा बस भित्र रहेकी प्रमिलाले आफ्नी आमासँग माया नगर्ने बाबुको साटो माया गर्ने अंकल बाबालाई आफ्नो बाबा बनाउन आग्रह गर्नुले कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

#### ३.१७.६.२. कथानक/कथाबस्तु

**बाबा साट्ने**की कथाका लेखक रामदेव पाण्डे हुन् । यो कथाको कथाबस्तु काठमाडौंबाट झापा पुग्ने बसमा सवार विना टिकटका यात्रीहरूको बसमा सिट नपाएको कारण एउटी मैला झुत्रा कपडा लगाएकी आइमाइले आफ्नो तीन वर्षको छोरी प्रमिलालाई लिएर ढल्केसम्मको यात्रागर्ने क्रममा बसभित्र सिट नपाएर बस्ने ठाउँ नपाएको अवस्थामा एकजना अंकलले उनको छोरीलाई आफ्नो काखमा बस्न दिएको र उनीलाई समेत आफ्नो झोला भुईमा राखी त्यही माथि बस्न लगाएको

विषयबस्तुका आधारमा कथाको विषयबस्तु अगाडि बढेको पाइन्छ । बसको सिटमा बस्ने सबै यात्रुहरूले कसैको मार्का नबुझ्ने तर एकदुई जनाले भने मानवताको भावनाले ओतप्रोत भएर सहयोग गरेको पाइन्छ । बसमा सवार अंकलले तीन वर्षिय केटीलाई काखमा राखिदिनु, आफ्नो कपडामा सानी प्रमिला नानीले दाग लगाइदिए पनि धोएर दाग हटाउने संकल्प गर्नु अंकलले देखाएका उदारता र मानवियताको ज्वलन्त उदाहरण मान्न सकिन्छ । त्यसैगरी प्रमिलाले आफु बसबाट ओर्लने क्रममा आमासँग बाबा साट्नेकी भन्ने प्रश्नराख्नु अंकलप्रतिको न्यायो बालस्नेहको प्रतिफल मान्न सकिन्छ ।

### ३.१७.६.३. चरित्र चित्रण

**बाबा साट्ने** की ? कथाको प्रमुख पात्र अंकल बाबा देखा परेका छन् भने गौण पात्रहरूमा ३ वर्षिया केटी प्रमिलाकी आमा बसमा बसेकी युवती देखा परेका छन् । उनीहरूले गरेका क्रियाकलापका आधारमा कथाबस्तु अगाडि बढेको कारण बाबा साट्ने की ? कथाका निम्न पात्रहरूको चरित्र प्रस्तुत गर्न सकिन्छ ।

#### क) अन्जान अंकल

**बाबा साट्ने** की  कथाको प्रमुख पात्र अन्जान अंकल रहेको देखिन्छ । उनिले यात्राको समयमा तीन वर्षीय प्रमिलालाई काखिमा लिएर बसभित्र उभिन पुगेकी झुत्रोमैला लुगा लगाएकी महिलालाई बस्ने व्यवस्था मिलाइदिन्छ । उसले छेउमा बसेकी महिलालाई अलिकति वरसरि सानी बच्चिलाई बीचमा बस्ने ठाउँ दिनुस् भन्दा उनिबाट उल्टै टेढा आँखाले हेर्दै म ता सक्दिन, यत्रो लामो सफरमा सबैको ठेक्का लिएको छु र  भन्ने जवाफमा उसको छाति चिरिएको महसुश गर्दै एउटी नारीले अर्को नारीप्रति देखाउने व्यवहारको मुल्याङ्कन गर्न समेत पछि पर्दैनन् । यस्तो जवाफ पाएपछि अन्जान अंकलले प्रमिलाकी आमा छोरी प्रति मानवता देखाएको पाइन्छ ।

#### ख) प्रमिलाकी आमा

प्रमिलाकी आमा यस कथाकी गौण वा सहायक पात्र हुन् । यिनले कलंकीबाट विना टिकट बस चढ्नुपर्ने बाध्यता भएको कारण उनीले बसमा बस्ने सिट पाएकी हुन्नन् । बरू तीन वर्षकी छोरीलाई काखीमा बोकेर यात्रा गर्नुपर्ने बाध्यता उनको रहेको देखिन्छ । यस अवस्थामा उनिले एकजना पुरूष अन्जान अंकलको सहयोगबाट आफ्नी छोरी र उनलाई समेत बस्ने ठाउँ उपलब्ध हुनपुगेको हुन्छ । अंकलको उदारताप्रति  कृतज्ञता प्रदान गर्दछिन । उनी अन्जान अभागि केटीप्रति धेरै दया गरेकोमा युवकप्रति श्रद्धाभाव व्यक्त गर्दछिन् ।

#### ग) प्रमिला

प्रमिला **बाबा साट्ने** की  कथाकी गौण तथा सहायक नारी बालपात्र मानिन्छिन् । उनको उमेर तीन वर्षको मात्र भए पनि यात्राको क्रममा आमाको काखीमा झुन्डिनु उनको बाध्यता हुन्छ । उनलाई बसमा बस्ने सिट नपाएको अवस्थामा अंकल बाबाले सिट दिएर काखमा राख्नु दुःखिको साहरा दैब भन्नु जत्तिकै भएको छ । उनलाई खाना खाने समयमा अंकलले खाना ख्वाउनु, फ्रुटी किनेर दिनु, माया गरेर काखमा राख्नु जस्ता कार्यले आफू बसबाट ओर्लने बेलामा आफ्नी आमालाई आफ्नो बाबा साट्ने की  भन्ने प्रश्न गर्न पुग्छिन । उनी सानै भएपनि उनका बाबाले रक्सी खाएर आएको, आमालाई पिटेको दृश्य प्रमिलाले बिर्सेको हुँदैन । यिनै प्रमिलाको प्रश्नबाट बाबा साट्ने की ? विषयलाई कथाको शीर्षक बनाइएको छ ।

#### घ) युवती

**बाबा साट्ने**की कथामा आएकी युवती बसको सिटमा बसेकी नारी पात्र मानिन्छिन् । उनलाई अंकलले सानी सानीलाई विचमा राख्ने आग्रह गर्दा धेरै रिस उठेको हुन्छ । उनले लामो यात्राको

क्रममा अरूलाई ठाउँ दिन नसकिने, अर्काको ठेक्का नलिएको जस्तो रूखो व्यवहार देखाएकी हुन्छिन् र उनले एउटी नारी चरित्रले अर्को नारी चरित्रको मन दुखाउने काम गरेकी हुन्छिन् ।

### ३.१७.६.४. भाषाशैली

**बाबा साट्ने** की  कथाका लेखक रामदेव पाण्डेले कथामा परिस्कृत भाषाशैलीको प्रयोग गरेका छन् । कथाबस्तुलाई सरस, सरल र सुबोध्य बनाउन भाषाशैलीले महफ्वपूर्ण भूमिका खेलेको छ । उपयुक्त कोटीको भाषाशैलीको प्रयोगले कथाबस्तु रोचक र वजनदार देखिन्छ ।

### ३.१७.६.५. दृष्टिबिन्दु

**बाबा साट्ने** की ? कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ भने केही बाह्य दृष्टिबिन्दुको पनि प्रयोग पाइन्छ । यस कथामा आन्तरिक दृष्टिबिन्दु अन्तर्गत अन्जान अंकलको भूमिका महफ्वपूर्ण मानिन्छ भने बाह्य दृष्टिबिन्दु अन्तर्गत प्रमिला र प्रमिलाकी आमा युवतीको भूमिकालाई नकार्न सकिँदैन । त्यसैले यस कथामा कथाकार रामदेव पाण्डेको भूमिका महफ्वपूर्ण देखिन्छ ।

### ३.१७.६.६. उद्देश्य एवम् सारवस्तु

**बाबा साट्ने** कि ? कथाको मुख्य उद्देश्य भनेको यात्राको क्रममा सिट नपाएर बसेका महिला, वृद्ध तथा बालबालिकाहरूप्रति बस्ने ठाउँ दिएर मानवता देखाउनु पर्ने, पात्राको भूमिका अञ्जान अंकलले गरेका छन् भने सिटमा बसेर एउटी महिलाको समस्या नबुझ्ने कठोर पात्रको रूपमा युवतीले भूमिका खेलेकी छिन् । त्यसैगरी बस भित्र थपिदै आएको समस्या प्रमिलाका आमाछोरी रहेका छन् र प्रमिलाले प्राप्त गरेको माया ममता र खाना प्रति बाल मनस्थितिमा आफ्नो गालि गर्ने बाबाको सट्टा माया गर्ने बाबा साट्नेकी ? भनी आमालाई प्रश्न गर्न पुगेको देखिन्छ । त्यसैले आजका कलिला बालबालिकाहरूलाई माया प्रेम र ममता प्रदान गर्नु परम कर्तव्य हो भन्ने सन्देश बाबा साट्ने कि ? कथाको मूलउद्देश्य हो ।

### ३.१७.६.७. देशकाल, परिवेश

कथाको सुरूवात पूर्वाञ्चल बन्दको कारण बसमा टिकट नपाएर कलंकीबाट बस चढ्ने यात्रीको मनोदसा तथा बसमा बस्ने सिट नपाएको अवस्थामा एउटी फोहोरी महिलाले बोकेकी तीन वर्षिया प्रमिलाले आमाको काखीमा बस्न बाध्य हुनु परेको बाध्यताबाट उब्जिएका समस्याहरू भएको पाइन्छ । सिट नपाएकी महिलाले आफ्नी छोरीलाई बोकेको समयमा अन्जान अङ्कलले छोरीलाई काखमा राखी आफू लाई झोला ओछ्यायर बस्न लगाएकोमा ति महिला युवक प्रति आभार ब्यक्त गर्न पुग्छिन् । सगै सिटमा बस्ने युवतिलाई सानी बालिका लाई विचमा बस्ने ठाँउ दिन आग्रह गर्दा उल्टै उनीबाट भनाई खान पुग्छन् । मैले सबैको ठेक्का लिएको छु र भन्ने जवाफ पाउछन् त्यसो भन्दा पनि उसलाई आत्माग्लानी भएको हुँदैन । उल्टै आफ्ना सुक सुकाउँदा कपडामा कालो दाग लागे पनि साबुन पनिले धोएर पखाल्ने प्रण गर्दछन् । सानी प्रमिला र उनकी आमालाई खाना खान आग्रह गर्दछन् । छोरीले चाहि खाना खाने संकेत गरेको कारण उनलाई भोजन गराई २ वटा फ्रुटि आमा छोरीलाई अंकलले  किनिदिन्छन् । ढल्केमा आमा छोरी बसबाट ओर्लने क्रममा प्रमिलाले बाबाले आमालाई कुट्दा लुक्न आउने मामा घर देखाउदै आफ्नी आमालाई आफ्नो बाबालाई माया गर्ने बाबा संग साट्ने आग्रह गर्दछिन । यही प्रमिलाको अभिव्यक्तिपूर्ण विषयलाई नै कथाको मुल विषय बनाईएको छ ।

### ३.१७.७. गुरुपूणिमा कथाको विश्लेषण

### ३.१७.७.१.शीर्षक सार्थकता

प्रस्तुत **गुरुपूर्णिमा** कथाका लेखक तारा किरण हुन् । उनले यस कथाका माध्यमबाट गुरुर शिष्यका बिचमा माया प्रेमका विषयमा कथामा विषयवस्तु पस्कन खोज्नु कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.१७.७.२. कथानक/कथावस्तु

**गुरुपूर्णिमा**कथाका लेखक तारा किरण हुन् । यस कथाका मुख्य पात्र तारा किरणको माध्यमबाट गुरूपुर्णिमाको दिन उनीहरूको पहिलो भेट हुन्छ । जुन दिन उनीहरूमा चिनजानको वातावरण सिर्जना हुन्छ । एक आपसमा माया प्रेमको साटा साट गर्ने कार्य हुन्छ । एक जना प्रतिष्ठित कलेजका प्रशिक्षक हुन्छ भने अर्को मात्र साधारण कलेजमा पढ्ने विद्यार्थी हुन्छिन् । यी दुवै गुरुर विद्यार्थी को नाता रहे पनि शैक्षिक अवस्थाको बारेमा जिज्ञासा राख्नु, भावी योजनाको बारेमा बताउनु, शैक्षिक योग्यता नै जीवनको पहिचान हो भन्ने शब्दले उनी भित्र डेरा जमाएको हुन्छ । त्यसैको फल स्वरूप उनीले पढाइलाई निरन्तरता दिएकी हुन्छिन् । गुरूका सामाजिक क्षेत्र र वुद्धित्व वृद्धि गर्ने वाणीहरूले उनी फस्किन पुग्छिन् । यसरी एउटा बाबु आमाले सोध्ने भन्दा बढी प्रश्न सोध्न खोज्नुले आफ्नो विषयमा किन यति धेरै चासो ? भनी प्रश्न गर्न पुग्दछिन् । प्रेम र विवाहको विषयमा उनी गहिराईमा पुग्न खोज्छिन । विहेमा माया नै माया हुन्छ भन्ने कुराको ठोकुवा गर्न नसकिने किनकी त्यहा स्वार्थ पनि लुकेको हुन सक्ने यदि स्वार्थ नहुने हो भनेत किन समाजमा असल, राम्री, शुसील, धेरै पढेकी, धनीमानि कि छोरी दाइजो वाल जस्ता कुराहरूछोरी माग्दा हेरिन्छ भने ज्वाँई हेदा सम्पन्न परिवार, जागिरे, धेरै शैक्षिक योग्यता भएको जाँड रक्सी जुवातासको कुलतमा नफसेको हेरिन्छ तर माया र प्रेममा यी सारा कुरा हेरिन्छन् त ? कदापी हेरिदैन न धन दौलत हेरिन्छ न उसको सामाजिक इज्जत नत जात भात नत रिति रिवाज न त अन्य कुरानै देखिन्छ त्यसैले तपाईका शब्द शब्दले मेरो मुटुमा हलचल ल्याएको छ । त्यसैले मलाई रात भरि निन्द्रा लागेन । तपाई टाढाको परदेसि मास्टर हुनुभयो । हाम्रो नजिकको मिलन हुन सक्यो तर छुट्टियौ मलाई भने तपाईका भावनात्मक अभिव्यक्तिले अठ्याइ राख्यो छुट्टिने बेलामा वियोगान्त अवस्था सिर्जना भयो र मैले तपाईको आत्मामा चिरस्थायी माया गरेर घर जम बसाल्न थाले तपाईलाई धेरै चोटी फोन गरे तर उठाउनु भएन त्यसैले आज गुरूपूर्णिमाको दिनमा एक थुगा कमलको फूल चढाएर फोन गरे तर उठेन तापनि मलाई माफ गर्नुहोस् । तपाईलाई सम्झन छाड्ने छैन । भनी प्रेमिकाले गरेको आत्मालाप लाई मूल विषय बनाइएको छ ।

### ३.१७.७.३. चरित्र चित्रण

**गुरुपूर्णिमा**कथाका को प्रमुख पात्रहरूमा प्रतिष्ठित कलेजको प्रशिक्षक र साधारण कलेजको विद्यार्थीहरूको प्रेम कथालाई नै मुख्य विषय बस्तु बनाउन खोजेको पाइन्छ । उनीहरूको क्रियाकलापको आधारमा कथाबस्तु निर्माण भएको हुँदा गुरूचेलाको भूमिकालाई पात्रको रूपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

#### क) प्रशिक्षक

**गुरुपूर्णिमा**कथाका गौण पात्रका रूपमा परिचित प्रतिष्ठित कलेजका प्रशिक्षक देखा पर्छन । उनले कलेजमा पढ्ने छात्रालाई भेट घाटको क्रममा शिक्षा, सामाजिक मर्यादा प्रेम, माया ममताका विषयमा राखेका गहनतम् विचारबाट कलेजकी छात्राको मनमा प्रेमको विजारोपन गर्न पुग्दछ तर उनलाई थाहा हुदैन संचारको साधन बाट उनी छाढा रहेका हुन्छन् । तापनि उनलाई गुरूको रूपमा स्वीकार गर्दै गुरूपूर्णिमाका दिन एक थुगा कमलको फूल चढाएकी हुन्छिन् ।

**ख) विद्यार्थी**

गुरुपूर्णिमाकथाको मुख्य पात्रको रूपमा साधारण कलेजमा पढ्ने विद्यार्थीको चित्रण गरिएको छ । उनीले गुरूसंगको भेटघाटको समयमा भएका कुराकानीबाट उनको ह्रदयमा उनका विचार भावना संग नजिक हुँदै प्रेममय बन्धनमा बाधिँन विवष देखिन्छे तर प्रशिक्षक रूपी गुरूउनीबाट टाढा भएको मा उनलाई पछुतो परेको छ । उनले फोन नउठाइदिनु आफुलाई प्रेमीकाको रूपमा धेरै समसामयिक विषयमा प्रश्न सोध्नुले उनको मनमा गुरूलाई आत्मासाथ गर्न पुग्छिन् । उनले नसम्झे पनि उनी संधै सम्झने प्रण गर्दै गुरुपूर्णिमाको दिन एक थुगा फल समर्पण गरी उनलाई सम्झन छाड्ने भनी प्रण गर्दछिन् ।

**३.१७.७.४. भाषाशैली**

**गुरुपूर्णिमा** कथाका लेखक तारा किरणले कथामा उपयुक्त किसिमको परिस्कृत भाषाशैलीको प्रयोग गरेको पाइन्छ । यसको साथै कथाबस्तु सरस सरल र सुवोध्य बनाउने क्रममा कथाकार लागि परेको पाउन सकिन्छ । गहकिला शब्दहरूको प्रयोगले कथाबस्तु वजनदार देखिन पुगेको छ ।

**३.१७.७.५. दृष्टिबिन्दु**

प्रस्तुत **गुरुपूर्णिमा** कथाको दृष्टिबिन्दु आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । यसका साथै गुरूप्रशिक्षक र चेला विद्यार्थीको कार्यव्यपार बाट नै कथाबस्तु अगाडि बढेको पाउनु सकिन्छ ।

**३.१७.७.६. उद्देश्य एवम् सारवस्तु**

यस कथाको मुख्यउद्देश्य भनेको पढाउने शिक्षक मात्र गुरूहैनन् नपढाउने शिक्षक पनि गुरूहुन सक्ने यथार्थ कथामा भेटिन्छ । त्यसैगरी गुरुर चेला विच पनि माया प्रेमका काहानीहरू चल्ने तर वास्तविकता फरक हुने घटनाहरूको संयोजन गर्न गुरुपूर्णिमा कथा सवल भएको छ । एउटी कलेजमा पढ्ने छात्रालाई गुरूको निम्ति अन्तिम अवस्था सम्म पनि उहाँकै सम्झनामा कमलको फूल सौगात चढाएर गुरूसंग फोन गर्नु गुरूप्रतिको अटल प्रेमको परिचायक मान्न सकिन्छ ।

**३.१७.७.७. देशकाल/परिवेश**

**गुरुपूर्णिमा** कथाको उठान विन्दु २ जना गुरूचेला वा प्रशिक्षक र विद्यार्थीका विचमा भएको कुराकानीका विषय प्रसङ्गहरूमा कथाको मूलविषय अडेको देखिन्छ । गुरूपूर्णिमाको दिन गुरुर विद्यार्थीको विचमा भएका प्रेममय कुराकानी शैक्षिक अवस्थाको जिज्ञासा सामाजिक करियर र वुद्धित्व जस्ता विषयले विद्यार्थीको मनमा स्थान ओगट्न पुगेको पाईन्छ । उनले सोधेका कौतुहल पूर्ण प्रश्नहरूले उनीभित्र ठाँउ जमाएको हुन्छ । तर गुरूको सम्पर्कबाट टाढा रहेपनि उनीले सधै गुरूप्रति प्रेममय सम्बन्ध राख्न पुग्छिन् । धेरै प्रयास गर्दा पनि उनी पुरानो मित्र भेट्न सक्दिनन् । त्यसैले गुरूपूर्णिमाको दिन पारेर उनलाई एक थुगा कमलको फूलले आफुलाई समर्पण गरी फोन गर्ने प्रयास असम्भव भएकोमा उनी अनुत्तरित देखिन्छिन् । उनीहरूको भेट सुरूमा एउटा पवित्र परिवेशमा निर्मल स्वच्छ पवनको साथ उनी गुरुर चेला बनि हरियो दुवोले ढाकेको सुन्दर गलैचामा रमाएको धेरै विषयमा खुसीहरूआदान प्रदान गरेका घटनाहरूउनका मनमा ताजै रहेका छन् ।

**३.१७.८. बेड नं. ३०८ कथाको विश्लेषण**

**३.१७.८.१. शीर्षक सार्थकता**

**प्रस्तुत बेड नं. ३०८** कथाका लेखक राज श्रेष्ठ हुन् । उनले यस कथाका माध्यमबाट म पात्रले अस्पतालमा आमाको हेरचाह गर्न बसेको अवस्थामा बेड नं. ३०८ मा रहेका बुढा बा लाई पुऱ्याएको सहयोग र बुढा बा को आत्मकथा अभिव्यक्त गर्न कथा सफल हुनुलाई शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

### ३.१७.७.२. कथानक/कथावस्तु

**बेड नं. ३०८** का लेखक राज श्रेष्ठले कथामा म पात्रलाई अगाडि बढाएर आमालाई अस्पतालमा कुरेर बस्ने छोराको भूमिका निर्वाह गरेको हुन्छ भने नजिकै ३०८ नं. बेडमा एकजना बुढो मानिसले उसलाई बोलाएर पानी खानदेउ भन्छ, नभन्दै उसको जगमा पानी नभएकाले आमाको जगबाट पानी लगेर दिन्छ । त्यसपछि बुढा संग केही कुराकानी गर्ने क्रममा तपाईको कुरूवा खोइ भन्दा आका छैनन् र भनी बुढो प्रश्न गर्न पुग्छ केही बोल्न खोज्छ बोल्न सक्दैन निकैबेर पछि कोही छैनन् भने पनि पाप लाग्छ कोही छन् भनौं भने खै को छ र ? भनी बुढाको जवाफ संगै म पात्रले प्रश्न गर्दै तपाइलाई के भएको भन्दा उसले खेतमा मल हाल्ने क्रममा लडेर ब्रेन ह्यम्ब्रेज भएको जानकारी दिएका थिए । केही समय पछि बुढाले म पात्र प्रति पिलिक्क हेरे आँखाको चेपबाट एक डल्लो आँसु पिलिक्क झऱ्यो त्यसैगरी अन्य आँसुका थोपा झर्ने क्रम बढ्दै गए उसको ओठ कामिरहेको देब्रे हात चलाउन खोज्यो तर सकेन उ एक छिनमा होसमा कुरा गरथ्यो भने एक छिन पछि वेहोसका कुरा गर्थ्यो । बुढाले पनि मलाई पानी खुवाउने इसारा गरेको थियो । पानी खाएपछि बुढाले दुई वटा छोराहरू एउटा अरबमा गएको आमाको क्रिया गर्न पनि नआएको कान्छो छोरो छापामार बनेर बन्दुक बोकि हिडेको मलाई पढाइनस भनी दोस दिएको खोपाको राजाको फोटो च्यातिदिएर हिडेको जानकारी दिए । त्यसपछि मैल उनीहरूलाई थाहा दिनु पर्दैन भन्दा म मरेपछि मेरा सन्तानले धेरै आँसु बगाउने छन् तिनिहरूलाई थाहा छैन ति आँसुका थोपाहरू तीनले दिएको पिडाको मुल्य तिर्न प्र्याप्त हुदैनन् । बुढाका यी अन्तिम अभिव्यक्ति पछि स्लिपिंग व्यागमा सुतेर विहान उठ्दा बुढाको बेड वरिपरि धेरै मानिस जम्मा भएको ला ! बुढा त वितेछन् यसरी म पात्रलाई बुढा संग अवेर सम्म कुराकानी गर्दै सुतेका यो कसरी भयो मनमा अनेकौं कुरा खेले र ३०८ नं. बेड खालि देखियो र उनको लास लगि सकेको पाइयो । यसरी म पात्रको वारिपरिको परिवेषमा कथावस्तु तयार भएको छ ।

### ३.१७.७.३. चरित्र चित्रण

**बेड नं. ३०८** कथाका चारित्रिक पात्रहरूमा विरामी आमा, आमाको कुरूवा छोरो ३०८ बेडका बुढा बा डाक्टरहरू सहयोगी, बुहारी देखिन्छन् । उनीहरूको चारित्रिक त्रियाकलापको आधारमा कथावस्तु अगाडि बढेको पाइन्छ । कथावस्तुका प्रमुख तथा गौण पात्रहरूको निम्न अनुसार चर्चा गरिन्छ ।

**क) म पात्र**

**बेड नं. ३०८** कथाका प्रमुख पात्रहरूमध्ये म पात्रको भूमिका महफ्वपूर्ण रहेको छ किनकि आफ्नो विरामी आमाको कुरूवा बनेर आएको म पात्रले **बेड नं. ३०८** मा रहेका बुढा बा को छोराको रूपमा सेवा गर्ने मौका पाएको छ । किनकि बुढालाई समय समयमा पानी खान दिनु बुढा बा का छोराहरूको जानकारी लिनु उनको आत्माकथामा आफूले पनि दुःख मा छट्पटिनु जस्ता कार्यले गर्दा म पात्रले आमाको मात्र नभएर वृद्धा बा को समेत हेरचाह गर्ने मौका पाएको हुन्छ अन्तमा बेलुका सुख दुःख का कुराकानी बुढा बा संग गरी सुतेर विहान बुढा बा को **बेड नं. ३०८** खालि देखिनुले म पात्रलाई पिडाबोध गराउदछ ।

**ख) बुढा बा**

**बेड नं. ३०८** को कथाका प्रमुख पात्रकै भूमिका निभाउने बुढा बा दोस्रो चरित्र चित्रण गर्ने पात्र हुन् । उनी अस्पतालको मृत्यु शैयामा आफलाई राखेर निठुरी छोराहरू र आफन्तको समेतनाम लिन गाह्रो मान्दछन् । आमा मर्दा नआउने छोराहरू ऋण लाग्छ भनी नआएको जेठो छोरो आफू मेरपछि आँसुको मुल्य थाहा पाउने अभिव्यक्ति दिन बुढा बा खप्पिस देखिन्छन् ।

**ग) आमा**
म पात्रको आमा अस्पतालको बेड रूपमा विरामी परी म पात्र छोराको भूमिका निभाउन कुरूवा बसेको हुन्छ ।

**३.१७.७.४. भाषाशैली**
**बेड नं. ३०८** कथाका लेखक राजु श्रेष्ठ द्वारा लिखित कथामा परिस्कृत भाषाशैलीको प्रयोग पाइन्छ । उनले कथालाई सरल, सरस र सुबोध्य प्रदान गर्न उपयुक्त शब्दहरूको काँट छाट गरि मिलाएको संरचनामा कथावस्तु विशिष्ठ प्रकृतिको पाइन्छ । यसो हुनुमा उपयुक्त भाषाशैलीको प्रयोग नै रहेको मान्न कर लाग्दछ ।

**३.१७.७.५ दृष्टिबिन्दु**
**बेड नं. ३०८** कथामा आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ । यहा आन्तरिक दृटिविन्दुमा प्रथम पुरूषको म पात्रनै आमाको हेरचाह गर्न अस्पतालमा रहेका हुन्छ भने बाह्य दृष्टिबिन्दुमा बुढा बा को अन्तिम अवशानले महफ्वपूर्ण भूमिका खेलेको छ ।

**३.१७.७.६. उद्देश्य एवम् सारवस्तु**
प्रस्तुत **बेड नं. ३०८** को कथाको मुख्यउद्देश्य वृद्धा अवस्थामा विरामी परेर अस्पतलको बेडमा मृत्यु शैयामा छटपटि गर्ने समयमा परिवारका सन्तानहरूबाट टाढा रहनु पर्दाको समय मृत्युको अन्तिम समयमा पानी खान नदिने सन्तानलाई सम्फेर केही फाईदा छैन भन्ने सन्देश बुढा बा को आत्मा कथाबाट उजागर गराउनु यस कथाको मुख्यउद्देश्य रहेको छ । यसको साथै मर्ने बेलामा जसले अन्तिम समयमा हेरचाह पुऱ्याउदछ त्यो नै छोराछोरी सावित भएको तर वार्स्तविक छोराछोरी भने दुई दिनका पाउना भएको र स्वार्थको भूमरी भित्र रहेको वास्तविकतालाई बेड नं. ३०८ कथाको उद्देश्य मान्न सकिन्छ ।

**३.१७.७.७. देशकाल परिवेश**
प्रस्तुत **बेड नं. ३०८** कथाको सुरूवात अस्पतालको विरामी कुरूवा म पात्र र उसकी आमा र ३०८ नं. बेडमा रहेका बुढा बा को सेरोफेरोबाट कथावस्तु अगाडि बढेको र बुढा बा मर्ने बेलामा साहारा दिने कोहि नभएर त्यही आमाको हेरचाह गर्ने म पात्रनै अन्तिम अवस्थामा बुढाको लागि पानि खुवाउन पुग्दछ । बुढाबाका दु:ख र दर्दका आँसुका थोपा गन्न पुग्छ । उसका छोराहरूले बाबुलाई सम्फन नसकेको अवस्थासम्म पनि बुढाबा संग कुराकानि भएको तर भोलिपल्ट विहान उठेर हेर्दा बेड नं. ३०८ खाली भएको मा म मात्रलाई दु:ख लाग्छ, छट्पटी हुन्छ बुढा बा को लास हिडाइसकेको हुन्छ यस्तो दु:खदायी अवस्थामा कथाबस्तु अगाडि बढेको पाइन्छ ।

**३.१७.९ त्यो केटा, उनी र म कथाको विश्लेषण**
**३.१७.९.१. शीर्षक सार्थकता**
प्रस्तुत **त्यो केटा उनी र म** कथाका लेखक हरिहर शर्मा हुन् । उनले यस कथाका माध्यमबाट म पात्रले बसमा यात्रागने क्रममा बसभित्र रहेकी उनी त्यो केटा र म पात्रले गरेका क्रियाकलापलाई मुख्य विषयवस्तु बनाउन खोज्नु कथाको शीर्षक सार्थकता भएको पाउन सकिन्छ ।

**३.१७.९.२. कथानक/कथाबस्तु**
**त्यो केटा उनी र म** शीर्षक कथाका लेखक हरिहर शर्मा हुन् । उनले प्रस्तुत कथामा म पात्रलाई अफिस छोडी सदा फैं बस चढ्न पुतलीसडकमा पर्खेको हुन्छ । चैत महिनाको समय भए तापनि गर्मी नभइसकेको हुँदा म पात्रलाई बस कुर्नु पर्दा गर्मीको महसुश हुन्छ । निकै बेरपछि मानवाभेषका साथ बस आएको हुन्छ । त्यही बसमा चढेर अगाडि बढ्ने क्रममा बस अग्लो भएको कारण उभिन

मिल्ने भएको हुँदा धेरै यात्रुहरू उभिने अवस्था परेको कारण म पात्रलाई पनि बसको पछाडि उभिन पुग्छ । उसको विपरित स्थानमा एउटा केटा उभिएको हुन्छ भने अर्को छेउमा म पात्रको छिमेकी महिला उभिएकी हुन्छिन् । म पात्र हतास बनी घरी चस्मा मिलाउने गऱ्यो, घरी दायातिर हेर्न थाल्यो भने उनिले पनि कर्के नजर जुधाउन सुरू गरिन् । घरी ओठ चाट्ने, घरी जुल्फी मिलाउने कार्यलाई दोहोऱ्याउन थालिन् । यस अवस्थामा बस घरी रोकियो र हिँड्ने क्रम जारी थियो । ओर्लने भन्दा चढ्ने यात्रुको संख्या बढी देखिन्थ्यो । उनी र म पात्रको विचमा भौतिक निकटता नजिकिँदै जान लाग्यो । उनी मेरो साहरामा उभिएकी भानहुन्थ्यो । यत्तिका भैसक्दा पनि बाँतचित हुन सकेको थिएन । न की पछिल्लो निकटताले शब्दले बोल्नु आवश्यक थिएन । यतिकैमा पछाडिबाट एकजना मान्छे उठे उक्त ठाउँमा बस्ने हकदार म पात्रको हुँदाहुँदै म पात्रले अन्जान साथीलाई खाली सिटमा बस्ने आग्रह गरे तापनि पछाडिबाट एकजना केटा उक्त सिटमा बस्न आउन लागेकोमा उनको इसारामा म पात्रले नै सिटमा बस्न पुगेको हुन्छ । उनलाई आफ बसेको सिटमा बस्न दिन सक्दैन । समाजले के भन्ला भन्ने डरले, त्यसपछि उनीको हेराहेरको क्रम केटातर्फ अगाडि बढ्दछ । त्यो केटाले उनीको कोमल अङ्गमा छुन पुग्छ । म पत्रलाई त्यो केटादेखि रिस उठ्छ । त्यो केटा उनीसँग टाँसिदामा उनीले अप्ठ्यारो महसुश गर्छिन । उभिनेहरूओर्लिदै जाँदा दुई पक्षको हेराइमा ग्यापिङ हुन्थ्यो । म पात्रले उनी पात्रको सिउँदो खाली बनाएर एकचुल्ठो बाटिएको निख्खर कालो कलाप, ठुलाठला आँखामा जागल पोतिएका परेली, कालो वर्णको अनुहार म पात्रको मनै चोर्ने किसिमको संयोजन थियो । उनीको तीनकुनेमा आएपछि उनले सिट पाएको र शारीरिक, मानसिक र मनोबैज्ञानिक उतारचढावले उनलाई थकित बनाएको हुन्छ । अन्तमा म पात्रलाई गल्ती गरेको अनुभूति हुनपुग्छ । तर प्राकृतिक व्यवहार भएको कारण गल्ती नभएको र भुलै भए पनि मिठो भुल थियो भन्ने म पात्रको धारणा छ ।

### ३.१७.९.३. चरित्र चित्रण

**त्यो केटा उनी र म** कथाका मुख्य पात्र म पात्र नै देखा परेको छ भने सहायक तथा गौण पात्रको भूमिका त्यो केटा र उनीले खेलेको पाइन्छ । जसको कार्यव्यपार चरित्र चित्रण निम्नानुसार गर्न सकिन्छ ।

#### क) म पात्र

**त्यो केटा उनी र म** शीर्षक कथामा म पात्रको प्रमुख भूमिका रहेको देखिन्छ । उसले पुतली सडकबाट बस चढ्ने क्रममा छिमेकी केटी उनीसँग आँखा जुधाउने कामदेखि लिएर आफ्नो अधिकार प्राप्त सिटमा बस्न समेत सङ्केत गरेका हुन्छन् । त्यही अवस्थामा त्यो केटा पात्रले सिट ओगट्न आइपुगेको अवस्थामा म पात्रमा बस्न पुग्दछ । तापनि उनको सम्पूर्ण ध्यान उनीप्रति नै हुन्छ । उनीको यौवनको संकेतले म पात्रको मन छचल्किन पुगेको हुन्छ । उनी पात्रलाई हेर्नु उनको गल्ती नभएको बरूभुलै भए पनि मिठो भुलको अनुभूति गर्न पुग्छन् ।

#### ख) उनी

उनी कथाको गौणपात्र मानिन्छिन् । उनीद्वारा म पात्रको मनमा शंका, विस्मत र रमाइलो अनुभूति पैदा हुन्छ । उनी बसको पछाडिपट्टी, म पात्रको नजिक आफ्नो कोमल यौवनलाई म पात्रको मनोवैज्ञानिक सम्पर्क स्थापना गर्न खोज्दछिन् । यही अवस्थामा ती केटाको निकटताले उनी पात्रलाई धर्म संकट आइपर्दछ । जे भएपछि उनीको भावनात्मक आकर्षण भने म पात्र प्रति नै बढी केन्द्रित भएको देखिन्छ ।

**ग) त्यो केटा**

त्यो केटा कथाको गौणपात्र अन्तर्गत पर्दछ । त्यो केटाले बसको सिट नपाएको अवस्थामा उनी पात्रसँग नजिक रहेर कोमल अङ्गहरूमा तथा तनमा रगडेर जानुले म पात्रलाई चित्त दुखाउने काम गरेको छ भने उनीप्रति पनि नराम्रो छाप पर्न गएको देखिन्छ ।

**३.१७.९.४. भाषाशैली**

कथाकार हरिहर शर्माद्वारा लिखित **त्यो केटा उनी र म** कथामा कथाकारले परिस्कृत भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कथाबस्तु सरल, सरस र सुबोध्य देखिएकाले उपयुक्त भाषाशैलीको प्रयोगले कथाबस्तु स्तरीय बन्न पुगेको छ ।

**३.१७.९.५. दृष्टिबिन्दु**

**त्यो केटा उनी र म** कथामा प्रथम पुरूष आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ भने कतिपय ठाउँमा बाह्य दृष्टिबिन्दुको पनि प्रयोग भएको देखिन्छ । यसरी यस कथामा आन्तरिक तथा बाह्य दृष्टिबिन्दुको प्रतिनिधिफ्व म पात्र, उनी र त्यो केटाले गरेका छन् ।

**३.१७.९.६. उद्देश्य एवम् सारवस्तु**

**त्यो केटा उनी र म** कथाको मूख्य उद्देश्य भनेको कुनैपनि बसभित्र चढेर यात्रा गर्दा महिला वा पुरूषका वीचमा एक आपसका अङ्गहरू टाँसिनु, शारीरिक अङ्गहरू रगडिनु आदि क्रियाहरूहुने गर्दछन् । त्यस्तो अवस्थामा तेस्रो पक्षको उपस्थिति भयो भने पहिलो र दोस्रो पक्षको वीचमा शङ्का, उपशङ्का उत्पन्न हुनु स्वभाविकै हुन आउछ भन्ने सङ्केत दिनु यो कथाको मुख्य उद्देश्य हो ।

**३.१७.९.७. देशकाल परिवेश**

**त्यो केटा उनी र म** कथाको परिवेश यात्रुबाहक बसको सिटमा बस्न नपाएर उभिन बाध्य भएको म पात्रको छेउमा छिमेकी नारी पात्र उनीसँग बसको धक्काले उनीको शरीरमा धक्का दिन पुग्छन् । उनी र म पात्रको वीचमा आँखाको जुधाइ सुरूहुन्छ । एक अर्कामा सहयोगी भावनाको विकास हुन खोज्छ तर वीचमा बाधकको रूपमा त्यो केटा उपस्थित हुनपुग्छ । जसको कारण म पात्र र उनीको बिचमा प्रश्न चिन्ह खडा हुन्छ । बसमा अधिक यात्रुहरूको कारण म पात्र र उनीको बिचमा बातचित हुन सकेको हुँदैन तापनि मानसिक रूपबाट एक अर्कामा भित्र बस्न सफल देखिन्छन् । म पात्रले उनी पात्रलाई खाली सिटमा राख्ने प्रयत्न गर्छ तर असफल हुन्छ । तर उनी पात्रको सङ्केतबाट सिटमा बस्न सफल भएकोमा उसलाई गर्व लाग्छ । यसरी एउटा बसमा चढेको समयमा एउटी उनीसँग प्रेममय व्यवहार साटासाट गर्न म पात्र सफल देखिन्छ । तापनि अन्तिममा गल्ती नै भए पनि मिठो भुल स्वीकार गर्न पुग्दछ भने त्यो केटा, म र उनी पात्रको बाधक बनेर उपस्थित भएको हुन्छ । यसरी तीन जना पात्रहरूको सेरोफेरोमा कथाबस्तु विभिन्न परिवेशमा अगाडि बढेको पाइन्छ ।

## चौथो अध्याय
## प्रवृत्तिका आधारमा आँखा पत्रिकामा सङ्कलित कथाहरूको विश्लेषण

**आँखा**पत्रिकामा प्रकाशित कथाहरूलाई प्रवृत्तिका आधारमा समेत वर्गीकरण गर्न सकिन्छ । **आँखा**पत्रिकाको अंक १ देखि अंक १७ सम्मका पत्रिकाहरूमा सङ्ग्रहित कथाहरूमध्ये कुनै कथामा प्रेमको महफ्वको विषयमा वकालत गरिएको पाइन्छ भने कुनै अङ्कमा राजनैतिक द्वन्द्व र सन्त्रासको अवस्था देखा परेको पाइन्छ । कतै देश प्रेमको अभाव भेटिन्छ त कतै सामाजिक यथार्थवाद, घटना प्रधान, विचार प्रधान पाइन्छ भने कतिपय कथाहरूले प्रकृतिको मनोहारितालाई मुख्य विषयवस्तु बनाउन खोजिएको देखिन्छ त कतै विश्व परिवेशलाई समेत चित्रण गर्न खोजिएको पाइन्छ । जुन कथाहरूको प्रवृत्तिगत विश्लेषण निम्न अनुसार गर्न सकिन्छ ।

| क्र.सं. | कथाको प्रवृत्तिगत विषय | कथा संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रेमको विविध रूप प्रस्तुत गर्नु | २० | |
| २ | सामाजिक यथार्थवाद | ११ | |
| ३ | विचार प्रधान | ८ | |
| ४ | अस्तित्व विसङ्गतिवाद | ७ | |
| ५ | राजनैतिक द्वन्द्व र सन्त्रास | ९ | |
| ६ | देश प्रेम | १ | |
| ७ | घटना प्रधान | ६ | |
| ८ | गरिबी अभाव | ६ | |
| ९ | मनवतावाद | ४ | |
| १० | विश्व परिवेश चित्रण | २ | |
| ११ | प्रकृतिको मनोहारिता | २ | |
| | **जम्मा कथा** | ७६ | |

### ४.१ प्रेमको विविध रूप प्रस्तुत गर्नु :
**आँखा**पत्रिकामा संकलित कथाहरू मध्ये धेरै जसो कथाहरूमा प्रेमको महफ्वलाई विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ । कतिपय कथाहरूमा प्रेममा आत्मिकता प्रदान गरेको देखिन्छ भने कतिपय कथाहरूमा प्रेममा काल्पनिकताले मुख्य विषयवस्तु बोकेको पाइन्छ । कतिपय कथाहरूमा प्रेममा धोका पाएर छट्पटीमा परेका पात्रहरू प्रशस्त भेटिन्छन् जुन माथि उल्लेखित कथाका प्रवृत्तिगत कथाहरू निम्नअनुसार प्रस्तुत गरिएको पाइन्छ ।

### ४.२ स्थायी प्रेम (आत्मिक) :
**आँशु उकुस मुकुस जिन्दगीका** कथामा जीवन सँधै यदि आँधीमा मात्र चल्छ भने यहाँ बाच्नु बेकार रहेछ भन्ने अभिव्यक्तिलाई स्थायी मानसिक प्रेमको रूपमा लिन सकिन्छ । त्यसै गरी **सानी जलपरी** कथामा कान्छी राजकुमारी मत्स्यकन्याले मनुष्यको प्रेममा परेको कारण मत्स्यकथा **सानी जलपरी** अनन्त विलिन भएर गईन । त्यसैगरी **पहेँलो आकाशको बेहुली** कथामा मार्सल ज्याक पोटरले कसैलाई थाहै नदिई एउटी युवतीसँग विवाह गर्नुलाई आत्मिक प्रेमको उदाहरण मान्न सकिन्छ । **सौन्दर्य** कथामा रोजीको रूप र सौन्दर्यले भारवीलाई समेत प्रभाव पार्नु रोजीको सौन्दर्यलाई भारवी देवकोटाको शाकुन्तल महाकाव्यमा जुनै जुनले मानौं कुदेकी, फूलै फूलले मानौं बनेकी भनी उल्लेख गर्नु आत्मिक प्रेमको नमुना मान्न सकिन्छ । त्यसैगरी यो प्रेम कथामा मनुले अमरलाई पुऱ्याएको सहयोगलाई स्वीकार्दै अमरले मनुलाई कसरी घृणा गर्न सक्छ र ? भन्नु आत्मिक प्रेमको ज्वलन्त उदाहरण मान्न सकिन्छ । किनकि यो प्रेम कथामा मनुले आफू शारीरिकअसत्त भएर पनि अमरलाई

प्रेम गरेकी हुन्छिन् । उनको स्वास्थ्यमा ख्याल गर्नु समयमा खानदिनु जस्ता विषयले अमरलाई आत्माको टुक्रा बन्न मनुलाई विवश बनाएको हुन्छ ।

**४.३ काल्पनिक प्रेम :**

**रहस्यमय** शीर्षक कथामा कथाको मुख्य पात्र मदनलाई अपरिचित अम्बिका नामकी नारी पात्रको फोनले बेसै भयो तँ फसिनस् भन्ने अभिव्यक्तिले काल्पनिक प्रेमको संकेत गरेको पाइन्छ । **प्रेमको हिसाब खाता** कथामा सुमनलाई कुसुमले नक्कली कुराकानी गर्नु र प्लिज म तिमीलाई एक पल्ट भए पनि भेट्न चाहान्छु । यस पछिको जिम्मा तिम्रो भन्नुले काल्पनिक प्रेम गर्न खोजको पाइन्छ । त्यसैगरी गुरुपूर्णिमा कथामा गुरु चेला बिचमा भएको प्रेममय कुराकानीलाई प्राथमिकता दिदै भगवान तपाई दुवै जनाले माफ गर्नुहोस् म सम्झन भने छोड्ने छैन भनी काल्पनिक प्रेमको विषयलाई छताछुल्ल पारिएको छ । **त्यो केटा उनी र म** कथामा म पात्रले बसको पछाडि उभिएको नारी पात्रसँग प्रेमको अनुभूति गर्दै मैले गल्ती गरेछु कि भन्ने पनि लाग्यो तर सोचि रहे यो गल्ती होइन स्वभावत् प्राकृतिक व्यवहार थियो। त्यसरी नै **आफ्नो-आफ्नो घाउ** कथामा रावले विरेन्द्रको अन्तिम मिति तोकेको समयमा पनि सिनोले उक्त विषयलाई छातीभित्र लुकाएर राखेकी हुन्छिन् । तर कपुरको पति एक दिन फर्कि आउने छ तर उनको रूने कराउने साथ रहँदैन, त्यसैले शिनाले पतिले ल्याएको फूललाई मेरो एक लौटी पति यसलाई आफ्नो हातले मेरो केशमा लगाई दिनुस् भनी कल्पना गरेकी हुन्छिन् ।

**४.४ प्रेममा संयोग/वियोग :**

कतिपय कथाहरूमा प्रेममा धोका पाएका विषयहरू देखापरेका छन्। भने कतिपय कथाहरूमा प्रेममा वियोग खप्नु परेका देखिन्छन्। जुन विषयमा सम्बन्धित कथाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ । **विर्सदै गरेका यादहरू** कथामा कथाको मुख्य म पात्रले उ पात्रसँग गरिएको असफल प्रेमको कारण धक्का महसुस गरेकी हुन्छिन् । त्यसैगरी अनभिज्ञ **विवाहमा लाश** कथामा रोजीले आफ्नो प्रेमी मिकेसलाई मन पराएको समयमा उनका बाबु आमाले विनोदसँग विवाह गर्न खोज्दा रोजीले निकेशलाई तिम्रो इच्छा मैले पुरागर्न सकिन् आजलाई विदा तिम्रो इच्छा अर्को जन्ममा पूरा गरौंला भन्दै आत्माहत्या गर्न पुगको देखिन्छ । त्यसै गरी म नारी पात्रलाई उ पुरूष पात्रले उनी तिम्री बहिनी हुन । उनी निदोषी छिन् । यो पाप मेरो हो । भनी प्रेममा धोका दिन खोजेको पाइन्छ । त्यसै गरी **कलंकित विश्वास** कथामा ब्राह्मणको छोरा म पात्रले एउटी सर्किनी युवतीलाई लिएर हिडे तापनि पछि युवतीले अर्कै केटासँग हिड्नुले म पात्रले प्रेममा धोका पाएको देखिन्छ । त्यसैगरी कस्तो भेट कथामा शिलाले आफ्नै देवर भनी अर्कै पुरूष पात्रलाई माइती घरमा राख्नुले शीलालाई हजारौं विच्छीले टोकिदए जस्तो लाग्यो । पोखरामा भेटेकी देवररूपी सरोज यो थिएन । त्यसैगरी **चार्ली चैपलिन** एकप्रेमी कथामा चैपलीनले चारवटी युवतीसँग विवाह गरे तापनि ५४ वर्ष पश्चात् मात्र प्रेम प्रगाढ रहेको थियो । यसैगरी **अभिभारा** कथामा प्रकाशले प्रमिलालाई आफ्नो जीवनसाथी बनाउन लागेकोमा प्रमिलाका बाबुआमाले अर्कै केटा खोजी विवाह गरी दिनखोज्नु प्रकाशले म ठीक बाटोमा छु तर प्रमिला र उनका मातापिता गलत बाटामा छन् । गलत काम गर्नेलाई समाजले दण्ड दिदैन् भनी अभिव्यक्ति दिनु प्रेममा धोका भएको मानिन्छ ।

त्यसै गरी **बाबा साट्ने की** कथामा अक्कल बाबाले तीन वर्षीय प्रमिलालाई देखाएको प्रेमले छोराछोरी तथा श्रीमतीप्रति स्नेह नगर्ने बाबुआमा प्रति तिखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ । (पाफे, २०६५: १०७) किनकि **बाबा साट्ने** की कथामा ३ बर्षे बालिकाले अङ्कललाई मन पराएर आफ्नो कुलतमा लागेको बाबुले आमालाई कुटपिट गरेको दृश्यले मनोवैज्ञानिक असर पारेको देखिन्छ । प्रमिलालाई उसको बाबुले माया प्रदान गर्न सकेको हुँदैन जसको परिणामस्वरूप आफ्नो बाबुलाई माया नगरेको कारण अङ्कल सँग बाबा साट्न् स्वीकृति आमा सँग लिन पुगेकी हुन्छिन् ।

## ४.२. सामाजिक यथार्थवाद :

**आँखा** पत्रिकामा प्रकाशित कथाहरूमध्ये सामाजिक परिवेशलाई आधार बनाएर लेखिएका कथाहरू धेरै छन्, जसमध्ये सामाजिक यथार्थवाद भित्र पनि धार्मिक, सांस्कृतिक, आर्थिक र पारिवारिक विषयवस्तु समेटिएको पाइन्छ । सामाजिक यथार्थवादभित्र रहेका कथाहरूलाई निम्न अनुसार चर्चा गर्न सकिन्छ ।

पारिवारिक कथाहरूमध्ये **चित्रबुद्धको** कथामा सानीले देवीस्थानमा देखेको गौतम बुद्धको चित्रले उनको मनस्थितिमा ल्याएको उतारचढावलाई उच्चस्थान दिएको पाइन्छ । त्यो के ? भगवान बुद्ध मनपऱ्यो ? आँशु भैँ यही राख्नुस् भन्ने उक्तिले बाल मस्तिष्कमा परेको असर देख्न सकिन्छ । यसरी नै **मेरी नजन्मेकी छोरी** कथामा कथाको म नारी पात्रका छोराहरू मात्र जन्मिएको समयमा म पात्रकी पत्नी बीनालाई छोरी पाउने इच्छा हुँदाहुँदै पनि म पात्रले बन्ध्याकरण गर्न पुग्नु परिवारमा छोरीको इच्छा जागेर यही पसलेको चच्द्रमायालाई आफ्नो छोरी बनाएको प्रसङ्ग मेरी बीनालाई भन्छे एउटा छोरी त पाउनै पर्ने रहेछ, रमाइलो हुन्थ्यो भन्ने भाव कथामा अभिव्यक्ति भएको पाइन्छ । त्यसैगरी **अनुमान** कथामा म पात्रले श्रीमतीको निधनबाट परेको पीडामा समेत ५ वर्षको छोरो उमेसको स्कुल जाने, खुवाउने सम्पूर्ण कार्य गर्दै अफिस समेत जानु पर्दा कहिले त म पात्रलाई साथीहरूले गाली गरेका हुन्थे । कति यसै बस्छौ स्वास्नी त चाहिन्छ भन्थे । (सापकोटा २०४१: १६) **अनुमान** कथामा म पात्रले स्वास्नीको अभावमा रहँदा सानो छोराको सम्पूर्ण आवश्यकता पूरा गर्न खोज्नु चुनौती कै विषय देखिन्थ्यो फेरि आफू पनि अफिस भ्याउनु पर्ने अनि छोरालाई पनि समयमा बोर्डिङ्ग पठाउन कठिन देखिन्थ्यो श्रीमतीको साथमा रहँदा र विछोडमा रहँदा अनुभूति गरेको विषयलाई कथामा चित्रण गर्न खोजिएको देखिन्छ ।
**वाह ! अमेरिका** कथामा रफिया दिदी भिनाजुका माध्यमबाट बहिनी रविया ज्वाँइलाई अमेरिकामा जानको लागि खबर पठाएको, रवियाले पहिलो पटक अमेरिका पुग्दा वाह ! अमेरिका भन्ने भनाइले अमेरिकाको प्रगतिलाई चित्रण गर्न खोजेको देखिन्छ । यसैगरी **सौतीमा** कथामा निशाले अस्पतालको वार्डमा पालो बसेको समयमा आफ्नो आमाको मृत्यु पश्चात् १५ वर्ष पछि आफ्नी सौतीमाको सेवागर्न पाउनुलाई निशाले गौरव ठानेकी हुन्छिन् । म ठूलो भएपछि डाक्टर बनेर तिमीलाई ओखती दिन्छु । सौतीमा भनेर बिरामी परेको बेलामा सान्त्वना दिनखोज्नु पारिवारिक स्नेह र मानवताको संकेत मान्न सकिन्छ ।

**हराएको मूर्ति** कथामा कथाका बालपात्र अञ्जु, अरूण र अशोकले मन्दिरको मूर्ति चोरहरूलाई समात्न सहयोग पुऱ्याएकोले उनीहरूका बाआमा खुशी हुन पुगेका देखिन्छ । नरिसाउनु होस् तपाईको छोराछोरीले त ठूलो काम गरेका छन् । यस्ता छोराछोरी पाउनु त भाग्यको कुरा हो । यसरी हराएको मूर्ति फेला पार्नुमा बालबालिकाको भूमिका महफ्वपूर्ण मानिन्छ । त्यसरी **नै विदेश भ्रमण** कथामा त्रिपुरा सुन्दरीको मूर्ति चोरी गरी विदेशमाा लगेको आशंकाले गर्दा त्रिपुरा मन्दिरमा रहेको बुद्ध र भैरवको आमा समेत विदेश भ्रमण गर्न गएको व्यङ्ग्य कथामा आएको देखिन्छ । यसरी मर्ति चोरी गर्ने चोरलाई देवीले दण्ड नदीएको र भोले बाबाले समेत पापको फल भोग्नै पर्छ, भोगी हाल्छ, आत्तिनु हुँदैन भन्दै भक्तजनलाई सान्फ्वना दिन खोजको पाइन्छ ।
त्यसै गरी **नागदेवताको पूजा** कथामा बर्माको कौसी गाउँमा अवस्थित नागदेवताको मन्दिरमा पूजा गर्ने क्रममा नागदेवता रिसाएर गाउँभरी छोरा नजन्मिएर छोरी मात्र जन्मिने गेरेकोमा कौसी गाउँबाट हँसायो नामकी कन्यालाई बली दिने काम गरेपछि उक्त गाउँमा छोरो जन्मिएको विश्वास गरिएको थियो । बच्चा ठीक त्यस समयमा जन्म्यो जुनबेला नागदेवताले हसायोको बलिदान स्वीकार गरेको थियो । (डेवर्स, २०२९: ५६) नाग देवताको मन्दिरमा हँसायो नामको युवतीलाई बली दिएपछि मात्र उक्त गाउँमा छोरा जन्मिएको भन्ने विषयमा सहमति प्रदान गर्न सकिँदैन मन्दिरमा देवता रिसाउने बित्तिकै गाउँमा छोरी छोरी जन्मने तर बलि दिए पश्चात् छोरो जन्मने भन्ने धारणा र विश्वासलाई अन्धविश्वास अन्तर्गत राखी संयोगलाई जोड्न सकिन्छ।

**एउटा नसुतेको रात** कथामा जिते आफू निर्धो भएको कारण रिक्सामा यात्रा गर्ने साहेव नभेटेकोमा बेलुका रित्तो घर फर्कन्छ, घरमा आमा छोराले केही खाने चिज ल्याउला भन्ने आशामा रहेकी हुन्छिन् तर केही नल्याएको नदेखि यस्ता छोरा रहनु भन्दा त बरू कोखै बाँझो भएको जाती भन्ने अभिव्यक्ति दिन्छिन् । त्यसैगरी **भट्टीवालको छोरी** कथामा भट्टीवालले आफ्नो छोरीलाई पढ्नबाट बञ्चित गराई व्यापारको असल माध्यम बनाएकोमा पछि छोरीले गण्डकीमा हामफाली मरेको कथा प्रसङ्गले आर्थिक अभावका कारण छोराछोरीलाई समाजमा पढ्ने अधिकारबाट बञ्चित गरेको पाइन्छ । त्यसैगरी **जरूरी काम** कथामा मोहनलालको मदेशबाट जीवन एक अभिशाप सरूवा भए पश्चात् उनको दिन चर्याले कर्मचारीको भूमिका निर्वाह गर्नुको साथै मन्दिरमा दर्शन गर्न समेत उनी चुकेका हुदैनन् । उनको कार्यालयमा ढिला पुग्नु र छिटो निस्कनु उनको नित्यकर्म थियो । यसरी नेपालमा कतिपय कर्मचारीहरूमा कामचोर प्रवृत्ति रहेको पाइन्छ । जसको कारण अन्य इमान्दार र कर्तव्य पालन गर्न पछि नपर्ने कर्मचारीलाई नकारात्मक असर पार्ने गरेको देखिन्छ ।

**४.३. गरिबी र अभाव :**

**आँखा** पत्रिकामा संकलित कतिपय कथाहरू गरिबी र अभावसँग सम्बन्धित भएर देखा परेका छन । जुन कथालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । **व्यथै व्यथाको जीवन** कथामा दोलखाको कुनै भूमिमा जन्मिएको जुठेले आफ्नो उपचारको लागि जिम्बलसँग घरबारी धितो राखी लिएको रकम र यता घरमा अर्काको बनी गरी छोराछोरी पाल्नु पर्ने भुण्टीको अवस्थाले कथावस्तुमा करूणाभाव देखापर्दछ । उता जुठेको पनि मृत्यु हुन पुग्छ । भुण्टीलाई छुट्ने बेलामा भुण्टी लौ म त जान्छु भनेका यी शब्द नै उसका लागि अन्तिम वाक्य मानिछन् । (धिताल २०२७: ४३)

**जीवन** कथामा देखापरेका ऊ पात्रले आफ्नी बुढी आमा र रूप र सौन्दर्यले धनी पत्नीलाई घरमा छाडी भारतीय भूमिमा गई गोरखा राइफलमा भर्ती भएर फर्कने क्रममा नक्कली सुन किनेर ल्याई आफु भारतीय व्यापारीहरूबाट ठगिन पुग्छ । यसरी गरिबी र अभावको क्रममा अर्काको भूमिमा जाँदा समेत ठगिनु पर्दा उ पात्र दिग्दार मान्न पुग्छ । उसको सुन बाहिरी जलप मात्र हो र उ ठगिएको छ त्यो रेल स्टेशनमा (न्यौपाने २०२८:१५) ।

त्यसरी नै **पुंजी बिना केही गर्न सकिदैन** कथामा मुख्यपात्र मगन्तेले आफू रूखबाट लडी अपाङ्ग बनेपछि मात्र समाजबाट केही कुरा पाएको र अहिले उसलाई जीवन चलाउन पुँजी पाइ सकेको अर्थात् अपाङ्गता नै उसको पुँजी भएको कथावस्तुको भाव व्यक्त गरिएको पाइन्छ । (तुलाधर, २०२८:२७-३४) **तारा रित्तिएको आकाश** कथामा समेत कृष्णको श्रीमती मालाले आफ्नो घर परिवारमा कंगाल अवस्था भएको कारण धन कमाउन मुग्लान गएको अवस्थामा कृष्णको ढुङ्गाले किचिएर मृत्यु भएको खबरले माला मर्माहत बन्न पुगेकी हुन्छे । ढुङ्गाले किचिएर दाई स्वर्गे हुनु भो यो धागोले बाँधिएको चिठ्ठी यसै भन्छ । (बल्लभ, २०२८:६५)

त्यसै गरी **विउँझेको सपनाहरू** कथामा समेत जुठेले घरमा सौतीनी आमाको कटुबचन खप्न नकसी सहर परेको हुन्छ । सहरमा महिनाको रू. २।- मा होटलमा भाँडा माझ्न बाध्य भई भर्ती भएको जुठेको मुख्य उद्देश्य भनेको एक जोर राम्रा जुत्ता किन्ने कल्पना गर्छ, यस्तै समयमा जुठेले परिवारका सदस्यलाई नयाँ कपडा, भाइलाई पापा लगी दिन खोज्दा उ निन्द्राबाट व्युँजिदा केही पनि भेट्दैन पुनः ऊ मिठो निन्द्रामा रमाउन खोज्दछ ए कान्छा उठ् चार बज्यो साहुको आवाजले उ झस्याङ्ग विउँझियो । (थापा, २०२८: १३४)

**धमिलो सागर** कथामा पनि जीवनयापनका क्रममा भोग्नुपरेका विवशताप्रति इङ्गित गरेको पाइन्छ । कथाको म पात्रले बगली मारेको निहुँमा गोदाई खानु परेको र कलेजका केटीहरूले दिएको दुःखमा

समेत गरिबी र अभावबाट सिर्जना भएका घटनाहरू मान्न सकिन्छ । आइया दाइ ! मैले बगाली मारेको छैन,मरे नि (प्रधान, २०५०:१०) ।

**४.४. घटना प्रधान कथाहरू :**

**आँखा** पत्रिकामा प्रकाशित कतिपय कथाहरूले घटनाक्रमलाई समेत अभिव्यक्त गरेको पाइन्छ । जुन प्रकारका कथाहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ । **कला र कलाकार** कथामा एउटा कलाकारले अँध्यारोमा आफ्नो औजार चलाउने समयमा आफ्नो औलामा चोट लागि अर्को हातले औला समाती झोक्राउन लागेको समयमा बाहिर विभिन्न भुत, पिसाचहरूले विभिन्न किसिमको संकेत दिँदै तिमीले राम्रो काम गर्न लाग्यौ भनी सरस्वती, महाकालीले प्रत्यक्ष स्वरूप देखाई दिई अलप भएको जस्तो लाग्छ । पछि सबै जनाको समुह नृत्य गर्दै खुशीको झाँकी प्रदर्शन गर्न थाल्छन्, यस्तैमा कलाकार बेहोस भई भूमिमा पछारिन्छ (जीवन, २०२८:१४७) ।

**निर्विरोध** कथामा विरेले आफ्नो प्राणभन्दा प्यारी श्रीमतीलाई कजीनीको भरमा छोडी आफू भारी बोक्ने क्रममा विदेशिन पुग्छ । यता श्रीमतीलाई कजिनीको घरमा कोदो टिप्ने क्रममा अरिङ्गालले टोकेर उसको मृत्यु हुन्छ भने बीरे घरमा आउँदा श्रीमतीको मृत्युले घर मसानघाट भएकोले कजिनीको घाँटी अठ्याई बीरेले मारी दिनपुग्छ । बीरेले अन्तमा सन्तोषको उच्छवास छोड्यो मानौं उ निर्विरोध बिजयी घोषित भएको छ (विछोड, २०२९: ६३) ।

**अधुरो कथा** मा एउटा नाङ्गो लाटो केटाको अभिनयमा एउटा दानवले देउताहरूलाई डर देखाउन गरेको क्रियाकलापको केही समय राक्षसलाई फाइदा भए जस्तौ एउटा नग्न केटाको अभिव्यक्तिप्रति व्यङ्ग्य गरेको पाउन सकिन्छ । यति मात्र के भनी रहेको थियो त्यो मान्छे त्यहाँबाट फुत्त निस्क्यो म उसलाई हेर्न बाहिर निस्के पत्तै भएन । (अभिलासी,२०२९: ८९) । त्यसै गरी **खोर** कथामा समेत म पात्रले कसैको पसल घरमा पसी त्यहाँका भाँडाकुँडा तेलका टिन लान ठीक पार्दछ । रातको समयमा सामान वरपर सार्ने क्रममा उसलाई निन्द्राले छोपेको हुन्छ । निन्द्रामा पर्दा कसैले ढोका खोलेको सुन्छ, बिउँझिन्छ, कोहि भित्र पस्छ उसले देख्छ देख्दैन ढोकाबाट भित्र पस्दै गरेको मान्छेलाई (शर्मा २०४२: ३८) ।

त्यसरी नै **भट्टीवालकी छोरी** कथामा पनि कथाकी नारी पात्र भट्टीवालकी छोरीलाई बाबुआमाले नपढाएर शिक्षाबाट बञ्चित गरी होटल व्यवसायमा लगाउनु ग्राहकलाई खुसी पारेर आम्दानी गर्नु जस्ता गलत कार्यहरू हुनुलाई नेपाली समाजमाा घटनाक्रममका रूपमा लिन सकिन्छ । त्यही परार सालकै भदौमा गण्डकीमा हाम फालेर अपहत्ते गरेर मरी किन त्यसो गरी हामीले पत्तै पाएनौं (थापा, २०४१: ६७) । त्यसै गरी **हल्ला गर्ने विरालो शान्त कुकुर** कथामा समेत कथाको मुख्य म पात्रले घरमा पालिएको बिरालो र कुकुरलाई उनीहरूको कर्तव्यविरूद्ध मान्छे उत्रिए पछि मान्छेको घरमा चोरी भई सजाँय भोग्न विवस हुनुलाई समेत घटना प्रधान कथाको रूपमा लिन सकिन्छ । तेरो के मतलव भयो ? यत्रो खुवाएर पालेको, चोरी भएको हेरेर बसिस् तर एक चोटी पनि भुकिनस् ( बज्राचार्य २०५५:६५) ।

**४.५. वैचारिकता :**

**आँखा** पत्रिकामा प्रकाशित कतिपय कथाहरू वैचारिकतामा आधारित भएर लेखिएका पाइन्छन् । जसको चर्चा निम्नानुसार गर्न सकिन्छ । प्रस्तुत **पात** कथामा एउटै पातलाई विभिन्न कोणबाट प्रसङ्ग उठाएर चर्चा गर्न खोजिएको पाइन्छ । भने विज्ञानले पात ओइलाए पछि दशा लाग्ने दशा भनेको रोग व्याधा, दुःख, कष्ट, भन्झट र मृत्यु हुने विषयमा अभिव्यक्त भाव देख्न सकिन्छ । पानी नहाले पछि हावा र घाम नपाएपछि सबै कुरो ओइलिन्छ पातको के कुरा (गुरूङ, २०४२: २३) । त्यसैगरी **भोको पेट** कथामा टाम किंगले पेसेवार मुक्केबाज भएको कारण उसको आहारामा एक चोक्टा मासुको

परिवार नपरेको कारण सेढेल जस्तो मुक्केवाजसँग पराजित हुनु परेको, यदि उसले एक चोक्टा मासु खान पाएको भए, त्यस मुक्काको पछाडि त्यस मासुको तागत भएको भए टामकिंगले सेडेललाई पराजित गर्ने विषयलाई वैचारिक रूपबाट प्रस्तुत गरिएको पाइन्छ । यसरी नै **विचित्र देशको यात्री** कथामा घुमन्ते यात्रीले यो देशमा प्रवेश गर्ने क्रममा पाएको दुःख र दृश्य अवलोकनको विषयमा समेत वैचारिक रूपमा प्रकट गर्न खोजिएको छ । त्यसै गरी घुमन्ते यात्रीले लगाएको नक्कली चस्मा लगाएका वैचारिक पाटोलाई एउटा बालकले व्यक्त गरेको हुन्छ । त्यसैगरी **प्रतिपरीक्षण** कथामा म नारी पात्रले आफू अफिसरमा नियुक्त पाई आफ्नो पतिलाई खरिदारबाट पढेर नाम निकाल्न दवाव दिन्छिन् । तर उ असफल हुन्छ तापनि उसको शारीरिक खाइलाग्दो रूपले आकर्षित भएकी तर घर जाने बेलामा पतिको आगलागीमा परी मृत्यु हुनाले म नारी पात्र आफू लाई म ज्यानमारा थिए वा उ आत्माघाती भन्ने विचार प्रधान कथाका रूपमा व्यक्त भएको पाइन्छ ।

त्यसैगरी **अनुत्तरित प्रश्नहरू** कथामा कथाको मुख्य नायिका म नारी पात्रलाई सानो छोराले बाल्यकालमा सोधका असंख्य प्रश्नहरूको जवाफ दिन सकेको हुन्नन् तर अहिले आएर अनुत्तरित प्रश्नहरू आइदेओस् भन्ने चाहुन्छिन् । पुनः अहिले चाहन्छु थुप्रै प्रश्नहरू सोधी देओस्, रोइदेओस, हाँसिदेओस् तर पाउँदिन (प्रधान २०६०: ८२) ।

त्यसरी नै **सेतो कपाल** कथामा १५ देशका प्रतिनिधिहरू जापान जाने क्रममा अर्जेन्टीनाको गोभीले म पात्रको कपाल फुलेर सेतो भएको कारण आफ्नो दाजुजस्तो मान्छे, बुद्धको देशको मान्छे मलाई थाहाछ । चरित्रगत नैतिकताको मुख्य तपाइहरूको उँचो छ भन्ने वैचारिक तर्क प्रस्तुत गरेकी थिइन । त्यसैगरी **मेरा ती दयालु मित्र** कथामा सरदले लामो समयसम्म सँगै बसेको मित्रको विषयमा लेख्न वाध्य हुनु परेको देखिन्छ । किनकि प्लेगरिजमबाट ठुला लेखकहरूले आफ्नो रचनाहरूलाई बढवा दिन अरूलाई दोषारोपण गर्ने कुरा नौलो नभएकोमा उनी पनि एक सिद्धहस्त लेखकै मानिन्छन् । चाहे प्लेगरिजम बाट नै किन नहोस् भनी विचार प्रवाह गरेको पाइन्छ ।

### ४.६. अस्तिफ्व एवम् विसङ्गतिवादी जीवन दर्शन :

**आँखा** पत्रिकामा संकलित कतिपय कथाहरू अस्तिफ्ववादी तथा विसङ्गतिवादी दृष्टिकोणबाट लेखिएका पाइन्छ । जुन कथाहरूको छोटकरी रूपमा तल प्रस्तुत गरिएको छ । **सानी** कथामा जीवन एक अभिषाप सहरमा रहेका कुसंस्कारप्रति तिखो व्यङ्ग्य प्रहार गर्न सानी सफल भएकी देखिन्छन् । उनले सहरका युवाहरू आफ्नो अस्मिता वेचेर आमाको औषधी खर्च जुटाउन पुग्नु आमालाई पनि आधुनिक बन्न उक्साउन पुग्छिन् । त्यहाँ कसैको स्थायी इज्जत र गौरव रहँदैन भने हामीले इज्जतको ख्याल राख्नु र नराख्नुमा फरक छैन । भन्दै सानीले आमालाई गाली गर्न पुग्छिन् । त्यसैगरी **जीवन एक अभिषाप** कथामा गाउँबाट दुःख गरेर ७ दिनको बाटो हिडी दिनेश सहर पसेको हुन्छ । मिहिनेत गरी बैदारको जागिर खाए तापनि जतिसुकै राम्रो काम अफिसमा गरेपनि हाकिम रिजाउन सक्दैन । मुखियाको पदमा प्रमोसन हुने बेलामा पनि अर्कैले उछिट्याएबाट ज्ञानबहादुरले हाकिमको गोडा मिचेको देख्दा कसले देशको भविष्य छर्लङ्ग देख्यो । त्यसैगरी **निस्कृतिको बन्धन** कथामा बाजेले आफ्नी श्रीमतीको स्वार्थीपन, हुकुमी आदत, खर्चिलो बानीले आजित भई आफ्नो श्रीमतीमा भन्दा नोकर्नीमा राम्रो गुणहरू भएकोले आफु नक्कली भिखारी बनी हिड्नुलाई विसङ्गतिवादको नमूना मान्न सकिन्छ । त्यसैगरी **ठमेलको एक साँझ** कथामा डान्स रेस्टुरामा नग्न नृत्य देखाउन वाध्य भएकी अमिरा जस्ता नारीहरूको दिनचर्या रोक्न गृह प्रशासन नलागी बरू सरकारी कर्मचारीहरू नै मनोरञ्जन लिन जानुलाई विकृति रोक्न गृहमन्त्री नै असफल भएको देखिन्छ । के अब अमिराको जीवन शैलीमा परिवर्तन आउला त ? भनेका हुन्छन् समिरले (मास्के, २०६५: ८५) । यसै गरी **अन्तिम प्रतिज्ञा** कथामा सुन्तलीको लोग्नेले दैनिक रक्सी खाएर घरमा श्रीमतीलाई लछार पछार गर्नु, छोरी नै छोरी पाउने भनी कुट्नु तर छोरीहरूले शिक्षा पाउने हकवाट बञ्चित हुनपुगेका छन् । अन्तमा छोरीहरूले बाबुलाई गलत कुलतमा पर्न नदिने अठोट गरेको देखिन्छ । अब आइन्दा म रक्सीको 'र' भनेर पनि नाम लिने छैन । भनी परिवारमा कबोल गर्न पुग्छन् । त्यसरी नै **उद्घाटन** कथामा अस्पतालमा काम गर्ने डाक्टरहरले रोग नै नलागेको मानिसलाई बिरामी भनिदिनु, गरिबतथा

अशहायप्रति उपचारमा ध्यान नदिनु, डाक्टरहरूले बिरामीको शरीरमा खेलवाड गर्ने विसङ्गतिप्रति तिखो व्यङ्ग्य गर्न कथावस्तु सफल भएको देखिन्छ। ए मरेको मान्छे। बाँच्ने इरादा मात्र राखेर उठी हेरन, त यसरी मर्ने छैनस् भन्छन् (अभिलाषी, २०२८:११३)। **विसङ्गती** कथामा म पात्रले नाटक मन्थनको लागि हाउभाउ गर्नुपर्नेमा आफ्नै क्रियाकलाप देखाउनु त्यसै गरी गौतम बुद्धको विकृत मूर्तिलाई टुक्रा पारेर देशमा शान्ति ल्याउने सट्टा भिडभाडको राजनीति गर्न खोज्नेहरूप्रति व्यङ्ग्य गर्न कथा सफल देखिन्छ।

## ४.७. राजनैतिक द्वन्द्व र सन्त्रासमय वातावरणको चित्रण

**आँखा** पत्रिका अङ्क १ देखि अङ्क १७ सम्म स्थान दिइएको पाइन्छ। विशेष गरी राजनैतिक नेताहरूले चुनावको समयमा जनताका घरमा भोट माग्न आउने तर चुनाव जितेर हिडेपछि जनताका घर नफर्कनै विकृत राजनैतिक पाटोलाई चिराफारा गर्न कथा सफल देखिन्छ। जुन कथाहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ। **यौटा सिङ्गो युग निलेको साहित्यकार** कथामा नेपालका राणा शासनकालमा लेखक, कवि एवम् साहित्यकारले शाषकको विरूद्धमा बोल्न प्रतिबन्ध लगाएको प्रसङ्ग चंखेले व्यक्त गरेको छ भने गरिब र अभावको समयमा सार्कीको परिवारले भोग्नु परेको दुःखलाई कथामा स्थान दिइएको पाइन्छ। त्यसरी नै गरिबको घरमा पछि चिसो चुल्हो पनि तातेर प्रजातन्त्रको आगमन भयो (चौतारे, २०२७: २९)। त्यसैगरी **शरीरभित्रको कंकाल** रूप कथाको मुख्य म पात्रले नायक प्रेमिकाको मृत्युको कारण म पात्रले व्यक्त गरेका छट्पटिहरूले कथामा मुख्य स्थान पाएको, युद्ध एवम् द्वन्द्वको समयमा मृत्युवरण गर्न बाध्य नेपालीहरूले चरम दण्ड, सजायँ भोग्न विवस घटनामा जीन्नुको कंकाल रूपी शरीरमा आत्मा भर्न तिम्रो कंकालरूपी आत्मामा सौन्दर्यरूपी शरीर नभरी मर्दिन भनी म पात्र छट्पटि गर्दछ। त्यसरी नै **परिस्थितिको झटारो** कथामा तपनले क्रान्तिमय समयमा शासक वर्गबाट क्रान्तिकारी लेख लेखे वापत जेल सजायँ भोग्न विवस देखिन्छ भने उसकी पत्नी शशीले तपनलाई छाडी माइती घरमा बस्नु बाध्य हुन्छिन्, पछि उनको मृत्यु हुन्छ। उक्त मृत्युलाई तपनले आफ्नो कारण ठानेको हुन्छ। उ पागल बन्न पुग्दछ। तपनको जेलमा उपचार नभएकोमा आखिरी यिनीहरूले मेरो शरीरलाई सुकुटी बनाएर धुप हाल्न चाहन्छन् (चौतारे २०२७: ८२)। त्यसरी नै **ऐतिहासिक दरबार** कथामा बुढो मानिसले नेपालको प्रमुख प्रशासनिक निकाय सिंहदरबारमा भएका घटनाहरूलाई आत्मसंस्मरणको रूपमा अभिव्यक्त गरेको छ।

जहाँनिया शासनकालमा एकलौटी रूपमा प्रशासनिक कार्यहरू सञ्चालन हुने क्रममा धेरै अन्याय, अत्याचार, ढिलासुस्ती, शोषणजस्ता कार्यहरू हुने गरेतापनि पछि प्रजातन्त्र आएपछि एकाधिकारको अन्त्य भई सबै नेपालीहरूको साझा सम्पति बनेको अभिव्यक्त गरेका छन्। उनले सिंहदरबारको विषयमा केही खोजखबर गरेमा सजाँयको भावी हुनुपर्ने कुरा समेत अभिव्यक्त गर्न पुग्छन् (अभिलाषी, २०२७: १२७-१३३)। त्यसरी नै **कम्पित आकाश** कथामा २०४६ सालमा भएको आन्दोलन दबाउन राज्य पक्षबाट कर्फ्यू लगाई, सेना परिचालन गरेको समयमा होटल तथा सडकमा ठेलागाढा चलाउने जुत्तामा पालिस लगाउने मजदुर समेतलाई लठ्ठीले घोचेर उठाउन खोज्नुलाई तत्कालीन समयको दमनात्मक कार्यको रूपमा चित्रण गरिएको पाइन्छ। यसरी नै रेस्टुराको सरदारले समेत आफ्नो दोकान बन्द गरी आफ्नो देश तर्फ लाग्दछ। यहा सत्ताको सिकारी कुकुर जब सत्ता आतङ्कित हुन्छ अनि उ आफ्नो यिनै कुकुर फुकाई दिन्छ (विकल २०४५: २०९)। **सुकुमानलाई प्रजातन्त्र** कथामा नेपालमा जतिसुकै राजनीति परिवर्तनहरू भए पनि सुकुमानलाई कुनै लेना न देना भने झैं छुन सकेको हुँदैन बरू बिक्रमध्वजको महादेवस्थानमा गोरू जोत्ने क्रममा लिन भएको देखिन्छ। खान पाए पनि नपाए पनि गोरूलाई माया गर्नु, अराएको काम गर्नु, उसको दिनचर्या बनेको हुन्छ। उ राती गोरू बाँधेको ठाउँमा पुगी गोरूलाई सुमसुमाउँदै तिमीहरूलाई घाँस खाओन म त खाइहाल्छु नि म त मान्छे हुँ (पोखरेल, २०५७:१२४)। त्यसरी नै **बन्द** कथामा बन्दका समयमा आम जनजीवनले भोग्नु परेको पीडा तथा दर्दलाई मानसपटलमा परेका प्रभावले जनमानसमा पारेको अस्तव्यस्त पारेको हुँदा यसबाट बच्न आवश्यक मानिन्छ। यसबाट सञ्चार, यातायात, विद्यालय, उद्योग, कलकारखाना

समेत ठप्प भएको समयमा बाहिर प्रजातन्त्र आएको खै ? भनी प्रश्न गर्न पुगेको देखिन्छ । त्यसै गरी **नेउटे जंगियो** कथामा समेत गरिबी र अभावमा पिल्सीएको नेउटेको परिवारलाई कथामा मुल विषय बनाउन खोजिएको देखिन्छ । त्यसैगरी गरिबका कथा व्यथा हेर्ने क्रममा राजनीति गर्ने नेताहरूले समेत वास्ता नगरेको कारण नेउटेले गरिब ! गरिब ! एक हौं, गरिब मार्न पाउँदैन सारा गरिबहरू जिन्दावाद ! भनी नारा लगाउन पुग्दछ (अधिकारी २०६५:७७) ।

### ४.८. मानवतावाद :

**आँखा** पत्रिकामा संकलित कथाहरूमा मानवतावादले ओतप्रोत भएका विषयवस्तुहरू समेत देख्न सकिन्छ । जुन कथालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । **निरीक्षण** कथामा म पात्रले तामाङनीका भट्टीपसलमा गएको समयमा मासु, रक्सी खुवाउने क्रममा निरीक्षण कर्ताले होटलमा खान बस्न नमाने पश्चात निरीक्षक हो कि हैन भन्ने विषयमा शंका पर्नु विगतका समयमा आउने निरीक्षकहरूले रक्सी खाने गर्नुलाई आश्चर्य मानिएको पाइन्छ । हुँदै होइन यो देशमा यस्ता व्यक्तिहरू निरीक्षक हुनै सक्दैनन् (साकार, २०४१: ४३) ।

त्यसरी नै **बृद्धा** कथाको मुख्य विषयवस्तु वा बृद्धाले जीवनमा भोग्नु परेका कष्ट पीडा र छट्पटिहरूलाई मुख्य विषयवस्तु बनाउदै म पात्रको पत्नीले वृद्धालाई देखाएको सहानुभूति र घरपट्टी भाउजुले गरेको सहयोगलाई पनि विर्सन सकिदैन । म आज घरपट्टी भाउजुलाई औषधी गर्न भनी दिउँला धन्दा नमान केही हुन्न । (श्रेष्ठ, २०४४: १४)

त्यसैगरी **मान्छेको खोजी** कथाको माध्यमबाट शैलपुत्रीलाई माइती दशेका मानिस भेट्ने क्रममा भेटिएका मानवहरू कोही नेता, रा.प्र.पा., कांग्रेस, सद्भाव कम्प्युनिष्ट भएर देखा परेका तर मानिसको आकृति रूप अन्य अमानवहरूले थिचिएर रहन वाध्य भई म सुकुम्बासी बनेको छु । विस्थापित भएको छु भन्ने आशयबाट शैलीपुत्रीको अरू मानिसको खोजीगर्ने उनको साहस सकियो । (चालिसे, २०५५:१३)

**वेड नं. ३०८** कथामा मर्ने बेलामा अस्पतालको शैयामा छट्पटि गरिरहेका समयमा आफ्नो सन्ततीहरूलाई सम्झनु बेकार भएको छोराछोरी दुई दिनका पाउना मात्र भएको हुँदा जसले मर्ने बेलामा पानी खुवाउन सक्छ । त्यो नै वास्तविक छोरो भएको हुन्छ भन्दै प्रमाण कथामा म पात्रले निभाएको भूमिकाबाट स्पष्ट हुन सक्दछ । त्यही वेड हो ३०८ अनि खै त बृद्धा ? यिनी साँच्चिकै मरेछन् (श्रेष्ठ २०६५: १४०) ।

### ४.९. देश प्रेमको भावना

**आँखा** पत्रिकामा प्रकाशित कतिपय कथाहरूले देशप्रेमको विषयवस्तु बोकेको देखिन्छ । जुन प्रकृतिका कथाहरू छोटकरीमा निम्न अनुसार चर्चा गर्न सकिन्छ । **बाजी** कथामा आर्थिक र भौतिक सम्पन्नताको कारण आफ्नो जन्मभूमिलाई विर्सन खोज्ने प्रवृत्तिहरूप्रति कथावस्तुले व्यङ्ग्य गरेको देखिन्छ । कथाको मुख्यपात्र हेम र आवाजका वीचमा कुराकानी हुँदा १० वर्षपछि हेमको दोलखा जन्मभूमिप्रतिको माया रित्तिदै जानुले हेम डाक्टर बने पछि उसको बचन सम्म पुरा नगर्ने अवस्थामा पुग्दछन । नो इन्ट्रि फर दोलखा (श्रेष्ठ, २०५७: ७१)

### ४.१०. प्राकृतिक सौन्दर्यको उद्घाटन :

**आँखा** पत्रिकामा संकलित कतिपय कथाहरूमा प्रकृतिको मनोहारिताप्रति केन्द्रित भएर कलम चलाएको पाइन्छ । जुन कथालाई निम्न अनुसार चर्चा गर्न सकिन्छ । **माछा चोरी र मत्स्य न्याय** कथामा दोलखा जिल्लामा अवस्थित गौरीशंकर हिमालको मनोरम दृश्य र प्राकृतिक छटाहरूले

भरिपूर्ण रहेको स्थानमा माछाचोरी भएको घटनालाई अघि सारिएको छ भने अर्कोतर्फ गाउँमा अवस्थित युवाहरू कामको खोजीमा सहरतिर प्रवेश गरेको र विकास निर्माणमा सहयोग गर्न तछाड मछाड गरिए पनि सहयोग गर्ने बेलामा पछि हट्ने गरेको र पोखरीको माछा समेत खाना पछि नपर्ने युवाहरूलाई गाली गर्न यो कथा सफल देखिन्छ । स्थिर छन् यहाँका पानी कसैले तरङ्ग सिर्जना गरी देला कि भन्ने पर्खाइमा रहेको छ । (**सुनिल,** २०४४: १०१)

### ४.११. विश्व परिवेशको चित्रण र उद्घाटित हुनु :

**आँखा** पत्रिकामा प्रकाशित कतिपय कथाहरूले विश्व परिवेशलाई समेत छुन खोजेको पाइन्छ । त्यस्तो प्रकृतिको कथालाई निम्न अनुसार चर्चा गर्न सकिन्छ । शिल्पकारको व्यथापूर्ण जीवन कथामा कला तथा शिल्पकालहरूको करूणापूर्ण जीवनको चर्चा गरिएको पाइन्छ । यसै क्रममा नेपालमा पहिलो वैज्ञानिक गेहेन्द्रशमशेरको पालामा भएको अस्त्रसस्त्रले निकै महत्व पाएको, पछि उनको मृत्युपश्चात् साशक वर्गले कालीगडहरूका हातहरू काटी दिएको तर ब्राजिलको अलेजान्दिहोले दुईवटा गिर्जाघर बनाएर महानतम् काम गरेको प्रसंगले विश्व परिवेशको तुलना गर्न खोजको पाइन्छ । त्यसैगरी कलाकारको उज्वल भविष्य निर्माणमा नवयुगका सृष्टिकर्ता जननेता श्री ५ बीरेन्द्रको शासनकालमा कलाकार, लेखक र कविको बाँच्ने हक सुरक्षित हुनेछ भनेर अझ पनि चारैतिर विश्वास मुखरित भइराखेको छ । (**वस्याल,** २०२९:२६) **देवी कथामा** प्रयुक्त भ्रमण टोलीमा सहभागी म पात्रले कोलकात्ताको नामाकरण र रेल सेवाको विषयमा स्मरण गर्नु विश्व परिवेशको नमुना मान्न सकिन्छ ।

# पाँचौं अध्याय

## उपसंहार

### ५.१ नेपाली कथा विधामा आँखा पत्रिकाको योगदान

कथा साहित्यकारको एक प्रमुख विधा हो । कथाको प्रारम्भिक विन्दु खोज्दै जाँदा मान्छेको आदिम इतिहास सम्म पुग्न सकिन्छ । मानवका मौखिक कथाहरूले लेख्य रूपमा प्रकट हुने अवसर प्राप्त भएपछि कथाले साहित्य कै महफ्वपूर्ण विधा बन्न पुग्यो । कथा सुन्ने सुनाउने परम्परा नेपाली जीवनको झिसमिसे बेलादेखि नै चल्दै आएको अनुमान हुन्छ । तापनि आधुनिक ढंगको कथा लेख्ने परम्परा हामी कहाँ विदेशबाट आएको हो । बङ्गाली र इङ्गिलसको माध्यमबाट यो आएको देखिन्छ । (इश्वर बरालको सम्पा झ्यालबाट छैटौं संस्करण जीवन एक अभिशाप **साझा प्रकाशन,** (२०५३, पृष्ठ ३५) कथा विधाका विकासमा पत्रपत्रिकाहरूको योगदान लामो समयदेखि नै महफ्वपूर्ण रहँदै आएको देखिन्छ । यसै क्रममा नेपाली साहित्यको उत्थान र विकासमा पत्रपत्रिकाको महफ्वपूर्ण योगदान रहदै आएकोमा नेपालबाट विशुद्ध रूपमा प्रकाशित साहित्यिक पत्रिका **सुधासागर (१९५५**) हो । यसपछि दोस्रो पत्रिकाको रूपमा वि.सं. १९५८ सालमा **गोरखा पत्रको** जन्म भएको (**ग्रीष्मबहादुर २०३३**) यस पछि नेपाल बाहिरबाट उल्लेख्य रूपमा साहित्यिक पत्रपत्रिका प्रकाशित भए तापनि नेपाली भूमिबाट भने वि.सं. १९५८ सालको गोरखा पत्र पछि एकैचोटी वि.सं. १९९१ सालामा ऋद्धिबहादुर मल्लको सम्पादनमा **शारदा** पत्रिकाको प्रकाशन आरम्भ भएको पाइन्छ । यस पत्रिकाको प्रकाशनपछि जीवन एक अभिषापका साथै बाहिरका जिल्लाहरूबाट समेत पत्रिका प्रकाशनको लहर चल्न थाल्यो ।

यसै क्रममा दोलखा कै भूमिबाट वि.सं. २०२६ सालमा प्रकाशित **आँखा** नै दोलखाको साहित्यिक पत्रकारिताको विधिवत सुरूवात गर्ने पत्रिका बन्न पुगेको पाइन्छ । (**पोखरेल, २०२६:१२६**) वि.सं. २०२६ सालको बडादशैंको अवसर पारेर भीमपब्लिक हाइ स्कुलको प्रकाशन र सोही स्कुलका प्र.अ. मेघराज कोइरालाको प्रधान सम्पादकत्व एवम् सम्पादकद्वय श्यामकुमार श्रेष्ठ र अमरकुमार प्रधानको सम्पादकत्वमा प्रथम अङ्क प्रकाशित भएको पाइन्छ भने **आँखा** पत्रिकाले आज सम्म आइपुग्दा ४४ वर्षको अवधि पार गर्दै १७ वटा खुड्किला टेकी सकेको छ । आज अगाडिका प्रकाशन समय हेर्दा **आँखा** निकै स्तरीय र चर्चित पत्रिकाका रूपमा स्थापित देखिन्छ । यो पत्रिकामा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, कृष्णप्रसाद पराजुली, श्यामदास वैष्णव, विजय मल्ल, धर्मराज थापा, मोहन कोइराला, म.वि.वि. शाह जस्ता साहित्यिक हस्तिहरूका रचनाहरू समेत छापिने भएकोले दोलखाको साहित्यिक इतिहासमा स्वर्ण अक्षरमा लेखिएको छ । (**पोखरेल २०२७: १३१**)

यसै क्रममा **आँखा** पत्रिकाले कथा साहित्यमा गरेको योगदानको बारेमा यस पत्रिकाका माध्यमबाट स्थापित साहित्यकारका साथै नवोदित र उदियमान साहित्यिक स्रष्टाहरूका कथाहरू प्रकाशित गरेर **आँखा** पत्रिकाले नेपाली कथा विधामा पुऱ्याएको योगदानलाई बिर्सनु अन्याय नै हुन जाने छ । **आँखा** पत्रिका अङ्क १ देखि अङ्क १७ पूर्णाङ्क भित्र जम्मा १६३ कविता ९५ कथा/लघुकथा १५२ निबन्ध, ८ वटा एकाङ्की , १० वटा भेटवार्ता, ९ वटा हाँस्यव्यङ्ग्य ४ वटा समालोचनाका साथै समसामयिक रोचक सामग्रीहरू समावेश गरी प्रकाशित भएको पाइन्छ । (**खड्का २०६२: १११-११३**) । यसरी **आँखा** पत्रिकामा प्रकाशित साहित्यिक विधाहरूलाई हेर्दा कवितापछिको दोस्रो स्थान कथा विधाले ओगट्न पुगेको देखिन्छ । आधुनिक नेपाली कथा लेखनमा दोलखा जिल्लाको प्रथम प्रकाशित आधुनिक कथा मनबहादुर मुखियाद्वारा लेखिएको कथा **स्वतन्त्रता अनि वियोग** (**२०२५**) मानिन्छ । मुखियाले आरम्भ गरेको आधुनिक नेपाली कथा लेखनमा त्यसैताका अर्थात् वि.सं. २०२६ सालदेखि नै निरन्तर क्रियाशील कथाकारका रूपमा अमरकुमार प्रधान रहेको देखिन्छ । उनले नै दोलखाको पहिलो साहित्यिक पत्रिका **आँखा** २०२६ को पहिलो अङ्कमा **चित्र बुद्धको** कथा मार्फत कथा क्षेत्रमा प्रवेश गरेका प्रधानले हालसम्म दुईवटा कथासंग्रह प्रकाशित गरेको देखिन्छ । उनका कथाकाहरूमा

सामाजिक यथार्थता यात्रा स्मरण र बालमनोवैज्ञानिक आदि विषयवस्तुलाई लिएर कथा लेख्ने विजय चालिसे र तेजप्रकाश श्रेष्ठ जस्ता चर्चित कथाकारहरू सम्मेलित संयुक्त कथा संग्रह **त्रिविध** र एकल कथासंग्रह **शान्ति क्रान्तिको** प्रकाशनले उनको सक्षम कथाकारिताको परिचय दिन्छ । यस प्रकार कथाकार अमरकुमार प्रधानलाई आधुनिक नेपाली कथा लेखनको क्षेत्रमा महफ्वपूर्ण योगदान पुऱ्याउने एक विशिष्ट दोलखाली कथाकारको रूपमा देख्न सकिन्छ । उनले नै **आँखा** पत्रिकामा सबैभन्दा बढी ६ वटा कथाहरू लेखेर कथा विधामा विशेष योगदान दिएका छन् । यसैगरी जितेन्द्र महत ( अभिलासी), राम के.सी. (चौतारे), भीमबर सिंह थापा, श्याम जोशी (विछोड), विजय चालिसे, रमेश विकल, इन्द प्रधान, अरूणबहादुर खत्री र टेकबहादुर कोइराला जस्ता साहित्यिक हस्तीहरूले एकभन्दा बढीकथाहरू सिर्जना गरेका छन् । भने अन्य ५७ जना कथाकारहरूले एउटा एउटा कथा **आँखा**पत्रिकामा प्रकाशित गरेर नेपाली कथाविधाको श्रीवृद्धि गर्ने क्रममा महफ्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।
मोफसलबाट प्रकाशित आँखा पत्रिकाले विभिन्न विधाका माध्यमबाट आफ्नो अस्थित्व कायम गर्दै ल्याएको र कथामा विषयवस्तु, चरित्र, परिवेश आदि विविध आधारमा आफ्नो संस्कृतिलाई विकसीत गराउँदै ल्याएको छ । विशेष थप कुरा नदिए पनि नेपाली कथा विधा कता र कसरी बढ्दैछ सो अनुरुपका कथाहरू सृजना गरेर यस क्षेत्रमा योगदान पुऱ्याएको पाइन्छ ।

अन्त्यमा वास्तविकतालाई केलाएर हेर्दा **आँखा** पत्रिकामा संकलित कविता विधापछि दोस्रो स्थानमा रहेको कथा विधाले दोलखा जिल्लाको भूमिबाट प्रकाशित **आँखा** पत्रिकाले नेपाली कथा साहित्यको विधामा पुऱ्याउँदै आएको योगदान महत्वपूर्ण र उल्लेखनीय रहेको देखिन्छ । यो पत्रिकालाई निरन्तर रूपमा यो अवस्थासम्म ल्याइपुऱ्याउने क्रममा कालिञ्चोक युवा क्लव यसका पदाधिकारीहरू सम्पादक व्यवस्थापक तथा दोलखा जिल्लाभित्र र बाहिरवाट कथा विधामा कलम चलाउनु हुने साहित्यिक श्रष्ठाहरूले लगाएको अमुल्य योगदानलाई कदापि बिर्सन सकिदैन ।

## ५.२. शोध, निष्कर्ष तथा उपसंहार

नेपालका ७५ जिल्लाहरू मध्ये दोलखा जिल्ला साहित्यिक वृत्तमा परिचित नाम हो । दोलखा जिल्ला प्राकृतिक, भौगोलिक, ऐतिहासिक, राजनैतिक र साहित्यिक क्षेत्रमा लामो समयदेखि नै चर्चाको शिखरमा रहेको जिल्ला हो । साहित्यका विविध विधाहरूमध्ये कवितापछिको दोस्रो ठूलो स्थान ओगटेको कथा विधाले दोलखाको साहित्यिक प्रतिभा फस्टाउने मौका पाएको छ । यसरी दोलखा जिल्लाको भूमिबाट **आँखा** पत्रिकामा आधारित भई अङ्क १ देखि अङ्क १७ सम्म संख्यात्मकका साथै गुणात्मक कृति कथा विधाको रचना गरेर नेपाली साहित्यमा योगदान पुऱ्याएको देखिन्छ । यस शोधकार्यले पहिलो परिच्छेदमा शोधपत्रको परिचय खण्ड अन्तर्गत शोधपत्रको शीर्षक शोधार्थीको नाम शोधको प्रयोजन, विषय, परिचय, समस्या, कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको मूल्याङ्कन, शोधको विधि, शोधपत्रको रूपरेखा र सन्दर्भग्रन्थ सूची समेटिएको छ भने दोस्रो परिच्छेदमा दोलखा जिल्लाको भौगोलिक अवस्था, सिमाना र क्षेत्रफल, साहित्यिक पृष्ठभूमि, पत्रकारिता र **आँखा** पत्रिकाको पहिलो प्रकाशन देखि १७ अङ्क सम्म प्रकाशित पत्रिकाहरूको विवरण दोलखा जिल्लाबाट प्रकाशित अन्य पत्रपत्रिका, कालिञ्चोक युवा क्लवको भूमिकाको साथै **आँखा** पत्रिकामा प्रकाशित कथाहरूको प्रकाशन मिति, कथा शीर्षक, प्रकाशनको लेखकको नाम र पृष्ठ संख्या समेत उल्लेख गरिएको छ । त्यसैगरी तेस्रो परिच्छेदमा कथा तफ्वको आधारमा **आँखा** पत्रिकामा ७६ वटा कथा एवम् केही लघुकथाहरूको विवेचना गर्न प्रयत्न गरिएको छ । जसमा कथाको शीर्षकीकरण, कथावस्तु, चरित्र चित्रण, भाषाशैली, दृष्टिबिन्दु उद्देश्य एवम् सार वस्तु र देशकाल परिवेशलाई प्रष्ट्याउने प्रयत्न गरिएको पाइन्छ ।

त्यसरी नै शोधको चौथो परिच्छेदमा **आँखा** पत्रिकामा प्रकाशित कथाहरूलाई प्रवृत्तिका आधारमा वर्गीकरण गरी उल्लेख गरिएको छ । जसअन्तर्गत कथामा प्रेमको महफ्व, सामाजिक यथार्थवाद, अस्तिफ्व एवम् विसंगतीवाद, राजनैतिक द्वन्द्व र संन्त्रास, देशप्रेम विचारप्रधानता, गरिबी, अभाव, मानवताका साथै विश्व परिवेश र प्रकृतिको मनोहारिताको विश्लेषण गरिएको पाइन्छ । यसैगरी नेपाली कथा विधामा **आँखा** पत्रिकामा सशक्त कलम चलाउने दोलखा जिल्ला भित्र र बाहिरका कथाकारहरूमा अमरकुमार प्रधान, जितेन्द्र महत (अभिलाषी), राम केसी (चौतारे), भीमबरिसंह थापा, श्याम जोशी (विछोड), बिजय चालिसे (मिलन), रमेश विकल, इन्द्र प्रधान, अरूणबहादुर खत्री र टेकबहादुर कोइराला हुन् । उनीहरूले एकभन्दा बढी कथा रचना गरेका छन् भने अन्य कथाकारहरूले एउटा-एउटा कथा लेखेका छन् । त्यसरी नै शोधपत्रको पाँचौ परिच्छेदमा नेपाली कथा विधामा **आँखा** पत्रिकाको योगदानलाई उल्लेख गरिएको छ । यसरी आधुनिक नेपाली कथा विधाको विकाशमा **आँखा** पत्रिकाको योगदान महफ्वपूर्ण रहेको छ । यो **आँखा** पत्रिकाको अङ्क १ देखि १७ पूर्णाङ्क सम्ममा प्रकाशित कथा विधाको स्थिति हेर्दा ८९ वटा लघु तथा पूर्ण कथाहरू प्रकाशित भए तापनि केही लघु कथाहरूलाई छोडेर ७६ वटा कथाहरूको तफ्व र प्रबृतिको आधारमा विश्लेषण गर्दै नेपाली कथा विधामा **आँखा** पत्रिकाको योगदानलाई उल्लेख गर्ने प्रयत्न गरिएको छ । नेपाली कथा साहित्यका ख्यातिप्रातदेखि लिएर नव प्रतिभाहरूका कथाहरूलाई समेत प्रर्याप्त स्थान दिएर **आँखा** पत्रिकाको यति धेरै कथाहरू प्रकाशन गर्ने साहित्यक योगदानका हिसाबले उत्साहबर्द्धक कदम मान्नुपर्ने देखिन्छ ।

त्यसरी नै नेपाल धरातल र नेपाली समाजका संकटहरूको उजागर गर्दै सामाजिक शोषण, विकृति, विसंगति था राजनीतिक द्वन्द्व र सन्त्रास, प्रेमको महफ्व आदि विषयमा चिराफारा गरेर **आँखा** पत्रिकामा प्रकाशित धेरैजसो कथाहरूले राष्ट्रिय परिवेश भन्दा माथि उठेर विश्वजनीय समस्यालाई आत्मासाथ गर्दै जीवनको वाह्य तथा अन्तर तहसम्मका मनोवृत्तिहरू केलाउन कथाकारहरू सफल देखिएका पाइन्छन् । कथामा निम्न वर्गीय पात्रहरूले भोग, रोग र अभाव ग्रस्त जीवन भोगाईका नेपाली समाजका ढुकुढुकी छाम्न सफल छन् । भने धन दौलतको आडमा तल्लो वर्गप्रति शोषण जमाउन खोज्नेहरूको चरित्र उदङ्गो पार्ने क्रममा उच्च वर्गीय पात्रहरू लागि परेका देखिन्छन् । त्यस कारण के भन्न सकिन्छ भने **आँखा** पत्रिकामा प्रकाशित कथाहरूले आधुनिक नेपाली साहित्यलाई उत्कृष्ट कथाहरू प्रदान गरेर व्यापक समृद्धिशाली बनाउन अद्धितीय योगदान गर्दै गुणात्मक र परिणामात्मक दुवै दृष्टिले नेपाली कथालाई माथि उठाउने काम गरेको छ । वि.सं. २०२६ सालमा **आँखा** पत्रिकाले पहिलो अङ्क आरम्भ गरेको भए तापनि २०६५ सालमा आइपुग्दा **आँखा**को सत्रौं अङ्क प्रकाशन हुँदा सम्म यो पत्रिकाले साहित्यका बहुआयामिक विधाहरूको विकासमा योगदान पुऱ्याउने लक्ष्यका साथ प्रकाशित यो पत्रिका प्रकाशनको आरम्भदेखि अनवरत रूपमा साहित्यको सेवामा जुटिरहेको देखिन्छ । यस पत्रिकाले कथा विधामा स्थापित प्रतिभाका सिर्जनादेखि नव उदियमान साहित्यकारहरूका सिर्जनाहरूलाई बिना पूर्वाग्रह उत्तिकै स्थान दिएर यस पत्रिकाले समसामयिक साहित्यको विकासमा अतुलनीय योगदान दिएको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने सुरूमा **आँखा** पत्रिकाको प्रकाशन वि.सं. २०२६ सालमा श्री भीमपब्लिक हाइस्कुलको प्रकाशन र सोही स्कुलका प्र.अ. मेघराज कोइरालाको प्रधान सम्पदाकत्वमा पहिलो अङ्क प्रकाशन भएको थियो भने २०२७ सालको बडा दशैंको दोस्रो अंङ्क देखि कालिञ्चोक युवा क्लवले व्यवस्थापन एवम् प्रकाशन गरेको दोलखा जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकाको क्षेत्रमा देखा परेको स्तरीय पत्रिका हो । यो पत्रिकालाई दोलखा जिल्लाकै साहित्यिक विधामा योगदान पुऱ्याउने ऐतिहासिक पत्रिका मान्न सकिन्छ । यस पत्रिकाले साहित्यका अन्य विधाको अतिरिक्त नेपाली कथा विधामा पुऱ्याएको अविष्मरणीय योगदानलाई भुल्न सकिदैन ।

प्रस्तुत शोधपत्र नेपाली कथा साहित्यमा **आँखा** पत्रिकाको योगदानको बारेमा गरिएको पहिलो शोधपत्र हो । यस पत्रिकामा संकलित अङ्क १ देखि अङ्क १७ सम्म प्रकाशित पत्रिकामा उल्लेख गरिएका

कथाहरूलाई समग्रतामा अध्ययन गरेर यसले नेपाली कथा विधामा पुऱ्याएको योगदानको सम्बन्धमा चर्चा गरिएको छ । **आँखा** अङ्क १ देखि अङ्क १७ सम्म सीमित रहेर गरिएका यस अध्ययन पश्चात पनि **आँखा** पत्रिकाको बारेमा शोधपत्र तयार गर्न चाहनेहरूको लागि अन्य क्षेत्रहरू बाँकी रहेका देखिन्छन् । ती क्षेत्रहरूमध्ये केही विषयलाई शोध शीर्षकको रूपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

**सम्भावित शीर्षकहरू:**

(क **आँखा** पत्रिकाका कथाहरूको प्रवृत्तिगत आधारमा विश्लेषण र मुल्याङ्कन

(ख) दोलखाली साहित्यमा **आँखा** पत्रिकाको योगदान ।

(ग) **आँखा** पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन एवम् विश्लेषण ।

घ) **आँखा** पत्रिकामा प्रकाशित निबन्धहरूको अध्ययन एवम् विश्लेषण ।

(ङ) **आँखा** पत्रिकामा प्रकाशित एकाङ्कीहरूको अध्ययन एवम् विश्लेषण ।

(च) **आँखा** पत्रिकामा प्रकाशित साहित्यिक विधाहरूको तुलनात्मक अध्ययन ।

## क) सन्दर्भ सामग्री सूची


ज्ञवाली, ज्ञाननिष्ठ (२०२८), **आख्यानकार विश्वेश्वर प्र. कोइराला** , काठमाडौंः, हजुरको प्रकाशन।

दहाल चोकबहादुर (२०५१), **दोलखामा पत्रपत्रिकाको विकासक्रम** दोलखा दर्पण, चरिकोट, दोलाखा साहित्यक समाज ।

देवकोटा, गृष्मबहादुर (२०२३), **गोरखापत्रको जन्म र पत्रपत्रिकाको इतिहास, ललितपुर, साझा प्रकाशन** ।

पोखरेल, टीकाराम (२०६०), **दोलखामा साहित्यिक पत्रपत्रिका** दोलखाको साहित्यिक रूपरेखा, काठमाडौं, अनुज प्रकाशन ।

प्रधान अमरकुमार (२०५७), **शान्ति क्रान्ति** , जीवन एक अभिषाप, काठमाडौं, दोभान प्रकाशन ।

श्रेष्ठ दयाराम (२०६०), **शोध र सिर्जना सिद्धान्त** , भोटाहिटी काठमाडौ, विद्यार्थी पुस्तक भण्डार ।

## ख) सन्दर्भ सामग्री सूची


ओखलढुङ्गे, दिव्यदेव लागेनु, हरिकृष्ण (२०५८), **जिरीदिप सेरोफेरो,** समिक्षक अङ्क ५८, नवप्रभा साहित्यिक चौतारी, दोलखा

कोइराला, झलनाथ (२०६६),विद्यालयका लेखरचना हरू को सङ्कलन, **स्वर्ण महोत्सव स्मारिका,** कालापानी मा.वि., जफे, वर्ष १,अङ्क १

खड्का, चन्द्र ब. (२०६२), साहित्यिक समालोचनात्मक लेखहरूको प्रकाशन, **गौरीशंकर पुञ्ज**, वर्ष १, अंक १, पृष्ठ ११८

खनाल, हरि (२०६४), **दोलखाको साहित्यिक यात्रामा अतित देखि वर्तमानसम्म** परिकल्पना वर्ष १ अङ्क १ ।

गौतम, कृष्ण (२०४२),कालिन्चोक युवा ⁄क्लवले एक जुंग पछि आँखा उधारेकोमा खुसि व्यक्त, **नुतन प्रकाशन** साङ्ग्रीला, वर्ष ४, अङ्क १, पृष्ठ ७०-७३

थपलिया, रामशरण तामाङ बीर ब.(२०५९),जिरीदीपको भविष्य उज्वल रहेको, **जिरीदीप स्मारिका रजत अङ्क**, नवप्रभा साहित्यिक चौतारी, दोलखा

दाहाल, चोकबहादुर (२०५१),**आँखाको पहिलो अङ्क** नै पत्रिका प्रकाशनको मंगलाचरण, **दोलखा दर्पण,** वर्ष १ अंक १ पृष्ठ १६६

परिवार तिलिचो (२०४९), आँखा पछिको दोस्रो पत्रिका, **चिमाल** वर्ष १२, अङ्क ५, दोलखा

पोखरेल, टिकाराम (२०५७), दोलखामा पत्रपत्रिकाको विकासक्रम, **जिरीदीप**,पृष्ठ १३६-१३७
(२०६१), **दोलखाको साहित्यमा आँखापत्रिकाको योगदान आँखाको** चौधौं अङ्क

भण्डारी, विश्वास (२०६४), साहित्यिक मासिक पत्रिकाको थालनी, **जागृति विशेषाङ्क,वर्ष १, अंक १,** दोलखा ।

मानन्धर, राजेन्द्र (२०५६), दोलखामा मासिक पत्रिकाको आरम्भ, **प्रदेय** वर्ष ११, अङ्क ३, दोलखा

समाज सेवा दोलखा (२०५३), दोलखाली समाजसेवाको मार्गदर्शक, **दोलखा ज्योति** वर्ष १, अङ्क १ दोलखा ।

**साहित्य समकालीन दोलखाली** (२०६३), जीवन एक अभिशाप, इन्द्रेणी साहित्य समाज ।

श्रेष्ठ, श्यामकुमार (२०६४), साहित्यिक पत्रिकाको विवरण, **जागृति बिशेषाङ्क,** पृष्ठ ३५, जागरण साहित्यिक समाज, दोलखा

श्रेष्ठ, शंकरलाल (२०६७), दोलखा जिल्लामा साहित्यिक पत्रिकाको भूमिका, **परिकल्पना,** वर्ष ४, अंक ४, दोलखा

सुवेदी, राजेन्द्र (२०४५), दोलखा जिल्लाको भौगोलिक अवस्था, **रचना** वर्ष २४, अङ्क ६ दोलखा

## ग) सन्दर्भसामग्री लेखसूची


कोइराला मेघराज, सम्पा (२०२६): सामयिक साहित्यिक सङ्कलन **आँखा** १, वर्ष १, श्री भीमपब्लिक हाइस्कुल ।

प्रधान, अमरकुमार, सम्पा (२०४१), सामयिक साहित्यिक सङ्कलन **आँखा** ७ श्याम, जोशी का.यु.क्लव ।

(२०४२), सामयिक साहित्यिक सङ्कलन **आँखा** ८ का.यु.क्लव

(२०४४), सामयिक साहित्यिक सङ्कलन **आँखा** ९ का.यु.क्लव

(२०६२), सामयिक साहित्यिक सङ्कलन **आँखा** १५ का.यु.क्लव

(२०६४), सामयिक साहित्यिक सङ्कलन **आँखा** १६ का.यु.क्लव

प्रधान, उज्वल, सम्पा. (२०५५), सामयिक साहित्यिक सङ्कलन **आँखा** १२ का.यु.क्लव

(२०५७), सामयिक साहित्यिक सङ्कलन **आँखा** १३ का.यु.क्लव

प्रधान प्रविन सम्पा. (२०६५), सामयिक साहित्यिक सङ्कलन **आँखा** १७ का.यु.क्लव

प्रधान, भरत नारायण सम्पा. (२०६०), सामयिक साहित्यिक सङ्कलन **आँखा** १४ का.यु.क्लव

राजभण्डारी, माधवमणी सम्पा. (२०२९), सामयिक साहित्यिक सङ्कलन **आँखा** वर्ष ४ अङ्क ६ का.यु.क्लव

राजभण्डारी, श्रेष्ठ मदनदास सम्पा. (२०२७), सामयिक साहित्यिक सङ्कलन **आँखा** ३ वर्ष ३

(२०२८) सामयिक साहित्यिक सङ्कलन **आँखा** वर्ष ३, अङ्क ४, का.यु.क्लव

(२०२८), सामयिक साहित्यिक सङ्कलन **आँखा** वर्ष ३ अङ्क ५ का.यु.क्लव

राजभण्डारी, माधवमणी/सिंहमान द्वारिका सम्पा. (२०२७), सामयिक साहित्यिक सङ्कलन **आँखा** वर्ष २

श्रेष्ठ, महेशकुमार सम्पा (२०४७) ,सामयिक सामयिक साहित्यिक सङ्कलन अङ्क १० का.यु.क्लव

## घ) शोध प्रबन्धहरूको सूची :


कार्की , राजन (२०६५), नेपाली कथा साहित्यमा दोलखा जिल्लाको योगदान अप्रकाशित शोध प्रबन्ध, प्रदर्शनी मार्ग, काठमाडौंः रत्न राज्य लक्ष्मी क्याम्पस ।

खड्का, चन्द्र बहादुर (२०६२), नेपाली साहित्यमा दोलखा जिल्लाको योगदान अप्रशोध प्रबन्ध प्रदर्शनी मार्ग, काठमाडौंः रत्न राज्य लक्ष्मी क्याम्पस ।

पन्त सुरेश (२०५७) नेपाली साहित्यमा मिर्मिरे पत्रिकाको योगदान प्रदर्शनी मार्ग, काठमाडौंः रत्न राज्य लक्ष्मी क्याम्पस ।

# परिशिष्ट

**प्रस्तुत शोधका निम्ति सामग्री संकलनका क्रममा बिषयबस्तुमा आधारित रहेर आँखा पत्रिकाका प्रथम सहसम्पादक एबमं कथाका लेखक श्री अमरकुमार प्रधानसंग गरिएको अन्तर्वाता यहाँ प्रस्तुत गरिएको छ ।**



- **तपाइका प्रकाशित साहित्यिक कृतिहरू के-के हुन् ?**

  त्रिविध, शान्ति क्रान्ति (कथा सङ्ग्रह), फुटकर रचानाहरू विभिन्न पत्रपत्रिकाहरूमा ।

- **दोलखाली साहित्यिको वर्तमान अवस्था ?**

  दोलखामा साहित्यिक क्षेत्रमा नयाँ नयाँ पुस्ता उदाइरहेका छन् । नयाँ कृति निस्केका छन् ।

- **दोलखा जिल्लाबाट प्रकाशित पुरानो पत्रिका आखाँको पहिलो सह-सम्पादक तथा कथाकारको हैसियतले के भन्न चाहनुहुन्छ ?**

  २०३९ सालमा साहित्यिक पत्रकार संघले राष्ट्रिय साहित्य सम्मेलनंमा गरेको थियो । त्यसमा भाग लिन अनुरोध गरेको निम्तोपत्र यस जिल्लामा साहित्य, संगीत र कलामा रूचि राख्ने व्यक्ति नभएकोले भनी दोलखा जिल्ला प्रशासनले फिर्ता गरेको थाहा पाउँदा म स्तब्ध दु:खीत भएको थिएँ । प्रशासनको यस्तो हचुवा कारवाहीको विरोधमा **आँखाको** सम्पादकीय (पूर्णाङ्क ६) लेखेको थिएँ । त्यसपछि यस्तो दु:खद स्थिति आएन । २०६३ मा दोलखा मै राष्ट्रिय सम्मेलन (नयाँ नेपालमा साहित्यिको भूमिका विषयक) हुन सक्यो । दोलखाली संगीत कला र साहित्य सम्बन्धी विभिन्न संघ संस्थाको कार्य पनि उल्लेखनीय छ । पछिल्लो चरणमा दोलखा स्रष्टा समाज स्थापना र यसको गतिविधि उत्साहबर्धक छ ।

- **नेपाली कथा विधामा आँखापत्रिकाले के कस्तो योगदान दिएको ठान्नु हुन्छ ?**

  कथामा मात्र होइन **आँखा** पत्रिकाले कविता निबन्ध र समालोचनाको विकासमा पनि योगदान दिएको छ ।

- **आँखा पत्रिकामा लेखेका पुराना र नयाँ कथाहरूमा के फरक पाउनु भएको छ ?**

  **आँखा**को २, ३, ४ र ५ पूर्णाङ्कमा स्थानीय कथाकरहरूले ठाउँ नपाई राष्ट्रिय स्तरका नाम चलेका लेखकका रचना मात्र प्रकाशित भएका थिए । छैठौं पूर्णाङ्कदेखि भने दोलखाका कथाकारहरूको कथा प्रकाशित भएका छन् ।

- **राज्यको तर्फबाट साहित्यिक स्रष्टाहरूलाई के कस्तो व्यवहार गरिनु पर्दछ?**

  स्रष्टाहरूराष्ट्रका निधि हुन। उनीहरूप्रति राज्यले सम्मानजनक व्यवहार गर्नु पर्दछ।

- **तपाई निजामती सेवाबाट निवृत्त कर्मचारीको हैसियतले कथा विधालाई कसरी अगाडि बढाउन खोज्नु भएको छ ?**

  मेरा अहिलेसम्म प्रकाशित कथाहरूको सँगालो निकाल्ने योजना गरेको छु ।

- **अन्त्यमा तपाइ के भन्न चाहनु हुन्छ?**

  साहित्य हाम्रो जीवनको ऐना हो । यो ऐना सँधै सफा गर्न नयाँ नयाँ सृजनाले सँधै स्थान पाउनु पर्दछ । पुराना सृजनाको पनि यथोचित आदर गरिनु पर्दछ ।

दस्तखत.................................. :

नाम अमरकुमार प्रधान

दिनाङ्क................................